## निर्णय नं. ८६७६

सर्वोच्च अदालत पूर्ण इजलास
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी
माननीय न्यायाधीश श्री प्रेम शर्मा
पुनरावलोकन निस्सा प्रदान नं. ०६६-NF -००१५
आदेश मितिः २०६८।४।२६।५
मुद्दाः- उत्प्रेषणयुक्त परमादेश ।

निवेदकः लमजुङ्ग जिल्ला अर्चलवोट गा.वि.स.वडा नं ६ बस्ने गणेशबहादुर खत्री

विरुद्ध

विपक्षीः गृह मन्त्रालय सिँहदरवार, काठमाडौं समेत

यसअघि निर्णय गर्ने
मा.न्या.श्री बलराम के.सी.
मा.न्या.श्री रणबहादुर बम
सर्वोच्च अदालत संयुक्त इजलास

- **निलम्वन फुकुवा गरेउपर कोही कसैको उजूरवाजुर परी सो निर्णय गैरकानूनी भएको भनी बदर वातिल नगराएको अवस्थामा सो निर्णयविपरीत उक्त निलम्वन अवधि सेवा अवधिमा जोडिने होइन भन्न मिल्ने देखिँदैन । त्यसमा पनि विपक्षी निकायहरूबाटै भएको उक्त अन्तिम भएर बसेको निर्णयको औचित्यताभित्र प्रवेश गरी पक्षको स्थान ग्रहण गरी यस अदालतले अन्यथा भन्न नमिल्ने ।**

(प्रकरण नं.७)

- **निलम्वन फुकुवा भएकोमा उक्त निलम्वन अवधिलाई नोकरी अवधिमा गणना गर्नुपर्ने भन्ने नियममा प्रष्ट व्यवस्था भैरहेकोमा सो अवधि समेत गणना गरी निवृत्तिभरण नपाउनु पर्ने कुनै कानूनी र विवेकसम्मत् कारण नदेखिने ।** (प्रकरण नं.८)

निवेदकका तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ता बसन्तराम भण्डारी तथा विद्वान अधिवक्ताहरू विमल सुवेदी र भोजराज भट्ट

प्रत्यर्थीका तर्फबाटः विद्वान सहन्यायाधिवक्ता महेश शर्मा पौडेल

अवलम्बित नजीरः *नेकाप* २०४५, अङ्क ४, पृष्ठ २२३

सम्बद्ध कानूनः

- प्रहरी नियमावली, २०४९ को नियम ८९ (४), (६), ६(क), ११०(१), (३)

आदेश

**न्या.दामोदरप्रसाद शर्माः** यस अदालत संयुक्त इजलासबाट रिट निवेदन खारेज हुने ठहऱ्याई भएको आदेश न्याय प्रशासन ऐन, २०४८ को दफा ११ बमोजिम पुनरावलोकन गरिपाऊँ भनी रिट निवेदकका तर्फबाट पर्न आएको पुनरावलोकनको निवेदनमा यस अदालतबाट पुनरावलोकन गरी हेर्न निस्सा भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

म निवेदक तत्कालीन श्री ५ को सरकारको मिति २०४६।०१।०१ गतेको निर्णयले प्रहरी जवान पदमा नियुक्त भई सेवाको १२ औं बर्षमा प्रहरी हवल्दार पदमा वढुवा भई मिति २०६२।१।१३ मा १६ वर्ष सेवा अवधि पूरा गरी राजीनामा स्वीकृत भएको छ । म प्रहरी चौकी ज्यामिरे मकवानपुरमा कार्यरत् रहेको अवस्थामा मिति २०४९।११।२६ गते रजैयातर्फ ड्यूटी गर्न गएकोमा मादक पदार्थ सेवन गरी होहल्ला गरी वसेका काजीमान कामीलाई सम्झाउदा उल्टो जथाभावी मुख छाडेकाले म र अन्य साथीहरू भई निजलाई चौकीमा ल्यायौं । चौकिवाट मेडिकल जाँच गराउन हेटौडा अस्पताल लग्दा निज काजीमान कामी मरेको भन्ने थाहा पाएपछि जि.प्र.का. हेटौडामा जाहेर गरेकोमा काजीमान कामीलाई कुटपीट गरी मारेको भन्ने किटानी जाहेरी परेकोले मिति २०४९।११।२९ गते म्याद लिई प्रहरी हिरासतमा राखेको देखिन आएकोले अदालतबाट अन्तिम फैसला नभएसम्मको लागि भनी २०४९।११।२९ गतेवाट निलम्वनमा राखिएको थियो ।

म समेत उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गरिपाऊँ भन्ने दावी लिएकोमा मिसिल संलग्न प्रमाणबाट प्रतिवादीहरूले सोबमोजिम कसूर गरेको नदेखिई प्रतिवादीहरूले ज्यान लिने इविलाग र मनसाय नभई आफूले गरेको कर्तव्यबाट मानिस मर्ला जस्तो नदेखिएको अवस्थामा कुटपीट गरेको र सो कुटपीटबाट मृतकको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको ५ नं. बमोजिम कसूर गरेको ठहरी ऐजन ६ नं. को देहाय दफा ४ बमोजिम जनही एक वर्ष ६ महिना कैद हुने गरी शुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०५०।११।१७ मा फैसला भएको थियो। सो फैसला बदर गरिपाऊँ भनी पुनरावेदन गरेकोमा शुरु जिल्ला अदालतले भवितव्य ठहऱ्याएको इन्साफ मनासिब देखिने र सजायको हकमा ज्यानसम्बन्धीको ६ नं. को देहाय ४ नं बमोजिम जनही १ वर्ष ६ महिना कैद हुने ठहऱ्याएको सजाय चर्को पर्ने देखिंदा उक्त दफाबमोजिम जनही १ वर्षको दरले कैद सजाय हुने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौडाबाट मिति २०५१।३।२२ मा फैसला भयो। सो फैसलाअनुसार निवेदक १ वर्ष ३ महिना २७ दिन मात्र थुनामा रही सोही मितिबाट थुना मुक्त भएको थिएँ।

म थुनावाट छुटेपछि हाजिर हुन पाऊँ भनी निवेदन गरी पछि महान्यायाधिवक्ताको कार्यालयको राय समेतवाट निलम्वन फुकुवा गरी हाजिर भई सेवामा कार्यरत् रहेको अवस्थामा उक्त पुनरावेदन अदालतको फैसलाउपर तत्कालीन श्री ५ को सरकारको तर्फबाट सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भनी निवेदन परी म निवेदकलाई झिकाई तारिखमा राखी पछि मिति २०५७।१२।१७ मा फैसला हुँदा पुनरावेदन अदालतको फैसलालाई सदर गर्ने गरी सम्मानीत सर्वोच्च अदालतवाट समेत अन्तिम फैसला भएको छ।

भवितव्य ठहर भै फैसला भएको कारणसहित निलम्वन फुकुवा गरी नियमबमोजिम पाउने तलव, राशन समेत पाऊँ भनी म.क्षे.प्र.का. काठमाडौंमा निवेदन गरेकोमा अभियुक्तहरूको मृतकसँग कुनै रिस इवी नभएको, योजनावद्ध तरिकाले मारेको नदेखिएको, मार्नु पर्ने सम्मको मनसाय रहेको नदेखिएको, मृतकले मादक पदार्थ सेवन गरी जथाभावी भनेबाट थप्पड हिर्काएको कारणबाट मृत्यु भएकोमा अदालतवाट भवितव्य ठहर भएको समेत देखिएबाट प्रस्तुत मुद्दालाई नैतिकपतन देखिने फौजदारी मान्नु पर्ने अवस्था छैन। निज प्रहरी जवानहरूलाई प्रहरी नियमावली, २०४९ को नियम ८९ को (४) र (६) बमोजिम जाँचवुझ र थुनिएको अवधिभरसम्म निलम्वन हुने आधारमा निलम्वन भएको देखिन्छ। थुनावाट छुटकारा भइसकेपछि निलम्वन फुकुवा गरी हाजिर गराउन बाधा पर्ने नदेखिएको भन्ने व्यहोराको महान्यायाधिवक्ता कार्यालय काठमाडौंको च.नं ३३२४ मिति २०५१।८।२५ को पत्र बमोजिम सोही व्यहोरा अनुरोध भन्ने मजकुर प्र.प्र.का कानून शाखाको च.नं.११७ मिति २०५१।८।२६ को पत्र प्राप्त भई नैतिकपतन हुने गरी फौजदारी अभियोगमा सजाय नभई फौजदारी अभियोगबाट सफाइ पाई भवितव्यबाट मृतक काजीमान कामीको मृत्यु भएकोले ज्यानसम्बन्धी महलको ५ नं बमोजिम कसूर गरेको भनी अदालत समेतबाट फैसला भएको र महान्यायाधिवक्ताको कार्यालयको राय समेतको आधारमा मिति २०४९।११।२७ बाट मिति २०५१।३।२३ गते तक प्रहरी हिरासत तथा जेल बसेको देखिन आएकोले उक्त अवधिभरको रासन खुवाउनलाई प्रहरी हिरासत तथा जेलबाट सिधा खाएको कारणले दिन नमिल्ने र बाँकी अवधिको रासन र निलम्वन मितिबाट नपाएको तलव, भत्ता समेत प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम ६ को देहाय (क) अनुसार खान पाउने गरी मिति २०५१।९।१५ देखि निलम्वन फुकुवा गरी हाजिर गराउने निर्णय पर्चा भई हाजिर गराइएको थियो।

म निवेदकको निलम्वन फुकुवा गरी मिति २०५१।९।१५ देखि सेवामा हाजिर गराई विभिन्न स्थानमा सरुवा गरी आएकोमा क्षे.प्र.का. हेटौडा क.प्र. शाखाको मिति २०५८।५।२४ को निर्णयले प्रहरी हवल्दार पदमा वढुवा भई काभ्रेमा सरुवा भई कार्य गरी आएकोमा २०६२।१।१२ मा राजीनामा स्वीकृत भएको छ।

म निवेदकले मिति २०४६।१।१ मा नयाँ भर्ना भई मिति २०६२।१।१२ मा राजीनामा स्वीकृत भएकोमा प्रहरी सेवा गरेबापत प्रहरी नियमावलीअनुसार पाउने

निवृत्तभरण अधिकारपत्र बनाई दिनेतर्फ आवश्यक कारवाही हुन नोकरी विवरण फारम संलग्न गरी विपक्षी प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखा नक्सालबाट मिति २०६२।१।१९ मा निवृत्तभरण अधिकार पत्र वनाई दिने भनी विपक्षी प्रहरी कितावखाना कार्यालय सिँहदरवारमा पत्र पठाएकोमा विपक्षी प्रहरी किताबखाना सिँहदरवारबाट मिति २०६२।४।१८ मा हिरासतमा बसेको अवधि वर्ष १, महिना ९, दिन १५ कटाई प्रहरी नियमावली,२०४९ को नियम १०० को खण्ड (ख) बमोजिम उपदान पाउने निवृत्तिभरण नपाउने भनी अधिकारपत्र बनाइदिन इन्कार गरियो । म निवेदक विपक्षी प्रहरी किताबखानाले उल्लेख गरेअनुरूप एक वर्ष नौ महिना १५ दिन थुनामा परेको छैन । मिति २०४९।११।२७ देखि पुनरावेदन अदालतको फैसला मिति २०५१।३।२२ सम्म थुनामा रही सोही दिन मुक्त भएको छु । जम्मा १ वर्ष ३ महिना २७ दिन मात्र थुनामा रहेकोलाई गलत उल्लेख गरिएको छ । जसबाट मलाई ज्यादै अन्यायमा परी विपक्षको कानूनविपरीतको निर्णय बदर गरी पाउन यो निवेदन प्रस्तुत गरेको छु ।

म निवेदकको शुरु भर्ना मिति २०४६।१।१ र अवकाश प्राप्त मिति २०६२।१।१२ भएपछि मेरो जम्मा नोकरी वर्ष १६, दिन ११ भएकोमा हिरासतमा बसेको अवधि १ वर्ष, ३ महिना, २७ दिन भएकोलाई समेत गलत हिसाव गरी वर्ष १ महिना ९ दिन १५ कटाई नोकरी वर्ष १४, महिना २, दिन २९ भनी निलम्वनमा रहेको अवधि कटाई निवृत्तिभरणमा अधिकारपत्र नबनाई दिने गरी गरेको विपक्षीको निर्णय कानूनविपरीत भएको प्रष्ट छ ।

म निवेदकलाई मिति २०४९।११।२९ वाट निलम्वनमा राखिएको र अदालतको फैसलाबाट छुटकारा भई मिति २०५१।९।१५ मा निलम्वन फुकुवा गरिएको र अदालतवाट फैसला हुँदा नैतिकपतन हुने फौजदारी अभियोगमा सजाय नभई फौजदारी अभियोगबाट सफाइ पाई भवितव्य ठहर भएको छ । थुनाबाट छुटकारा भइसकेपछि निलम्वन फुकुवा गरी हाजिर गराउन वाधा नपर्ने भनी महान्यायाधिवक्ताको कार्यालयंवाट राय पठाएको आधारमा निलम्वन फुकुवा गरी हाजिर गराई निलम्वन अवधिको तलवभत्ता समेत दिइएको छ । प्रहरी नियमावली, २०४९ को नियम ११० (३) मा नोकरी अवधि गणना गर्दा निलम्वनमा रहेको अवधि समेत गणना गरिनेछ भनी प्रष्ट कानूनी व्यवस्था हुँदाहुँदै उक्त कानूनको विपरीत निलम्वन अवधिलाई नोकरी अवधिमा गणना नगरिएको कानूनविपरीत भएको प्रष्ट नै छ ।

म निवेदकलाई निलम्वनमा रहेको पूरै अवधिको तलवभत्ता समेत दिइएको, हिरासत सजाय निलम्वन रहेको अवधिमा नै भएको र नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, भवितव्य ठहर भएको, थुनाबाट छूट्करा भइसकेपछि निलम्वन फुकुवा गरी हाजिर गराई वढुवा समेत गरिएको अवस्थामा निलम्वन अवधि नोकरी अवधिमा गणना नगरिएको विपक्षी प्रहरी किताबखानाको मिति २०६२।४।१८ को निर्णय कानूनविपरीत त्रुटिपूर्ण भएको हुँदा बदरभागी छ ।

प्रहरी नियमावली, २०४९ को नियम १०१ (१) (ग) मा प्रहरी हवल्दार र प्रहरी जवानले १६ वर्षमा निवृत्तिभरण पाउने व्यवस्था भएकोमा म निवेदक मिति २०४६।१।१ मा सेवामा प्रवेश गरी मिति २०६२।१।१२ मा राजीनामा स्वीकृत गरेवाट १६ वर्ष ११ दिन नोकरी अवधि भई सो कुरालाई स्वीकार गरी विपक्षी प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखाबाट निवृत्तिभरण अधिकारपत्र बनाई दिने भनी मिति २०६२।१।१९ मा विपक्षी प्रहरी किताबखानामा पत्र पठाएकोमा प्र.ह. गणेशबहादुर खत्री अदालतको निर्णयअनुसार कैदमा नै वसेको कारण त्यस्तो अवधिलाई नोकरी अवधिमा गणना गर्न नमिल्ने भनी सोही निर्देशनको आधारमा निवृत्तभरण अधिकारपत्र नवनाई उपदानमा समेत असर पर्ने गरी झण्डै ६ महिना बढाई निलम्वन अवधिलाई गणना नगरी गरिएको विपक्षी प्रहरी किताबखाना सिँहदरवारको निर्णय कानूनविपरीत भएको प्रष्ट छ ।

तसर्थ विपक्षी प्रहरी किताबखानाको मिति २०६२।४।१८ को निर्णय उल्लिखित प्रहरी नियमावली, २०४९ को नियम ८९(६) तथा नियम ११०(३) समेतको त्रुटि गरी गैरकानूनी एवं त्रुटिपूर्ण रुपमा भएको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (२) बमोजिम उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी प्रहरी नियमावली, २०४९ को नियम ११०

(३) अनुसार नोकरी अवधिको गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरी दिनु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित बाटाको म्याद बाहेक १५ दिनभित्र विपक्षीहरूबाट लिखित जवाफ मगाउनु भन्ने समेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६२।५।२३ मा भएको आदेश ।

मिति २०४६।१।१ मा प्रहरी सेवामा प्रवेश गरी मिति २०६२।१।१२ मा राजीनामाद्वारा पदमुक्त भएका रिट निवेदकको सेवा अवधि १६ वर्ष ११ दिन हुने भए तापनि निजले प्रहरी चौकी ज्यामिरे मकवानपुरमा कार्यरत् रहँदा काजीमान कामीलाई कुटपीट गरी हत्या गरेको भन्ने ज्यानसम्बन्धी मुद्दामा जिल्ला अदालत मकवानपुरवाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसूरमा १ वर्ष ६ महिना कैद सजाय हुने ठहराई फैसला भएको र उक्त फैसलामा चित्त नबुझी पुनरावेदन गरेकोमा पुनरावेदन अदालतवाट १ वर्ष कैद सजाय हुने ठहराई फैसला भएको थियो । उक्त कारवाहीको सिलसिलामा निवेदक मिति २०४९।११।२७ देखि २०५१।३।२३ गतेसम्म १ वर्ष, ३ महिना २६ दिन प्रहरी हिरासतमा तथा जेल वसेको देखिएको र मिति २०५१।९।९ गते जिल्ला प्रहरी कार्यालयमा पुनर्वहाली माग गर्न गएपछि सोही मितिवाट निजलाई पुनर्वहाली गरेको देखिन्छ । मिति २०४९।११।२७ वाट मिति २०५१।९।९ गतेसम्म १ वर्ष ९ महिना १२ दिन निज प्रहरी सेवामा गैरहाजिर रहेकोले हाजिर नरहेको अवधि कटाई १४ वर्ष २ महिना २९ दिन प्रहरी सेवा गरेबापत नियमानुसार निजले पाउने उपदान किटान गरी पठाइएको भन्ने समेत व्यहोराको प्रहरी कितावखानाको तर्फबाट पेश भएको लिखित जवाफ ।

रिट निवेदक ज्यान मुद्दामा अदालतवाट ठहर भएको कैद सजाय भुक्तान गरी कार्यालयमा हाजिर हुन आएकोले हाजिर गराई प्रहरी हवल्दारमा बढुवा समेत भई कामकाज लगाई आएकोमा राजीनामा दिई सेवा निबृत्त भएको अवस्था छ । राजीनामा स्वीकृत भएको रिट निवेदकलाई अन्य प्रहरी कर्मचारी सरहका सुविधाहरू उपलव्ध गराउन सम्बन्धित कार्यालयमा र निवृत्तिभरणका लागि प्रहरी कितावखानामा लेखी पठाइएकोले यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने होइन । रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालय कर्मचारी प्रशासन शाखाको तर्फबाट पेश हुन आएको लिखित जवाफ ।

प्रहरी नियमावली, २०४९ को नियम ११० को उपनियम (३) मा नोकरी अवधि गणना गर्दा निलम्वनमा रहेको अवधि समेत गणना गरिनेछ भन्ने कानूनी प्रावधान भए तापनि रिट निवेदक अदालतको निर्णयअनुसार कैदमा बसेको कारणले त्यस्तो निलम्वन अवधिलाई नोकरी अवधिमा गणना गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन औचित्यहीन भएकोले खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

प्रहरी कर्मचारीले कर्तव्य पालनको सिलसिलामा कानूनले दिएको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएको अवस्था बाहेकको अवस्थामा हिरासतमा राखिएको थुनुवालाई कुटपीट गरी कसैको ज्यान लिन्छ भने त्यस्तो अवस्थाको लागि प्रहरी नियमावली, २०४९ को नियम ९६ को व्यवस्था भएको होइन । नियम ९६ को व्यवस्था परिच्छेद् ८ को आचरण उल्लंघनमा परिच्छेद् ९ बमोजिम कारवाही गर्दा परिच्छेद् ९ को कारवाही त्रुटिपूर्ण भई अदालतबाट बदर भएमा सेवामा पुन कायम हुने हो । निवेदकले ज्यानसम्बन्धी महलको नं. ५ र ६ को सजाय पाएको हुँदा प्रहरी नियमावली, २०४९ को परिच्छेद् ८ को मात्र उल्लघंन भएको नभई देशको फौजदारी कानूनको समेत उल्लंघन हो । यस्तोमा निवेदकलाई नियम ९६ को सहुलियत प्राप्त हुँदैन । मुलुकी ऐन ज्यानसम्बन्धी महलको अपराधअन्तर्गत अदालतबाट दोसी ठहर भएको अवस्थामा निवेदकको हकमा प्रहरी नियमावली, २०४९ को नियम ११०(३) आकर्षित हुन सक्दैन । नियम ८९ (६) ले पनि यसै कुरालाई प्रमाणित गर्दछ ।

अतः निवेदक प्रहरी सेवामा हुँदा मादक पदार्थ सेवनमा पक्राउ परेका काजीमान कामीको निवेदकको कुटपीटबाट हिरासतमै मृत्यु भएकोमा निवेदकउपर

ज्यानसम्बन्धी महलअन्तर्गत मुद्दा चली मकवानपुर जिल्ला अदालतवाट भवितव्यको अपराध ठहर गरी १/६ कैद सजाय भएकोमा पुनरावेदन अदालत, हेटौडाबाट जनही १ वर्षको कैद सजाय गरेको Convict व्यक्तिलाई सर्वोच्च अदालतवाट पनि सदर भएको फैसलाको फोटोकपीवाट देखिन्छ । अदालतबाट ज्यानसम्बन्धी महलको अपराधमा कसूरदार ठहर भई कैद सजाय भुक्तान गरेको एक Convicted व्यक्तिको दण्डसजायबापतको कैदमा बसेको अवधि पनि सेवामा रहेको मानी सेवा जोड्ने हो भने प्रहरी नियमावली, २०४९ को नियम ९६ को त्यो जति गलत ब्याख्या अरु हुँदैन ।

तसर्थ निवेदकलाई ज्यानसम्बन्धी महलको ५ नं अनुसारको हत्या गरेकोमा भवितव्यमा सजाय भएको देखिँदा ज्यानसम्बन्धी महलको भवितव्यको वारदात र भवितव्यको सजायलाई कामको सिलसिलामा हत्या भएको भन्न सकिँदैन । यस्तो अपराध गर्ने प्रहरीलाई पदमा बस्ने अधिकार नै नहुने हुँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन, खारेज हुन्छ भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासबाट मिति २०६६।२।१८ मा भएको आदेश ।

वादी नेपाल सरकार र प्रतिवादी मसमेत भएको ज्यान मुद्दामा सम्मानीत अदालतबाट मिति २०५७।१२।१७ मा भएको अन्तिम फैसलालाई चुनौती दिने गरी भएको उपरोक्त आदेश *नेकाप* २०२९ पृष्ठ २ तथा *नेकाप* २०५४ पृष्ठ १५१ मा प्रतिपादित सिद्धान्त प्रतिकूल छ । फुकुवा भई तलवभत्ता प्राएको निलम्वन अवधिलाई नोकरीमा गणना गरी निवृत्तिभरण दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने मुख्य माग दावीसहित मेरो रिट निवेदन परेको छ । पुनर्वहाली गर्न मिल्ने हो की होइन भनी निवेदन परेको होइन । निवेदकलाई बहालै गर्न नहुने भनी अदालत स्वयंले विवाद खडा गरी वादी दावी भन्दा बाहिर गई भएको आदेश *नेकाप* २०४५ पृष्ठ ३२३ मा प्रतिपादित सिद्धान्त समेतको विपरीत बदरभागी छ ।

म निवेदकलाई नैतिकपतन देखिने फौजदारी कसूर ठहर भएको अवस्था छैन । भवितव्यसम्म ठहर भएकालाई नैतिकपतन हुने कसूर ठहरेको भन्न मिल्दैन । प्रहरी नियमावली, २०४९ को नियम ८९(६)(क) अनुसार निलम्वन अवधिको तलवभत्ता समेत पाई सोपश्चात् पनि करिब ११ वर्ष काम गरी बढुवा समेत भएको अवस्थामा निवृत्तिभरण प्रयोजनको लागि मात्र निलम्वनमा रहेको अवधिलाई सेवा अवधिमा गणना गर्न नमिल्ने हुँदैन । नियम ११०(३) ले निलम्वन अवधिलाई पनि सेवा अवधिमा जोड्नु पर्ने प्रष्ट कानूनी व्यवस्था गरेकोमा नियममा भैरहेको प्रष्ट कानूनी व्यवस्थाको गलत ब्याख्या गरी निवेदन दावीभन्दा बाहिर गई भएको आदेशउपरोक्त प्रतिपादित सिद्धान्त समेतका आधारमा त्रुटिपूर्ण हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी रिट जारी गरिपाऊँ भन्ने समेत व्यहोराको निवेदन पत्र ।

यसमा यी निवेदकले अदालतको फैसलाबमोजिम आफूले सजाय भोगिसकेको र सो पश्चात् आफू कार्यरत् प्रहरी सँगठनबाट निलम्वन फुकुवा भै निलम्वन अवधिको तलवभत्ता समेत प्राप्त गरेको भन्ने समेतको आधार देखाई आफू राजीनामा दिई सेवा निवृत्त भएकोले उक्त निलम्वन अवधि समेत जोडि निवृत्तिभरण दिलाई पाऊँ भनी माग गरेको सम्बन्धमा यस अदालतको संयुक्त इजलासबाट निवेदकले मुलुकी ऐन, ज्यानसम्बन्धी ५ नं.को कसूरमा ऐ. ६ नं. अन्तर्गत सजाय पाएको अवस्थालाई उद्धृत गर्दै "त्यस्तो अपराध गर्ने प्रहरीलाई पदमा बस्ने अधिकार नै नहुने" भन्ने समेतको आधार ग्रहण गरी निवेदन खारेज गरिएको देखिन्छ । यस अदालतबाट "वादी दावीभन्दा बाहिर गई गरेको निर्णय त्रुटिपूर्ण देखिने" भनी छम मेचे वि. नसुह प्रसाईं समेत भएको उत्प्रेषण समेतको रिट निवेदनमा सिद्धान्त कायम भएको (*नेकाप* २०४५, अङ्क ४, पृष्ठ ३२३) परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६५।२।१८ मा आदेश हुँदा निवेदकले दावी गरेभन्दा फरक आधार ग्रहण गरिएबाट स्थापित नजीरको विपरीत भई पुनरावलोकन गरी हेर्नुपर्ने अवस्थाको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने समेत व्यहोराको यस अदालत पूर्ण इजलासबाट मिति २०६७।२।२८ मा भएको आदेश ।

नियमबमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट रहनु भएका विद्वान वरिष्ठ

अधिवक्ता श्री बसन्तराम भण्डारी तथा विद्वान अधिवक्ताहरू श्री विमल सुवेदी र श्री भोजराज भट्टले कर्तव्य पालनको सिलसिलामा भवितव्य भएको भनी निवेदक विरुद्ध चलेको ज्यान मुद्दामा एक वर्ष कैद हुने ठहरी फैसला भएको अवस्था छ । सो फैसलाबमोजिम हिरासत र कैदमा बसेको अवधिको निलम्वन फुकुवा गरी सो अवधिको तलवभत्ता समेत प्रदान गरी निवेदकलाई पुनर्वहाली गराएको र तत्पश्चात् बढुवा समेत भई निवेदकले राजीनामा दिई अवकाश लिएको हो । प्रहरी नियमावली, २०४९ को नियम ८९(६) को खण्ड (क) र नियम ११०(३) बमोजिम उक्त निलम्वन अवधि समेत गणना गरी निवृत्तिभरण दिनुपर्नेमा विपक्षी प्रहरी किताबखानाले निलम्वन अवधिलाई सेवा अवधिमा गणना गर्न नमिल्ने भनी उपदान मात्र दिएको हुँदा उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी सो अवधिलाई सेवा अवधि मानी निवृत्तिभरण दिनु भन्ने माग गरी निवेदन परेको हो । यस स्थितिमा मागबमोजिमको आदेश गर्नुपर्नेमा विवाद नै नभएको निलम्वन फुकुवा गरी पुनर्वहाली गरेको विषयमा ब्याख्या गरी निवेदन खारेज गर्ने गरी भएको संयुक्त इजलासको आदेश दावीभन्दा बाहिर गै भएकोले यस सम्मानीत अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा त्रुटिपूर्ण हुँदा सो आदेश बदर गरी मागबमोजिमको आदेश हुनु पर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलले अप्रासंगिक कथनमा उल्लेख भएका कुरालाई लिएर आदेश त्रुटिपूर्ण भयो भन्न मिल्दैन । निर्णयाधार गलत छैन । निलम्वन फुकुवा हुँदैमा नोकरी अवधिमा स्वतः गणना हुने होइन । एक पटक भएको गल्तीलाई निरन्तरता दिनु पर्छ भन्न पनि मिल्दैन । फौजदारी मुद्दामा अदालतको फैसलाबमोजिम कैद बसेको अवधिलाई नोकरी अवधिमा गणना गरी निवृत्तिभरण दिन मिल्ने कुनै कानूनी व्यवस्था छैन । अतः रिट निवेदन खारेज गर्ने गरेको संयुक्त इजलासको आदेश कानूनसम्मत् हुँदा बदर हुनुपर्ने होइन भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षका तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरूले गर्नु भएको उपरोक्त बहस सुनी पुनराबलोकन गरिपाऊँ भनी पर्न आएको निवेदन लगायतका प्रमाण मिसिलहरू अध्ययन गरी हेर्दा रिट निवेदन खारेज गर्ने गरी भएको यस अदालत संयुक्त इजलासको आदेश त्रुटिपूर्ण छ छैन र निवेदन मागबमोजिम सो आदेशको पुनरावलोकन गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आएको छ ।

२. निर्णयतर्फ विचार गर्दा कर्तव्य ज्यान मुद्दामा भवितव्य ठहऱ्याई एक वर्ष कैद हुने गरी पुनरावेदन अदालत, हेटौंडा समेतबाट भएको फैसला यस अदालतबाट पनि सदर भई अन्तिम रहेकोमा सो मुद्दाको क्रममा निलम्वनमा परी हिरासतमा रहेको र कैदमा बसेको अवधिको निलम्वन फुकुवा गरी, हाजिर गराई प्रहरी हवल्दार पदमा बढुवा भई, राजीनामा गरेकोमा उक्त फुकुवा भैसकेको निलम्वन अवधि सेवा अवधिमा गणना गर्न नमिल्ने भनी उपदान मात्र दिने निर्णय गरिएकोले विपक्षी प्रहरी किताबखानाको उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवृत्तिभरण दिनु भन्ने परमादेश जारी गरिपाऊँ भन्ने समेत माग दावी लिई पर्न आएको रिट निवेदन यस अदालतको संयुक्त इजलासबाट खारेज भएको देखियो । संयुक्त इजलासले अन्य कुराका अतिरिक्त प्रहरी सेवामा रहेको निवेदकले पक्राउ परेको व्यक्तिलाई कुटपीट गरी यातना दिई मारेको हुँदा ज्यान मुद्दामा कसूर ठहर भई सजाय बापत कैदमा बसेको त्यस्तो फुकुवा हुनै सक्ने निलम्वन अवधिलाई नोकरी अवधिमा गणना गरी निवृत्तिभरण दिन नमिल्ने भन्ने समेत आधार ग्रहण गरी रिट निवेदन खारेज गरेको पाइयो ।

३. महान्यायाधिवक्ताको कार्यालय समेतको राय लिई निलम्वन फुकुवा गरी, निलम्वन अवधिको तलवभत्ता समेत दिई, सेवामा पुनर्बहाली गरी, बढुवा भई करीब १२ वर्षपछि राजीनामा दिई अवकाश भएको निवेदकलाई सो अवधि गणना गरी निवृत्तिभरण नदिएउपर रिट परेकोमा विवाद नै नभएको निलम्वन फुकुवाका सम्बन्धमा दावीभन्दा बाहिर गई अदालत आफैंले पक्षको स्थान ग्रहण गरी रिट निवेदन खारेज गर्ने गरी भएको सो आदेश *नेकाप* २०४५, अङ्क ४, पृष्ठ ३२३ समेतमा प्रतिपादित सिद्धान्तप्रतिकूल भएकोले पुनरावलोकन गरिपाऊँ भन्ने समेत निवेदन

मागबमोजिम यस अदालतबाट पुनरावलोकनको निस्सा प्रदान गर्ने आदेश भएको देखियो ।

४. यसमा निवेदक समेतउपर चलेको ज्यान मुद्दामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. को कसूरदार ठहऱ्याई सोही ६ नं. बमोजिम १ वर्ष ६ महिना कैद गर्ने गरेको मकवानपुर जिल्ला अदालतको फैसला सजायका हकमा चर्को पर्ने भनी जनही १ वर्ष कैद हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०५१।३।२२ मा भएको फैसला यस अदालतबाट मिति २०५७।१२।१७ मा सदर भै अन्तिम रहेको देखिन्छ । सो मुद्दाका क्रममा निवेदक मिति २०४९।११।२७ देखि हिरासतमा रही पुनरावेदन अदालतबाट फैसला भएपछि मिति २०५१।३।२३ मा कैदबाट छुटेको भन्ने देखियो । त्यस्तै जिल्ला प्रहरी कार्यालय मकवानपुरको मिति २०४९।१२।९ को निर्णयबमोजिम निवेदकलाई ज्यान मुद्दाको क्रममा हिरासतमा राख्न म्याद थप गरेको मिति २०४९।११।२९ देखि प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (४) र (६) बमोजिम निलम्वनमा राखिएकोमा मिति २०५१।९।१५ को निर्णयबमोजिम निलम्वन फुकुवा भई सोही दिनबाट हाजिर गराइएको भन्ने समेतका तथ्यगत कुराहरूमा कुनै विवाद रहेको पाइएन ।

५. विपक्षी प्रहरी किताबखानाको लिखित जवाफसाथ पेश गरिएको निवेदकको निलम्वन फुकुवा सम्बन्धी मिति २०५१।९।१५ को निर्णय पर्चाको प्रतिलिपि हेर्दा महान्यायाधिवक्ताको कार्यालयको राय समेतको आधारमा मिति २०४९।११।२७ बाट मिति २०५१।३।२३ गते तक प्रहरी हिरासत तथा जेल बसेको देखिन आएकोले उक्त अवधिभरको राशन खुवाउनलाई प्रहरी हिरासत तथा जेलबाट सिधा खाएको कारणले नमिल्ने र बाँकी अवधिको राशन र निलम्वन मितिबाट नपाएको तलवभत्तासमेत प्रहरी नियमावली, २०४९ को परिच्छेद् ९ को नियम ८९ को उपनियम (६) को देहाय (क) अनुसार खान पाउने गरी यस कार्यालयबाट मिति २०४९।१२।९ को निर्णयपर्चाबाट निलम्वन भएको प्र.ज.गणेशबहादुर खत्रीलाई निलम्वन फुकुवा गरी हाजिर गराउने भन्ने समेत उल्लेख भएको देखिन्छ । त्यस्तै सोही मितिमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रहरी किताबखानालाई लेखेको निलम्वन फुकुवा गरी पुनः बहाली गरिएको भन्ने विषयको पत्रमा पनि निलम्वन मितिबाट नपाएको तलवभत्ता समेत पाउने गरी निलम्वन फुकुवा गरी हाजिर गराइएकोले सोहीबमोजिम अभिलेख जनाउन पत्राचार भएको देखिँदा निवेदकले निलम्वन अवधिको तलवभत्ता समेत प्राप्त गरेको देखियो । तत्पश्चात निवेदकले विभिन्न प्रहरी कार्यालयमा सरुवा भई प्रहरी हवल्दार पदमा बढुवा समेत भई मिति २०६२।१।१२ मा राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिएको देखिन आउँछ ।

६. यसरी राजीनामा दिएका निवेदकलाई निवृत्तिभरण अधिकारपत्र बनाई दिने भनी प्रहरी प्रधान कार्यालयबाट मिति २०६२।१।१९ मा पत्राचार समेत भएकोमा अदालतको फैसलाबमोजिम कैदमा बसेको निलम्वन अवधिलाई सेवा अवधिमा गणना गर्न नमिल्ने हुँदा निवृत्तिभरण दिन नसकिने भनी प्रहरी किताबखानबाट मिति २०६२।४।१८ मा उपदान मात्र पाउने निर्णय भएको देखिन्छ ।

७. वस्तुतः निवेदक कर्तव्य ज्यान मुद्दाको क्रममा हिरासत र कैदमा रहेको भन्ने तथ्यमा विवाद नभए पनि निजको निलम्वन फुकुवा भई सेवामा पुनर्वहाली भएको तथा निलम्वन अवधिको तलवभत्ता समेत प्राप्त गरेको देखिन्छ । प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (६) को देहाय खण्ड (क) बमोजिम तलवभत्ता खान पाउने गरी निलम्वन फुकुवा गरिएको भन्ने निर्णय पर्चामा नै उल्लेख भएको पाइन्छ । उक्त नियम ८९ को उपनियम (६) को खण्ड (क) को व्यवस्था हेर्दा "निलम्वित कर्मचारीउपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्वनमा रहेका अवस्थामा चौथाई तलव पाएको भएका सो कट्टा गरी र नपाएको भए पूरै ( तलव बृद्धि हुने भएमा सो समेत) पाउने छ । कसूरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलवभत्ता पाउने छैन" भन्ने समेत उल्लेख भएको देखिन्छ । सोही नियमबमोजिम निवेदकलाई पुनर्वहाली गरिएको निर्णयमा निलम्वन फुकुवा गरिएको भन्ने मात्र उल्लेख नभई निलम्वन अवधिको तलवभत्ता समेत खान पाउने गरी निलम्वन फुकुवा गरेको देखिँदा निवेदक उपरको अभियोगबाट निजले पूर्णतः सफाइ पाए सरह मानी निलम्वन फुकुवा गरेको देखिन आयो ।

त्यसरी निलम्वन फुकुवा गरेउपर कोही कसैको उजूरवाजूर परी उक्त निर्णय गैरकानूनी भएको भनी बदर वातिल गराएको अवस्था समेत नदेखिएकोले हाल आएर सो निर्णयविपरीत उक्त निलम्वन अवधि सेवा अवधिमा जोडिने होइन भन्न मिल्ने देखिँदैन। त्यसमा पनि विपक्षी निकायहरूबाटै भएको उक्त अन्तिम भएर बसेको निर्णयको औचित्यताभित्र प्रवेश गरी पक्षको स्थान ग्रहण गरी यस अदालतले अन्यथा भन्न मिल्ने अवस्था हुँदैन।

८. प्रहरी नियमावली, २०४९ को नियम ११० मा नोकरी अवधिको गणना गर्ने आधार र अवस्थाका सम्बन्धमा व्यवस्था भई सोही उपनियम (३) मा उपनियम (१) अनुसार नोकरी गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ भन्ने समेत उल्लेख भएको देखिन्छ। यसबाट फुकुवा भएको निलम्वन अवधिलाई नोकरी अवधिमै गणना गर्नुपर्ने भन्ने नियमको प्रष्ट व्यवस्था रहेको पाइयो। यस प्रकार निवेदकको निलम्वन फुकुवा भएकोमा विवाद नभएको र निलम्वन अवधिलाई नोकरी अवधिमा गणना गर्नुपर्ने भन्ने नियममा प्रष्ट व्यवस्था भैरहेको अवस्थामा सो अवधि समेत गणना गरी निवेदकले निवृत्तिभरण नपाउनु पर्ने कुनै कानूनी र विवेकसम्मत् कारण देखिन आएन।

९. अतः उपरोक्त तथ्यगत विश्लेषण र कानूनी व्यवस्था समेतको विश्लेषणबाट तलवभत्ता समेत खान पाउने गरी फुकुवा गरिएको निलम्वन अवधिलाई सेवा अवधिमा गणना गर्नुपर्ने स्पष्ट देखिन आएको अवस्थामा मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्नेमा विवाद नै नभएको विषयमा प्रवेश गरी, अदालत स्वयले पक्षको स्थान ग्रहण गरी ज्यानसम्बन्धी अपराधमा कसूरदार ठहर भई सजाय भुक्तान गरेको प्रहरीलाई पदमा बस्ने अधिकार नै नहुने भनी रिट निवेदन खारेज गर्ने गरेको यस अदालत संयुक्त इजलासको आदेश छम मेचे विरुद्ध नसुह प्रसाईं समेत भएको उत्प्रेषण रिट निवेदनमा यस अदालतबाट प्रतिपादित सिद्धान्त (*नेकाप* २०४५, अङ्क ४, पृष्ठ ३२३) समेतको प्रतिकूल देखिएको हुँदा बदर भई निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुने ठहर्छ। निवेदकलाई नियमबमोजिम निवृत्तिभरण सुविधा उपलब्ध गराउनु भनी विपक्षी प्रहरी कितावखाना समेतलाई लेखी पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमबमोजिम बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।

न्या.ताहिर अली अन्सारी

न्या.प्रेम शर्मा

इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्.....

## निर्णय नं. ८६७७

सर्वोच्च अदालत, विशेष इजलास

माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह

माननीय न्यायाधीश श्री गौरी ढकाल

माननीय न्यायाधीश श्री प्रेम शर्मा

रिट नं. ०६४-WS-००३४

आदेश मितिः २०६६।७५।५

विषयः-उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ।

निवेदकः का.प.जि.खरेलथोक गा.वि.स.वडा नं.४ खरेलथोक बस्ने अधिवक्ता अच्यूतप्रसाद खरेल

विरूद्ध

विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत

- **कुनै पनि सेवामा रहेर गर्नुपर्ने कार्यसँग सम्बन्ध नै नराख्ने विषयलाई सेवाको शर्त बनाइनु न्यायिक र व्यावहारिक कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत् मान्न नमिल्ने।**
- **हरेक सार्वजनिक सेवाका शर्तहरू परस्पर भिन्नता राख्ने हुन सक्छन्। कामको प्रकृतिअनुरूप अलग-अलग सेवाका शर्तहरू माग गर्नु पनि स्वाभाविकै मान्नु पर्दछ। तर हरेक सेवाको लागि निर्धारण गरिएका सेवाका शर्तहरू त्यस्ता सेवा समूहभित्र रही सम्पादन गरिने कामसँग वस्तुनिष्ट रुपमा सम्बन्धित देखिनु पर्दछ। यदि त्यस्ता सेवाका शर्तहरू**

**सम्बन्धित सेवाको कुनै पनि पदमा रही सम्पादन गर्नुपर्ने कार्यसँग सम्बन्ध राख्ने प्रकृतिका देखिन नआई कुनै वर्ग वा समुदायका मानिसहरूको आत्मसम्मान वा भावनामा प्रत्यक्ष रुपमा चोट पुर्‍याउने, जातीय वा लैङ्गिक आधार समेतबाट भेदभावपूर्ण हुने प्रकृतिका देखिन आउँछन् भने त्यस्ता विषयहरूले संविधानको धारा १२ को उपधारा (१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित गरेको मान्नुपर्ने ।**

(प्रकरण नं.४)

- **सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्दछन् । युद्धको अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यलाई एउटै मापदण्डभित्र समावेश गर्नु उचित हुन सक्दैन । त्यसमा पनि एउटै कार्यसम्पादन गर्नको लागि महिला र पुरुषको लागि फरक-फरक योग्यता र अयोग्यताका शर्तहरू निर्धारण गरिन्छ भने त्यसको आधार समेत स्पष्ट र बोधगम्य हुनु अपेक्षित हुने ।**

(प्रकरण नं.५)

- **लिङ्ग भनेको प्राकृतिक कुरा भएकोले कुनै खास लिङ्गमा जन्मनु नै कसैको दोष वा अयोग्यताको मूलभूत मापदण्ड हुन नसक्ने ।**

(प्रकरण नं.९)

- **महिला वर्गलगायतका पिछडिएका वर्गको विकास वा सशक्तीकरण गर्ने नाममा सामान्य रोजगारी प्राप्त गर्ने विषयमा नै अनावश्यक र अनुचित शर्त वा बन्देज लगाइन्छ भने त्यस्तो कार्यलाई संवैधानिक व्यवस्थाअनुरूप मान्न नमिल्ने ।**

(प्रकरण नं.१२)

- **संविधानले प्रजनन् तथा प्रजनन् स्वास्थ्यको हकलाई मौलिक हकको रुपमा व्यवस्था गर्ने, तर कानूनले उमेर पुगेका महिलालाई पाँच वर्षसम्म विवाह गर्न नपाउने व्यवस्था गर्नु संविधानसम्मत् हुन नसक्ने ।**

(प्रकरण नं.१४)

निवेदक तर्फबाटः विद्वान अधिवक्ता अच्यूतप्रसाद खरेल
विपक्षी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता युवराज सुवेदी
अवलम्बित नजीरः

- *नेकाप* २०५२, नि.नं.६१३, पृष्ठ ४६२,
- *नेकाप* २०५३, नि.नं.६१४०, पृष्ठ १०५,
- *नेकाप* २०५३, नि.नं.६२२३, पृष्ठ ५३७,
- *नेकाप* २०५७, नि.नं.६८९८, पृष्ठ ३७६,
- *नेकाप* २०६६, नि.नं.८१८७, पृष्ठ १०८९

सम्बद्ध कानूनः

- सैनिक प्रहरी प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१, ४.१.२
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र १८, १८(१), (२), २०
- सैनिक ऐन, २०१६ को दफा १६५

आदेश

**न्या.रामकुमारप्रसाद शाहः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(१) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १६ ले विवाहयोग्य उमेरका पुरुष तथा महिलाको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपालले अनुमोदन गरेको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २३ ले पनि सो हक सुनिश्चित गरेको छ ।

सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ मा सैनिक प्याराचुट फोल्डर महिलाले नियुक्ति पाएको ५ वर्ष नपुग्दै विवाह गरेमा निजले नोकरीबाट हटनुपर्ने भन्ने व्यवस्था गरिएको रहेछ । विवाहको शर्त आदिको व्यवस्था गर्ने वैवाहिक कानूनको रुपमा रहेको मुलुकी ऐन, विवाहवारीको महल एवं विवाह दर्ता ऐन, २०२८ अन्तर्गत तोकिएका शर्तहरू पालना गरी विवाह गरे पनि उक्त नियम ४.१.२ को व्यवस्थाले एकातिर उल्लिखित प्रतिज्ञापत्रको धारा २३ (२) प्रदत्त विवाह गर्ने तथा परिवार निर्माण कार्यको शुभारम्भ गर्ने अधिकारको उपभोग गर्न बन्देज लगाएको

छ भने अर्कोतिर नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१),(२),(३) प्रदत्त समानताको हकसम्बन्धी व्यवस्थाका साथै उक्त धाराको प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित महिलालगायतका कमजोर वर्गको संरक्षण वा सशक्तीकरणको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भन्ने हक अधिकारको उपभोग गर्न र धारा २०(१) को महिला भएकै कारणबाट कुनै पनि भेदभाव गरिने छैन भन्ने महिलाको हकको उपभोग गर्न बन्देज लगाएको प्रष्ट छ ।

अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (१), (२) र (३) तथा धारा २०(१) एवं नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २३(२) सँग बाझिएको सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ को व्यवस्था संविधानको धारा १०७(१) तथा नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) बमोजिम बदर घोषित गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? विपक्षीहरूबाट लिखित जवाफ मगाई आएपछि नियमबमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत एक-न्यायाधीशको इजलासबाट भएको आदेश ।

सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ सैनिक ऐन, २०१६ बमोजिम बनेको हो । हाल उक्त ऐन खारेज भई सैनिक ऐन, २०६३ लागू भएको छ । सो ऐनको दफा १४४ अनुसार सैनिक ऐन, २०१६ बमोजिम भए गरेका कामकारवाही सैनिक ऐन, २०६३ बमोजिम भए गरेको मानिनेछ भन्ने उल्लेख छ । सैनिक ऐन, २०६३ अन्तर्गत आवश्यकताअनुरूप विभिन्न नियमावलीहरू निर्माण वा संशोधन हुने नै भएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको रक्षा मन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ ।

विवाह पश्चात जीव वैज्ञानिक कारणले महिलाको शारीरिक अवस्थामा विशेष परिवर्तन आउन सक्ने प्राकृतिक नियम नै हो । विवाहको कारणबाट प्याराचुट फोल्डिङ तालिमको अवधिमा प्रशिक्षार्थीको शरीरमा आउने वा आउन सक्ने प्राकृतिक परिवर्तनबाट स्वयं महिलाको जीउ ज्यानमा खतरा उत्पन्न हुन सक्ने भएकोले उनीहरूको स्वास्थ्य लगायतका मानव अधिकारको संरक्षणको खातिर नै सकारात्मक विभेद स्वरुप उक्त प्रावधान राखिएको हो । सकारात्मक विभेदको रुपमा गरिएको व्यवस्थालाई भेदभावपूर्ण मान्न नमिल्ने भएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ ।

सैनिक प्याराचुट फोल्डर महिला नियमावली कुनै खास विषय वा सेवासँग सम्बन्धित नियमावली भएकोले सो नियमावली अन्तर्गतको सैनिक सेवाका लागि विशेष वा खास प्रकृतिको योग्यता र शर्त निर्धारण गरिएको हो । सेवाको लागि आवश्यक पर्ने योग्यता वा शर्त पूरा नभएका वा पूरा गर्न नसक्ने महिलाहरू सो सेवामा प्रवेश नगर्न स्वतन्त्र हुने देखिन्छ । नियमावलीमा भएको व्यवस्थालाई स्वीकार गरेर सेवा प्रवेश गर्ने हुँदा सो व्यवस्थाबाट कोही कसैको मानव अधिकार हनन् भएको मान्न मिल्दैन । नियुक्ति भएको पाँच वर्ष पूरा गरेपछि विवाह गर्न पाउने नै देखिंदा निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ ।

लैङ्गिक विभेदयुक्त वा वैवाहिक अवस्थाको कारणले विभेद गर्ने ऐन, नियम र सरकारी सार्वजनिक निकायमा लागू प्रक्रिया वा कार्यविधिलाई खारेज गरी समतामूलक प्रावधानहरू समाविष्ट गर्ने कार्य यस मन्त्रालयले गरिरहेकोले विपक्षी निवेदकको मागबमोजिम सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ अमान्य र बदर गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ ।

सैनिक सेवा अन्य प्रकृतिको सेवाहरू भन्दा भिन्नै र विशेष प्रकृतिको सेवाको रुपमा रहेको हुन्छ । त्यस्तो सेवामा कार्य गर्ने व्यक्तिहरूका केही मौलिक हक अधिकारमा सेवा अवधिभर बन्देज लगाई सैनिक संस्थालाई अनुशासित, मर्यादित र पेशागत दक्षतामा जोड दिएको हुन्छ ।

प्याराचुट फोल्डिङ गर्ने समयमा सानोमात्र गल्ती वा भूल गरेमा प्यारा जम्प गर्ने व्यक्तिहरूको ज्यान जाने हुँदा उक्त सेवामा प्रवेश गरेका व्यक्तिहरूलाई

दक्ष बनाउन आवश्यक हुन्छ । सैनिक प्याराचुट महिलामा नियुक्त भएपश्चात् प्याराचुट फोल्डिङ लगायतका विभिन्न तालिम गर्नुपर्ने हुन्छ । सो तालिमहरू सम्पन्न गर्न करीब ५ वर्ष लाग्ने भएकोले उक्त अवधिमा विवाह गर्न विदा लिँदा तथा गर्भवती हुँदा तालिम छुट्ने हुन जान्छ । तालिम छुट्न गएमा दक्ष महिला प्याराफोल्डर बन्न नसकी उनीहरूको पदोन्नतिलगायत सेवा सुविधाबाट वञ्चित भई वृत्ति विकासमा समेत ठूलो असर पर्छ । जुन कुरा संविधानको धारा १२ को प्रतिबन्धात्मक वाक्यांशले महिला सशक्तीकरणका लागि गर्न खोजेको व्यवस्थाविपरीत हुन्छ ।

नियमावलीको नियम ४.१.२ मा भएको व्यवस्थाबाट सैनिक सेवाको प्यारा फोल्डिङ र प्यारा जम्प गर्ने बेलामा समेत पुरुष सरहको समान अवसर प्रदान गरिएको हो । महिलाले गर्भधारण गरेको अवस्थामा शारीरिक परिश्रम गरे गराएमा गर्भमा रहेको भ्रूण नष्ट हुन सक्ने र आमा तथा बच्चाको ज्यान समेत जोखिम पर्ने हुन्छ । तालिम अवधिभर पुरै समय व्यारेकमा बस्नु पर्ने भएकोले बच्चा जन्मनासाथ छुट्याएर राख्न मिल्दैन । तसर्थ महिला हकहितकै लागि राखिएको सो व्यवस्था संविधानप्रतिकूल नभएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको नेपाली सेना जंगी अड्डाको तर्फबाट पर्न आएको लिखित जवाफ ।

नियमबमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक अधिवक्ता अच्यूतप्रसाद खरेलले सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ मा नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गर्ने प्याराचुट फोल्डर महिला सेवाबाट हट्ने कानूनी व्यवस्था गरिएको छ । महिला भएकै कारण विवाह गर्न नपाउने गरी भएको सो व्यवस्थाले संविधानको धारा १२, १३, १८ र २० प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएकोले बदरभागी छ । विवाह योग्य उमेरका नागरिकले विवाह गरी परिवार आरम्भ गर्न पाउने हकलाई नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २३ (२) ले सुनिश्चितता दिएको छ । नेपालले अनुमोदन गरेको सो प्रतिज्ञापत्रसँग बाझिएको नेपाल कानून सन्धि ऐनको दफा ९(१) बमोजिम अमान्य भई प्रतिज्ञापत्रकै व्यवस्था लागू हुन्छ । सैनिक प्रहरी सम्बन्धी नियमावलीमा तालिम अवधिभर मात्र विवाह गर्न नपाउने भनी भएको व्यवस्था संविधान र अन्तर्राष्ट्रिय दस्तावेजअनुरूप नदेखिएको भनी सम्मानीत अदालतबाट समसामायिक सुधार गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको छ । विवादित नियमले त तालिम अवधिभर मात्र नभई सेवा प्रवेश गरेको ५ वर्षसम्म विवाहमा रोक लगाएको छ । प्याराचुट फोल्डिङको सामान्य कार्य गर्ने महिलालाई विवाह गरी परिवार आरम्भ गर्न पाउने मौलिक हकमा रोक लगाउनु पर्ने कुनै कारण नभएकोले उक्त कानूनी व्यवस्था अमान्य घोषित गरिनु पर्दछ भन्ने समेत बहस गर्नुभयो ।

विपक्षी नेपाल सरकार समेतका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री युवराज सुवेदीले सैनिक सेवा अन्य निजामती सेवाभन्दा फरक सेवा हो । यसमा कडा शारीरिक परिश्रम र अनुशासन आवश्यक हुन्छ । तालिम अवधिमा नै विवाह गर्न दिने हो भने सेवाको स्तरअनुरूपको तालिम पूरा हुन सक्दैन । कडा परिश्रम गर्दा महिलाको गर्भमा रहेको भ्रूण तथा आमा समेतलाई नकारात्मक असर पर्छ । समग्र सैनिक सेवाको प्रभावकारितामा नै असर पर्न जाने भएकोले केही अवधि विवाह गर्न नपाउने व्यवस्था उचित नै छ । पाँच वर्षपछि विवाह गर्न रोक नलगाएकोले मौलिक हक हननको प्रश्न सान्दर्भिक छैन । निवेदन खारेज गरिनु पर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षका कानून व्यवसायीहरूले गर्नु भएको उल्लिखित बहस जिकीर मनन् गरी रिट निवेदन, लिखित जवाफ, सम्बन्धित संवैधानिक र कानूनी व्यवस्थाहरूको समग्र पक्षहरू दृष्टिगत गरी हेर्दा प्रस्तुत निवेदन दावीको सन्दर्भमा देहायका प्रश्नहरूको निरुपण हुनु वाञ्छनीय देखिएको छ ।

१) नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गर्ने प्याराचुट फोल्डर महिला सेवाबाट हट्ने भन्ने सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ को व्यवस्था नेपालको अन्तरिम संविधान अनुकूल छ वा छैन ?
२) निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

निर्णय दिनुपर्ने हुन आएको पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा निवेदकले सैनिक प्रहरी प्याराचुट

फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२ मा रहेको प्याराचुट फोल्डर महिलामा नियुक्ति भएको मितिले पाँच वर्ष नपुग्दै विवाह गरेमा सेवाबाट हट्ने कानूनी व्यवस्थाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र २० प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाएको भन्ने प्रमुख दावी प्रस्तुत गरेको देखिन्छ । प्रत्यर्थीहरूको लिखित जवाफ हेर्दा, सैनिक सेवा विशेष प्रकृतिको सेवा भएको र उक्त सेवा भित्रको पदमा बहाल रही कार्यसम्पादन गर्नको लागि आवश्यक पर्ने शारीरिक श्रम गर्दा महिलाको गर्भमा रहेको भ्रूण र गर्भवती महिलालाई समेत असर पर्न जाने भएबाट सो व्यवस्था गरिएको भन्ने आधार लिइएको रहेछ । निवेदन लेख र लिखित जवाफमा लिएको जिकीरसम्बन्धी विषय के कसो रहेछ भन्ने कुरामा स्पष्ट हुनको लागि सम्बन्धित कानूनी व्यवस्थाहरू दृष्टिगत गर्नु सान्दर्भिक नै हुने देखिन्छ ।

३. सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१. मा "देहायको अवस्थामा प्याराचुट फोल्डर महिलालाई सेवाबाट हटाइने छ" भन्दै नियम ४.१.२ मा "नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गरेमा" भन्ने समेत प्रावधान उल्लेख भएको रहेछ । नियमावलीमा भैरहेको सो कानूनी व्यवस्थाबाट प्याराचुट फोल्डर महिलाले नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गरेमा सेवाबाट हटनुपर्ने भन्ने ऐनको स्पष्ट अभिव्यक्ति रहेको देखिन्छ । यसरी नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गर्ने कुरालाई नियमावलीको सो प्रावधानले अयोग्यता (Disqualification) को मापदण्डभित्र राखेको पाइयो ।

४. कुनै पनि सार्वजनिक सेवाहरू सञ्चालनको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहमा रही सम्पादन गर्नुपर्ने कामको प्रकृति, जवाफदेहिता र जोखिम समेतलाई दृष्टिगत गरी अलग अलग कानूनी व्यवस्था हुँदै आएको देखिन्छ । सेवाका शर्तहरू तोक्नुको एकमात्र उद्देश्य पनि त्यही नै हो । कुनै पनि सेवामा रहेर गर्नुपर्ने कार्यसँग सम्बन्ध नै नराख्ने विषयलाई सेवाको शर्त बनाइनु न्यायिक र व्यावहारिक कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत् मान्न मिल्दैन । तसर्थ हरेक सार्वजनिक सेवाका शर्तहरू परस्पर भिन्नता राख्ने हुन सक्छन् । कामको प्रकृतिअनुरूप अलग-अलग सेवाका शर्तहरू माग गर्नु पनि स्वाभाविकै मान्नु पर्दछ । तर हरेक सेवाको लागि निर्धारण गरिएका सेवाका शर्तहरू त्यस्ता सेवा समूहभित्र रही सम्पादन गरिने कामसँग वस्तुनिष्ठ रुपमा सम्बन्धित देखिनु पर्दछ । यदि त्यस्ता सेवाका शर्तहरू सम्बन्धित सेवाको कुनै पनि पदमा रही सम्पादन गर्नुपर्ने कार्यसँग सम्बन्ध राख्ने प्रकृतिका देखिन नआई कुनै वर्ग वा समुदायका मानिसहरूको आत्मसम्मान वा भावनामा प्रत्यक्ष रुपमा चोट पुऱ्याउने, जातीय वा लैङ्गिक आधार समेतबाट भेदभावपूर्ण हुने प्रकृतिका देखिन आउँछन् भने त्यस्ता विषयहरूले संविधानको धारा १२ को उपधारा (१) प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित गरेको मान्नुपर्ने हुन्छ ।

५. प्रत्यर्थी नेपाली सेना जंगी अड्डाको लिखित जवाफमा सैनिक सेवा विशेष प्रकृतिको सेवा भएकोले यसमा कार्यरत् रहनको लागि खास किसिमका योग्यता र सेवाका शर्त आवश्यक पर्दछन् भन्ने जिकीर लिइएको देखिन्छ । वस्तुतः बाह्य आक्रमणबाट मुलुकको सार्वभौमसत्ता अक्षुण्ण राख्नुपर्ने सामरिक महत्वको सैनिक सेवा अन्य सार्वजनिक सेवा भन्दा भिन्न र विशिष्ठ प्रकृतिको हुन्छ भन्ने लिखित जवाफमा अभिव्यक्त गरिएको भावनासँग असहमत हुनुपर्ने कुनै कारण

छैन । तर, सैनिक सेवाभित्र पनि सबै कामहरू एकै प्रकृतिका नहुन सक्दछन् । युद्धको अग्रीम मोर्चामा रही सैनिक कारवाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यलाई एउटै मापदण्डभित्र समावेश गर्नु उचित हुन सक्दैन । त्यसमा पनि एउटै कार्यसम्पादन गर्नको लागि महिला र पुरुषको लागि फरक-फरक योग्यता र अयोग्यताका शर्तहरू निर्धारण गरिन्छ भने त्यसको आधार समेत स्पष्ट र बोधगम्य हुनु अपेक्षित नै हुन्छ ।

६. विवादित नियमावलीको प्रस्तावना हेर्दा तत्काल बहाल रहेको सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी उक्त नियम बनेको भन्ने उल्लेख भएको र नियमले इंगित गरेको ऐनको दफा १६५ मा "ऐनको व्यवस्था कार्यान्वयन गर्न सरकारले सैनिक सेवाका विभिन्न विषयमा नियम बनाउन सक्नेछ" भन्ने समेत उल्लेख गरिएको देखिन्छ ।

सो अनुरूप सैनिक सेवा अन्तर्गतका विभिन्न कार्यहरूमध्ये प्याराचुट फोल्डिङसम्बन्धी सेवामा आवद्ध रहने महिलाहरूको सेवा, शर्त निर्धारण गर्न सैनिक प्याराचुट महिला नियमावली, २०४६ बनाइएको भन्ने नियमको नामाकरणबाटै प्रष्ट भएको देखिन्छ । प्याराचुट फोल्डर भन्ने नियममा प्रयुक्त पदावलीबाट प्याराचुट पट्याउने, प्रयोगको लागी तयार गर्ने तथा संरक्षण गर्ने कार्यको बोध भैरहेको बुझिन्छ ।

७. प्याराचुट फोल्डर महिला भनेको कस्तो प्रकृतिको सेवा गर्नुपर्ने पद रहेछ भन्ने विषयमा थप स्पष्ट हुन सोही नियमावलीमा गरिएका अन्य व्यवस्थाहरूको सिँहावलोकन गर्नुपर्ने हुन्छ । नियमावलीको परिभाषा खण्ड अन्तर्गत नियम २.१.२ मा प्याराचुट फोल्डर महिला भन्नाले प्याराचुट फोल्डिङ पतिमा रहेको फोल्डर महिला, रजिष्टर क्लर्क, सहायक चीफ फोल्डर महिला र चीफ फोल्डर महिला सम्झनु पर्छ भन्ने उल्लेख भएको देखिन्छ । सो नियममा प्रयुक्त प्याराचुट फोल्डिङ पतिको परिभाषा गर्दै नियम २.१.१ मा प्याराचुट प्याक गर्ने, मर्मत गर्ने र प्याराचुट तथा तत्सम्बन्धी सामानहरूको सम्भार गर्ने पति सम्झनुपर्छ भनिएको पाइन्छ । यस प्रकार प्याराचुट पट्ट्याउने, मर्मत गर्ने तथा त्यससँग सम्बन्धित सामानहरूको संरक्षण गर्ने व्यवस्थापकीय कार्यसँग नै प्याराचुट फोल्डर महिला पदको मुख्य सम्बन्ध रहेको भन्ने देखिन आएको र युद्धको अग्रीम मोर्चासँग सो पदको कुनै सम्बन्ध रहेको भन्ने देखिदैन । यस्तो कार्य गर्नको लागि विपक्षी नेपाली सेना, जंगी अड्डाको लिखित जवाफअनुसार पाँच वर्षसम्म तालिमको आवश्यकता पर्ने अथवा विवाह पश्चात गर्भधारण गरेमा भ्रूण नष्ट हुन सक्ने भन्ने कुरा वस्तुनिष्ठ मान्यताविपरीत भै विश्वसनीय नहुनुका साथै स्वयं नियममा पनि त्यस्तो विषय उल्लेख भएको देखिँदैन । प्याराचुट फोल्डर महिलाले विवाह गर्दैमा वा गर्भधारण गर्दैमा सो व्यवस्थापकीय कार्य गर्न नसक्ने अथवा उनीहरूको स्वास्थ्यलाई नकारात्मक असर पर्न सक्ने भन्ने कुराको अन्य वस्तुनिष्ठ आधार समेत प्रत्यर्थीहरूको लिखित जवाफबाट खुल्न आएको देखिएको छैन ।

८. निवेदकले प्रस्तुत रिट निवेदनमा उठाउन खोजेको विषय रोजगारीको हक उपयोग गर्ने क्रममा महिला भएकै कारण अनुचित शर्त बन्देज लगाई विभेद गरिएको भन्ने छ । सैनिक प्याराचुट फोल्डर महिला नियमावली, २०४६ को नियम ४.१.२. ले प्याराचुट फोल्डर महिलाले सो पदमा नियुक्ति भएको पाँच बर्ष नपुग्दै विवाह गरेमा सेवावाट हटाउन सकिने व्यवस्था गरेको कारणबाट महिला माथि लैङ्गिक आधारमा भेदभाव गरेको भन्ने दावी सम्पुष्टि हुने तथा महिला भएकै कारणवाट लगाइएको उक्त बन्देजबाट महिलाहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ द्वारा प्रदत्त समानताको हक र धारा २० द्वारा प्रदत्त महिलासम्बन्धी हक हनन् हुन जाने हुन्छ ।

९. महिला भएकै कारणबाट सो सेवामा बहाल रहन लामो समय विवाह गर्न नपाउने गरी बन्देज लगाइनुले नेपाली महिलाहरूलाई उक्त सेवामा प्रवेश नगर्ने वा सेवा प्रवेश गरेको पाँच वर्षसम्म विवाह नगर्ने भन्ने दुई विकल्पहरूमध्ये एक विकल्प छनौट गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरेको देखिन्छ । प्रत्यर्थीहरूको लिखित जवाफमा महिलाहरू सो सेवामा प्रवेश नगर्न स्वतन्त्र रहेको भन्ने जिकीर गरिएको देखिएबाट नै प्याराचुट महिला फोल्डरप्रति लैङ्गिक दृष्टिकोणबाट भेदभावजन्य व्यवहारको संकेत गर्दछ । लिङ्ग भनेको प्राकृतिक कुरा भएकोले कुनै खास लिङ्गमा जन्मनु नै कसैको दोष वा अयोग्यताको मूलभूत मापदण्ड हुन सक्दैन ।

१०. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा समानताको हकसम्बन्धी संवैधानिक व्यवस्था गरिएको देखिन्छ । जस अन्तर्गत उपधारा (१) मा "सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने" भन्ने आधारभूत मान्यता समावेश गरिएको पाइन्छ । समानताको हकलाई निरपेक्ष ढंगबाट हेर्न मिल्दैन । समान अवस्था र हैसितयमा रहेका वर्ग वा समुदायका मानिसहरू बीच असमान व्यवहार गर्नु हुँदैन भन्ने नै समानताको सिद्धान्तको मूलभूत उद्देश्य हो । त्यसैले उस्तै अवस्था र हैसियतका नागरिकहरू बीच राज्यले कानून बनाई बर्गीकरण गर्न सक्दछ

भन्ने मान्यतालाई स्वीकार गरिएको पाइन्छ । तर त्यसरी गरिने बर्गीकरण उचित, तर्कसम्मत् र बोधगम्य हुनुका साथै बर्गीकरण गर्न खोजिएको कानूनको उद्देश्य र बर्गीकरणबीच सार्थक सम्बन्ध रहनुपर्दछ भन्ने कुरालाई मान्यता दिँदै यस अदालतको बृहद पूर्ण इजलासले निवेदक इमानसिँह गुरुङ विरुद्ध सैनिक जनरल अदालत समेत विपक्षी भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा सिद्धान्त (*नेकाप* २०४९, नि.नं.४५९७, पृ.७१०) प्रतिपादन गरी हालसम्म पनि स्थापित सिद्धान्तका रुपमा विद्यमान रही आएको अवस्था छ ।

११. प्रत्यर्थीहरूको लिखित जवाफमा महिलाहरूकै जीउ ज्यानको सुरक्षा र हितका खातिर सो व्यवस्था गरिएको भन्ने पनि उल्लेख भएको देखिन्छ । महिलालगायत अन्य पिछडिएको वर्गको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानको धारा १३(३) को प्रतिवन्धात्मक बाक्याशंले विशेष व्यवस्था गर्न सक्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । तर, सामान्य पेशा, रोजगारी गर्नको लागि नै पाँच वर्षसम्म अविवाहित रहनु पर्ने नियमावलीको उक्त सेवा शर्तले महिलाको सशक्तीकरण र विकास होइन उल्टै उनीहरूलाई अवसरबाट बञ्चित गर्ने र लैङ्गिक आधारमा भेदभाव सिर्जना गरिएको देखिन्छ । प्याराचुट फोल्डिङ्गको कार्य गर्न बढी शारीरिक श्रम आवश्यक पर्ने वा सो कार्य जोखिमयुक्त रहेको भन्ने जस्ता कुनै आधार विपक्षीहरूबाट पेश हुन आएको देखिदैन । विवाहपश्चात् महिलाको शरीरमा आउन सक्ने जीव बैज्ञानिक परिवर्तनबाट त्यस्तो सामान्य प्रकृतिको प्याराचुट फोल्डिङ्गको व्यवस्थापकीय कार्य गर्न नसक्ने वा सो गरेको खण्डमा स्वयं महिलाको जीउ ज्यानमा खतरा उत्पन्न हुन सक्ने भन्ने लिखित जवाफमा उल्लेख गरिएको जिकीर प्रमाणित हुने वस्तुनिष्ठ आधार नदेखिँदा केवल जिकीर लिइएकै भरमा सो कुरासँग सहमत हुन मिल्दैन ।

१२. संविधानको धारा १३(३) को प्रतिवन्धात्मक वाक्यांशले आत्मसात गर्न खोजेको महिलालगायत पिछडिएका वर्गका मानिसहरूको विकास, संरक्षण वा सशक्तीकरणले त्यस्ता वर्गका मानिसहरूको उत्थान वा विकास गर्ने सकारात्मक अवधारणा समेटेको छ । यसको लागि उनीहरूलाई स्वास्थ्य, शिक्षा र रोजगारी लगायतका अवसरहरूमा प्राथमिकता वा विशेष संरक्षण प्रदान गर्नुपर्ने हुन्छ । निजामती सेवा लगायत मुलुकका सार्वजनिक सेवाहरूमा यस्तो आरक्षण प्रणाली आरम्भ गरिसकिएको पनि छ । तर महिला वर्गलगायतका पिछडिएका वर्गको विकास वा सशक्तीकरण गर्ने नाममा सामान्य रोजगारी प्राप्त गर्ने विषयमा नै उनीहरूमाथि अनावश्यक र अनुचित शर्त वा बन्देज लगाइन्छ भने त्यस्तो कार्यलाई उक्त संवैधानिक व्यवस्थाअनुरूप मान्न मिल्दैन ।

१३. वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ ले पूर्व संविधानहरूमा व्यवस्था नगरिएको रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकलाई पनि मौलिक हकको रुपमा समेटेको छ । संविधानको उक्त धारा १८ को उपधारा (१) मा "प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ" भन्ने र उपधारा (२) मा "महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने समेत व्यवस्था गरिएको देखिन्छ । कानूनबमोजिम रोजगारीको हक हुने भनिए पनि रोजगारीको हकलाई राज्यले दिन खोजेको उच्च महत्व र प्राथमिकतालाई सहजै अनुभूत गर्न सकिन्छ । जसअनुसार राज्यमा विद्यमान रोजगारीसम्बन्धी कानून र भविष्यमा बन्ने रोजगारीको हकसम्बन्धी कानूनहरूमा नागरिकको रोजगारीको हक प्राप्त गर्ने विषय सुनिश्चित हुनुपर्ने देखिन्छ । लैङ्गिक आधारमा रोजगारीको प्राप्ति र समाप्तिको व्यवस्था गरिन्छ भने त्यस्तो कानूनी व्यवस्थाले नागरिकको रोजगारीको हकलाई सुनिश्चित नभई अनिश्चित बनाउने देखिन्छ ।

१४. त्यसै गरी संविधानको धारा २० मा महिलाको हकसम्बन्धी मौलिक हकको समेत व्यवस्था गरिएको पाइन्छ । धारा २० को उपधारा (१) मा "महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन" भन्ने व्यवस्था गरिएको छ । उपधारा (१) को सो व्यवस्थाले महिलामाथि कुनै पनि आधारमा भेदभाव गर्ने कुरालाई अस्वीकार गरेको छ । अर्थात् महिला भएको भन्ने कारणबाट मात्र उनीहरू माथि

विभेद गर्न संविधानतः मिल्ने देखिदैन । प्रस्तुत विवादमा नियुक्ति भएको पाँच वर्षसम्म विवाह गर्न नपाउने गरी भएको व्यवस्थाले महिला भएकै कारण प्याराचुट फोल्डरको पदमा रही कार्य गर्न नपाउने गरी अयोग्यता सिर्जना गरेको देखिन्छ । यसरी नै उपधारा (२) मा "प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । संविधानले प्रजनन् तथा प्रजनन् स्वास्थ्यको हकलाई मौलिक हकको रुपमा व्यवस्था गर्ने तर, कानूनले उमेर पुगेका महिलालाई पाँच वर्षसम्म विवाह गर्न नपाउने व्यवस्था गर्नु संविधानसम्मत् हुन सक्दैन । कामको प्रकृतिले अनिवार्य रुपमा आवश्यक हुने बाहेक अन्य कुनै पनि सार्वजनिक सेवामा प्रवेश गर्न र सेवारत रहनको लागि महिलाहरूलाई विवाह गर्न नपाउने गरी रोक लगाइने कानूनी व्यवस्थाले महिलाहरूको प्रजनन् स्वास्थ्यसम्बन्धी हक कुण्ठित पार्ने देखिन्छ ।

१५. निवेदकले नियमावलीको सो व्यवस्था नेपालले अनुमोदन गरी पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सन्धि, महासन्धि र प्रतिज्ञापत्र समेतको प्रतिकूल भएको भन्ने पनि जिकीर लिएको देखिन आउँछ । मानव भएको नाताले मानवीय मूल्य र मान्यताअनुरूप आत्म सम्मानपूर्वक बाँच्न पाउनु मानव अधिकारको आधारभूत विषयवस्तु हो । मानव अधिकारले मानिस-मानिसबीच लिङ्ग समेतका आधारमा गरिने भेदभावलाई मान्यता दिँदैन । मानव अधिकारको विश्वब्यापी घोषणापत्र, १९४८ को धारा १६ ले विवाह गरी परिवार बसाउने अधिकारको प्रत्याभूति दिनुका साथै धारा २१(२) ले प्रत्येक ब्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार हुने कुरा गरेको देखिन्छ भने धारा २३(१) मा प्रत्येक ब्यक्तिलाई कामको, रोजगारीको स्वतन्त्र छनौटको, कामको उपयुक्त र अनुकूल अवस्थाहरूको र बेरोजगारी विरुद्ध संरक्षणको अधिकार हुने भनिएको पाइन्छ ।

१६. यसै गरी महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा १ ले महिला विरुद्धको भेदभाव भन्नाले "पुरुष र महिलाहरूको जस्तोसुकै बैवाहिक स्थिति भए तापनि राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताका आधारमा महिलाहरूद्वारा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको मान्यता, उपभोग वा प्रयोग रद्द गर्ने वा त्यसमा आघात पार्ने उद्देश्यले लिङ्गका आधारमा गरिने कुनै पनि विभेद, निष्काशन वा प्रतिबन्ध सम्झनु पर्छ" भनिएको छ । सो महासन्धिको धारा ११ (ग) ले पेशा, रोजगारीको स्वतन्त्र रुपमा छनौट गर्ने अधिकार, पदोन्नति, सेवाको सुरक्षा वा सेवाका सबै शर्तहरू र सुविधाहरूको अधिकारको प्रत्याभूत गरेको पाइन्छ ।

१७. यसप्रकार रोजगारी प्राप्त गर्ने र सेवामा बहाल रहने समेतका कुरामा लिङ्गका आधारमा महिला विरुद्ध गरिने कुनै प्रकारका भेदभावहरूलाई उपरोक्त घोषणापत्र र महासन्धिका व्यवस्थाहरूले निषेध गरेको पाइन्छ । नेपालले उपरोक्त महासन्धि अनुमोदन गरी पक्ष राष्ट्र भएको अवस्थामा त्यसप्रति सम्मान दर्शाउनु, पालना गर्नु र उल्लंघन नगर्नु नेपालको दायित्व नै हुन्छ । विवादित नियमावलीमा भएको उक्त व्यवस्था उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेजहरूको भावना र व्यवस्था समेतको अनुकूल देखिदैन ।

१८. यसका अतिरिक्त यस अदालतबाट समेत लैङ्गिक आधारमा महिला विरुद्ध भेदभाव गर्ने कार्य संविधान प्रदत्त समानताको हकका साथै नेपालले स्वीकार गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनअनुकूल नहुने भनी केही कानूनी व्यवस्थाहरू अमान्य र बदर घोषित गर्दै केहीमा समयानुकूल सुधार गर्न नेपाल सरकार लगायतका निकायहरूलाई निर्देशनात्मक आदेश जारी भई यस सम्बन्धमा एक निश्चित सिद्धान्त नै (*नेकाप* २०५२, नि.नं.६१३,पृष्ठ ४६२, *नेकाप* २०५३, नि.नं.६१४०, पृष्ठ १०५, *नेकाप* २०५३, नि.नं.६२२३, पृष्ठ ५३७, *नेकाप* २०५७, नि.नं.६८९८, पृष्ठ ३७६, *नेकाप* २०६६, नि.नं.८१८७, पृष्ठ १०८९ आदि) कायम भएको पाइन्छ । लैङ्गिक आधारमा भेदभाव गर्ने कार्य समानताको हक अनुरूप हुन नसक्ने भनी यस अदालतबाट प्रतिपादन भएका नजीर सिद्धान्तसँग असहमति राख्नु पर्ने कुनै कारण देखिन आउँदैन ।

१९. अब, निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने निर्णय दिनुपर्ने हुन आएको अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्दा माथि प्रकरण प्रकरणमा गरिएको विवेचनाबाट निवेदकले चुनौती दिएको सैनिक प्याराचुट फोल्डर महिला

नियमावली, २०४६ को नियम ४.१.२ मा रहेको नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गरेमा सेवावाट हटाउन सकिने गरी भएको कानूनी व्यवस्थाले महिलालाई लिङ्गका आधारमा भेदभाव गरी नियुक्ति भएको पाँच वर्षसम्म विवाह गर्न रोक लगाएको देखिँदा उक्त कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ द्वारा प्रदत्त समानताको हक तथा धारा २० द्वारा प्रदत्त महिलाको हकसम्बन्धी संवैधानिक व्यबस्था समेतसँग स्पष्ट रुपमा बाझिएको देखियो । अतः संविधानको धारा १३ र २० समेतसँग बाझिएको सो कानूनी प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम अमान्य गरिदिएको छ । विपक्षीहरूको जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमबमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा हामी सहमत छौं ।

न्या.गौरी ढकाल

न्या.प्रेम शर्मा

इति संवत् २०६६ साल कात्तिक ५ गते रोज ५ शुभम्

इजलास अधिकृतः-नारायणप्रसाद सुवेदी

## निर्णय नं. ८६७८

सर्वोच्च अदालत, पूर्ण इजलास

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी

माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

दे.पु.इ.नं. : ०६६-DF-००१८

फैसला मितिः २०६८।३।९।५

मुद्दाः घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज ।

पुनरावेदक वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ बस्ने धनकुमारी ढुंगेल समेत

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल

शुरु निर्णय गर्नेः

सुधीरकुमार शाह, मालपोत कार्यालय भक्तपुर

पुनरावेदन निर्णय गर्नेः

मा.न्या.श्री गिरीश चन्द्र लाल

मा.न्या.श्री हरिबाबु भट्टराई

सर्वोच्च अदालत, संयुक्त इजलासः

स.प्र.न्या.श्री अनूपराज शर्मा

मा.न्या.श्री रणबहादुर बम

- **पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो, जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ । यो अन्तर्निहीत अधिकारका रुपमा प्रयोग गर्न मिल्ने हुँदैन । कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरु कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ । सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ । विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न नमिल्ने ।**
- **कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुने ।**

(प्रकरण नं.५)

- **विशेष ऐनले गरेको पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो । सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ ।**

**विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिने ।**
(प्रकरण नं.७)

पुनरावेदक वादीतर्फबाट: विद्वान अधिवक्ता बालकृष्ण नेउपाने
प्रत्यर्थी प्रतिवादी तर्फबाट: विद्वान वरिष्ठ अधिवक्ताहरू श्यामप्रसाद खरेल, बसन्तराम भण्डारी र हरिहर दाहाल, विद्वान अधिवक्ता ईन्द्र खरेल
अवलम्बित नजीर: *नेकाप* २०६१, अङ्क ६, नि.नं. ७३९१, पृष्ठ ६९९
सम्बद्ध कानून:
- अंशबण्डाको महलको ३० नं.
- मालपोत ऐन, २०३४ को दफा ७, ८, ८(ख), २८, २९, ३०, ३१

फैसला

**न्या.ताहिर अली अन्सारी:** पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन परी संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भनी भएको आदेशअनुसार यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ:-

भक्तपुर जिल्ला, गा.वि.स. कटुञ्जे, वडा नं. ३ बस्ने कृष्णकुमारी ढुंगेल र धनकुमारी ढुंगेलको वारेस विनोद ढुंगेलले गा.वि.स. कटुञ्जे, वडा नं. २ स्थित कि.नं. २७८, वडा नं. ३ स्थित कि.नं. ६६६, वडा नं. २ स्थित कि.नं. १०२, वडा नं. ३ स्थित कि.नं. ७७९, ११२, १३१ वडा नं. २(क) स्थित कि.नं. २२४, १९८, गुण्डु गा.वि.स, वडा नं. ४ स्थित कि.नं. ४७, ४६, ३३८ ३६३, दधिकोट गा.वि.स. वडा नं. ७(ख) स्थित कि.नं. ८७, कटुञ्जे गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ८२, ७७९, ८४०, वडा नं. २ स्थित कि.नं. २८८, २८४, १४७, ३४३, ३४७ का जग्गा हाम्रो पति हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच घरसारमा २०२९।३।२३ गतेका दिन भएका घरसारको बण्डापत्र बमोजिम निजहरू परलोक भै सक्नु भएको हुँदा हाम्रो नाममा दा.खा. नामसारी गरिपाऊँ भनी वृषकुमारी र धनकुमारी ढुंगेलको निवेदन पत्र ।

विपक्षी ढुण्डिराज ढुंगेललाई यस कार्यालयबाट मिति २०५०।३।८ मा म्याद जारी गरी पठाउँदा म्याद तामेल हुन नसकी मिति २०५०।३।२४ को आदेशानुसार गोरखापत्रमा मिति २०५०।३।२४ गते हकदावीसम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा ढुण्डिराज ढुंगेलको हकदार उमादेवी ढुंगेलको वारेस उमेश ढुंगेलले निवेदन दावी गर्दा मेरो पति ढुण्डिराज उपाध्याय २०३८ सालमा परलोक भै सक्नु भएको, ढुण्डिराज र हरिनाथ बीचमा घरसारकै अंशबण्डा वारे मलाई कुनै जानकारी नभएको, निवेदकहरूले पेश गरेको बण्डापत्र झूठा हो । मेरो पति ढुण्डिराज ढुंगेल र देवर हरिनाथको बीचमा अंशबण्डा हुन बाँकी छ भन्ने व्यहोरा को प्रतिवाद जिकीर ।

ढुण्डिराज उपाध्याय ढुंगेल र हरिनाथ ढुंगेलबीच भएको बण्डापत्र र साक्षी रमेशनाथ, श्यामराज ढुंगेल समेत भई मिति २०२९।३।२३ मा भएको बण्डापत्र घरसारको र कटुञ्जे गा.पं. कार्यालय (तत्कालीन) भक्तपुरको मिति २०३५।१।२९, च.नं. ७, प.स. ०३४/३५ को घर बनाउन स्वीकृत दिएको पत्रमा कटुञ्जे वडा नं. ३, कि.नं. ७७९ जग्गा ३–१०–२ घरमध्ये पश्चिम पट्टीको आधा भाग तपाईको वावा पं.हरिनाथ ढुंगेलको अंश भागमा पर्न आएको भन्ने कुरा मिति २०२९।३।२३ मा भएको घरसारको बण्डापत्रबाट देखिन आएको जग्गा रोपनी १–१३–१ घर बनाउन स्वीकृत दिएको पत्रबाट पनि हरिनाथ ढुंगेल र ढुण्डिराज ढुंगेलबीच उपरोक्त मितिमा बण्डा भएको देखिन आएको । दावी गर्ने उमादेवी ढुंगेलले उनका पति र हरिनाथको बीचमा घरसारमा कुनै अंशबण्डाको कागज भएको छैन झूठा हो भन्ने सम्म दावी लिएको, तर सो घरसारको बण्डापत्र कीर्ते हो वा जालसाजी के हो सो तर्फ कुनै उजूर गरेको छु भन्न सकेको देखिँदैन । यस्तो स्थितिमा मुलुकी ऐन अंशबण्डाको महलको ३० नं. मा भएको सातौं संशोधनले व्यवस्था गरेअनुसार सो ऐन लागू हुनुभन्दा अगावैको घरसारको अंशबण्डालाई नै मान्यता दिनु पर्ने भएकोले मिसिल संलग्न रहेको बण्डापत्रबमोजिम तपसीलमा लेखिएको जग्गा निवेदकहरूको नाममा

दाखिल खारेज गरी दिने भन्ने समेत व्यहोराको शुरु भक्तपुर मालपोत कार्यालयको मिति २०५०।५।३०।४ को निर्णय ।

मालपोत कार्यालयले जिल्ला अदालतको अधिकारक्षेत्रमा अतिक्रमण गरी कथित घरसारको बण्डापत्रको मूल्याङ्कन गरेको छ । अंशबण्डाको ३० नं. को गलत व्याख्या गरी विपक्षी वादीहरू र म बीच अंशबण्डा भएको ठहर गरेको छ । अ.वं. ७८ नं. को कारवाही गर्ने निकाय मालपोत कार्यालय होइन । अ.वं. ३० नं. मा भएको सातौं संशोधन पूर्व कुनै व्यवहार कसैले गरेको भए सो व्यवहार ऐनमा भएको संशोधन पूर्व नै कार्यान्वयन भएको हुनु पर्नेमा कथित बण्डापत्र सातौं संसोधन पूर्व नै कार्यान्वयन भएको भन्ने कुरा विपक्षीहरू र मालपोत कार्यालय समेतले सप्रमाण भन्न र लेख्न नसकेको हुँदा मालपोत कार्यालय भक्तपुरको निर्णय पर्चा कानूनी एवं अन्यायपूर्ण भएकोले सो पर्चा बदर गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी उमादेवी ढुंगेलको तर्फबाट पुनरावेदन अदालत, पाटनसमक्ष मिति २०५०।८।१३ मा पर्न आएको पुनरावेदन पत्र ।

यसै लगाउको यिनै पक्ष विपक्ष समेत भएको दे.पु.नं. १५७५ समेतको अंश मुद्दामा मिति २०२९।३।२३ को घरासरको बण्डापत्रलाई पूर्णतः प्रमाणमा नलिई शुरु जिल्ला अदालतबाट फैसला भएको देखिन्छ भने प्रस्तुत मुद्दामा शुरु मालपोत कार्यालयबाट उक्त घरसारको बण्डापत्रलाई प्रमाणमा लिई नामसारी दाखिल खारेज गरी दिने निर्णय गरेको देखियो । यस स्थितिमा शुरु तहको अदालत र मालपोतको दृष्टिकोण फरक भएको स्थितिमा शुरु निर्णय प्रमाणको मूल्याङ्कनको दृष्टिकोणबाट फरक पर्न सक्ने हुँदा छलफलको निमित्त विपक्षी झिकाउने भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०५८।११।१०।६ मा भएको आदेश ।

यसमा वादीले मिति २०२९।३।२३ मा भएको घरसारको बण्डापत्रको आधारमा जग्गा दाखिल खारेजको लागि निवेदन गरेकोमा उक्त मिति २०२९।३।२३ को घरसारको बण्डापत्रको कागजबाट मानो छुट्टिएको कुरा मात्र मान्यता हुने र कानूनबमोजिम अंशबण्डा भएको मान्न नमिल्ने भनी यिनै उमादेवी समेत वादी र यिनै धनकुमारी समेत प्रतिवादी भएको दे.पु.नं. १३४/३०३२ समेतको अंश चलन मुद्दामा आजै यसै इजलासबाट फैसला भएको हुँदा उक्त मिति २०२९।३।२३ को घरसारको बण्डापत्र कागजको आधारमा वादीको नाममा जग्गा दा.खा. गर्ने गरी मालपोत कार्यालय भक्तपुरबाट मिति २०५०।५।३० मा भएको निर्णय नमिलेकोले बदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला ।

हरिनाथ र ढुण्डिराजबीच भएको अंशबण्डाको लिखत कानूनी मान्यताप्राप्त लिखत हो । सो लिखतले कानूनी मान्यता र अर्थ राख्दछ । सो बण्डापत्रको आधारमा हरिनाथ र ढुण्डिराजबीच एकपटक अंशबण्डा भै सोहीअनुसारको व्यवहार समेत हुँदै आएकोले निज हरिनाथ र ढुढुण्डिराजका हकदार हामी वादी प्रतिवादीहरू बीच पुनः अंशबण्डा हुनु पर्ने होइन भन्ने सम्बन्धमा यसै लगाउको अंश मुद्दामा विस्तृत रुपमा उल्लेख गरेको हुँदा सो मुद्दामा लिएको पुनरावेदन जिकीरका बुँदालाई समेत यस मुद्दामा पनि पुनरावेदन जिकीरको रुपमा कायम गरिपाऊँ । प्रस्तुत मुद्दाको मूल विवाद मिति २०२९।३।२३ मा हरिनाथ र ढुण्डिराजबीच भएको घरसारको अंशबण्डाको लिखतअनुसार हरिनाथको अंश भागमा परेको घर जग्गाहरू निजका पत्नी म धनकुमारी ढुंगेल समेतका हकदारले नामसारी गरी लिन पाउने हो वा होइन भन्ने नै हो । यस सम्बन्धमा घरसारमा लिखत भएको उक्त लिखत रजिष्ट्रेशन पारीत नभए तापनि अंशबण्डाको ३० नं. को कानूनी व्यवस्थाअनुसार मान्यता पाउने भएकोले सो बण्डापत्र अनुसार नाउँ सारी गरी दिने मालपोत कार्यालय भक्तपुरको निर्णय पर्चामा कुन कानूनको त्रुटि हुन गएको हो भन्ने कुरा पुनरावेदन अदालतको फैसलामा उल्लेख हुन सकेको छैन । फैसला अ.वं. १८९ नं. विपरीत भएको छ ।

मुलुकी ऐन, जग्गा पजनीको २, २ क नं. ले आफ्नो हक हुन आएको सम्पत्ति नामसारी गरी लिन पाउने अधिकार प्रदान गरेको छ भने मालपोत ऐन, २०३४ को दफा ८(१) ले कानूनबमोजिम नामसारी दाखिल खारेज गर्ने काम मालपोत कार्यालयलाई सुम्पेको छ । यस्तो अवस्थामा मालपोत कार्यालयबाट मिति २०२९।३।२३ को लिखत

बमोजिम हरिनाथको भागमा परेको सम्पत्ति निजको परलोक पछि निजका हकदार हामी पुनरावेदकले नामसारी गरी लिन पाउने निर्णय गरेको मालपोत कार्यालयको निर्णय कानूनसम्मत् भएकोमा त्यसलाई बदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ। साथै मिति २०२९।३।२३ को उक्त घरसारमा भएको लिखतलाई विपक्षीले अन्यथा भन्न सक्नु भएको छैन। उक्त लिखतमा उल्लिखित साक्षीमध्येका उत्तमराज र लेखक श्यामराज विपक्षीका छोरा भएको कुरामा पनि विवाद छैन। यसरी मूल अंशियारबीच राजीखुशी र रीतपूर्वक भएको अंशबण्डा लिखतको आधारमा गरिएको नामसारी निर्णय कानूनसम्मत् भएको अवस्थामा सो निर्णयलाई बदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो लाई बदर गरी शुरु मालपोत कार्यालयबाट भएको निर्णय सदर कायम राखी न्याय पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदक वादीको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा मालपोत कार्यालय भक्तपुरले विवादका जग्गाहरू पुनरावेदक वादीका नाउँमा दाखिल खारेज गर्ने गरी मिति २०५०।५।३० मा गरेको निर्णयउपर पुनरावेदन अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा ८ अन्तर्गत पुनरावेदन सुनी शुरुको निर्णय उल्टी गरेको देखियो। मालपोत ऐन, २०३४ मा मिति २०५४।८।२६ मा पाँचौ संशोधन हुनु पूर्व सो ऐनको दफा २८, २९, ३० को विषयमा मात्र पुनरावेदन लाग्ने कानूनी व्यवस्था भई दफा ८ अन्तर्गत दाखिल खारेज गरेको विषयमा पुनरावेदन लाग्ने अवस्था देखिँदैन। विषय विषयमा बनेका विशेष ऐनमा यो यति कुरामा पुनरावेदन लाग्छ भनी स्पष्ट रुपमा व्यवस्था भएकोमा सो भन्दा बाहेकका काम कुरामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ अन्तर्गत पुनरावेदन लाग्छ भन्न नमिल्ने भनी यस अदालतको पूर्ण इजलासबाट *नेकाप* २०६१, नि.नं. ७३९१, पृष्ठ ६९९ मा सिद्धान्त प्रतिपादन भैरहेको परिप्रेक्ष्यमा क्षेत्राधिकारको प्रश्नमा पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.वं. २०२ नं. बमोजिम प्रत्यर्थी वादीलाई झिकाई आएपछि वा अवधि नाघेपछि लगाउको अंश मुद्दा समेत साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६५।५।२५ को आदेश।

यसमा यसै लगाउको दे.पु.नं. ८३०१ समेतको अंश चलन मुद्दामा अंशबण्डाको महलको ३० नं. मा भएको कानूनी व्यवस्था तथा प्रश्नको बारेमा पूर्ण इजलासबाट विस्तृत व्याख्या गरी यसमा एकरुपता कायम गर्नुपर्ने अवस्था देखिएको भनी उक्त अंशचलन मुद्दा सुनुवाइको लागि पूर्ण इजलासमा पेश गर्ने गरी आजै यसै इजलासबाट आदेश भएको र प्रस्तुत मुद्दा पनि सोही अंश चलन मुद्दासँग अन्तप्रभावी रहे भएको देखिँदा प्रस्तुत मुद्दा पनि सोहीबमोजिम पूर्ण इजलासबाट सुनुवाई हुन उपयुक्त देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम प्रस्तुत मुद्दा सुनुवाईको लागि पूर्ण इजलासमा पेश गरी संयुक्त इजलासको लगत कट्टा गर्नु भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासबाट मिति २०६६।१०।१३ मा भएको फैसला।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री बालकृष्ण नेउपानेले र प्रत्यर्थी प्रतिवादी तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू श्री श्यामप्रसाद खरेल, श्री वसन्तराम भण्डारी र श्री हरिहर दाहालका साथै अधिवक्ता श्री इन्द्र खरेलले गर्नु भएको वहस सुनी निर्णयतर्फ विचार गर्दा पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ? भन्ने कुराको निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच मिति २०२९।३।२३ मा घरसारमा भएको बण्डापत्रको लिखत बमोजिमका विभिन्न कित्ता जग्गाहरू आफ्नो नाममा दाखिल खारेज, नामसारी गरिपाऊँ भनी हरिनाथ उपाध्यायकी श्रीमती धनकुमारी ढुंगेल समेतले मालपोत कार्यालय भक्तपुरमा दिएको निवेदनबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सो सम्बन्धमा प्रतिवादी उमादेवी ढुंगेलले निवेदकहरूले पेश गरेको बण्डापत्र झूठा हो, आफ्ना पति ढुण्डिराज र देवर हरिनाथका बीचमा अंशबण्डा हुन बाँकी नै रहेको छ भनी प्रतिवाद गरेको देखिन्छ। मालपोत

कार्यालय भक्तपुरबाट मुलुकी ऐन अंशबण्डाको महलको ३० नं. मा भएको सातौं संशोधनले व्यवस्था गरेअनुसार सो ऐन लागू हुनुभन्दा अगावैको घरसारको अंशबण्डालाई मान्यता दिनु पर्ने भन्ने समेतका आधारमा बण्डापत्र बमोजिमका विभिन्न कित्ता जग्गाहरू निवेदकहरूको नाममा दाखिल खारेज गरी दिने भनी २०५०।५।३० मा निर्णय भएको रहेछ। सो निर्णयउपर प्रतिवादीका तर्फबाट पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेकोमा सो अदालतबाट मिति २०२९।३।२३ को घरसारको बण्डापत्र कागजको आधारमा निवेदिकाहरूको नाममा जग्गा दाखिल खारेज गर्ने गरी भएको मालपोत कार्यालय भक्तपुरको निर्णय नमिलेकोले बदर हुने भनी फैसला भएको र सो फैसलाउपर वादी तर्फबाट यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेश भएको रहेछ।

३. उल्लिखित तथ्यसमेतका आधारमा प्रस्तुत मुद्दामा प्रारम्भतः विवादको विषयमा मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदन सुन्न सक्ने हो वा होइन ? भन्ने प्रश्नको निरुपण गरिनु पर्ने भएको छ।

४. प्रस्तुत मुद्दामा हरिनाथ उपाध्याय ढुंगेल र ढुण्डिराज उपाध्याय ढुंगेलबीच मिति २०२९।३।२३ मा घरसारमा भएको बण्डापत्रबमोजिम विभिन्न कित्ता जग्गाहरू आफ्नो नाममा दाखिल खारेज, नामसारी गरिपाऊँ भनी हरिनाथ ढुंगेलकी पत्नी धनकुमारी ढुंगेल समेतले मालपोत कार्यालय भक्तपुरमा निवेदन दिएकोमा मालपोत कार्यालय भक्तपुरबाट मुलुकी ऐन अंशबण्डाको ३० नं. को कानूनी व्यवस्थालाई आधार बनाएर सो भन्दा अघिको घरसारको बण्डापत्र लिखतलाई मान्यता दिनु पर्ने भनी वादी दावीबमोजिमका विभिन्न कित्ता जग्गाहरू निवेदकहरूको नाममा दाखिल खारेज गरी दिने भनी मिति २०५०।५।३० मा निर्णय भएको देखिन्छ। मालपोत कार्यालय भक्तपुरमा वादी तर्फबाट पेश भएको निवेदनमा मालपोत ऐन, २०३४ को दफा ८ लाई उद्धृत गर्दै २०२९।३।२३ को बण्डापत्रका आधारमा दाखिल खारेज नामसारीको माग गरिएको छ। मालपोत ऐनको तत्कालीन कानूनी व्यवस्थालाई हेर्दा मालपोत ऐनमा २०५४।८।२६ मा पाँचौं संशोधन भई दफा ८ अन्तर्गत मालपोत कार्यालयले गरेको निर्णयउपर पनि पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्था भएको देखिन्छ। सो भन्दा अघिको कानूनी व्यवस्थाअनुसार साविकको दफा ८ मा रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने गरी मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था नै थिएन। उक्त ऐनको दफा ३१ मा गरिएको पुनरावेदन सम्बन्धी व्यवस्थाअनुसार दफा २८, २९ वा ३० अन्तर्गत मालपोत कार्यालयका प्रमुखले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भनिएबाट उल्लिखित दफा बाहेकका अन्य दफा अन्तर्गतको अधिकार प्रयोग गरी मालपोत कार्यालयबाट भएका निर्णयउपर पुनरावेदन नलाग्ने भन्ने स्वतः देखिन आउँछ। पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो, जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ। यो अन्तर्निहीत अधिकारका रुपमा प्रयोग गर्न मिल्ने हुँदैन। कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पनि पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरु कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न मिल्दैन।

५. कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ। सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ। विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न मिल्ने हुँदैन। कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ। अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुन्छ।

६. यसैसँग पेश भई निर्णय भएको दे.पु.इ.नं.००१४ को अंश चलन मुद्दामा प्रस्तुत मुद्दाका प्रतिवादी समेतका वादीले अंश पाउने भई आज यसै इजलासबाट फैसला भइसकेको छ। प्रस्तुत मुद्दामा मालपोत कार्यालय भक्तपुरको २०५०।५।३० को निर्णयले नामसारी भएका कित्ताका जग्गाहरू समेत दुवै पक्षद्वारा

दाखिल तायदातीमा उल्लिखित जग्गाहरूबाट वादीले अंश पाउने ठहर फैसला भइसकेको छ । सगोलका जुनसुकै अंशियारका नाममा रहेको भए तापनि अंशबण्डाको प्रयोजनको लागि त्यसबाट असर पर्ने हुँदैन । यस्तो अवस्थामा यस मुद्दाको रोहबाट २०५०।५।३० को मालपोत कार्यालयको निर्णयले यी पुनरावेदिका समेतको नाउँमा भएको नामसारी दर्तासम्बन्धी निर्णय कायम रहनु वा नरहनुले कुनै तात्विक अन्तर पर्ने अवस्था छैन । तथापि कानूनी प्रश्नको निरोपण गर्नुपर्ने नै हुन्छ ।

७. यस सन्दर्भमा प्रस्तुत मुद्दामा मालपोत कार्यालयको २०५०।५।३० को निर्णयउपर तत्काल प्रचलित मालपोत ऐन, २०३४ को दफा ३१ ले पुनरावेदन अदालतलाई पुनरावेदन सुन्ने अधिकारक्षेत्र थियो थिएन भन्ने कानूनी प्रश्नको निरोपण गर्नुपर्नेसम्म देखिएको छ । मालपोत ऐनमा २०५४।८।२६ मा भएको पाँचौं संशोधनले मात्र ऐनको दफा ७, ८, ८(ख), २८, २९ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ भनी व्यवस्था गरेको कुरा माथिको प्रकरणमा उल्लेख गरी सकिएको छ । सो भन्दा अगाडि उक्त ऐनको दफा २८, २९ र ३० बाहेकका अन्य दफाअन्तर्गत भएका निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था गरिएको देखिएन । पुनरावेदन अदालतको अधिकारक्षेत्रका सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८ मा व्यवस्था गरिएको छ । ऐनको दफा ८ को उपदफा (१) अनुसार पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने अधिकार हुने देखिन्छ । पुनरावेदन अदालतलाई प्रदान गरिएको यो सामान्य पुनरावेदकीय अधिकार हो । प्रचलित कानूनमा अन्यथा व्यवस्था भएमा सोहीबमोजिम हुन्छ । विशेष ऐनले गरेको त्यस्तो पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो । सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ । विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिन्छ ।

८. प्रस्तुत मुद्दामा मालपोत ऐनले २०५४।८।२६ भन्दा अगाडि पुनरावेदन लाग्ने व्यवस्थाअन्तर्गत ऐनको दफा ८ अनुसार भएको मालपोत कार्यालयको निर्णयलाई समावेश नगरेको हुँदा सो विषय पुनरावेदन अदालतको अधिकारक्षेत्रबाट स्वतः बाहिर पर्ने देखिन्छ । त्यसरी अधिकारक्षेत्र नै नरहेको विषयमा पुनरावेदन सुनी गरिएको निर्णयलाई कानूनअनुरूपको निर्णय मान्न सकिँदैन ।

९. यस्तै विषय समावेश भएको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट ऐनले नै पुनरावेदनसम्बन्धी विशेष व्यवस्था गरी सो ऐनअन्तर्गतका कुन दफाअन्तर्गतको के कस्तो निर्णयउपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमारेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा बढी कुरामा पुनरावेदन लाग्न नसक्ने भनी न्यायिकसिद्धान्त (रामजीप्रसाद गुप्ता समेत विरुद्ध जयप्रसाद अधिकारीको मु.स. गर्ने प्रकाशकुमार अधिकारी समेत, *नेकाप* २०६१, अङ्क ६, नि.नं. ७३९१, पृष्ठ ६९९) प्रतिपादन भैरहेको देखिन्छ । प्रस्तुत मुद्दामा पनि मालपोत ऐनको दफा ८ अन्तर्गत मालपोत कार्यालयबाट निर्णय भएको र सो निर्णय हुँदाका बखत प्रचलित ऐनमा सो निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नरहेको हुँदा उक्त न्यायिक सिद्धान्त यसमा पनि आकर्षित हुने देखिन्छ ।

१०. तसर्थ, माथि गरिएको विश्लेषणबाट कानूनले लाग्दै नलाग्ने पुनरावेदन ग्रहण गरी मालपोत कार्यालय भक्तपुरको मिति २०५०।५।३० को निर्णय बदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला अधिकारक्षेत्रविहीन भै त्रुटिपूर्ण भएकाले सो फैसला बदर भै पुनरावेदन समेत खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा हामी सहमत छौं ।

न्या.कृष्णप्रसाद उपाध्याय

न्या.भरतराज उप्रेती

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम्

इजलास अधिकृतः उमेश कोइराला

## निर्णय नं. ८६७९

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी
माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
दे.पु.इ.नं.०६६-DF-००१४, ००१५, ००१६ र ००१७
फैसला मितिः २०६८।३।९।५
मुद्दाः अंश चलन ।

पुनरावेदक वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल समेत
विरुद्ध
प्रत्यर्थी प्रतिवादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ बस्ने धनकुमारी ढुंगेल समेत

पुनरावेदक प्रतिवादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ बस्ने धनकुमारी ढुंगेल समेत
विरुद्ध
प्रत्यर्थी वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल समेत

पुनरावेदक प्रतिवादीः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० बस्ने रुपेश ढुंगेल समेत
विरुद्ध
प्रत्यर्थी वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल समेत

पुनरावेदक प्रतिवादीः भक्तपुर जिल्ला कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने श्यामराज ढुंगेल
विरुद्ध
प्रत्यर्थी वादीः भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. २ बस्ने उमादेवी ढुंगेल समेत

शुरु निर्णय गर्नेः
मा.जि.न्या.श्री शुष्मालता माथेमा
पुनरावेदन निर्णय गर्नेः
मा.न्या. श्री गिरीश चन्द्र लाल
मा.न्या. श्री हरिबाबु भट्टराई
सर्वोच्च अदालत, संयुक्त इजलासः
स.प्र.न्या.श्री अनूपराज शर्मा
मा.न्या.श्री रणबहादुर बम

- **पूर्व स्थापित नजीरहरूले न्यायिक अनुशासन र न्यायिक निरन्तरता प्रदान गर्ने हुनाले तिनको अनुपालन गर्दै मुद्दाको विशिष्ट तथ्यको विवेचना र परिस्थितिमा भिन्नताको आधारमा सम्बद्ध प्रमाणको मूल्याङ्कन र सान्दर्भिक कानूनको व्याख्या गर्दै न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने हुन्छ । क्रमिक रुपमा अंशबण्डाको ३० नं. को प्रयोगका लागि मापदण्ड, सूत्र वा शर्तहरू निर्धारित गरिनु हुँदैन । त्यस्तो गरिनु भनेको निर्णयकर्तालाई न्यायिक मनको प्रयोग गर्ने अवस्थाबाट बञ्चित गरेको हुने ।**

(प्रकरण नं.९)

- **कानूनले नै घरसारमा भएको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्ने पूर्वावस्थाहरू उल्लेख गरिदिएको अवस्थामा तिनीहरूको विद्यमानतावेगर कार्यान्वयनमा नै नआएको लिखतका आधारमा अंशबण्डा भएको भन्ने निष्कर्षमा पुग्न नमिल्ने ।**

(प्रकरण नं.१३)

- **मानो छुट्टिएको मिति सम्बन्धमा मुख नमिलेको अवस्थामा सामान्यतया फिराद परेको भन्दा अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिने न्यायिक परिपाटी रही आएको भए पनि त्यसलाई निरपेक्ष रुपमा ग्रहण गर्न भने सकिँदैन, मुद्दामा रहेको तथ्यले त्यसलाई निर्धारित गर्ने ।**

(प्रकरण नं.१५)

- **संयुक्त रुपमा हा.व.को लिखत पारीत गरी हक हस्तान्तरण गरिएको भए तापनि सगोलका ती सम्पत्ति परिवारभित्रै रहेकोले एकले अर्कालाई हक हस्तान्तरण गरेकै आधारमा ती सम्पत्तिलाई बण्डा हुने सम्पत्तिबाट बाहेक वा अलग गर्न नमिल्ने ।**

(प्रकरण नं.२२)

पुनरावेदक वादीतर्फबाटः विद्वान वरिष्ठ अधिवक्ताहरू श्यामप्रसाद खरेल, वसन्तराम भण्डारी, हरिहर दाहाल र शम्भु थापा तथा अधिवक्ताहरू प्रकाश राउत र इन्द्र खरेल

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी तथा विद्वान अधिवक्ताहरू बालकृष्ण नेउपाने, पीताम्वर सिलवाल, श्याम पाण्डे, बामदेव ज्ञवाली, फणिन्द्रराज सिलवाल, सविता वराल, अनिता चापागाईं, कृष्ण सापकोटा र खिमराज पौडेल

अवलम्बित नजीरः

- *नेकाप* २०३९, नि.नं. १५२६, पृष्ठ १,
- *नेकाप* २०५०, नि.नं. ४६७९, पृष्ठ ५
- *नेकाप* २०५१, नि.नं. ५०१८, पृष्ठ ९४९,
- *नेकाप* २०५२, नि.नं. ५०४७, पृष्ठ १४४
- *नेकाप* २०६५, नि.नं. ७९११
- *नेकाप* २०६७, नि.नं. ८४३०, पृष्ठ १२८६

सम्बद्ध कानून:

- सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) ७क
- अ.वं. १३९ नं.
- अंशबण्डाको ३० नं.
- मुलुकी (सातौं संशोधन) ऐन, २०३४

फैसला

**न्या.ताहिर अली अन्सारीः** पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा पुनरावेदन परी संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भनी भएको आदेशअनुसार यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

पदमनाथ उपाध्याय ढुंगेलका ढुण्डिराज उपाध्याय ढुंगेल र हरिनाथ उपाध्याय ढुंगेल २ जना छोरा भएकोमा दुबै छोराबीच पैतृक सम्पत्तिमा बण्डा नहुँदै ढुण्डिराज २०३८ सालमा र हरिनाथ २०३० सालमा परलोक हुनुभयो । स्व. ढुण्डिराजको म फिरादी उमादेवी ढुंगेल श्रीमती हुँ । ढुण्डिराज तथा उमादेवीबाट मदनराज १, श्यामराज १, उत्तमराज १, सुरेशराज १, रुपेश १, उमेश १ समेत ६ जनाको जायजन्म भएकोमा २०४७ सालमा मदनराज परलोक भएकोले निजको हक खाने निजको श्रीमती फिरादीमध्येकी भवानी ढुंगेल छु । यसै गरी हामी फिरादीका देवर काका हरिनाथ उपाध्याय ढुंगेलका २ श्रीमती वृषकुमारी र धनकुमारी हुनुहुन्छ र धनकुमारीबाट छोरा छैनन् । वृषकुमारीका तर्फबाट सूर्यनाथ १, रमेशनाथ १, भाष्कर नाथ १ समेत ३ जना छोराहरू हुनुहुन्छ । हामी फिरादीका पति पिता ससुरा ढुण्डिराज र विपक्षी प्रतिवादीका पति पिता हरिनाथबीच अद्यपिसम्म पैतृक सम्पत्ति बण्डा भएको छैन । २०५० साल जेठ महिनामा विपक्षी मध्येका वृषकुमारी र धनकुमारीले कथित बण्डापत्रअनुसार नामसारी गरिपाऊँ भनी भक्तपुर मालपोत कार्यालयमा निवेदन दिनु भएकोमा भक्तपुर मालपोत कार्यालयबाट कसैको हकदावी लाग्ने भए उजूर गर्नु होला भनी गोरखापत्रमा २१ दिने सूचना २०५०।३।२८ मा प्रकाशित भएको थियो । सो सूचना प्रकाशित भएपछि उक्त जग्गामा आफ्नो समेत हक लाग्ने हुँदा नामसारी हुनु नपर्ने भनी म उमादेवी ढुंगेलले निवेदन चढाएकोमा २०५०।५।३० मा मालपोत कार्यालय भक्तपुरबाट नामसारी हुने निर्णय गरेकोमा पुनरावेदन अदालत, पाटन ललितपुरमा मुद्दा परी विचाराधीन रहेको छ । अद्यपिसम्म वाजे ससुराको नामको सगोलको तथा पैतृक सम्पत्तिहरू हामी फिरादीहरू र विपक्षीहरूले संयुक्त रुपमा नै भोगचलन गर्दै आएका छौं । घर परिवार ठूलो भएको र व्यवहार चलाउन सजिलो बनाउन आ-आफ्नो भागको सम्पत्तिहरू बण्डा गरौं भनी विपक्षीहरूलाई आग्रह गर्दा आलटाल गर्दै २०५० साल वैशाख १ गतेदेखि मानो छुट्टिई बसी २०५० साल जेठमा हाम्रो पैतृक तथा सगोलका सम्पत्तिहरू एकलौटी हडप्ने र हामीहरूलाई निरअंशी पार्ने सोचाई लिएर भक्तपुर मालपोत कार्यालयमा विपक्षी मध्येका वृष कुमारी र धन कुमारीले निवेदन दिनु भए तापनि पैतृक सम्पत्ति बण्डा होला भन्ने आशामा बस्दा एकलौटी रुपमा नामसारी भए पछि अंश दिनु पर्दैन भन्नु भएबाट २०५० साल वैशाख १ गतेलाई मानो छुट्टिएको मिति कायम गरी सम्पूर्ण सम्पत्तिहरूको तायदाती फाँटवारी

विपक्षीहरूबाट पेश गर्न लगाई सो सम्पत्तिलाई २ भाग बण्डा गरी सोमध्ये ढुण्डिराजको भागमा पर्ने १ भाग अंशलाई ७ भाग लगाई सोमध्ये हामी फिरादी ६ अंशियारको ६ भाग हामी फिरादीलाई दिलाई चलन समेत चलाई पाऊँ भन्ने समेत व्यहोराको वादीहरूको संयुक्त फिराद पत्र ।

पुस्तेवारी नाता सम्बन्ध बाहेक फिरादीहरूका अन्य सम्पूर्ण कुराहरू झूठा हुन् । अंश पटक-पटक हुने कुरा होइन । २०२९।३।२३ मा हामी प्रतिवादी तथा विपक्षी वादीहरूका पति पिता ढुण्डिराज र हरिनाथबीच बण्डापत्र खडा गरी घरसारमा नरम गरम मिलाई अंशबण्डा गरी छुट्टी आ-आफ्नो भागशान्तिबमोजिम लिई पाई विक्री व्यवहार भोगचलन गरी आएकोमा २०३८ सालसम्म जेठाजु ठूला बाबा जीवित रहेबाट सो लिखतमा कुनै किसिमको आपत्ति उहाँबाट कहिल्यै उठेन । उहाँको देहान्त भएको करिव १३ वर्ष पछि उहाँका हकदारहरूबाट बण्डापत्र प्रतिकूलका अभिकथन लिई अदालतमा प्रवेश गरिनु प्रमाण ऐनको दफा ३४ प्रतिकूल छ । साथै मूल व्यक्तिलाई स्वीकार भएको कार्य निजबाट कुनै किसिमको चुनौती नदिईएको अवस्थामा निजबाट हक प्राप्त गर्ने व्यक्तिले दावी गर्ने हक नरहने भन्ने सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार हकदैयाविहीन फिराद अ.वं. ८२ नं. प्रतिकूल रही खारेजभागी छ । बण्डापत्रमा उल्लिखित सर्लाही धनगढी वडा नं. ८(क) का विविध कित्ताहरू २०३१।१।१३ मा काठमाडौं मालपोत कार्यालयमार्फत् र.नं. ५३०२ द्वारा स्व. ढुण्डिराज र हरिनाथले राजवती सिंहलाई विक्री गर्दाको राजीनामाको कैफियत महलमा स्पष्ट शब्दमा भिन्न भई बसेको दुई जना भाइको भन्ने वाक्यांश उल्लेख भएको छ । यस लिखतको सनाखत साक्षीमा पनि विपक्षीमध्येका श्यामराजको सहिछाप छ । यसबाट वादी प्रतिवादी पक्षका बीच २०२९ सालमा नै बण्डा भएको तथ्य निर्विवाद तवरले स्थापित भएको छ । मूल कुरा २०२९ सालको बण्डापत्र हेर्दा क्षेत्रफलका दृष्टिबाट होस् वा तराई पहाडका दृष्टिबाट होस् वा मोही लागे नलागेको जग्गाको दृष्टिबाट होस् वादी प्रतिवादी पक्षमा आधा आधा बण्डा भएको स्पष्ट दृष्टिगोचर हुन्छ । वादी पक्षका ढुण्डिराजका नाममा काठमाडौं उपत्यकाको मोही नलागेको जग्गा रोपनी ३२-९-०, मोही लागेको जग्गा रोपनी ६-२-३ र तराईको जग्गा विगाहा १७-१६-२ परेको उक्त बण्डापत्रबाट देखिन्छ र हामी प्रतिवादीमध्येका हरिनाथलाई काठमाडौं उपत्यकाको मोही नलागेको जग्गा रोपनी ३२-४-१ तथा मोही लागेको जग्गा रोपनी ६-२-१ र तराईको जग्गा विगाहा १७-१५-२ परेको २०२९ सालको बण्डापत्रबाट देखिन्छ । हाम्रो पक्षका हरिनाथका नाममा दर्ता रहेको हाल का.म.न.पा. वडा नं. १० स्थित कि.नं. ८१ को जग्गा २०२९ सालको बण्डापत्रले विपक्षीमध्येका ढुण्डिराजको भागमा परेको छ । यही नाताले सो जग्गामा बनेको घर पनि विपक्षीहरूका तर्फबाट निजहरूले नै भोगचलन गरेका छन् । सो घर नं. २१-२-४०७ मा धारा र विजुली विपक्षीमध्येका उमेशराजका नामबाट जडान भएको छ । का.म.न.पा. बाट वितरण भएको घरको ब्लक नं. वादीहरूका छोरा र दाजु देवर श्यामराजका नाममा प्राप्त गरेका छन् । २०२९ सालको बण्डापत्र कार्यान्वयन नहुँदो हो त विपक्षीहरूको यो जग्गामा भोगचलन रहन सम्भव हुने थिएन । सोही बण्डालाई देखाई मालपोत कार्यालय भक्तपुरमा हामीमध्येकी वृषकुमारी र धनकुमारी नामसारीका लागि गएकोमा सोही बण्डाबमोजिम हाम्रा भागको जग्गामा नामसारी गर्ने निर्णय भए पनि यो फिराद गर्न आउनु भएको छ, जो अ.वं. ७३ नं. प्रतिकूल छ । फिरादी सम्पूर्ण रुपले बनावटी कुरामा चलेको भन्ने कुरा २०५०।१।१ लाई मानो छुट्टिएको मिति कायम गरी माग्ने लेखाइबाटै देखा पर्दछ । २०२९।३।२३ लाई मानो छुट्टिएको मिति कायम गरेको भए वा २०२९ सालको लिखतमा उल्लिखित २०२४ साललाई मानो छुट्टिएको मिति लेखिएको भए यसको अर्थ बुझ्न सकिन्थ्यो । तर २०५०।१।१ भन्ने मितिको औचित्य छैन । मूलतः २०२४ सालमा मानो छुट्टिएको आधारमा २०२९।३।२३ मा बण्डा नभै सकेबाट तायदाती लिने औचित्य समेत नभएबाट यस विषयमा विस्तृत निवेदन गरेका छैनौं । २०२९ सालको बण्डाबाट विपक्षीहरूका भागमा परी निजहरूकै भागमा रहेको सो लिखत उल्लिखित सम्पत्ति कम भयो वा भोग गर्न पाएनौं भन्ने समेत फिरादमा कतै कुनै दावी जिकीर नहुँदा नहुँदै पनि विपक्षीहरूलाई निरअंशी पार्ने हाम्रो सोचाई रहेको

भनिनुबाट मालपोत कार्यालय, भक्तपुरको कारवाही र निर्णय नै नबुझी यो फिराद परेको स्पष्ट बोध हुन्छ भन्ने प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर जिकीर रहेछ।

मिति २०२९।३।२३ को लिखत अनुसारको सम्पत्ति अंशियारहरू मध्ये कसैको नाउँमा पनि दाखिल खारेज नामसारी सुक्रीविक्री भएको छैन। तसर्थ अंशबण्डाको ३० नं. अनुसार २०३४ पौष २६ गते अघि कार्यान्वयन नभएको कथित लिखत कानूनी रुपमा शून्य छ। कानूनी रुपमा शून्य भएको लिखतलाई सद्दे कीर्ते वा जालसाजी भनी रहन परेन, कानूनबमोजिम बण्डा नभएको अवस्थामा मैले अंश प्राप्त गरेको ठहर गर्न मिल्दैन। तसर्थ मेरो माग दावीअनुसार अंश दिलाई पाऊँ भन्ने वादी उमेशराज ढुंगेलले मिति २०५१।४।१८ गते अदालतसमक्ष गरेको बयान।

२०२४ सालमा भिन्न भएको भन्ने सुनेको हो। वानेश्वर र कटुञ्जेमा घर छ। बण्डापत्रको कागज गरेको भन्ने सुनेको, बण्डापत्रको सम्बन्धमा कहिले के भयो थाहा भएन। वादी प्रतिवादी दाजुभाइहरू हुन्। यिनीहरू २०५०।१।१ गतेसम्म एकै ठाउँमा रहँदै बस्दै आएका हुन्। २०५० सालमा आएर अंशसम्बन्धी खिचोला परेको थाहा भयो। २०५० सालसम्म वहाँहरूको कुनै अंशबण्डा भएको थाहा छैन भनी प्रतिवादीका साक्षीहरू रामजी थापा, पुरुषोत्तम ढुंगेल र बलराम थापाले २०५१ साल भाद्र २१ गते अदालतसमक्ष अलग अलग गरेको बकपत्र।

अंशबण्डा भए नभएको मलाई थाहा छैन, वादी र प्रतिवादी पैतृक सम्पत्तिको समान हकदार हुन्। वादी प्रतिवादीले कानूनी रुपले अंश बराबर पाउनु पर्छ। वादी प्रतिवादीहरू दाजुभाइहरू हुन्। यिनीहरू हालसम्म एकै ठाउँमा रहँदै बस्दै आइरहेका छन्। २०५० सालमा आएर अंश सम्बन्धी खिचोला गरेको थाहा भयो। २०५० सालसम्म उहाँहरूको कुनै अंशबण्डा भएको थहा छैन। वादीले कानूनअनुसार भाइ अंश बराबर पाउनु पर्छ भनी मिति २०५१ साल भाद्र २१ गते वादीका साक्षीहरू प्रमोद ढुंगेल, बालकृष्ण थापा र लक्ष्मण थापाले अदालतसमक्ष गरेको अलग अलग बकपत्र।

वादी प्रतिवादी एकासगोलमा बस्दै आएकोमा २०५०।१।१ गतेदेखि प्रतिवादीहरू मानो छुट्टी वसेका हुन्। वादी प्रतिवादी बीच अंशबण्डा भएको छैन। वादीको फिराद दावीअनुसार आधा अंश पाउनु पर्छ भनी १३९ नं. बमोजिम वुझिएका व्यक्ति श्यामराज ढुंगेलले २०५१ साल वैशाख २५ गते अदालतसमक्ष गरेको बयान।

विवादित काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १० कि.नं. २० साविक कि.नं. ८३ को ०-११-३-२ जग्गा मेरो विवाह हुनु पूर्व शिक्षिका भै आर्जेको रुपैयाले २०२३।१२।१८ गते कृष्णलाल श्रेष्ठसँग खरीद विक्री गरी लिएको मेरो मात्र हक लाग्ने स्त्री अंशधन अन्तर्गतको जग्गा हो। कि.नं .२१२ को जग्गा साविक महादेव स्थान गा.पं. वडा नं. ६ (ख) कि.नं. १२६ मानै गाभिई श्रीमती धनकुमारी ढुंगेलका नाउँमा जग्गा दर्ता भै रहेको हुँदा उक्त व्यहोरामा मलाई र मेरो नाउँमा नरहेबाट केही बोली रहन परेन। कि.नं. २१३ को जग्गामध्ये केही जग्गा कि.नं. २० मा गै बाँकी रहेको जग्गा कृष्णलाल श्रेष्ठबाट मिति २०२३।१२।१८ को लिखतबाट प्राप्त गरेकै जग्गाबाट र बाँकी जग्गा मिति २०२६।८।२ को लिखतबाट भक्तिलाल श्रेष्ठले मलाई राजीनामा लिखत पारीत गरी दिएको लिखत भित्रको जग्गा हो। उक्त कि.नं. २१३ भित्रको जग्गा साविक कि.नं. ७१ भित्रको जग्गा र कृष्णलाल श्रेष्ठले राजीनामा गरी दिएको लिखत भित्रको जग्गा समेत समावेश भई हाल ०-१०-२-३ हुन गएको हो। कि.नं. १८ को हकमा उक्त कि.नं. को जग्गा साविकमा कि.नं. ६९ को जग्गा मिति २०२६।८।२ को भक्तिलाल श्रेष्ठले गरी दिएको लिखत भित्रको जग्गा हो। हाल उक्त जग्गा २०३७।९।२९ को लिखतबाट भुपेश ढुंगेल, रुपेश ढुंगेल र प्रमेश ढुंगेललाई संयुक्त रुपमा हा.व. लिखत पास गरी दिएको छु तथा कि.नं. २० को जग्गामा समेत २०४३।११।२७४ मा नक्सा पास गरी घर समेत बनाई भोग गरी आएको छ। उक्त जग्गा मेरो स्त्री धनकै सम्पत्ति भएकोले २०२९।११।२७४ मा नक्सा पास गरी घर समेत बनाई भोग गरी आएको छु। उक्त जग्गा मेरो स्त्री अंशधनकै सम्पत्ति भएकोले २०२९।३।२३।५ मा भएको घरसारको बण्डापत्रमा समेत मेरो उक्त जग्गा नदेखाई वादीहरूले समेत स्वीकार गरी बण्डापत्र गरी दिएका थिए। उक्त घरसारको बण्डापत्रमा उक्त जग्गालाई अंशबण्डा नगरी बाहेक गरिएकोबाट पनि

उक्त जग्गाहरू मेरो स्त्री अंशधन अन्तर्गतको भएको भन्ने कुरा पुष्टि हुन्छ । यसबाट वादी तथा प्रतिवादीमध्येका श्यामराज ढुंगेलले मेरो उपरोक्त जग्गा समेत सगोलको भनी झूठा व्यहोरा उल्लेख गरी तायदाती फाँटवारी दिएकोले उक्त तायदाती फाँटवारीबाट मेरो नाउँको सम्पत्ति अलग गरी इन्साफ पाऊँ भनी अ.वं. १३९ नं. बमोजिम बुझिएका हिनू ढुंगेलले अदालतसमक्ष मिति २०५५।३।२ मा गरेको कागज ।

कि.नं. १८ को घर जग्गा हिनू ढुंगेलबाट म समेतले प्राप्त गरेउपर कसैको उजूरी परेको समेत छैन र यो घर जग्गा समेत दाता हिनू ढुंगेलको मात्र हक लाग्ने जग्गा घर हो । अरुको हक लाग्ने घर जग्गा होइन । दाताको एकलौटी हकभोगको जग्गा घर बकसपत्रबाट प्राप्त भएको हुँदा उक्त कि.नं. का जग्गा घर वादी प्रतिवादी श्याम ढुंगेलले तायदातीमा देखाएबमोजिम बण्डा लाग्ने होइन भनी बुझिएका व्यक्ति भुपेश ढुंगेलले २०५५।३।२ गते अदालतसमक्ष गरेको कागज ।

उपरोक्त घर जग्गा हिनू ढुंगेलले स्त्रीधन अन्तर्गतको निजको एकलौटी हक भोगको जग्गा घर हो । अरु अंशियारको अंश हक लाग्ने घर जग्गा होइन । दाताको एकलौटी हक भोगको जग्गा घर बकसपत्रबाट प्राप्त भएको हुँदा उक्त कि.नं. को घर जग्गा वादी र प्रतिवादी श्याम ढुंगेलले तायदातीमा देखाएबमोजिम बण्डा लाग्ने सम्पत्ति होइन । उक्त कि.नं. १८ को घर जग्गा तायदातीबाट हटाई उक्त जग्गा हामी म प्रमेश ढुंगेल, रुपेश ढुंगेल तथा भुपेश ढुंगेलको एकलौटी हक भोग कायम गरिपाऊँ भनी बुझिएका व्यक्ति प्रमेश ढुंगेलले २०५५।३।९ गते अदालतमा गरेको बयान कागज ।

उक्त कि.नं. को घर जग्गा मैले हिनू ढुंगेलको निजी बण्डा नलाग्ने सम्पत्तिमध्येबाट बकस पाएको निजी बण्डा नलाग्ने श्री सम्पत्ति हा.व.बाट प्राप्त गरेको हुँदा सो सम्पत्ति वादी प्रतिवादीहरू बीचमा बण्डा लाग्ने होइन भनी बुझिएका व्यक्ति रुपेश ढुंगेलले २०५५।३।२२ गते अदालतसमक्ष गरेको बयान ।

घरसारमा भएको लिखतका सम्बन्धमा वादीले अन्यथा जिकीर नलिएकोले अचल बण्डा भएको भन्ने सन्दर्भमा सो लिखत प्रमाण ग्राह्य नभए पनि चल बण्डा पनि उल्लेख भएको र सो हदसम्म उक्त बण्डापत्रले मान्यता पाउन सक्ने नै भई जुनसुकै प्रकारको बण्डा भए पनि स्वतः त्यसै बखत मानो छुट्टिएको मिति कायम भई वादीले प्रतिवादीहरूबाट २ भागको १ भागबाट ७ भागको ६ भाग अंश छुट्याई लिन पाउने ठहर्छ । साविक वानेश्वर ६(१) कि.नं. १४५ हाल का.म.न.पा.वडा नं. १० कि.नं. १२ प्रतिवादीमध्येका भाष्करनाथ ढुंगेलको नाममा दर्ता स्रेस्ता कायम भएको जग्गा निजले मिति २०२८।७।२ मा राजीनामा गरी लिएको र २०२८।५।९ मा घर किन्न तेजारथ सापटी लिएको भन्ने देखिँदा उक्त घर जग्गा निजको निजी आर्जन भई बण्डा लाग्दैन । कि.नं. १५ र १६ का जग्गाहरू साविक बानेश्वर ६(ख) कि.नं. ७४, ७३ र १२६ बाट भिडी नयाँ नापी भई धनकुमारी ढुंगेलका नाममा दर्ता रहेको, सो फिल्डबुकमा नै घर जग्गा जनिएको र प्रतिवादीहरूबाट पेश भएको २०२९ सालको बण्डापत्रमा पनि कि.नं. ७३ को जग्गामा घर रहेको भन्ने उल्लेख भएको देखिँदा मोहियानी लागेको जग्गामा बनेको घर बण्डा नलाग्ने भन्ने प्रतिवादीको जिकीरसँग सहमत हुन सकिएन । साविक कि.नं. ७३, ७४ र १२६ बाट भिड्ने हालको कि.नं. १५ र १६ बण्डा लाग्छ । साविक कि.नं. ८२ हालको कि.नं. २१ मा साविकमा हरिनाथको भएकोमा निजको एकलौटी आफूखुशी गर्न पाउने जग्गा भई रमेशनाथलाई बकपत्र गरी दिएको भन्ने प्रतिवादीको जिकीरका सम्बन्धमा निजको के कसरी एकलौटी आफूखुशी गर्न पाउने भनी उल्लेख गर्न समेत नसकी रहेको स्थितिमा एकासगोलका छोरा रमेशनाथलाई बकसपत्र गरी दिँदैमा बण्डा नलाग्ने भन्न मिलेन । सो जग्गामा बनेको घरसम्म मात्र निजले सापटी लिई बनाएको देखिँदा निजी स्वआर्जन भई बण्डा लाग्दैन । विवादित का.म.न.पा. वडा नं. १० कि.नं. १८, २०, २१२, १२३ का कित्ताहरू प्रतिवादी रमेशनाथ ढुंगेलकी श्रीमती हिनू ढुंगेलका नाममा दर्ता स्रेस्ता कायम भएको देखिन्छ । सो जग्गाहरू निजले निजी आर्जनबाट खरीद गरी २०२९ साल पछि घर बनाएकोले बण्डा लाग्न नपर्ने भनी जिकीर भएकोमा सो जग्गाहरू निजले २०२३ र २०२६ सालको राजीनामाबाट हक प्राप्त

गरेको देखियो । अर्थात् वादी प्रतिवादीहरूका बीच मानो छुट्टिएको मितिभन्दा अगावै सगोलमा छँदै निजले खरीद गरेको रहेछ । उक्त जग्गामा घर मात्र मानो छुट्टिएको मिति पछि निर्माण गरेको र जग्गा खरीद गर्दाका अवस्थामा यी वादी प्रतिवादीहरू सगोलमा रहेको देखियो । निजी आर्जनबाट खरीद गरेको कुनै प्रमाण समेत देखिन नआएकोले सो जग्गाहरूसम्म बण्डा लाग्न नपर्ने भन्ने प्रतिवादीहरूको जिकीर पुग्न सक्दैन । उपरोक्त उल्लेख भएको बाहेक वादी प्रतिवादीको तायदाती फाँटवारीमा उल्लेख भएको बाँकी सम्पत्तिमध्ये वादी प्रतिवादी तथा निजहरूका बाबु बाजेका नाममा दर्ता प्रमाणित भएका सम्पत्तिबाट वादी दावीबमोजिम अंश छुट्याई लिन पाउँछ भन्ने समेत व्यहोराको शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।११।३ को फैसला ।

हामी यस मुद्दाका वादी प्रतिवादीहरू भन्दा अघिल्ला पुस्ताका व्यक्ति तत्कालीन अवस्थामा अंशियारहरू बीच राजीखुशीका साथ मिति २०२९।३।२३ का दिन अंशबण्डाको लिखत भएको र आफ्नो जीवनकालसम्म सो अंशबण्डाको लिखतलाई स्वीकार गरी आएकोमा उहाँहरू पछि उहाँहरूको पत्नी तथा छोराहरूले स्वीकार नगर्ने र नमान्ने भन्ने प्रश्न आउँदैन । २०२९।३।२३ को बण्डापत्र लिखत स्वयं वादीमध्येका उत्तमराजले लेखेको हो । उत्तमराजका माहिला दाजु श्यामराज उक्त लिखतमा साक्षी बस्नु भएको छ । यस तथ्यले एक पटक ढुण्डिराज र हरिनाथका भागमा परेको सम्पत्ति जग्गा नामसारी दाखिल नगराई हाल अदालतमा आउन फिरादीलाई किन पर्‍यो ? वास्तविक यथार्थ कुरा लुकाई शुद्ध र सफा हात लिई अदालतमा प्रवेश नगर्ने फिरादीलाई अदालतले मद्दत गर्न सक्दैन । उक्त बण्डापत्रबाट सम्पत्ति घटी वढी पनि छैन, सो अनुसार दावी पनि छैन । अंशबण्डाको ३० नं. को आधार देखाएर हामीलाई हराई हामी पुनरावेदकहरूबाट वादीले पुन: अंश छुट्याई लिन पाउने फैसला गर्नु ज्यादै अन्यायपूर्ण कुरा हो । २०२९ सालमा घरसारमा नरम गरम मिलाई अचल अंशबण्डा गरी छुट्टिई आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग विक्री व्यवहार समेत गरेको प्रमाणबाट देखिन्छ । २०२९।३।२३ कै बण्डा पत्रमा ढुण्डिराज र हरिनाथका बीच २०२४ सालमै मानो छुट्टिई अलग अलग भात भान्सा गरी आएको कुरालाई स्वीकार गरिएको स्थिति छ । यस्तो अवस्थामा २०२९।३।२३ लाई मानो छुट्टिएको मिति कायम गर्नु पर्ने नै होइन । बण्डा लिखत अनुसार २०२४ साललाई मानो छुट्टिएको मिति कायम गर्नु पर्छ । शुरु फैसलामा *नेकाप* २०५०, अङ्क १, पृ. ५ नि.नं. ४६७९ मा प्रकाशित नजीरसँग प्रस्तुत मुद्दाको तथ्य विल्कुलै फरक र भिन्न भएकोले यस मुद्दामा आकर्षित हुन सक्ने नै होइन । मोहियानी हकको जग्गामध्ये कि.नं. ७४ मिति २०४३।१।८ मा र कि.नं. ७३ र १२६ मिति २०४३।८।१४ मा तत्कालीन जग्गाधनीसँग पारीत गरी लिएका हौं । यसरी मानो छुट्टिएको मिति २०२९।३।२३ भन्दा पछि लिएको सम्पत्ति पनि अंश भाग बण्डा लाग्ने गरी भएको फैसला कानूनविपरीत छ । गैर अंशियार व्यक्ति हिनू ढुंगेल, प्रमेश, भुपेश एवं रुपेश ढुंगेल समेतको नामको सम्पत्ति बण्डा लाग्ने गरेको छ । जुन अंशबण्डाको १, २ र १८ नं. तथा स्त्री अंशधनको १ नं. को ठाडै विपरीत हुन गएको र उक्त शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।१०।३ को फैसला कानून र न्यायको विपरीत हुँदा बदर गरी हामीहरूको शुरु प्रतिउत्तर जिकीर बमोजिम गरी न्याय पाऊँ भन्ने समेत व्यहोराको मिति २०५७।५।१९ मा वृषकुमारी ढुंगेल समेतले पुनरावेदन अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

हामी वादी प्रतिवादीहरू एकासगोलमा बसी आएकोमा एक्कासी प्रतिवादीहरू २०५०।१।१ मा मानो छुट्टी बस्न लागेको र हामी वादीले आफ्नो अंश हक छुट्याई पाउन माग्दा इन्कार गरेबाट मिति २०५०।१।१ लाई मानो छुट्टिएको मिति कायम गरी अंश पाऊँ भनी फिराद गरेका छौं । २०२९।३।२३ को बण्डा ऐनबमोजिम रीतपूर्वकको लिखत नभएको तथा एकासगोलका परिवारहरूका नाममा दर्ता रहेको सम्पूर्ण जग्गा र सम्पत्तिहरू मध्ये कुनै पनि जग्गा जमिन र सम्पत्ति वादी प्रतिवादीबीच दाखिल खारेज नामसारी तथा छुट्टाछुट्टै भोग विक्री व्यवहार समेत नभएको, बण्डापत्र लिखत रजिष्ट्रेशनको १ नं. बमोजिम रजिष्ट्रेशन पनि नभएको अवस्थामा २०५०।१।१ लाई मानो छुट्टिएको मिति कायम गर्नु पर्नेमा सो नगरी मिति २०२९।३।२३ लाई मानो छुट्टिएको मिति कायम गरेको र का.म.न.पा.

वडा नं. १० स्थित कि.नं. १२ को जग्गा र कि.नं. २१, २० र १८ का जग्गाहरूमा बनेको घरमा अंश नपुग्ने भनी भएको फैसला र कि.नं. २१२ र २१३ का जग्गाहरूमा घर नै नभएको अवस्थामा घर छ भनी हुन गएको हदसम्मको शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।११।३।३ को त्रुटिपूर्ण फैसला सो हदसम्म उल्टाई न्याय पाऊँ भन्ने समेत व्यहोराको मिति २०५७।८।२८ मा उमादेवी ढुंगेल समेतले पुनरावेदन अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

हाम्रा पति पिता तथा ससुरा ढुण्डिराज र प्रतिवादीका पिता हरिनाथबीच पैतृक सम्पत्ति बण्डा भएको छैन । २०५०।१।१ लाई मानो छुट्टिएको मिति कायम गरी अंश पाऊँ भन्ने वादीहरूको भनाई झूठा हो । २०२४ सालमै मानो छुट्टिई मिति २०२९।३।२३ मा घरसारमा अंशबण्डा भई सोहीअनुसार भोगचलन गरी आएका छौं । अंशबण्डाको ३० नं. विपरीत पटक-पटक अंशबण्डा हुनु नपर्ने हुँदा वादी दावी झूठा हो । हामी पुनरावेदक मध्येका भुपेश, रुपेश र प्रमेश ढुंगेलको नाम संयुक्त दर्ता रहेको का.जि.का.म.न.पा. वडा नं. १० को कि.नं. १८ को जग्गा हिनू ढुंगेलबाट २०३७।९।२९ मा हा.व. लिखत बदर नभएसम्म हामीहरूले निजी तवरबाट प्राप्त गरेको, हामीहरूले आफूखुश गर्न पाउने अंशबण्डाको १८ नं. ले कसैलाई बण्डा गर्न कर नलाग्ने सम्पत्तिमा प्रत्यर्थीहरूले अंश भाग पाउने ठहराई फैसला गर्नु न्यायविपरीत कुरा हो । फैसलाले अंश भाग लगाउने गरेको कि.नं. २० को जग्गा म हिनूको निजी आर्जनको जग्गा हो । उक्त जग्गामा २०४३।११।१७।४ मा नक्सा पास गरी घर निर्माण गरी एकलौटी रुपमा भोगचलन गर्दै आएकी छु । कि.नं. १८ कि.नं. २० र हिमेश ढुंगेलको नाममा रहेको २१३ को जग्गाको स्रोत भनेको मिति २०२३।१२।१८ र २०२६।८।२ मा पारीत गरी लिएका लिखत हुन् । लिखतमा उल्लिखित कि.नं ७१, ८३ र ६९ बाटै हालका कि.नं. १८, २० र २१३ कायम हुन आएको हो । कि.नं. २१३ को जग्गाका जग्गा धनी हिमेश ढुंगेललाई शुरुबाट बुझ्दै नबुझी उक्त कि.नं. २१३ बण्डा गरिएको शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।११।३।३ को फैसला कानून र न्यायविपरीत हुँदा बदर गरी कि.नं. १८, २० र २१३ का जग्गाहरूमा प्रत्यर्थी वादीहरूका अंश हक नपुग्ने ठहर गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी रुपेश ढुंगेल समेतले मिति २०५७।१०।३।३ मा पुनरावेदन अदालतमा दायर गरेको पुनरावेदन पत्र ।

२०२९।३।२३ को बण्डापत्र लिखत रजिष्ट्रेशनको महलअनुसार रजिष्ट्रेशन गरिएको नभई कानूनबमोजिमको छैन । यस्तो कानूनविपरीतको लिखतलाई सिरानी हाली कायम गरिएको मानो छुट्टिएको मिति कानूनविपरीत छ साथै भाष्करनाथका नाउँमा रहेको का.म.न.पा. वडा नं. १० कि.नं. १२ मा बनेको घर, त्यस्तै सगोलकै सम्पत्तिबाट वढे वढाएको ऐ. वडा नं. कै कि.नं. १८, २०, २१ मा बनेको घरमा बण्डा नलाग्ने र ऐ. कि.नं. २२ मा बनेको म पुनरावेदकको स्वआर्जनबाट बनेको घर बण्डा लाग्ने भनी गरिएको शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।११।३।३ को फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी गरी न्याय इन्साफ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी श्यामराज ढुंगेलको पुनरावेदन अदालतमा मिति २०५७।६।२७।६ मा दायर भएको पुनरावेदन पत्र ।

यसमा कि.नं. १८ र २० मा बनेको घर मिति २०३५।५।१४ र मिति २०४३।१०।२७ मा पारीत भएको नक्साअनुसार बनाईएको देखिनाले सो घरहरूमा अंश लाग्ने अवस्था देखिएन । सो बाहेक प्रस्तुत मुद्दामा पुनरावदेक र प्रत्यर्थीका मूल अंशियारहरू अर्थात ढुण्डिराज उपाध्याय ढुंगेल र हरिनाथ उपाध्याय ढुंगेलका बीच भएको मिति २०२९।३।२३ को घरसारको बण्डापत्र पारीत नभएको र सो बण्डापत्रअनुसार जग्गाहरू दाखिल दर्ता समेत नभएकोले पुनरावेदक एवं प्रत्यर्थीहरू बीच सो मितिमा कानूनबमोजिम बण्डा भएको मान्न मिलेन । सो कागजअनुसार वादी र प्रतिवादीहरू बीच चल सम्पत्तिको बण्डा पारीत गरी रहनु पर्ने नहुनाले निजहरू सोही मितिमा मानो छुट्टिएको देखिन आउँछ । तसर्थ प्रस्तुत मुद्दामा माथि लेखिएअनुसार मिति २०२९।३।२३ मा मानो छुट्टिएको मिति कायम भएको अवस्थामा सो मिति भन्दा पहिले आर्जित सबै घर जग्गामा वादी र प्रतिवादीको अंश लाग्ने र सो मिति भन्दा पछि बनेका घरहरूमा वादीको अंश कायम हुन नसक्ने ठहर्छ । सो ठहर्नाले माथि उल्लिखित भए अनुसार शुरु भक्तपुर जिल्ला अदालतको मिति २०५६।११।३ को फैसला केही उल्टी हुने भई विवादित

कि.नं. १२ को प्रतिवादी भाष्करनाथको नाउँमा रहेको घर जग्गा र विवादित कि.नं. २१ को रमेशनाथको नाउँमा रहेको घर जग्गाहरूमा सबै अंशियारहरूको अंश लाग्ने ठहर्छ भन्ने समेतको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला ।

मिति २०२९।३।२३ को कथित घरसारको बण्डाबाट हामी वादी प्रतिवादीले आ-आफ्नो अंश हक जानी अंशबण्डाको ३० नं. बमोजिम दा.खा. नामसारी गरेको अवस्था छैन । त्यसै गरी छुट्टाछुट्टै रुपमा भोग बिक्री व्यवहार पनि गरेका छैनौं । उक्त बण्डा कार्यान्वयन नआएको र वादी प्रतिवादीबीच नै मानो छुट्टिएको मितिमा विवाद रही मुख मिलेको अवस्था नभएको हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नु पर्ने कुरामा कुनै विवाद छैन । विपक्षी प्रतिवादीहरूले प्रतिउत्तर जिकीरमा उठाएका प्रश्नबाट अंशबण्डाको ३० नं. लाई समर्थित हुने अवस्था पनि छैन । त्यसमा पनि मिति २०२९।३।२३ अगावैका बण्डा लाग्ने हाल का.म.न.पा. वडा नं. १० को कि.नं. १८, १२ र २० को घर जग्गाहरू भनिएको २०२९ सालको बण्डामा समावेश भएको पनि छैन । त्यस्तै उक्त बण्डापत्रमा वादीको भागमा परेको भनिएको कि.नं. ८१ को हाल का.म.न.पा. वडा नं. १० कि.नं. २२ को जग्गा २०४३ सालको नापीमा प्रतिवादीहरूकै पिता हरिनाथका नाममा साविकबमोजिम नाप नक्सा भएको अवस्था छ । त्यस्तै हालको का.म.न.पा. वडा नं. १० कि.नं. २१ को जग्गामा २०२३ साल अगावै घर बनी मिति २०२५।४।१६ मा नै प्रतिवादी मध्येकै हिनू ढुंगेलको नाममा विजुली समेत जडान भएबाट प्रष्ट छ । नेपाल औद्योगिक विकास निगमबाट २०२९ साल पश्चात् ऋण लिई घर बनाएको भन्नु झूठा हो । तसर्थ पुनरावेदन अदालतको फैसलालाई केही उल्टी गरी फिराद दावी तथा पुनरावेदन जिकीरबमोजिम गरी न्याय पाऊँ भन्ने समेतको पुनरावेदक वादी उमादेवी ढुंगेल समेतको यस अदालतमा परेको पुनरावेदन पत्र ।

पुनरावेदक र प्रत्यर्थी वादीका बाबुहरू पहिले नै छुट्टि भिन्न भएको हो भन्ने कुरा मिति २०२९।३।२३ को घरायसी अंशबण्डाको लिखतले पुष्टि गरेको छ । उक्त लिखतलाई वादीले कीर्ते जालसाजी वा झूठा हो भन्न र लेख्न सकेको अवस्था छैन । अदालतले पनि इन्कार गर्न सकेको छैन । उक्त लिखत स्वयं विपक्षी वादी मध्येका उत्तमराजले लेखेको हो । उत्तमराजको माहिला दाजु श्यामराज उक्त लिखतमा साक्षी बस्नु भएको छ । उक्त बण्डा लिखतलाई मञ्जूरीसाथ सहिछाप गर्ने हरिनाथ र ढुण्डिराज उपाध्यायले उक्त लिखतलाई आफ्नो जिवनकालभर स्वीकार गरी बसेको स्थिति छ । अंशबण्डा पटक-पटक हुने कुरा होइन । तत्कालीन अवस्थाका मूल अंशियार आफ्ना पति पिताले मानी आएको लिखतलाई अन्यथा प्रमाणित नभएसम्म निजका अंश हक खाने सन्तान, पत्नी र छोराहरूले मान्नै कर लाग्छ । उक्त बण्डापत्रबमोजिमको धेरै कि.नं. का जग्गाहरू कार्यान्वयनमा समेत आईसकेका छन् । उक्त बण्डापत्रको कागजलाई अन्यथा प्रमाणित गर्न नसक्ने प्रत्यर्थी वादीलाई पुनः अंशबण्डा गरिपाऊँ भन्नलाई प्रमाण ऐनको दफा ३४ को विवन्धन लाग्ने हुन्छ । तसर्थ उक्त २०२३ सालको बण्डापत्रको लिखत कानूनसम्मत् भएको र कार्यान्वयन हुँदै आएको अवस्थामा त्यसलाई मान्यता नदिई पुनः अंशबण्डा गर्ने ठहर गरेको शुरु जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कानूनविपरीत तथा त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी झूठा वादी दावी खारेज गरिपाऊँ भन्ने समेतको प्रतिवादी धनकुमारी ढुंगेल समेतको यस अदालतमा परेको पुनरावेदन पत्र ।

शुरु तथा पुनरावेदन अदातलले भाग बण्डा लाग्ने भनेका कि.नं. १८, २० र २१३ का जग्गा म हिनू ढुंगेलले रमेशनाथसँग विवाह हुनु अघि मिति २०२०।२।२२ देखि मदन स्मारक माध्यमिक विद्यालयमा शिक्षिका भै आर्जेको रुपैयाले खरीद गरी लिएका जग्गा हुन् । मैले खरीद गरेका साविक कि.नं. ६९, ७१ र ८३ नं. का जग्गा हालको नापीमा कि.नं. १८, २० र २१३ कायम हुन आएको कुरा हाल साविक भिडाई हेरिएमा प्रष्ट हुन आउँछ र सम्बन्धित जग्गा धनी प्रमाणपूर्जामा पनि सो कुरा जनाएकोबाट प्रष्ट हुन्छ । यो कुरा होइन भनी विपक्षीले भन्न र लेख्न सकेका पनि छैनन् । मेरो निजी आर्जनबाट खरीद गरी लिएको उक्त जग्गा स्त्री अंशधनको १ नं. अनुसार आफूखुशी गर्न पाउने र अंशबण्डाको १८ नं. अनुसार कसैलाई अंश भागबण्डा गर्न कर नलाग्ने सम्पत्ति हो । यस कारण २०२९

सालमा मूल अंशियारबीच बण्डापत्रको कागज हुँदा सो सम्पत्तिलाई भागबण्डा नलगाइएको हो । मूल अंशियारले बण्डा नलगाएको र बण्डा नलाग्ने भनी स्वीकार गरिएको उपरोक्त जग्गा उहाँहरू पछिका अंशियारले बण्डा लाग्ने हो भन्न मिल्दैन र अदालतले पनि यस्तो जग्गामा भागबण्डा लगाउन मिल्दैन । तसर्थ हाम्रो शुरु बयान तथा पुनरावेदन जिकीरबमोजिम हाम्रो निजी आर्जनको सम्पत्तिमा वादीहरूको अंश हक नलाग्ने ठहर गरी न्याय इन्साफ पाऊँ भन्ने समेतको प्रतिवादी हिनू ढुंगेल समेतको यस अदालतमा परेको पुनरावेदन पत्र ।

मिति २०२९।३।२३ को कथित घरसारको बण्डाबाट हामी वादी प्रतिवादीले आ-आफ्नो अंश हक जानी अंशबण्डाको ३० नं. बमोजिम दा.खा. नामसारी गरेको अवस्था छैन । त्यसै गरी छुट्टाछुट्टै रुपमा भोग विक्री व्यवहार पनि गरेका छैनौं । उक्त बण्डा कार्यान्वयनमा नआएको र वादी प्रतिवादीबीच नै मानो छुट्टिएको मितिमा विवाद रही मुख मिलेको अवस्था नभएको हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नु पर्ने कुरामा कुनै विवाद छैन । विपक्षी प्रतिवादीहरूले प्रतिउत्तर जिकीरमा उठाएका प्रश्नबाट अंशबण्डाको ३० नं. लाई समर्थित हुने अवस्था पनि छैन । त्यसमा पनि मिति २०२९।३।२३ अगावैका बण्डा लाग्ने हाल का.म.न.पा. वडा नं. १० को कि.नं. १८, १२ र २० का घर जग्गाहरू भनिएको २०२९ सालको बण्डामा समावेश भएको पनि छैन । त्यस्तै उक्त बण्डापत्रमा वादीको भागमा परेको भनिएको कि.नं. ८१ को हाल का.म.न.पा. वडा नं. १० कि.नं. २२ को जग्गा २०४३ सालको नापीमा प्रतिवादीहरूकै पिता हरिनाथका नाममा साविकबमोजिम नाप नक्सा भएको अवस्था छ । त्यस्तै हालको का.म.न.पा. वडा नं. १० कि.नं. २१ को जग्गामा २०२३ साल अगावै घर बनी मिति २०२५।४।१६ मा नै प्रतिवादी मध्येकै हिनू ढुंगेलको नाममा विजुली समेत जडान भएबाट प्रष्ट छ । नेपाल ओद्योगिक विकास निगमबाट २०२९ सालपश्चात् ऋण लिई घर बनाएको भन्नु झूठा हो । म पुनरावेदक वादीको तर्फबाट अंश खाने १३९ नं. बमोजिम कायम भएको प्रतिवादी हुँ । अन्य प्रतिवादी सरह मलाई दण्ड जरीवाना गर्न मिल्ने होइन । त्यसतर्फ नबोली भएको फैसला मिलेको छैन । साथै मेरो अंश भाग पनि एकै साथ छुट्टाई लिन पाउने गरी फैसलामा बोल्नु पर्नेमा बोलिएको छैन । तसर्थ फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सो दिनसम्मको सम्पत्तिबाट अंश दिलाई पाऊँ भन्ने समेतको प्रतिवादी श्यामराज ढुंगेलको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेको देखिँदा एक अर्काको पुनरावेदन परस्पर सुनाई दिनु । यिनै पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी भएको यसै लगाउको दे.पु.नं. ८५८६ को घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज बदर समेत मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा समेत सोही मुद्दाको अन्तरप्रभावी देखिँदा सोही आधारमा प्रस्तुत मुद्दामा समेत पुनरावेदन अदालत, पाटनको फैसला फरक पर्न सक्ने अवस्था रहेको र वादी प्रतिवादीको दोहोरो पुनरावेदन परेकोमा पुनरावेदक वादीले प्रत्यर्थी कायम गरेका प्रतिवादीहरू भुपेश ढुंगेल र प्रमेश ढुंगेलको पुनरावेदन परेको नदेखिँदा छलफलको लागि अ.वं. २०२ नं. बमोजिम निज प्रतिवादीहरूलाई झिकाई आएपछि वा अवधि नाघेपछि लगाउको घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज बदर मुद्दा समेत साथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६५।५।२५ को आदेश ।

यसमा अंशबण्डाको ३० नं. मा मिति २०३४।९।२७ मा सातौं संशोधन भएपछिको व्यवस्थाअनुसार सो ऐन प्रारम्भ भएको उक्त मितिसम्ममा बण्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशबण्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाव भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको वा बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग विक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बण्डा भै सकेको ठहरेमा सो बण्डा सदर हुन्छ । अर्थात् उक्त मिति २०३४।९।२७ सम्मको घरसारको बण्डाले कानूनी मान्यता पाउनको लागि आ-आफ्नो भाग दालिख खारेज गराई सकेको वा आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग विक्री व्यवहार गरेको हुनु अनिवार्य देखिन्छ । सामान्यतः अंशियारको नाममा कुनै सम्पत्ति रहँदैमा अंशबण्डाको

३० नं. को प्रयोजनको लागि व्यवहार प्रमाणबाट अंशबण्डा भइसकेको भनी अर्थ गर्न मिल्ने पनि हुँदैन । प्रमाण ऐन, २०३१ को दफा २७(२) बमोजिम प्रचलित नेपाल कानूनबमोजिम वादीलाई दिनु वा बुझाउनु पर्ने कुरा सो कानूनबमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । तर प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीहरू बीच विधिवत बण्डापत्र पारीत गरी अंश दिएको वा घरसारमा नरम गरम मिलाई भाग शान्ति अंश लिए दिएको भन्ने कुराको प्रमाण प्रतिवादीहरूले पुऱ्याउन सकेको समेत नदेखिएको अवस्थामा केही जग्गा जमीन वादीहरूको नाउँमा दर्ता रहँदैमा सोही दर्ताकै आधारमा मात्र यी अंशियारहरू बीच अंशबण्डा भैसकेको रहेछ भनी मान्नु पनि त्यति न्यायोचित हुने देखिन आउँदैन । अतः प्रस्तुत मुद्दामा अंशियार बीच २०२९।३।२३ को बण्डापत्र अनुसारका सम्पूर्ण जग्गा दाखिल खारेज विक्री व्यवहार भएको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । तर प्रतिउत्तर जिकीरमा भने बण्डा बमोमिजका केही जग्गाहरू वादीले भोग विक्री व्यवहार गरेको र सो बण्डालाई वादीले अन्यथा भन्न नसकेको भनी जिकीरसम्म लिएको पाइन्छ । प्रतिवादीले बण्डापत्रअनुसार विक्री व्यवहार भै सकेको भनी मिति २०३१।१।१३ को र.नं. ५३०२ को लिखत पेश गरेको भए पनि सो लिखतबाट ढुण्डिराज र हरिनाथले राजवती सिंहलाई संयुक्त रुपमा राजीनामा गरी दिएको देखिँदा छुट्टाछुट्टै विक्री व्यवहार गरेको भन्ने देखिने अवस्था समेत रहेन । प्रतिवादीबाट पेश भएको मिति २०२९।३।२३ को घरसारको बण्डा पत्र वादीलाई सनाखत गराउँदा सो बमोजिमको सम्पत्ति दाखिल खारेज नामसारी नभएकोले सो बण्डापत्रले कानूनी मान्यता पाउन नसक्ने भन्ने दावी तथा जिकीर लिएको समेत देखिन्छ ।

यस्तो जटिल कानूनी विषयवस्तु समावेश भएको प्रस्तुत मुद्दाको सम्बन्धमा न्याय निरुपण गर्दा हालसम्म यस अदालतबाट यस विषयमा के कस्ता सिद्धान्तहरू प्रतिपादन भएका रहेछन् भनी हेर्दा विभिन्न सिद्धान्तहरू प्रतिपादन भएको देखिन्छ । प्रस्तुत विवादमा मिति २०२९।३।२३ को घरसारको बण्डापत्रबमोजिम वादी प्रतिवादीले छुट्टाछुट्टै भोग विक्री व्यवहार दाखिल खारेज भै पूर्ण रुपमा उक्त बण्डापत्र कार्यान्वयनमा आएको अवस्था नदेखिएको, तर बण्डा बमोजिमका केही जग्गा अंशियारमध्ये जसको नाउँमा छ उसैको भागमा परी केही जग्गा भोग गरेको अवस्था पनि रहेको देखिएको स्थितिमा अंशियारले जग्गा राजीनामा गर्दा अलग भिन्न भएको कुरा स्वीकार गरी राजीनामा गरेको प्रस्तुत मुद्दामा माथि उल्लिखित आधार कारण तथा यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्त र अंशबण्डाको महलको ३० नं. मा भएको कानूनी व्यवस्था समेतलाई हेर्दा अंशियारबीच बण्डा भएको ठहर हुनको लागि वा अंशियारबीच घरसारमा भएको बण्डा लिखतले कानूनी मान्यता प्राप्त गर्नको लागि के कस्ता मापदण्ड तथा शर्तहरू पूरा गरेको हुनुपर्छ भन्ने विषयमा यस अदालतबाट यस भन्दा अघि भएका निर्णयहरूमा एकरुपता कायम भएको अवस्था नदेखिई सो विषयमा माथि उल्लेख भएबमोजिम विभिन्न मुद्दाहरूमा विभिन्न किसिमले व्याख्या भए गरेको पाईएको र प्रस्तुत मुद्दामा समेत उक्त अंशबण्डाको ३० नं. बमोजिमको कानूनी प्रश्नको बारेमा विस्तृत व्याख्या गर्नु पर्ने अवस्था देखिन आएको हुँदा यस कानूनी प्रश्नको सम्बन्धमा एकरुपता कायम गरी निर्णय हुनको लागि पूर्ण इजलासबाट सुनुवाई हुन उपयुक्त देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम प्रस्तुत मुद्दा सुनुवाईको लागि पूर्ण इजलासमा पेश गरी संयुक्त इजलासको लगत कट्टा गर्नू भन्ने समेत व्यहोराको यस अदालत संयुक्त इजलासबाट मिति २०६६।१०।१३ मा भएको फैसला ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीतर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरू श्री श्यामप्रसाद खरेल, श्री वसन्तराम भण्डारी, श्री हरिहर दाहाल र श्री शम्भु थापाका साथै अधिवक्ताहरू श्री प्रकाश राउत र इन्द्र खरेलले बहस गर्नुभयो । पुनरावेदक प्रतिवादी धनकुमारी ढुंगेलको तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी तथा विद्वान अधिवक्ताहरू श्री बालकृष्ण नेउपाने, श्री पीताम्वर सिलवाल, श्री श्याम पाण्डे, श्री बामदेव ज्ञवाली र श्री फणिन्द्रराज सिलवालले बहस गर्नुभयो ।

पुनरावेदक वादीहरूका तर्फबाट विद्वान बरिष्ठ अधिवक्ता र विद्वान अधिवक्ताहरूले बसह प्रारम्भ गर्दै २०२९ सालको बण्डापत्रका आधारमा अंशियारहरूको नाउँमा दाखिल खारेज, नामसारी, दर्ता, भोग, बिक्री व्यवहार केही भएको छैन, सर्लाहीको केही जग्गा बाहेक बण्डापत्रमा उल्लिखित कुनै पनि जग्गा बेचबिखन भएको छैन, सगोलको जग्गा सगोलबाटै बिक्री गरिएको क्रियाले बण्डापत्र कार्यान्वयन भएको भन्न मिल्ने अवस्था छैन । मानो छुट्टिएको मितिका सम्बन्धमा मुख नमिलेको हुँदा स्थापित न्यायिक परम्परानुसार फिराद परेको अघिल्लो मितिलाई नै मानो छुट्टिएको मिति कायम हुनु पर्दछ । सगोलको अंशियार र तिनीहरूका परिवार जो जसका नाममा सम्पत्ति भए पनि सबैमा सगोलको सबै अंशियारहरूले अंश पाउनु पर्छ । २०३१ सालको लिखतमा परेको केही शब्दलाई आधार बनाएर २०२९ सालको बण्डापत्र कार्यान्वयन भइसकेको अर्थ गर्न मिल्दैन । सगोलको जग्गामा बनेको घर सगोलकै हुन्छ । त्यसमा बण्डा नलाग्ने भन्ने समेत पुनरावेदन अदालतले गरेको फैसला उल्टी गरी दावीअनुसार वादीहरूले अंश भाग पाउनु पर्छ भन्ने समेत वहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक प्रतिवादीमध्ये धनकुमारी ढुंगेल समेतका तर्फबाट रहनु भएका विद्वान कानून व्यवसायीहरूले तत्कालीन गाउँ पञ्चायतले २०३५ सालमा सूर्यनाथलाई घर बनाउन अनुमति प्रदान गरेको तथ्यले पनि बण्डापत्र कार्यान्वयन भएको देखिएको छ । २०३१ सालमा सर्लाहीको जग्गा बेच्दा तयार गरिएको लिखतबाट पनि बण्डापत्र भएको र मूल अंशियारहरू छुट्टिभिन्न भैसकेको भन्ने तथ्यको पुनर्पुष्टी भएको छ । २०२९ सालको बण्डापत्रमा उल्लेख भए बमोजिम नै फिरादीले पनि दाखिल खारेज नामसारी गरी लिन पाउने नै हुन्छ । प्रतिवादीहरूले सोही बण्डापत्र अनुसारको घर जग्गा नामसारी गराएका मात्र हुन् । वादीहरूको नामसारीमा प्रतिवादी पक्षले अबरोध सिर्जना गरेको अवस्था पनि छैन । निर्विवाद बण्डापत्रलाई अस्तित्वहीन बनाउन मिल्दैन । मूल पुस्ताका बीचमा भएको बण्डापत्र पछि पछिल्लो पुस्ता वा अंशियारहरू समेत छुट्टिभिन्न भैसकेको अवस्थामा सबै अंशियारहरूलाई सगोलको मानी व्यवहार गर्ने हो भने सम्पूर्ण व्यवहार नै खलबलिन्छ । बण्डापत्रले २०२४ सालमा मानो छुट्टिएको भनी स्पष्ट गरेको विषयलाई हाल आएर विवादित बनाउन मिल्दैन, पुनरावेदन अदालतले निजी आर्जनका सम्पत्तिलाई समेत बण्डा लाग्ने भनी गरेको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनु पर्दछ भन्ने समेत वहस जिकीर प्रस्तुत गर्नुभयो ।

प्रतिवादी मध्येकै हिनू ढुंगेल तर्फबाट रहनु भएका विद्वान अधिवक्ता श्री सविता वराल र श्री अनिता चापागाईले हिनू ढुंगेलले शिक्षण पेशाबाट आर्जन गरेको रकमबाट खरीद गरेको सम्पत्ति निजको स्त्री अंशधन हो । त्यसलाई स्वआर्जनको मानी त्यसबाट अरु अंशियारले बण्डा प्राप्त गर्न सक्ने होइन । आफ्नो निजी सम्पत्ति मानी बकसपत्रको लिखतद्वारा हक हस्तान्तरण समेत गरेको र सो लिखतलाई वादी पक्षले चुनौती समेत नदिएको अवस्थालाई विचार गरिनु पर्दछ, २०२९ सालको बण्डापत्रको लिखतलाई कसैले पनि चुनौती नदिएको अवस्थामा त्यसलाई मान्यता नदिने भन्न मिल्दैन, महिलाले कमाएको सम्पत्तिलाई समेत बण्डा लाग्ने गरी गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनु पर्दछ भन्ने समेत वहस गर्नुभयो ।

अ.वं. १३९ नं. बमोजिम बुझिएका प्रतिवादी श्यामराज ढुंगेलका तर्फबाट अधिवक्ताद्वय श्री कृष्ण सापकोटा र श्री खिमराज पौडेलले विवादित बण्डापत्र पारीत छैन, सो बण्डापत्रबमोजिम कुनै अंशियारले दाखिल खारेज, भागभोग, बिक्री व्यवहार गरेको अवस्था पनि छैन, संयुक्त नाममा रहेको जग्गा संयुक्त रुपमा नै हक हस्तान्तरण भएको क्रियाले बण्डापत्र कार्यान्वयन भएको अर्थ लाग्दैन । शून्य स्थितिको बण्डापत्रको लिखतमा साक्षी बस्दैमा विवन्धन लाग्ने अवस्था हुँदैन । मानो छुट्टिएको मितिका सम्बन्धमा पक्षहरूबीच विवाद भएको हुँदा फिराद परेको मितिलाई मानो छुट्टिएको मिति कायम गरी सो अघिको सम्पूर्ण सम्पत्ति बण्डा हुने गरी फैसला हुनु पर्दछ भन्ने समेत वहस गर्नुभयो ।

उल्लिखित वहस समेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गर्दा आफूहरूको पैतृक सम्पत्ति हालसम्म सगोलमा नै रहेको र संयुक्त रुपमा भोगचलन गर्दै आएको हुँदा २०५०।१।१ लाई मानो छुट्टिएको मिति

कायम गरी सम्पूर्ण सम्पत्तिलाई २ भाग लगाई १ भागबाट आफूहरूको अंश छुट्याई चलन समेत चलाई पाऊँ भन्ने वादी दावी रहेकोमा प्रतिवादी तर्फबाट २०२९ सालमा मूल अंशियार ढुण्डिराज र हरिनाथबीच बण्डा भै सोअनुसार भोगचलन समेत हुँदै आएको र सो बण्डापत्रबमोजिम नरम गरम नमिलेको वा भोग गर्न नपाएको भन्ने समेतको जिकीर नहुँदा पुनः बण्डा हुनु पर्ने होइन भनी प्रतिउत्तर जिकीर प्रस्तुत गरिएको पाइन्छ । अ.वं. १३९ नं. बमोजिम बुझिएका श्यामराज ढुंगेलले वादी प्रतिवादी एकासगोलमा बस्दै आएको र मिति २०५०।१।१ देखि मानो छुट्टिई बसेको हुँदा वादी दावीबमोजिम आधा अंश पाउनु पर्छ भनी बयान गरेको देखिन्छ । शुरु भक्तपुर जिल्ला अदालतबाट २०२९ सालमा बण्डापत्र लिखत भएको मितिलाई मानो छुट्टिएको मिति कायम गरी सो मिति अघिका सम्पत्तिमध्ये केही घर जग्गा निजी ठहऱ्याई बाँकी घरजग्गा बण्डा हुने ठहरी फैसला भएको रहेछ । सो उपर वादी प्रतिवादी दुबै तर्फको पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट पनि मानो छुट्टिएको मिति र २०२९ सालको बण्डापत्रको कानूनी हैसियत सम्बन्धमा शुरु फैसला सदर गरी मानो छुट्टिएको मिति अघिका सम्पूर्ण घर जग्गा बण्डा लाग्ने भनी शुरु फैसला केही उल्टी हुने ठहऱ्याई फैसला भएको देखिन आउँछ । सो फैसलाउपर वादी प्रतिवादी दुबैतर्फबाट यस अदालतमा पुनरावेदन परेकोमा यस अदालतको संयुक्त इजलासबाट अंशबण्डाको ३० नं. को कानूनी प्रश्नमा विस्तृत व्याख्या गरी एकरुपता कायम गर्नुपर्ने भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलाससमक्ष प्रेषित गरिएको आधारमा प्रस्तुत मुद्दा यस इजलाससमक्ष पेश हुन आएको छ । उल्लिखित सन्दर्भमा प्रस्तुत मुद्दामा मूलतः देहायका प्रश्नहरूको निरुपण हुनु पर्ने अवस्था देखिन्छ :

१. जटिल कानूनी प्रश्न समावेश भएको भनी सर्वोच्च अदालत नियमावलीको नियम ३ को उपनियम (१) को खण्ड (घ) अनुसार पूर्ण इजलासमा पेश भएको अवस्थामा सम्बन्धित प्रश्नको निरोपण गरी निर्णयार्थ प्रस्तुत मुद्दा पुनः संयुक्त इजलासमा पेश गर्नुपर्ने हो वा यसै इजलासले निर्णय गर्नुपर्ने हो ?
२. अंशबण्डाको महलको ३० नं. मा भएको कानूनी व्यवस्थाअनुसार कस्तो अवस्थालाई अंशियारबीच बण्डा भएको मानिने र घरसारमा भएको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्ने मापदण्ड तथा शर्तहरू के के हुन् ?
३. प्रस्तुत मुद्दामा मिति २०२९।३।२३ मा घरसारमा भएको बण्डापत्र लिखतबाट वादी र प्रतिवादीहरूबीच अंशबण्डा भएको मान्न मिल्ने अवस्था विद्यमान छ, छैन ?
४. वादी र प्रतिवादीबीच अंशबण्डा हुनुपर्ने भए प्रस्तुत मुद्दाको फिराद परेको अघिल्लो दिन वा घरसारमा बण्डापत्र लिखत भएको मिति मध्ये कुन मितिलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने हो ?
५. वादीहरूले कुन-कुन सम्पत्तिबाट कति अंश पाउने हुन् र पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला मिलेको छ वा छैन ?

२. प्रथमतः पहिलो प्रश्नतर्फ विचार गर्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (घ) हेर्नु पर्ने हुन्छ । जसअनुसार "कुनै मुद्दामा समावेश भएको कुनै जटिल कानूनी प्रश्नको निर्णय पूर्ण इजलासबाट हुन उपयुक्त छ भन्ने कुरा सो मुद्दा हेर्ने संयुक्त इजलासलाई लागी सो इजलासले सो कानूनी प्रश्न र पूर्ण इजलासबाट त्यसको निर्णय हुनु पर्ने कारण उल्लेख गरी पूर्ण इजलासमा पेश गर्न आदेश दिएको मुद्दा" पूर्ण इजलासबाट हेरिनेछ ।

३. यस सन्दर्भमा सर्वोच्च अदालत नियमावलीलाई हेर्दा परिच्छेद् २ मा सर्वोच्च अदालतमा दायर भएका मुद्दाहरूको निर्णयार्थ विभिन्न इजलासहरूको गठन सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । सोही परिच्छेदको नियम ३ को उपनियम (१) को विभिन्न खण्डहरूमा र उपनियम (२) देखि उपनियम (४) सम्म भिन्न अवस्थाका मुद्दाहरू पूर्ण इजलासबाट हेरिने गरी व्यवस्था गरिएको पाइन्छ । सोहीअन्तर्गत कुनै मुद्दामा जटिल कानूनी प्रश्न छ र त्यसको निर्णय पूर्ण इजलासबाट हुनु उपयुक्त छ भन्ने संयुक्त इजलासलाई लागेमा सो प्रश्न र पूर्ण इजलासबाट हेरिनु पर्ने कारण समेत उल्लेख गरी संयुक्त इजलासले

आदेश दिएको मुद्दा पूर्ण इजलासमा पेश हुने व्यवस्था नियम ३ को उपनियम (१) को खण्ड (घ) ले गरेको छ। यस प्रक्रियागत व्यवस्थाअनुरूप जटिल कानूनी प्रश्नको निर्णय मात्र पूर्ण इजलासबाट हुने र सोसँग सम्बन्धित अन्य कानूनी प्राबधानको व्याख्या र तथ्यहरूको विवेचना एवम् प्रमाणको मूल्याङ्कन गरी समष्टिगत निर्णय गर्नका लागि पूर्ण इजलासले सो मुद्दा पुनः संयुक्त इजलासमा पठाउनु पर्ने गरी बाध्यात्मक व्यवस्था उक्त नियम ३ को उपनियम (१) को खण्ड (घ) ले गरेको छैन।

४. यस सम्बन्धमा सर्वोच्च अदालत नियमावलीको नियम ७क पनि हेर्नु पर्ने हुन्छ। नियम ७क को उपनियम (२) को खण्ड (क) ले संयुक्त इजलासबाट उठाइएको कानूनी प्रश्नमा निर्णय गर्नु आवश्यक नदेखिएमा पूर्ण इजलासले निर्णयार्थ सो मुद्दा पुनः संयुक्त इजलासमा पठाउन सक्ने व्यवस्था गरेको छ। यसैगरी नियम ७क को उपनियम (२) को खण्ड (ख) ले "पूर्ण इजलासले आफूसमक्ष निर्णयार्थ उठाइएको कानूनी प्रश्नको निर्णय गर्नुका अतिरिक्त बाँकी अन्य प्रश्न वा विषयमा समेत निर्णय गरी मुद्दा अन्तिम रुपमा किनारा गर्न सक्नेछ" भन्ने व्यवस्था गरेको छ।

५. यस प्रकार पूर्ण इजलासको अधिकारलाई उक्त नियमावलीले सीमित वा खण्डित गरेको नभई उठाइएको कानूनी प्रश्नको निर्णय मात्र गर्ने वा सो मुद्दाको समष्टिगत रुपमा अन्तिम निर्णय गर्ने भन्ने स्वविवेकाधिकार पूर्ण इजलासमा नै रहेको छ। यस कानूनी प्रक्रियाअन्तर्गत यस इजलाससमक्ष पेश हुन आएको यस मुद्दामा एकातिर संयुक्त इजलासले कुनै खास जटिल कानूनी प्रश्नको निर्धारण गरेको छैन भने अर्कोतिर त्यस्तो जटिल कानूनी प्रश्नको निरोपण मात्र गर्नुपर्ने भनी यस इजलासको अधिकारक्षेत्र परिसिमित पनि गरिएको छैन। यस्तो अवस्थामा यस इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्दामा समष्टिगत रुपले अन्तिम निर्णय गर्न यो इजलास पूर्ण सक्षम रहेको र पुनः संयुक्त इजलासमा निर्णयार्थ पठाउनु आवश्यक नदेखिएकोले सबै कानूनी प्रश्न एवम् तथ्यगत विषयवस्तुभित्र प्रवेश गरी यसै इजलासले निर्णय गर्नुपर्ने देखियो। यस्तै अवस्था विद्यमान रहेका कतिपय मुद्दाहरूमा यस अदालतको पूर्ण इजलासले संयुक्त इजलासबाट उठाइएको प्रश्नको निरोपण गर्दै समष्टिगत रुपले मुद्दामा अन्तिम निर्णय समेत गर्दै आएको देखिन्छ। (*नेकाप* २०६७, नि.नं. ८४३०, पृष्ठ १२८६, मातृकाप्रसाद यादव विरुद्ध संविधानसभा सचिवालय समेत)

६. दोस्रो प्रश्न, अंशबण्डाको महलको ३० नं. मा भएको कानूनी व्यवस्थाअनुसार कस्तो अवस्थालाई अंशियारहरू बीच बण्डा भएको मानिने वा घरसारमा भएको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्ने मापदण्ड तथा शर्तहरू के के हुन् भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो। प्रस्तुत मुद्दामा अंशबण्डाको ३० नं. को व्याख्यात्मक प्रश्न उपस्थित भएको भनी संयुक्त इजलासबाट पूर्ण इजलाससमक्ष पेश हुन आएको सन्दर्भमा सो सम्बन्धमा यस अदालतबाट के कस्ता न्यायिक सिद्धान्तहरू प्रतिपादन भएका रहेछन् भनी हेर्नु सान्दर्भिक हुन आउँछ। सो सम्बन्धमा हेर्दा यस अदालतको पूर्ण इजलासबाट देहाय बमोजिमका न्यायिक सिद्धान्तहरू प्रतिपादन भएका रहेछन् -

१. मुलुकी ऐन (सातौं संशोधन २०३४।९।२७) द्वारा संशोधित अंशबण्डाको महलको ३० नं. बमोजिम मिति २०३४।९।२७ सम्ममा व्यवहार प्रमाणबाट छुट्टिएको स्थिति देखिनको लागि बण्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल सम्पत्ति अंशबण्डा गरी छुट्टिई आफ्नो-आफ्नो हिसाव भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको वा बण्डा बमोजिम आ-आफ्नो भागको अचल छुट्टाछुट्टै भोग विक्री व्यवहार गरेको हुनु पर्ने, यो यो पैतृक सम्पत्ति वादी प्रतिवादीहरूले आ-आफ्नो नाउँमा दाखिल खारेज गरेको भनी कुनै प्रमाण प्रतिवादीले दिन गुजार्न सकेको समेत नदेखिँदा अंशबण्डाको ३० नं. को प्रयोजनार्थ व्यवहार प्रमाणबाट वादी प्रतिवादीहरू छुट्टि भिन्न भएको भनी अर्थ गर्न नमिल्ने।

(चीजकुमार श्रेष्ठ समेत विरुद्ध विकास श्रेष्ठ समेत, *नेकाप* २०५२, पृ.११४, नि.नं. ५०४७)

२. अंशियारहरूले अलग-अलग घर जग्गा जोत भोग गरेको देखिए तापनि मिति २०२०।४।२० को लिखतअनुसार लिई पाई पैतृक अचल सम्पत्तिमा

भाग बण्डा गरी भिन्न भएको नदेखिँदा अचल जाय जेथा भाग बण्डाको प्रयोजनका लागि यी वादी प्रतिवादीहरू सगोलमा नै रहेको देखिन आई रहेकोले वादीले दावीअनुसार अंशबण्डा पाउनु पर्ने।

(मैनादेवी पटेल वि. विन्देश्वरी दास पटनवार समेत, *नेकाप* २०६५, अङ्क १, नि.नं. ७९११)

३. मिति २०२४।८।३ मा भएको बण्डापत्रलाई वादीले अन्यथा भन्न नसकेको बण्डा बराबर नभएको वा गलत तरिकाले भएको भए अंशबण्डाको महलको ३२ नं. बमोजिम म्यादभित्र उजूर वाजुर गर्न सक्नु पर्नेमा केही गर्न सकेको देखिँदैन। २०२४।८।३ मा भएको बण्डापत्र घरको मुली जीवनाथ कै जीवनकालमा नै सबै अंशियारहरूको अंश भागको सम्पत्ति रीतपूर्वक छुट्टाई भएको देखिँदा वादीका पति मोहनप्रसादको सहिछाप नभएकै कारणबाट उक्त बण्डापत्रले मान्यता नपाउने भन्न पनि नमिल्ने।

(उमादेवी पोखरेल वि. प्रतिवादी लेखनाथ पोखरेल, *नेकाप* २०५१, अङ्क १२, पृ. ९४९, नि.नं. ५०१८)

४. आ-आफ्नो अंश भाग छुट्टाई बण्डापत्र खडा गरिएको कुरामा विवाद नदेखिएको र घर जग्गा भोगचलन गरेको कुरालाई वादीहरूले आफ्नो फिरादमा नै स्वीकार गर्नु भएकोले बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल घर जग्गा वादीहरूले भोग गरेको रहेनछन् भन्न नमिल्ने

(उमादेवी पोखरेल वि. लेखनाथ पोखरेल समेत, *नेकाप* २०३९, अङ्क १, पृ. १, नि.नं. १५२६)

७. यसरी अंशबण्डाको ३० नं. ले स्पष्ट रुपमा मिति २०३४।९।२७ अघिको बण्डापत्रले कानूनी मान्यता पाउने केही आधारहरू निश्चित गरेको र तत्सम्बन्धमा यस अदालतबाट मुद्दामा विद्यमान रहेको तथ्यका आधारमा सिद्धान्त प्रतिपादन भएको देखिन आउँछ। अंश मुद्दामा बण्डापत्र भए नभएको, बण्डापत्र पारीत भए नभएको र बण्डापत्र कार्यान्वयन भए नभएको भन्ने समेतका विभिन्न अवस्थाहरू विद्यमान हुन सक्छन्। त्यस बाहेक मुलुकी ऐनमा सातौं संशोधन भएपछि र अघिको बण्डापत्रको कानूनी हैसियत पनि फरक-फरक हुने गरी अंशबण्डाको ३० नं. ले स्पष्ट व्यवस्था गरेको देखिन्छ। त्यसरी मुद्दाको तथ्यबाट मात्र निर्धारण हुन सक्ने मापदण्ड वा शर्तहरूलाई निरपेक्ष्य रुपमा कुनै अमुक मुद्दामा प्रतिपादन भएको न्यायिक सिद्धान्तबाट निर्देशित गर्न मिल्ने अवस्था हुँदैन। माथि प्रस्तुत गरिएका अंश मुद्दामा पनि फरक-फरक तथ्यहरू रहेका छन्। त्यसमध्ये मैनादेवी पटेलको मुद्दामा मिति २०२०।४।२० को बण्डापत्रको लिखत पारीत भएको अवस्था भए पनि सो बण्डापत्र कार्यान्वयनमा नआएको भन्ने आधारमा अचल सम्पत्तिको हकमा वादी प्रतिवादीहरू एकासगोलमा नै रहेको भनी वादीले अंश पाउने ठहरी फैसला भएको छ। चीजकुमार श्रेष्ठको मुद्दामा बण्डापत्रको लिखत भएको अवस्था नभै व्यवहार प्रमाणबाट छुट्टिभिन्न भएको भनी जिकीर लिइएको भए पनि यो यो पैतृक सम्पत्ति वादी प्रतिवादीहरूले आ-आफ्नो नाउँमा दाखिल खारेज गरेको भनी कुनै प्रमाण प्रतिवादीले दिन गुजार्न नसकेको भन्ने आधारमा अंशबण्डाको ३० नं. को प्रयोजनार्थ व्यवहार प्रमाणबाट वादी प्रतिवादीहरू छुट्टि भिन्न भएको भनी अर्थ गर्न नमिल्ने निष्कर्षमा पुगेको देखिन्छ। त्यसरी बण्डापत्र पारीत भएको अवस्थामा समेत सो बण्डापत्रको कार्यान्वयन हुन नसकेको तथ्यलाई आधार मानी अंशबण्डाको ३० नं. को व्याख्याद्वारा बण्डा हुने गरी यस अदालतबाट न्यायिक सिद्धान्त कायम भएको छ। यस सम्बन्धमा हेर्दा मुलुकी ऐन, अंशबण्डाको ३० नं.को व्यवस्था यस प्रकार छ:

"अंशबण्डा गर्दा साक्षी राखी कानूनबमोजिम बण्डा छुट्याई बण्डापत्रको कागज खडा गरी लिने दिनेको र साक्षीको समेत सहिछाप गरी रजिष्ट्रेशन गर्नुपर्नेमा सो गरी राख्नुपर्छ। सोबमोजिम नभएको बण्डा सदर हुँदैन। तर यो ऐन प्रारम्भ हुँदा सम्ममा बण्डापत्र खडा गरी वा नगरी घरसारमा नरमगरम मिलाई अचल अंशबण्डा गरी, छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको वा बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भाग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बण्डा भइसकेको ठहरेमा पछि बण्डापत्र रजिष्ट्रेशन भएको छैन वा बण्डा घटीबढी असल कमसल भयो भन्न पाउँदैन। रजिष्ट्रेशन नभए पनि बण्डा भएको सदर हुन्छ। पाउने अंश भन्दा घटी अंश जिउनी लिएकोमा र अंश छोडपत्र गरेकोमा भने

रजिष्ट्रेशन भएको हुनु पर्छ ।" उक्त कानूनी व्यवस्थाले एउटा समयसीमा तोकी सो भन्दा अघि र पछिको हकमा फरक-फरक व्यवस्थालाई स्वीकार गरेको देखिन्छ । जसअनुसार मुलुकी ऐनको सातौं संशोधन पछि अर्थात् २०३४।९।२७ पछिको हकमा रजिष्ट्रेशन पारीत नभएसम्म अंशबण्डाको लिखतले अंशबण्डा भएको भनी मान्यता नपाउने स्पष्ट छ । तर सो मिति अघिसम्मको घरसारको बण्डापत्रले पनि निश्चित शर्तमा मान्यता पाउने वा लिखतै नभए पनि भोग व्यवहारबाट अंशबण्डा भएको मानिने व्यवस्था अंशबण्डाको ३० नं. ले गरेको छ । अंशबण्डाको ३० नं. अनुसार देहायको अवस्थामा रजिष्ट्रेशन नभए पनि अंशबण्डा भएको मान्नुपर्ने हुन्छ -

क. बण्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल अंशबण्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको, वा

ख. बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोले व्यवहार प्रमाणबाट बण्डा भइसकेको देखिएमा ।

८. उल्लिखित अवस्थामा बण्डापत्रको लिखत रजिष्ट्रेशन भएको छैन वा बण्डा घटीबढी असल कमसल भयो भन्न नपाउने सम्मको व्यवस्था अंशबण्डाको ३० नं. मा रहेको छ । यसरी अंशबण्डाको ३० नं. मा २०३४।९।२७ मा भएको संशोधन अघिको अवस्थालाई हेर्दा अंशबण्डाको लिखत भएको छ भने त्यसलाई कानूनले मान्यता प्रदान गरेको पाइन्छ । व्यवहारमा अंशबण्डा भएको भन्नलाई अंशियारहरूले अलग अलग दर्ता, भोग, विक्री व्यवहार गरेको देखिनु पर्ने हुन्छ । यी कुराहरूको प्रमाणको रुपमा दुई अंशियारबीच खरीद विक्रीको लिखत हुन सक्दछ, अलग-अलग नापी दर्ता, नामसारी वा तेश्रो व्यक्तिसित खरीद विक्रीको लिखत हुन सक्दछ । अंशियारबीच लेनदेन, जग्गा खिचोला, लुटपीट वा यस्तै प्रकृतिको अन्य मुद्दा मामिला कुनै अड्डा अदालतमा परी छिनोफानो भएको हुन सक्दछ वा अन्य कुनै अड्डा अदालतको लिखत वा स्रेस्तामा आफू आफू अलग भएको भनी स्वघोषणा गर्दै सहिछाप गरे भएको हुन सक्दछ । यी सबै वा यी मध्ये कुनै तत्व वा अवस्थाको विद्यमानतामा वा यस्तै अन्य कुनै घटना वा व्यवहारले दुई अंशियार एक अर्कासँग अलगअलग भई बसेको, व्यवहार गरेको भन्ने कुरा देख्न सकिने हुन्छ । यसको निराकरण, निरोपण र निर्क्यौल प्रत्येक मुद्दा वा विवादको तथ्य र औचित्यको आधारबाट न्यायिक मनको प्रयोग गरी गर्नुपर्ने हुन्छ ।

९. न्यायिक निणर्यको एउटा प्रमुख विशेषता हो - न्यायिक मनको प्रयोग । न्यायिक मनको प्रयोगबाटै प्रशासकीय वा नीतिगत निर्णयहरू भन्दा न्यायिक निर्णयको अन्तर छुट्याउन सकिने हुन्छ । प्रशासकीय निर्णयमा पनि न्यायिक मनको प्रयोग गर्नुपर्ने हुन्छ । तर न्यायिक निर्णयमा बढी भन्दा बढी न्यायिक मनको प्रयोग गर्नुपर्ने हुन्छ । कतिपय विवादको निरोपण गर्दा गणितीय विधि लगायत अनेक प्राविधिक सूत्रहरूको प्रयोग गर्नुपर्ने हुन्छ । तर प्रत्येक विवादको आफ्नो अलग विशिष्टता र जटिलता हुन्छ । कतिपय अवस्थामा अनेक विवादहरू एउटै प्रकारका तथ्य, निर्णय वा घटनाक्रमसँग सम्बन्धित भएकोले समान निर्णयका हकदार हुन्छन् । समान प्रकृतिको मुद्दामा समान निर्णय र फरक-फरक मुद्दामा फरक निर्णय गर्नुपर्ने हुनाले Treat like cases likely and different cases diffrently को सिद्धान्त लागू हुन्छ । तर समान प्रकृतिका मुद्दाहरूमा पनि अनेक तथ्य र परिस्थितिहरूमा भिन्नता हुन्छ । त्यसकारण न्यायिक निर्णययोग्य विवादको निर्णय गर्दा "गणितीय सूत्र" जस्तो गरी कुनै एउटै आधार, Formula वा एउटै शर्त वा केही निश्चित शर्तहरू सँधै यान्त्रिक विधिबाट प्रयोग वा लागू हुने होइनन् । त्यसैगरी पूर्व स्थापित नजीरहरूले न्यायिक अनुशासन र न्यायिक निरन्तरता प्रदान गर्ने हुनाले तिनको अनुपालन गर्दै मुद्दाको विशिष्ट तथ्यको विवेचना र परिस्थितिमा भिन्नताको आधारमा सम्बद्ध प्रमाणको मूल्याङ्कन र सान्दर्भिक कानूनको व्याख्या गर्दै न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने हुन्छ । क्रमिक रुपमा अंशबण्डाको ३० नं. को प्रयोगका लागि मापदण्ड, सूत्र वा शर्तहरू निर्धारित गरिनु हुँदैन । त्यस्तो गरिनु भनेको निर्णयकर्तालाई न्यायिक मनको प्रयोग गर्ने अवस्थाबाट बञ्चित गर्नु हो । जुन न्यायिक निर्णयको मूल मान्यताविपरीतको कुरा हो ।

१०. यस अदालतको संयुक्त इजलासले आफ्नो फैसलामा उल्लेख गरेको नजीरहरूको सूक्ष्म अवलोकन गरी हेर्दा मुद्दाको तथ्य र परिस्थितिको भिन्नताअनुसार फरक-फरक निर्णय गरिएको पाइन्छ । तर यस्ता निर्णयहरूबीच परपस्परमा अन्तरविरोध वा एउटै कानूनको फरक-फरक ढंगले व्याख्या गरिएको भने पाइँदैन । त्यसकारण प्रस्तुत मुद्दाको अन्तरवस्तुको सन्दर्भमा यस मुद्दासँग सम्बन्धित तथ्यहरूको विवेचना र विश्लेषण एवम् उपलब्ध प्रमाणहरूको मूल्याङ्कन र सम्बद्ध कानूनको व्याख्या गरी संयुक्त इजलासले निर्णय गर्न सक्ने अवस्था रहँदा रहँदै पनि निर्णय नगरी जटिल कानूनी प्रश्नको विद्यमानता भनी पूर्ण इजलासमा पठाए पनि कुनै खास जटिल कानूनी प्रश्न नदेखिएको र प्रस्तुत मुद्दामा देखिएका कानूनी एवम् तथ्यगत प्रश्नहरूको निरोपण गर्दै प्रस्तुत मुद्दामा समिष्टगत रुपले अन्तिम निर्णय गर्न यो इजलास सक्षम रहेको भनी माथि उल्लेख गरिसकिएको छ । संयुक्त इजलासले आफ्नो निर्णयमा उल्लेख गरे जस्तो अंशबण्डाको ३० नं. को व्याख्या र प्रयोगमा भिन्नता र सोसम्बन्धी नजीरहरू एक आपसमा विरोधाभाषपूर्ण भएको नदेखिए पनि यस इजलासले पुनः निर्णयार्थ संयुक्त इजलासमा पठाउनु पर्ने कानूनी बाध्यता, आवश्यकता र औचित्य देखिएन ।

११. प्रस्तुत मुद्दाको विषयवस्तुको सन्दर्भमा अर्को प्रश्न तर्फ विचार गर्दा पदमनाथ उपाध्याय ढुंगेलका दुई छोराहरू ढुण्डिराज उपाध्याय र हरीनाथ उपाध्याय रहेकोमा ढुण्डिराजकी श्रीमती, छोराहरू वादी भएर आएका छन् भने हरीनाथका श्रीमती, छोरा, बुहारीहरू प्रतिवादी हुन् । दुवै पक्षबीच पुस्तेवारी र नाता सम्बन्धमा कुनै विवाद छैन । ढुण्डिराज र हरिनाथबीच हालसम्म पैतृक सम्पत्ति बण्डा नभएको र वहाँहरू परलोक भैसकेको अवस्थामा संयुक्त रुपमा भोगचलन गर्दै आएको पैतृक सम्पत्ति बण्डा गरी आफूहरूको अंश भाग छुट्याई चलन समेत चलाई पाऊँ भन्ने वादीहरूले दावी गरेको देखिन्छ । सो सम्बन्धमा प्रतिवादीतर्फबाट प्रतिउत्तर पेश हुँदा ढुण्डिराज र हरिनाथबीच मिति २०२९।३।२३ मा घरसारमा बण्डापत्रको लिखत खडा गरी अंशबण्डा भैसकेको र सोअनुसार आफ्नो आफ्नो भाग शान्तिबमोजिम लिई पाई बिक्री व्यवहार भोगचलन समेत गरी आएकोमा सोही बण्डापत्रअनुसार मालपोत कार्यालयबाट प्रतिवादीहरू मध्ये वृषकुमारी र धन कुमारीको नाममा नामसारी गर्ने गरी भक्तपुर मालपोत कार्यालयबाट २०५०।५।३०।४ मा निर्णय भएको हो र उक्त २०२९।३।२३ पछि जसले जे आर्जन गरेको छ, उसको निजी आर्जन हुँदा हाल आएर बण्डा भएको छैन भन्न नमिल्ने भनी जिकीर गरिएको छ । यसरी वादी प्रतिवादीबीच अंशबण्डा भैसकेको भन्ने विषयमा मुख नमिले पनि प्रतिउत्तर साथ पेश गरिएको मिति २०२९।३।२३ को घरसारमा भएको बण्डापत्रको लिखत वादी पक्षलाई देखाउँदा सो लिखत भएको तथ्यसम्म स्वीकार गरी तदनुसार दाखिल खारिज नामसारी र भोग, विक्री, व्यवहार केही नभएकोले सो बण्डापत्रले कानूनी मान्यता पाउन नसक्ने भनी वादीहरूको जिकीर रहेबाट सो बण्डापत्रको कानूनी हैसियतका सम्बन्धमा विवेचना गरिनु पर्ने भएको छ ।

१२. मिति २०२९।३।२३ को उक्त बण्डापत्रको लिखतको अस्तित्वमा विवाद छैन । तथापि सो बण्डापत्रबमोजिम नामसारी दाखिल खारेज र भोग बिक्री व्यवहार नभएको भन्ने वादी पक्षको कथन र आफ्नो आफ्नो भाग शान्तिबमोजिम लिई पाई बिक्री व्यवहार भोगचलन गरी आएको भन्ने प्रतिवादी पक्षको कथनबाट नै सो बण्डापत्रको कानूनी हैसियतका सम्बन्धमा विवाद उत्पन्न भएको छ । अंशबण्डाको ३० नं. ले घरसारको बण्डापत्रले कानूनी मान्यता पाउने दुईवटा आधार तोकेको छ - नरमगरम मिलाई अचल अंशबण्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारेज समेत गराई सकेको र बण्डाबमोजिम आफ्नो आफ्नो भागको अचल छुट्टा छुट्टै भोग बिक्री व्यवहार गरेको । उक्त दुबै अवस्थाहरूको विद्यमानता नरहेकोले उक्त लिखतबाट अंशबण्डा भइसकेको मान्न मिल्दैन भन्ने नै वादी पक्षको मुख्य जिकीर रहेको छ । आफ्नो-आफ्नो भाग शान्तिबमोजिम लिई पाई बिक्री व्यवहार भोगचलन गरी आएको भन्ने जिकीर लिएतापनि त्यसरी आफ्नो आफ्नो भाग लिई पाई बिक्री व्यवहार भोगचलन गरेको भन्ने तथ्यलाई पुष्टि गर्ने किसिमका प्रमाणहरू प्रतिवादी पक्षबाट गुजार्न सकेको देखिँदैन ।

प्रमाण ऐन, २०३१ को दफा २७(२) ले प्रचलित नेपाल कानूनबमोजिम वादीलाई दिनु वा बुझाउनु पर्ने कुरा सो कानूनबमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुने कानूनी व्यवस्था गरेको छ । सोही ऐनको दफा २८ ले कुनै खास कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिले नै सो कुरा प्रमाणित गर्नुपर्ने गरी प्रमाणको भार प्रतिवादी माथि सुम्पेको हुँदा आ-आफ्नो अंश भाग बिक्री व्यवहार, भोगचलन गरेको भनी जिकीर लिने प्रतिवादीले सो कुराको वस्तुगत प्रमाण पेश गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दाका प्रतिवादीले त्यस्तो प्रमाण पेश गर्न सकेको अवस्था छैन ।

१३. कानूनले नै घरसारमा भएको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्ने पूर्वावस्थाहरू उल्लेख गरिदिएको अवस्थामा तिनीहरूको विद्यमानता वेगर कार्यान्वयनमा नै नआएको लिखतका आधारमा वादी प्रतिवादीबीच अंशबण्डा भएको भन्ने निष्कर्षमा पुग्न मिल्ने हुँदैन । प्रतिवादी पक्षले बण्डापत्रमा उल्लिखित केही घरजग्गाहरू कुनै अंशियारका नाममा रहेको भन्ने एउटा आधार र सर्लाही जिल्ला, धनगढी गा.पं., वार्ड नं.८(क) स्थित विभिन्न कित्ता जग्गाहरू मिति २०३१।१।१३ मा बिक्री गर्दा राजीनामाको लिखतको कैफियत महलमा भिन्न भई बसेका दुई जना भाइ भन्ने व्यहोरा उल्लेख भएको अर्को आधार उल्लेख गरी ती दुई आधारमा नै वादी प्रतिवादीबीच बण्डा भई अलग अलग भोगचलन व्यवहार हुँदै आएको भनी आफ्नो जिकीर प्रमाणित गर्न खोजेकोसम्म देखिन्छ । तर सगोलका घरजग्गाहरू कुनै न कुनै अंशियारका नाममा दर्ता भएर रहने सामान्य प्रक्रिया हो । त्यसरी कुनै अंशियारका नाममा रहँदैमा त्यसले अंशियारहरू बीच बण्डा भएको र अलग-अलग भोगचलन व्यवहार भएको भन्ने अर्थ लाग्दैन । त्यसैगरी सगोलमा रहेको जग्गा बिक्रीका क्रममा तयार भएको लिखतमा उल्लेख भएको व्यहोराले नै व्यवहारमा अंशबण्डा भएको भन्ने तथ्यलाई पुष्टि गर्ने सामर्थ्य राख्दैन ।

१४. मिति २०३१।१।१३ को राजीनामाको लिखतबाट सर्लाहीका केही जग्गा मूल दुई अंशियारहरू ढुण्डिराज र हरीनाथले राजवती सिंहलाई बिक्री गर्दा भिन्न भई बसेका दुई जना भाइ भन्ने व्यहोरा उल्लेख भएको हुँदा सो लिखतले उक्त मितिसम्म पनि बण्डापत्रमा उल्लिखित जग्गाहरू सगोलमा नै रहेको भन्ने महत्वपूर्ण तथ्यलाई पुष्टि गरेको छ । त्यसबाट पनि अलग अलग भोगचलन व्यवहार हुँदै आएको भन्ने प्रतिवादी कथन खण्डित हुन पुगेको छ । प्रस्तुत मुद्दामा पेश हुन आएका तथ्यहरूबाट सगोलको पैतृक सम्पत्ति मध्येका केही कित्ता जग्गा र सो मा बनेका घरहरू बाहेकका घरजग्गाहरू साविकबमोजिम यथावत् नै रहेका र अन्यत्र हक हस्तान्तरण भएको अवस्था पनि छैन । हक हस्तान्तरण भएका भनिएका घर जग्गाहरू पनि एउटा मूल अंशियारका परिवारका सदस्यमध्ये एकले अर्को सदस्यलाई हक हस्तान्तरण गरेको कारणले गर्दा परिवार भित्रै रहेको अवस्था देखिन्छ । यस आधारमा पनि मिति २०२९।३।२३ मा बण्डापत्र हुँदाको समयमा रहेको पैतृक सम्पत्ति र हाल विद्यमान रहेको पैतृक सम्पत्तिमा सारभूत परिवर्तन भएको अवस्था छैन । उक्त लिखतका आधारमा ढुण्डिराज र हरिनाथबीच मिति २०२९।३।२३ मा भएको बण्डापत्रबमोजिम नै वादी प्रतिवादीहरू बीच आफ्नो आफ्नो भागको अचल छुट्टाछुट्टै दर्ता स्रेस्ता भएको वा भोग बिक्री व्यवहार भएको भन्ने समेत देखिएन । यसरी माथि गरिएको विश्लेषणअनुसार मिति २०२९।३।२३ मा भएको बण्डापत्र लिखत बमोजिम यी वादी प्रतिवादीबीच अंशबण्डा भएको भन्ने निष्कर्षमा पुग्न सक्ने देखिएन । मूल दुई अंशियारहरू ढुण्डिराज उपाध्याय र हरिनाथ उपाध्यायका श्रीमती एवं सन्तानबीच अंशबण्डा हुनु पर्ने नै देखिन आयो ।

१५. अंशबण्डा हुने भएको अवस्थामा फिराद परेको अघिल्लो मितिलाई मानो छुट्टिएको मिति कायम गर्नु पर्छ भन्ने वादी दावी र वादी तर्फका विद्वान कानून व्यवसायीहरूको वहस जिकीर रहेको छ भने २०२९ सालको लिखतको अस्तित्वलाई वादीले स्वीकार गरे पछि त्यसमा मानो छुट्टिएको भनी उल्लेख गरिएको २०२४ साललाई मानो छुट्टिएको मान्नु पर्छ भन्ने समेत प्रतिवादी पक्षको जिकीर भई प्रस्तुत मुद्दामा मानो छुट्टिएको मिति सम्बन्धमा पनि विवादको अवस्था देखिएको सन्दर्भमा मासनो छुट्टिएको मिति यकिन गर्ने गरी चौथो प्रश्नतर्फ विचार गर्नुपर्ने भएको छ । प्रस्तुत मुद्दामा फिराद परेको अघिल्लो मितिलाई मानो छुट्टिएको

मिति कायम गरिनु पर्ने हो वा मिति २०२९।३।२३ मा नै बण्डापत्र भैसकेको हुँदा स्वतः सोही मितिमा नै मानो छुट्टिएको मिति मान्नु पर्ने हो वा मिति २०२९।३।२३ को बण्डापत्रमा २०२४ सालमै मानो छुट्टिई अलग अलग भात भान्सा गरी आएको भन्ने समेतको व्यहोरा उल्लेख भएको हुँदा २०२४ साललाई मानो छुट्टिएको मिति कायम गरिनु पर्ने हो भन्ने प्रश्नको निरोपणको सन्दर्भमा विचार गर्दा मानो छुट्टिएको मिति सम्बन्धमा वादी प्रतिवादी पक्षबीच मुख नमिलेको अवस्थामा सामान्यतया फिराद परेको भन्दा अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिने न्यायिक परिपाटी रही आएको भए पनि त्यसलाई निरपेक्ष रुपमा ग्रहण गर्न भने सकिँदैन, मुद्दामा रहेको तथ्यले त्यसलाई निर्धारित गर्दछ।

१६. प्रस्तुत मुद्दामा मिति २०२९।३।२३ को बण्डापत्रको अस्तित्वलाई दुबै पक्षले स्वीकार गरेको अवस्था छ। वादी पक्षबाट सो बण्डापत्रको उल्लेख नै नगरी अंशको दावी प्रस्तुत गरेपनि मुद्दाको कारवाहीका क्रममा सो लिखतको अस्तित्वलाई स्वीकारै गरेको देखिन्छ। वादी प्रतिवादी पक्षबाट लिइएका जिकीरहरू र मुद्दाको कारवाहीका क्रममा व्यक्त कथन समेतलाई आधार बनाउँदा सो लिखत पछि वादी र प्रतिवादीहरू एकासगोलमा बस्दै आएका छन् र चुल्हो मानो, खानपिन सँगै गरी सगोलको घर जग्गा एकैसाथ जोत भोग गर्दै आएका छन् भन्ने तथ्य स्थापित हुँदैन। वादी प्रतिवादीको पैतृक अचल सम्पत्ति एकासगोलमा नै रहेको भन्ने तथ्यले उनीहरूको चल सम्पत्ति समेत एकासगोलमा नै रहेको र उनीहरू एकासगोलमा नै चुल्हो मानो र घर व्यवहार गरी बस्दै आएको भन्ने तथ्य स्थापित हुँदैन। त्यसैले मिति २०२९।३।२३ मा ढुण्डिराज र हरिनाथबीच बण्डापत्र लिखत भइसकेपश्चात् पनि उनीहरू र उनीहरूका परिवार एवं पछिल्लो पुस्ताका सन्ततिहरू एकै सगोलमा चुल्हो मानो गर्दै आएको भनी अनुमान गर्न मिल्ने अवस्था देखिँदैन।

१७. अंशबण्डा नभए पनि मानो छुट्टिई भिन्न बस्न वा रजिष्ट्रेशन नगरी खती उपति आफ्नो आफ्नो गरी चुल्हो मानो अलग गरी अंशियारहरू अलग-अलग बस्न सकिने अवस्थाको परिकल्पना अंशबण्डाको १८ नं. ले गरेको छ। यसै सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट "मानो छुट्टिएको प्रमाण नहुँदा मात्र फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने भन्दै चल सम्पत्ति बण्डा भएको वा मानो छुट्टिएको मिति यो हो भन्ने कुरा प्रमाणित गर्ने आधार नभएकोले लिखत भएको मितिलाई मानो छुट्टिएको मिति मान्नु पर्ने" भनी (मिश्रीलाल साह कानू वि. मटुक साह कानू, *नेकाप* २०५०, नि.नं. ४६७९, पृ. ५) मा न्यायिक सिद्धान्त प्रतिपादित भएको छ। अंशबण्डाको लिखत कार्यान्वयन नभएबाट अंशबण्डा भइसकेको अर्थात् अचल सम्पत्ति बण्डा भएको भन्ने नदेखिए पनि मानो छुट्टिएको मितिको हकमा लिखतको मितिलाई नै मान्नु पर्ने भनी मैनादेवी पटेलको मुद्दामा पनि पूर्ण इजलासले बोलिसकेको छ (*नेकाप* २०६५, नि.नं. ७९११)। प्रस्तुत मुद्दामा मानो छुट्टिएको मिति यकीन गर्ने सम्बन्धमा विद्यमान रहेको तथ्य समेतका आधारमा पनि सो सिद्धान्तसँग असहमत हुनुपर्ने अवस्था र कारण देखिँदैन। यसको अतिरिक्त २०२९ सालको लिखत पछि २०३१ सालमा सर्लाहीको जग्गा संयुक्त रुपले बिक्री गर्दा अलग भएको दाजुभाइ भनी मूल दुई अंशियारको हैसियत उल्लेख भएबाट पनि २०२९ सालको लिखतको अस्तित्वको पुनर्पुष्टि भएको छ। यस्तो अवस्थामा वादीदावी र वादीतर्फका बहसकर्ता विद्वान कानून व्यवसायीहरूको बहस जिकीरबमोजिम फिराद परेको अघिल्लो मितिलाई वा प्रतिवादीहरूको बैकल्पिक जिकीरअनुसार २०२९ को लिखतमा उल्लेख भएको २०२४ साललाई मानो छुट्टिएको मिति कायम गर्नुपर्ने देखिएन। प्रस्तुत मुद्दामा २०२९।३।२३ मा ढुण्डिराज र हरिनाथबीच भएको घरसारको लिखतको मितिलाई नै अंशबण्डाको प्रयोजनका लागि वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति कायम हुने देखिन्छ।

१८. अब वादीहरूले कुन कुन सम्पत्तिबाट कति अंशबापत पाउने हुन् र पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला मिलेको छ वा छैन भन्ने पाँचौं र अन्तिम प्रश्नमा प्रवेश गर्नुपर्ने हुन आयो। पुनरावेदन अदालत, पाटनबाट वादी प्रतिवादीका मूल अंशियारहरू अर्थात् ढुण्डिराज र हरिनाथका बीचमा भएको मिति २०२९।३।२३ को घरसारको बण्डापत्रअनुसारका जग्गाहरू दाखिल खारेज दर्ता समेत नभएकोले वादी प्रतिवादीबीच सो मितिमा बण्डा

भएको मान्न नमिल्ने तर सो कागजअनुसार वादी र प्रतिवादीहरू बीच सोही मितिमा मानो छुट्टिएको देखिने भन्ने समेतका आधारमा सो मितिभन्दा पहिले आर्जित सबै घर जग्गामा वादी र प्रतिवादीको अंश लाग्ने र सो मिति भन्दा पछि बनेका घरहरूमा वादीको अंश कायम हुन नसक्ने भनी फैसला भएको छ। वादी प्रतिवादीका मूल अंशियारबीच मिति २०२९।३।२३ मा भएको बण्डापत्रलाई मानो छुट्टिएको मिति कायम गर्ने प्रयोजनका लागि सो हदसम्म मान्यता दिने तर सो बण्डापत्रअनुसार वादी प्रतिवादीले आफ्नो आफ्नो भागको अचल दाखिल खारेज, भोग बिक्री व्यवहार गरेको अवस्था नदेखिँदा सोही लिखतका आधारमा वादी प्रतिवादीबीच अंशबण्डा भएको मान्न नमिल्ने भन्ने यस अघि नै विवेचना गरिसकिएको हुँदा सो हदसम्म पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखियो। यसका साथै मूल दुई अंशियार मध्ये पति पिता ढुण्डिराजको एक भागबाट ७ भाग लगाई सो बाट वादीहरूले ६ भाग पाऊँ भन्ने दावीमा कुनै विवाद रहेको छैन।

१९. सगोलको जग्गामा बनेको घर पनि सगोलको हुनाले त्यसबाट पनि अंश पाउनु पर्छ भन्ने वादीहरूको तथा निजी आर्जनबाट र मानो छुट्टिए पछि प्राप्त गरिएको सम्पत्तिबाट पनि वादीले अंश पाउने ठहऱ्याएको मिलेको छैन भन्ने प्रतिवादीको पुनरावेदन जिकीर रहेको छ। त्यसमा प्रतिवादी मध्येकी हिनू ढुंगेलले आफूले रमेशनाथ ढुंगेलसँग विवाह गर्नु अघिदेखि नै शिक्षण पेशामा संलग्न रहेको र सोही पेशाबाट आर्जित रकमबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० स्थित कित्ता नं. २० (साविक कि.नं. ८३) को ०-११-३-२, कि.नं. २१३ (साविक कि.नं. ७१ समेत) को ०-१०-२-३ र कि.नं.१८ (साविक कि.नं. ६९) को जग्गाहरू आफ्ना नाममा खरीद गरेको हुँदा सो सम्पत्तिलाई आफ्नो स्त्री अंशधनको सम्पत्ति हुँदा निजी आर्जनको सम्पत्ति मानी पाऊँ भन्ने समेत जिकीर गरेको देखिन्छ। त्यसैगरी प्रतिवादी मध्येकै भाष्करनाथ ढुंगेलले कित्ता नं. १२ (साविक कित्ता नं. १४५) को जग्गा मिति २०२८।७।२ मा बाबुकाजी सिक्रीकारबाट खरीद गरी लिएको भए पनि सो जग्गामा घर बनाउन भनी तेजारथ सापटी समेत लिएको हुँदा सो घर जग्गा निजी आर्जनको भएकाले बण्डा हुनु नपर्ने भनी जिकीर प्रस्तुत गरेको पाइन्छ। अर्का प्रतिवादी रमेशनाथ ढुंगेलले आफ्ना बाबु हरिनाथ ढुंगेलको निजी आर्जनको सम्पत्ति अन्तर्गत रहेको कित्ता नं. २१ (साविक कित्ता नं. ८२) को जग्गा मिति २०२४।७।२२ मा बाबुबाट बकसपत्रको लिखतबाट प्राप्त गरी सो जग्गामा घर निर्माणका लागि नेपाल औद्योगिक विकास निगमबाट ऋण सापटी समेत लिएको हुँदा सो घरजग्गालाई पनि बण्डायोग्य सम्पत्तिबाट बाहेक गरिनु पर्ने भनी जिकीर पेश गरेको पाइन्छ।

२०. यसरी विभिन्न कित्ता जग्गा र त्यसमा निर्माण भएका घरहरू समेतलाई निजी आर्जनको भनी बण्डा हुनु नपर्ने सम्पत्तिका रुपमा प्रस्तुत गरेको परिप्रेक्ष्यमा हेर्दा प्रतिवादी मध्येकी हिनू ढुंगेलका नाममा रहेको कित्ता नं. २० (साविक कि.नं. ८३) को ०-११-३-२, कि.नं. २१३ (साविक कि.नं. ७१ समेत) को ०-१०-२-३ र कि.नं.१८ (साविक कि.नं. ६९) समेतका जग्गाहरू मिति २०२३।१२।१८ र मिति २०२६।८।२ मा राजीनामाको लिखतबाट निजको नाममा आएको देखिन्छ। निजले २०२९।३।२३ को बण्डापत्रमा समेत ती जग्गाहरूका सम्बन्धमा उल्लेख नगरिएको आधारसहित निजी आर्जनको भन्ने जिकीर लिएको पाइन्छ। तर उल्लिखित कित्ता जग्गाहरू निज हिनू ढुंगेलको नाममा रजिष्ट्रेशन पारीत भै आएको भन्ने तथ्यमा विवाद छैन। यसरी हिनू ढुंगेलले २०२३ साल र २०२६ सालमा राजीनामा पारीत गरी प्राप्त गरेको सम्पत्तिको हकमा सो समयमा अंशबण्डाको १८ नं. मा के कस्तो कानूनी व्यवस्था कायम रहेको थियो भन्ने कुरा महत्वपूर्ण हुन आउँछ।

२१. अंशबण्डाको १८ नं. मा रहेको साविक व्यवस्थाअनुसार “मानो नछुट्टिई सँगै बसेका अंशियारहरू छन् भने अंशियारहरूले कमाएको धन र लाएको ऋण सबै अंशियारलाई भाग लाग्छ। ऐनबमोजिम अंश गरी लिनुदिनु पर्दछ।” यसरी मुलुकी (सातौं संशोधन) ऐन, २०३४ लागू हुनु पूर्व एकासगोलका अंशियारहरूले बकसपत्र वा अरु जुनसुकै स्रोतबाट कमाएको भए पनि त्यस्तो सम्पत्ति सबै अंशियारलाई बण्डा लाग्ने कानूनी व्यवस्था विद्यमान रहेको देखिन्छ। प्रस्तुत

मुद्दाका प्रतिवादी हिनू ढुंगेलले २०२६ साल अघि आफ्नो नाममा जग्गा खरीद गरी लिएको हुँदा त्यसबेला कायम रहेको कानूनी व्यवस्थाभन्दा अलग रहेर कानूनको व्याख्या गर्न मिल्ने हुँदैन । मुलुकी (सातौं संशोधन) ऐन, २०३४ ले साविकको सो व्यवस्थामा संशोधन गरी कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंशधनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफू खुशी गर्न पाउँछ, बण्डा गर्न कर लाग्दैन भनी त्यस्तो सम्पत्तिलाई बण्डायोग्य सम्पत्तिबाट अलग गरेको पाइन्छ । तर जग्गा खरीद भएको अवस्थामा हिनू ढुंगेल विवाहपश्चात् आफ्नो पति रमेशनाथ ढुंगेलसँगै रहेको र रमेशनाथ ढुंगेल अरु अंशियारसँगै रहेकोले राजीनामा लिखतबाट खरीद गरिएको जग्गा निजी आर्जनको हो भन्न मिल्ने भएन । यसको अतिरिक्त हिनू ढुंगेलले आफ्नो माईतीबाट दाइजो वा लोग्ने तर्फबाट पेवाको रुपमा पाएको पनि कुनै आधार नदेखिएकोले उक्त सम्पत्ति स्त्री अंशधनको ५ नं. अनुसार निज हिनू ढुंगेलको आफूखुश गर्न पाउने स्त्री अंशधनको सम्पत्ति देखिन आएन ।

२२. साविकको कानूनी व्यवस्थाले सगोलको कुनै अंशियारका नाममा रहेको जुनसुकै स्रोतबाट प्राप्त गरेको सम्पत्तिलाई बण्डायोग्य सम्पत्तिका रुपमा राखेको भन्ने स्पष्ट हुन्छ । वादी प्रतिवादीहरू २०२९।३।२३ सम्म सगोलमा नै रहेको भन्ने ठहर भैसकेको परिप्रेक्ष्यमा सो भन्दा अघि सगोलको अंशियारका रुपमा रहेकी हिनू ढुंगेलका नाममा आएको सम्पत्ति जुनसुकै व्यहोराले आएको भए पनि निजको निजी वा एकलौटी सम्पत्ति मानिने अवस्था देखिएन । प्रतिवादी हिनू ढुंगेलले यस अदालतसमक्ष गरेको पुनरावेदनमा २०५२ सालको दे.पू.इ.नं. ४६, तोरण वम मल्ल विरुद्ध शिव वम मल्ल समेत भएको अंश मुद्दामा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा आफ्नो नामका उल्लिखित कित्ता जग्गाहरू निजी आर्जनको मानिनु पर्ने भनी जिकीर लिएको पाइन्छ । दे.पू.इ.नं. ४६ को उक्त अंश मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०५८।६।१८ मा भएको फैसलालाई हेर्दा उक्त मुद्दाको तथ्य र पुनरावेदन दावीको तथ्य फरक-फरक भै सो फैसला प्रस्तुत विवादका सन्दर्भमा आकर्षित हुने नदेखिँदा त्यसलाई ग्रहण गर्न मिलेन । हिनू ढुंगेल नाउँका ती जग्गाहरूमध्ये कि.नं.१८ (साविक कि.नं. ६९) को जग्गा मिति २०३७।९।२९ मा भुपेश ढुंगेल, रुपेश ढुंगेल र प्रमेश ढुंगेललाई संयुक्त रुपमा हा.व.को लिखत पारीत गरी हक हस्तान्तरण गरिएको भए तापनि सगोलका ती सम्पत्ति परिवारभित्रै रहेकोले एकले अर्कालाई हक हस्तान्तरण गरेकै आधारमा ती सम्पत्तिलाई बण्डा हुने सम्पत्तिबाट बाहेक वा अलग गर्न मिल्ने पनि हुँदैन । ती जग्गाहरूलाई अन्य अंशियारहरूले अंश पाउने सम्पत्ति भन्दा अलग गर्न सकिँदैन र त्यसबाट वादीहरू समेतले अंश पाउने नै देखिन्छ ।

२३. तर सो जग्गामध्ये कित्ता नं. १८ र २० को जग्गामा निर्माण भएको घरको हकमा विचार गर्दा मिति २०३५।५।१४ र मिति २०४३।१०।२७ मा मात्र घर निर्माण भएको भन्ने कुरा तत्कालीन काठमाडौं नगर पञ्चायतको नक्सा पासको आधिकारिक प्रमाणपत्रबाट देखिएको छ । मानो छुट्टिई भिन्न भैसकेपछि निर्माण भएको घर पनि स्वतः अरु अंशियारहरूबीच बण्डा लाग्न सक्ने हुन सक्दैन । मानो छुट्टिए पछि निर्माण गरिएको घर निजी आर्जनको मानिने हुँदा त्यस्तो घरबाट अरु अंशियारको बण्डा लाग्ने हुँदैन । यसर्थ पुनरावेदन अदालत, पाटनबाट कित्ता नं. १८ र २० को जग्गामा मिति २०३५।५।१४ र मिति २०४३।१०।२७ मा निर्माण भएका घरबाट वादीहरूले अंश नपाउने भनी गरेको फैसला सो हदसम्म पनि मनासिब नै देखियो ।

२४. प्रतिवादी मध्येका भाष्करराज ढुंगेलको पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा कि.नं. १२ (साविक कि.नं. १४५) को जग्गा निजले बाबुकाजी सिक्रीकारबाट मिति २०२८।७।२ मा राजीनामाको लिखतबाट हक हस्तान्तरण गरी लिएको देखिन्छ । सो जग्गामा मिति २०२८।५।९ मा घर बनाउन तेजारथ सापटी लिएको भन्ने कुरामा पर्सिनि विवाद छैन । तर माथि गरिएको विश्लेषणबाट उक्त मितिसम्म वादी प्रतिवादीहरू एकासगोलमा नै रहेको भन्ने तथ्य स्थापित भैसकेको

छ । त्यसरी एकासगोलमा नै रहेको अवस्था र तत्कालीन कानूनी व्यवस्था समेतका आधारमा निज भाष्करनाथ ढुंगेलका नाममा उक्त जग्गा जुनसुकै व्यहोराले आएको र घर निर्माणका लागि तेजारथ सापटी लिइएको भए तापनि त्यो सगोलको हुने भएकोले सो घर जग्गा समेतको सम्पत्तिलाई बण्डायोग्य सम्पत्तिबाट बाहेक गर्न मिल्ने देखिएन ।

२५. अर्का प्रतिवादी रमेशनाथ ढुंगेलले कि.नं.२१ (साविक कि.नं.८२) को जग्गा आफ्ना बाबु हरिनाथ ढुंगेलबाट मिति २०२४।७।२२ मा बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरी लिएको देखिन्छ । उक्त जग्गा हरिनाथको निजी आर्जनको भन्ने तथ्य पनि कुनै प्रमाणबाट पुष्टि हुन सकेको छैन । हरिनाथ र ढुण्डिराजबीच मिति २०२९।३।२३ मा छुट्टिभिन्न भएको नमानिएको स्थितिमा हरिनाथले सगोलको सम्पत्ति छोरा रमेशनाथलाई बकसपत्र गरिदिँदैमा त्यसलाई रमेशनाथको निजी आर्जनको सम्पत्ति मानी बण्डा नलाग्ने भन्न मिल्ने अवस्था रहँदैन । तत्कालीन कानूनी व्यवस्थाले पनि त्यस्तो क्रियालाई मान्यता दिँदैन । जहाँसम्म सो जग्गामा आफूले नेपाल औद्योगिक विकास निगमबाट ऋण सापटी लिई घर निर्माण गरेको भन्ने रमेशनाथ ढुंगेलको जिकीर छ; कुन मितिमा कति ऋण सापटी लिएको र कुन मितिमा घर निर्माण गरेको भन्ने वस्तुनिष्ठ प्रमाण निज प्रतिवादीले पेश गर्न सकेको अवस्था छैन । नेपाल औद्योगिक विकास निगमबाट ऋण सापटी लिएको भन्ने जिकीर लिनु मात्र निजी आर्जन प्रमाणित गर्न प्रर्याप्त आधार बन्न सक्दैन । निज रमेशनाथ ढुंगेलले २०२९ साल पछि निजी आर्जनबाट घर बनाएको भन्ने कुराको पुष्टि हुन सकेको छैन । तसर्थ त्यस्तो अप्रमाणित जिकीरकै भरमा त्यसलाई बण्डा नहुने भनी बाहेक गर्न मिल्ने देखिएन ।

२६. माथि विभिन्न प्रकरणमा गरिएको विश्लेषणहरूबाट वादी प्रतिवादीका मूल अंशियार बीचमा भएको घरसारको बण्डापत्रको लिखत मिति अर्थात् २०२९।३।२३ भन्दा पहिले आर्जित सबै घर जग्गामा वादी र प्रतिवादीको अंश लाग्ने र सो मिति भन्दा पछि बनेका घरहरूमा वादीको अंश कायम हुन नसक्ने भन्ने पुनरावेदन अदालत, पाटनको फैसला सो हदसम्म मनासिब नै देखिन्छ । तर सो निष्कर्षमा पुग्दा पुग्दै पनि पुनरावेदन अदालत, पाटनले प्रतिवादी मध्येका धनकुमारी ढुंगेलका नाममा रहेको बानेश्वर महादेवस्थान ६ख स्थित कित्ता नं. ७३ (हाल कित्ता नं. १६) र कित्ता नं. १२६ (हाल कित्ता नं. २१२) को जग्गा निजको नाउँमा मिति २०४५।८।१४ मा र ऐ.स्थित कित्ता नं. ७४ (हाल कित्ता नं. १५) को जग्गा मिति २०४३।१२।१९ मा मात्र आएको देखिँदा देखिँदै पनि सो जग्गालाई बण्डा हुने सम्पत्तिबाट बाहेक गरेको पाइएन । मिति २०२९।३।२३ लाई वादीप्रतिवादीबीच मानो छुट्टिएको मिति कायम हुने ठहरेको अवस्थामा सो मिति पछि कुनै अंशियारका नाममा जे जसरी भए पनि प्राप्त हुन आएको सम्पत्तिलाई बण्डा हुने सम्पत्तिबाट बाहेक गर्नुपर्ने कुरामा विवाद हुन सक्दैन । यस सम्बन्धमा माथि विस्तृत रुपमा विवेचना भैसकेको छ ।

२७. मुलुकी ऐन, अंशबण्डाको १८ नं. ले स्पष्ट रुपमा अंश नभए पनि मानो छुट्टिई भिन्न बसेका वा रजिष्ट्रेशन नगरी खती उपति आफ्नो आफ्नो गरी आफ्नो हिस्सा आफूसँग राखी खानु पिउनु गरेकोमा मानो छुट्टिई भिन्न भएको ठहर्छ । त्यस्तो कमाएको धन लाएको ऋण आफ्नो-आफ्नो हुन्छ भन्ने कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा मिति २०२९।३।२३ मा नै मानो छुट्टिई भिन्न भएका प्रतिवादी धनकुमारी ढुंगेलले मिति २०४३।१२।१९ र मिति २०४५।८।१४ मा प्राप्त गरेको सम्पत्तिलाई पहिला मोही भएर कमाएको भन्ने आधारमा बण्डा योग्य सगोलको सम्पत्ति मानी त्यसबाट यी वादीहरू समेतले अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला सो हदसम्म मिलेको देखिएन ।

२८. तसर्थ माथि गरिएको विवेचना र विश्लेषण समेतका आधारमा वादी प्रतिवादीबीच मिति २०२९।३।२३ मा मानो छुट्टिएको मिति कायम भै सो मिति पछि प्रतिवादी धनकुमारी ढुंगेलले प्राप्त गरेको बानेश्वर महादेवस्थान ६ख स्थित कित्ता नं. ७३, ७४ र १२६ को जग्गाको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी भई ती जग्गाहरू र प्रतिवादी हिनू ढुंगेलले का.जि.का.म.न.पा वडा नं. १० स्थित कित्ता नं. १८ र २० को जग्गामा निर्माण गरेको घरमा सम्म बण्डा नलाग्ने र सो बाहेक शुरु भक्तपुर जिल्ला अदालतको आदेशअनुसार वादी प्रतिवादीहरूबाट पेश भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण घर

जग्गाहरूमा वादी प्रतिवादीहरूको अंश लाग्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला सदर हुने ठहर्छ। सो बोहक वादी र प्रतिवादीहरूको अरु पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसीलबमोजिम गर्नू।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भै प्रतिवादी धनकुमारी ढुंगेलले मिति २०४३।१२।१९ र मिति २०४५।८।१४ मा प्राप्त गरेको बानेश्वर महादेवस्थान ६ख स्थित साविक कित्ता नं. ७३, ७४ र १२६, हाल काठमाडौं महानगरपालिका वडा नं. १० को क्रमशः कित्ता नं. १६, १५ र २१२ को जग्गाबाट वादीहरूले अंश नपाउने ठहरेकोले त्यसबाट पनि अंश छुट्याई दिने गरी पुनरावेदन अदालत, पाटनको फैसलाको तपसील खण्ड १ बमोजिम राखिएको लगत कायम रहन नसक्ने हुँदा सो बमोजिमको लगत कट्टा गर्नु भनी शुरु भक्तपुर जिल्ला अदालतमा लेखी पठाउनू ..... १

प्रतिवादी हिनू ढुंगेलले का.जि.का.म.न.पा वडा नं. १० स्थित कित्ता नं. १८ र २० को जग्गामा निर्माण गरेको घर निज प्रतिवादीको निजी ठहरी बण्डा नलाग्ने भएकोले उक्त कि.नं. १८ र २० मा निर्माण भएको घर बाहेकको खाली जग्गाबाट वादीहरूले पाउने अंश भाग छुट्याई दिन लगत राख्नु भनी शुरु जिल्ला अदालतमा लेखी पठाई दिनू .....२

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ........ ३

उक्त रायमा म सहमत छु।

न्या.कृष्णप्रसाद उपाध्याय

मा.न्या.श्री भरतराज उप्रेतीको राय

प्रस्तुत मुद्दाको तथ्य हेर्दा मूल अंशियारहरू ढुण्डिराज ढुंगेल र हरिनाथ ढुंगेलबीच मिति २०२९।३।२३ मा बण्डापत्रको लिखत भए तापनि सो लिखतअनुसार आफ्नो आफ्नो भागको अचल छुट्टा छुट्टै भोग बिक्री व्यवहार गरेको, दाखिल खारेज भएको वा व्यवहार प्रमाणबाट बण्डा भइसकेको अवस्था नभै बण्डापत्र कार्यान्वयन नै नभएकाले बण्डा छुट्याई पाऊँ भनी परेको फिरादबाट अंश मुद्दाको उठान भएको देखिन्छ। प्रतिवादी पक्षबाट प्रतिउत्तर फिराउँदा सो बण्डापत्रबमोजिम भोगचलन भएकोले हाल बण्डा हुनु पर्ने होइन भनी प्रतिवाद गरिएको हुँदा प्रस्तुत मुद्दामा मूलतः मिति २०२९।३।२३ को बण्डापत्रको लिखतले कानूनी मान्यता पाउने नपाउने के हो ? सो बण्डापत्रको लिखतले कानूनी मान्यता नपाएको अवस्थामा वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति के लाई मान्नुपर्ने हो ? भन्ने मुख्य प्रश्न उपस्थित भएको देखिन्छ। उल्लिखित प्रश्नमा यस अघि माननीय न्यायाधीशहरूले व्यक्त गर्नु भएको रायमा म सहमत नै रहेको हुँदा सो सम्बन्धमा यहाँ पुनः विवेचना गरिरहनु पर्ने भएन। तर प्रस्तुत मुद्दामा केही सम्पत्ति आफूहरूको निजी आर्जनको हुँदा बण्डा नलाग्ने भन्ने समेतको जिकीर रहेको सन्दर्भमा प्रतिवादीमध्येकी हिनू ढुंगेलको नाममा रहेका का.जि.का.म.न.पा वडा नं. १० स्थित कित्ता नं. २० (साविक कि.नं. ८३) को ०-११-३-२, कि.नं. २१३ (साविक कि.नं. ७१ समेत) को ०-१०-२-३ र कि.नं. १८ (साविक कि.नं. ६९) को जग्गाहरूको हकमा माननीय न्यायाधीशहरूबाट व्यक्त रायसँग म सहमत हुन नसकेको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (४) बमोजिम यो छुट्टै राय प्रस्तुत गरेको छु।

उल्लिखित कित्ता जग्गाहरू प्रतिवादी मध्येकी हिनू ढुंगेलका नाममा मिति २०२३।१२।१८ र मिति २०२६।८।२ मा राजीनामाको लिखतबाट आएको देखिन्छ। निज हिनू ढुंगेलले आफू रमेशनाथ ढुंगेलसँग विवाह गर्नु अघिदेखि नै शिक्षण पेशामा संलग्न रहेको र सोही पेशाबाट आर्जित रकमबाट उक्त जग्गाहरू आफ्ना नाममा खरीद गरेको हुँदा सो सम्पत्तिलाई आफ्नो निजी सम्पत्ति मानी बण्डायोग्य सम्पत्तिबाट बाहेक गरिनु पर्छ भनी जिकीर लिएको देखिन आउँछ। निज हिनू ढुंगेल शिक्षण पेशामा संलग्न रहेको भन्ने तथ्यमा विवाद नरहेको हुँदा आफ्नो निजी आर्जनको कमाईबाट सम्पत्ति जोड्न सक्ने सामर्थ्य निजमा रहेको भन्ने तथ्य पनि स्वतः स्थापित हुन आउँछ। उल्लिखित कित्ता जग्गाहरू निज हिनू ढुंगेलको नाममा रजिष्ट्रेशन पारीत गरी लिइएको भन्ने तथ्यमा पनि विवाद छैन। मिति २०२९।३।२३ को बण्डापत्रको लिखतमा समेत हिनू ढुंगेल नाउँका ती जग्गाहरू उल्लेख नगरिएको तथ्य पनि यहाँ विचारणीय हुन आउँछ।

अंशबण्डाको १८ नं. मा रहेको साविक व्यवस्थाअनुसार "मानो नछुट्टिई सँगै बसेका अंशियारहरू छन् भने अंशियारहरूले कमाएको धन र लाएको ऋण सबै अंशियारलाई भाग लाग्छ । ऐन बमोजिम अंश गरी लिनुदिनु पर्दछ ।" भन्ने कानूनी व्यवस्थाको एकांगी अर्थ गरेर स्त्री अंशधनको कानूनी व्यवस्थालाई निष्प्रयोजित बनाउनु पनि हुँदैन । मुलुकी ऐन, स्त्री अंशधनको महलको १ नं. मा कन्या, सधवा वा विधवा स्वास्नीमानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन् भनी गरिएको व्यवस्था मुलुकी ऐनको साविक देखिको व्यवस्था हो । कानूनको व्याख्या गर्दा समन्वित व्याख्या गरिनु पर्दछ भन्ने मान्यतालाई नेपालको न्यायपालिकाले सदैव अंगिकार गर्दै आएको छ । सिंगो मुलुकी ऐन सामान्य कानून हो तापनि यसभित्र विषयगत हिसावले फरक-फरक महलमा गरिएका व्यवस्थाहरूको विशेष महत्व रहेको वास्तविकतालाई पनि इन्कार गर्न सकिँदैन । विशेष उद्देश्य र प्रयोजन भएका महललाई कम महत्व दिने भन्ने पनि हुँदैन । कुनै विशेष उद्देश्य र प्रयोजन बोकेको प्राबधानलाई विस्थापित गर्ने गरी कानूनको व्याख्या हुन पनि सक्दैन ।

अंशबण्डाको महलले अंशियारबीचको सम्बन्धलाई निर्धारण गरेजस्तै स्त्रीअंशधनको महलले स्वास्नीमानिसको स्वआर्जन र सम्पत्तिमाथि उनीहरूको अधिकारको विषयलाई सम्बोधन गर्नुका साथै स्वास्नीमानिसको आर्जनलाई विशेष संरक्षण प्रदान गरेको छ । कुनै सम्पत्ति अंशियारहरू बीच अंश लाग्ने सम्पत्ति हो वा होइन भनी निर्णय गर्दा मुलुकी ऐन, स्त्री अंशधनको महलअनुसार स्वास्नीमानिसले आर्जन गरेको सम्पत्तिको संरक्षणको बारेमा गरिएको विशेष व्यवस्थालाई अंश लाग्ने सम्पत्तिका सम्बन्धमा गरिएका अन्य व्यवस्था भन्दा फरक दृष्टिले हेर्नु पर्दछ र स्वास्नीमानिसको आर्जनको सम्पत्तिको संरक्षणका बारेमा कानूनले छुट्टै व्यवस्था गर्नुको उद्देश्य र प्रयोजनलाई पनि हेर्नु पर्दछ ।

प्रस्तुत मुद्दामा विवादको विषय रहेको उल्लिखित कित्ता जग्गाहरू हिनूदेवी ढुंगेलले आर्जन गर्दाको समय र सो भन्दा पहिलेको समयमा रोजगारी र सम्पत्ति आर्जन गर्ने अवसरका बारेमा स्वास्नीमानिसहरूलाई प्राप्त अवसरहरू लोग्नेमानिसलाई प्राप्त अवसरको तुलनामा अपवादको रुपमा रहेको अवस्थालाई र स्वास्नीमानिसको कमाइमा पुरुषहरू आश्रित हुन तत्काल प्रचलित सामाजिक मान्यता, रितीरिवाजअनुसार पुरुषहरूको लागि शोभनीय हुँदैन भन्ने धारणाको सन्दर्भमा नै स्वास्नीमानिसको आर्जनलाई अन्य अंशियारबीच अंश भाग गर्न नपर्ने गरी विशेष संरक्षण गर्ने उद्देश्यले मुलुकी ऐनको उक्त महलमा त्यस्तो व्यवस्था गरिएको हो भन्ने विषयमा विवाद नहुन सक्दछ । त्यसैले अंशबण्डाको प्रसंगमा स्त्री अंशधनको महलबाट स्थापित भएको स्वास्नीमानिसको अधिकारको प्रयोजनीयतालाई इन्कार गर्न मिल्ने हुँदैन । स्त्री अंशधनको महलको १ नं. मा कन्या, सधवा वा विधवा स्वास्नीमानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउँछन् भनी गरिएको व्यवस्थालाई एकातर्फ पञ्छाएर अंशबण्डाको साविक १८ नं. को कानूनी व्यवस्थालाई प्रभावी बनाउने हो भने कानून व्याख्यामा अराजकताले प्रवेश पाउन सक्छ ।

उल्लिखित प्रसंगलाई प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा प्रतिवादी मध्येकी हिनू ढुंगेलले विभिन्न मितिमा रजिष्ट्रेशन पारीत गरी आफ्ना नाममा जग्गा लिँदाको अवस्थामा निज आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गर्न सक्ने हैसियतमा रहेको तथ्यमा विवाद देखिँदैन । प्रत्यर्थी तर्फबाट पनि यस सम्बन्धमा विवाद गरेको अवस्था छैन । तसर्थ स्त्री अंशधनको १ नं. ले शर्तरहीत र निरपेक्ष रुपमा स्वास्नीमानिसले आफ्नो आर्जनको चल अचल आफ्नो खुश गर्न पाउने गरी कानूनी व्यवस्था गरेको परिप्रेक्ष्यमा अंशबण्डाको साविक १८ नं. को कानूनी व्यवस्थालाई एकांगी ढंगले व्याख्या गरी विशेष उद्देश्य, प्रयोजन र संरक्षणको उद्देश्य रहेको स्त्री अंशधनको महलको संरक्षण प्राप्त गर्ने लक्षित वर्गभित्र पर्ने प्रतिवादी मध्येकी हिनू ढुंगेलले मिति २०२३।१२।१८ र मिति २०२६।८।२ मा राजीनामाको लिखतबाट प्राप्त गरेको कित्ता नं. १८, २० र २१३ को जग्गालाई स्त्री अंशधनको महलको विशेष संरक्षण प्राप्त निजी आर्जनको सम्पत्ति नमानी बण्डा लाग्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६०।७।१७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम्
इजलास अधिकृत: उमेश कोइराला

## निर्णय नं. ८६८०

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
रिट नं. ०६७-WO-०५८९
आदेश मितिः २०६८।७।२।४
विषयः उत्प्रेषण ।

निवेदकः का.जि.का.म.न.पा.वडा नं. ३४ बस्ने अधिवक्ता मुरलीप्रसाद शर्मा समेत

विरुद्ध

विपक्षीः उद्योग मन्त्रालय समेत

- **सामाजिक न्यायको दृष्टिकोणबाट सरकारले गरेको निर्णयले कुनै सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक दृष्टिकोणले पिछडिएको बर्ग, समुदाय वा क्षेत्रका प्रति न्याय हुन सकेको छैन वा राष्ट्रिय स्रोत र साधनको वितरणमा त्यस्ता वर्गको पहुँच सुनिश्चित हुन सकेको छैन भने त्यसरी पिछडिएका वर्ग समुदाय वा क्षेत्रका व्यक्तिको अदालत वा राज्यका संयन्त्रहरूमा पिछडिएको वा चेतनास्तर कम भएको कारण सहज पहुँच छैन भने सोही कारणले मात्र सामाजिक न्यायबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले त्यस्ता व्यक्तिहरूको तर्फबाट अन्य व्यक्तिहरूले समेत न्यायिक उपचार माग गर्न सक्ने व्यवस्था सार्वजनिक सरोकारको विषय हुने ।**
- **सार्वजनिक सरोकारको विषयको पहिचान गर्दा कुनै विवाद खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ वा सर्वसाधारण नागरिक वा जनसमुदायको सामूहिक हक वा सरोकारसँग छ भन्ने कुरा हेर्नुपर्ने ।**
- **देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, राज्यका निर्देशक सिद्धान्तका रुपमा व्यवस्थित सामाजिक न्यायका विषयहरू जस्ता पक्षहरूले सर्वसाधारण नागरिक वा कुनै जनसमुदायको हित वा स्वार्थमा अनुकूल वा प्रतिकूल प्रभाव पार्न सक्ने भएकोले यस्ता विषयलाई सार्वजनिक सरोकार मान्न नसकिने ।**
- **सार्वजनिक सरोकारको विषयलाई ग्रहण गरेर न्यायिक रुपले निरोपण गर्नुको मुख्य उद्देश्य कानून वा संविधानद्वारा समर्थित सरोकारको संरक्षण गर्नु हो । केवल वौद्धिक उत्सुकता वा लहडवाजीको आधारमा वा कुनै विषयलाई अदालतमा प्रवेश गराएर जनमानसमा कौतुहलता उत्पन्न गराई आफ्नो प्रचार प्रसार गराउने वा अदालतको क्षमता परीक्षण गर्ने उद्देश्यले ल्याइएको विषयलाई सार्वजनिक सरोकारको विषयको रुपमा लिन नसकिने ।**

(प्रकरण नं.६)

- **औद्योगिक प्रवर्द्धन बोर्डले देशको औद्योगिकरण सम्बन्धी नीति, ऐन नियमहरूको तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने तथा आर्थिक नीतिहरूको उद्देश्य प्राप्तिको लागि उद्योग क्षेत्रलाई प्रतिष्पर्धात्मक बनाउँदै लैजान मार्गदर्शन दिनेलगायतका नीतिगत निर्णय गरी मार्गदर्शन गर्नसक्ने ।**
- **एउटा कानूनबमोजिमको अधिकारप्राप्त निकायले कुनै एउटा निश्चित कम्पनीको दर्ता गर्ने सिलसिलामा गरेको निर्णयलाई सार्वजनिक सरोकारको विषय मान्न नसकिने ।**
- **एउटा कम्पनीको दर्ताको विषयलाई सार्वजनिक सरोकारको विषयको रुपमा लिएर सक्षम पक्षको प्रतिनिधित्व गर्न निवेदकहरू आएको पाइएकोले निजहरूको प्रस्तुत विषयमा सार्थक सम्बन्ध (Meaningful Relation) रहेको अवस्था नदेखिने ।**

(प्रकरण नं.७)

निवेदक तर्फबाटः विद्वान अधिवक्ताहरू शुभनराज आचार्य, हरिबहादुर बुढाथोकी र अमरजिवी घिमिरे

विपक्षी तर्फबाटः विद्वान उपन्यायाधिवक्ता शंकर राई

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३

आदेश

**प्र.न्या.खिलराज रेग्मी:** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :

हामी निवेदकहरू कानूनी परामर्श सेवा समेतको व्यवसाय गर्दै आएका र सार्वजनिक हकहित सरोकारको विषयमा सचेत गराउने कार्यमा सहयोग पुऱ्याउँदै आएका छौं । हामी निवेदकहरू उद्योगी तथा व्यवसायिक सेवा प्रदायक व्यवसायीहरू हौं र आफै उद्योग व्यवसाय गर्ने अधिकार समेत राख्दछौं । विभिन्न उद्योग तथा पूर्वाधार विकास आयोजना निर्माणसम्बन्धी उद्योग स्थापना सञ्चालनमा संलग्न रही महत्वपूर्ण सेवा समेत प्रदान गर्दै आईरहेका छौं । देशको अर्थतन्त्रको समुचित विकासको लागि औद्योगिक लगानीको वातावरणलाई बढी सुविधाजनक, सरल र उत्साहबर्द्धक बनाई उत्पादकत्वमा अभिवृद्धि गरी प्रतिष्पर्धात्मक रुपबाट औद्योगिक व्यवसायहरू फष्टाउने व्यवस्था गर्ने उद्देश्यले औद्योगिक व्यवसाय ऐन, २०४९ लागू गरिएको अवस्था छ ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १० मा अनुमति लिनुपर्ने वा नपर्ने कुनै पनि उद्योग स्थापना गर्दा उद्योगको प्रकृति, वर्ग, उद्योग रहने स्थान आदि उल्लेख गरी उद्योग दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसरी उद्योग दर्ता गर्न जाँदाका बखतमा उद्योग स्थापना गर्न लाग्ने लागत उल्लेख गर्नुपर्ने हुन्छ । यस्तो लागत शेयरपूँजी (Equity Capital ) र ऋण (Debt Finance) लिई पूरा गर्ने गरिन्छ। उल्लिखित लागत कम्पनीको अधिकृत पूँजी (Authorized Capital) भन्दा बढी भएमा उद्योग विभागले लागत बराबर नै अधिकृत पूजि देखाएमा मात्र दर्ता गर्ने र लागत बराबरभन्दा अधिकृत पूँजी कम भएमा विभागले उद्योग दर्ता गर्न इन्कार गर्ने गरेको छ । कम्पनी रजिष्ट्रारको कार्यालयमा गएर सम्पूर्ण लागतभन्दा कम नहुने गरी अधिकृत पूँजी राखी प्रवन्धपत्र र नियमावली संशोधन गरी ल्याउन माग गरिन्छ । जुन कुरा कानून र सिद्धान्तभन्दा भिन्न हो । यो कुरा उद्योग स्थापना र सञ्चालनको सिद्धान्त र Corporate culture को विरुद्ध छ ।

सामान्यतः ठूला ठूला उद्योग, पूर्वाधार संरचना (जलविद्युत, रोपवे, बाटो आदि) तथा उत्पादनमूलक उद्योग समेत स्थापना गर्दा सीमित दायित्व रहने गरी कम्पनी दर्ता एवं स्थापना गरी सो कम्पनीले निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने उद्योग औद्योगिक व्यवसाय ऐन, २०४९ अन्तर्गत दर्ता गर्नुपर्ने हुन्छ । उक्त ऐन समष्टिगत रुपमा अध्ययन गर्ने हो भने उद्योगको प्रवर्द्धन र विकासका लागि ल्याईएको र उद्योगको प्रकृति, उद्योग रहने ठाउँ आदि विचार गरी सुविधा दिने व्यवस्था पनि रहेको छ । यसमा पूँजी वा लागतको वाध्यात्मक व्यवस्था छैन ।

जलविद्युत कम्पनीले निर्माण गर्ने जल विद्युत आयोजना सम्बन्धित उद्योग दर्ता गर्ने क्रममा औद्योगिक प्रवर्द्धन बोर्डले आयोजनाको लागत बराबर नै अधिकृत पूँजी हुनुपर्ने तर पछि लागतअनुसार प्रवन्धपत्र र नियमावलीमा उल्लिखित पूँजीको आधारमा उद्योग दर्ता गरी दिने गरी १८८ औं बैठकबाट निर्णय भएको जानकारी भएको तर उक्त निर्णयको नक्कल माग्दा नपाइएकोले यसरी गैरकानूनी बन्देज लगाउने निर्णयको नक्कल समेत नदिएबाट व्यक्तिको अधिकारमा प्रत्यक्ष असर परेकोले यो निवेदन लिई उपस्थित भएका छौं ।

प्रत्यर्थीले कम्पनीको अधिकृत पूँजीभन्दा बढी हुने गरी पूँजी राखी उद्योग दर्ता गर्दा राजश्वमा असर पर्न सक्छ भन्ने आधार लिने गरेको पाइन्छ । तर कसरी राजश्वमा असर पर्छ भन्ने सम्बन्धमा कुनै आधार प्रस्तुत भएको छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८९(१) अनुसार कानूनबमोजिम बाहेक कर लगाउन पाइदैन । औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३ र हालै जारी गरिएको औद्योगिक नीति, २०६७ अनुसार औद्योगिक प्रवर्द्धन बोर्डको धारणा हो भने औद्योगिक व्यवसाय ऐन, २०४९ संशोधन गरेर मात्र असूलउपर गर्नुपर्ने हुन्छ । तर ऐनको मनसाय राजश्व असूली गर्न नभई उद्योग व्यवसाय प्रवर्द्धन र विकासको लागि कसरी उद्योग व्यावसायीहरूलाई सहजीकरण गर्न सकिन्छ भन्ने भएको हुँदा सोही भूमिकाको लागि औद्योगिक प्रवर्द्धन बोर्डको व्यवस्था गरिएको हो । अतः उद्योग विभागले औद्योगिक विकास बोर्डको नीतिगत निर्णय तथा प्रचलन समेतको आधारमा

भनी उत्पादन उद्योग तथा पूर्वाधार आयोजना निर्माणसम्बन्धी उद्योगलाई समेत उद्योगको रुपमा दर्ता गर्दा उद्योगको निर्माण, उपकरण, स्थापना खर्च समेतको कुल लागत बराबर नै अधिकृत पूँजी राखी कम्पनी दर्ता भएकोमा मात्र उद्योग दर्ता गर्ने गरी गरेको नीतिगत निर्णय नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित कानून एवं कानूनका मान्य सिद्धान्त समेतको प्रतिकूल भई नागरिकको व्यवसाय गर्न पाउने हक कुण्ठित हुन गई उक्त निर्णय नेपालको अन्तरिम संविधानको धारा १०७(२) बमोजिम बदर गरी प्रचलित कानूनबमोजिम (औद्योगिक व्यवसाय ऐन, २०४९ र कम्पनी ऐन, २०६३) उद्योग दर्ता गर्नबाट कुनै गैरकानूनी र अनुचित बन्देज नलगाउनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश वा पूँजी जारी गरिपाऊँ भन्ने रिट निवेदन दावी।

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए वाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भन्ने यस अदालतको आदेश।

पब्लिक लिमिटेड कम्पनीको लागि कम्पनी ऐन, २०६३ मा चुक्ता पूँजी कम्तीमा १ करोड हुनुपर्ने भन्ने व्यवस्था छ तर अन्य कम्पनीको हकमा न्यूनतम् अधिकृत पूँजी कति हुने भन्ने व्यवस्था उक्त ऐनमा छैन। कम्पनी संस्थापनका बखत संस्थापकहरूले पेश गरेको प्रवन्ध पत्रमा उल्लेख गरेको अधिकृत पूँजीलाई मान्यता दिई यस कार्यालयले कम्पनी संस्थापना गरिदिने गरेको छ। निवेदकहरूले निवेदनमा उल्लेख गरेबमोजिम अधिकृत पूँजी यति नै राख्नुपर्ने भनी यस कार्यालयबाट कम्पनीका संस्थापकहरूलाई बाध्य नगरिएकोले निवेदकहरूले दिएको निवेदन कानूनसंगत नभएकोले निवेदन खारेज गरिपाऊँ भन्ने कम्पनी रजिष्ट्रारको कार्यालयको लिखित जवाफ।

उद्योगीहरूको हितलाई ध्यानमा राखी नेपाल सरकारले औद्योगिक नीति २०६७ कार्यान्वयनमा ल्याइसकेको र सो नीतिलाई कार्यान्वयन गर्न औद्योगिक व्यवसाय ऐन, २०४९ लाई संशोधन गर्ने प्रक्रिया पनि शुरु भैसकेको छ। उक्त ऐन संशोधन हुँदाका बखत विपक्षीहरूले उठाउनु भएको विषयलाई सम्बोधन गर्न छलफलमा ल्याई आवश्यकता एवं औचित्य देखिए तदनुरुप हुने नै हुँदा तत्काल रिट जारी गरिरहनु आवश्यक नभएकोले रिट निवेदन खारेजभागी छ भन्ने उद्योग विभागको लिखित जवाफ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १२ बमोजिम गठित औद्योगिक प्रवर्द्धन बोर्डले ऐ ऐनको दफा १३ मा उल्लेख भएका काम, कर्तव्य र अधिकार प्रयोग गर्न पाउने नै हुँदा सोही ऐनको प्रयोग गरी गरेको निर्णयलाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने औद्योगिक प्रवर्द्धन बोर्डको लिखित जवाफ।

निवेदकहरूले उल्लेख गरेको औद्योगिक प्रवर्द्धन बोर्डको १८८ औं बैठकको निर्णय नं. १ पश्चिम सेती हाईड्रो पावर प्रा.लि.को हकमा भएको निर्णय हो। औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १२ बमोजिम गठित औद्योगिक बोर्डले सोही ऐनको दफा १३ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारको प्रयोग गर्न पाउने नै हुँदा सोही ऐनको प्रयोग गरी गरेको निर्णय अन्यथा भन्न नमिल्ने हुँदा निवेदन खारेज गरिपाऊँ भन्ने उद्योग मन्त्रालयको लिखित जवाफ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक अधिवक्ताहरू शुभनराज आचार्य, हरिबहादुर बुढाथोकी र अमरजिवी घिमिरेले औद्योगिक प्रवर्द्धन बोर्डले आयोजनाको लागत बराबर नै अधिकृत पूँजी हुनुपर्ने तर पछि लागतअनुसार प्रवन्धपत्र र नियमावलीमा उल्लिखित पूँजीको आधारमा उद्योग दर्ता गरी दिने भनी १८८ औं बैठकबाट निर्णय गरेको र सोही निर्णयको आधारमा उद्योग विभागले उद्योग दर्ता गर्दा उद्योगको निर्माण उपकरण संस्थापना खर्च समेतको कुल लागत बराबर नै अधिकृत पूँजी राखी कम्पनी दर्ता भएकोमा मात्र उद्योग दर्ता गर्ने गरी गरेको नीतिगत निर्णयले उद्योग दर्तामा अनुचित बन्देज लाग्न गएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनु पर्छ भनी बहस गर्नुभयो। विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता शंकर राईले निवेदकहरूले उठाएको विषय एउटा कम्पनीको हकमा गरिएकोले यो विषय सार्वजनिक सरोकारको हुन सक्दैन र निवेदनमा उल्लेख गरे जस्तै अधिकृत पूँजी यति नै

राख्नुपर्ने भनी कम्पनीका संस्थापकहरूलाई वाध्य नगरिएकोले निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

विद्वान कानून व्यवसायीहरूको वहस सुनी निवेदन पत्रसहितको मिसिल कागजात अध्ययन गरी हेर्दा निवेदकको मागबमोजिम आदेश जारी हुने हो वा होइन भन्ने सम्वन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा उद्योग दर्ता गर्ने प्रयोजनको लागि शेयरधनीले लगानी गर्न तोकिने पूँजी यति नै हुनु पर्छ भनी औद्योगिक व्यवसाय ऐन, २०४९ मा कहीं कतै व्यवस्था गरिएको छैन। कम्पनीको पूँजी भन्नाले अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी समावेश भएको हुन्छ जसमा कम्पनीको आवश्यकताअनुसार अधिकृत तथा जारी पूँजीको अधिनमा रही चुक्ता पूँजी कायम गर्ने गरिन्छ र यो विशुद्ध रुपमा शेयरधनीको शेयर पूँजीमा भएको लगानी हो। पब्लिक कम्पनीको चुक्ता पूँजी कम्तिमा एक करोड हुनुपर्ने गरी तोकिएको छ। यसको विपरीत औद्योगिक प्रवर्द्धन बोर्डको १८८ औं बैठकको निर्णयको कारण उद्योग स्थापना गर्दा ऋण उठाई पूरा गरिने लागत रकमलाई समेत पूँजीमा राखिनु पर्छ भनी प्रचलनको नाउँमा भएको व्याख्या सरासर गलत र गैरकानूनी छ। औद्योगिक व्यवसाय ऐन, २०४९ को कुनै पनि दफामा ऋण लगानीबाट उद्योगको स्थापना गर्न मिल्दैन भन्ने उल्लेख छैन। उद्योग विभागले औद्योगिक विकास बोर्डको नीतिगत निर्णय तथा प्रचलन समेतको आधारमा भनी उत्पादन उद्योग तथा पूर्वाधार आयोजना निर्माणसम्बन्धी उद्योगलाई समेत उद्योगको रुपमा दर्ता गर्दा उद्योगको निर्माण, उपकरण, संस्थापन खर्च समेतको कूल लागत बराबर नै अधिकृत पूँजी राखी कम्पनी दर्ता गर्ने गरेको नीतिगत निर्णय संविधान र कानूनविपरीत भएकोले बदर गरिपाऊँ भन्ने निवेदन दावी भएकोमा कम्पनी संस्थापनाका बखत संस्थापकहरूले पेश गरेको प्रवन्धपत्रमा उल्लेख गरेको अधिकृत पूँजीलाई मान्यता दिई कम्पनी संस्थापना गरिदिने गरेको र निवेदकले उल्लेख गरेबमोजिम अधिकृत पूँजी यती नै राख्नु पर्छ भनी कम्पनीका संस्थापकहरूलाई वाध्य गर्ने नगरिएकोले निवेदन खारेज हुनु पर्छ भन्ने लिखित जवाफ रहेको पाइन्छ।

३. यसमा उद्योग व्ययवसाय सञ्चालनको लागि आवश्यक पर्ने सम्पूर्ण रकमलाई समेत जोडी त्यस्तो सम्पूर्ण रकम बराबर कम्पनीको प्रवन्धपत्रमा अधिकृत पूँजी अनिवार्य रुपमा राख्नुपर्ने, त्यसरी उद्योग/आयोजनाको सम्पूर्ण लागत रकम समेत समेट्ने गरी अधिकृत पूँजीको रुपमा उल्लेख नगरिएको खण्डमा उद्योग नै दर्ता नगर्ने गरी औद्योगिक प्रवर्द्धन बोर्डको १८८ औं बैठकबाट निर्णय भएको भनी निवेदकहरूले उक्त निर्णयलाई चुनौती दिएको देखिन्छ। मिसिल संलग्न रहेको विपक्षी औद्योगिक प्रवर्द्धन बोर्डको १८८ औं वैठकको निर्णय नं. १ हेर्दा वेष्ट सेती हाईड्रो पावर प्रा.लि.ले स्थिर पूँजी ९६ अरव ३० करोड तथा चालू पूँजी ३ अरव २१ करोड गरी कुल पूँजी ९९ अरव ५१ करोड कायम हुने गरी उद्योग दर्ता हुन निवेदन दिएको प्रस्तावउपर छलफल हुँदा औद्यागिक प्रवर्द्धन बोर्डको १३० औं बैठकको निर्णयबमोजिम उक्त कम्पनीलाई स्थीर पूँजी ६२ अरव ५९ करोड तथा १२ अरव १० करोड बरावरको शेयर लगानी कायम हुने गरी कम्पनी दर्ता गर्न सहमती दिने निर्णय भएपनि हालसम्म उक्त कम्पनीमा १२ अरव १० करोडको अधिकृत पूँजी मात्र कायम भएको छ। कम्पनीको अधिकृत पूँजीभन्दा बढी हुने गरी उद्योगको पूँजी कायम गर्दा सरकारी राजश्वमा समेत प्रभाव पर्ने देखिँदा कम्पनी रजिष्ट्रारको कार्यालयमा कायम भएको अधिकृत पूँजीभन्दा नबढ्ने गरी उद्योग विभागबाट उद्योगको स्थिर पूँजी तथा चालु पूँजी कायम गरी उद्योग दर्ता गर्ने प्रचलन रहेको र उक्त कम्पनीको अधिकृत पूँजी १२ अरव १० करोड रहेकोले सो बरावरको कुल पूँजी कायम हुने गरी उद्योग दर्ता गरिदिने भनी पश्चिम सेती हाईड्रोपावर कम्पनीको दर्ता गर्ने सिलसिलामा निर्णय गरिएको देखिन्छ।

४. निवेदकहरूले आफ्नो निवेदनमा आफू उद्योगी तथा व्यायवसायीका कानूनी परामर्श सेवा प्रदायक व्यवसायी भएको भनी उल्लेख गरेको देखिन्छ। औद्योगिक प्रवर्द्धन बोर्डको उल्लिखित १८८ औं वैठकबाट पश्चिम सेती हाईड्रोपावर कम्पनीको दर्ताको सिलसिलामा गरिएको निर्णयले निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा असर परेको हो भन्ने व्यहोरा निवेदनमा खुलेको पाईदैन। यदि

उक्त निर्णयबाट पश्चिम सेती हाईड्रोपावर कम्पनीलाई असर परेको भए कानूनबमोजिमको न्यायिक उपचार प्राप्तिको लागि सम्बन्धित निकायमा जान सक्ने अधिकार उक्त कम्पनीमा सुरक्षित नै रहेको देखिन्छ। र सो कम्पनी आफ्नो कानूनी उपचार माग गर्नको लागि सम्वन्धित निकायमा जाने हैशियत र पहुँच नभएको भन्ने अवस्था पनि देखिंदैन। यस स्थितिमा उक्त कम्पनीको तर्फबाट उपचार माग गर्न आउने निवेदकहरूको स्पष्ट र कानूनी हकदैया देखिँदैन।

५. निवेदकहरूले प्रस्तुत विवाद सार्वजनिक सरोकारको विषय भएकोले आफूहरूको समेत सरोकारको विषय हुँदा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचार माग गर्ने अधिकार छ भनी बहस जिकीर लिएको सम्बन्धमा विचार गर्दा सामाजिक न्यायको दृष्टिकोणबाट सरकारले गरेको निर्णयले कुनै सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक दृष्टिकोणले पिछडिएको बर्ग, समुदाय वा क्षेत्रका प्रति न्याय हुन सकेको छैन वा राष्ट्रिय स्रोत र साधनको वितरणमा त्यस्ता वर्गको पहुँच सुनिश्चित हुन सकेको छैन भने त्यसरी पिछडिएका वर्ग समुदाय वा क्षेत्रका व्यक्तिको अदालत वा राज्यका संयन्त्रहरूमा पिछडिएको वा चेतनास्तर कम भएको कारण सहज पहुँच छैन भने सोही कारणले मात्र सामाजिक न्यायबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले त्यस्ता व्यक्तिहरूको तर्फबाट अन्य व्यक्तिहरूले समेत न्यायिक उपचार माग गर्न सक्ने व्यवस्था सार्वजनिक सरोकारको विषय हो। सार्वजनिक सरोकारको विषयको पहिचान गर्दा कुनै विवाद खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ वा सर्वसाधारण नागरिक वा जनसमुदायको सामूहिक हक वा सरोकारसँग छ भन्ने कुरा हेर्नु पर्दछ। देशको सुरक्षा, शासन व्यवस्था, सामाजिक शान्ति, जनसाधारणको शिक्षा, स्वास्थ्य र नैतिकता, देशको आर्थिक अवस्था, राज्यका निर्देशक सिद्धान्तका रुपमा व्यवस्थित सामाजिक न्यायका विषयहरू जस्ता पक्षहरूले सर्वसाधारण नागरिक वा कुनै जनसमुदायको हित वा स्वार्थमा अनुकूल वा प्रतिकूल प्रभाव पार्न सक्ने भएकोले यस्ता विषयलाई सार्वजनिक सरोकार मान्न सकिन्छ। यस्ता सार्वजनिक सरोकारको विषयलाई ग्रहण गरेर न्यायिक रुपले निरोपण गर्नुको मुख्य उद्धेश्य कानून वा संविधानद्वारा समर्थित सरोकारको संरक्षण गर्नु हो। केवल वौद्धिक उत्सुकता वा लहडवाजीको आधारमा वा कुनै विषयलाई अदालतमा प्रवेश गराएर जनमानसमा कौतुहलता उत्पन्न गराई आफ्नो प्रचार प्रसार गराउने वा अदालतको क्षमता परीक्षण गर्ने उद्देश्यले ल्याईएको विषयलाई सार्वजनिक सरोकारको विषयको रुपमा लिन सकिँदैन।

६. प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा निवेदकहरूले प्रश्न उठाएको औद्योगिक प्रवर्द्धन बोर्डको १८८ औं बैठकले पश्चिम सेती हाईड्रोपावर कम्पनीको दर्तासम्बन्धी निर्णय गरेको छ। औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३ को कानूनी व्यवस्थाअन्तर्गत औद्योगिक प्रवर्द्धन बोर्डले देशको औद्योगिकरण सम्बन्धी नीति, ऐन नियमहरूको तर्जुमा र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने तथा आर्थिक नीतिहरूको उद्देश्य प्राप्तिको लागि उद्योग क्षेत्रलाई प्रतिष्पर्धात्मक बनाउँदै लैजान मार्गदर्शन दिनेलगायतका नीतिगत निर्णय गरी मार्गदर्शन गर्नसक्ने नै देखिन्छ। यसरी एउटा कानूनबमोजिमको अधिकारप्राप्त निकायले कुनै एउटा निश्चित कम्पनीको दर्ता गर्ने सिलसिलामा गरेको निर्णयलाई सार्वजनिक सरोकारको विषय मान्न सकिन्न। निवेदकहरूले चुनौति दिएको निर्णयवाट प्रत्यक्षरुपले प्रभावित हुने पश्चिम सेती हाईड्रो पावरलाई यदि सो निर्णयवाट कानूनी र संवैधानिक हक हनन् भएको महसूस भएमा उक्त कम्पनी स्वयं अदालत समक्ष आउन सक्ने सक्षम व्यवसायिक पक्ष देखिन्छ। आफ्नो हकमा प्रतिकूल असर परेमा आफै न्यायिक निकाय समक्ष उपस्थित हुन सक्ने सक्षम पक्षको प्रतिनिधित्व निवेदकहरूवाटै हुनु पर्ने भन्ने अवस्था पनि देखिँदैन। यसरी एउटा कम्पनीको दर्ताको विषयलाई सार्वजनिक सरोकारको विषयको रुपमा लिएर सक्षम पक्षको प्रतिनिधित्व गर्न निवेदकहरू आएको पाइएकोले निजहरूको प्रस्तुत विषयमा सार्थक सम्बन्ध (Meaningful Relation) रहेको अवस्था देखिएन।

७. तसर्थ, प्रस्तुत निवेदनमा उठाईएको विषयवस्तु सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित नभएकोले निवेदकहरूको हकदैया नै स्थापित हुन नसक्ने र औद्योगिक प्रवर्द्धन वोर्डको १८८ औं बैठकको

निर्णयवाट निवेदकहरूको कुनै पनि संवैधानिक वा कानूनी हक अधिकार हनन् भएको अवस्था समेत नदेखिँदा मागबमोजिम आदेश जारी गरिरहनु परेन। निवेदन खारेज हुने ठहर्छ। मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या.तर्कराज भट्ट

इति संवत् २०६७ साल कात्तिक २ गते रोज ४ शुभम्

इजलास अधिकृतः कृष्णमुमारी शिवाकोटी

## निर्णय नं. ८६८१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
संवत् २०६६ सालको रिट नं. ०६६-WO-०८५५
आदेश मितिः २०६८।२।१२।५
विषयः उत्प्रेषणमिश्रित परमादेश।

रिट निवेदकः रौतहट जिल्ला, राजपुर तुलसी गा.वि.स. वडा नं. १ मा बस्ने स्व. देवी गिरीको श्रीमती शान्तिदेवी

विरुद्ध

विपक्षीः रौतहट जिल्ला राजपुर तुलसी गा.वि.स.वडा नं. ८ बस्ने मजवुन शेषिन समेत

- **लामो समयदेखि प्रचलनमा रहेका कानूनी व्यवस्थालाई परिवर्तित सामाजिक संरचना र बदलिंदो पारिवारिक संगठनका परिप्रेक्ष्यमा पनि मीमांसा गरिन आवश्यक छ। कानून समाजका लागि हो, त्यसैले कानूनको प्रयोग र प्रचलनमा ठाउँ रहेसम्म सामाजिक परिवर्तनको धारलाई पछ्याउँदै समसामयिकतालाई व्याख्याद्वारा समाहित गर्दै लानु पर्दछ। सामाजिक परिवर्तनको गतिलाई कानूनले प्रष्ट शब्दमा निषेध नै गरेको अवस्थामा बाहेक न्यायिक व्याख्याले साथ दिनुपर्ने।**
- **परिवारका प्रत्येक सदस्य आफूअनुकूल आफ्नो आर्थिक हैसियत अभिवृद्धिका लागि क्रियाशील रहने निजात्मक प्रवृत्तिले परिचालित हुन्छन्। र, यो परिवर्तित प्रवृत्तिलाई समाजले सहजै स्वीकारेको पनि छ। लेनदेन व्यवहारको ८ र ९ नं. को प्रयोग र प्रचलन यही यथार्थको धरातलमा हुनु आवश्यक देखिने।**

(प्रकरण नं.४)

- **ऋण दिनेले असामीको सम्पत्ति वा कारोवार हेरेर आफ्नो रकम असूल हुने प्रत्याभूतिका आधारमा लगानी गरेको हुन्छ। अदालतले लेनदेनमा अन्तिम फैसला गरिदिए पछि पनि अनन्तकालसम्म कार्यान्वयन नहोस् भन्ने कानूनको उद्देश्य हुन नसक्ने।**
- **ऋणी र निजका परिवार मिली सम्पत्ति कहिल्यै नछुट्याएमा साहूको रकम तथा अदालतको फैसला शून्यमा परिणत हुन सक्ने अवस्था आउँछ। यसै गरी पारिवारिक सम्पत्तिको प्रबन्धलाई नै बिथोल्ने र अन्य अंशियार सदस्यलाई हानि नोक्सानी पुऱ्याउने असामीको नियत नै हुँदैन भन्न पनि सकिन्न। यसरी सवै सरोकारवाला पक्षको हित र सरोकारमा कानूनको परिधिभित्र रही सन्तुलन कायम गर्नु नै न्यायको तात्पर्य हुने।**

(प्रकरण नं.८)

- **लेनदेन व्यवहारको ९ नं. को संरचनाले असामीको हक पुग्ने स्थितिलाई जनाएको हो। बण्डापत्र पारीत भई वा अंश मुद्दाको फैसला कार्यान्वयन भई असामीका नाममा दर्ता दाखिल खारेज भई जग्गाधनी प्रमाण पूर्जा बनेपछि मात्र साहूले सो सम्पत्ति समाउन पाउँछ भन्ने अर्थमा लेनदेन व्यवहारको ९ नं. लाई ग्रहण गर्नु अनुचित हुने।**

(प्रकरण नं.९)

- **बण्डा नछुट्टिएकै भए तापनि ऋणीको अन्तरभूत अधिकार रहेको अंश भागबाट मात्र लिलाम हुन्छ र त्यसबाट केवल ऋणीकै भाग हिस्सा घट्दछ परिणामतः अरु अंशियारको भाग हिस्सालाई कुनै प्रतिकूल असर पर्दैन भने**

**यस्तो कारवाहीलाई लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल भन्न नमिल्ने ।**

(प्रकरण नं.१२)

- **पैतृक सम्पत्तिमा दर्तावाल व्यक्तिबाहेक सगोलका अन्य व्यक्तिको पनि अन्तरभूत अधिकार रहने कानूनी स्थिति रहेबाट सो हदसम्मको लिलामी कारवाही गैरकानूनी हुन नसक्ने ।**
- **सम्पत्ति बण्डा नै नहुने प्रकृतिको हो वा नरम गरम मिलेको छैन भन्ने कुरा स्थापित नभएको अवस्थामा भविष्यमा हुने बण्डाबाट असामीको हक पुग्ने हदसम्मको हिस्साबाट हुन जाने असूली कारवाहीलाई अनुचित र अन्यायिक मान्न मिल्दैन । असामीको हक पुग्नु भनेको निजका नाममा दर्ता भइसक्नु मात्र होइन, सो सम्पत्ति प्राप्त गर्नसक्ने सुनिश्चितता पनि हो । लेनदेन व्यवहारको ९ नं. को आशय र मनसाय पनि यही देखिने ।**

(प्रकरण नं.१३)

निवेदक तर्फबाटः

विपक्षी तर्फबाटः विद्वान अधिवक्ताद्वय माधवकुमार बस्नेत र विनोद फुँयाल

अवलम्बित नजीरः

- *नेकाप* २०६५, अङ्क १, नि.नं. ७९२४ पृष्ठ १२२
- *नेकाप* २०६७, अङ्क १, नि.नं. ८२९० पृष्ठ १
- *नेकाप* २०५७, अङ्क ५, नि.नं. ६९०४ पृष्ठ ४४०

सम्बद्ध कानूनः

- लेनदेन व्यवहारको ८ र ९ नं.
- प्रमाण ऐनको दफा ६(क)
- अंशबण्डाको १८ नं.
- दण्ड सजायको महलको ४२ नं.

आदेश

**न्या.प्रकाश वस्तीः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ भनी यस अदालतमा दायर भै पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं निर्णय यस प्रकार छ :-

स्व.देवी गिरी र म निवेदिका शान्तिदेवीको दाम्पत्य जीवनबाट अगन्धुकुमार गिरीसहित तीन छोरा एकासगोलमा नै छौं । आफ्नो एकापरिवारको घरको मूली मुख्य भै घरको व्यवहार गर्ने आमाको हैसियतमा म निवेदिका नै रहेको तथ्य मेरै गाउँकी मजवुन शेषिनलाई यथार्थ व्यहोरा जानकारी छ । निज मजवुन शेषिनले अगन्धुकुमार गिरीलाई दिएको ऋण र कपाली तमसुकमा मेरो कुनै सहमति मञ्जूरी छैन । बिगोको कार्यवाहीमा लिलाम भएको सम्पत्ति म निवेदिकाको नाउँ दर्ताको हो भन्ने तथ्य पनि निर्विवाद रहेकोमा घरको मुख्यको मञ्जूरीबेगर मजवुन शेषिन र अगन्धुकुमार गिरीबीचमा भएको लेनदेनको ऋण असूल गर्ने प्रयोजनको लागि लिलाम गर्न नमिल्ने भनी लेनदेन व्यवहारको महलको ८ र ९ नं. को कानूनी व्यवस्थाप्रतिकूल स्वेच्छिक तर्कलाई अगाडि सारी बदर भैसकेको लिलामलाई यथावत् कायम राख्ने गरी भएको पुनरावेदन अदालत, हेटौडाको आदेश त्रुटिपूर्ण हुँदा विपक्षीहरूद्वारा भएको मिति २०६५।१२।३ को लिलाम, सो लिलामको आधारमा भएको दा.खा.दर्तालगायतका काम कारवाहीका साथै मिति २०६६।११।१३ को आदेश समेत गैरकानूनी अन्यायपूर्ण भै ती आदेशलगायतका काम कारवाहीहरूले मेरो कानूनप्रदत्त हकमा आघात पर्नुका साथै संविधानको धारा १३(१)र १९ द्वारा प्रदत्त हकमासमेत आघात परेकोछ । उत्प्रेषणको आदेशद्वारा उल्लिखित लिलाम, सो लिलामबमोजिम भएको दा.खा. दर्तासमेतका काम कारवाही तथा रौतहट जिल्ला अदालतका तहसिल्दार र पुनरावेदन अदालत, हेटौंडाको उक्त आदेशहरू बदर गरी मेरो नाउँ दर्ताको सम्पत्ति बिगोमा लिलाम गरेको लिलामी मुचुल्काबमोजिमको सम्पूर्ण सम्पत्ति मेरो नाउँमा यथावत कायम राख्नु भनी रौतहट जिल्ला अदालत र मालपोत कार्यालय रौतहटको नाउँमा परमादेशको आदेश जारी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन जिकीर ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि

नियमबमोजिम गरी पेश गर्नू । अन्तरिम आदेशको सम्बन्धमा विचार गर्दा सुविधा सन्तुलनको सिद्धान्त तथा निवेदकलाई पर्न जाने क्षतिलाई दृष्टिगत गर्दा विपक्षीले लेनदेन मुद्दाको बिगोबापतमा लिलाम गराई लिएको जग्गा यो मुद्दाको अन्तिम किनारा नहुन्जेलसम्म तेस्रो व्यक्तिको नाममा हक हस्तान्तरण नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतबाट भएको मिति २०६६।१२।१५ को आदेश ।

वादी मजवुन शेषिन प्रतिवादी अगन्धुकुमार गिरी भएको लेनदेन मुद्दामा साँवा व्याज भराई पाउने ठहरी रौतहट जिल्ला अदालतबाट मिति २०६४।१०।२९ मा फैसला भई सो बिगो भराई पाऊँ भनी वादी मजवुन शेषिनले वि.नं. ५३४ को बिगो मुद्दा दर्ता गराई कारवाहीको क्रममा मिति २०६५।६।२ गते जायजाती मुचुल्का भएको, मिति २०६५।७।५ मा मोल कायम भएको र मिति २०६५।१२।३ मा ऋणी प्रतिवादी अगन्धुकुमार गिरीको अंश भागसम्मको जग्गा लिलाम भएकोमा सो लिलाम मुचुल्का बदर गरिपाऊँ भनी शान्तिदेवीको अ.वं.६१ नं.बमोजिमको निवेदन परी पेश हुँदा यी वादीसँग प्रतिवादीले मिति २०५६।११।६ मा लिएको ऋणमा भएको कपाली तमसुकमा निवेदिका प्र.अगन्धुकुमारकी आमा शान्तिदेवीको मञ्जूरी भएको र साक्षी रहे बसेको देखिएन । घरको मुख्य शान्तिदेवी रहेको कुरामा विवाद देखिँदैन । प्रमाणमा रहेको वादी रामविनोद गिरी प्रतिवादी शान्तिदेवीसमेत भएको दे.नं. १६४३ को अंश दर्ता मुद्दामा मिति २०५२।६।२ को फैसलाअनुसार शान्तिदेवीको नाममा रहेको जग्गामा सो अंश मुद्दामा वादी प्रतिवादी समेतको अंश हक रहेको अवस्था देखिन्छ । निवेदिका शान्तिदेवीको नाउँ दर्ताको जग्गालाई प्रस्तुत मुद्दाको बिगोमा समावेश गराउन न्यायसंगत नदेखिँदा निवेदिका शान्तिदेवीको निवेदन मागबमोजिम यस अदालतबाट मिति २०६५।१२।३ मा भएको लिलाम बदर गरी दिएको छ । निवेदिका शान्तिदेवीको नाउँको जग्गा फुकुवा गरी नियमानुसार गर्नु भन्ने मिति २०६६।९।२४ मा आदेश भएको रहेछ । सो मिति २०६६।९।२४ को आदेशउपर लेनदेन मुद्दाकी वादी मजवुन शेषिनको अ.बं. १७ नं. को निवेदनमा कारवाही हुँदा जिल्ला अदालतबाट भएको आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ । मिति २०६५।१२।३ मा भएको लिलाम यथावत कायम राखी कानूनबमोजिम गर्नु होला भन्ने पुनरावेदन अदालत, हेटौँडाबाट मिति २०६६।११।१३ मा आदेश भै सोअनुसार दा.खा.दर्ता गर्ने पत्रसमेत मालपोत कार्यालय रौतहट गौरमा गइसकेको मिसिलबाट देखिन्छ । ऋणी प्रतिवादी अगन्धुकुमार गिरीको अंश भागसम्मको जग्गा मिति २०६५।१२।३ मा लिलाम भएको र सो लिलाम पुनरावेदन अदालत, हेटौँडाको मिति २०६६।११।१३ को आदेशले सदर भएको देखिँदा उक्त आदेशले रिट निवेदकलाई कुनै असर नपरेकोले रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध गरिन्छ भन्ने समेत व्यहोराको रौतहट जिल्ला अदालत तथा सोही अदालतका तहसिल्दारको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

वादी रामविनोद गिरी प्रतिवादी शान्तिदेवीसमेत भएको दे.नं. १६४२ को अंश दर्ता मुद्दा मिति २०५२।६।२ मा फैसला भई फैसलाअनुसार अंशबण्डा नभई हालसम्म सो फैसला निष्क्रिय नै रहेको अवस्था हुँदा अंश मुद्दामा बण्डा नहुँदैमा लेनदेन मुद्दाको साहूको फैसलाअनुसार ठहर भएको बिगो रोकी राख्न नमिल्ने हुँदा बण्डा नछुट्टिएको स्थितिमा ऋणी अगन्धुकुमारको बिगो आमा शान्तिदेवीको नामको जग्गामध्येबाट चार भागको एक भाग अगन्धुकुमार गिरीको अंशभागबाट लिलाम हुने गरी मिति २०६५।१२।३ मा भएको लिलाम मिलेकै देखियो । मिति २०६५।१२।३ को लिलाम बदर गरी शान्तिदेवीको नामको जग्गा फुकुवा गर्ने गरी मिति २०६६।९।२४ मा त्यस अदालतबाट भएको आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ भनी मिति २०६६।११।१३ मा आदेश भएपश्चात् आदेश सहितको प्रतिवेदन एवं कागजात शुरु पर्सा जिल्ला अदालतमा चलान भई गएको छ । अतः यस अदालतबाट कानूनबमोजिम भएको उपरोक्त आदेशबाट विपक्षी निवेदिकाको संवैधानिक एवं कानूनी हक हनन् नभएको हुँदा रिट निवेदन खारेजभागी छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, हेटौँडाको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

लिलाम यथावत कायम राख्ने गरी पुनरावेदन अदालतबाट आदेश भएकोले उक्त लिलाम सम्पन्न भइसकेको र उल्लिखित जग्गा मैले मेरा नाउँमा

दा.खा.गरी जग्गाधनी प्रमाणपूर्जासमेत लिई फैसलाबमोजिम भरीभराउको कार्य सम्पन्न भइसकेको स्थितिमा विपक्षीको लाग्नै नसक्ने रिट दायर भएको छ। अंश नछुट्टिएको कारण फैसला कार्यान्वयन गर्न नमिल्ने भन्ने माग दावी आफैमा कानूनविपरीत हुन्छ। किनकी लेनदेन मुद्दाका प्रतिवादी तथा एकाघरका व्यवहार चलाउने जेठा छोरा अगन्धुकुमारले आमासँग एकासगोलमा रहँदा बस्दा व्यवहार चलाउन ऋण लिएको र लेनदेन मुद्दाका प्रतिवादी अगन्धुकुमारको अंश हकसम्ममात्र लिलाम भएको हुँदा शुरु जिल्ला अदालतका तहसिल्दारले र पुनरावेदन अदालतले गरेको आदेशले विपक्षी निवेदिकाको कुनै पनि सम्पत्तिसम्बन्धी हकमा आघात पारेको छैन। त्यस्तै विपक्षीले विवाद उठाएको कुरामा अन्य छोराहरूको समर्थनसमेत छैन। यसरी आफू सरहका अन्य अंशियार छोराहरूलाई असर नपर्ने, यी विपक्षीलाई चाहिँ असर पर्ने भन्ने होइन। विपक्षीले रुपनारायण गिरीसमेत वादी भई आफूसमेत उपर अंश मुद्दा चली हककायम भएको र नछुट्टिएको तथा घरवाससमेत भएको जग्गा लिलाम गरेको बदर गरिपाऊँ भनी दावी गरेकी, तर रुपनारायण गिरीले आफ्नो नाउँको विभिन्न सात कित्ता जग्गा बैंकमा धितो राखी लिएको ऋण नतिरी लिलाममा निकालेकोमा कुनै पनि प्रश्न उठाएकी छैनन्। तसर्थ निजले मलाई रुपैयाँ नतिरी गरेको व्यवहार पूर्वाग्रहयुक्त छ। वादी शेखर आलम तथा प्रतिवादी यसै लेनदेन मुद्दाका प्रतिवादी अगन्धुकुमार भई यसअघि चलेको लेनदेन मुद्दामा समेत रुपैँया भराई पाउने फैसला भएकोमा सोमा पनि निजले रुपैयाँ नतिरी दुःख दिन खोजेकीमा यसै गरी लिलाम भई फैसला कार्यान्वयन भई अन्तिम भएको थियो। अगन्धुकुमारसँग मिलोमतो गरी देखावटी रुपमा प्रत्यर्थी बनाएर मेरो रुपैँया त्यसै नतिरी खान र सगोलमा फाइदा पुऱ्याउन सकिन्छ कि भनी विपक्षीले दावी लिएकी मात्र हुँदा विपक्षीको झूट्ठा तथा मलाई दुःख दिन गरेको पूर्वाग्रहयुक्त निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीमध्येका मजवुन शेषिन भनी लेनदेन मुद्दामा नाम उल्लेख गरिएकी मजवुन्नेषा शेषिनको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

मैले मजवुन शेषिनसँग कुनै ऋण कर्जा लिए खाएकै होइन। लेनदेन मुद्दाको फैसलाबमोजिम बिगो भरी भराउ हुने कुरा मैले सकार गरेको छैन। निवेदिकाले दावी गरे जस्तो मैले निवेदिकाको जग्गा लिलाम गराई बिगो तिर्न खोजेको होइन। साथै अंश हक छुट्टिई नसके तापनि मेरो हकको जग्गाबाट बिगो भरी भराउने कानूनी कार्यविधिगत कारणले मात्र विपक्षीको हकहितमा असर पर्न नसक्ने हुँदा रिट निवेदन खारेजभागी छ भन्ने समेत व्यहोराको विपक्षीमध्येका अगन्धुकुमार गिरीको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

रौतहट जिल्ला अदालतको मिति २०६५।१२।३ गतेको डाँक लिलाम र मिति २०६६।११।१४ गतेको तामेली पर्चा, च.नं. ३८४८ मिति २०६६।११।१४ गते तथा च.नं. ४१५७ मिति २०६६।१२।२ को जनाउ पत्रानुसार शान्तिदेवी नामको जिल्ला रौतहट गा.वि.स. राजपुर तुलसी वडा नं. १ कि.नं. १३० को ०-३-० को फोड कि.नं. ७१२ को ०-०-१५, कि.नं. १८७ को ०-४-१० को फोड कि.नं. ७१४ को ०-१-२½, वडा नं. ५ कि.नं. ४२३ को ०-७-१८ को फोड कि.नं. १००३ को ०-१-१९½, ऐजन वडा नं. १ कि.नं. ३८२ को ०-१-१-० को फोड कि.नं. ७१६ को ०-१-०-१५ जग्गा मजवुन नेसा शेषिनका नाममा दा.खा भई गएको र हालसम्म उक्त जग्गाहरू निज मजवुन नेसा शेषिनको नाममा कायमै रहेको हुँदा विपक्षीले यस कार्यालयमाथि लगाएको आरोप निराधार भएको हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्ने समेत व्यहोराको विपक्षीमध्येका मालपोत कार्यालय रौतहटको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदिकाको निवेदन व्यहोरा र प्रस्तुत हुन आएका लिखित जवाफसमेत अध्ययन गरी विपक्षी तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय माधवकुमार बस्नेत र विनोद फुयालले रिट निवेदिका शान्तिदेवी र ऋण लिने अगन्धुकुमार आमा छोरा हुन्। दुबै जना सगोलमै रहँदा बस्दा घर व्यवहार चलाउन ऋण लिई खाएको अवस्था छ। निजहरू बस्ने घरबाहेक गरी अन्य जग्गाबाट बिगो भरी भराउ गरिपाऊँ भन्ने निवेदन छ र सोहीअनुसार घरलाई अलग गरी ऋणीको अंश हकको जग्गाबाट मात्र बिगो भरिभराउ गरिएको छ।

यस्तो कानूनबमोजिम गरिएको कार्यले रिट निवेदकको कुनै पनि हक अधिकारमा आघात पुऱ्याएको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भनी प्रस्तुत गर्नु भएको बहस जिकीरसमेत सुनियो ।

विद्वान कानून व्यवसायीहरूको बहस जिकीर सुनी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा आमा तथा तीन छोराहरूसहितको परिवारबीच २०५२।६।२ मा अंश मुद्दामा फैसला भए पनि सम्पत्ति छुट्टिन बाँकी रहेकोमा एक छोराले २०५६।११।६ मा लिएको ऋणका हकमा २०६४।१०।२९ गते निजले तिर्नुपर्ने ठहरेको बिगोबापत आमाको नाममा रहेका घरबाहेक केही सम्पत्तिको चार भागको एक भाग २०६५।१२।३ मा लिलाम भएको कार्य लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल हो होइन भन्ने विषयमा यस अदालतले निर्णय दिनु परेको छ। तहसिल्दारबाट भएको सो लिलामी जिल्ला न्यायाधीशबाट घरकी मुख्य यी निवेदिका आमाको मञ्जूरी नदेखिएबाट बदर भएकोमा आमाको नामको सम्पत्ति भए पनि ऋणी छोराको हक पुग्ने चार भागको एक भागमात्र लिलाम भएबाट पुनरावेदन अदालतबाट सो सदर भएको अवस्था छ ।

३. तथ्यहरूको उपरोक्त सन्दर्भमा लेनदेन व्यवहारको ८ र ९ नं. को सांगोपांगो व्याख्या नै न्यायिक निष्कर्षमा पुग्ने एकमात्र मार्ग हो। यस व्याख्याका क्रममा यी कानूनका सन्दर्भमा यस अदालतबाट यसअघि *नेकाप* २०५७, भदौ, नि.नं. ६९०४, पृष्ठ ४४०, *नेकाप* २०६५, वैशाख, नि.नं. ७९२४, पृष्ठ १२२ र *नेकाप* २०६७, वैशाख, नि.नं. ८२९० पृष्ठ १ मा भएका व्याख्याहरूको अध्ययन पनि त्यत्तिकै आवश्यक छ ।

४. लेनदेन व्यवहारको ८ र ९ नं. को व्यवस्था यो लागू भएको २०२०।५।१ गतेदेखि यथारुपमा छ। यसको ९ नं. मा लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा लैंगिक समानता कायम गर्न सामान्य परिवर्तन भएकोसम्म छ। हाल प्रचलित मुलुकी ऐन आउनुपूर्वको मुलुकी ऐनको साहू असामीको ६ र ७ नं. मा पनि समरुप व्यवस्था थियो। यसरी लामो समयदेखि प्रचलनमा रहेका यी कानूनी व्यवस्थालाई परिवर्तित सामाजिक संरचना र बदलिंदो पारिवारिक सँगठनका परिप्रेक्ष्यमा पनि मीमांसा गरिन आवश्यक छ। कारण, कानून समाजका लागि हो, त्यसैले कानूनको प्रयोग र प्रचलनमा ठाउँ रहेसम्म सामाजिक परिवर्तनको धारलाई पछ्याउँदै समसामयिकतालाई व्याख्याद्वारा समाहित गर्दै लानु पर्दछ । सामाजिक परिवर्तनको गतिलाई कानूनले प्रष्ट शब्दमा निषेध नै गरेको अवस्थामा बाहेक न्यायिक व्याख्याले साथ दिनु पर्दछ। आज ४८ वर्ष पहिलेको जस्तो घरको मुख्य अर्थात मूलीकै नेतृत्वमा सबै परिवार सदस्यले घर, खेती, व्यापार वा अरु कुनै काम गर्ने अवस्था छैन । परिवारका प्रत्येक सदस्य आफू अनुकूल आफ्नो आर्थिक हैसियत अभिवृद्धिका लागि क्रियाशील रहने निजात्मक प्रवृत्तिले परिचालित हुन्छन् । र, यो परिवर्तित प्रवृतिलाई समाजले सहजै स्वीकारेको पनि छ। लेनदेन व्यवहारको ८ र ९ नं. को प्रयोग र प्रचलन यही यथार्थको धरातलमा हुनु आवश्यक छ।

यस परिप्रेक्षमा लेनदेन व्यवहारको ८ नं. को व्यवस्था निम्नानुसार छ :-

*"घरको मुख्य भै कामकाज गर्ने वा सगोलमै बसी बिभिन्न ठाउँमा घर, खेती, व्यापार वा अरु कुनै काम गरी बस्ने उमेर पुगेका जानकार लोग्नेमानिस वा स्वस्नीमानिस आफू बसी काम गरेको ठाउँमा मुख्य ठहर्छन् । त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरुले गरेकोमा मुख्य जानकारको पनि सहिछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ ।"*

५. लेनदेन व्यवहारको उपरोक्त ८ नं. को अध्ययन गर्दा यसका समस्त व्यवस्थालाई यसको अन्तिम पङ्तिले दिशानिर्देश गरेको छ । यसमा भनिएको छ, "त्यस्ता मुख्यले गरेको व्यवहार वा एकाघरका उमेर पुगेका अरुले गरेकोमा मुख्य जानकारको पनि सहिछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ" । विधिकर्ताले यस प्रवन्धद्वारा गोश्वारा धन अर्थात सामूहिक पारिवारिक सम्पत्तिमाथि केवल मुख्यको सहमतिमा भएको व्यवहारको मात्र दायित्व रहने कानूनी व्यवस्था गरेको हो । कुनै पनि सदस्यले आफूखुशी लिएको ऋण पारिवारिक सम्पत्तिबाट व्यहोरिदिनुपर्ने, अनि बाँकी सम्पत्तिबाट निजलाई अंश

पनि दिनुपर्ने गरी कसैले दोहोरो फाइदा लिन नसकोस् भन्ने बन्देज यस कानूनी प्रवन्धले लगाएको हो ।

६. घरको मुख्यले गर्ने विक्री व्यवहारलाई समेत लेनदेन व्यवहारको १० नं. र अंशबण्डाको १९ नं. ले नियन्त्रित गरेको छ । यी कानूनले सम्पत्तिमा अन्य व्यक्तिको हकलाई पनि सुरक्षा प्रदान गरेको छ । सम्पत्ति परिवार सदस्य जोसुकैको नाममा दर्ता रहे पनि त्यसमा सगोलका अन्य सदस्यको हक पनि अन्तरभूत रहने मान्यता हाम्रो कानूनी प्रणालीमा रहिआएको छ । सम्पत्तिमा अन्तरभूत अधिकारको कानूनी मान्यतालाई २०३१ सालमा आएको प्रमाण ऐनको दफा ६(क) र २०३४ पुस २७ गते मुलुकी ऐनमा भएको सातौं संशोधनपछिको अंशबण्डाको १८ नं.ले थप मुखरित गरेका छन् । प्रमाण ऐनको दफा ६(क) ले स्पष्ट शब्दमा अन्यथा प्रमाणित भएमा बाहेक एकाघरसँगका अशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको कुरा अनुमान गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसै गरी संशोधित अंशबण्डाको १८ नं. ले कुनै पनि अंशियारको श्रम, सीप र प्रयासद्वारा निजी आर्जन गर्न सक्ने र यस्तो सम्पत्ति बण्डा गर्न कर नलाग्ने अर्थात् आफूखुशी गर्न पाउने व्यवस्था गरेको छ । यस संशोधनले जे जसरी र जसको नाममा सम्पत्ति आए पनि सगोलको मानिई बण्डा गर्नुपर्ने साविकको कानूनी मान्यतामा परिवर्तन गरेको छ । अर्थात् निजी आर्जनको सम्पत्तिमा आर्जन गर्नेको बाहेक अरुको हक अन्तरभूत नरहने मानिएको छ । यी २०३१ र २०३४ सालमा ल्याइएका कानून हाम्रा सामाजिक र पारिवारिक सँगठनमा आएको परिवर्तनका केही सूचक हुन् ।

यसै सन्दर्भमा लेनदेन व्यवहारको संशोधित ९ नं. को व्यवस्था पनि हेर्नुपर्ने हुन्छ, जो निम्नानुसार रहेको पाइन्छः-

*"यसै महलको ८ नम्बरबमोजिम मुख्य भै कामकाज गरेकोमा बाहेक अरु अवस्थामा एकाघरका उमेर पुगेको कुनै व्यक्तिले कुनै व्यवहार गरेको रहेछ भने निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहूले सो धनमा समाउन पाउँदैन । निजले आफूले आर्जन गरेको वा आफूखुशी गर्न पाउने सम्पत्तिबाट मात्र लिन पाउँछ । निजको आफ्नो आर्जनको वा आफूखुशी गर्न पाउने सम्पत्ति रहेनछ भने निजले पाउने धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन । यस्तोमा दश वर्षभित्र नालिस गरी आफ्नो हक कायम गराई राखे मात्र त्यस्तो धनमा निजको हक पुगेपछि साहूले ऐनबमोजिम गरी लिन पाउँछ । त्यस्तोमा असामीको हक पुगेका मितिले दण्ड सजायको महलको ४२ नम्बर बमोजिमको भरी भराउको दरखास्त दिने म्याद शुरु हुन्छ ।"*

७. यसरी लेनदेन व्यवहारको ९ नं. ले पनि सगोलको बण्डा लाग्ने सम्पत्तिमा सवै सदस्यको हक अन्तरभूत हुने कुरालाई अस्वीकार गरेको छैन । केवल "...निजले आफूले पाउने धनमा निजको हक नपुगेसम्म साहूले सो धन समाउन...." नपाउने व्यवस्था गरेकोसम्म छ । यसै व्यवस्थालाई यही ९ नं. ले असामीको, "...आफ्नो आर्जन वा आफूखुशी गर्न पाउने सम्पत्ति रहेनछ भने निजले पाउने धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन ..." भनी यसै व्यवस्थालाई प्रयोग गर्न थप प्रबन्ध गरेको छ । लेनदेन व्यवहारको ९ नं. को यो कानूनी संरचनाका कारणले गर्दा कुनै सगोलको सम्पत्तिमा हक पुग्ने अवस्था के कसरी उत्पन्न हुन्छ भन्ने प्रश्नले पनि थप विश्लेषणको अपेक्षा गर्दछ ।

८. सो प्रश्नको निराकरण ऋणीका रुपमा रहेका सगोलका परिवार सदस्यलाई निजको हक अन्तरभूत धन अर्थात सम्पत्ति आफ्नो ऋण असूलीका प्रयोजनका लागि समाउन साहू कुन अवस्थामा सक्षम हुन्छ भन्ने कुराको निर्धारणसँग सम्बन्धित छ । ऋण दिनेले असामीको सम्पत्ति वा कारोवार हेरेर आफ्नो रकम असूल हुने प्रत्याभूतिका आधारमा लगानी गरेको हुन्छ । अदालतले लेनदेनमा अन्तिम फैसला गरिदिए पछि पनि अनन्तकालसम्म त्यो कार्यान्वयन नहोस् भन्ने कानूनको उद्देश्य हुन सक्दैन । कसैको हक संरक्षण गर्ने नाउँमा अर्कालाई गैरकानूनी रुपमा अन्याय होस् भन्ने कानूनको उद्देश्य हुन सक्दैन । ऋणी र निजका परिवार मिली सम्पत्ति कहिल्यै नछुट्टयाएमा साहूको रकम तथा अदालतको फैसला शून्यमा परिणत हुन सक्ने अवस्था आउँछ । यसै गरी पारिवारिक सम्पत्तिको प्रबन्धलाई नै बिथोल्ने र अन्य अंशियार सदस्यलाई हानि नोक्सानी पुऱ्याउने असामीको नियत नै हुँदैन भन्न पनि सकिन्न । यसरी सवै सरोकारवाला पक्षको

हित र सरोकारमा कानूनको परिधिभित्र रही सन्तुलन कायम गर्नु नै न्याय हो ।

९. माथि विवेचित सन्दर्भका कसीमा असामीले पाउने धनमा निजको हक नपुगेसम्म साहूले समाउन नपाउने कानूनी प्रवन्धलाई उल्ट्याएर हेर्दा असामीले पाउने धनमा निजको हक पुगेपछि साहूले समाउन पाउने भन्ने अर्थ सहजै निस्किन्छ । लेनदेन व्यवहारको ९ नं. को संरचनाले असामीको हक पुग्ने स्थितिलाई जनाएको हो । बण्डापत्र पारीत भई वा अंश मुद्दाको फैसला कार्यान्वयन भई असामीका नाममा दर्ता दाखिल खारेज भई जग्गाधनी प्रमाण पूर्जा बनेपछि मात्र साहूले सो सम्पत्ति समाउन पाउँछ भन्ने अर्थमा लेनदेन व्यवहारको ९ नं. लाई ग्रहण गर्नु अनुचित हुन्छ । कारण विधिकर्ताले सो सम्पत्तिमा ऋणीको हक पुगिसकेको नभई हक पुग्ने स्थिति देखिनु नै लेनदेन व्यवहारको ९ नं. को प्रयोजन पूरा हुने मानेको कुरामा कुनै दुविधा छैन । हक पुग्ने स्थिति संभावनाको द्योतक हो भने हक पुगेको स्थिति क्रियाको अन्त्य हो ।

१०. कसैको हक पुग्ने सम्पत्ति मूल्य र महत्वका हिसावले सबै समान हुँदैनन् । त्यसैले नरम गरम मिल्नु पर्ने मान्यता हाम्रो कानूनी प्रणालीले सदैव स्वीकारेको सिद्धान्त हो । प्रत्येक अंशियारको अन्तरभूत अधिकार सबै खालका सम्पत्तिमा समान रुपमा रहन्छ । तसर्थ नरम गरम अर्थात असल कमसल सबै खालका सम्पत्तिमा सबै अंशियार समानरुपमा स्वामी हुन्छन् । असामीको हक पुग्ने भन्दैमा साहूले केवल राम्रो वा आफ्नो इच्छानुकूलको सम्पत्तिमात्र समाउन भने पाउँदैन । यस्तो स्थिति छ छैन भन्ने कुरा निर्क्योल गर्ने दायित्व अदालतमा रहन्छ ।

११. यी सन्दर्भमा निचोडमा पुग्नु अघि यस अदालतले के कस्ता सिद्धान्त प्रतिपादन गरी लेनदेन व्यवहारको ८ र ९ नं. को व्याख्या गरेको छ भन्ने पक्ष पनि त्यत्तिकै महत्वपूर्ण छ । *नेकाप* २०६५, वैशाख, नि.नं. ७९२४ पृष्ठ १२२ मा अंश मुद्दा परी असामीको दुई भागको एक भाग सम्पत्ति कायम भएकोमा असामीबाहेक अन्य अंशियारको भाग पनि रोक्का राखिएको कार्यलाई अस्वीकृत गरेको छ । यसको तात्पर्य अंश मुद्दा परेपछि असामीको भाग कायम भएको हिस्सा साहूले आफ्नो लेना असूलीका लागि समाउन पाउने कुरालाई यस अदालतले मान्यता दिएको छ । *नेकाप* २०६७, वैशाख, नि.नं. ८२९० पृष्ठ १ मा घरकी मुख्य आमाको सहमतिबिना तीन छोरामध्ये एक छोराले लिएको ऋणमा आमालाई प्रतिवादको मौका समेत नदिई कूल ज.वि. ०-११-० को कित्तामध्ये उत्तरतर्फबाट ०-८-१० लिलाम गरिएको कार्यलाई अवैध मानिएको छ । यसै गरी *नेकाप* २०५७, भदौ, नि.नं. ६९०४ पृष्ठ ४४० मा छोराले लिएको ऋणमा बसोबास गरिरहेका आमा वावुको नामको पूरै घर जग्गा समाई असूलीका लागि उठाइएको कारवाहीलाई अवैध भनिएको छ ।

१२. प्रस्तुत विवादमा अंश मुद्दा परी २०५२।६।२ मा ऋणीसहित चार अंशियारबीच बण्डा छुट्टिने फैसला भई बसेको छ । घरबाहेक विभिन्न चार कित्ता जग्गामध्ये कित्ता फोड गरी चार भागको एक भाग जग्गा मात्र लिलाम भई लेनदेन मुद्दाबाट भरिपाउने ठहऱ्याएको फैसला कार्यान्वित हुन गएको छ । प्रतिवादको मौका पाइन भनी आमा अर्थात रिट निवेदिकाको जिकीर छैन । राम्रो राम्रो सम्पत्तिमात्र लिलाम भयो नरम गरम मिलेन भन्ने निवेदिकाको जिकीर पनि छैन । यस्तो अवस्थामा सम्पन्न लिलाम बदर गर्नु लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल हो । कारण लिलाम भएको सम्पत्तिमा असामीको अदालतको फैसलाका कारणबाट हक पुग्ने स्थिति जन्मिसकेको छ । ऋणीको भागको सम्पत्ति मात्र साहूका नाममा लिलामीका माध्यमद्वारा जानुबाट निवेदिकासमेत अन्य अंशियारको हकमा कुनै असर परेको छैन । रिट निवेदिकाबाहेक अन्य अंशियारहरूले सो लिलामीलाई चुनौती दिएका पनि छैनन् । बण्डा नछुट्टिएकै भए तापनि ऋणीको अन्तरभूत अधिकार रहेको अंश भागबाट मात्र लिलाम हुन्छ र त्यसबाट केवल ऋणीकै भाग हिस्सा घटदछ परिणामतः अरु अंशियारको भाग हिस्सालाई कुनै प्रतिकूल असर पर्दैन भने यस्तो कारवाहीलाई लेनदेन व्यवहारको ८ र ९ नं. प्रतिकूल भन्न मिल्दैन ।

१३. उपरोक्तानुसार, पैतृक सम्पत्तिमा दर्तावाल व्यक्तिबाहेक सगोलका अन्य व्यक्तिको पनि अन्तरभूत अधिकार रहने कानूनी स्थिति रहेबाट सो हदसम्मको लिलामी कारवाही गैरकानूनी हुन सक्दैन । त्यो सम्पत्ति बण्डा नै नहुने प्रकृतिको हो वा नरम गरम मिलेको छैन भन्ने कुरा स्थापित नभएको अवस्थामा भविष्यमा हुने बण्डाबाट असामीको हक पुग्ने हदसम्मको

हिस्साबाट हुन जाने असूली कारवाहीलाई अनुचित र अन्यायिक मान्न मिल्दैन । असामीको हक पुग्नु भनेको निजका नाममा दर्ता भइसक्नु मात्र होइन, सो सम्पत्ति प्राप्त गर्नसक्ने सुनिश्चितता पनि हो । लेनदेन व्यवहारको ९ नं. को आशय र मनसाय पनि यही हो । प्रस्तुत विवादमा अंश मुद्दा नै परी अंशियार र खण्ड कायम भई फैसलासमेत भैसकेको स्थितिमा सो सम्पत्तिमा अझै ऋणीको हक पुगिसकेको छैन भन्नु न्याय र कानूनसंगत होइन ।

१४. निवेदिकाले प्रतिवादको मौका नपाएको जिकीर लिन सकेको अवस्था पनि छैन । साथै विभिन्न चार कित्ताबाट ऋणीको हक पुग्ने चार भागको एक भाग मात्र लिलाम भएबाट नरम गरम नमिलेको भन्ने अवस्था पनि छैन । केवल आफ्नो नाम दर्ताको सम्पत्ति आफू परिवारको मुख्य भएकोमा आफ्नो सहमति मञ्जूरीविनाको छोराको ऋण असूलीका लागि लिलाम भयो भन्ने जिकीर सम्पत्तिमा रहने अन्य हकदारको अन्तरभूत अधिकारको सिद्धान्तका दृष्टिकोणले उचित मान्न सकिएन ।

१५. अत: माथि उल्लेख गरिएबमोजिम बण्डा नछुट्टिएकै भए तापनि ऋणीको अन्तरभूत अधिकार रहेको अंश भागबाट मात्र लिलाम गर्ने कार्य गरेको देखिएको, ऋणीले आफ्नो अंश भाग मात्र गुमाएको, अन्य अंशियारहरूको हक हिस्सा सुरक्षित नै रहेको र साहूले ऋणीका भागमा पर्ने निजको हक पुग्ने अवस्थाको जग्गा लिलाम गरी कानूनबमोजिम आफ्नो बिगो भरीभराउ गरी लिन पाउने नै देखिएको समेतका आधारबाट तहसिल्दारले कानूनबमोजिम गरेको लिलामी कार्यलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।१३ मा भएको आदेशले रिट निवेदिकाको कानूनी तथा संवैधानिक हकमा आघात पुगेको नदेखिँदा त्यस्तो कानूनबमोजिम गरिएको कार्यलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी शून्य घोषित गरिरहनु परेन प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । परिणामत: यस विवादमा जारी भएको अन्तरिम आदेशसमेत स्वत: निष्क्रिय हुन्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दामोदरप्रसाद शर्मा

इति संवत् २०६८ साल जेठ १२ गते रोज ५ शुभम्....
इजलास अधिकृत : हेमबहादुर सेन

## निर्णय नं. ८६८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
संवत् २०६६-wo -१०६१
आदेश मिति: २०६८।५।२१।४
मुद्दा:- उत्प्रेषण, परमादेश समेत ।

निवेदक: चीनको ल्हासा बस्ने राहदानी नं. G 6525233 बाहक चाइनीज नागरिक निगाको कानून व्यवसायी अधिवक्ता पूर्णप्रसाद राजवंशी

विरुद्ध

विपक्षी: काठमाडौं जिल्ला अदालत

- **अदालतलाई विश्वास लाग्ने कुनै पनि सुरक्षण अदालतमा दाखिल गरेको अवस्थामा मात्र वारेसद्वारा पुर्पक्ष गराई पाउने अधिकार मुद्दाको पक्ष रहेको विदेशी नागरिकलाई प्राप्त हुने हुँदा अदालती बन्दोबस्तको ६६ नं. अनुसारको सुविधा वा अधिकार कानून व्यवसायीलाई प्राप्त हुने अधिकार नभई मुद्दाको पक्ष रहेको विदेशी नागरिकलाई प्राप्त हुने हकभित्र पर्ने ।**

(प्रकरण नं.५)

- **अदालतले पक्षलाई प्रष्टसँग वारेस राख्न अनुमति नदिएको मुद्दामा पक्ष स्वयं उपस्थित नभई निजको अनुपस्थितिमा निजको प्रतिनिधित्वको लागि उपस्थित भएको कानून व्यवसायीबाट मुद्दाको पक्ष स्वयंले बुझाउनु पर्ने बिगो, दण्ड, जरीवानालगायतका रकमहरू असूल गर्न नसकिने कानूनी अवस्थामा कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) अनुसार आफ्नो पक्षको तर्फबाट मुद्दा हेर्ने अड्डा अदालतसमक्ष उपस्थित हुन पाउने कानून व्यवसायीको अधिकारको दायरा र प्रकृतिको बारेमा विवेचना गर्दा फैसला कार्यान्वयनको सन्दर्भ र वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने**

**हकसम्बन्धी नेपाल कानूनको व्यवस्थासँग उक्त दफा २२(१) को तादम्यतालाई पनि हेर्नुपर्ने ।**

- **अन्तिम फैसला हुँदा मुद्दाका पक्षबाट असूल गर्नुपर्ने बिगो, जरीवानालगायतका दण्ड सजाय असूल हुन नसक्ने परिस्थितिको सिर्जना हुने वा वारेसद्वारा मुद्दाको पुर्पक्ष गराउने अधिकार प्रयोग गर्न चाहने मुद्दाका पक्षले पूरा गर्ने शर्तहरूको बारेमा अदालती बन्दोबस्तको ६५ तथा ६६ नं. मा गरिएको व्यवस्थालाई निष्क्रिय पार्ने किसिमबाट कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) मा गरिएको व्यवस्थाको व्यापक परिभाषा र अर्थ गर्न नमिल्ने ।**
- **कानून व्यवसायीलाई मुद्दाका पक्षको तर्फबाट उपस्थित हुने सम्बन्धमा दिएको अधिकार कानून व्यवसायीलाई प्राप्त सम्पत्तिसम्बन्धी हक जस्तो व्यक्तिगत हक नभई कानूनद्वारा निर्धारित दायराभित्र रही सञ्चालन हुने पेशासम्बन्धी अधिकार मात्र हो । यसैले यस्तो अधिकार प्रयोग गर्ने गराउने नाममा अन्य प्रचलित कानूनमा गरिएको व्यवस्थालाई निष्क्रिय वा शून्य गराउन नसकिने ।**

(प्रकरण नं.८)

- **फौजदारी मुद्दामा विदेशी प्रतिवादीले अदालती बन्दोबस्तको ६६ नं. अनुसारको प्रक्रिया पूरा गरी वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने अनुमित प्राप्त नगरेको अवस्थामा फौजदारी मुद्दाका प्रतिवादीले न्यायालयबाट पाउने उपचारको हक वारेसमार्फत् उपभोग गर्न पाउने अवस्था नहुँदा कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) अनुसार आफ्नो पक्षको तर्फबाट उपस्थित हुने हक समेत प्राप्त नहुने ।**

(प्रकरण नं.९)

निवेदक तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ता शम्भु थापा तथा विद्वान अधिवक्ता पूर्णप्रसाद राजवंशी
विपक्षी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता राजनारायण पाठक तथा विद्वान उपन्यायाधिवक्ता हरिप्रसाद रेग्मी
अवलम्बित नजीरः

सम्बद्ध कानूनः
- अदालती बन्दोबस्तको १७, ६५(१), ६६ नं
- विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४(१) र १७(१)
- कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१)

आदेश

**न्या.भरतराज उप्रेतीः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अनुसार यसै अदालतको क्षेत्राधिकार भित्रको भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

निवेदकको पक्ष चाइनीज नागरिक निगाउपर चाइनीज युआन र नेपाली रुपैंया समेत जम्मा रु.७,८३,०००।- रकमको बिगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३,४(१), १७(१) अन्तर्गत मुद्दा चलाइएकोमा राजश्व अनुसन्धान विभागबाट बिगोबमोजिम धरौटी माग गरिएकोले सो रकम निगाले दाखिल गरी सकेको र सोही धरौटीलाई यथावत कायम गरी निगालाई तारिखमा राखी मुद्दा पुर्पक्ष गर्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।१०।४ मा आदेश भएको छ । अड्डाले तोकेको तारिखमा उपस्थित हुन असमर्थ भएकोले मुलुकी ऐन अदालती बन्दोबस्तको ६५(१) नं बमोजिम वारेस राख्ने अनुमति पाउँ भनी निवेदन दिएकोमा मिति २०६६।१०।२० मा काठमाडौं जिल्ला अदालतबाट निवेदन मागबमोजिम वारेस राख्न दिन नमिल्ने भनी आदेश भयो । सोही मितिमा म निवेदकले कानून व्यवसायीको हैसियतले तारिखमा बस्न पाउँ भनी दिएको निवेदनउपर कारवाही हुँदा मिति २०६६।११।५ मा एक पटकलाई मात्र तारिखमा बस्न दिने भनी आदेश भयो ।

एक पटक मात्र तारिखमा बस्न दिने गरी काठमाडौं जिल्ला अदालतबाट भएको उक्त आदेश अदालती बन्दोबस्तको १७ नं. बमोजिम वेरीतको भै बदर गरी मुद्दाको अन्तिम किनारा नभएसम्म तारिखमा बस्न पाउँ भनी निवेदकले पुनरावेदन अदालत, पाटनमा निवेदन दिएकोमा पुनरावेदन अदालत, पाटनबाट प्रतिवादी निगा चाइनीज नागरिक भएको र विदेशी नागरिकको हकमा अदालती बन्दोबस्तको ६६ नं.

बमोजिम कानूनी व्यवस्थाअनुसार प्रतिवादीले प्रक्रिया पूरा गरेको अवस्थामा कानून व्यवसायीको हैसियतले निवेदकलाई तारिखमा वस्न पाउने गरी सुविधा प्रदान गर्नु भनी मिति २०६६।१२।२० मा आदेश भयो। पुनरावेदन अदालत, पाटनबाट भएको उक्त आदेशबमोजिम म निवेदकले मिति २०६६।१२।२५ मा काठमाडौँ जिल्ला अदालतमा अदालती बन्दोबस्तको ६६ नं. बमोजिमको प्रक्रिया पूरा गरी पक्षको तर्फबाट कानून व्यवसायीको हैसियतले तारिखमा बस्ने व्यवस्था गरी मुद्दाको पुर्पक्ष गर्न पाऊँ भनी निवेदन दिएकोमा काठमाडौँ जिल्ला अदालतबाट पुनः "प्रतिवादीलाई यस अदालतबाट मिति २०६६।१२।५ गतेको तारिख तोकिएको मिसिल संलग्न तारिख भरपाईबाट देखिएकोमा निज प्रतिवादीले उक्त तारिख थामेको नदेखिँदा कानूनबमोजिमको म्यादभित्र प्रतिवादीले तारिख थामे, थमाएमा वा सो थमाउने म्याद भुक्तान भए पछि नियमानुसार पेश गर्नु" भन्ने आदेश भयो।

पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२० को आदेशबमोजिम तोकिएको तारिख मिति २०६६।१२।५ ले ३० दिनको म्यादैभित्र मिति २०६६।१२।२५ मा काठमाडौँ जिल्ला अदालतमा निवेदन दिई निरन्तर कारवाहीमा रहेको हुँदा पुनरावेदन अदालत, पाटनको आदेशले प्रष्ट रुपमा विदेशीको हकमा अदालती बन्दोबस्तको ६६ नं. बमोजिमको प्रक्रिया पुऱ्याएर निवेदकलाई कानून व्यवसायीकै हैसियतले तारिखमा बस्न दिनु भनिएकोमा जिल्ला अदालतबाट कुनै कारवाही नै नगर्नु भनी गरिएको आदेश त्रुटिपूर्ण छ।

कानूनबमोजिम वारेस राख्न पाउने र कानून व्यवसायीको हैसियतले अड्डामा उपस्थित हुन पाउने अवस्था फरक छ। प्रस्तुत मुद्दामा पक्षले वारेस राख्ने अनुमति पाऊँ भनी दिएको निवेदनमा अदालती बन्दोबस्तको ६५(१) नं बमोजिम अदालतको स्वविवेकले वारेस राख्ने अनुमति नदिएकोमा त्यसलाई पक्षले स्वीकार गरेकै अवस्था छ। तर, कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) तथा अधिवक्ता लवदेव भट्ट विरुद्ध रुपन्देही जिल्ला अदालत समेतको मुद्दामा (*नेकाप* २०३०, अङ्क ६, नि.नं ७५८, पृष्ठ २३०) प्रतिपादित सिद्धान्त समेतले कानून व्यवसायीलाई प्रत्याभूत गरेको अधिकारबाट बञ्चित गर्ने गरी गरिएको आदेशले म निवेदकको उक्त कानूनी हक एवं संविधानको धारा १२(३)(च) समेतको मौलिक हक हनन् भई उक्त गैरकानूनी आदेश एवं काम कारवाही बदरभागी छ। कानून व्यवसायीले पक्षको तर्फबाट प्रतिनिधित्व गर्न पाउने हक १ पटक मात्र पाउने, अर्को पटक नपाउने भन्ने नै हुँदैन। यो तजविजको कुरा होइन। म निवेदकलाई कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) ले प्रदान गरेको व्यावसायिक कानूनी हक भएकोले कानूनी हकको कुरामा पनि यति दिने र यति नदिने भन्ने हुनै सक्दैन।

अतः प्रत्यर्थी काठमाडौँ जिल्ला अदालतबाट भएको उक्त गैरकानूनी आदेशको कारण निवेदकलाई कानून व्यवसायीको हैसियतले पक्षको तर्फबाट तारिखमा उपस्थित हुन पाउने कानूनी हकबाट बञ्चित गरिएको, पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।१२।२५ मा भएको आदेशबमोजिम अदालती बन्दोबस्तको ६६ नं को प्रक्रिया पुरा गरी तारिखमा बस्न पाऊँ भनी निवेदन दिई निरन्तर कार्वाहीमा बसी आएको भए पनि सोउपर म्यादैभित्र कारवाही नगरी मिति २०६७।१।५ मा मात्र आदेश गरी मेरो पक्ष निगाले न्यायालयबाट पाउने कानूनी उपचारको हकबाट समेत बञ्चित गरिएकोमा यसबाट निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१)(२), १८(१), १९ द्वारा प्रत्याभूत पेसा व्यवसायको मौलिक हक एवं कानूनी व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) द्वारा प्रत्याभूत कानूनी हकबाट समेत बञ्चित गरी सो हकको प्रचलनमा बाधा कुण्ठा सिर्जना गरिएकोले प्रत्यर्थी श्री काठमाडौँ जिल्ला अदालतबाट भएको मिति २०६७।१।५ को गैरकानूनी आदेश संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गरी श्री पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२० को आदेशबमोजिम अदालती बन्दोबस्तको ६६ नं. अनुसारको प्रक्रिया पूरा गरी निवेदकलाई कानून व्यवसायीको हैसियतले तारिखमा उपस्थित गराई मुद्दा पुर्पक्ष गर्नु गराउनु भनी परमादेश समेतको जो चाहिने उपयुक्त आज्ञा आदेश वा पूर्जि जारी गरी पूर्ण न्याय दिलाई पाऊँ। साथै प्रस्तुत रिट निवेदनउपर अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई

तारिखमा हाजिर गराई मुद्दाको अंग पुऱ्याउने कार्य जारी नै राख्नु भनी अन्तरिम आदेश जारी गरिपाऊँ एवं विषयवस्तुको गाम्भीर्यतालाई मध्यनजर गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार प्रदान गरिपाऊँ भन्ने निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतको आदेश ।

निवेदक कानून व्यवसायी अधिवक्ता श्री पूर्णप्रसाद राजवंशीले प्रस्तुत अभियोग पत्र दायर हुँदाका अवस्थादेखि नै प्रतिवादीका तर्फबाट कानून व्यवसायी रही आएको पेश भएको मिसिल संलग्न वकालतनामा समेतबाट देखिन आएको र प्रतिवादीलाई मिति २०६६।१०।२० गतेको तारिख तोकिएकोमा वारेस राख्न अनुमति नदिने गरी सोही मितिमा आदेश भै निवेदक कानून व्यवसायीले सोही मितिमा नै कानून व्यवसायीको हैसियतले तारिखमा बस्न पाऊँ भनी निवेदन गरेको देखिन आएको समेतबाट सो तोकिएको तारिखबाट अर्को एक पटक सम्म मात्र कानून व्यवसायीको हैसियतले तारिखमा बस्न पाउने गरी सुविधा प्रदान गरिएको छ । यस अदालतबाट मिति २०६६।११।५ मा भएको आदेशउपर अदालती बन्दोबस्तको १७ नं. बमोजिम पुनरावेदन अदालत, पाटनमा विपक्षीको निवेदन परेकोमा मुलुकी ऐन अदालती बन्दोबस्तको ६६ नम्बर बमोजिमको कानूनी प्रक्रिया पुरा गरेको अवस्थामा निवेदकलाई कानून व्यवसायीको हैसियतले तारिखमा बस्न पाउने गरी सुविधा प्रदान गरी कानूनबमोजिम गर्नु भन्ने मिति २०६६।१२।२० मा पुनरावेदन अदालतबाट आदेश भएकोमा मिति २०६६।१२।२५ मा विपक्षीले तारिखमा बसी पाऊँ भनी निवेदन दिन आएकोमा निजले यस अदालतबाट तोकिएको मिति २०६६।१२।०५ को तारिख गुजारी बसेकोले सो तारिख थामेको नदेखिँदा तारिख थमाएमा वा तारिख थाम्ने म्याद भुक्तान भएपछि नियमानुसार पेश गर्नु भनी यस अदालतबाट मिति २०६७।१।५ मा आदेश भई कानूनबमोजिम भए गरेको देखिएकोले श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको प्रतिकूल हुने गरी कुनै आदेश नभएको र निवेदकलाई यस अदालतबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) द्वारा प्रदत्त संवैधानिक हकमा आघात गरे गराएको नहुँदा धारा १०७(२) बमोजिम यस अदालतको हकमा उत्प्रेषणको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउन अनुरोध छ भन्ने काठमाडौँ जिल्ला अदालतको लिखित जवाफ ।

यसमा प्रस्तुत रिट निवेदन सम्बन्धमा निर्णय हुँदा निवेदन दावी सम्बन्धमा विचार हुने नै हुँदा हाललाई निवेदक कानून व्यवसायीलाई धरौटी तारिखमा राखी मुद्दाको कारवाही गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी विपक्षीलाई दिई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा समावेश भई पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदक तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता शम्भु थापा तथा निवेदक विद्वान अधिवक्ता पूर्णप्रसाद राजवंशीले निवेदक अधिवक्ता पूर्णप्रसाद राजवंशी चाइनीज नागरिक निगा विरुद्ध काठमाडौँ जिल्ला अदालतमा चलेको विदेशी विनिमय सम्बन्धी मुद्दामा प्रतिवादी निगाको कानून व्यवसायी नियुक्त भएकोमा विवाद छैन । नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) तथा अधिवक्ता लबदेव भट्ट विरुद्ध रुपन्देही जिल्ला अदालत समेतको मुद्दा (*नेकाप* २०३०, नि.नं ७५८ ) मा प्रतिपादित सिद्धान्तले प्रत्याभूत गरेको कानून व्यवसायीको अधिकारबाट बञ्चित गरी कानून व्यवसायीको हैसियतले पक्षको तर्फबाट तारिखमा बस्न नदिने गरी भएको काठमाडौँ जिल्ला अदालतको मिति २०६७।१।५ को आदेश त्रुटिपूर्ण छ । उक्त आदेशबाट पुनरावेदन अदालतको मिति २०६६।१२।२० को आदेशको समेत अवज्ञा भएकोले निवेदकको मागबमोजिम आदेश हुनुपर्छ भनी बहस गर्नुभयो ।

विपक्षी तर्फबाट विद्वान सहन्यायाधिवक्ता राजनारायण पाठक तथा विद्वान उपन्यायाधिवक्ता हरिप्रसाद रेग्मीले मुद्दाका पक्षलाई मुद्दामा पुर्पक्ष गर्ने हक र कानून व्यवसायीको पेशा रोजगार गर्ने हक फरक-फरक विषय हो । जिल्ला अदालतको आदेशबाट मुद्दाका पक्षको हक गएको हो भने पक्ष आउनु पर्ने हो । प्रस्तुत मुद्दामा पक्षलाई वारेस राख्न अदालतबाट इन्कार गरिएको र पक्षले तारिख गुजारी बसेको अवस्था छ । पक्षले तारिख गुजारी सकेपछि सो मुद्दामा कानून व्यवसायीको उपस्थित हुने अधिकार पुनः सिर्जना हुन सक्दैन । २०३० सालको नि.नं. ७५८ मा प्रतिपादित नजीर कायम भएको मुद्दामा वारेस पहिले नै घोषित भएको हुँदा प्रस्तुत मुद्दा र उक्त मुद्दाको तथ्य फरक भएकोले उक्त नजीर यस मुद्दामा आकर्षित हुन सक्दैन । पुनरावेदन अदालतको आदेशलाई जिल्ला अदालतको आदेशबाट अवज्ञा भयो भन्ने निवेदकको भनाई छ तर सो आदेशबमोजिम अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रिया पूरा गर्न प्रतिवादी स्वयं उपस्थित भएको अवस्था छैन । काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१।५ मा भएको आदेशउपर १७ नं. बमोजिम पुनरावेदन अदालतमा बैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै सीधै यस अदालतको रिट क्षेत्रमा निवेदक प्रवेश गरेको हुँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज हुनुपर्छ भन्ने समेत बहस गर्नुभयो ।

निर्णयतर्फ विचार गर्दा चाइनीज नागरिक निगाउपर विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४(१) र १७(१) अन्तर्गत मुद्दा चलेकोमा काठमाडौं जिल्ला अदालतबाट माग भएको धरौट राखी अदालती बन्दोबस्तको ६५(१) नं. बमोजिम वारेस राख्ने अनुमति पाऊँ भनी परेको निवेदनमा काठमाडौं जिल्ला अदालतबाट वारेस राख्न दिन नमिल्ने भन्ने निर्णय भएपश्चात् निवेदकलाई कानून व्यवसायीको हैसियतले पक्षको तर्फबाट तारिखमा बस्न पाऊँ भनी निवेदन दिंदा मिति २०६६।११।५ मा एक पटकलाई मात्र तारिखमा बस्न दिने आदेश भएको र सो आदेशउपर पुनरावेदन अदालतमा १७ नं. बमोजिम निवेदन दिंदा प्रतिवादीले अदालती बन्दोबस्तको ६६ नं. प्रक्रिया पूरा गरेको अवस्थामा कानून व्यवसायीको हैसियतले निवेदकलाई तारिखमा बस्न दिनु भनी मिति २०६६।१२।२० मा पुनरावेदन अदालतबाट आदेश भएपश्चात् पुनरावेदन अदालतको उक्त आदेशबमोजिमको प्रक्रिया पूरा नगरी पक्षको तर्फबाट कानून व्यवसायीको हैसियतले तारिखमा बस्ने व्यवस्थाको लागि काठमाडौं जिल्ला अदालतमा पुनः निवेदन दिएकोमा प्रतिवादीलाई मिति २०६६।१२।५ गतेको तारिख तोकिएकोमा प्रतिवादीले उक्त तारिख थामेको नदेखिँदा प्रतिवादीले तारिख थाम्ने थमाए वा थमाउने अवधि समाप्त भएपछि पेश गर्नु भन्ने आदेश भएको देखिन्छ । काठमाडौं जिल्ला अदालतको उक्त आदेशबाट निवेदकलाई संविधानद्वारा प्रदत्त पेशा रोजगार गर्ने हक र नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० द्वारा कानून व्यवसायीलाई प्रदान गरिएको कानूनी हक हनन् भएकोले काठमाडौं जिल्ला अदालतको उक्त मिति २०६७।१।५ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनरावेदन अदालतको मिति २०६६।१२।२० को आदेशबमोजिम निवेदकलाई कानून व्यवसायीको हैसियतले तारिखमा उपस्थित गराई मुद्दाको पुर्पक्ष गर्नु गराउनु भन्ने परमादेश जारी गरिपाऊँ भन्ने निवेदकको मुख्य निवेदन माग रहेको पाइन्छ ।

प्रस्तुत निवेदनमा मूलतः पुनरावेदन अदालत, पाटनको मिति २०६६।१२।२० मा १७ नं. को निवेदनको रोहमा भएको आदेशको जिल्ला अदालतबाट पालना नभएकोले गराई पाऊँ भन्ने रहेको देखिंदा सोसम्बन्धी पुनरावेदन अदालतको आदेश हेर्दा *"मुलुकी ऐन अदालती बन्दोबस्तको ६६ नं को कानूनी व्यवस्थालाई हेर्दा विदेशी मानिसको नेपालको अड्डामा परेको ऐनले वारेस दिन पाउने मुद्दामा वारेस दिंदा आफूउपर पोल उजूर परेको कुरा ठहरे लाग्ने ऐनबमोजिमको सजाय धरौट राखेमा वा त्यस बापत नेपाल सरहदमा अचल सम्पत्ति जेथा भएको मानिसलाई जमानी दिए वारेस लाग्न सक्ने कानूनी व्यवस्था समेतलाई दृष्टिगत गर्दा उक्त ६६ नं. को कानूनी व्यवस्थाअनुसार प्रतिवादीले प्रक्रिया पूरा गरेको अवस्थामा कानून व्यवसायीको हैसियतले निवेदकलाई तारिखमा बस्न पाउने सुविधा प्रदान गरी कानूनबमोजिम गर्नु"* भन्ने आदेश भएको देखिन्छ । तर पुनरावेदन अदालतको आदेशानुसार अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रियाबमोजिम

वारेसनामा लिई मुद्दाको पक्ष अदालतमा उपस्थित भएको देखिँदैन । प्रस्तुत मुद्दाका प्रतिवादी फौजदारी मुद्दाका अभियुक्त विदेशी नागरिक भएकोले पुनरावेदन अदालतको उक्त आदेश पछि अदालती बन्दोबस्तको ६६ नं. अनुसार निजलाई तारिख बस्न दिने वा नदिने भन्ने विषयमा जिल्ला अदालतबाट निर्णय नै हुन नपाएको अवस्थामा फौजदारी मुद्दाका प्रतिवादी (विदेशी नागरिक) का कानून व्यवसायी निवेदक पूर्णप्रसाद राजवंशीले अदालतमा उपस्थित भई अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रिया पूरा गरी पक्षको हैसियतले तारिखमा बस्न पाऊँ भन्ने निवेदन दिएको देखिन्छ । यसरी पुनरावेदन अदालतको आदेश कार्यान्वयन गर्न कानून व्यवसायीको निवेदन परेको तर उक्त फौजदारी मुद्दाका प्रतिवादी मिति २०६६।१२।५ को तारिखमा उपस्थित हुनुपर्नेमा निजले उक्त तारिख गुजारी नथामेको अवस्था हुँदा प्रतिवादीले तारिख थामे थमाए वा अवधि भुक्तान भएपछि पेश गर्नु भन्ने जिल्ला अदालतबाट आदेश भएको देखिन्छ । तर निवेदकले उल्लेख गरेको अधिवक्ता लबदेव भट्ट विरुद्ध रुपन्देही जिल्ला अदालत समेतको मुद्दामा वारेस राख्न अदालतको स्वीकृति लिन नपर्ने देवानी मुद्दामा मुद्दाको पक्षबाट रीतपूर्वक नियुक्त गरेको वारेसले तारिख गुजारेको अवस्थामा कानून व्यवसायीको हैसियतले तारिखमा बस्न पाउने वा नपाउने भन्ने प्रश्न निश्चित् भएको पाइन्छ । तर प्रस्तुत विवाद फौजदारी मुद्दाका प्रतिवादीले तारिख गुजारी बसेको र सोही कारणले निजले वारेस दिन पाउने वा नपाउने विषयमा अदालतबाट तथ्यपरक निर्णय नै गर्न नपाएको अवस्थामा उक्त अधिवक्ता लभवेद भट्ट विरुद्ध रुपन्देही जिल्ला अदालत समेतको मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत विवादमा मुद्दाको तथ्य फरक परेको देखिँदा उक्त सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था हुने देखिएन ।

अब जिल्ला अदालतबाट भएको उक्त आदेशबाट कानून व्यवसायीको पेशा, रोजगार गर्न पाउने हकमा असर परेको भन्ने निवेदन दावीको सम्बन्धमा निर्णय गर्नुभन्दा पहिले निम्न प्रश्नहरूको निराकरण गर्न पर्ने देखियो :-

(क) मुलुकी ऐन, अदालती बन्दोबस्तको ६६ नं. मा गरिएको कानूनी व्यवस्थाको उद्देश्य के हो फौजदारी मुद्दाका प्रतिवादीले उक्त ६६ नं. को व्यवस्थाअनुसार वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउन के कस्ता शर्तहरू पूरा गर्नु पर्दछ र उक्त ६६ नं. अनुसार प्राप्त हुने सुविधा वा हक मुद्दाका पक्षलाई प्राप्त हक हो वा कानून व्यवसायीलाई प्राप्त हक हो ?

(ख) कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ को उपदफा (१) अनुसार कुनै कानून व्यवसायीले मुद्दाको पक्षको तर्फबाट उपस्थित हुन पाउने अधिकारको प्रकृति के हो, यसको दायरा कति हुने हो र उक्त दफा २२(१) को व्यवस्थाले अ.ब. ६६ नं. को व्यवस्थालाई निष्क्रिय वा निस्प्रायोजित गर्न सक्छ वा सक्दैन ?

(ग) जिल्ला अदालतको मिति २०६७।१।५ को आदेशबाट निवेदकको कानून व्यवसाय गर्ने हक हनन् भएको अवस्था छ वा छैन ?

२. सर्वप्रथम पहिलो प्रश्नको बारेमा विचार गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ६६ नं. मा गरिएको व्यवस्था नै हेर्नुपर्ने हुन्छ । उक्त ६६ नं. मा गरिएको व्यवस्था निम्नअनुसार छ :-

*"नेपाल सरहदमा अचल सम्पत्ति जेथा नभएका विदेशी मानिसको नेपालका अड्डामा परेको ऐनले वारेस दिन पाउने मुद्दामा वारेस दिंदा आफूले दावी गरेको ठहरेमा वा आफूउपर पोल उजूर परेको कुरा ठहरे लाग्ने ऐनबमोजिम सजाय धरौट राखेमा वा त्यसबापत नेपाल सरहदमा अचल सम्पत्ति ज्यथा भएको मानिसलाई जमानी दिए मात्र वारेस लाग्न सक्छ ।"*

३. उक्त अदालती बन्दोबस्तको ६६ नं. को उक्त व्यवस्था हेर्दा वारेस दिन पाउने मुद्दामा विदेशी नागरिकले वारेस दिंदा पूरा गर्न पर्ने शर्तको निर्धारण गर्नु नै यसको मूल उद्देश्य रहेको पाइन्छ । कानूनबमोजिम वारेस दिन पाउने मुद्दाको पक्षले वारेसमार्फत् मुद्दाको पुर्पक्ष गराउन पाउने अधिकार नेपाल कानूनले सुरक्षित गरेको छ तापनि वारेस नियुक्त गर्ने प्रक्रियाका सम्बन्धमा मुद्दाको प्रकृति र मुद्दाका पक्षहहरूको नागरिकताको आधारमा फरक-फरक व्यवस्था गरेको पाइन्छ । यस सम्बन्धमा अदालती बन्दोबस्तको ६५ नं. तथा ६६ नं.

मा गरिएका व्यवस्थाहरूलाई प्रमुख नेपाल कानूनको रुपमा मान्नु पर्ने हुन्छ।

४. मुलुकी ऐन, अदालती बन्दोबस्तको ६५ नं. को देहाय २ मा गरिएको व्यवस्थाअनुसार देवानी मुद्दामा वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने हकमा अदालतले हस्तक्षेप गर्न वा रोक्न सक्दैन। तर कानूनअनुसार वारेस राख्न पाउने मुद्दा नै भए पनि फौजदारी मुद्दाका पक्षले र नेपालमा अचल सम्पत्ति नहुने विदेशी नागरिकले वारेसद्वारा मुद्दाको पुर्पक्ष गराई पाउनको लागि अदालतको स्वीकृति अनिवार्य हुन्छ। यस बारेमा अदालती बन्दोबस्तको ६५ को, देहाय १ नं. र अदालती बन्दोबस्तको ६६ नं. मा विशेष व्यवस्था भएको पाइन्छ। उक्त अदालती बन्दोबस्तको ६६ नं. मा भएको व्यवस्थाअनुसार नेपालमा अचल सम्पत्ति नहुने विदेशी नागरिकले देवानी वा फौजदारी दुवै मुद्दामा वारेसद्वारा मुद्दाको पुर्पक्ष गराई पाउने हक तथा सुविधा निरपेक्ष तथा निःशर्त नभई कानूनमा निर्धारित शर्त पूरा गरेको अवस्थामा मात्र प्राप्त हुने हक हो भन्ने देखिन्छ। त्यसरी नेपालमा अचल सम्पत्ति नहुने विदेशी नागरिकले सहन बुझाउन पर्ने सम्भावित बिगो वा दण्ड जरीवानाको रकम धरौटी राखेमा वा नेपालमा अचल सम्पत्ति भएको मानिसको जमानी दिएको आधारमा अदालतले अनुमति दिएमा मात्र यस्तो विदेशी नागरिकले वारेसमार्फत् मुद्दाको पुर्पक्ष गराउन पाउने अधिकार प्रयोग गर्न पाउँछ। विदेशी नागरिकबाट अदालतले भराई लिन पाउने बिगो वा दण्ड सजायको रकम असूल हुन सक्ने कुराको निश्चित गर्नु नै उक्त ६६ नं. को व्यवस्थाको मूल उद्देश्य रहेको देखिन्छ। यसैले नेपालमा अचल सम्पत्ति नभएको विदेशी नागरिकले वारेसमार्फत् मुद्दाको पुर्पक्ष गराई पाउने हक सुविधा प्राप्त गर्नु पूर्व मुद्दाको अन्तिम फैसला हुँदा निजले बुझाउन पर्ने बिगो वा सजाय असूल हुन सक्ने पर्याप्त र भरपर्दो सुरक्षण अदालतसमक्ष पेश गरेमा मात्र अदालती बन्दोबस्तको ६६ नं. को सुविधा प्राप्त गर्न पाउँछ भन्ने कुरा उक्त अ.वं ६६ मा भएको व्यवस्थाले नै स्पष्ट पार्दछ। यो सुरक्षण नगद धरौटी वा बैंक जमानत वा नेपालमा अचल सम्पत्ति भएको मानिसको जमानी पनि हुन सक्दछ।

५. उपरोक्त प्रकरणहरूमा विवेचना गरिएअनुसार यीमध्ये अदालतलाई विश्वास लाग्ने कुनै पनि सुरक्षण अदालतमा दाखिल गरेको अवस्थामा मात्र वारेसद्वारा पुर्पक्ष गराई पाउने अधिकार मुद्दाको पक्ष रहेको विदेशी नागरिकलाई प्राप्त हुने हुँदा उक्त अदालती बन्दोबस्तको ६६ नं. अनुसारको सुविधा वा अधिकार कानून व्यवसायीलाई प्राप्त हुने अधिकार नभई मुद्दाको पक्ष रहेको विदेशी नागरिकलाई प्राप्त हुने हक हो भन्ने कुरामा विवाद रहेन।

६. अब दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा मुद्दामा पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित हुने कानून व्यवसायीको अधिकार सम्बन्धमा नेपाल कानूनमा भए गरिएका व्यवस्थाहरूको पनि विवेचना गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) मा गरिएको व्यवस्था र सम्बद्ध विषयमा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई नै प्रमुख कानूनको रुपमा मान्नु पर्ने हुन्छ। उक्त दफा २२(१) मा निम्नानुसार कानूनी व्यवस्था रहेको पाइन्छ :-

*"वरिष्ठ अधिवक्ता तथा अधिवक्तालाई सर्वोच्च अदालतलगायत अधिराज्यका जुनसुकै अड्डा, अदालत वा अधिकारीका समक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने पैरवी गर्ने र बहस गर्ने अधिकार हुनेछ।"*

७. त्यसैगरी अधिवक्ता लवदेव भट्ट विरुद्ध रुपन्देही जिल्ला अदालत समेत (*नेकाप* २०३०, नि.नं ७५८) मुद्दामा कानून व्यवसायीहरूको अधिकार सम्बन्धमा यस अदालतबाट साविक कानून व्यवसायी ऐन, २०२५ को सम्बन्धमा व्याख्या हुँदा *"कुनै मुद्दामा तारिखमा रहेको पक्ष वा निजको वारेस तारिखका दिन अनुपस्थित भए पनि कानून व्यवसायी ऐन, २०२५ को दफा ११ र वकालतनामाद्वारा पक्षबाट आफूलाई प्राप्त उपस्थित हुने अधिकारको प्रयोग गरी अधिवक्ताले अदालतमा उपस्थित भई पक्षको तर्फबाट तारिख लिन र पक्षले गर्नुपर्ने अन्य काम कुराहरू गरी पक्षको प्रतिनिधित्व पाउँछ भन्नु पर्ने देखिन्छ"* भन्ने समेत निर्णय भएको पाइन्छ। यस अदालतबाट प्रतिपादित प्रस्तुत सिद्धान्तको मूलभूत आशय पक्षको न्यायसम्बन्धी

हकलाई सुनिश्चित गर्न कानून व्यवसायीलाई पक्षको तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकारहरू प्रदान गर्नु रहेको पाइन्छ । उक्त सिद्धान्त प्रस्तुत विवादमा लागू नहुने भन्ने विषयमा उपरोक्त प्रकरणहरूमा विवेचना गरिएको हुँदा यहाँ सोको पुनरावृत्ति गरी रहनु परेन ।

८. वस्तुतः कानून व्यवसायीहरूलाई पक्षको तर्फबाट अदालतमा उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकारहरू प्रदान गर्ने सम्बन्धमा कानून व्यवसायी परिषद् ऐनको दफा २२(१) मा गरिएको व्यवस्थाको उद्देश्य र प्रयोजन के हो भन्ने र यसको दायरा कति हुने हो भन्ने प्रश्न नै प्रस्तुत विवादमा निराकरण गर्नुपर्ने महत्वपूर्ण विषय रहेको छ । उक्त ऐनको माथि उल्लिखित दफा २२(१) मा गरिएको व्यवस्थाको बनावट हेर्दा कानून व्यवसायीलाई मुद्दाको पक्षको तर्फबाट उपस्थित हुन पाउने अधिकारको प्रयोग निरपेक्ष रुपमा सबै मुद्दामा एकरुपले हुन्छ भनेर बुझ्न मिल्दैन । अदालतबाट पक्षलाई वारेस राख्न अनुमति दिइएको मुद्दा र वारेस राख्न अनुमति नदिई सम्बन्धित पक्ष आफै उपस्थित हुनुपर्ने मुद्दालाई अलग स्तरमा राखेर उक्त ऐनको दफा २२(१) अनुसार कानून व्यवसायीलाई आफ्नो पक्षको तर्फबाट उपस्थित हुन पाउने अधिकारको सन्दर्भ प्रयोजन र प्रकृति के हुने भन्ने कुराको व्याख्या गर्नु पर्दछ । अदालतले पक्षलाई प्रष्टसँग वारेस राख्न अनुमति नदिएको मुद्दामा पक्ष स्वयं उपस्थित नभई निजको अनुपस्थितिमा निजको प्रतिनिधित्वको लागि उपस्थित भएको कानून व्यवसायीबाट मुद्दाको पक्ष स्वयंले बुझाउन पर्ने बिगो, दण्ड, जरीवानालगायतका रकमहरू असूल गर्न सकिने कानूनी व्यवस्था छैन । यस्तो अवस्थामा कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) अनुसार आफ्नो पक्षको तर्फबाट मुद्दा हेर्ने अड्डा अदालतसमक्ष उपस्थित हुन पाउने कानून व्यवसायीको अधिकारको दायरा र प्रकृतिको बारेमा विवेचना गर्दा फैसला कार्यान्वयनको सन्दर्भ र वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने हक सम्बन्धी नेपाल कानूनको व्यवस्थासँग उक्त दफा २२(१) को तादम्यतालाई पनि हेर्नु पर्दछ । वारेसद्वारा मुद्दाको पुर्पक्ष गराउन पाउने हकसँग सम्बन्धित प्रमुख कारणको रुपमा रहेका अदालती बन्दोबस्तको ६५ तथा ६६ नं. मा गरिएका कानूनी व्यवस्थाको सन्दर्भ र उद्देश्यको सन्दर्भमा नै उक्त दफा २२(१) को व्याख्या गर्नुपर्ने हुन्छ । अन्तिम फैसला हुँदा मुद्दाका पक्षबाट असूल गर्न पर्ने बिगो, जरीवाना लगायतका दण्ड सजाय असूल हुन नसक्ने परिस्थितिको सिर्जना हुने वा वारेसद्वारा मुद्दाको पुर्पक्ष गराउने अधिकार प्रयोग गर्न चाहने मुद्दाका पक्षले पूरा गर्ने शर्तहरूको बारेमा अदालती बन्दोबस्तको ६५ तथा ६६ नं. मा गरिएको व्यवस्थालाई निष्क्रिय पार्ने किसिमबाट कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) मा गरिएको व्यवस्थाको व्यापक परिभाषा र अर्थ गर्न मिल्दैन । उक्त दफा २२(१) अनुसार कानून व्यवसायीलाई मुद्दाका पक्षको तर्फबाट उपस्थित हुने सम्बन्धमा दिएको अधिकार कानून व्यवसायीलाई प्राप्त सम्पत्ति सम्बन्धी हक जस्तो व्यक्तिगत हक नभई कानूनद्वारा निर्धारित दायरा भित्र रही सञ्चालन हुने पेशा सम्बन्धी अधिकार मात्र हो । यसैले यस्तो अधिकार प्रयोग गर्ने गराउने नाममा अन्य प्रचलित कानूनमा गरिएको व्यवस्थालाई निष्क्रिय वा शून्य गराउन सकिदैन ।

९. उपरोक्त प्रकरणहरूमा गरिएको विवेचनाको आधारमा प्रस्तुत विवादको तथ्यलाई हेर्दा प्रस्तुत विवादसँग सम्बन्धित फौजदारी मुद्दाका प्रतिवादी विदेशी नागरिक रहेका र पुनरावेदन अदालतबाट भएको आदेशानुसार अदालती बन्दोबस्तको ६६ नं. अनुसारको प्रक्रिया पुऱ्याउन निज आफै उपस्थित भएको अवस्था छैन र निजको नाममा नेपालमा कुनै अचल सम्पत्ति भए रहेको प्रमाण पनि छैन । पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।१२।२० मा भएको आदेशअनुसार निवेदकको कानून व्यवसायीको हैसियतले पक्षको तर्फबाट उपस्थित हुन पाऊँ भन्ने निवेदन माग भए पनि पुनरावेदन अदालतको आदेशमा अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रिया पूरा गरिआएको अवस्थामा कानून व्यवसायीको हैसियतले निवेदकलाई तारिखमा बस्न पाउने सुविधा प्रदान गर्नु भन्ने आदेश भएको देखिन्छ । उक्त आदेशमा उल्लेख गरिएको अदालती बन्दोबस्तको ६६ नं. मा विदेशी नागरिकले वारेस राख्दा पूरा गर्नुपर्ने शर्त तोकेको देखिन्छ र उक्त व्यवस्थाअनुसार ऐनले वारेस दिन पाउने मुद्दामा

वारेस दिंदा आफूउपर पोल उजूर परेको कुरा ठहरे लाग्ने ऐनबमोजिमको सजाय धरौट राखेमा वा त्यसबापत नेपाल सरहदमा अचल सम्पत्ति जेथा भएको मानिसलाई जमानी दिन प्रतिवादी अदालतमा उपस्थित भई प्रक्रिया पूरा गरेको अवस्थामा विदेशी नागरिकले वारेस राख्न पाउने सम्मको व्यवस्था हो । पुनरावेदन अदालतको सो आदेशबमोजिम प्रतिवादी स्वयंले अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रिया पूरा गरी सो प्रयोजनका लागि वारेसनामा दिई कानूनबमोजिमको अख्तियारी दिएको अवस्था नदेखिएकोले निवेदकलाई पक्षको तर्फबाट कानून व्यवसायीको हैसियतले अदालतमा उपस्थित भई तारिखमा बस्न पाउने बारेमा उक्त ऐनको दफा २२ (१) अन्तर्गतको हक प्राप्त हुने अवस्था देखिएन ।

९. अब तेस्रो तथा अन्तिम प्रश्न निवेदकको मागबमोजिम आदेश जारी हुन्छ, हुँदैन भन्ने सम्बन्धमा विचार गर्दा निवेदकको पक्ष विदेशी नागरिक भएको र निजले मुलुकी ऐन अदालती बन्दोबस्तको ६६ नं. को प्रक्रिया पूरा गरी वारेसद्वारा मुद्दाको पुर्पक्ष गराइ पाउन अदालतको अनुमति प्राप्त गरेको देखिएन । यसरी फौजदारी मुद्दामा विदेशी प्रतिवादीले अदालती बन्दोबस्तको ६६ नं. अनुसारको प्रक्रिया पूरा गरी वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने अनुमति प्राप्त नगरेको अवस्थामा फौजदारी मुद्दाका प्रतिवादीले न्यायालयबाट पाउने उपचारको हक वारेसमार्फत् उपभोग गर्न पाउने अवस्था नहुँदा निवेदकलाई कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) अनुसार आफ्नो पक्षको तर्फबाट उपस्थित हुने हक समेत प्राप्त नहुने हुँदा काठमाडौँ जिल्ला अदालतको मिति २०६७।१।५ को आदेशबाट निवेदकको पेशा रोजगार गर्न पाउने हक कानूनविपरीत हनन् भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.रामकुमारप्रसाद शाह

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम्

इजलास अधिकृतः- कमलप्रसाद पोखरेल

## निर्णय नं. ८६८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
२०६३- CR–००३५, ०६२ र ००८०
फैसला मितिः २०६८।२।२।२
मुद्दा :– भ्रष्टाचार ।

पुनरावेदक प्रतिवादीः जिल्ला मोरङ्ग, विराटनगर उपमहानगरपालिका वडा नं. २ बस्ने चक्रबहादुर कार्की

विरुद्ध

प्रत्यर्थी वादीः गीता श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः जिल्ला मोरङ्ग, विराटनगर उपमहानगरपालिका वडा नं ५ बस्ने मोतीलालभक्त खवास

विरुद्ध

प्रत्यर्थी वादीः गीता श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. १ बस्ने रामचन्द्र गड्तौला

विरुद्ध

प्रत्यर्थी वादीः गीता श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार

शुरु फैसला गर्नेः
मा.न्या.श्री भूपध्वज अधिकारी
मा.न्या. श्री कोमलनाथ शर्मा
मा.न्या. श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

- **प्रचलित कानून तथा बैंकले तयार गरेको निर्देशिकाबमोजिम धितोस्वरुप पेश गरेको जग्गा सम्बन्धित व्यक्तिको नाउँमा दर्ता छ, छैन ? जुन उद्योगको नाममा ऋण माग गरेको हो सो उद्योग दर्ता छ, छैन ? बुझी जग्गा दर्ता र उद्योग दर्ता भएको देखिए धितो दिएको जग्गा**

**रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयमा पठाई मालपोत कार्यालयबाट रोक्का गराई जग्गाको स्थलगत मूल्याङ्कन समेत गरी जग्गाको प्रकृति समेत हेरी जाँची जग्गाधनी प्रमाणपूर्जा, चारकिल्ला प्रमाणित, नक्सालगायतका ऋण माग गर्दा भर्नु पर्ने फाराम, पुऱ्याउनु पर्ने प्रक्रिया पूरा गरेपछि लगानी गरेको ऋण असूल हुने भएपछि मात्र ऋण लगानी गर्नुपर्ने ।**

(प्रकरण नं.६)

- **आफू बैंकको प्रबन्धक भएको अवस्थामा ऋण लगानी गर्दा बैंकको निर्देशन पालना नगरी, पेश भएको धितोको बारेमा छानबीन नगरी, प्रचलित कानूनी व्यवस्थाको विपरीत हुने गरी लापरवाही गरी नक्कली कागज र काल्पनिक ऋणीका नामबाट ऋण प्रवाह गरी आफूलाई फाइदा बैंकलाई नोक्सान पुऱ्याएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर देखिने ।**

(प्रकरण नं.७)

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ताहरू प्रकाश राउत, माधव वास्कोटा, विनोद शर्मा, नरेन्द्रकुमार श्रेष्ठ, राजु आचार्य, अर्जुन खनाल, जगतबहादुर कार्की

वादी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता सरोजप्रसाद गौतम

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, २२

फैसला

**न्या.रामकुमार प्रसाद शाहः** विशेष अदालत काठमाडौंको मिति २०६३।३।१२ गतेका फैसलाउपर विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतमा पुनरावेदन परी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः–

यस बैंकको शाखा कार्यालय खाँदबारीबाट कर्जा कारोबार गर्ने तपसीलमा उल्लिखित ऋणी र बैंकका कर्मचारीहरू परस्परमा मिलेमतो गरी बद्नियतपूर्वक कर्जा लिनुदिनु गरी भ्रष्टाचारपूर्ण कसूर गरेकोले कर्जा शीर्षक उद्योग, कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्म र कर्जा नं. ३८/१४ र ३९/०१ का निम्न ऋणीहरू र निजहरूको तर्फबाट आएका चक्रबहादुर कार्की, प्रबन्धक मोतीलालभक्त खवास, व.स. रामचन्द्र गड्तौला र छानवीनको सिलसिलामा अन्य व्यक्तिहरूको समेत मिलेमतो देखिन आएमा ती व्यक्तिहरूलाई समेत पक्राउ गरी भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाही गरी बैंकलाई हानि नोक्सानी भएको सावाँ रु. ३३ लाख र सोको बैंक नियमअनुसारको ब्याज समेत निजहरूबाट भराई हदैसम्मको सजाय गरिपाऊँ भन्ने राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, मानव संशाधन विभागको उजूरी निवेदन दर्ता नं. ३५४२/११९९४ मिति २०६१।३।१५ मा आयोगमा दर्ता हुन आएको ।

| कर्जा नं. | ऋणीको नाम |
|---|---|
| ३८/६२ | मानबहादुर बस्नेत |
| ३८/६५ | सीतादेवी बस्नेत |
| ३८/६८ | देवी दाहाल |
| ३८/७१ | गजबहादुर कार्की |
| ३८/७४ | मीरा कार्की |
| ३८/७७ | बीणा श्रेष्ठ |
| ३८/८० | गोविन्द कार्की |
| ३९/०१ | दीपक लुइटेल |
| ३८/६३ | कल्पना बस्नेत |
| ३८/६६ | शम्भुकुमार कटुवाल |
| ३८/६९ | टेकबहादुर खड्का |
| ३८/७२ | सुवन खत्री |
| ३८/७५ | तोरणबहादुर खत्री |
| ३८/७८ | श्रीमती चण्डिका कटुवाल |
| ३८/८१ | खेमकुमारी बस्नेत |
| ३८/६४ | यशोदा बस्नेत |
| ३८/६७ | प्रकाश के.सी. |
| ३८/७० | रोहित भट्टराई |
| ३८/७३ | चित्रबहादुर बस्नेत |
| ३८/७६ | शारदा भट्टराई |
| ३८/७९ | काजीकुमार खत्री |
| ३८/१४ | तुलसी ओभा |

मैले राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, खाँदबारीमा कार्यरत् रहँदा ऋण नं. ३८/६२, ३८/६३, ३८/६४, ३८/६५ ३८/६६, ३८/६७, ३८/६८, ३८/६९, ३८/७०, ३८/७१, ३८/७२, ३८/७३, ३८/७४, ३८/७५, ३८/७६, ३८/७७, ३८/७८, ३८/७९, ३८/८०, ३८/८१, ३८/१४ र ३९/०१ मा

लगानी गर्दा व्यावसायिक प्रमाणपत्र नभए पनि ऋणीका नाउँमा भएको धितो जग्गाको रोक्का पत्रको आधारमा गरेको अफिसियल प्याड र कागजातमा छाप नभए तापनि नापी नक्सा नियमानुसार सक्कल पेश हुन पर्नेमा फोटोकपीमा कित्ता नं. नभिडेतापनि लगानी गरेको हुँ । उद्योग कर्जाअन्तर्गत परियोजना नभएको, सञ्चालन नभएको उद्योगलाई ऋण दिएको निरीक्षण गर्दा देखियो । उक्त ऋणीहरूको धितो जग्गाहरूको मूल्याङ्कन फाराममा ब.स. रामचन्द्र गड्तौला र मेरो दस्तखतबाट मूल्याङ्कन फाराम भरेको हो । उक्त जग्गाहरू नाप नक्सा नहेरी लगानी गरेको हुँ । ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको लगानी विराटनगर वडा नं. ६ निवासी चक्रबहादुर कार्कीमार्फत् सम्बन्धित ऋणीहरूको अख्तियारी बिना निज चक्रबहादुर कार्कीलाई रकम भुक्तानी दिएको हो । ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको भुक्तानी चक्रबहादुरले लगेको हो निजलाई ताकेता गर्दा ऋण चुक्ता गर्दछु भनिरहेको र हालसम्म सम्पर्कमा रहेको ।

ऋण नं. ३८/१४ का ऋणी हाल विराटनगर बस्ने तुलसी ओझालाई लगानी गरेको र ऋण नं. ३९/०१ हाल राष्ट्रिय वाणिज्य बैंक खाँदबारीमा कार्यरत् सहायक ख लक्ष्मणप्रसाद पोखरेल सम्बन्धित भै उक्त ऋण दिँदा पनि त्रुटिपूर्ण कार्य भएको हो । खर्च भौचरमा कर्जा इन्चार्ज, सहायक प्रबन्धक र प्रबन्धकले दस्तखत गर्नुपर्छ । ऋणी तुलसी ओझाको रु. १,५०,०००।- को खर्च भौचरमा ब.स. रामचन्द्र गड्तौला, सहायक प्रबन्धक ओमप्रकाश दंगाल र म मोतीलालभक्तले दस्तखत गरेको हो । अन्य ऋणीहरू दीपक लुईटेल, मानबहादुर बस्नेत, कल्पना बस्नेत, गोविन्द कार्की, खेमकुमारी बस्नेत, चण्डिका कटुवाल, काजीकुमार खत्री, यशोदा बस्नेत, शारदा भट्टराई, शम्भुकुमार कटुवाल, सीतादेवी बस्नेत, देवी दाहाल, प्रकाश के.सी., टेकबहादुर खड्का, रोहित भट्टराई, सुबन खत्री, गजबहादुर कार्की, चित्रबहादुर बस्नेत, मीरा कार्की, तोरणबहादुर खत्री, विणा श्रेष्ठको भौचरमा म मोतीलालभक्त र व.स. रामचन्द्र गड्तौलाले मात्र दस्तखत गरेको । एकाउण्टेण्टको दस्तखत निजले पछि सही गर्दछु भनी भनेकाले भुक्तानी भएको हो । ऋण नं. ३९/०१ ऋणी दीपक लुइटेलको हकमा बसोबास गर्नेलाई व्यवसाय गर्छु भनेकाले नियमले नमिले तापनि ऋण दिएको हुँ । ऋण नं. ३८।६२ देखि ३८।८१ सम्मका ऋणीले भर्नु पर्ने फारामहरू निवेदन, तमसुक पत्र लगायतका ल्याप्चे सही र दस्तखत गरेका फारामहरू ऋण लगानी भन्दा पहिले नै भरेको र केही फारामहरू लेख्न छूट भएको पछि सहायक ख लक्ष्मण पोखरेलबाट भरेको हो ।

मिति २०६०।३।२० मा लगानी गरेको ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको लगानी गर्दा रु. ३०,००,०००।- चक्र कार्की ऋणी नभए पनि मेरो आदेशबाट गणक जितेन्द्र राईले मेरै अगाडि चक्र कार्कीलाई दिएको हो । मिति २०५९ असोज १३ र १८ मा लगानी भएको ऋणीहरूका नाममा रहेको ऋण रकमप्रति ऋणी रकम रु. ३०,०००।- लिई चक्र कार्कीमार्फत् ऋण चुक्ता गरी मिति २०६०।३।२० मा पुरानो रोक्का कागज, चारकिल्ला प्रमाणित कागजातहरू पुरानो फाइलबाट नयाँ फाइलमा समावेश गरी ऋण भुक्तानी जनाएपछि मात्र पहिलेको ऋण पछाडिको लगानीबाट चुक्ता भुक्तानी भएको हो भन्ने समेत प्रतिवादी मोतीलालभक्त खवासले अनुसन्धानको क्रममा गरेको बयान ।

ऋण नं. ३८/६२, ३८/६३, ३८/६४, ३८/६५ ३८/६६, ३८/६७, ३८/६८, ३८/६९, ३८/७०, ३८/७१, ३८/७२, ३८/७३, ३८/७४, ३८/७५, ३८/७६, ३८/७७, ३८/७८, ३८/७९, ३८/८०, ३८/८१, ३८/१४ र ३९/०१ को लागी दिइएको धितो जग्गाहरू प्राथमिक क्षेत्र कर्जाको लागि नेपाल राज्यभित्रको घरजग्गा धितो राख्न मिल्ने प्रावधान रहेकोले धितो लिइएको र उक्त धितो मूल्याङ्कन समेतको कागजातहरू बैंक प्रबन्धक मोतीलालभक्त र सहायक 'ख' लक्ष्मण पोखरेलको आपसी सल्लाहअनुसार सहायक 'ख' लक्ष्मण पोखरेलबाट धितो मूल्याङ्कन समेतको कागजात तयार गरी निज लक्ष्मण पोखरेललाई सही गराउने भनी प्रबन्धकले मलाई सही गराएको हो । उद्योग दर्ता नै नभई लगानी भएको सम्बन्धमा रु.१,५०,०००।- सम्मको कर्जाको लागि उद्योग दर्ता आवश्यक नपर्ने भन्ने मनसायमा उद्योग दर्ता नै नभएको उद्योगलाई लगानी भएको हो । म आफूले कागज तयार नगरेको धितो रहेको जग्गाको नापी नक्सा,

धनीपूर्जाको प्रमाणित प्रतिलिपिमा कार्यालयको छाप भएकोले कर्जा लगानी भएको छ । म आफूले कागजात तयार नगरेको र सही मात्र गरेकोमा त्रुटिवश रुपमा कर्जा लगानी भएको हो, जानी जानी यस्तो कार्य गरेको होइन ।

मालपोत कार्यालय, मोरङ्गको रोक्का पत्र किर्ते भै आएकोमा म माथि बद्नियतपूर्वक कागजातहरूमा सही गराइएको रहेछ । शाखा प्रबन्धक र कागजात तयार गर्ने कर्मचारीको विश्वासमा मैले उक्त कागजातमा सही गरी कर्जा सिफारिशमा स्वीकृतिको लागी सही भयो । स्वीकृत गर्ने नगर्ने अधिकार कार्यालय प्रमुखको हुने हुँदा म माथि बद्नियत राखी काम गराएको हो । मैले उल्लेख गरेअनुसार उक्त कर्जाका ऋणीहरूले गरिलिए दिएको कागजातहरू सबैमा मैले ठीक सम्झेर आफ्नो तर्फबाट सही गरी प्रबन्धक समक्ष पेश गरेको हुँ । मैले जाने बुझेसम्म प्रबन्धकले निज सहायक 'ख' लक्ष्मण पोखरेललाई अह्राई खटाई पठाएको बुझेको र निजहरू दुबै जनाको घर उतै तराईमा भएको बुझिएको हुँदा सम्पूर्ण कुरा मलाई भन्दा निजहरूलाई नै थाहा होला । मैले विश्वासको भरमा अन्जानमा गरेको कार्यप्रति म ठूलो क्षमायाचना गर्दछु । शाखाबाट हुने कर्जा कमिटीको सदस्यहरू समय समयमा फेरबदल हुने गरेको हुँदा म आँफू मात्रबाट जानाजान उक्त कार्य नभएकोले शाखा प्रबन्धक ज्यू नै बढी जवाफदेही हुनुपर्ने हो । यसमा मेरो बद्नियत नभएकोले मेरो भन्नु अरु नभएको भनी प्रतिवादी रामचन्द्र गड्तौलाले अनुसन्धानको क्रममा गरेको बयान ।

दीपक लुइटेल समेत बिभिन्न २२ (बाईस) जनालाई लगानी गर्दाको फाइल तथा भौचरहरू प्रबन्धकले लाए अह्राएबमोजिम मैले तयार गरेको हुँ । उक्त कर्जा माग गर्नेहरूको निवेदन, घर ठेगाना, हस्ताक्षर, कर्जा इन्चार्जले गराएको हो । उक्त दिन निजले नभ्याई प्रबन्धकले मलाई भौचर बनाउन लगाएको र कर्जाको फाइल भर्न भन्दा मैले यो सहिछाप गराउने कार्य नगरेकाले फाइल भर्दिन भन्दा २०, २५ दिनसम्म फाइल नभरी रहेको प्रबन्धकज्यूबाट निकै आग्रह भएपछि मैले फाइल भर्ने काम पुरानो लगानी भएको ३५ वटा फाइलका विवरण, धनीपूर्जा र नागरिकताको आधारमा फाइल तयार गरेको हुँ । प्रक्रिया पुरा छ छैन हेर्नु पर्ने हो सो कार्य मबाट नभएको हो । पहिले ३५ वटा फायलहरूमा लगानी हुँदा म आधिकारिक रुपमा उक्त शाखामा सरुवा नभएकोले मलाई मूल्याङ्कन गर्ने अधिकार नभएको बेला मैले मूल्याङ्कन गरेको होइन । तयार भएको भौचर तथा तमसुकमा म कर्जा कमिटीमा नभएकोले र कर्जा कमिटीमा ३ जनाको सही अनिवार्य भए तापनि कर्जा लिने व्यक्तिहरू नदेखिएको र आफ्नो अगाडि सहिछाप नगराएकोले मैले सही गर्न नमानेको हुँ । २०६० असारमा लगानी भएका कर्जा अधिकांश रु. ३० हजारको दरले ३५ वटा फायलबाट लगानी भएकै मध्येबाट चुक्ता गरी पुनः लगानी भएको हो । पहिले लगानी गर्दा नै मूल्याङ्कन गरेबमोजिम मूल्याङ्कन फाराम भरिएको हो । मूल्याङ्कन गर्न पहिले र पछिल्लोमा पनि मलाई नखटाएकोले मैले मूल्याङ्कन गरेको होइन फाराम मात्र भरेको हुँ ।

मानबहादुर बस्नेत, कल्पना बस्नेत, यशोदा बस्नेत, सीतादेवी बस्नेत, शम्भुकुमार कटुवाल, प्रकाश के.सी., देवी दहाल, टेकबहादुर खड्का, रोहित भट्टराई, गजबहादुर कार्की, सुवन खत्री, चित्रबहादुर बस्नेत, मीरा कार्की, तोरणबहादुर खत्री, शारदा भट्टराई, विणा श्रेष्ठ, श्रीमती चण्डिका कटुवाल, काजीकुमार खत्री, गोविन्द कार्की, खेमकुमारी बस्नेत समेतको फाइलहरू प्रबन्धकले कर्जा लिएको २०-२५ दिन पछि मलाई आग्रह गरेकोले ऋणीको नामको ल्याप्चे सहिछाप लगाएका फारामहरू पुरानो लगानीको फाइल हेरी मैले भरेको हुँ । तुलसी ओझा आँफै उपस्थित भै निजले भनेअनुसार मैले फारामहरू भरिदिएको र दीपक लुइँटेलको मैले भरेको होइन । अन्य २० वटा फाइलहरू पुरानो कर्जा लगानी भएका ३५ वटा फाइलहरूबाट जग्गा धनीपूर्जा तथा नागरिकताको आधारमा भरेको हुँ । दीपक लुइँटेलको कर्जा फायल भर्दा कर्जा आवेदन नागरिकता प्रमाणपत्र, मालपोत तिरेको रसीद, जग्गा धनीपूर्जा उक्त फायल भर्दा संलग्न रहेको तत्पश्चात् फायलहरू प्रबन्धक वा सहायक प्रबन्धकको जिम्मा रहने हुँदा कसले कागजात झिके थाहा नभएको । मेनेजर मोतीलालभक्तले निजले ऋण रकम मैले लिएको भनेको कुरा असत्य हुन मैले रकम बुझेको बुझाएको आधार नभएकोले आरोप मिथ्या हो ।

निज दीपक लुईटेललाई धितो मेनेजरको मितेरी साइनो पर्ने तुलसी ओझाले दिएको भन्ने फाइलबाट नै देखिन्छ । दीपक लुइटेलको नाममा दर्ता भएको मोरङ ववियाविर्ता वडा नं. ६(ख) को कित्ता नं. ४७४ को क्षेत्रफल ०-५-० को जग्गा रोक्का कार्यालय प्रमुखज्यूले सही गरी निमित्त सहायक प्रबन्धकमा सही मैले गरेको हुँ । सो रोक्का राख्न पठाएको धितो मालपोतको पत्रानुसार ठीकै होला । कर्जा लगानीको लागी प्राप्त हुनुपर्ने कागजात हेर्ने काम कमिटीभित्रका सबैले हेर्नु पर्ने र सबभन्दा बढी दायित्व कर्जा इन्चार्जको हुन्छ । दीपक लुईटेलको कर्जा फाइलमा रहेको कर्जा आवेदन पत्र, तमसुक पत्र, जग्गा जमिनको मूल्याङ्कन फाराम, कर्जा कमिटीको निर्णय फाराम मैले भरेको होइन । मेरो रोहबरमा दीपक लुइटेलको कर्जा आवेदन पत्र तमसुक पत्रमा ल्याप्चे लगाउने कार्य गरेको होइन सोसम्बन्धी मलाई थाहा छैन ।

ऋणी दीपक लुईटेलको ऋण नं. ३९/०१ को रकम रु. १,५०,०००।- मैले बुझीलिएको हुँ । उक्त रकम बुझ्न तमसुक, निवेदन, खर्च भौचरमा दीपक लुइटेलको नाममा आँफैले ल्याप्चे सही र लेखात्मक सही मैले गरेको हुँ । उक्त कागजमा रहेको सही मेरो हो । कुन कुन औंलाले गरे भन्ने अहिले याद छैन । रिपोर्टबाट आएअनुसार नै होला । ऋणलिँदा रोक्का रहेको बवियाबिर्ता मोरङ्गको जग्गा सम्बन्धमा जग्गा पारीत गरिदिने तुलसी ओझाले मेरो नामको जग्गा दीपक लुईंटेललाई पास गरिदिएको छु । उक्त फाइलबाट तपाईले रकम लिनु भनेकाले रकम झिकेको हुँ । त्यसरी झिक्न हुँदैनथ्यो गल्ती भयो । मैले पहिला आयोगमा बयान गर्दा लेखिदिएका ऋणीहरू कोही कोहीलाई चिन्दछु । चक्रबहादुर कार्कीलाई एउटै वडाको भएकोले चिन्दछु । ऋण रु. ३०,००,०००।- मिति २०६०।३।२० मा भुक्तानी हुँदा निज खाँदबारीमा थियो । निजलाई खाँदबारीमै गणक जितेन्द्र राई, सहायक प्रबन्धक ओमप्रकाश दंगाल, वरिष्ठ सहायक सन्तोष लम्साल समेतले बुझाएको भन्ने सुनेको हुँ । दीपक लुईंटेललाई म चिन्दिन । यहाँ बयान गरेर गएपछि निजको बारेमा पत्ता लगाउँदा निज इण्डियाको आसाम भन्ने ठाउँमा छन् भन्ने थाहा भयो । मैले गल्ती स्वीकारेकाले नियमानुसार कारवाही गर्नुपर्ने भए तापनि उक्त रकमको जम्मा चुक्ता गराउँदा एक पटकका लागि कारवाही नहुन अनुरोध गर्दछु भन्ने प्रतिवादी लक्ष्मणकुमार पोखरेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

कटहरी गा.वि.स. को सचिवको हैसियतले पंजीकरण विकास निर्माण, मुद्दा मामिलासम्बन्धी चारकिल्ला सिफारिश गर्ने कार्य गर्दछु । गा.वि.स. कार्यालय कटहरीबाट चलानी नं. २७, २४, २६, ४९, ४०, ३७, ३९, २३, २१, ४३, ४२, २२, ३६, ४४, ४७, २०, ३८, ४१, २८, ४५ बाट चारकिल्ला प्रमाणित गरेको नभई ती पत्रहरूबाट विद्युत मिटर जडान, पसल व्यवसाय गर्न, मोरङ्ग जिल्ला अदालतमा सहभागी पठाएको र रकम दाखिला गरेको सम्बन्धी पत्राचार गरेको चलानी किताबबाट देखिने हुँदा सो चलानी किताबको पाना पेश गरेको छु । उक्त चलानी नम्बर र आयोगले सोधेका व्यक्तिहरू सुवन खत्री, तोरणबहादुर खत्री, शारदा भट्टराई, विणा श्रेष्ठ, चण्डिका कटुवाल, गोविन्द कार्की, खेमकुमारी बस्नेत, मानबहादुर बस्नेत, रोहित भट्टराई, प्रकाश के.सी., चित्रबहादुर बस्नेत, सीतादेवी बस्नेत, यशोदा बस्नेत, मीरा कार्की, गजबहादुर कार्की, टेकबहादुर खड्का, देवी दहाल, शम्भुकुमार कटुवाल, कल्पना बस्नेत, काजीबहादुर खत्रीको नामको कित्ता नं. र क्षेत्रफल समेत रहेकोले चारकिल्ला प्रमाणित म गा.वि.स. सचिवबाट भएको होइन । देखाइएको उक्त चलानी नं. को पत्रहरूमा कार्यालयको छापमा समेत छापको अन्तिममा हुने "२०४७" अंकित छैन हालसम्म चालु रहेको गा.वि.स. को छापमा २०४७ अंकित छ । कटहरी गा.वि.स.का भनी देखाइएको मालपोत रसीद नं. हरूमा पनि माथि उल्लेख भएबमोजिम गा.वि.स. को छापमा २०४७ नभएको, रसीद काट्ने कर्मचारीको सही नमिलेको, उक्त रकम गा.वि.स. बाट आम्दानी बाधेको छ, छैन एकीन भन्न समस्या रहेको छ भनी गा.वि.स. सचिव श्रीप्रसाद सेढाईले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६०।३।२० का दिन कार्यालयमा कार्यरत् रहँदा मेनेजरको भनाइअनुसार केही कर्जा लगानी भई आउँदैछ केही समय पर्खिनु नगद भुक्तानी

दिनुपर्दछ भनी कार्यालय समय सकिने समयमा जानकारी हुन आएको । उक्त दिन कार्यालय समय अन्तिममा मेनेजरको आदेशानुसार नगद छुट्याई सो नगद कार्यालयको समय पछि चक्र भन्ने व्यक्तिलाई एकमुष्ट दिएको हो । सो व्यक्ति मेनेजर स्वयंले चिन्ने भएकोले अरु सम्पूर्ण जानकारी मेनेजरलाई नै थाहा होला । उक्त दिन म स्वयंले ऋणीहरूलाई नदेखेको । यस्तो काम पहिला पनि भएको हो । उक्त रकम रु.३०,००,०००।- मेनेजरले बुझेको हो । दीपक लुईटेल भन्नेलाई म चिन्दिन ।

२०६०।३।२० का दिन निजलाई कर्जा लगानी गरेको थाहा पाएं । अक्षेररुपी तीस लाख मेनेजरले दिएको आदेशानुसार निजकै रोहवरमा चक्र कार्कीलाई दिएको हो । निज व्यक्ति उपस्थित नभएको भए मेनेजरबाट नगद दिनु भन्ने आदेशमा कसरी सही गरियो । निजको दस्तखत नियमानुसार गराइएको छ । पछि भुक्तानी लिने बेलामा काउण्टरमा लक्ष्मण पोखरेल र दीपक लुइटेल दुबै उपस्थित भएको मलाई थाहा भएको छ, उपस्थित भएका व्यक्ति नै दीपक लुइटेल भनेर मैले चिन्न सकिन । भौचरमा उक्त व्यक्तिलाई नै सही गराई बुझाएको हुँदा दीपक लुईटेलको फाँटमा फायल भौचर बनाउँदादेखि दीपक लुईटेल भन्ने व्यक्ति निज नभई अरु कुनै व्यक्ति दीपक भई काम गरेको भए निज लक्ष्मण र मेनेजरको मिलेमतोमा यो कार्य भएको हुनुपर्दछ । यस सम्बन्धमा मैले आफ्नो कार्यालय प्रमुखको आदेश पालना गरेको हुँ । सम्बन्धित ऋणीहरूलाई भौचरको पीठमा सही पहिला नै गराएको र मैले पुनः सही गराएको छैन यो साँचो हो । भौचरमा एकाउण्टेन्टको सही भई नआएको सम्बन्धमा कर्जा कमिटिका (दुई) जनाको सही भएकोले मैले सहायक प्रबन्धकको सही ख्याल नगरी काम भएको हो भनी राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, खाँदबारीका गणक जितेन्द्र राईले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६०।३।२० मा खाँदवारी शाखाबाट लगानी गर्दा खर्च भौचरको रकम जे जति छ मेरो गणकले रकम छुट्याएर बाँकी रहेको रकम कलमको हिसाव बुझाएपछि मैले बुझेको हुँ । उक्त दिनमा ऋण रकम बुझ्न कोही पनि गएको थिएन । रकम छुट्याएर मेरो गणकले राखिदिएको रकम प्रबन्धकले बुझेको हो । अनुमतिपत्र र मतदाता प्रमाणपत्र देखाएको फोटोमा देखिएको व्यक्ति चक्रबहादुर कार्की सो ऋण खर्च लेख्ने बेलामा प्रबन्धकको साथी भनी गेष्ट रुममा बस्थ्यो र खाँदवारी पुगेको थियो । ऋणीहरूको भुक्तानी प्रबन्धकले नै लगेको र मेरो मातहतको कर्मचारी जितेन्द्र राईले दिएको हुँदा मलाई कारवाही हुनु नपर्ने भनी शिवप्रसाद घिमिरेले अनुसन्धानको क्रममा गरेको बयान ।

यी ऋणीहरूको लगानी बारे मलाई थाहा नभएकोले यी ऋणीहरूको कर्जा फाइलमा मेरो दस्तखत छैन । सो ऋणीहरूको फायल मेरो टेबुलमा नआई लगानी भएको हो । असोज २०५९ को विभिन्न मितिमा भएको लगानीमा सहायक प्रबन्धकको हैसियतले मेरो दस्तखत भएको हो । सहायक प्रबन्धकको रुपमा मैले दस्तखत गरी कर्जा कमिटिका अन्य सदस्यहरूको पनि दस्तखत थियो । उक्त लगानी गर्दा धितो जग्गा कटहरी गा.वि.स.मोरङ्ग अन्तर्गतको हो । प्रबन्धकले जग्गा रोक्काको लागी बैंकबाट पत्र मालपोत कार्यालयमा पठाएको भनेको र फायलमा ऋणीहरूको जग्गा रोक्का रहेको मालपोतको पत्र रहेको थियो । तत्काल कस्तो जग्गा धितो राखेको, रोक्का कस्तो हो सो मलाई थाहा भएन ।

साना कर्जाको लागी सामान्य तथा उद्योग दर्ता नगरी गरेको पाइन्छ । मेनेजर र फाँटवालाले उद्योग दर्ता नभए पनि हुन्छ भनेकाले उद्योग दर्ता नभई लगानी भएको हो । ऋणीमध्ये तुलसी ओझालाई चिन्दछु । अन्यलाई चिन्दिन । ऋणीहरू सबैलाई मैले बैंकमा देखिन । चक्रबहादुर कार्कीलाई खाँदवारीमा भएको देखेको हो । निजलाई प्रबन्धकसँग बैंकमा आई कुराकानी गर्दा चिनेको हुँ । ऋण नं. ३८/१४ को तमसुकमा चक्र कार्कीको साक्षीमा सही रहेको छ । लामो समयदेखि बैंकमा कार्यरत् प्रबन्धक र फाँटवालाले क्षेत्र बाहिरको व्यक्तिलाई कर्जा उपलब्ध गराउन सकिन्छ भनेकाले सही गरेको हुँ । ऋण कमिटीमा पेश हुनुपर्ने धितो मूल्याङ्कन प्रतिवेदन नभई उक्त कर्जा नं. ३८/१४ मोरङ्ग जिल्ला बबिया बिर्ताको जग्गा राष्ट्रिय वाणिज्य बैंक खाँदवारीको क्षेत्र भन्दा बाहिरको क्षेत्रमा लगानी भएको हो । सो कार्यमा मेरो सही रहेछ । हालको ऋण लगानीको रोक्का पत्र एउटै हो भनी सनाखत गरिदिए ।

मैले लगानी गर्दा ऋणीको नाममा नै जग्गाधनी पूर्जा, मालपोत कार्यालय मोरङ्ग विराटनगरको रोक्का पत्र रहेको हुँदा जग्गा र रोक्का पत्र सही हो कि गलत छुट्याउन नसकेको लगानीमा म समेतको कमिटिबाट लगानी भएको हो । मलाई कर्जा लगानीसम्बन्धी राम्रो ज्ञान नभएकोले अज्ञानतावस त्यस्तो कर्जामा सही गरेको र उक्त कर्जाहरू चुक्ता भै पुनः लगानी भएको छ । पछिल्लोमा मैले सही नगरेको फाँटवाला र प्रबन्धकको दस्तखतबाट लगानी भएको हो । यस्तो कारवाहीको बारेमा जानकारी दिइन । मलाई कहिँ पनि तैले जानकारी दिइस् भने राम्रो हुने छैन भनी बारम्बार फोनमार्फत् धम्की आउने गरेकोले खाँदवारीमा बसेर मैले जानकारी गराउन सक्ने अवस्था थिएन । दीपक लुईटेलको उद्योग लगानीमा म विदामा घर गएकोले यसमा सही नगरेको हो । तुलसी ओझाको कर्जा चुक्ता गराउने प्रयास गर्दछु । अनुसन्धानबाट गल्ती भएको ठहर भएमा कारवाहीको भागीदार हुने छु । मिति २०६०।३।२० र २०६०।४।२ मा लगानी हुँदा मेरो दस्तखत छैन भनी ओमप्रकाश दंगालले अनुसन्धानको क्रममा गरेको बयान ।

म सशस्त्र प्रहरी बल मनकामना गण भानु, तनहुँमा कार्यरत् छु । म खाँदवारी भन्ने ठाउँमा गएको छैन । मिति २०६०।३।२० गते को मितिमा म स.प्र.बल विन्ध्यवासिनी गणमा कार्यरत् थिएँ र सहायक प्रहरी बल चण्डिका गणमा तालिमरत छु र सो तालिममा बाहिर निस्किन नपाईने हुँदा उक्त अवधिको प्रमाणपत्र पेश गरेको छु । फाइलमा रहेको नागरिकताको प्रमाणपत्र मेरो हो । तर मैले निवेदन दिएका छैन । मेरो सही होइन । मेरो नागरिकताको प्रमाणपत्र हराएको थियो । मेरो बुबाको मामाको छोरा चक्रबहादुर कार्कीको घरमा बस्दा निजले मेरो झोलाबाट निकालेर चोरी राखेको हुनु पर्दछ । पहिले पनि मलाई मेरो जग्गा धेरै छ तेरो नाममा भएपछि मलाई सजिलो हुन्छ भनी मेरो नाममा पनि गरायो । त्यो बेलादेखि म उसको घरमा बस्थे । हराएको नागरिकता गा.वि.स. बाट सिफारिश गरेर प्रतिलिपि बनाएको छु । जग्गा कहाँको हो कति क्षेत्रफल हो मलाई थाहा भएन । त्यसकारण मेरो तीनपुस्तेको कागज पेश गरेको छु । ऋण झिक्ने काम चक्रबहादुरले मेरो नागरिकता निकालेकोले उस्ले नै गरेको हो । यसमा मेरो संलग्नता छैन । चक्रबहादुरले म मात्रलाई नभई अरुलाई पनि फँसाएको हुनु पर्दछ । म जस्तो गरीब जनतालाई फँसाउनेलाई कारवाही होस् भनी सुवन खत्रीले अनुसन्धानको क्रममा गरेको बयान ।

म शाही नेपाली सेनामा २०५९ सालमा भर्ना भई अमलेखगञ्जमा नै तालिम गरी हाल त्यही कार्यरत् छु । मिति २०६०।३।२० मा शाही नेपाली सेना अमलेखगञ्जमा कार्यरत् रहेकोछु । राष्ट्रिय वाणिज्य बैंक खाँदवारी मैले देखेको पनि छैन । मैले आफ्नो नागरिकताको प्रमाणसाथ निवेदन दिएको होइन । म खाँदवारी वडा नं. ३ मा बसोबास गर्दिन । मेरो बसोबास ओखलढुङ्गा सेर्नामा छ । मेरो नागरिकताको फोटोकपी दाइ रमेश भट्टराईलाई क्लब दर्ता गर्न माग्नु भएकोले दिएको थिएँ । अरु कसैलाई दिएको छैन । क्लबको नाम आदर्श जन कल्याण क्लब कटहरी हो । निज ओखलढुङ्गा सेर्नामा टिचिङ्ग गर्दछ । मेरो मोरङ्ग जिल्ला कटहरी गा.वि.स.मा जग्गा नै छैन कसरी धितो राख्दथे । देखाएको फाइल हेर्दा सब नक्कली देखें । नागरिकताको फोटोकपी मैले राखेको छैन सही पनि मेरो होइन, मैले गरेको छैन । मेरो नामबाट क–कसले निवेदन दियो । तमसुक लेखी कसले ऋण झिक्यो त्यो मलाई केही थाहा भएन । शाही नेपाली सेनामा जागिर भएकोले उद्योग खोल्न नपाइने र मैले कुनै पनि जिल्लामा उद्योग खोलेको पनि छैन । देखाएको फाइलमा मेरो बाजेको नाम नमिलेको, मेरो सही नमिलेको, मोरङ्ग जिल्लामा मेरो जग्गा र उद्योग नभएकोले यी सब झूठा हो भनी प्रकाश के.सी.ले अनुसन्धानको क्रममा गरेको बयान ।

म २०५९साल माघ २५ गतेदेखि प्रहरीमा जागिर खाएको र हाल युनिफाइड कमाण्ड तनहुँको शमरसुर गुल्ममा कार्यरत् छु । ऋण नं. ३८/७० को फाइलमा रहेको नागरिकताको फोटोकपी मेरो हो । उक्त मितिमा मैले बैंकबाट पैसा झिकेको होइन र यस विषयमा मलाई थाहा छैन । मेरो नामबाट कसैले झिकेको हुनु पर्दछ । म संखुवासभा जिल्लामा नै गएको छैन । मेरो नागरिकताको फोटोकपी मेरो दाजु रमेश भट्टराईसँग निज २०५९ सालमा विरामी परी उपचार गर्न मोरङ्ग आएको बखत चक्र कार्कीले लगेको हुनसक्छ । उसले क्लब खोल्ने भनी मागी लगेको हुनसक्छ । चक्र कार्की मेरो दाजुको साथी हो मैले कुनै ठाउँमा सही

गरेको छैन । मेरो नागरिकताको प्रमाणपत्रको फोटोकपीमा मिलाएर कुनै ठाउँको जग्गा धितो राखेर रकम भिकेको हुनसक्छ । यसमा मेरो कुनै संलग्नता छैन भनी रोहीत भट्टराईले अनुसन्धानको क्रममा गरेको बयान ।

म २०५३ सालदेखि विराटनगर स्थित रविन्द्र होजियारी एण्ड गारमेण्ट इण्डष्ट्रिजमा काम गरेको र हाल इटहरीमा दाजुको अडिट फर्ममा काम गर्छु । मलाई देखाइएको नागरिकताको प्रमाणपत्रको फोटोकपी मेरो हो । आफ्नो नागरिकताको प्रमाणपत्रको फोटोकपी राखी कुनै निवेदन नदिएको । राष्ट्रिय वाणिज्य बैंक खाँदवारीबाट ऋण नलिएको र हालसम्म पनि खाँदवारी नदेखेको हुँदा धितोसम्बन्धी केही थाहा नभएको । मेरो नाममा कुनै उद्योग नै छैन । मेरो नागरिकताको प्रमाणपत्रको फोटोकपी कसरी गयो थाहा भएन । २०५३ सालदेखि विराटनगरमा नोकरी गरी बसेकी दिदी भिनाजु समेत विराटनगरमा बस्ने र उहाँहरूको घर चक्रबहादुरको बहिनीको घरसँगै र आउने जाने क्रममा चिनेको हुँ । मैले नभएको उद्योग र जग्गा धितो राखी ऋण नलिएको हुँदा मउपर कारवाही हुन नपर्ने भनी शम्भुकुमार कटुवालले अनुसन्धानको क्रममा गरेको बयान ।

म २०५९ र २०६० मा ओखलढुङ्गा वडा नं. ८ सेर्नामा बस्थे । मेरो पेशा कृषि हो । मैले मिति २०६०।३।२० मा रू.१,५०,०००।– ऋण लिएको पनि छैन र धितो दिएको पनि छैन । मैले उद्योग देखेको पनि छैन । सञ्चालन गरेको पनि छैन । ऋण निवेदनमा सही गरेको पनि होइन । कसरी भयो मलाई थाहा भएन । नागरिकता दिएको पनि छैन कसरी भेटे मलाई थाहा छैन । म निर्दोष छु भनी देवी दाहालले अनुसन्धानको क्रममा गरेको बयान ।

म साधारण बोर्डिङ्गमा पढाउँछु । म संखुवासभा खाँदवारीमा ०५९।६० मा बस्दिनथे । ऋण लिएको सम्बन्धमा मलाई केही पनि थाहा छैन । फाइलमा रहेको नागरिकताको फोटोकपी मेरो हो । मैले मेरो नागरिकताको सक्कल कपी रमेश भट्टराईलाई लाईब्रेरी खोल्न भनी दिएको र भोलिपल्ट फिर्ता प्राप्त भएको हो । मेरो नाममा कहिँ पनि जग्गा नै छैन । त्यसैले मैले धितो दिइन । मैले ऋण लिएको छैन । उद्योग दर्ता भन्ने थाहा नभएको र कसरी ऋण पाइन्छ थाहा छैन । कहिँ ऋण भिक्न गएको छैन र सही पनि गरेको छैन । चक्रबहादुर कार्की मेरो मामा हो । मोतीलालभक्तलाई चिन्दिन नाता पनि पर्दैन । मैले थाहा नभएको कुरामा दुःख पाएँ मेरो कुनै दोष छैन । त्यसैले न्याय पाऊँ भनी कल्पना बस्नेतले अनुसन्धानको क्रममा गरेको बयान ।

म सानोतिनो किराना पसल गर्दछु । म मिति २०५९, २०६० मा मात्र होइन मैले खाँदवारी देखेको पनि छैन । मैले उक्त बैंकबाट कुनै पनि ऋण लिएको छैन । देखाइएको नागरिकताको प्रमाणपत्र मेरै हो । मैले नागरिकता कसैलाई दिएको छैन । यो कसरी भयो मलाई थाहा छैन । मेरो नाममा जग्गा पनि छैन । मैले कुनै बैंकमा धितो राखेर ऋण लिएको पनि छैन । मैले कुनै पनि तमसुकमा सही गरेको छैन । मोतीलालभक्तलाई चिन्दिन । विराटनगर सरस्वती टोल बस्ने चक्रबहादुर कार्कीलाई चिन्दछु । निज मेरो श्रीमानको काकाको छोरा (जेठाजु पर्ने) हो । मेरो कुनै दोष छैन भनी मिरा कार्कीले अनुसन्धानको क्रममा गरेको बयान ।

मेरो पेशा खेतीपाती हो । मलाई संखुवासभा जिल्ला कहाँ पर्दछ थाहा छैन । म मिति २०५९।६० म त्यहाँ गएको पनि छैन । बसोवास गर्दिन मेरो नागरिकताको प्रमाणपत्रको फोटोकपी हो । राष्ट्रिय वाणिज्य बैंक खाँदवारीबाट मैले ऋण लिएको छैन । म खोलुखुम्बु जस्तो विकट ठाउँमा जन्मिएको हुँ । मेरो मामाको छोरा चक्रबहादुर कार्कीलाई केही हेरविचार गरी काम लगाई दिनुस् भनी २०५५ सालमा नागरिकताको प्रमाणपत्रको फोटोकपी दिएको थिएँ । मेरो अहिलेसम्म तराई कटहरी भन्ने ठाउँमा मेरो नाममा जग्गा छैन । कटहरी कहाँ पर्छ त्यो पनि म जान्दिन । मेरो बुबा गणेशबहादुरको नाममा मात्र सोलुखुम्बु सल्यानफेदी वडा नं ८ मा जग्गा छ । बुबाले अहिलेसम्म अंश नछुट्याएकोले हाम्रो नाउँमा कहिँ पनि जग्गा छैन । मेरो नागरिकता प्रमाणपत्रले ऋण कसरी निकाल्यो त्यही मेरो मामाको छोरा चक्रबहादुर कार्की जान्नु हुन्छ । मैले जागिरको लागी मात्र दिएको फोटोकपीबाट ऋण कसरी भिकियो थाहा छैन । मैले ऋण भिक्न निवेदन दिएको पनि छैन ।

तमसुक गरेको पनि छैन भनी चित्रबहादुर बस्नेतले अनुसन्धानको क्रममा गरेको बयान ।

म विद्यार्थी हुँ । म कहिँ पनि काम गर्दिन । मैले संखुवासभा देखेको पनि छैन । नाम चाहिँ सुनेको हो । मेरो घर खोटाङ्ग ४ वडहरे हो । संखुवासभामा बसोबास गरेको थिइन । ऋण फाइलमा रहेको नागरिकताको प्रमाणपत्रको फोटोकपी मेरो हो । तर यो ऋण रू.१,५०,०००।– चाहिँ मैले लिएको होइन । मेरो नागरिकताको फोटोकपी संखुवासभामा पुग्नुको कारण कटहरी १ मोरङ्ग बस्ने रमेश भट्टराईले लाइब्रेरी खोल्नको लागी भनेर दिएको थिएँ । त्यसको ३, ४ दिन पछि मेरो ओरिजिनल नागरिकता फिर्ता पाऊँ । अरु कसैलाई दिएको थिइन । निजसँग मेरो साइनो पर्दैन छिमेकी हो । चक्रबहादुर कार्की मेरो मामा पर्नुहुन्छ । धितो जग्गा मेरो नामको जग्गा नै होइन मेरो कटहरी १ मा कुनै जग्गा जमिन नै छैन । मैले तमसुकमा सही गरेको छैन । बैंक भौचरमा सही गरेको छैन । त्यसैले मलाई थाहा छैन र संलग्न पनि छैन । मोतीलालभक्तलाई चिन्दिन भनी यशोदा बस्नेतले अनुसन्धानको क्रममा गरेको बयान ।

मेरो पेशा खेतीपाती हो । मैले खाँदवारीको नामै मात्र सुनेको हुँ, २०५९, २०६० मा म त्यहा बस्दिन । मैले खाँदवारी शाखाबाट ऋण लिएको छैन । ऋण लिँदा पेश भएका नागरिकताको प्रमाणपत्र मेरो हो भनी सनाखत गरिदिएँ । २०५२ सालतिर जग्गा खरीद गर्न कामको लागी मेरो दाजुलाई मात्र आफ्नो नागरिकताको प्रमाणपत्र दिएको थिएँ । त्यसपछि कसैलाई दिएको छैन । मैले खाँदवारीबाट ऋण नै लिएको छैन । धितो कहाँबाट राख्नु ? मैले ऋण नै नलिएकोले उद्योगसम्बन्धी केही थाहा छैन । मैले राष्ट्रिय वाणिज्य बैंक खाँदवारीमा ऋण झिक्न निवेदन दिएको पनि छैन । ऋण झिकेको पनि छैन । निवेदनमा रकम बुझेको भौचर र तमसुकमा रहेको सही मेरो होइन । मेरो दाइको नाम चक्र कार्की हो । मैले जग्गा किन्न भनी फोटोसहित नागरिकता निजलाई दिएको हुँ । मिति २०५१।५२ तिर दिएको जस्तो लाग्छ । यो जग्गा कटहरी गा.वि.स. २ मा पर्छ । जग्गा दुई कित्ता छ । कित्ता नं. थाहा भएन भनी चण्डिका कटुवालले अनुसन्धानमा गरेको बयान ।

मैले खाँदवारीको नामै मात्र सुनेको हुँ । २०५९, २०६० मा म त्यहा बस्दिन । मैले खाँदवारी शाखाबाट ऋण लिएको छैन । नागरिकताको प्रमाणपत्र मेरो हो । २०५३/५४ सालतिर जग्गा खरीद गर्ने कामको लागी चक्र कार्कीलाई नागरिकताको प्रमाणपत्र दिएको थिएँ । त्यसपछि कसैलाई दिएको छैन । मैले खाँदवारीबाट ऋण नै लिएको छैन । धितो कहाँबाट राख्नु ? मैले ऋण नै नलिएकोले उद्योग सम्बन्धी केही थाहा छैन । मैले राष्ट्रिय वाणिज्य बैंक खाँदवारीमा ऋण झिक्न निवेदन दिएको पनि छैन । ऋण झिकेको पनि छैन भनी सीता बस्नेतले अनुसन्धानको क्रममा गरेको बयान ।

मिति २०६१ साल माघ २१ गतेको गोरखापत्रमा प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचनामा मेरी श्रीमती देवी दहाल साथै भाइ रोहित भट्टराई, मेरी सहोदर बहिनी श्रीमती शारदा भट्टराईको नाममा भ्रष्टाचार गरेको भन्ने उक्त पत्रिका अध्ययनबाट के कस्तो भएको भनी आफ्नो मानिस उपस्थित गराउन आएको हु । मेरो भाइ रोहित भट्टराई, बहिनी शारदा भट्टराई, मेरो काकाको छोरा गाउँले छिमेकी प्रकाश के.सी., विराटनगरमा महेन्द्र मोरङ्ग क्याम्पसमा बस्दथे र उनीहरूको नागरिकता मेरो मोरङ्ग कटहरी १ मा रहेको घरमा थियो । चक्रबहादुर कार्कीले एउटा क्लब खोल्ने भनी मसँग कुरा गरेकोले राम्रो काम होला भनी निजकी भान्जीहरू कल्पना वस्नेत र यशोदा वस्नेत समेतको नागरिकताको प्रमाणपत्रको फोटोकपी दिएको हो । उक्त कार्य गरे नगरेको मलाई थाहा भएन म आफ्नो विदा सकाई ओखलढुङ्गा तिर लागे । उक्त नागरिकताको प्रमाणपत्रको फोटोकपी फिर्ता लिन होस भएन । मेरो भाइ बहिनी र श्रीमती समेतले राष्ट्रिय वाणिज्य बैंक खाँदवारीबाट ऋण लिएको छैन भनी रमेशकुमार भट्टराईले अनुसन्धानको क्रममा गरेको बयान ।

म साधारण व्यापार गर्छु । विराटनगरमा हार्डवेयरको पसल रोडसेष चोक वि. १४ मा छ । राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालयबाट खाँदवारीबाट ऋण लिएको थिएँ । राडीपाखी घरेलु उद्योग सञ्चालनको लागी रू. १,५०,०००।– ऋण लिएको थिएँ । उक्त ऋण लिँदा साक्षी बसेका चक्रबहादुर कार्कीसँग नाता पर्दैन । साधारण चिनजान छ । साक्षी बसेको बारे मलाई जानकारी छैन । मैले लिएको ऋणमा म आफू स्वयंले सहिछाप गरेको हुँ । अन्य कार्य साथै साक्षी राख्ने काम

बैंक स्टाफहरूको हो । मैले गरेको तमसुक हेर्दा निजले साक्षीका रुपमा सही गरेको देखियो । मेरो नाममा घरेलु तथा साना उद्योग विकास समिति खाँदवारीमा राडीपाखी उद्योग, धिघिङ्ग गा.वि.स. वडा नं. २ मा खोलेको, शुरुवात मात्र गरेको थिए । कच्चा पदार्थ र उन खरीद गर्न कठिनाई भएकोले उद्योग बन्द गरेकोले निरन्तरता दिन नसकेको हो । सो कुरा निवेदन मार्फत राष्ट्रिय वाणिज्य बैंक खाँदवारीलाई जानकारी गराएको हो । सोको प्रतिलिपि नभएको हुँदा पेश गर्न सक्दिन । व्यवसायबाट घाटा भएकोले हालसम्म ब्याज बुझाउन ढिला भएको हो । कर्जाको लागी दिएको सुरक्षणबापतको जमिन मोरङ्ग बवियाविर्ता गा.वि.स. वडा नं. ६ख को ०–५–५ आफ्नो नाममा दर्ता रहेको जग्गा हो । स्कीममा मैले कति रकम उल्लेख गरे सम्झना छैन । स्कीम सम्बन्धमा बैंकले नमागेकोले दिएको छैन । मैले दीपक लुइटेललाई धितो दिएको जग्गा रामहरि दाई भन्ने जग्गामा काम गर्ने व्यक्तिमार्फत् दिएको हुँ । मैले घरेलुमा दर्ता भएकै आधारमा मात्र राष्ट्रिय वाणिज्य बैंकले कर्जा दिएको होइन । मैले मेरो नाममा दर्ता रहेको जमिन सुरक्षणमार्फत् राष्ट्रिय वाणिज्य बैंकबाट रोक्का रहेकोले मैले बैंकलाई हानि नोक्सानी गर्ने कार्य नगरेको हुँदा आयोगबाट गरेको कारवाहीको कदर गर्ने छु भनी तुलसी ओझाले अनुसन्धानको क्रममा गरेको बयान ।

म खेती किसान र गाईपालन कार्य गर्दछु । त्यसको अलावा सानोतिनो ठेक्काको काम गर्दछु । म कामको सिलसिलामा अन्य जिल्ला गएको छैन । तुलसी ओझासँग मेरो कुनै कामकाज, विवाद छैन । परिचय छ । मैले राष्ट्रिय वाणिज्य बैंक कर्सिया शाखाबाट मोतीलालभक्त भन्ने मेनेजर हुँदा ऋण लिएको छु । मैले कुनै साथीको साक्षी भनी बसेको छैन । कुनैबेला बैंक जाँदा कर्सिया शाखामा कसैको नाममा गरेको भए मलाई थाहा छैन । म तुलसी ओझाको साक्षी बसेको छैन र मेरो सही होइन कसैले मेरो नामको सही गरिदिएको भए थाहा छैन । मोतीलालभक्तसँग नाता पर्दैन चिनजान छ । मोतीलालभक्त मेनेजरले ३८/६२ देखि ३८/८१ सम्म म मार्फत लगानी गरेको भन्नु भएकोमा म एउटा सामान्य मानिस भएकोले सो कुरा झूठा हो । त्यहाँका बैंकका अरु कर्मचारी बुझिदा हुन्छ । ओमप्रकाशसँग मेरो सम्बन्ध भनेको उहाँको घर विराटनगर भएकोले चिनजान छ । शिवहरि र जितेन्द्र राईसँग विराटनगर आउँदा मोतीलालभक्त मेनेजरले मसँग चिनजान गराएका हुन् । गणक जितेन्द्र राईले मोतीलालभक्तको अगाडि मलाई दिनु भएको होइन ।

जितेन्द्र राईले तीसलाख रूपैया त्यस दिनको पेमेन्ट मलाई दिएको भए म त्यो दिन सो बैंकमा गएको हुनुपर्छ तर म सो दिन बैंक गएको छैन । त्यो दिन बैंकमै उपस्थित नभएकोले ल्याप्चे सही भएको थिएन । सो कुरा बैंकको ओमप्रकाश, लक्ष्मण पोखरेल तथा त्यो दिन हाजिर भएका कर्मचारीलाई सोधी पाऊँ । लोन म उपस्थित नभएको मान्छेलाई कसरी दिए यो कुरा सबै कर्मचारीलाई बुझी पाऊँ । त्यो सबै कुरा मेनेजर र अरु कर्मचारी जान्दछन् । मैले रुपैयाँ बुझेको होइन । मलाई बैंक भौचर र अरु ऋणको कागजातमा २०५९ सालको तिहारको टाइममा मेनेजरले बैंकका विभिन्न कागजमा सही ल्याप्चे गराएका थिए । तिनै कागज भौचरमा मेरो सही, ल्याप्चेछाप भएको भए त्यही मेनेजरले नै बेमानी गरेको र पैसा मेनेजरले नै के कसलाई बाँडफाँड कति गरे मलाई थाहा भएन । मेनेजरलाई थाहा होला । जितेन्द्र राईले तीसलाख भनेकोमा मेनेजरकै रोहबरमा भनेको होइन । आठ लाख सन्तोष भन्ने बैंक कर्मचारीलाई मेनेजरले भनेअनुसार दिएको मलाई मेनेजरले दुई पटक गरी तीन लाख पचासी हजार तपाईलाई भयो भनेका हुन् र अरु कुरा मेनेजरलाई नै थाहा होला ।

मैले मोतीलालभक्त मेनेजरले २०५९ सालमा रातो खाली भौचर, अन्य कागजातमा सहिछाप गराएका थिए कुन ऋण हो थाहा छैन त्यो मितिमा बैंक गएका हैन । त्यो भौचर विराटनगरमा लिएर खाली भौचर र अन्य कागजमा सही गराएका छन् । मैले राष्ट्रिय वाणिज्य बैंकमा कुनै धितो जग्गा कागजातहरू पेश नगरेको, मैले उनीहरूको नाम उल्लिखित कुनै भौचरमा सहिछाप गरेको छैन खाली भौचरमा मोतीलालभक्त मेनेजरले गराएको थियो र तिनै भौचरमा लेखी पेश गरेको भए थाहा छैन भन्ने समेत प्रतिवादी चक्र बहादुर कार्कीले अनुसन्धानको क्रममा गरेको बयान ।

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदवारीबाट ऋण नं. ३८/६२ देखि ३८/८१ सम्म

निम्न व्यक्तिहरूको नाममा निम्न उद्योग सञ्चालन/विस्तार गर्न भनी कटहरी गा.वि.स. को निजहरूको नाममा रहेको निम्न जग्गा भनी धितो लिई प्रत्येक ऋण नम्बरमा रू. १,५०,०००।– का दरले हुने रू. ३०,००,०००।– मिति २०६०।३।२० मा ऋण प्रदान गरेको ।

कर्जा नं. ऋणीको नाम उद्योग धितो जग्गा क्षेत्रफल
३८/६२ मानबहादुर बस्नेत –कटहरी १(क)कि.नं.३५४, ०–३–०
३८/६३ कल्पना बस्नेत,ढाका उद्योग विस्तार,कटहरी ३(घ) कि.नं.१२६, ०–६–०
३८/६४ यशोदा बस्नेत, राडीपाखीउद्योग विस्तार, कटहरी १(क)कि.नं.३२१, ०–३–०
३८/६५सीतादेवी बस्नेत, विस्तार गर्ने, कटहरी २(क)कि.नं५४०, ०–३–०
३८/६६, शम्भुकुमार कटुवाल, विस्तार गर्ने, कटहरी २(क)कि.नं.५४३ ०–४–०
३८/६७, प्रकाश के.सी., विस्तार गर्ने, कटहरी२(क)कि.नं.६१९, ०–३–०
३८/६८, देवी दहाल, विस्तार गर्ने, कटहरी ३(घ)कि.नं.४४५, ०–७–०
३८/६९, टेकबहादुर खड्का, कटहरी २(क)कि.नं.२५४ , ०–६–०
३८/७०, रोहित भट्टराई, ढाका उद्योड विस्तार,कटहरी ३(घ)कि.नं.४४१, ०–५–०
३८/७१, गजबहादुर कार्की, विस्तार गर्ने, कटहरी ३(घ)कि.नं.१३० ०–३–०
३८/७२, सुबन खत्री –, कटहरी १(क)कि.नं.१८९, ०–५–०
३८/७३, चित्रबहादुर बस्नेत, विस्तार गर्ने, कटहरी २(क)कि.नं.१९२, ०–५–०
३८/७४, मीरा कार्की विस्तार गर्ने, कटहरी ३(घ)कि.नं.१२५, ०–५–०
३८/७५, तोरणबहादुर खत्री, विस्तार गर्ने, कटहरी १(क)कि.नं.३४८, ०–७–०
३८/७६, शारदा भट्टराई, ढाका उद्योग व्यवसाय, कटहरी ३(घ)कि.नं.४५४, ०–५–०
३८/७७, विणा श्रेष्ठ ढाका र राडीपाखी उद्योग,कटहरी ३(घ)कि.नं.४४७, ०–३–०
३८/७८ चण्डिका कटुवाल, मुढा बनाउने, कटहरी १(क)कि.नं.१८६, ०–४–०
३८/७९, काजीकुमार खत्री, ढाका र राडीपाखीकटहरी २(क)कि.नं.५६५,०–४–०
३८/८०, गोविन्द खत्री, मुढा बनाउने, कटहरी १(क) कि.न३९६, ०–४–०
३८/८१, खेमकुमार बस्नेत, राडीपाखी उद्योग, कटहरी १(क) कि.७०९ ०–५–०

प्रतिवादी मोतीलाल भक्त खवासले प्रबन्धकको हैसियतले बैंकको सम्पत्तिको संरक्षण गर्ने र बैंकलाई फाइदा हुने कुरामा ऋण प्रवाह गर्ने समेतको मुख्य दायित्व प्रबन्धकको रहेकोमा निज स्वयंले चक्रबहादुर कार्कीसँग मिलेमतो गरी उद्योग ऋणको लागी आवश्यक पर्ने उद्योग दर्ता प्रमाणपत्र बेगर धितो दिने, जग्गाको नक्कली लालपूर्जा, नक्कली चारकिल्ला प्रमाणित, नक्कली नापी नक्साको फोटोकपी, नक्कली तिरो तिरेको रसीद राखी असम्बन्धित व्यक्ति चक्रबहादुर कार्कीबाट निवेदनमा सही गरी गराई तोक लगाई कर्जा कमिटीको अध्यक्षको हैसियतले हुदै नभएको जग्गा मूल्याङ्कन गरी गराई धितो स्वीकार गरी ऋण स्वीकृत गरी असम्बन्धित व्यक्तिबाट तमसुकमा खर्च भौचरमा सही गरी गराई उद्योग कर्जा नं ३८/६२ देखि ३८/८१ सम्मको कर्जा प्रवाह गरेको देखाई बैंकको रू.३०,००,०००।– रकम निकाली आफू र अन्य व्यक्ति समेत भई खाई मासी बैंकलाई गैरकानूनी हानि नोक्सानी र आफू समेतलाई गैरकानूनी लाभ हुने कार्य गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको हुनाले निजलाई उक्त दफामा उल्लेख भए अनुसार हदैसम्मको सजाय गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको रकम र सो बिगोको भरिभराउ हुने दिन सम्मको व्याज समेत असूलउपर गरिपाऊँ ।

साथै प्रतिवादी रामचन्द्र गड्तौलाले कर्जा शाखाको प्रमुखको हैसियताले कार्य गर्दा उद्योग ऋणको लागी कर्जा कमिटीको सदस्यको हैसियतले निजले स्थापना नै नभएको उद्योग परियोजना अध्ययन प्रतिवेदन फाराममा व्यापार सञ्चालन भैरहेको भनी प्रमाणित गरी, ऋणीका नाममा नै नहेको जग्गा मूल्याङ्कन गरी गराई ऋण स्वीकृति गरी कृत्रिम ऋणीको तमसुकमा बैंकको तर्फबाट सही गरी खर्च भौचरमा सही गरी गराई ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको कर्जा उपलब्ध गराउने कार्यमा संलग्न भएको देखिएको र निजको संलग्नता र सहमति समेतबाट बैंकलाई रू.३०,००,०००।– रकम गैरकानूनी हानि नोक्सानी र प्रबन्धक प्रतिवादी मोतीलालभक्त समेतलाई गैरकानूनी लाभ गरे गराएको पुष्टि भएकोले सो कार्य निजले मतियारको रुपमा गरेको हुनाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार भएकोले ऐ. ऐनको दफा २२ बमोजिम सजाय गरिपाऊँ । त्यसैगरी प्रतिवादी चक्रबहादुर कार्कीले ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको ऋणको लागी निजले प्रबन्धक मोतीलालभक्तसँग मिलेमतो गरी बैंकलाई गैरकानूनी हानि नोक्सानी पार्ने र आफू र प्रबन्धक समेतका कर्मचारीलाई गैरकानूनी लाभ पुऱ्याउन विभिन्न व्यक्तिका नाममा नागरिकताको प्रमाणपत्रका फोटोकपी तयार गरी हुँदै नभएको उद्योगको ऋणको लागी नक्कली लालपूर्जा, नक्कली तिरो तिरेको रसीद, नापी नक्साको फोटोकपी आदि राखी निवेदन बनाई आफैले सही गरी नक्कली रोक्का पत्रको आधारमा निजकहरूको नाममा नरहे नभएको जग्गाको धितो मूल्याङ्कन गराई विभिन्न व्यक्तिको नामको तमसुक र खर्च भौचरमा आफैले सही गरी रकम बुझेको देखिएको र निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा

मतियार भै ऐ.ऐनको दफा २२ बमोजिम सजाय हुने कसूर भएको हुनाले सो बमोजिम मुख्य कसूरदार प्रतिवादी मोतीलालभक्त सरह नै सजाय गरी निज समेतबाट बैंकलाई हानि नोक्सानी पुगेको बिगो र असूलउपर हुने दिन सम्मको सोको व्याज समेत असूल गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग दावी ।

उद्योग कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्मका कर्जाहरूमा ऋण लगानी गर्दाका अवस्थामा कर्जा फाँटमा काम गर्ने व.स. रामचन्द्र गड्तौला कार्यरत् हुनुहुन्थ्यो । उहाँले सम्पूर्ण प्रक्रिया पूरा गरी कर्जा कमिटीमा पेश गरे पछि सबै कागजात हेरी बुझी म समेत अन्य कर्जा कमिटीका सदस्य सहायक प्रबन्ध कर्जा फाँटमा काम गर्ने कर्मचारी समेत बसी छलफल गरी ऋण स्वीकृत गर्ने निर्णय गरी कर्जा लगानी गरेको हो । उद्योग दर्ताको प्रमाणपत्र पछि पेश गराउने समझदारी भै तत्काल फायल संलग्न नभएको हो । कर्जा लगानी गर्दा ऋणीले पेश गरेको कागजातहरू सक्कलीनै होलान भन्ने ठानी ऋण लगानी गरेको हो । नक्कली कागज पत्र छुट्याउन सकिने कुनै साधन र आधार समेत म सँग छैन । मैले ऋणीहरूसँग मिलेमतो गरी गैरकानूनी लाभ लिई बैंकलाई हानि नोक्सानी गराएको छैन ।

बैंकले लगानी गरेको रकम सम्बन्धित ऋणीहरूसँग तरताकेता गरी असूल गर्न सकिने र ऋणको भाखा नाघेको समेत थिएन । कर्जा फाँटको कर्मचारीको हैसियतले कर्जा प्रवाह गर्दा सम्पूर्ण प्रक्रिया पूरा गर्ने कार्य रामचन्द्रको हो । मैले निजलाई कुनै प्रकारको दवाव दिएको होइन । तमसुक कागज कर्जा फाँटका कर्मचारीले भरी पेश गरेको हुँदा सबै प्रक्रिया पुरा गरेको होला भन्ने विश्वासमा परेको हुँ । शाखा प्रबन्धकबाट प्रमाणित गराउने प्रचलन नहुँदा प्रमाणित नगरिएका हुन् । प्रबन्धकको हैसियतले सम्पूर्ण कामको जिम्मेवारी मेरो हो तर तोकिएको फाँटमा काम गर्ने कर्मचारीको पनि उत्तिकै जिम्मेवारी र दायित्व हुन्छ । कर्जाहरूको असूली गर्ने म्याद बाँकी नै रहेको सम्बन्धित ऋणीहरूले धितो दिएको सम्पत्तिको कागजात पनि सक्कलीनै भएको बैंकको प्रक्रिया पुरा गराई रकम लगानी गरेको बैंकलाई कुनै प्रकारको हानि नोक्सानी नभएको साथै कोही कसै ऋणीहरूबाट रकम समेत लिए खाएको नहुँदा अभियोग दावीबाट सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी मोतीलालभक्त खवासले अदालतमा गरेको बयान ।

आरोपपत्र बमोजिमको कार्य मैले गरेको होइन ऋण, नं. ३८/७८ को फायलमा चण्डिका कटुवालले ऋण लिए नलिएको मलाई थाहा छैन तर जग्गा किनिदिनको लागी भनी ५।७ वर्ष अगाडि नागरिकता र फोटोकपी दिएकी हुन् । ऋण नं. ३८।१४ का ऋणी तुलसी ओझालाई चिन्दछु । ऋण लिएको बखत गरेको तमसुकमा साक्षी के कसरी लेखाए मलाई थाहा भएन । मैले साक्षीको रुपमा सही गरेको होइन । ऋण नं. ३८/६२–३८/८१ सम्मको भुक्तानी मैले बुझेको छैन । ऋण लगानी गर्ने मानिस समेत मैले खोजेको होइन । मोतीलालभक्त खवासले अनुसन्धानको क्रममा गरेको बयानमा किन लेखाए मलाई थाहा भएन । मैले खर्च भौचरमा सही छाप समेत गरेको छैन । किन त्यस्तो आरोप लगाइयो मलाई थाहा भएन । दावीको मिति र समयमा म संखुवासभामा गएको छैन । सोही मितिमा ऋणीहरूको २०५९।६।१३ को फायल ३५ वटाको कर्जा जम्मा गरिएको ८ लाख एकाउण्टेण्ट र सन्तोष भन्नेलाई दिएको भनी मेनेजर मोतीलालभक्तले मैले सोधेको अवस्था पछि भनेका कुरा भएकाले सो नगद भुक्तानी भन्ने सम्बन्धमा कर्मचारीहरूले नै जानून् । एकाउण्टेण्ट र सन्तोष भन्नेले सक्कल फायल दबाए छिपाएका हुन् । मलाई फँसाउने नियत हो । उल्लिखित ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मको ऋण लगानी बारेमा मलाई केही थाहा छैन मैले सो कार्य गरी बैंकलाई हानि र आफू तथा कर्मचारीहरूलाई फाइदा पुऱ्याउने काम समेत गरेको छैन । मैले संखुवासभामा उपस्थित भै आरोपपत्र बमोजिम निवेदन दिने, फर्जि कागज तयार गर्ने, भर्ने, मूल्याङ्कन गराउने, भुक्तानी लिने आदि समेतको कार्य गरेको होइन, छैन । मैले आरोपपत्र माग दावीबमोजिमको कसूर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन । बिगो तिर्नु बुझाउनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी चक्रबहादुर कार्कीले अदालतमा गरेको बयान ।

उल्लिखित सि.नं. ३८/६२ देखि ३८/८१ सम्मको कर्जा लगानीका कागजात सम्बन्धमा

तत्कालीन शाखा प्रबन्धक मोतीलालभक्तले मलाई अफीसमा बोलाई सबै कर्जा लगानीसम्बन्धी कागजातहरूको सम्पूर्ण प्रक्रिया पूरा भइसकेको छ। तपाईले सही गर्नुपर्ने फाराममहरूमा सही गर्नुहोस् भनेकाले मैले हेर्ने, पढ्ने मौका पाइन। प्रक्रिया पुगेको छ भन्नु भएकाले शाखा प्रबन्धकले भनेको कुरामा विश्वास लागेको र मैले भनेको तपाईले मान्नुपर्छ भनी दबाब समेत दिएकाले मैले दस्तखत गरेको हुँ। उक्त लगानी गर्दाको सम्पूर्ण कागजपत्र सोही शाखामा तत्काल कार्यरत् सहायक "ख" लक्ष्मण पोखरेललाई शाखा प्रमुखले तयार गर्न लगाउनु भएकाले वहाँले नै तयार गर्नु भएको हो र तयार भइसकेको कागजपत्र र फाराममा मैले दस्तखत गरेको हुँ। शाखा प्रबन्धकको विश्वासमा परी सबै कुरा ठीक होला भनी सहीसम्म गरेको हुँ। मैले गरेको कामबाट बैंकलाई हानि नोक्सानी समेत भएको नहुँदा मलाई सजाय हुनुपर्ने होइन। सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी रामचन्द्र गडतौलाले गरेको बयान।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादी मोतीलालभक्त खवास, रामचन्द्र गड्तौला र चक्रबहादुर कार्कीलाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) अनुसार कानूनबमोजिमको सिधा पाउने गरी थुनुवा पूर्जि दिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी विशेष अदालतबाट भएको आदेश।

प्रतिवादीका साक्षी बुझ्ने आदेश भएकोमा निज प्रतिवादीहरूले साक्षी उपस्थित गराउन नसकेको वादी पक्षका साक्षी ओम प्रकाश दंगाल, जितेन्द्र राई समेतको बकपत्र मिसिल सामेल रहेको।

प्रतिवादीहरूले आरोपपत्र मागदावी बमोजिमको कार्य गरी प्रतिवादीमध्ये मोतीलालभक्त खवासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र प्रतिवादी रामचन्द्र गड्तौला तथा चक्रबहादुर कार्कीले सोही ऐनको दफा २२ अन्तर्गतको कसूर गरेको र प्रतिवादी मोतीलालभक्त खवास र चक्रबहादुर कार्कीबाट जनही रू. १,५०,००,००।– (पन्ध्र लाख) का दरले सोही ऐनको दफा १७ बमोजिम बिगो भराउने समेत ठहर्छ। सो ठर्हनाले मोतिलाल भक्त खवासलाई उक्त ऐनको दफा १७ र दफा ३(१)(च) अनुसार दुई वर्ष ६ महिना कैद र बिगोबमोजिम रू.१,५,००,०००।– (पन्ध्र लाख) जरीवाना हुन्छ। प्रतिवादी चक्रबहादुर कार्कीलाई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशअनुसार मोतीलालभक्त खवासलाई भए सरहनै उक्त दफाबमोजिम २।६ (दुई वर्ष ६ महिना) कैद र बिगोबमोजिम रू. १,५००,०००।–(पन्ध्र लाख) जरीवाना हुन्छ। अर्का प्रतिवादी रामचन्द्र गड्तौलालाई सोही ऐनको दफा २२ बमोजिम १।३ (एक वर्ष तीन महिना) कैद र ७,५०,०००।–(सात लाख पचास हजार) जरीवाना हुन्छ भन्ने समेत विशेष अदालत काठमाडौंको मिति २०६३।३।१२ को फैसला।

मैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गरेको बयान, बैंक प्रबन्धक समेतले गरेको बयानको मूल्याङ्कन नगरी बैंकका ऋण कमिटीमा बसेका कर्मचारीलाई जरीवानासम्म गर्ने गरी बैंकको रकम लिन खान सरिक भएका व्यक्तिउपर अभियोग दायर नै नगरी भएको अभियोग पत्रको आधारमा म गैर कर्मचारीउपर हदै सम्मको जरीवाना र बिगो बुझाउन पर्ने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसला उल्टी गरी झूठा दावीबाट फुर्सद पाऊँ भन्ने समेत प्रतिवादी चक्रबहादुर कार्कीको यस अदालतमा परेको पुनरावेदन पत्र।

मेरो कुनै आदेश वा निर्देशनबाट चक्रबहादुर कार्कीलाई रकम भुक्तानी गर्नु भनेको होइन। रामचन्द्र गड्तौला र प्रबन्धकको आदेशले नै रकम चक्रबहादुरलाई भुक्तानी गरेको हो भनी वादीका साक्षी जितेन्द्र राईले अदालतमा बकपत्र गरेकोलाई प्रतिवादीले अन्यथा भन्न नसकेको भन्ने फैसलाको आधार अग्राह्य छ। साथै बिगो तीस लाख हिनामिना भएको भनिएको फैसला ठहर हेर्दा सबै प्रतिवादीबाट बिगो र जरीवाना समेत गरी ७५ (पचहत्तर) लाख असूल गर्ने तपसील खण्डमा उल्लेख छ। तसर्थ विशेष अदालतको उक्त फैसला उल्टी गरिपाउँ भन्ने समेत प्रतिवादी मोतीलालभक्त खवासको यस अदालतमा परेको पुनरावेदन पत्र।

जरीवाना गरिँदा बिगोबमोजिम जरीवाना हुने ऐनको व्यवस्था रहेको र अभियोजन पक्षले अभियोग दावी गर्दा बिगोबमोजिम जरीवाना हुनुपर्ने दावी गरेको मिसिलबाट प्रमाणित हुन्छ। बिगोबमोजिम जरीवाना

गर्दा बिगोको हदसम्म मात्र गर्नु पर्दछ । जनही जरीवाना गर्न मिल्दैन । उपरोक्त अध्ययनमा विशेष अदालतबाट भएको फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने प्रतिवादी रामचन्द्र गड्तौलाको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी चक्रबहादुर कार्कीले भरपाई कागज लगायतमा आफूले सहिछाप नगरेको भन्ने जिकीर, आफ्नो–आफ्नो बयानमा लेखी दिएको अवस्थामा विशेष अदालत काठमाडौंबाट निर्णय हुँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट चक्रबहादुर कार्कीको सहिछाप मिलेको भन्ने राय आएकोलाई आधार बनाएको देखियो । प्रमाण ऐन, २०३१ को दफा २३(७) अनुरूप विशेषज्ञको बकपत्र गराई प्रतिवादीलाई जिरहको मौका नै नदिई प्रमाणमा लिएको अवस्थामा उक्त फैसला फरक पर्नसक्ने हुँदा छलफलको निमित्त महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिइ राय व्यक्त गर्ने विशेषज्ञलाई बकपत्र प्रयोजनार्थ झिकाई लगाउका मुद्दा समेत साथै राखी पेश गर्नु भन्ने मिति २०६७।१२।२२ को यस अदालतबाट भएको आदेश ।

उल्लिखित कागजातहरू मैले नै परीक्षण गरेको हो । रेखाका गुणहरूको अध्ययनलाई आधार लिई परीक्षण गरिएको हो भन्ने समेत विशेषज्ञले अदालतसमक्ष गरेको बकपत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन समेतको मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादी मोतीलालभक्त खवासको तर्फबाट विद्वान अधिवक्ताहरू क्रमशः प्रकाश राउत, माधव वास्कोटा तथा विनोद शर्मा समेतले मोतीलालभक्त बैंकको प्रबन्धक भएको र ऋण लगानीसम्बन्धी सम्पूर्ण प्रक्रिया सहायक कर्मचारीबाट पूरा भएपछि मात्र निज समक्ष पेश हुने भएकोले निजले अरुले तयार गरेका कागजातहरूको आधारमा भुक्तानीको आदेश दिएको हो । अरुले तयार गरेका कागजका आधारमा प्रबन्धकले निर्णय गर्ने हुँदा प्रस्तुत लगानी कार्यमा मेरा पक्षको बद्नियत एवं संलग्नता समेत छैन । प्रबन्धकले चाहने वित्तिकै एक्लै ऋण प्रवाह हुन सक्दैन । पेश भएका कागजहरू नक्कली नै हुन भन्ने मेरा पक्षलाई पूर्व जानकारी नभएकोले अरुले गरेको कामको जिम्मेवारी मेरा पक्षले लिन नसक्ने भएकोले मेरा पक्षलाई कसूर ठहर गरेको विशेष अदालतको फैसला उल्टी गरी मेरा पक्षले सफाइ पाउनु पर्दछ भनी तथा प्रतिवादी रामचन्द्र गड्तौलाको तर्फबाट विद्वान अधिवक्ता नरेन्द्रकुमार श्रेष्ठ, राजु आचार्य तथा अर्जुन खनाल समेतले मेरो पक्षले ऋण लगानीसम्बन्धी धितो दुरुस्त छ भनी कार्यालय प्रमुखले सही गर्न भन्दा विश्वासमा परी सही गरेको हो । मेरा पक्षले बद्नियत राखी सही गरेको छैन । त्यस माथि पनि मेरो पक्ष ऋण प्रवाह गर्न आदेश दिने जिम्मेवार व्यक्ति पनि होइन । कार्यालय प्रमुखको आदेशानुसार तयार भएको लिखतमा सही गरेको कार्यबाट भ्रष्टाचार भएको भनी मान्न नमिल्नेमा कसूर ठहर गरेको विशेष अदालतको फैसला नमिलेकोले उल्टी होस् भनी तथा प्रतिवादी चक्रबहादुर कार्कीको तर्फबाट विद्वान अधिवक्ता जगतबहादुर कार्कीले मेरो पक्ष बैंकको कर्मचारी पनि होइन । बैंक भित्र हुने कर्जा प्रवाहमा बैंकसँग सम्बन्ध नभएका व्यक्तिको संलग्नता हुने सम्भावना छैन । बैंक प्रबन्धक मोतीलालले मेरा पक्षलाई तीस लाख बुझाएको र मेरा पक्षले बुझी लिएको भनी स्वयं बैंक प्रबन्धकले भन्न सकेको छैन । बैंक भित्रको रकम नक्कली कागजहरू तयार गरी मेरा पक्षलाई बुझाउन पर्ने सम्मको आधार र कारण वादी पक्षले खुलाएको पाइदैन । मेरो पक्षलाई कसूरदार ठहराएको विशेष अदालतको फैसला गलत, त्रुटिपूर्ण भएकोले सो फैसला उल्टी होस भनी र वादी नेपाल सरकारको तर्फबाट विद्वान सहन्यायाधिवक्ता सरोजप्रसाद गौतमले प्रतिवादीहरू बैंकका कर्मचारी भएकोले निजहरूलाई ऋण लगानी गर्दा पालना गर्नुपर्ने सम्बन्धित कानूनी व्यवस्था तथा पुऱ्याउनु पर्ने कार्यविधिका बारेमा थाहा जानकारी थिएन भन्न सकिँदैन । प्रतिवादीहरूले बैंकबाट ऋण लगानी गर्दा अपनाउन पर्ने सामान्य कार्यविधि पनि अपनाएको छैन । जानी–जानी नक्कली कागजहरू तयार पारिएको छ । उक्त कार्य भूलबश भएको नभई बद्नियतपूर्वक गरेको भन्ने प्रष्ट देखिन्छ । प्रतिवादीहरू मिली सामूहिक रुपमा नक्कली कागज तयार गरी बैंकबाट रकम लिए खाएको अवस्था छ । रकम लिए खाएको नभए पनि जानी जानी लापरवाहीपूर्वक बैंकको रकम नोक्सान पारेपछि त्यस्तो कार्य स्वतः भ्रष्टाचारजन्य कार्य हुन्छ ।

यस्तो कार्यलाई भ्रष्टाचार मानिने भनी सम्मानीत सर्वोच्च अदालतबाट समेत विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन भएको हुँदा प्रतिवादीहरूलाई कसूर ठहर गरी सजाय गरेको विशेष अदालतको फैसला मिलेको हुँदा सदर हुनु पर्दछ भनी गर्नु भएको बहस समेत सुनी विशेष अदालतबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्छ सक्दैन भन्ने कुराको निर्णय दिन परेको छ ।

यसमा प्रतिवादी मोतीलालभक्त खवासले अरुका नामबाट ऋण माग गर्न लगाई असम्बन्धित व्यक्तिबाट तमसुकमा र खर्च भौचरमा सही गरी गराई हुँदै नभएको जग्गाको मूल्याङ्कन गराई धितो स्वीकार गरी कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्मको कर्जा प्रवाह गरेको देखाई बैंकको रू.३०,००,०००।– तीस लाख रकम निकाली भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर अपराध गरेकोले निज मोतीलालभक्त खवासबाट सोही दफाबमोजिम सजाय गरी बिगो समेत दिलाई पाऊँ भन्ने समेत र प्रतिवादी रामचन्द्र गड्तौलाले उल्लिखित कर्जा उपलब्ध गराउन ऋणीको नाममा दर्ता नै नभएको जग्गा मूल्याङ्कन गरी कृत्रिम ऋणीको तमसुक बैंकतर्फबाट सही गरी कर्जा उपलब्ध गराउने कार्यमा संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरको मतियार हुने कार्य गरेकोले सोही ऐनको दफा २२ बमोजिम सजाय गरी पाउँन एवं प्रतिवादी चक्रबहादुर कार्कीले सोही कर्जाको लागी प्रबन्धक मोतीलालभक्त खवाससँग मिलेमतो गरी नक्कली कागज, तमसुक बनाई रकम बुझेकोले सोही ऐनको दफा १७ को कसूरमा मतियार भै ऐ.ऐनको दफा २२ बमोजिमको कसूर गरेकोले मुख्य कसूरदार मोतीलाल सरह नै सजाय गरी निज समेतबाट बैंकलाई नोक्सानी पुगेको बिगो दिलाई पाऊँ भन्ने समेत अभियोग दावी भएकोमा ऋण लगानीसम्बन्धी कागजमा सबै रित पुगेको छ सही गरिदिनुहोस् भनी बैंक प्रबन्धक समेतले भनेकाले सही गरेको हो रकम लिए खाएको छैन सफाइ पाऊँ भन्ने समेत प्रतिवादी रामचन्द्र गड्तौलाको र प्रतिवादी रामचन्द्र गड्तौलाले सबै कागज रीतपूर्वक छन भनी पेश गरेकोले म समेत भई कर्जा स्वीकृति गरिएको हो रित पुऱ्याई ऋण प्रवाह भएकोले दावीबाट सफाइ पाऊँ समेत प्रतिवादी मोतीलालभक्त खवासको तथा मैले दावीबमोजिम नक्कली कागज तयार गर्ने ऋण बुझ्ने समेतको कार्य नगरेकोले दावीबाट सफाइ पाऊँ भन्ने समेत प्रतिवादी चक्रबहादुर कार्कीको बयान भएको प्रस्तुत मुद्दामा अभियोग दावीबमोजिम कसूर ठहर गरी सजाय समेत गरेको छ । विशेष अदालतको सो फैसला उल्टी गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने समेत प्रतिवादीहरूको पुनरावेदन जिकीर रहेको पाइन्छ ।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीमध्ये मोतीलालभक्त खवास राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदवारीका तत्कालीन प्रबन्धक र रामचन्द्र गड्तौला सोही बैंकको वरिष्ठ सहायक कर्मचारी रहेको देखिन्छ भने प्रतिवादी चक्रबहादुर कार्की बैंकको कुनै कर्मचारी वा बैंकसँग सम्बन्धित व्यक्ति रहे भएको अवस्था देखिदैन । त्यस्तै राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खाँदवारीले ऋण नं. ३८/६२ देखि ३८/८१ सम्मका २० थान कर्जासम्बन्धी फाइलबाट विभिन्न बीस जनाको नामबाट रू.१५०,०००।– का दरले जम्मा रू.३०,००,०००।– ऋण लगानी गरेकोमा पनि विवाद देखिँदैन ।

३. राष्ट्रिय वाणिज्य बैंक खाँदवारीमा मानबहादुर वस्नेत, कल्पना वस्नेत, यशोदा वस्नेत, सीतादेवी वस्नेत, शम्भुकुमार कटुवाल, प्रकाश के.सी., देवी दाहाल, टेकबहादुर खड्का, रोहित भट्टराई, गजबहादुर कार्की, सुवन खत्री, चित्रबहादुर वस्नेत, मीरा कार्की, तोरण बहादुर खत्री, शारदा भट्टराई, विणा श्रेष्ठ, चण्डिका कटुवाल, काजीकुमार खत्री, गोविन्द कार्की, खेमकुमारी वस्नेत समेत २० (बीस) जनाको नामबाट जनही रू.१,५०,०००।– का दरले रू. ३०,००,०००।– (तीस लाख) ऋण मागेको कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्मका कर्जा फाइलहरूबाट देखिन्छ । त्यस्तै उक्त फायलहरूमा निवेदकका हैसियतले गर्नुपर्ने निवेदन पत्र, तमसुकहरूमा गर्नुपर्ने सहिछाप तत्तत् व्यक्तिको नामबाट गरेको देखिन्छ । त्यस्तै ऋण लगानी सम्बन्धी परियोजना अध्ययन प्रतिवेदन फाराम, पारिवारिक विवरण कार्यक्रम फाराम, मूल्याङ्कन फाराम, कर्जा कमिटीको निर्णय समेतमा बैंकका मेनेजर एवं कर्मचारीका हैसियतले यी प्रतिवादी

मोतीलालभक्त खवास, रामचन्द्र समेतले सही गरेको देखिन्छ । निवेदकका नामको जग्गा धनी प्रमाणपूर्जा, तिरो तिरेको रसीद समेत मिसिल सामेल रहेको पाइन्छ । ऋण माग गरी ऋण बुझीलिने भनिएका व्यक्ति सुवन खत्री, प्रकाश के.सी., रोहित भट्टराई, शम्भुकुमार कटुवाल, देवी दाहाल, कल्पना वस्नेत, मीरा कार्की, चित्र बहादुर बस्नेत यशोदा वस्नेत, सीतादेवी वस्नेत, चण्डिका कटुवाल समेतका व्यक्तिहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट झिकाई बुझ्दा निजहरूले राष्ट्रिय वाणिज्य बैंक खाँदवारीमा ऋण लिन पाऊँ भनी माग गरी कुनै निवेदन नै नदिएको आफ्नो नामबाट पेश भएका उल्लिखित निवेदन, तमसुकमा आफूले सही नगरेको, नागरिकताका प्रमाणपत्र आफूले पेश नगरेको, जग्गाधनी प्रमाणपूर्जा समेत आफ्नो होइन भनी उल्लेख गरेको देखिन्छ ।

४. प्रतिवादी मोतीलालभक्त खवासले कर्जा नं. ३८/६२ देखि ३८/८१ सम्मका कर्जा लगानी गर्दा व्यवसायिक प्रमाणपत्र र अफीसको छाप नभएको कागज भए पनि चक्र कार्कीमार्फत् ऋण लगानी गरेको हुँ । कुनै अख्तियारी विना नै चक्र कार्कीलाई भुक्तानी गरेको हो । ऋणको धितो मूल्याङ्कन फाराम, म र प्रतिवादी रामचन्द्र गड्तौलाले सही गरी जग्गा नहेरी ऋण लगानी गरेको हो । साथै सम्बन्धित ऋणीको अख्तियारी बिना नै मेरो आदेशमा गणक जितेन्द्रले रू.तीस लास चक्रबहादुर कार्कीलाई भुक्तानी गरेको हो । खर्च भौचरमा म र रामचन्द्र समेतले सही गरेको हो । एकाउण्टेण्टले पछि सही गर्छु भनेकोले रकम भुक्तानी भएको हो भनी बयान गरको पाइन्छ । प्रतिवादी रामचन्द्र गड्तौलाले पनि उक्त रकम लगानी गर्दा धितो जग्गा भए ठाउँमा आँफू नगएको प्रबन्धकले भनेबमोजिम लक्ष्मण पोखरेलले तयार पारेको लिखतमा सही गरेको हुँ । लिखत मैले तयार गरेको होइन । मोतीलाल र लक्ष्मण पोखरेलको विश्वासमा परी सही गरेको हुँ भनी बयान गरेको देखिन्छ । त्यस्तै प्रतिवादी चक्रबहादुर कार्कीले मौकामा बयान गर्दा जितेन्द्र राईले तीस लाख भनेकोमा त्यति नभई आठ लाख रुपैयाँ सतोष भन्ने बैंकका कर्मचारीलाई दिएको हो, अरु मेनेजरले नै बाँडफाँड गरेका हुन । मलाई तीन लाख पचासी हजार भयो भनी मेनेजरले भनेका हुन् । मेनेजरले भौचर कागजमा सही गराएका थिए भनी भौचरमा सही गरेको र रकम बाँडफाँड गरी लिएकोमा सावित भई बयान गरेको देखिन्छ ।

५. राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं. ७१२ मिति २०६१।१२।१८ को रायपत्रमा उल्लिखित चक्रबहादुर कार्कीको अनुसन्धानको क्रममा लिइएको निजको नमुना ल्याप्चे, सहिछाप विभिन्न व्यक्तिका नामबाट ऋण माग गरेका निवेदक र तमसुकमा रहेको ल्याप्चे छापसँग मिल्छ भनी दिएको राय समेतबाट यी प्रतिवादी चक्रबहादुर कार्कीले प्रतिवादी मोतीलालभक्त खवास, रामचन्द्र गड्तौला समेतसँग मिली तमसुक, निवेदन समेतमा सही गरी बैंकबाट रू. तीसलाख निकाली लिने खाने कार्यमा संलग्न रहेको पुष्टि हुन आएको छ । प्रतिवादीले पेश गरेका जग्गाधनी प्रमाणपूर्जामा उल्लेख भएका जग्गाहरू निवेदकको नाममा दर्ता छन, छैनन् भनी सम्बन्धित निकायमा बुझ्दा उक्त जग्गाहरू निवेदकको नाउँमा दर्ता रहेको नदेखिएको तथा रोक्का नभएको भनी मालपोत कार्यालय मोरङ्गले च.नं. ४७६४ मिति २०६०।१२।२६ मा राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय विराटनगरमा लेखी पठाएको पत्रबाट देखिन्छ । त्यस्तै गा.वि.स. ले लेखेका ऋण मागसम्बन्धी च.नं. २०, २१, २२, २३, २४, २६, ४९, ४०, ३७, ३९, ४२, ४३, ३६, ४४, ४७, ३८, ४१, २८, ४५ र २७ नं.का पत्रहरूको सत्यता बारे सम्बन्धित कटहरी गा.वि.स.सचिवलाई झिकाई बुझ्दा उक्त च.नं. का पत्रहरू चारकिल्ला प्रमाणित गरी उक्त ऋण मागको सिलसिलामा पठाएको होइन जाली सिफारिश हुन । रसीदहरू गा.वि.स. बाट काटेका पनि होइन् भनी अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ । साथै राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट उक्त गा.वि.स बाट लेखी आएका भनेका पत्रहरू जाँच गर्दा पनि गा.वि.स. को पत्र र छाप उक्त ऋण लगानी फाइलमा पेश भएका विवादित पत्र छापसँग नमिलेको भनी राय व्यक्त भई आएको राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको च.नं.६३९ मिति २०६१।११।२७ को पत्रबाट समेत देखिन्छ ।

६. प्रतिवादी मोतीलाल भक्त, रामचन्द्रले ऋण लगानीको माग भई आएपछि पुऱ्याउनु पर्ने कानूनी प्रक्रिया पूरा गरी ऋण लगानी गरेको हो, होइन भनी हेर्दा प्रचलित कानून तथा बैंकले तयार गरेको

निर्देशिकाबमोजिम धितो स्वरुप पेश गरेको जग्गा सम्बन्धित व्यक्तिको नाउँमा दर्ता छ, छैन ? जुन उद्योगको नाममा ऋण माग गरेको हो सो उद्योग दर्ता छ, छैन ? बुझी जग्गा दर्ता र उद्योग दर्ता भएको देखिए धितो दिएको जग्गा रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयमा पठाई मालपोत कार्यालयबाट रोक्का गराई जग्गाको स्थलगत मूल्याङ्कन समेत गरी जग्गाको प्रकृति समेत हेरी जाँची जग्गाधनी प्रमाणपूर्जा, चारकिल्ला प्रमाणित, नक्सालगायतका ऋण माग गर्दा भर्नु पर्ने फाराम, पुऱ्याउनु पर्ने प्रक्रिया पुरा गरे पछि लगानी गरेको ऋण असूल हुने भएपछि मात्र ऋण लगानी गर्नुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा सो केही नगरी अवास्तविक र काल्पनिक व्यक्तिहरू ऋणीको रुपमा खडा गरी निजहरूसँग मिली तयार गरेको लिखतलाई स्वीकार गरी धितो मूल्याङ्कन, कर्जा लगानी निर्णय, ऋण लगानी भौचरमा सही गरी रू.३०,००,०००।– तीस लाख भुक्तान गरेको देखिन्छ ।

७. अत:माथि विवेचित आधार र कारणहरूबाट यी पुनरावेदक प्रतिवादीहरूले नक्कली कागज तयार गरी अवास्तविक व्यक्तिको नामबाट बैंकबाट ऋण निकाली बैंकलाई नोक्सान र आफूलाई गैरकानूनी फाइदा पुऱ्याएको देखिन आयो । अब त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ ले परिभाषित कसूर अपराधभित्र पर्छ, पर्दैन भनी हेर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा "कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बद्नियत गरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुनेछ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असूलउपर गरिने छ" भन्ने र सोही ऐनको दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐनअन्तर्गत सजाय हुने कुनै कसूरको मतियारलाई त्यस्तो कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ । तर कसूर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई त्यस्तो कसूर गरेबापत नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराइदिने वा आँफूले लिने मतियारलाई कसूर गर्ने व्यक्ति सरह नै सजाय हुनेछ" भन्ने व्यवस्था भएको पाइदा यी प्रतिवादीहरू मध्ये मोतीलालभक्त खवासले आफू बैंकको प्रबन्धक भएको अवस्थामा ऋण लगानी गर्दा बैंकको निर्देशन पालना नगरी पेश भएको धितोको बारेमा छानबीन नगरी प्रचलित कानूनी व्यवस्थाको विपरीत हुने गरी लापरवाही गरी नक्कली कागज र काल्पनिक ऋणीका नामबाट ऋण प्रवाह गरी आफूलाई फाइदा बैंकलाई नोक्सान पुऱ्याएको देखिँदा निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर देखिन आयो ।

८. यस्तै प्रतिवादी रामचन्द्र गड्तौलाले आफूले जाँचबुझ गरी बैंकलाई नोक्सानी नहुने गरी ऋण लगानीसम्बन्धी फाराम, मूल्याङ्कन फाराम, ऋण लगानीसम्बन्धी निर्णय, भुक्तानीको भौचरमा सही गर्नुपर्नेमा प्रबन्धकले सही गर भनी भनेकाले विश्वासमा परी सही गरेको हुँ भनी लापरवाही गरी बैंकलाई नोक्सान पुग्ने कार्य गरेको पुष्टि भएकोले निज उपर सोही ऐनको दफा १७ को कसूरको मतियारको दावी हुँदा निजले दफा २२ बमोजिमको कसूर गरेको देखियो ।

९. त्यस्तै प्रतिवादी चक्रबहादुर कार्कीले अर्काको नागरिकता पेश गरी बैंकबाट ऋण माग गरी लिएको कुरा र बैंक मेनेजरबाट तीन लाख पचासी हजार लिएको समेत स्वीकार गरी बयान गरेको, ऋणसम्बन्धी कागजहरू तयार गर्ने चक्र कार्की हुन भन्ने र निजलाई मेनेजरको आदेशले तीसलाख बुझाएको हुँ भनी गरेको गणक जितेन्द्रको बयान, चक्र कार्कीको अनुसन्धानको क्रममा लिएका नमुना ल्याप्चे, छाप, बैंकका रसीद भौचरको छापसँग निवेदन, तमसुकमा रहेका ल्याप्चे छापसँग मिल्छ भन्ने विधि विज्ञान प्रयोगशालाको पत्र समेतबाट पुष्टि हुन आएकोले बैंकका कर्मचारीसँग मिली आफू सम्बन्धित ऋणी नभए पनि बैंकबाट रकम बुझी लिई बैंकलाई नोक्सान आफूलाई गरैकानूनी फाइदा हुने काम गरेको देखिँदा निजउपर समेत सो ऐनको दफा १७ को कसूरको मतियारको दावी हुँदा निजले समेत आरोपित कसूर गरेको पुष्टि हुन आयो । तर निजले समेत बिगो लिए खाएको देखिएको हुँदा मतियार भए पनि ऐनको दफा २२ को प्रतिवन्धात्मक व्यवस्थाबमोजिम मुख्य कसूरदार सरह निजबाट समेत बिगो भरी पाउने नै हुन्छ ।

१०. यसर्थ यी प्रतिवादीहरू मिली कृत्रिम सही गरी ऋणको दरखास्त पेश गरी अवास्तविक व्यक्तिको नामबाट ऋण लिएका देखाई बैंकबाट रू.३०,००,०००।– तीस लाख निकाली आफूहरूले लिई खाई भ्रष्टाचार गरेको प्रमाणित हुन आएकोले निजहरू मध्ये प्रतिवादी मोतीलालभक्त खवासलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर ठहर गरी निजबाट रू.१५,००,०००।– (पन्ध्र लाख) बिगो भराई बिगो बराबर जरीवाना र २ वर्ष ६ महिना कैद, प्रतिवादी रामचन्द्र गड्तौलालाई सोही ऐनको दफा २२ बमोजिमको कसूर ठहर गरी एक वर्ष तीन महिना कैद र रू.७,५०,०००।– सात लाख पचास हजार जरीवाना तथा प्रतिवादी चक्रबहादुर कार्कीलाई सोही ऐनको दफा २२ बमोजिमको कसूर ठहर गरी निजबाट सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम रू.१५,००,०००।– (पन्ध्र लाख) बिगो भराई बिगो बराबर रू.१५,००,०००।– (पन्ध्र लाख) जरीवाना तथा दुई वर्ष ६ महिना कैद हुने ठहऱ्याएको समेत विशेष अदालत काठमाडौंको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न सक्दैन । अरुमा तपसीलबमोजिम गर्नु ।

तपसील

प्रतिवादी मोतीलालभक्त खवासके माथि ठहर खण्डमा लेखिएबमोजिम विशेष अदालतबाट भएको फैसला सदर हुने ठहरेकोले निजलाई सो अदालतका फैसलाबाट लागेको कैद दुई वर्ष छ महिना निज थुनामा बसी सो कैद भुक्तान गरी सकेको र जरीवाना र निजबाट भरी पाउने ठहरेको बिगो समेत रू.३०,००,०००।– (तीस लाख) बापत यस अदालतमा जग्गा जेथा जमानत राखी थुनाबाट छुटेको मिसिलबाट देखिँदा निजलाई लागेको सो जरीवाना तथा निजबाट भरी पाउने ठहरेको बिगो समेत असूलउपर भए निजले राखेको जग्गा जेथा फुकुवा गरी दिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनु तथा जरीवान र बिगो समेत असूल नभए निजले राखेको जेथा समेतबाट कानूनबमोजिम गरी असूलउपर गर्नु गराउनु भनी सम्बन्धित मोरङ जिल्ला अदालतमा लेखी पठाई दिनु ... १

प्रतिवादी चक्रबहादुर कार्कीके माथि ठहर खण्डमा लेखिएबमोजिम विशेष अदालतबाट भएको फैसला सदर हुने ठहरेकोले निजलाई सो अदालतका फैसलाबाट लागेको कैद दुई वर्ष छ महिना निज थुनामा बसी भुक्तान गरी सकेको र जरीवाना र निजबाट भरी पाउने ठहरेको बिगो समेत रू.३०,००,०००।– तीस लाख बापत यस अदालतमा जग्गा जेथा जमानत राखी थुनाबाट छुटेको मिसिलबाट देखिँदा निजलाई लागेको सो जरीवाना तथा निजबाट भरी पाउने ठहरेको बिगो समेत असूलउपर भए जग्गा जेथा फुकुवा गरी दिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनु तथा जरीवाना र बिगो समेत असूल नभए निजले राखेको जेथा समेतबाट कानूनबमोजिम गरी असूलउपर गर्नु गराउनु भनी सम्बन्धित मोरङ जिल्ला अदातमा लेखी पठाई दिनू ... २

प्रतिवादी रामचन्द्र गड्तौलाके माथि इन्साफ खण्डमा लेखिएबमोजिम विशेष अदालतबाट भएको फैसला सदर हुने ठहरेकोले निजलाई सो अदालतका फैसलाबाट लागेको कैद एक वर्ष तीन महिना निज मिति २०६१।७।१८ देखि २०६३।९।३ सम्म थुनामा बसी सो कैद भुक्तान गरी सकेको र जरीवाना रू.७,५०,०००।– सात लाख पचास हजार बापत यस अदालतमा निजले जग्गा जेथा जमानत राखी थुनाबाट छुटेको देखिएकोले निजले फैसलाबाट लागेको कैद भन्दा दश महिना पन्ध्र दिन बढी अवधि थुनामा बसेको हुँदा निज बढी कैद बसेको अवधि जरीवाना असूल गर्दा कानूनबमोजिम कट्टा गरी बाँकी जरीवाना मात्र निजबाट असूलउपर गर्नु र सो बाँकी जरीवाना असूल भए निजले राखेको जग्गा जेथा फुकुवा गरी दिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाई दिनु । निजलाई लागेको उक्त जरीवाना असूल नभए निजले राखेको जेथा समेतबाट कानूनबमोजिम गरी असूलउपर गर्नु गराउनु भनी सम्बन्धित झापा जिल्ला अदालतमा लेखी पठाई दिनू .....३

फैसलाको जानकारी पुनरावेदकहरूलाई तथा महान्यायाधिवक्ताको कार्यालय समेतलाई दिनू ........४

दायरीको लगत काटी मिसिल नियमानुसार गरी बुझाई दिनू ......५

उक्त रायमा सहमत छु ।

न्या.तर्कराज भट्ट

इति संवत् २०६८ साल जेठ २ गते रोज २ शुभम् ......

इजलास अधिकृत:– नारायणप्रसाद पराजुली

## निर्णय नं. ८६८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश डा.श्री भरतबहादुर कार्की
०६७ -WH- ००८९
आदेश मितिः २०६८।४।१६।२

विषयः बन्दीप्रत्यक्षीकरण ।

निवेदकः पाकिस्तान, बलुचिस्तान, ५५ छिल्तन मार्केट, क्वेटा केन्टमा घर भै हाल नेपाल सरकार अध्यागमन विभागको कार्यालयमा थुनामा राखिएका अब्दुल खलिकको हकमा हाल जिल्ला भक्तपुर मध्यपुर थिमि न.पा. वडा नं. १५ वस्ने लक्ष्मीप्रसाद पोखरेल (अधिवक्ता प्र.प.स. ४४०३)

विरुद्ध

विपक्षीः प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

- **नेपालको कुनै कानूनको उल्लंघन वा अपराधजन्य कार्य नगरेसम्म कसैलाई पक्राउ गर्न, हिरासतमा राख्न वा वन्दी गृहमा राख्न कानूनसंगत नहुने ।**
- **तोकेको स्थानमा बस्नु पर्ने भन्ने कानूनी व्यवस्थाको गलत अर्थ गरी बन्दीगृह (Detention Room) मा राख्नु पर्ने भन्ने अर्थ गर्नु दुराशयपूर्ण हुने ।**

(प्रकरण नं.३)

- **सरकारमा रहेका सार्वजनिक पद धारण गरेका जिम्मेवार उच्च पदस्थ पदाधिकारीबाट व्यक्तिको स्वतन्त्रताको संवैधानिक एवं कानूनी हकलाई सम्मान गरी पालन गर्नुपर्नेमा त्यसो नगरी गैरकानूनी रुपमा थुनामा राखिएको कार्यलाई कानूनको दुराशयपूर्ण प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको हक र संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रदत्त मानव अधिकारको उल्लंघन गरिएको मान्नुपर्ने ।**
- **वैयक्तिक स्वतन्त्रता (Personal Freedom) मानव जीवनको महत्वपूर्ण हक हो । यस्तो हक मानिस भएको नाताले मानिसलाई स्वतः प्राप्त हुन्छ र कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया नपुर्‍याई कसैले सो हक अपहरण गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

निवेदक तर्फबाटः विद्वान अधिवक्ता लक्ष्मीप्रसाद पोखरेल
प्रत्यर्थी तर्फबाटः विद्वान उपन्यायाधिवक्ता हरिप्रसाद रेग्मी
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), २४(३) र
- अध्यागमन नियमावली, २०५१ को नियम २२, ४४(१)
- नागरिक अधिकार ऐन, २०१२ को दफा १५(२)
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(१)
- सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३७ र ३९

आदेश

**न्या.रामकुमार प्रसाद शाहः** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम यस अदालतमा दर्ता भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एव ठहर यस प्रकार छः:

बन्दीसँग भेटघाट र सहिछाप गर्न नदिएकोले बन्दी अब्दुल खलिकको हकमा निवेदन लिई उपस्थित भएको छु :

प्रहरी प्रतिवेदनले नेपाल सरकार वादी, रिट निवेदक अब्दुल खलिक समेत प्रतिवादी भएको २०५४।०५५ सालको स.फौ.नं ७४६ को लागू औषध मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०५५।३।३१ गते भएको शुरु फैसला समेतले लागेको कैद, जरीवाना कारागार नियमावली, २०२० को नियम २९(२) बमोजिम हुने कैद समेत चुक्ता भुक्तान गरी मिति २०६८।३।२० गते भद्रबन्दीगृहबाट मुक्त

भएपछि नेपालमा उपस्थितिको आज्ञा र यात्रा अनुमति पत्र तथा भिसा समेत नियमित गर्ने प्रयोजनका लागी पक्राउ साथ प्रहरीको मोटरमा राखी अध्यागमन विभागमा पुऱ्याई पक्राउ गर्नुपर्ने कारण सहितको सूचना, पक्राउ पूर्जी, थुनुवापूर्जी बेगरै मुद्दा हेर्ने अधिकारीको अनुमति बिना आफ्नो छीडी खोरमा विपक्षीहरूले मलाई थुन्न लगाउनु भएको छ। अदालतबाट लागेको कैद जरीवाना चुक्ता भुक्तान गरेपछि मलाई यात्रा अनुमतिपत्र, नेपालमा उपस्थितिको निम्ति भिसा दिने कानूनी कर्तव्य भएका गृह मन्त्रालयले गैरकानूनी रुपमा थुन्न लगाउनु भएको छ।

अतः उपरोक्त प्रकरणहरूमा लेखिएका हिसाबले अड्डाको फैसलाले लागेको कैद जरीवाना भुक्तान गरी सकी स्वेदश घर जान पाउने अवस्थाका रिट निवेदकलाई कानूनी आधार र कारण बिना, पक्राउपूर्जी, थुनुवा पूर्जी बेगरै मिति २०६८।३।२० गतेदेखि आजतक विपक्षीहरूले हिरासत कक्षमा थुनी थुन्न लगाई निवेदकलाई नेपालको अन्तरिम संविधान २०६३ को यस अघि यस निवेदन पत्रमा उल्लिखित धाराद्वारा प्रदत्त मौलिक हकउपर विपक्षीहरूले स्वेच्छाचारी हिसावले लगाउनु भएको बन्देज हटाई उक्त संविधानको धारा ३२ ऐ को धारा १०७(२) बमोजिम बन्दीप्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश जारी गरी निवेदक अब्दुल खलिकलाई विपक्षीहरूको गैरकानूनी थुनाबाट मुक्त गरी सो धाराहरू द्वारा प्रदत्त निवेदकको मौलिक हकको संरक्षण गरिपाऊँ भन्ने समेत निवेदन दावी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक ३ दिनभित्र बन्दी भए बन्दी समेत सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पठाउनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनु। लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु भन्ने यस अदालतबाट भएको २०६८।३।३१ गतेको आदेश।

लागू औषध मुद्दामा काठमाडौं जिल्ला अदालत काठमाडौंबाट मिति २०५५।३।३१ गते १५ वर्ष कैद सजाय र रु.५,००,०००।– जरीवाना ठहर भई सो फैसलाउपर पुनरावेदन अदालत, पाटनबाट समेत शुरु फैसला सदर गरेकोमा सो कैद सजाय भुक्तान गरी कारागार कार्यालय जगन्नाथ देवलबाट विदेशी पाकिस्तानी नागरिक भएको कारणले निज अब्दुल खलिकलाई भिसा नियमित गरी गराई निष्काशन गर्ने लगायतको अध्यागमनसम्बन्धी कामका लागि यस विभागमा मिति २०६८।३।२० गते हाजिर गराइएको हो। अध्यागमन ऐन, २०४९ को दफा ९ (१)(क) मा "यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा प्रचलित कानूनविपरीत कार्य गरेबापत दण्ड सजाय भोगी सकेका भिसा लिनु पर्ने अवस्थाका विदेशीलाई महानिर्देशकले नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी पुनः नेपालमा प्रवेश गर्न नपाउने गरी नेपालबाट निष्काशन गर्ने आदेश जारी गर्न सक्ने छ" भन्ने व्यवस्था छ। सोअनुसार निष्काशन गर्न नेपाल सरकारको स्वीकृति लिनका निम्ति फायल गृह मन्त्रालय पठाइएको र निष्काशनको लागि अनुमति साथ आजकै मितिमा फायल प्राप्त भएको अवस्था छ। अध्यागमन नियमावली, २०५१ को नियम २२ मा भिसा नियमित गर्ने शीर्षकअन्तर्गत "प्रचलित कानूनबमोजिम कारवाहीको सिलसिलामा कुनै विदेशी थुनिएमा वा थुनिएको आधिकारिक जानकारी प्राप्त भएमा वा निज उपर कुनै कानूनी कारवाही चलेकोमा सोको किनारा नभएसम्मको लागी नेपालमा निजको उपस्थिति आवश्यक पर्ने अवस्था भएमा विभागले निजलाई सोही व्यहोरा उल्लेख गरी ऐनमा व्यवस्था भएअनुसार भिसा नियमित गरीदिनुपर्ने छ। थुनाबाट मुक्त भएको वा कानूनी कारवाहीको किनारा लागेको मितिले सामान्यतः सात दिनभित्र त्यस्तो विदेशीलाई नेपालबाट निष्काशन वा प्रस्थान गराउन सकिने छ" भन्ने कानूनी व्यवस्थाअनुरूप नै यस विभागबाट निष्काशनसम्बन्धी काम अघि बढाइएको अवस्था हो र नेपाल सरकारको स्वीकृति लिनुपर्ने प्रावधानले मात्र केही दिन लाग्न गएको हो। सो फायल नेपाल सरकरार गृह मन्त्रालयबाट स्वीकृत भएर आउँने समयसम्म निष्काशन गर्नुपर्ने अवस्थाका विदेशीले

अध्यागमन नियमावली२०५१ को नियम ४४ बमोजिम "महानिर्देशकले तोकेको स्थानमा बस्नु पर्नेछ । निजले नेपालबाट प्रस्थान गर्दा लाग्ने सम्पूर्ण खर्च आफै व्यहोर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्थाअनुसार निज पाकिस्तानी नागरिक अब्दुल खलिकलाई यस विभागको सुरक्षित स्थान थुनुवा कक्ष (Detention Room) मा राखिएको हो ।

यस विभागबाट भए गरिएका काम कारवाही कानूनसम्मत् छन् । कुनै पनि व्यक्तिको मौलिक हक अधिकार उल्लंघन वा हनन् गर्ने काम गरिएको छैन । निवदेकले रिट निवेदनमा माग गर्नु भए झै अन्तरिम संविधानको कुनै पनि धाराहरूको बर्खिलाप यो विभागले काम गरेको छैन । आन्तरिक काम कारवाही व्यवस्थापन गर्नका लागि केही दिन लागेको मात्र हो । संविधानको धारा १२(२) को वैयक्तिक हक अपहरण गर्ने स्वतन्त्रता सम्बन्धी हक उल्लंघन गर्ने काम, धारा १३(१) को समानताको हक अन्तर्गत कानूनको समान संरक्षणबाट वञ्चित गर्ने काम यस विभागबाट गरिएको छैन । त्यस्तै धारा २४(१) बमोजिमको सूचना दिनुपर्ने, धारा २४(३) बमोजिम २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने, धारा २४(८) बमोजिम कारवाहीको जानकारी पाउने हक र धारा २४(९) बमोजिम सुनुवाइको मौका दिनुपर्ने जस्ता कुनै पनि जिम्मेवारी र प्रक्रियाको कार्यान्वयन यस अवस्थाको विदेशी व्यक्तिहरूको सन्दर्भमा अध्यागमन सम्बन्धी विद्यमान ऐन र नियमावली र अन्य प्रचलित कानूनमा व्यवस्था भएको नपाइएकोले कानूनसम्मत् ढंगबाट गरिएको काम कारवाहीको सन्दर्भमा विपक्षीको हक हनन् हुने कुनै पनि काम यस विभागबाट नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ खारेज गरिपाऊँ भन्ने समेत अध्यागमन विभागका तर्फबाट प्रस्तुत लिखित जवाफ ।

निवेदनको विषयवस्तुका सम्बन्धमा यस कार्यालयको के कस्तो संलग्नता रहेको हो ? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन । यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन । साथै, यस कार्यालयसँग लिखित जवाफ माग गर्नु पर्नाको कारण पनि आदेशमा उल्लेख भएको पाइदैन । विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने के के, कुन दायित्व पूरा नगरेको कारण प्रत्यर्थी बनाउनु परेको हो ? भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको विषयमा असम्बन्धित निकायलाई प्रत्यर्थी बनाइएको छ ।

जहाँसम्म निवेदक अब्दुल खलिकलाई थुनामा राखिएको सम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपाल सरकार सबै व्यक्तिलाई संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान, संरक्षण एवं प्रवर्द्धन गर्ने, गराउने कुरामा प्रतिबद्ध रहेको व्यहोरा सम्मानीत अदालतलाई अबगत गराउँदछु । परन्तु निवेदनमा दावी लिएको विषय यस कार्यालयसँग असम्बन्धित हुँदा तत्सम्बन्धमा प्रस्तुत लिखित जवाफमा केही उल्लेख गरिरहनु पर्ने देखिएन । सम्बन्धित निकायबाट पेश हुने लिखित जवाफबाट तत्सम्बन्धमा स्पष्ट हुने नै छ । अतः निवेदनको विषयसँग असम्बन्धित यस कार्यालयका नाममा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने भएकोले यस कार्यालयलाई विपक्षी बनाएको हदसम्म रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयतर्फबाट प्रस्तुत लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदन समेतको मिसिल अध्ययन गरी निवेदक तर्फबाट विद्वान अधिवक्ता लक्ष्मीप्रसाद पोखरेलले मेरा पक्षलाई लागू औषध मुद्दामा लागेको कैद जरीवाना समेत भुक्तान गरी कारागारले थुनामुक्त गरेपछि पनि विनाकारण विपक्षी अध्यागमन विभागले गैरकानूनी थुनामा राखी राखेकोले निवेदकलाई विपक्षीको गैरकानूनी थुनाबाट झिकाई थुना मुक्त गर्नु भन्ने समेत आदेश जारी होस् भनी र प्रत्यर्थी नेपाल सरकारको तर्फबाट विद्वान उपन्यायाधिवक्ता हरिप्रसाद रेग्मीले निवेदकलाई हाल नेपालबाट निस्काशन गरी सकेको अवस्थामा गैरकानूनी थुनामा राखेको भन्न मिल्दैन । रिट खारेज होस् भनी गर्नु भएको बहस समेत सुनी निवेदन मागबमोजिम रिट जारी हुने नहुने के हो ? निर्णय दिनु परेको छ ।

निवेदकले वादी नेपाल सरकार प्रतिवादी निवेदक अब्दुल खलिक समेत भएको २०५४।०५५ को स.फौ.नं ७४६ को लागू औषध मुद्दामा काठमाडनासैं जिल्ला अदालतबाट भएको २०५५।३।३१ गतेको फैसलाबमोजिम निज अब्दुल खलिकलाई लागेको कैद र जरीवाना चुक्ता भुक्तान भई निज कारागारबाट थुनामुक्त भएपछि पनि भिसा समेत नियमित गर्ने प्रयोजनका लागि भनी विपक्षी अध्यागमन विभागले निवेदकलाई पक्राउ गरी थुनवा पूर्जी विना मिति २०६८।३।२० गतेदेखि आजतक गैरकानूनी रुपमा थुनामा राखेकोले निजलाई थुनामुक्त गरिपाऊँ भन्ने समेत निवेदन दावी तथा पाकिस्तानी नागरिक अब्दुल खलिकलाई लागेको कैद जरीवाना निजले भुक्तान गरी भिसा नियमित गर्न यस विभागमा कारागारबाट पठाइएको र भिसा नियमित गरी देशबाट निष्काशनसम्बन्धी काम अगाडि वढाइसकेको अवस्थामा नेपाल सरकारबाट स्वीकृति लिन केही समय लागेको हो । गृह मन्त्रालयबाट स्वीकृति नआएसम्मका लागि निजलाई यस विभागको थुनुवा कक्षमा (Detention Room) मा राखेको हो । गैरकानूनी थुनामा राखेको होइन भन्ने समेत प्रत्यर्थी अध्यागमन विभाग समेतको लिखित जवाफ रहेको पाइन्छ ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक अब्दुल खलिकलाई वादी नेपाल सरकार प्रतिवादी निज निवेदक समेत भएको लागू औषध मुद्दामा प्रतिवादी निज अब्दुल खलिकलाई काठमाडौं जिल्ला अदालत तथा पुनरावदेन अदालत पाटन समेतबाट भएको कैद बर्ष १५ (पन्ध्र) तथा जरीवाना रु.५,००,०००। ( पाँच लाख) निजले भुक्तान गरिसकी कारागार कार्यालय काठमाडौंबाट मिति २०६८।३।२० च.नं.१४७०७ को पत्रबाट निज थुनामुक्त भएको भन्ने मिसिल संलग्न केन्द्रीय कारागारको पत्रबाट देखिन्छ । निजलाई कारागारबाट थुनामुक्त गरेपछि सोही दिन देखि अर्थात २०६८।३।२० गतेबाट नै अध्यागमन विभागले आफ्नो कव्जामा लिई निजलाई आफ्नो थुनुवा कक्ष भित्र थुनामा राखेको भन्ने अध्यागमन विभागको लिखित जवाफ समेतबाट देखिन्छ । सो लिखित जवाफमा अध्यागमन विभागले निजलाई अध्यागमन ऐन, २०४९ को दफा ९(१) (क) तथा अध्यागमन नियमावली, २०५१ नियम २२ बमोजिम थुनामा राखिएको हो भनी उल्लेख गरेको पाइन्छ । अध्यागमन ऐन, २०४९ को दफा ९(१क) हेर्दा "यो ऐन वा यस ऐनअन्तर्गत वनेको नियम वा प्रचलित कानून विपरीत कार्य गरे बापत दण्ड सजाय भोगी सकेका भिसा लिनुपर्ने अवस्थाका विदेशीलाई महानिर्देशकले नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपालबाट निष्काशन गर्ने आदेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था भएको देखिन्छ । त्यस्तै, अध्यागमन नियमावली, २०५१ को नियम २२ मा "प्रचलित कानूनबमोजिम कारवाहीको सिलसिलामा कुनै विदेशी थुनिएमा वा थुनिएको आधिकारिक जानकारी प्राप्त भएमा वा निजउपर कुनै कानूनी कारवाही चलेकोमा सोको किनारा नभएसम्मको लागी नेपालमा निजको उपस्थिति आवश्यक पर्ने अवस्था भएमा विभागले निजलाई सोही व्यहोरा उल्लेख गरी ऐनमा व्यवस्था भएअनुसार भिसा नियमित गरिदिनु पर्नेछ । थुनाबाट मुक्त भएको वा कानूनी कारवाहीको किनारा लागेको मितिले सामान्यतया ७ (सात) दिनभित्र त्यस्तो विदेशीलाई नेपालबाट निस्काशन वा प्रस्थान गराउन सकिने छ" भन्ने व्यवस्था भएको पाइन्छ । उपरोक्त कानूनी व्यवस्था हेर्दा फौजदारी अभियोगमा अदालतबाट पाएको सजाय भुक्तान गरी सकेको कुनै विदेशी नागरिकलाई यसरी बन्दी बनाई राख्ने कुनै कानूनले अधिकार प्रदान गरेको पाइदैन । बरु सोही नियमावलीको नियम ४४(१) मा "ऐन वा यस नियमावलीबमोजिम प्रस्थान गराउन वा निष्काशन गर्नुपर्ने विदेशीले नेपालबाट प्रस्थान नगरुन्जेलसम्मको लागि विभागले तोकेको वा उपलब्ध गराएको स्थानमा बस्नु पर्नेछ र त्यस्तो विदेशीले नेपालबाट प्रस्थान गर्दा लाग्ने खर्च आँफैले व्यहोर्नु पर्नेछ "भन्ने समेत व्यवस्था रहेको पाइन्छ । अर्थात् "त्यस्ता विदेशीले नेपालबाट विदेश वा आफ्नो देशमा प्रस्थान गर्नु पूर्व नेपालमा रहँदा विभागले कुनै स्थान तोकी दिएकोमा सो स्थानमा बस्नु पर्ने" भन्नाले त्यस्ता बिदेशी व्यक्तिले थुनामा वस्नु पर्ने हो भनी अर्थ गर्न मिल्ने देखिदैन । थुनामा राख्नु र "तोकेको स्थानमा राख्नु" भन्नु एउटै अर्थ र प्रयोगको लागी उपयुक्त हुने शव्द होइनन् ।

अध्यागमन विभागले तोकेको स्थानमा बस्नु पर्ने भन्ने व्यवस्थाले सो कानूनको गलत अर्थ र प्रयोग गरी यी निवेदकलाई बन्दी गृहमा वा हिरासतमा राख्ने अधिकार प्रत्यर्थी महानिर्देशकलाई प्राप्त रहेको भन्न नमिल्ने हुनाले स्पष्ट रुपमा हिरासतमा राख्ने कानूनी व्यवस्थाको अभावमा हिरासतमा राख्ने कार्य सरासर बदनियतपूर्ण एवं कानूनविपरीत रहेको मान्नु पर्ने हुन्छ ।

३. अध्यागमन विभागका महानिर्देशकले दिएको लिखित जवाफमा यी निवेदकले कारागार मुक्त भएपछि कुनै कसूरजन्य कार्य गरेकोले कानूनी कारवाहीको सिलसिलामा वा अनुसन्धानको सिलसिलामा कानूनबमोजिम थुनामा राखेको हो भनी भन्न सकेको छैन । नेपालको कुनै कानूनको उल्लंघन वा अपराधजन्य कार्य नगरेसम्म कसैलाई पक्राउ गर्न, हिरासतमा राख्न वा बन्दी गृहमा राख्न कानूनसंगत हुँदैन । प्रचलित कानूनबमोजिम बाहेक कसैको स्वतन्त्रताको अपहरण गरी थुनुवा कक्षमा राख्न मिल्दैन भने निजले अपराधजन्य कार्य गरेपनि मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक २४ घण्टाभन्दा बढी कसैलाई हिरासतमा राख्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(३) र नागरिक अधिकार ऐन, २०१२ को दफा १५(२) तथा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(१) समेतको प्रतिकूल हुन्छ । तर, यी बन्दी बनाइएको भनिएको अब्दुल खलिकलाई विभागले तोकेको स्थानमा बस्नु पर्ने भन्ने कानूनी व्यवस्थाको गलत अर्थ गरी निजलाई बन्दीगृह Detention Room मा राख्नु पर्ने भन्ने अर्थ गर्नु दुराशयपूर्ण हुन्छ । अर्थात् २०६८।३।२० मा कारागारबाट कैद भुक्तान गरी छुटेको व्यक्तिलाई प्रत्यर्थी विभागले लिखित जवाफ दिएको मिति २०६८।४।३ सम्म विना कसूर तथा अधिकारप्राप्त अधिकारीको अनुमति बिना हिरासतमा राखेको र आज निज बन्दीसहित यस अदालतमा उपस्थित हुन विपक्षीलाई यस अदालतबाट आदेश जारी भएकोमा बन्दीलाई उपस्थित नगराई निजलाई मिति २०६८।४।१३ मा अर्थात २०११ जुलाई २९ का दिन निष्काशन गरी पठाइएको भन्ने व्यहोराको महानिर्देशकको पत्रसहितको कागजहरू विपक्षीवाट इजलास समक्ष पेश गरेको देखिएबाट निज २०६८।३।२० देखि २०६८।४।१३ गतेसम्म कुल २५ दिन विभागको हिरासतमा रहेको देखिन एवं प्रमाणित हुन आउँछ ।

४. यसरी सरकारमा रहेका सार्वजनिक पद धारण गरेका जिम्मेवार उच्च पदस्थ पदाधिकारीबाट व्यक्तिको स्वतन्त्रताको संवैधानिक एवं कानूनी हकलाई सम्मान गरी पालन गर्नुपर्नेमा त्यसो नगरी यी निवेदकलाई गैरकानूनी रुपमा थुनामा राखिएको कार्यलाई कानूनको दुराशयपूर्ण प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको हक र संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रदत्त मानव अधिकारको उल्लंघन गरिएको मान्नु पर्दछ । वैयक्तिक स्वतन्त्रता (Personal freedom) मानव जीवनको महत्वपूर्ण हक हो । यस्तो हक मानिस भएको नाताले मानिसलाई स्वतः प्राप्त हुन्छ र कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया नपुऱ्याई कसैले सो हक अपहरण गर्न मिल्दैन । वैयक्तिक स्वतन्त्रतालाई मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूले पनि सुनिश्चितता प्रदान गरेको पाइन्छ । मानव अघिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ३ मा "हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ" भनिएको छ । त्यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय अनुबन्ध १९६६ को धारा ९(१) मा हरेक व्यक्तिलाई स्वतन्त्रता र व्यक्तिगत जीवनको सुरक्षाको अधिकार छ। कसैलाई पनि जथाभावी गिरफ्तारी र थुनछेकको भागिदार बनाइने छैन । कानूनले स्थापना गरेको आधार तथा कार्यविधिबमोजिम बाहेक कसैलाई पनि निजको स्वतन्त्रताबाट वञ्चित गरिने छैन" भनिएको छ । नेपाल पनि वैयक्तिक स्वतन्त्रतासम्बन्धी विभिन्न अन्तराष्ट्रिय अनुबन्धहरूमा हस्ताक्षर गरी त्यसको पक्ष राष्ट्र बनिसकेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने"कुरा उल्लेख गरिएको छ भने धारा १२(२) मा "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक

स्वतन्त्रता अपहरण हुने छैन" भनिएको छ । यसको विपरीत यस्तो कार्य कसैबाट भएमा त्यो नेपाल पक्ष भएको मानवअधिकार सम्बन्धी अर्न्तराष्ट्रिय अभिसन्धिहरू तथा नेपालको अन्तरिम संविधान, २०६३ लगायतका कानूनमा भएको व्यवस्था विपरीत हुन जाने स्पष्ट छ । प्रस्तुत निवेदन हेर्दा निवेदक पाकिस्तानी नागरिक अब्दुल खलिकलाई अध्यागमन विभागका महानिर्देशकले विदेश निष्काशन गर्नु पूर्व तोकिएको स्थानमा वस्न आदेश दिने नाममा सो अधिकारको दुरुपयोग गर्दै विनाकसूर पक्राउ गरी गैरकानूनी तरिकाले थुनामा राखेको देखिन आउँछ ।

५. तसर्थ प्रत्यर्थीको काम र व्यवहारबाट निज अब्दुल खलिकको स्वतन्त्रताको संवैधानिक र कानूनी हकलाई कानूनी आधार र कानूनबमोजिमको अधिकार बिना विपक्षी अध्यागमन विभागले भीसा नियमित गर्ने वहानामा निजलाई २०६८।३।२० देखि प्रस्तुत निवेदन परेको मिति २०६८।३।३० सम्म र त्यस पश्चात् पनि गैरकानूनी रुपमा आफ्नो बन्दीगृहमा थुनामा राखेको देखिएकोले निजलाई अविलम्व गैरकानूनी थुनाबाट मुक्त गर्नु भनी प्रत्यर्थी विभागका महानिर्देशकको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ ।

६. तर निज बन्दीलाई गृह मन्त्रालयबाट मिति २०६८।४।२ मा भएको निष्काशन गर्ने स्वीकृति आदेशबमोजिम पाकिस्तान पठाई सकिएको भन्ने मिसिल संलग्न महान्यायाधिवक्ताको कार्यालयको च.न. ६२४ मिति २०६८।४।१६ को पत्र तथा अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको च.नं ५३ मिति २०६८।४।१६ को प्राप्त पत्र समेतबाट देखिंदा निज बन्दीलाई अदालतको रोहवरमा छाडनु पर्ने गरी आदेश जारी गरी रहन परेन ।

७. यसरी बन्दीप्रत्यक्षीकरणको निवेदन यस अदालतमा दायर भई बन्दीसहित उपस्थित हुन भनी प्रत्यर्थीलाई सोको सूचना तामेल भई लिखित जवाफ परी प्रस्तुत निवेदन विचाराधीन रहेको अवस्थामा यस अदालतलाई कुनै जानकारी नदिई निज बन्दीलाई विपक्षी अध्यागमन विभागले स्थानान्तरण गरी सकेको भन्ने विपक्षीका तर्फबाट इजलास समक्ष पेश भएका पत्रहरूबाट देखिएको छ । अदालतबाट बन्दीलाई उपस्थित गराउन आदेश भई सोको सूचना समेत प्राप्त भएको अवस्थामा आदेशानुसार बन्दीलाई अदालतमा उपस्थित गराउनु पर्ने निज महानिर्देशकको कर्तव्य भएकोमा त्यसो नगरी अदालतको जानकारी वा अनुमति विना नै बन्दीलाई स्थानान्तरण गरी विदेश निष्काशन गरी अदालतलाई सो कुराको जानकारी सम्म नदिएको हुँदा त्यस्तो कार्य सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३७ र ३९ को प्रतिकूल समेत देखिएको छ । त्यस्तै प्रत्यर्थी अध्यागमन विभागका महानिर्देशक जन्मजय रेग्मीले कानून र मानव अधिकारको उल्लंघन गरी कानूनी अधिकार र आधार विना अदालतको फैसलाबमोजिमको सजाय भुक्तान गरिसकेको विदेशी नागरिकलाई २०६८।३।२० देखि तथा २०६८।४।२ मा गृह मन्त्रालयबाट निष्काशन गर्ने स्वीकृति प्राप्त भइसकेपछि पनि २०६८।४।१३ सम्म लामो अवधि दुराशयपूर्ण ढंगबाट आफ्नो बन्दीगृहमा गैरकानूनी थुनामा राखेको र यस अदालतलाई बिना जानकारी तथा कानूनी प्रक्रिया बिना बन्दीप्रत्यक्षीकरणको रिट विचाराधीन रहेको अवस्थामा बन्दीलाई पाकिस्तान पठाई हस्तान्तरण गरी आफ्नो पदीय दायित्व र कर्तव्यप्रतिकूल कार्य गरेको समेत देखिएकोले यो आदेश प्राप्त भएको ३ महिना भित्र दुराशयपूर्ण ढंगबाट जानाजान कानून उल्लंघन गरी पद अनुसारको कर्तव्य पूरा नगर्ने निज महानिर्देशक जन्मजय रेग्मीलाई अव उप्रान्त यस्तो कानूनविपरीत कुनै काम कारवाही नगर्नु भनी सचेत गराउने गरी विभागीय कारवाही गर्नु तथा परिणाम र कारवाहीको जानकारी यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई गराउनु भनी प्रत्यर्थी गृह मन्त्रालयका नाममा आदेश जारी हुने ठहर्छ । दायरीको लगत काटी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.भरतबहादुर कार्की

इति संवत् २०६८ साउन १६ गते रोज २ शुभम...
इजलास अधिकृत : नारायणप्रसाद पराजुली

## निर्णय नं. ८६८५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री प्रेम शर्मा
२०६३ सालको CR-०१५७, ०००२, ०२३८, ००३०४
फैसला मितिः २०६८।३।२७।२
मुद्दा : कर्तव्य ज्यान ।

पुनरावेदक प्रतिवादीः महोत्तरी जिल्ला सहोडवा गा.वि.स. वडा नं. ७ घर भै कारागार शाखा महोत्तरीमा थुनामा रहेको सत्येन्द्र झा

विरुद्ध

प्रत्यर्थी वादीः देवसुनरीदेवीको जाहेरीले नेपाल सरकार

वादीः देवसुनरीदेवीको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रतिवादीः महोत्तरी जिल्ला सहोडवा गा.वि.स. वडा नं. ७ घर भै हाल थुनामा रहेका प्रसन्नकुमार झा

पुनरावेदक प्रतिवादीः जिल्ला महोत्तरी सहोडवा गा.वि.स. वडा नं. ८ बस्ने सुनीलकुमार झा

विरुद्ध

प्रत्यर्थी वादीः देवसुनरीदेवीको जाहेरीले नेपाल सरकार

पुनरावेदक वादीः देवसुनरीदेवीको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला महोत्तरी सहोडवा गा.वि.स. वडा नं. ७ बस्ने सूर्यदेव झा समेत

शुरु फैसला गर्नेः
मा.न्या.श्री कमलचन्द्र नेपाल
पुनरावेदन फैसला गर्नेः
मा.न्या.श्री राघवलाल बैद्य
मा.न्या.श्री गिरीराज पौड्याल

- **स्पष्ट नियत र योजनाका साथ आपराधिक क्रियाकलाप गरी सोको परिणाम समेत विचार गरी गरिने कुनै पनि आपराधिक कार्य भावावेश र भवितव्य मान्न सकिने हुँदैन । त्यसरी स्पष्ट, योजना मुताबिक र मनसायपूर्ण तरिकाबाट गरिने आपराधिक कार्यलाई उन्मुक्ति दिँदै जाने र कसूरको गाम्भीर्यतालाई निष्प्रयोजित तुल्याई दण्डको प्रभावकारीतालाई नजरअन्दाज गर्दै जाने हो भने कानूनको मनसाय पूरा हुन नसक्ने ।**
- **अ.वं. १८८ नं. को प्रयोग उचित, खास र मनासिब अवस्थामा मात्र हुने हो । त्यसका लागि निर्णय गर्ने अधिकारी वा निकायले अत्यन्त चनाखो समेत हुन वाञ्छनीय हुन आउँछ । प्रस्तुत मुद्दामा त्यस्तो खास अवस्था वा परिस्थितिबाट यी पुनरावेदक प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिने वस्तुनिष्ठ आधार र कारण समेत नदेखिदा अ.वं. १८८ नं. को प्रावधान अन्तर्गत छूट दिनुपूर्व मुद्दाको प्रकृति, अभियुक्तको स्थिति र व्यवहार, जुन कसूरको अभियोग लगाइएको हो सो कसूर गरेबापत हुने सजाय पूरै मात्रामा तोक्दा कसूर गर्दाको परिस्थिति र कसूरदारको संलग्नताको प्रकृति हेर्दा न्याय र विवेकको आधारमा केही छूट दिनुपर्ने हो भन्ने लागेमा आकर्षित गर्ने विशेष व्यवस्था हो । प्रस्तुत मुद्दामा मृतक र प्रतिवादीको छोरी वहिनीबीचको प्रेम सम्बन्धलाई जातीयता, छुवाछुत, माथिल्लो वा तल्लो तहको वर्गीयता र सामाजिक प्रतिष्ठाको समेत सन्दर्भमा हेरिएको पाइन्छ ।**

(प्रकरण नं.४)

- **घटनामा प्रत्यक्ष संलग्न रही कुटपीट गरी कर्तव्य गरी मारेकोमा प्रत्यक्ष संलग्नता रहेको प्रमाणबाट देखिएकोमा वारदातमा संलग्नता नै थिएन भन्दैमा सोही कथनलाई विश्वसनीय मान्न नमिल्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ताद्वय हरिहर दाहाल, शम्भु थापा, विद्वान अधिवक्तात्रय मोहन बञ्जारा क्षेत्री, सतिशकुमार झा र धीरजकुमार यादव

प्रत्यर्थी वादी तर्फबाटः विद्वान उपन्यायाधिवक्ता धर्मराज पौडेल

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३), १७(२), (३) नं.
- अ.वं. ९२, १८८ नं. अ.वं.

फैसला

**न्या.कल्याण श्रेष्ठः** पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६३।२।३ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदनको रुपमा तथा ऐ दफा १० बमोजिम साधकको रुपमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :–

जिल्ला महोत्तरी सहोडवा गा.वि.स. वडा नं. ७ स्थित सत्येन्द्र झाको घर पश्चिम, रतौली जाने बाटो सो पूर्व रमाकान्त झाको घर सो दक्षिण मनुकान्त झा र आनन्दकुमार झाको घर सो उत्तर यति चारकिल्लाभित्र घटना भएको,

लासको विवरणः मुख खुल्ला, माथिल्लो दाँत दबिएको, मुखबाट प्रशस्त मात्रामा रगत बगी मृतकको कपाल लतपत भएको देखिएको, दाहिने हातमा रातो रंगको गम्छा बाँधिएको, नाकबाट फिँज आएको देखिएको कम्मरमा छाला खुइली रगत आएको देखिएको ।

मृतक छोरा कृष्णकुमार पासमान रतौली मा.वि. मा पढ्दा प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी झा समेत पढ्दै थिइन् एउटै गाउँ ठाउँको सँगै विद्यालय जाने आउने पढ्ने लेख्ने गरेकोले युवा अवस्थामा रहेकोले निजहरूको बिचमा प्रेम सम्बन्ध स्थापित हुन पुग्यो । प्रेम सम्बन्धको चर्चा परिचर्चा गाउँमा भएपछि थाहा पाई सत्येन्द्र झाले केही महिना अगाडि जनकपुर मुरली चोकमा घेराउ गरी ज्यानै मार्ने धम्की समेत दिएको थियो, मिति २०५८।६।१८ गते राति अं. ३:०० बजेको समयमा कृष्णकुमार पासवान गाउँकै प्रमेश्वर महतोको पसलमा सलाई किन्न गएकोमा राति २:०० बजेसम्म छोरा नआई छोरी हिरालाई उठाई गाउँकै गंगा पासवान, खुशलाल पासवान, बुधु पासवानलाई साथ लिई खोज्दै जाँदा सत्येन्द्र झाको दलान बैठकबाट गाँईगुईको आवाज सुनी हेर्दा विपक्षी सत्येन्द्र झा, प्रसन्नकुमार झा, श्रवणकुमार झा, सुनीलकुमार झा समेतले लास बोकेको र अन्य विपक्षीहरू समेतसँगै रहेको देखि एक्कासी गुहार माग्दै कराउँदा विपक्षीहरूले लास फाली भाग्न सफल भएका हुन् । विपक्षी सत्येन्द्र झाको घर बैठक पछाडि फालेको छोराको लास गई हेर्दा छोरा मृतक अवस्थामा रहेकोमा मेरो छोराको विपक्षी सत्येन्द्र झा कि छोरीसँग प्रेम सम्बन्ध रहेको कारण विपक्षीहरुहरूले मिलोमतो गरी मेरो छोरालाई कर्तव्य गरी कुटपीट गरी ज्यानै मारी फालेकोमा विपक्षीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ भन्ने जाहेरी दरखास्त ।

जाहेरवालीको मृतक छोरा कृष्णकुमार पासवान र विपक्षी सत्येन्द्र झाको छोरी सरोजकुमारी झासँग पहिलेदेखि प्रेम सम्बन्ध रहेको कुरा गाउँ घरमा सुनी थाहा पाएको थिएँ, प्रतिवादी सत्येन्द्र झा मेरो चचेरा काका पर्दछन् । काकाको छोरीसँग दलित जातिको केटाले प्रेम सम्बन्ध राखेकोमा निज पासवान जातिको केटालाई कुटपीट गरी मार्नमा मेरो सहमति थियो तर मैले ०५८।६।१८ गते राति कुटपीट गरेको छैन होइन । जाहेरी दरखास्तमा उल्लेख भएका प्रतिवादीहरूले नै मारेको हुन सक्छ । मैले देखेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुधिर झाको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

कृष्णकुमार पासवानको भिसेरा नमुनाहरूमा किटनासक अर्ग्यानो फोस्फोरस अगर्यानोम्लोरिल पाइरथोइट तथा कसामेट र मुसा मार्ने विषादी पाइएन भन्ने राय सहितको केन्द्रीय प्रहरी बैज्ञानिक प्रयोगशालाको भिसेरा परीक्षण प्रतिवेदन ।

मृतक छोराको हातमा बाँधेको गम्छा मेरो छोराको होइन, उक्त गम्छा, प्रतिवादी रमणकुमार झाको हो भन्ने व्यहोराको जाहेरवाली देवसुनरीदेवी पासवानको सनाखत कागज ।

मेरो भाइ मृतक कृष्णकुमार पासवान २०५८।६।१८ गते राति ९ बजेको समयमा सलाई किन्न परमेश्वर महतोको पसलमा गएकोमा राति २:०० बजेसम्म पनि फर्कि नआउँदा खुशलाल पासवानको घरमा म र मेरी आमा जाहेरवाली गई

सबै कुरा सुनाउँदा खुशलाल पासवान गंगा पासवान, बुधु पासवान र हामी समेत खोज्दै परमेश्वर महतोको पसलमा पुगी सोध्दा आई ९:०० बजेतिर सलाई खरीद गरी गइसकेको भनेकोले भन्दा मृतकलाई खोजतलास गर्दै जाँदा प्रतिवादी सत्येन्द्र झाको बैठक नजिकै २:३० बजेको समयमा प्रतिवादी सत्येन्द्र झा, प्रसन्नकुमार झा, श्रवणकुमार झा, सुनीलकुमार झाले कृष्णकुमार पासवानको कसैले हात कसैले खुट्टा र कसैले टाउको उचाली फाल्न गइरहेको र पछि पछि अन्य प्रतिवादीहरू आई रहेको थिएँ म समेतलाई देखि निजहरू मेरो भाइलाई फाली भागि गए भाइ मृत अवस्थामा रहेको तथा निजको मुखबाट रगत बगेको देखे, मेरो भाइ र प्रतिवादी सत्येन्द्र झा कि छोरीबीच प्रेम सम्बन्ध रहेको कारण सत्येन्द्र झा र जाहेरीमा उल्लिखित व्यक्तिहरूले कृष्णकुमार पासवानलाई मारी फाली दिएको हो भन्ने समेत व्यहोराको मृतकको दिदी हिरादेवी पासवानको बयान कागज ।

२०५८।६।१८ गते राति २:३० बजे प्रतिवादी सत्येन्द्र झाको घर तर्फ ठूलो हल्ला हुँदा विउझि गई हेर्दा कृष्णकुमार पासवानको मृत लास प्रतिवादी सत्येन्द्र झाको घर बैठक पछाडि फालेको देखो, जाहेरीमा उल्लिखित प्रतिवादी सत्येन्द्र झा समेत ११ जनाले कुटपीट गरी कर्तव्य गरी मारि फाली दिएको हो भन्ने कुरा जाहेरवालाको छोरी हिरादेवीबाट सुनि थाहा पाए, मृतक र प्रतिवादी सत्येन्द झा कि छोरी सरोजकुमारीबीच प्रेम सम्बन्ध रहेको कुरा गाउँ घरमा सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको रामपृत यादवको बयान कागज ।

२०५८।६।१८ गते राति सुति निदाएकोमा राति २:३० बजे प्रतिवादी सत्येन्द्र झाको घर तर्फ हो हल्लाको आवाजले बिउझी गई हेर्दा जाहेरवालाको छोरा कृष्णकुमार पासवानको मृत अवस्थामा मुखबाट रगत बगी रहेको थियो । सो घटनास्थलमा गै सोधपुछ गर्दा जाहेरीमा उल्लिखित प्रतिवादी सत्येन्द्र झा समेतले कुटपीट गरी कर्तव्य गरी मारी फाली दिएको हो भन्ने थाहा पाएँ, मृतकसँग प्रतिवादी सत्येन्द्र झा की छोरी सरोजकुमारीसँग प्रेम सम्बन्ध रहेको कुरा गाउँ घरमा सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको पलट पासवानको कागज ।

२०५८।६।१८ गते सुति राति निदाएकोमा प्रतिवादी सत्येन्द्र झाको घरतर्फबाट आएको हो हल्लाको आवाजले बिउझी उठेको थिएँ । राति २:३० बजेको समयमा उठी गई रहेकोमा जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरू सत्येन्द्र झा समेत भागि रहेको हुँदा बाटोमा देखि चिने, प्रतिवादी सत्येन्द्र झाको घर बैठक पछाडि कृष्णकुमार पासवानको मृत लास फाली दिएको देखें । प्रतिवादी सत्येन्द्र झा समेत जाहेरीमा उल्लिखित ११ जनाले कुटपीट गरी कर्तव्य गरी मारेको कुरा घटनास्थलमा सुनि थाहा पाएँ, सरोजकुमारी झा र मृतकबीच प्रेम सम्बन्ध भएको कुरा गाउँ घरमा सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको किशोरी दासको कागज ।

२०५८।६।१८ गते राति जाहेरीमा उल्लिखित प्रतिवादीहरूले मिली कर्तव्य गरी मारी फालि दिएको कुरा २०५८।६।१९ गते सुनि थाहा पाए मृतक र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीबीच प्रेमसम्बन्ध रहेको कुरा गाउँ घरमा सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको सुन्दर पासवानको कागज ।

२०५८।६।१८ गते राति खाई सुतेको अवस्थामा राति २:३० बजेको समयमा प्रतिवादी सत्येन्द्र झाको घर तर्फबाट हो हल्लाको आवाज सुनि उठी गई हेर्दा कृष्णकुमार पासवानको मृत लास प्रतिवादी सत्येन्द्र झाको घर बैठक पछाडि फालेको देखें, मृतकको मुखबाट रगत बगिरहेको तथा हातमा गम्छा बाँधेको देखें । मृतक र प्रतिवादी सत्येन्द्र झाकी छोरीबीच प्रेम सम्बन्ध रहेको कारण जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूले कृष्णकुमार पासवानलाई कर्तव्य गरी मारेकोमा मलाई पूर्ण विश्वास लाग्छ भन्ने व्यहोराको रामपृत कापडको कागज ।

कृष्णकुमार पासवान र प्रतिवादी सत्येन्द्र झाकी छोरी सरोजकुमारी जनकपुर क्याम्पसमा सँगसँगै पढेकोमा दुबैबीच प्रेम सम्बन्ध रहेको कुरा सुनि थाहा पाएको हुँ वारदातभन्दा १ महिना अगाडि म र मृतक कृष्णकुमार पासवान काम विशेषले जनकपुर गएको बेला मुरली चोकमा प्रतिवादी सत्येन्द्र झा र प्रसन्न झा समेतले मेरो बहिनीसँग सानो जातिको भएर प्रेम गर्ने हिम्मत कसरी भयो यदि प्रेम गर्न छाडिनस् भने यो संसारबाट विदा गराई दिन्छु भनी नाना प्रकारको

गाली गलौज र धम्की दिएको कुरा मैले मौकामा सुनि देखेको हुँ, सोही कारणले गर्दा कृष्णकुमार पासवानलाई जाहेरीमा उल्लिखित प्रतिवादी सत्येन्द्र झा समेतले कर्तव्य गरी मारि फाली दिएकोमा मलाई पूर्णरुपमा शंका लाग्छ भन्ने व्यहोराको सिताराम दासको कागज ।

वारदात मितिमा म आफ्ना गाउँ घरमा नै थिएँ । मिति २०५८।६।१८ गते राति जाहेरवालाको छोरा कृष्णकुमार पासवान गाउँकै प्रमेश्वर साहको किराना पसलमा सलाई किन्न गएकोमा राति २ बजेसम्म घर नआउँदा म तथा गाउँका बुधु पासवान, गंगा पासवान समेत भई खोजतलास गर्दा उक्त राति अं. ९:०० बजे प्रमेश्वर साहको किराना पसलमा सलाई किनि आएको समेत सुनि प्रतिवादी सत्येन्द्र झाको घरको अगाडि गल्ली बाटो हुँदै आउँदा प्रतिवादी सत्येन्द्र झा, प्रसन्नकुमार झा, श्रवणकुमार झा, सुनीलकुमार झा समेतले मृतक कृष्णकुमारको लास बोकी फाली रहेको अवस्थामा देखेको हुँ तथा लासको पछि पछि सूर्यदेव झा, रमणकुमार झा, लक्ष्मण झा, कृष्णकुमार झा, भगिरथ झा, आनन्द झा समेतलाई दगुरी भागिरहेको समेत बिजुलीको प्रकाशबाट चिनि पहिचान गरेको हुँ । मृतक र प्रतिवादी सत्येन्द्र झा की छोरीबीच प्रेम सम्बन्ध रहेको र केटा दलित जातिको भएकोले सत्येन्द्र झा र ११ जना जाहेरीमा उल्लिखित प्रतिवादीहरूले कुटपीट गरी कर्तव्य गरी मारी फालिदिएको हो भन्ने व्यहोराको एकै मिलानको बुझिएका खुशलाल पासवान, गंगा पासवान, बुधु पासवानको छुट्टाछुट्टै कागज ।

सरोजकुमारी झा २०५५ सालमा यस विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेकी थिइन् । निजको कुनै प्रकारको हस्तलिपी उपलब्ध नभएको भन्ने व्यहोराको आ.मा.वि. रतौलीको च.नं. ५५ मिति २०५८।७।३ गतेको पत्र ।

मृतक कृष्णकुमारको लास पोष्टमार्टम हुँदा सोमा मृत्युका कारण Viscera samples negative for insecticides and rat poison on the basic of above findings. The cause of death is shock resulted from sustained blunt injuries over head and left abdomen. भन्ने उल्लेख भएको ।

जाहेरवालीले दिएको जाहेरीमा उल्लिखित मिति र समयमा म आफ्नो घरमा नै थिएँ, जाहेरवालीको छोरा तथा प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी झासँग प्रेम सम्बन्ध रहेको कुरा गाउँ घरमा सुनी थाहा पाएको हुँ । मिति २०५८।६।१८ गते राति अं. ९:०० बजेको समयमा जाहेरवालीको छोरा कृष्णकुमार पासवान मेरो किराना पसलमा आई सलाई किनी घरायसी दुःख सुखको कुरा गरी आफ्नो घरतर्फ फर्कि आएको थियो । राति अं. २:०० बजेतिर म सुति निदाएको थिएँ सोही बेला गाउँकै बुधु पासवान, गंगा पासवान, खुशलाल पासवान, तथा जाहेरवाली समेत मेरो घरमा आई मलाई उठाई यहाँ राति ९:०० तिर कृष्णकुमार पासवान आएको देख्नु भो भनी समेत सोध्दा मेरो पसलमा राति ९:०० बजेतिर आएको थियो, त्यसपछि आफ्नो घरतर्फ फर्कि गएको थियो । सोही कुरा बताउँदा जाहेरवाली लगायतका मानिसहरू आफ्नो बाटो लागेको लगत्तै हो हल्ला हुँदा म पनि दगुरेर आई प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीसँग प्रेम सम्बन्ध रहेको कारण प्रतिवादी सत्येन्द्र झा समेतले मिलेमतो गरी कुटपीट गरी कर्तव्य गरी मारी फाली दिएकोमा मलाई पूर्ण विश्वास लागदछ भन्ने व्यहोराको प्रमेश्वर साहको कागज ।

मेरो छोरी सरोजकुमारी झा तथा जाहेरवालीको छोरा कृष्णकुमार पासवानको पहिलादेखि प्रेम सम्बन्ध रहेको कुरा मैले थाहा पाएको थिएँ । निज कृष्णकुमार पासवानलाई पटकपटक गरी सम्झाई बुझाई गर्दा समेत मेरो छोरीसँग प्रेम सम्बन्ध राख्ने कार्य जारी नै राखेको कारण म समेतका सबै प्रतिवादीहरूलाई घरमा बोलाई निजलाई मार्ने समेत छलफल गरी निष्कर्षमा पुगेका थिए । २०५८।६।१८ गते राति म आफ्नो घरमा अन्दाजी ९:३० बजे सबै प्रतिवादीहरूलाई डाकि बोलाई कृष्णकुमार पासवानलाई मार्ने छलफल भई रहेको बेला मेरो घरको गल्ली बाटो हुँदै जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई आईरहेको देखिएकोमा निजलाई समाती मुख थुनि घरभित्र ल्याई कुटपीट समेत गरी म समेत सबै प्रतिवादीले कर्तव्य गरी मारि मृतकलाई बोकी राति फाली म समेतका प्रतिवादीहरू भागि फरार भएका

थियौं भन्ने समेत व्यहोराको प्रतिवादी सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागज ।

जाहेरवालीको छोरा कृष्ण पासवान तथा प्रतिवादी सत्येन्द्र झा कि छोरी सरोजकुमारी झा समेतको बीचमा प्रेम सम्बन्ध रहेको कुरा गाउँ घरमा सुनि थाहा पाएको हुँ । दलित जातको केटा भई बाहुन जातिको केटीसँग प्रेम सम्बन्ध राखेकोमा बाहुन जाति लगायतका मानिसहरूले रिषइवी राख्दै आएका थिए त्यस्तैमा मिति २०५८।६।१८ गते राति अं. ९:०० बजे निज कृष्णकुमार पासवानलाई मार्ने भनी प्रतिवादी सत्यन्द्र झाको घर जाहेरीमा उल्लिखित सबै प्रतिवादीहरू बसि छलफल गरी रहेको अवस्थामा कृष्णकुमार पासवान सत्येन्द्र झाको घरको बाटो हुँदै आईरहेकोमा यही हो मौका समात भनी सत्येन्द्र झाले आदेश दिने वित्तिकै प्रतिवादी प्रसन्नकुमार झाले निजलाई समाती घरभित्र ल्याई मुख थुनी सत्येन्द्र झाले टाउकोमा, प्रसन्नकुमार, श्रवणकुमारले हात मुक्काले पेटमा, सुनील झाले पछाडिपट्टी कमरमा तथा म समेतका प्रतिवादीहरूले हात मुक्का समेतले शरीरमा कुटपीट समेत गरी कर्तव्य गरी मारी राति अ.वं. २:३० बजे फाल्न गइरहेको अवस्थामा मानिसहरू आइरहेको देखी मृतकको लास प्रतिवादी सत्येन्द्र झाले बैठक घर पछाडि फाली भागी फरार भएको भन्ने समेत व्यहोराको प्रतिवादी कृष्णकुमार झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागज ।

जाहेरवालीको छोरा कृष्णकुमार पासवान दलित र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीको बीचमा पहिला देखिनै प्रेम सम्बन्ध रहेको कारण मृतक कृष्णकुमार पासवान दलित जातिको भएकोले निजलाई मिति २०५८।६।१८ गते राति अं. ९:०० बजे बाटोमा समाती घरभित्र लगी मुख नाक समेत थुनि कुटपीट गरी कर्तव्य गरी मारी फाली दिएकोमा पूर्ण विश्वास लाग्छ भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका राजनारायण पासवान, मोहन साह तेली, शिवधारी यादव, मुलिलाल यादव र सिताराम साहको करिब एकै मिलानको मुचुल्का व्यहोरा ।

मृतक र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी झाबीच प्रेम सम्बन्ध रहेको र मृतक दलित जाति र केटी झा बाहुन उच्च जातिको छोरी भएको कारण अभियोगपत्रमा उल्लिखित प्रतिवादीहरूले आपसमा पहिलेदेखि लिई आएको रिसइवीले सबै प्रतिवादीहरूले योजना बनाई भेला भई जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई मिति २०५८।६।१८ गते राति बाटोबाट समाती मुख नाक समेत थुनी प्रतिवादी सत्येन्द्र झाको घरभित्र लगी सत्येन्द्र झाले टाउकोमा प्रसन्नकुमार झा, श्रवणकुमार झाले हात, खुट्टा, मुक्काले पेटमा, सुनील झाले पछाडिपट्टी कम्मरमा, अरु सुधिर झा समेतका प्रतिवादीहरूले हात मुक्काले यत्रतत्र कुटपीट गरी कर्तव्य गरी मारी नांगै पारी फाली दिएको कुरा सप्रमाण पुष्टि भएको हुँदा अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीहरू उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. विपरीत कसूर गरेको अभियोगमा निज प्रतिवादीहरू उपर ऐ ऐनको १३(३) बमोजिम सजाय हुन माग दावी लिई दायर भएको अभियोग पत्र ।

मिति २०५८।६।१८ गतेका दिन १०:०० बजे देखि ५:३० बजेसम्म जनकपुर चुरोट कारखानामा डिउटीमा थिएँ । ५:३० बजे जनकपुरमा घर भएको साथी सुनील गिरीको घरमा पूजाको निमन्त्रणा मान्न गएँ, प्रसाद खाएर रातिको ८:३० बजेतिर जनकपुरबाट साइकलद्वारा ९:१५ बजे आई घरमा नै सुतेको छु । राति कुनै पनि प्रतिवादीहरूसँग भेटघाट भएको छैन, घरमा मेरो बुबा सूर्यदेव झा र छोरा प्रसन्न झा पनि थिएन उनीहरू धेरै पहिलादेखि जनकपुरमा बस्ने गरेका छन् अरु प्रतिवादीहरू कहाँ थिए मलाई थाहा छैन राति म घरमा सुतेको मानिसले जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई कर्तव्य गरी मारेको छैन, म माथि जाहेरवालाले नै झूठा जाहेरी दिएका हुन्, मृतक कृष्णकुमार पासवान कसरी मरेका हुन् मलाई केही पनि थाहा छैन जाहेरी झूठा हुँदा मलाई कारवाही हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी सत्येन्द्र झाले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बयान ।

म जिल्ला सिन्धुपाल्चोक महांकाल गा.वि.स. वडा नं. १ स्थित श्री सरस्वती उच्च माध्यमिक विद्यालय ग्यालगुणमा शिक्षक छु । वारदात मितिका दिन अं. २:०० बजे गाडीमा चढी साँझको ७:३० बजे काठमाडौं आई त्यहाँबाट राजविराज जानेमा कंकालिनी ट्राभल्समा चढी २०५८।६।१९ गते बिहान अं. ६:०० बजे ढल्केबरमा

ओर्ली त्यहाँबाट जलेश्वर आउने बस गंगोत्री ट्राभल्सबाट अं. बिहान ३:३० बजे चादनी चोकमा ओर्लिई ८:०० बजे घरमा पुगेको छु । मृतक र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी बीचको प्रेम सम्बन्धको बारेमा मलाई केही थाहा छैन, मैले मृतकलाई कुटपीट गरी मारेको छैन । मृतकको मृत्यु के कसरी भएको मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी कृष्णकुमार झाले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बयान ।

मिति २०५८।६।१८ गते राति ९:०० बजेको समयमा म आफ्नो घरमा सुतेको थिएँ त्यस दिन मेरो कुनैपनि प्रतिवादीहरूसँग भेटघाट भएको थिएन । २०५८।६।१९ गते बिहान ९:०० बजेको समयमा घरबाट पिपरा हुलाक कार्यालयमा आउँदा गाउँको २-३ जना केटाले मलाई समाती सहोडवा गा.वि.स. मा राखी प्रहरीले मलाई त्यहाँबाट समातेको हो जाहेरी दरखास्त झूठा हो मैले मृतक कृष्णकुमार पासवानलाई कुटपीट गरी मारेको छैन, निजको मृत्यु के कसरी भयो मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुधिर झाले महोत्तरी जिल्ला अदालतमा गरेको बयान ।

मिति २०५८।६।१८ गते राति रा.रा.वहुमुखी क्याम्पसमा गोष्ठी रहेको हुनाले सोही दिन राति सोही क्याम्पसको गेष्ट हाउसमा स्वतन्त्र विद्यार्थी युनियनको सचिव भएको हुँदा मिटिङ्ग भई रहेकोले मिटिङ्ग भै गेष्ट हाउसमा थिएँ अरु प्रतिवादीहरूसँग मेरो भेट भएको थिएन उक्त मितिको साँझ ७:३० बजे मेरो घर जनकपुर भएकोले जनकपुर घरमै खाना खाई राति गेष्ट हाउसमा बसि भोलिपल्ट बिहान ७:०० बजेतिर आफ्नो घर जनकपुरमा गएँ, मृतक कृष्णकुमार पासवानलाई मैले चिनेको थिईन । निजलाई कहिल्यै पनि कुनै किसिमको धाक धम्की दिएको थिइन । म जनकपुर आफ्नो घरमा बसि क्याम्पस पढ्छु कहिलेकाहीँ एकछिनका लागि सहोडवा गा.वि.स. अध्यक्षको घरमा आई फेरी तुरुन्तै जनकपुर गएको थिएँ, मैले मृतकलाई कुटपीट गरेको छैन को कसले मृतक कृष्णकुमारलाई मारेको हो वा कसरी मरेको मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी प्रसन्नकुमार झाले महोत्तरी जिल्ला अदालतमा गरेको बयान ।

जाहेरी व्यहोरा झूठा हो मैले मृतकलाई कुटपीट गरी मारेको छैन म मिति २०५८।६।१८ गते बिहान ८:०० बजेदेखि ऐ २० गतेसम्म आफ्नो गाउँ घरमा नभई ससुराली गाउँ जिल्ला धनुषा लक्ष्मीपुर वगेवा गा.वि.स.मा थिएँ । मलाई झूठा आरोप लगाई फसाउनको लागि यस्तो जाहेरी दिएका हुन् । को कसले मृतकलाई मारेको हो मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी नन्दकुमार झाले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बयान ।

म धनुषा जिल्ला हुलाक कार्यालयमा हल्कारा पदमा काम गरी रहेको र म जनकपुरमा २०५३ सालदेखिनै जनकपुर न.पा.वडा नं. ४ बस्ने अर्जुन चौधरीको घरमा डेरा गरी बसिरहेको छु । २०५८।६।१८ गते जनकपुर डेरामा थिएँ र मेरो आमा बिरामी परेकाले ऐ १९ गते बिहान आमालाई लिएर भारतको दरभंगामा इलाज गराउन गएँ त्यहाँबाट ऐ ३० गते जनकपुर आएँ । जाहेरी दरखास्त झूठा हो, मैले जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई कुटपीट गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी भागिरथ झाले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बयान ।

देवसुनसरी देवीको जाहेरी दरखास्त झूठा हो मैले निजको छोरालाई कुटपीट गरी मारेको छैन । मिति २०५८।६।१८ गतेका दिन र रात तथा अरु मिति समयमा म जनकपुर थिएँ । मलाई फसाउन निजले झूठा जाहेरी दिएका हुन् मृतकले विष सेवन गरी आत्महत्या गरेका हुन्, देखाइएको गम्छा मेरो होइन कसको हो मलाई थाहा छैन जाहेरवालीले गरेको कागज झूठा हो म गम्छा राख्ने गर्दिन भन्ने समेत व्यहोराको प्रतिवादी रमणकुमार झाले महोत्तरी जिल्ला अदालतमा गरेको बयान ।

म आफ्नो गाउँबाट ०५८ साल असोज १६ गते मामासँग भेट गर्न जिल्ला धनुषा गोठकोयलपुर गएको थिएँ त्यहाँबाट ऐ २० गते आफ्नो गाउँ घरमा फर्कि आएको थिएँ, जाहेरी दरखास्त झूठा हो म वारदात मितिका दिन म राति गाउँ घरमा नभै मामा घरमा भएकोले मृतकलाई कुटपीट गरी मारेको छैन । जातीय रिसइविले म माथि झूठा जाहेरी दिएका हुन् भन्ने प्रतिवादी लक्ष्मण झाले महोत्तरी अदालतमा गरेको बयान ।

मिति २०५८।६।१८ गतेको दिन र रातको समयमा म आफ्नो घर जनकपुर न.पा. वडा नं. ४ मा

नै थिएँ मैले मृतकलाई कुटपीट गरी मारी फालेको छैन, लासपनि बोकेको छैन जाहेरी व्यहोरा झूठा हो जाहेरवालीले किन झूठा जाहेरी दिए निजैले जानुन् भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार झाले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बयान।

जाहेरी व्यहोरा झूठा हो, २०५८।६।१८ गतेका दिन आफ्नो घर जनकपुर न.पा.वडा नं. ४ मा नै थिएँ मैले मृतकलाई कुटपीट गरी मारेको छैन जाहेरवाली र मृतकलाई चिन्दिन उक्त दिन प्रसन्न झा जनकपुरमा नै थिए मृतकलाई कसले मारे मारेनन् मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी सूर्यदेव झाले महोत्तरी जिल्ला अदालतमा गरेको बयान।

मिति २०५८।६।१८ गतेका दिन र रातको समयमा म जिल्ला सिरहा कुशहा लक्ष्मीपुर गा.वि.स. सलमपुर गाउँमा थिएँ, अन्य प्रतिवादीहरू कहाँ कहाँ थिए मलाई थाहा छैन, उक्त गाउँमा ०५८।६।१७ गते २:३० बजे गई ऐ २० गते १०:१० बजे घरमा फर्कि आएँ। जाहेरी दरखास्त झूठा हो, मैले मृतकलाई कुनै किसिमसँग कुटपीट गरी मारेको छैन म गाउँ घरमा थिइन भन्ने समेत व्यहोराको प्रतिवादी सुनीलकुमार झाले महोत्तरी जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी कृष्णकुमार झा २०५८।६।१८ गते १०:०० बजे आफूले अध्ययन गराउने विद्यालय जिल्ला सिन्धुपाल्चोक महांकाल गा.वि.स. वडा नं. १ स्थित सरस्वती उच्च मा.वि. बाट निस्की २ बजे काठमाडौं जाने बसमा चढ्नु भयो र उक्त बस ४ घण्टामा काठमाडौं पुग्नु पर्ने हो म पनि उक्त विद्यालयको शिक्षक पदमा कार्यरत् छु भन्ने व्यहोराको प्रतिवादी कृष्णकुमार झाका साक्षी पारसमणी पोखरेलले महोत्तरी जिल्ला अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादी कृष्णकुमार झा ०५८।६।१९ गते काठमाडौं राजबिराजसम्म जाने कंकालिनी वसबाट ६:०० बजे ढल्केवरमा ओर्लिएपछि मसँग भेटघाट भयो, त्यहाँबाट हामीहरूसँगै जनकपुर जिरो माइलमा आयौं। जिरो माइलबाट म आफ्नो घरतर्फ गएँ वहाँ चाहिँ नक्कली सर्टिफिकेट चेक भई रहेको कारणले आफ्नो सही सर्टिफिकेट लिन २,३ दिनको लागि आउनु भएको थियो वहाँ ७:०० बजे अन्दाजी जिरो माइलबाट बसचढी घरतर्फ लाग्नु भयो निज प्रतिवादी १९ गते नाइट बस समातेर घरमा आउनु भएकोबाट निज १८ गते काठमाडौंमा हुनुहुन्थ्यो भन्ने समेत व्यहोराको प्रतिवादी कृष्णकुमार झाका साक्षी सरोजकुमार झा ले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र।

म जनकपुर रा.रा.व. क्याम्पसको स्व.वि.यू को सभापति हुँ, मिति २०५८।६।१८ गते क्याम्पसको गेष्ट हाउसमा म र उपाध्यक्ष चिरन्जीवी पुडासैनी सचिव प्रतिवादी प्रसन्नकुमार झा र सदस्यहरू रचनात्मक कार्यको अनौपचारिक छलफलका लागि भेला भएका थियौं। छलफल गर्दा गर्दै राति ८-९ बजे त्यहीं खाना खायौं, खाना खाई सकेपश्चात् पानी पर्न थालेको र हामीहरू छलफलको लागि बसेको ठाउँ गेष्ट हाउस भएकोले हामीहरू प्रसन्नकुमार झा समेत सँगै सुत्यौं, बिहान ७:०० बजे मात्र आ-आफ्नो काममा गयौं, तसर्थ मृतकलाई ०५८।६।१८ गते २:३० बजे कुटपीट गरी प्रतिवादी प्रसन्नकुमार हामीसँग सुतेकोले मार्ने प्रश्नै आउँदैन जाहेरी दरखास्त झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी प्रसन्नकुमार झाका साक्षी प्रमोद साहले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र।

०५८।६।१८ गते विद्यालयको शैक्षिक गतिविधि सम्बन्धमा रा.रा.व. क्याम्पस जनकपुरको स्व.वि.यू. को अध्यक्ष प्रमोद साह, उपाध्यक्ष म, सचिव प्रतिवादी प्रसन्नकुमार झा र सदस्य दुर्गा अधिकारी र अशोक मिश्र समेत समावेश भई क्याम्पसको गेष्ट हाउसमा राति ९:०० बजे बैठक बस्यौ बैठक सकेपछि पानी परेको कारण हामी सबैजना गेष्ट हाउसमा सुत्यौ र भोलिपल्ट ७:०० बजे मात्र हामीहरू डेरातर्फ लाग्यौं, जाहेरी झूठा हो भन्ने समेत व्यहोराको थ. प्रसन्नकुमार झाको साक्षी चिरन्जीवी पुडासैनीले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०५८।६।१८ गते राति ८:०० बजेको समयमा प्रतिवादी सत्येन्द्र झा र मेरो जनकपुर मुरली चोकमा भेट भएको थियो। प्रतिवादी सत्येन्द्र झाले कृष्णकुमार पासवानलाई मारेको हैन जाहेरी गलत हो भन्ने समेत व्यहोराको प्रतिवादी सत्येन्द्र झाका साक्षी तृपतनारायण झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र।

जाहेरी दरखास्त झूठा हो सत्येन्द्र झाले निज मृतकलाई मारेको होइन भन्ने समेत व्यहोराको प्रतिवादी सत्येन्द्र झाको साक्षी रुद्रनारायणले गरेको महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरी दरखास्त झूठा हो निज प्रतिवादीलाई फँसाउन जाहेरी दिएका हुन् भन्ने समेत व्यहोराको प्रतिवादी रमण झाको साक्षी उपेन्द्र झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरवालीको जाहेरी दरखास्त गलत हो उक्त राति रमणकुमार झा जनकपुरमा थिए भन्ने समेत व्यहोराको प्रतिवादी रमणकुमार झाको साक्षी कमलचन्द्र ठाकुरले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

हर्दिया गाउँको मानिस इमरजेन्सीमा भर्ना भएको कुरा सुनि गई हेर्दा कृष्ण पासवान बिरामी भई भर्ना भएको थियो निजलाई सलाइन चढी रहेको थियो जाहेरी दरखास्त झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी रमणकुमार झाको साक्षी विजेन्द्र झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मैले मृतक अध्याधिक बिरामी परेकोले औषधि उपचारको लागि जनकपुर लगेको कुरा सुने जाहेरी दरखास्त झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी सुधिरकुमार झाका साक्षी दिनबन्धु झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतकलाई उपचारको लागि जनकपुर लगेको कुरा थाहा पाए भन्ने समेत व्यहोराको प्रतिवादी सुधिर झाका साक्षी योगेन्द्र झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

०५८।६।१८ गते आनन्द झाको श्रीमतीलाई झाडा पखाला लागेकोले ऐ १७ गते गई २० गतेसम्म बसी खाना खाई आफ्नो घर सहोडवा साँझमा लक्ष्मीपुर वगेवा फर्कि आएको हुन भन्ने समेत व्यहोराको प्रतिवादी आनन्द झाको साक्षी अमरकान्त झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

माइतमा रहेको प्रतिवादी आनन्दकुमार झाको श्रीमतीलाई झाडा पखाला लागेकोले १७ गते बिहानै प्रतिवादी आनन्द झाको सालोले बिहान ६:०० बजे बोलाउन आई ८:३० बजेतिर निजलाई बोलाई लगे। ऐ १९ गतेसम्म आनन्द झा लक्ष्मीपुर वगेवा गाउँमै थिए। २० गते १२ बजेतिर खाना खाई निज आफ्नो गाउँमा आई पुनः ससुराली गए, जाहेरी दरखास्त झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी आनन्दकुमार झाको साक्षी जयवीर मिश्रले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादीको बुबासँग लिएको रु. १०,०००।- सापटी लक्ष्मण झालाई दिए निजले सो रुपैयाँ लिई ऐ २० गते आफ्नो गाउँ फर्की गएका थिए जाहेरी दरखास्त झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी लक्ष्मण झाको साक्षी बृजमोहन ठाकुरले गरेको महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरी दरखास्त झूठा हो कृष्णकुमार पासवानको मृत्यु ०५८।६।१९ गते अस्पतालमा भएको सुनेको थिएँ भन्ने समेत व्यहोराको प्रतिवादी लक्ष्मण झाको साक्षी कमलाकान्त झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

भगीरथ आमालाई लिइ दरभंगा जानु भयो र निज दरभंगाबाट ऐ ३० गते फर्कि आउनु भएकोले जाहेरी दरखास्त झूठा हो, किनकी २०६०।६।१८ गते दिन र रात प्रतिवादी भागिरथ झा जनकपुरमा थिए भन्ने समेत व्यहोराको भागिरथ झाका साक्षी जयकृष्ण मिश्रले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादी भागिरथ झा ०५८।६।१८ गते मेरो घरमा डेरामा रहेकोले जाहेरवालीको छोरालाई मार्ने प्रश्नै आउँदैन भन्ने समेत व्यहोराको प्रतिवादी भागिरथ झाका साक्षी अर्जुन चौधरीले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

सत्येन्द्र झाको छोरीसँग मृतकको प्रेमसम्बन्ध रहेको कारण सत्येन्द्र झा र निजका छोराहरू मिली मारेका हुन् भनी थाहा पाएं मारेको मैले आफ्नो आँखाले देखिन भन्ने समेत व्यहोराको बुझिएका शिवधारी यादवले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

सत्येन्द्र झा र प्रसन्नकुमार झाले नै मृतकलाई मारेको हो मलाई पूर्ण विश्वास छ, अरु व्यक्तिहरूमा पनि शंका छ, प्रतिवादी लक्ष्मण झाले पनि मारेको हुनुपर्छ, अरु को को थिए थाहा भएन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका राजनारायण पासवानले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतक कृष्णकुमार पासवानलाई कर्तव्य गरी मार्ने प्रतिवादी सत्येन्द्रकुमार झा मात्रै हो मैले देखेको

छैन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काको सिताराम साहले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरीमा लेखिएका मानिसहरूले मारेको हुनुपर्छ २०५८।६।१८ राति मृतकको लास २:३० बजे हेर्न गएको थिएँ प्रसन्नकुमार झाले मृतकलाई मार्ने धम्की दिएका थिए मलाई विश्वास छ प्रसन्नले नै मारेको होला अरु कसले मारेको मलाई थाहा छैन भन्ने समेत व्यहोराको बुझिएका सितारामले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

गाउँमा हो हल्ला हुँदा रातिमा लास हेर्न गएको थिएँ कसले मृतकलाई मारेको हो मैले देखिन, जाहेरी दरखास्त सत्य होला भन्ने समेत व्यहोराको बुझिएका जाहेरीका प्रमाण खण्डका पलट पासवानले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

सत्येन्द्र झाको छोरीसँग जाहेरवालाको छोराको प्रेम थियो सोही कारणले मारेको हुनुपर्छ हिरादेवीबाट मैले सुनेको हो । सत्येन्द्र झाले मारेको हो र त्यसमा प्रसन्न झा समेतका जाहेरीमा लेखेका व्यक्तिहरूले फालेका हुन् मैले देखेको छैन भन्ने समेत व्यहोराको प्रमाण खण्डको रामपृत यादवले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरी दरखास्त सत्य हो कृष्णकुमार पासवानलाई कसले मार्‍यो कसले लास फालेको मैले देखेको छैन, हिरादेवीले मलाई सत्येन्द्र झा, प्रसन्नकुमार झा, रमण झा, सुधिर झाले मारेको हो भनी भनेकी हुन् भन्ने समेत व्यहोराको जाहेरीमा प्रमाण खण्डका रामपृत कापडले महोत्तरी जिल्ला अदालतमा गरेको बयान ।

कृष्णकुमार यादवलाई मार्ने सत्येन्द्र झाको दलानमा रमण झा, लक्ष्मण, सूर्यदेव झा, आनन्द झा, भागिरथ झा, सुधिर झा थिए, कृष्ण झा पछि आएको हो सो घटना भएको राति मैले देखिन भन्ने समेत व्यहोराको खुवलाल पासवानले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

२०५८।६।१८ गते राति २ बजे सत्येन्द्र झा र प्रसन्न झाले निजको छोरी, बहिनी सँग मृतक कृष्ण पासवानको प्रेम सम्बन्ध रहेको कारण निजहरूले कृष्णकुमारलाई मारी सत्येन्द्र झाको दलान पछाडि राखी दिएको कुरा मैले अं. २:०० बजे उक्त दिन देखें, अरु व्यक्तिहरूलाई मैले देखिन भन्ने समेत व्यहोराको जाहेरीका प्रमाण खण्डका किशोरी दासले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतक कृष्णकुमार पासवानको प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीसँग प्रेम सम्बन्ध रहेको कारण प्रतिवादी सत्येन्द्र झा र प्रसन्न कुमर झाले कुटपीट गरी मिति २०५८।६।१८ गते मारी प्रतिवादी सत्येन्द्र झाको दलान पछाडि फाले भन्ने समेत व्यहोराको जाहेरीका प्रमाण खण्डका बुधन पासवानले महोत्तरी जिल्ला अदालतमा गरेको

बकपत्र ।

मृतक कृष्णकुमार पासवानलाई ककस्ले मारेको हो मैले आफ्नो आँखाले देखेको छैन भन्ने समेत व्यहोराको वस्तुस्थिति मुचुल्काका मुनिलाल यादवले अदालतमा गरेको बकपत्र ।

२०५८।६।१८ गते राति निज कृष्णकुमारको मृत्यु भयो निजलाई क कसले कर्तव्य गरी मारे मैले देखिन, उक्त दिन राति हल्ला हुँदा म पनि उठेर जाँदा सत्येन्द्र झाको दलान पछाडि लास देखे ककसले मार्‍यो थाहा छैन भन्ने समेत व्यहोराको जाहेरीका प्रमाण खण्डका सुन्दर पासवानले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मेरो छोरा र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी बीचको प्रेम सम्बन्धको कारणले सत्येन्द्र झा निजको छोरा रमण झा, श्रवणकुमार झा, श्रीकृष्ण झा, लक्ष्मण झा, सुधिर झा, आनन्दकुमार झा, भागिरथ झा, सुनील झा, सूर्यदेव झाहरूले कुटपीट गरी मारेका हुन् सत्येन्द्र, झा, प्रसन्न झा, श्रवण झा, सुनील झा, सुधिर झा, लक्ष्मण झा, रमण झा आनन्द झा, भागिरथ झा, सूर्यदेव झाले लास बोकेर लगिरहेको देखें, मैले हत्या गर्दाको अवस्थामा देखिन, ४ जनाले लास बोकेको सत्येन्द्र झाको दलान पछाडि देखें भन्ने समेत व्यहोराको जाहेरवाली देवसुनरी देवीले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मिति २०५८।६।१८ गते गाउँ घरमा थिएँ । यस मुद्दाको अनुसन्धानको क्रममा सबैकुरा जाने बुझेसम्म लेखाई सहिछाप गरेको छु, उक्त दिन राति २:२५ बजेको समयमा जाहेरवाली निजको छोरा

हिरादेवी, बुधु, गंगा, खुशलाल पासवान समेत मेरो पसलमा आएका थिए, विहान पख कृष्ण पासवानको लास देखे निजलाई क कसले मारे मलाई थाहा छैन भन्ने समेत व्यहोराको बुझिएका प्रमेश्वर साहले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

सूर्यदेव झा खाना खाई मेरै घरमा सुतेको थिए । जाहेरी दरखास्त व्यहोरा रझूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी सूर्यदेव झाका साक्षी गजाधर झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

कृष्णकुमार पासवानलाई सूर्यदेव झाले कर्तव्य गरी मारेको व्यहोरा झूठा हो भन्ने समेत व्यहोराको प्रतिवादी सूर्यदेव झाको साक्षी विपिन चौधरीको महोत्तरी जिल्ला अदालतमा भएको बकपत्र ।

उक्त दिन र राति श्रवणकुमार झा र नन्दकिशोर झा जनकपुरमा नै थिए जाहेरी व्यहोरा झूठा हो, निज प्रतिवादी श्रवणकुमारले मार्ने कुनै काम गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार झाको साक्षी जितेन्द्रकुमार झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

जाहेरी दरखास्त झूठा हो कृष्ण पासवानको उपचार ऐ.१९ गते जनकपुर अञ्चल अस्पतालमा भई रहेको थियो भन्ने समेत व्यहोराको प्रतिवादी श्रवणकुमार झाको साक्षी नन्दकिशोर ठाकुरले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मेरो छोरीको डायरीयाको औषधि उपचार गराई रहेको थिएँ । मेरा गाऊँ जिल्ला सिरहा कुशहा लक्ष्मीनियामा भएको व्यक्ति सुनील झाले ०५८।६।१८ गते कृष्ण पासवानलाई मार्ने प्रश्नै छैन भन्ने समेत व्यहोराको प्रतिवादी सुनील झाको साक्षी चन्द्रकान्त झाले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

प्रतिवादी सुनील झाको भतिजो बिरामी भएको कारण आएका थिए, सलेमपुरमा भएको व्यक्तिले ०५८।६।१८ गते राति सहोडवा गा.वि.स.मा भएको घटना कसरी गराउँछ भन्ने समेत व्यहोराको प्रतिवादी सुनील झाको साक्षी रामपृत भगतले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतकको मुखबाट फिँज आएकोले भिसेरा जाँचको लागि पठाएको हो त्यहाँबाट रिपोर्ट नेगेटिभ भई आएपछि हामीहरूले मृत्युको कारण टाउको र देब्रे भागको पेटमा चोटको कारणले श खसेकमा गई भएको भनी राय दिएका छौं भन्ने समेत व्यहोराको प्रमाण ऐन, २०३१ को दफा २५(७) बमोजिम बुझिएका चिकित्सक पवनकुमार शर्माले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

मृतक कृष्ण पासवानको शव परीक्षण म र पवनकुमार ठाकुरले संयुक्त रुपमा गरेका छौं । मृतकको हात बाँधिएकोले विष सेवन गरेको हुन सक्दछ कि भन्ने शंका गरी भिसेरा जाँच गर्न पठाएको हौं मृतकको मृत्युको कारण टाउकोमा चोट र देब्रे पेटमा भएका चोटको कारणले भएको हो मृतकको नाकबाट फिँज आएको मैले आफै देखेको छु, मृतकको भित्री चोटले गर्दा पनि हुनसक्छ भन्ने समेत व्यहोराको बुझिएका चिकित्सक द्वारिकाप्रसाद साहले महोत्तरी जिल्ला अदालतमा गरेको बकपत्र ।

कृष्णकुमार झालाई प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमार झा समेतले कुटपीट गरी कर्तव्य गरी ज्यान मारेको मिसिल संलग्न सबूद प्रमाणहरूबाट पुष्टि भएकोले प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमार झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुन्छ र आवेशप्रेरित अवस्थामा र एक प्रकारको भवितव्यको प्रकृति मिश्रीत अवस्थाको वारदातमा मृतकको मृत्यु भएको अवस्था हुँदा यी प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमार झालाई कानूनबमोजिम सजाय हुँदा चर्को हुन जान्छ कि जस्तो मेरो न्यायिक चित्तमा लागेकोले निजहरूलाइ जनही १० वर्षका दरले कैद हुन अ.वं. १८८ नं. बमोजिम राय व्यक्त गरेको छु । साथै प्रतिवादी श्रवणकुमार झा र सुनीलकुमार झालाई ऐ को १७(२) बमोजिम जनही ५ वर्षका दरले कैद हुन्छ । प्रतिवादी कृष्णकुमार झालाई १७(३) बमोजिम २ वर्ष कैद हुन्छ प्रतिवादी सुधिर झा र रमण झालाई ऐ को १७(३) बमोजिम जनही ६ महिनाको दरले कैद हुन्छ । प्रतिवादी सूर्यदेव झा, लक्ष्मण झा, भागिरथ झा, आनन्दकुमार झा, समेतले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने समेतको शुरु महोत्तरी जिल्ला अदालतबाट मिति २०६०।१२।१६ मा भएको फैसला ।

कृष्णकुमार पासवानको मृत्यु यस कारण भएको हो भन्न सकिने अवस्था नभएकोले कृष्णकुमारको मृत्युको कारण नै शंकास्पद रहेको अवस्थामा कर्तव्य

भएको ठहर गरी भएको फैसला कानूनसंगत छैन। अनुसन्धानप्राप्त अधिकारीसमक्ष भएको कागज मेरो स्वेच्छाले भएको कागज होइन प्रहरीले कुटपीट गरी लेखिराखेको कागजमा सहिछाप गराएको हो। सो प्रहरीमा भएको कागजलाई आधार लिई भएको फैसला त्रुटिपूर्ण छ। हाम्रो विरुद्धमा मिसिल संलग्न कुनै पनि कागजबाट पुष्टि भएको नहुँदा र शंकास्पद पोष्टमार्टम रिपोर्टकै आधारमा विष फेला नपरेको कारण टाउको र वायाँ पेटको चोटले मृत्यु भएको भन्ने राय आत्मनिष्ट राय भएकोले सोको आधारमा कृष्णकुमार पासवानको मृत्युलाई कर्तव्य भन्नु र हामीलाई दोषी ठहर गरी भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसला बदर गर इन्साफ गरिपाऊँ भन्ने समेतको प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमार झाको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र।

कृष्णकुमार पासवानलाई मार्न वा मराउनमा मेरो सहमति र संलग्नता नरहेको कुरा बुधु पासवानको अदालतमा भएको बकपत्र र मेरो इन्कारी बयानलाई समर्थन हुने गरी मेरो साक्षीले गरेको बकपत्र समेतलाई वेवास्ता गरी नभएको प्रमाणहरू लगाई आत्मनिष्ट रुपले मलाई ६ महिना कैद गर्ने गरी भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी मलाई अभियोग दावीबाट सफाइ प्रदान गरिपाऊँ भन्ने समेतको प्रतिवादी सुधीर झाको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र।

मिति २०५८।६।१८ गते कार्यरत् जिल्ला सिन्धुपाल्चोक महाँकाल गा.वि.स. स्थित श्री सरस्वती मा.वि. बाट बेलुका २ बजे गाडी चढी साँझ ७:३० बजे काठमाडौं आई भोलिपल्ट बिहान ८:०० बजे घर पुगेको हुँ। वारदातको वारेमा मलाई केही थाहा भएन १०:०० बजे तिर प्रहरीले समाती लगेको हो। प्रहरीमा भएको बयान मेरो स्वेच्छा विपरीतको हो। प्रहरीमा भएको साविती बयान अन्य प्रमाणबाट पुष्टि भएको छैन। कृष्णकुमारलाई कसले मारेको हो भन्ने कुराको सम्बन्धमा जाहेरी प्रहरीमा कागज गर्ने, वस्तुस्थिति मुचुल्का, पोष्टमार्टम रिपोर्ट समेत एक आपसमा बाझिएकोले र शंकास्पद छ। शंकाको सुविधा अभियुक्तले पाउने भएको समेतबाट मलाई सफाइ दिनुपर्नेमा ठहर फैसला गर्ने गरी भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसला बदर गरी सफाइ पाऊँ भन्ने समेतको प्रतिवादी कृष्णकुमार झाको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा मृतकले सत्यन्द्र झाको छोरी सरोजकुमारी झासँग प्रेम सम्बन्धमा निजको ज्यान मार्ने धम्की जनकपुरमा दिएको समेत आधारमा पूर्व नियोजित तरिकाले सल्लाह गरी बाटोमा देखि मृतकलाई समाई घरभित्र लगि कुटपीट गरी ज्यान मारेको पुष्टि भै ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको सजाय गरी अं.वं. १८८ नं. को प्रयोग गरी १०-१० वर्ष कैद गर्ने गरेको राय प्रस्तुत मुद्दामा मिलेको नदेखिँदा आत्मनिष्ट राय सो हदसम्म बदर गरिपाऊँ र प्रतिवादी श्रवणकुमार झा र सुनीलकुमार झाको हकमा ऐ को १७(२) र प्रतिवादी सुधिर झा, रमन झा र कृष्ण झाको हकमा १७(३) बमोजिम गर्ने गरेको फैसला त्रुटिपूर्ण छ, किनकी यी प्रतिवादीहरू समेतले मृतकलाई कुटपीट गरेकोमा स्वीकारै छन र मृतकको शरीरमा पनि कुटपीट भएको घा खत देखिन्छ। शुरु अदालतले पनि सो कुरालाई स्वीकार गर्दा गर्दै पनि उक्त नं. बमोजिम कम सजाय गर्ने गरी गरेको फैसला बदर गरी १३(३) नं. बमोजिम सजाय गरिपाऊँ साथै प्रतिवादी सूर्यदेव झा, लक्ष्मण झा, भगिरथ झा, आनन्दकुमार झा, कसूरमा इन्कार रहेपनि मौकामा पक्राउ पर्ने सत्येन्द्र झा र कृष्णकुमार झाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पोल गरेको र सो बयानलाई अदालतले प्रमाणमा ग्रहण गरेको भए पनि यी प्रतिवादीलाई सफाइ दिने गरी गरेको फैसला मिलेको नदेखिँदा सो हदसम्म बदर गरी अभियोग दावीअनुसार हदैसम्म सजाय गरिपाऊँ भन्ने समेतको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र।

प्रतिवादी श्रवणकुमार झा, सुनीलकुमार झा र रमन झाको हकमा प्रतिवादी सत्येन्द्र झा र कृष्णकुमार झाले यी प्रतिवादीलाई पोल गरी बयान गरेको आधार लिई शुरुबाट भएको फैसला त्रुटिपूर्ण छ किनकी कृष्णकुमार पासवानलाई कुटपीट गरी ज्यान मार्ने हाम्रो कुनै संलग्नता रहेको मिसिल संलग्न कुनै प्रमाणबाट पुष्टि नहुँदा पनि शुरु अदालतबाट संलग्नता देखाई भएको फैसला गलत रहेकोले बदर गरी सफाइ

पाऊँ भन्ने समेतको प्रतिवादी सुनीलकुमार झा, श्रवणकुमार झा, रमणकुमार झाको पुनरावेदन अदालत, जनकपुरमा परेको पत्र ।

वारदात देख्ने भनेका जाहेरवाली देवसुनरीदेवीको जाहेरी दरखास्तको व्यहोरा र मौकामा कागज गर्ने हिरादेवी, अनुसन्धानको क्रममा कागज गर्ने बुधु पासवान, खुमलाल पासवान समेतको मौकाको कथन र निजहरूको अदालतमा भएको बकपत्र एक आपसमा मेल नखाई परस्परमा बिरोधाभाषपूर्ण भएको देखिएको, सत्येन्द्र झा र कृष्णकुमार झाको प्रहरीमा भएको सावितिलाई आधार बनाई निजहरू उपर कसूर कायम गरेको देखिएको, प्रतिवादी प्रसन्नकुमार, रमनकुमार, श्रवणकुमार, कृष्णकुमार, सुधिरकुमार र सुनीलकुमार झालाई मौकामा सावित हुने सहअभियुक्तको पोलको आधारमा कसूर कायम गरेको देखिएको र अन्य लास प्रकृति मुचुल्का, शव परीक्षण, तथा परिस्थितिजन्य प्रमाणको वस्तुपरक मूल्याङ्कन नगरी प्रमाणको रुपमा ग्रहण गरिएको समेतका आधारमा शुरुको फैसलामा फरक पर्न सक्ने हुँदा छलफलको लागि अ.वं. २०२ नं. बमोजिम पुनरावेदन सरकारी वकीललाई पेसीको सूचना दिने र शुरुले सफाइ दिएका आनन्दकुमार झा, लक्ष्मणकुमार झा, सूर्यदेव झा र भागिरथ झाको हकमा नेपाल सरकारको पुनरावेदन परेपनि निजहरूलाई झिकाई रहन परेन नियमानुसार गरी पेश गर्नु भन्ने पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६१।११।९ गतेमा भएको आदेश ।

मृतकले विष सेवन गरेको भनी अभियुक्तहरूले अधिकारप्राप्त अधिकारीसमक्ष भन्न नसकेको, आरोपित कसूर गरेमा अभियुक्त सत्येन्द्र झाले प्रसन्नकुमार झालाई मौकामा नै पोल गरेको र अधिकारप्राप्त अधिकारीको बयानलाई अन्यथा प्रमाणित गर्न नसकेको तथा प्रेम सम्बन्ध भएकै कारण वारदात भएको समय भन्दा केही दिन अगाडि मुरलीचोकमा झगडा भएको र उसै बखत प्रतिवादी सत्येन्द्र झाले मृतकलाई ज्यान लिने धम्की दिएको तथा जातिय विभेदको परिणाम स्वरुप वारदात घट्न गएको भन्ने जस्ता परिस्थितिजन्य प्रमाणको विद्यमानता रहेको प्रस्तुत वारदातमा यी प्रतिवादी सत्येन्द्र झा र प्रसन्न झाले आवेशमा आई मृतकको कर्तव्य गरी मारेको भनी मान्न मिल्ने पनि भएन । अ.वं. १८८ नं. को प्रयोगको लागि सोको औचित्यता प्रचुर मात्रामा हुनुपर्ने सोको अभावमा निज प्रतिवादीहरू उपर व्यक्त गरिएको राय वस्तुगत भएको नदेखिँदा शुरु जिल्ला अदालतबाट अ.वं. १८८ नं. बमोजिम प्रस्तुत गरिएको राय मनासिब नदेखिई उक्त रायसँग सहमत हुन सकिएन । तसर्थ प्रतिवादीहरू सत्येन्द्र झा तथा प्रसन्न झालाई अभियोग दावीबमोजिम जन्मकैद हुने ठहर्छ ।

अव प्रतिवादी श्रवणकुमार झा र सुनीलकुमार झाको हकमा ज्यानसम्बन्धी महलको १७(२) नं. अनुरूप सजाय गरेको मिलेको छ छैन भनी हेर्दा, प्रतिवादीहरूको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान हुन नसकेको तथा अदालतमा निजहरूले अन्यत्र भएको जिकीर लिएपनि घटनास्थलमा प्रतिवादी सुनीलकुमार झाको गम्छा भेटिई सनाखत भएको, उक्त सनाखत कागज अन्यथा प्रमाणित नभएको, घटनास्थलमा निजहरूको उपस्थिति भएको र लास बोकी हिंडेको अभियुक्त सत्येन्द्र झा समेतको पोल बयान तथा मिसिल संलग्न प्रमाणहरूबाट स्थापित भएको देखिँदा प्रतिवादीहरूका साक्षीहरूको बकपत्र बाहेक निजहरूको Alibi को जिकीरलाई खम्वीर गर्ने कुनै वस्तुनिष्ट प्रमाण समेतबाट पुष्टि भएको नदेखिँदा यी अभियुक्तले आफूले मृतक कृष्णकुमारलाई कर्तव्य गरी मारेको नदेखिएपनि वारदात स्थलमा समूहमा उपस्थित रही, मार्नेसम्मको परिपञ्च गरेको संयोग पारिदिएको देखिँदा निजहरूको हकमा ५ वर्ष कैद गर्ने गरी भएको फैसला मनासिबै ठहर्छ । त्यस्तै अर्का प्रतिवादी कृष्णकुमार झाले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान गर्दा सत्यन्द्र झाले आदेश दिने वित्तिकै प्रसन्नकुमार झाले मृतकलाई समाति घरभित्र ल्याएको भनी मौकामा दिएको बयानलाई अन्यथा भन्न नसकेको एवं निजले उक्त घटनामा आफ्नो संलग्नता नभई उक्त दिन सरस्वती उच्च मा.वि. सिन्धुपाल्चोकमा थिए भनी भने पनि सोको वस्तुनिष्ट प्रमाण पेश गर्न सकेको नदेखिएको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान र मिसिल संलग्न प्रमाणको तादाम्यता रहेको स्थिति समेतलाई मध्यनजर राख्दा घटनामा निजको उपस्थिति रहेको र घटना घटाउन निजको

समेत संलग्नता रहेको देखिँदा निजका हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद गर्ने गरेको फैसला मनासिब ठहर्छ ।

प्रतिवादी सुधिर झा, रमन झाको अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा बयान भएको नदेखिएको अदालतमा आरोपित कसूरमा इन्कारी बयान दिए पनि मुख्य अभियुक्त सत्येन्द्र झाले मौकामा गरेको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा सबै प्रतिवादीहरू मिली लास बोकी फालेका हौं भनी बयान गरेको र मिसिल संलग्न प्रमाणहरूबाट समेत सुधिर झा र रमन झाको पनि वारदातस्थलमा उपस्थिति एवं लास बोक्नमा संलग्नता रहेको तथ्य प्रमाणबाट स्थापित भएको देखिँदा निजहरूका हकमा शुरु अदालतबाट ६ महिना कैद गर्ने गरी भएको फैसला कानूनसम्मत् देखियो । प्रतिवादीहरू सूर्यदेव झा, लक्ष्मण झा, भागिरथ झा र आनन्दकुमार झाका हकमा हेर्दा, मौकामा बयान दिने सत्येन्द्र झा, कृष्णकुमार झाले यी प्रतिवादीहरूको संलग्नता भएको भन्ने भनाई नभएको, मृतकलाई मार्ने मराउने कार्य यी प्रतिवादीहरूबाट भएको हो भनी ठोस र वस्तुगत प्रमाण समेत कहीं कतैबाट स्थापित नहुँदा निजहरूलाई सफाइ दिने ठहऱ्याई गरेको फैसला मनासिब ठहर्छ ।

उल्लिखित आधार कारण तथा प्रमाणबाट समेत शुरु महोत्तरी जिल्ला अदालतले मिति २०६०।१२।१६ मा प्रतिवादी सत्येन्द्र झा तथा प्रसन्न झाको हकमा अ.वं. १८८ नं. प्रयोग गरी कम सजाय गर्ने गरी राय प्रस्तुत गर्ने बाहेकको अन्य कुरामा सो फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी सत्येन्द्र झा तथा प्रतिवादी प्रसन्न झाको हकमा शुरुले पेश गरेको अ.वं. १८८ नं. बमोजिमको राय सदर हुन नसकी उक्त फैसला उक्त प्रश्नमा सो हदसम्म केही उल्टी हुन्छ । सबै प्रतिवादीहरूलाई अभियोग दाविबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारका तर्फबाट तथा पुनरावेदक सत्येन्द्र झा समेतको प्रतिवादीहरूको आरोपित कसूर तथा शुरु जिल्ला अदालतबाट भएको सजायबाट सफाइ पाऊँ भन्ने समेतको पुनरावेदन जिकीर पुग्न सक्दैन भन्ने समेतको पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला ।

कृष्णकुमार पासवानको मृत्युलाई कर्तव्य ठहर गरी म पुनरावेदकलाई अभियोग दावीअनुसार सजाय गर्ने गरी भएको महोत्तरी जिल्ला अदालतको फैसला र पुनरावेदन अदालत, जनकपुरको फैसला प्रारम्भिक दृष्टिमा नै खारेजभागी छ । मृतकको भिसेरा नमूनाको प्रतिवेदनमा मृतक कृष्णकुमार पासवानको भिसेरा नमूनामा मुसा मार्ने बिष (जिंक आल्मुनियम फोस्फाइड) तथा किटनाशक विषादी पाइएन भनी प्रतिवेदन प्राप्त भएकोमा सो परीक्षणले किटनाशक विषादी पाइएन भनी प्रतिवेदन प्राप्त भएकोमा सो परीक्षणले लासमा विष प्रयोग भएको छैन भनी भन्न सकेको छैन । प्रहरी प्रतिवेदन प्रहरी प्रधान कार्यालयबाट तयार भएकोमा पछि RONAST मा पठाई RONAST बाट पनि सोही व्यहोरा उतार गरी प्रतिवेदनमा उल्लेख गरिएबाट लासमा विष छैन भनी अदालतले अनुमान गर्न मिल्दैन । लासमा विष प्रयोग भएको देखिएकोले Viscera test गरिएको हो मिसिल संलग्न Sucide note को व्यहोराले सो कुरा पुष्टि गर्दछ । अनुसन्धानले बिष नै प्रयोग भएको र Suicide Note बाट पनि सो कुरा प्रमाणित भएबाट कुटपीट गरी ज्यान मारेको भनी ठहर गर्न मिल्ने होइन । Suicide note को चर्चा सम्म नगरी फैसला भएको छ । प्रस्तुत मुद्दाको प्रारम्भिक अनुसन्धानबाट खडा गरिएको २ वटा कागजमध्ये पहिलो लासजाँच मुचुल्का मिति २०५८।६।१९ गते तयार गरिँदा उक्त मुचुल्कामा माथिल्लो सूचना खण्डमा लास फेला परेको भन्ने सूचना व्यहोरामा उल्लेख छ । त्यहाँ कर्तव्य गरी मारेको भन्ने लेखिएको छैन । उक्त कागज मृतकको आमा जाहेरवाली देवसुनरीदेवीको रोहवरमा खडा भएको छ । निज देवसुनरीदेवी प्रस्तुत मुद्दाको चश्मदिद गवाह भए पनि निजले लास जाँच गर्दा अनुसन्धान अधिकारीलाई कर्तव्यबाट मृत्यु भएको भनी भन्न सकेकी छैनन् । आफ्नै छोराको ज्यान मार्ने व्यक्तिलाई आफैले देखेको भए पनि सोको सूचना दिनुपर्ने र घटनास्थल समेत देखाई खानतलासी गराएको हुनुपर्ने भन्ने *नेकाप* २०५१ नि.नं. ४८८८ पृष्ठ २०९ मा प्रतिपादित सिद्धान्तअनुसार निजले प्रतिवादीको नाम दिन नसकेको र कर्तव्य पनि भन्न नसकेकोबाट प्रस्तुत मुद्दामा हामीलाई कर्तव्य ज्यानमा दोषी ठहर गर्ने गरी फैसला गर्न मिल्ने होइन ।

Post mortem report मा डाक्टरहरूले Viscera report प्राप्त नभएसम्म राय दिन नसक्ने भनेका र पछि निज डाक्टरहरूले अघि नै देखिएको चोटलाई नै देखाई Viscera Samples are negative for insecticide and rat poision. On the basis of above finding, the cause of death is shock resulted from sustained blunt injuries over head and left abdomen निष्कर्ष निकालेको छ भने लासमा देखिएको चोटमा Subdural hemtoma - 1"×1 Laceration lower back - 2"×1$^1/_2$ Abtraction (1) elbow 1"×1 (2) cerebolum injured भनी चोट देखाइएको छ। उक्त चोटहरू External injuries शीर्षकमा राखिएको छ। उक्त चोटको शरीरको भित्री भागमा असर परेको छैन भन्नलाई लासको Internal examination भएको छैन यस्तो अवस्थामा Subdural Hematoma बाट मर्न Skull भित्र मस्तिष्कमा Internal bleeding अथवा Hemorrhage नभै मानिस मर्दैन भन्ने देखाइएको अन्य चोट अति नै सामान्य छ। Post mortem report मा राय दिँदा Viscera Samples are negative for insecticide and rat poision उल्लेख गरी राय दिएकोबाट Viscera report positive भएको भए उक्त उल्लिखित चोटहरू गौण रुपमा रहने थिए। उक्त प्रतिवेदन किटानी रुपमा नभै हचुवाका रुपमा दिएको थियो। कृष्णकुमार पासवानको मिति २०५८।६।१९ गते गरिएको लास जाँच मुचुल्का शंकास्पद र अविश्वसनीय छ। लासलाई बोकी ल्याई फालि भागेको भनी देखाइए पनि लासमा माटो लागेको देखिएको छैन। जवकी लासको वरीपरी हिलो देखाइएको छ। लासजाँच मुचुल्का अविश्वसनीय छ। लासको पोष्टमार्टम गर्दा मुखबाट रगत बगेको छैन।

अनुसन्धानको क्रममा देखिएको Suicide Note र अञ्चल अस्पतालमा मृतक कृष्णकुमार पासवानको उपचार गराउन लगिएको प्रमाणलाई पुनरावेदन अदालत, जनकपुरले फैसला गर्दा अन्तरबिरोध भएको प्रमाण भएको र पेश निष्कर्षमा पुग्न नसकिने भनी तर्क गरेको छ। उक्त प्रमाणहरू कृष्णकुमार पासवानको मृत्युसँग सम्बन्धित भए पनि प्रमाणमा ग्रहण गरिएको छैन। शंकास्पद र अस्पष्ट रायलाई छानेर प्रमाण ग्रहण गरिएको छ। साविती बयान मेरो स्वेच्छाले दिएको होइन भन्ने कुरा अदालतसमक्ष बयान गर्दा उल्लेख गरेकोमा सोको चर्चा समेत फैसलामा भएको छैन। हिरादेवी र जाहेरवालीको बकपत्र एक आपसमा पूर्णतः बिरोधाभाष छ। निजहरू चश्मदिद गवाह होइनन्। हिरादेवी र जाहेरवालीले अदालतमा बकपत्र गर्दा रातको समयमा लास हेर्दा लासको हात फ्याक्चर भएको, हात खुट्टा भाँचिएको, टाउको तथा घाँटीमा काटिएको, अण्डकोषमा चोट लागेको देखेको भनी कागज गरेका तर निजहरूको स्वयंको व्यहोराबाट निजहरूले ज्यान मार्दा नदेखेको लास फालेको देखेको भन्ने उल्लेख भै जाहेरवालीको बकपत्र र हिरादेवीको बकपत्र पूर्णत बाझिएको छ। यस्तो अवस्थालाई पुनरावेदन अदालत, जनकपुरबाट फैसला हुँदा समेत केही उल्लेख नगरी फैसला भएको छ। म पुनरावेदक निर्दोष रहेको कुरा निर्विवाद रहेकोमा समेत दोषि ठहर गरी गरेको शुरु महोत्तरी जिल्ला अदालतको फैसला र सो फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट फुर्सद पाऊँ भन्ने समेतको प्रतिवादी सत्येन्द्र झाको यस अदालतसमक्ष परेको पुनरावेदन पत्र।

प्रतिवादी प्रसन्नकुमार झाका हकमा पुनरावेदन अदालत, जनकपुरको फैसला साधक सदर जाँचको लागि दायर भएको।

मृतकको साथबाट बरामद गम्छा हामी पुनरावेदक मध्येका म सुनीलकुमार झाको हो भनी सनाखत भएको भन्ने तथ्य विपरीत हुने गरी उल्लेख भएको छ। मृतकको मृत्युको वास्तविक कारण नै यकीन नै हुन सकेको छैन। डाक्टरहरूले मृतकको मृत्यु Schock resulted from sustained blunt injuries over head and left abdomen egL उल्लेख गरेको पाइन्छ। Autopsy report लाई कुनै पनि हालतमा प्रमाणमा ग्रहण गर्न मिल्दैन। किनभने Autopsy गर्ने डाक्टरहरूले मृत्युको कारण एकिन गर्न Viscera जाँच गर्न पठाएको र Viscera जाँचबाट कुनै नयाँ तथ्य नआएपछि उक्त राय दिएका हुन। मृतकको Autopsy गरिँदा मृतकले विष सेवन गरेको हुन सक्ने शंकाको आधारमा निजको Viscera जाँच निम्ति पठाइएको थियो। उक्त प्रतिवेदनबाट पनि नयाँ तथ्य फेला नपरी

पहिलेकै व्यहोरा उल्लेख गरिएबाट उक्त प्रतिवेदन त्रुटिपूर्ण छ । विषहरूको परीक्षण हुन नसकेको अवस्थामा मृतकको मृत्यु ती विषको प्रभावबाट भएको छैन भनी पुनरावेदन अदालतबाट कुनै खण्डन हुन सकेको छैन । मृतकको मृत्यु विषको प्रभावको कारण भएको भन्ने कुरा मिसिल संलगन Suicide Note बाट स्थापित भैराखेको स्थिती छ । ०५८।६।१९ गते जाहेरवालीको रोहवरमा खडा गरिएको घटनास्थल एवं लास प्रकृति मुचुल्का हुँदाको अवस्था सम्ममा मृतकको मृत्युको सम्बन्धमा कोही कसैले पनि मृतकको मृत्यु कर्तव्यबाट भएको भनी भनेका छैनन् । वास्तविकता र सत्यता पनि त्यहीँ हो । पछि देवसुनरीदेवी लगायत केही व्यक्तिहरूले आफूलाई वारदातको चश्मदिद गवाहको रुपमा प्रस्तुत गरेको पाइन्छ । तर अनुसन्धान अधिकारीलाई निजले कुनै कुराको सूचना उपलब्ध गराएको पाईंदैन । मृतकको Sucide note र अञ्चल अस्पतालमा मृतकको उपचार गराउन लगिएको थियो भन्ने प्रमाण कागजलाई पुनरावेदन अदालतबाट मूल्याङ्कन गरिएको छैन । Alibi को जिकीर समेतलाई मूल्याङ्कन गरिएको छैन । जाहेरी दरखास्तलाई मात्र पुनरावेदन अदालतबाट आधार लिइनु त्रुटिपूर्ण छ । जाहेरी दरखास्त र जाहेरवालीको बकपत्र बिरोधाभाषपूर्ण छ । जाहेरवालीको बकपत्रमा मृतकको हात खुट्टा भाँचिएको, टाउको एवं घाँटीमा काटिएको, अण्डकोष फ्याक्चर भएको लगायतका आफैले देखेको भनी लेखाइएको पाइन्छ जुन मिसिल संलग्न तथ्यबाट प्रमाणित हुन सकेको छैन । Viscera जाँच प्रतिवेदनबाट कुनै उल्लेखनीय राय प्राप्त हुन नआएको र Autopsy report मा Viscera samples are negative for insecticide and rat poision भएको कारण मृतकको मृत्यु उल्लिखित वा चोटपटकबाट परेको भनी देखाउन खोजेको पाइन्छ । यदि मृतकको शरीरमा कुनै विष भेटिएको भए मृतकको मृत्यु उल्लिखित चोटबाट भएको छैन भन्ने प्रमाणित हुन जाने निर्विवादित छ । यसै मुद्दाका अन्य प्रतिवादी सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई हामी विरुद्ध ग्रहण गरिएको पाइन्छ जुन निर्विवाद रुपमा त्रुटिपूर्ण छ । मुद्दाको कुनै पक्षले अर्को पक्षलाई सहअभियुक्तको रुपमा पोल गर्छ भने उक्त पोललाई सोझै ग्रहण गर्न मिल्दैन । सहअभियुक्तको पोललाई स्वतन्त्र र विश्वसनीय प्रमाणहरूले समर्थित गर्नुपर्ने निर्विवाद छ । सो सम्बन्धमा *नेकाप* २०५५ नि.नं. ६६०१ अङ्क ९ पृष्ट ५३२ समेतका मुद्दाहरूमा सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भैसकेको छ । उल्लिखित सिद्धान्तविपरीत हुने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला बदर गरी हामी पुनरावेदकहरूलाई पूर्ण रुपमा सफाइ पाऊँ भन्ने समेतको प्रतिवादी सुनीलकुमार झा, श्रवणकुमार झा, रमणकुमार झा र सुधिर झाको यस अदालतसमक्ष परेको संयुक्त पुनरावेदन पत्र ।

Post mortem report बाट पिठ्यू, कम्मर, दाहिने कुहिनामा तछारिएको साथै टाउको अघिल्तिर चोट देखिएको साथै डाक्टरको रायमा The cause of death is shock resulted from sustained blunt injuries over head and left abdomen egL उल्लेख भएबाट प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमारले मात्र कुटपीट गरी मारेको भन्न मिल्ने अवस्था छैन । सलाई किन्न गएको छोरा फर्की नआएकोले गंगा पासवान, खुशलाल पासमान समेतलाई लिई सत्येन्द्रको घरतिर जाँदा गाँईगुई आवाज सुनि हेर्दा छोरा कृष्णकुमारलाई मरणासन्न हुने गरी कुटपीट गरी कर्तव्य गरी मारी श्रवण, सत्येन्द्र, प्रसन्न, सुनीलकुमारले बोकी ल्याएको कुरा गंगा, बुद्ध खुशलाल पासवान समेतका साक्षीहरूले देखेको अवस्था छ । घटनामा तत्काल पुगी देखेका साक्षी रामपृत, पलट, किशोरी, सुन्दर पासवानको कागज र बकपत्र समेतबाट समेत प्रतिवादीहरू सूर्यदेव झा, रमणकुमार झा, श्रवणकुमार झा, कृष्णकुमार सहितका सम्पूर्ण प्रतिवादीहरूले योजनाबद्ध ढंगले कृष्णकुमार पासमानलाई कुटपीट गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि भएको छ । प्रतिवादीहरूको छोरी, बहिनी, भतिजी नाताका सरोजकुमारीको प्रेम सम्बन्धका कारण जनकपुरको मुरलीचोकमा भेटी मृतकलाई सत्येन्द्र झा, र प्रसन्न झा समेतले कुटपीट गरेको र सोही कर्तव्यबाट मृत्यु भएको भनी कुटेको देख्ने सिताराम दासले गरिदिएको कागजबाट स्थापित छ । मृतककी दिदी हिरादेवीले भाइ कृष्णकुमारलाई खोज्न सत्येन्द्रको घर तिर जाँदा सो ठाउँमा सत्येन्द्र, प्रसन्न, सुनील, श्रवण, कृष्णकुमार झा समेतले मृतकको टाउको हात जिउमा समाई लास समाई फाली गएको भनी

लेखाएको र सो तथ्य स्थापित गरी बकपत्र गरेको अवस्था छ । अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागज गर्दा तल्लो जातका मृतकसँगको प्रेमसम्बन्धका कारण इज्जत जाने डरले सबै प्रतिवादीहरू मिली छलफल गरी मार्ने भनी मृतक घरमा आउनासाथ सत्येन्द्रले कुमारले हात समाई भित्र ल्याई मुख थुन्ने, प्रसन्नले लात्तिले हान्ने, अरुले हात मुक्काले हानेको छलफलका विषयमा प्रतिवादी कृष्णकुमारले आफू लगायत सूर्यदेव, सत्येन्द्र, प्रसन्न, रमणकुमार, श्रवणकुमार, लक्ष्मण, भागिरथ, आनन्दकुमार सुनील झा समेत भै सत्येन्द्रले टाउकोमा प्रसन्न र श्रवणले हात खुट्टाले, सुनीलले कम्मरमा अन्धाधुन्ध हानेको भनी उल्लेख गरेको अवस्था भएबाट ज्यानसम्बन्धी महलको १७ नं. अनुरूपको दावि ठहर भएका प्रतिवादी रमनकुमार, कृष्णकुमार, सुधिर, सुनील, श्रवणकुमार वारदातस्थलमा रही वारदातमा संलग्न भएको अदालतले ठहर गरेको छ । वारदात, चोटको प्रकृति, प्रतिवादीहरूको संलग्नता, वारदातको कारण अवस्था र इविबाट सबै प्रतिवादीहरू वारदातमा उपस्थित भै मृतकलाई समाउने चोट छाड्ने प्रत्यक्ष कार्य गरेको र सोही चोटबाट मरेको भए पनि यसैको चोटबाट मरेको भन्ने अवस्था नदेखिएकोले सबै प्रतिवादीहरूलाई प्रचलित कानूनअनुरूप ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम ठहर गर्नुपर्नेमा सो नगरी एवं कसूर ठहर भएका प्रतिवादी प्रसन्नकुमार झाको हकमा अ.वं. १८८ नं. को प्रयोजन गर्न सम्म नमिल्ने भनी ठहर गरेपछि समान स्तर र समान प्रमाणले गढाउ भएका अन्य अभियुक्तहरूको हकमा कम सजाय गरेको र सफाइ दिएको फैसला कानूनसम्मत् नहुँदा पुनरावेदन अदालत, जनकपुरबाट प्रतिवादीहरूलाई दावी परिवर्तन गरी र सफाइ दिने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म बदर गरी उल्लिखित प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने समेतको वादी नेपाल सरकारका तर्फबाट यस अदालतसमक्ष परेको पुनरावेदन पत्र ।

वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेको प्रस्तुत मुद्दाको सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू सूर्यदेव झा, लक्ष्मण झा, आनन्दकुमार झा र कृष्णकुमार झाको हकमा शुरु र पुनरावेदन अदालतको फैसला विचारणीय हुँदा अ.वं. २०२ नं. बमोजिम विपक्षी झिकाई लगाउको मुद्दाहरू समेत साथै राखी पेश गर्नु भन्ने यस अदालतबाट भएको आदेश ।

पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट फौ.पु.नं. ०३०४ र प्रतिवादीहरूको तर्फबाट फौ.पु.नं. ०१५७ र ०२३८ का पुनरावेदन पत्र परेको देखिँदा उक्त पुनरावेदनहरू एक अर्कोलाई जानकारी गराउने सो निमित्त फौ.पु.नं. ०१५७ र ०२३८ का पुनरावेदन पत्रहरूको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाई लगाउका मुद्दा समेत साथै राखी नियमबमोजिम पेश गर्नु भन्ने समेतको यस अदालतबाट मिति २०६७।५।१३ मा भएको आदेश ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलले प्रतिवादीहरू ११ जना वारदातमा संलग्न भएको र मृतकको घरमा नै वारदात भएको अवस्था छ । सरोजकुमारीसँग मृतकको प्रेम सम्बन्ध भएका कारण मृतकलाई मार्ने पूर्व रिशइवी राखी भेला जम्मा भै सबै प्रतिवादीहरू संलग्न भै मृतकलाई मारेको तथ्य स्पष्ट हुँदाहुँदै समान स्तरका केही प्रतिवादीका हकमा कम सजाय तथा केहीका हकमा सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भै शुरु अभियोग दावीबमोजिम सजाय हुनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै प्रतिवादी सत्येन्द्र झाका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मोहन बञ्जारा क्षेत्रीले प्रतिवादी सत्येन्द्र झाको हकमा शुरु महोत्तरी जिल्ला अदालतबाट अ.वं. १८८ नं. बमोजिम राय लगाइएकोमा पुनरावेदन अदालतबाट सो रायलाई उल्टी गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पक्ष निर्दोष भएबाट सफाइ पाउनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै पुनरावेदक प्रतिवादी श्रवणकुमार झा समेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा अधिवक्ता सतिशकुमार झाले सहअभियुक्तको पोललाई मात्र आधार मानी पक्षहरूलाई सजाय गरेको फैसला कानूनी त्रुटिपूर्ण छ । सत्येन्द्र झाको पोललाई मात्र आधार लिन मिल्ने अवस्था हुँदैन ।

स्वतन्त्र रुपबाट पुष्टि नभएसम्म सहअभियुक्तको पोललाई मात्र आधार मान्न मिल्ने नहुँदा पक्षहरूलाई कसूर कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी पक्षहरूले अभियोग दावीबाट सफाइ पाउनुपर्दछ भनी वहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै प्रतिवादी कृष्णकुमार झा, लक्ष्मणकुमार झा र भागिरथ झाका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल तथा अधिवक्ता धिरजकुमार यादवले पक्ष कृष्णकुमार झाका हकमा निजले कैद भुक्तान गरी रिहा भए पनि निजलाई कसूर कायम गरी भएको फैसला त्रुटिपूर्ण छ । त्यस्तै अन्य पक्ष लक्ष्मणकुमार झा र भगिरथ झाको वारदातमा कुनै संलग्नता नभएका कारण प्रमाणको मूल्याङ्कन गरी शुरु महोत्तरी जिल्ला अदालतबाट सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला कानूनसम्मत् हुँदा सोही फैसला सदर कायम गरिपाऊँ भनी गर्नु भएको वहस समेत सुनियो ।

पक्ष विपक्षका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीको वहस समेत सुनी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिले नमिलेको के रहेछ निर्णय दिनुपर्ने भई हेर्दा मृतक र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारी झाबीच प्रेमसम्बन्ध रहेको र मृतक दलित जाति र केटी झा बाहुन उच्च जातिको छोरी भएको कारण अभियोगपत्रमा उल्लिखित प्रतिवादीहरूले आपसमा पहिलेदेखि लिई आएको रिसइवीले सबै प्रतिवादीहरूले योजना बनाई भेला भई जाहेरवालीको छोरा कृष्णकुमार पासवानलाई मिति २०५८।६।१८ गते राति बाटोबाट समाति मुख नाक समेत थुनी प्रतिवादी सत्येन्द्र झाको घर भित्र लगि सत्येन्द्र झाले टाउकोमा प्रसन्नकुमार झा, श्रवणकुमार झाले हात, खुट्टा, मुक्काले पेटमा, सुनील झाले पछाडिपट्टी कम्मरमा, अरु सुधिर झा समेतका प्रतिवादीहरूले हात मुक्काले यत्रतत्र कुटपीट गरी कर्तव्य गरी मारी नांगै पारी फाली दिएको कुरा सप्रमाण पुष्टि भएको हुँदा अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीहरू उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (३) नं. विपरीत कसूर गरेको अभियोगमा निज प्रतिवादीहरू उपर ऐ ऐनको १३(३) बमोजिम सजाय हुन अभियोग माग दावी भएकोमा सुरु धनुषा जिल्ला अदालतबाट प्रतिवादी सत्येन्द्र झा र प्रसन्नकुमार झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद भै जनही १० वर्षका दरले कैद हुन अ.वं. १८८ नं. बमोजिम राय व्यक्त गरेको, प्रतिवादी श्रवणकुमार झा र सुनीलकुमार झालाई ऐ को १७(२) बमोजिम जनही ५ वर्षका दरले कैद, प्रतिवादी कृष्णकुमार झालाई १७(३) बमोजिम २ वर्ष कैद, प्रतिवादी सुधिर झा र रमण झालाई ऐ को १७(३) बमोजिम जनही ६ महिनाको दरले कैद, प्रतिवादी सूर्यदेव झा, लक्ष्मण झा, भागिरथ झा, आनन्दकुमार झा समेतले अभियोग दावीबाट सफाइ पाउने ठहराई फैसला भएकोमा सोही फैसलाउपर वादी तथा प्रतिवादीहरूको तर्फबाट पुनरावेदन परी पुनरावेदन अदालत, जनकपुरबाट फैसला हुँदा प्रतिवादीहरू सत्येन्द्र झा तथा प्रसन्न झालाई अभियोग दावीबमोजिम जन्मकैद हुने ठहरी शुरु महोत्तरी जिल्ला अदालतबाट अ.वं. १८८ नं. बमोजिम लगाइएको राय बदर हुने प्रतिवादी श्रवणकुमार झा र सुनीलकुमार झाको हकमा ५ वर्ष कैद गर्ने गरी भएको फैसला मनासिबै ठहर्ने । अर्का प्रतिवादी कृष्णकुमारका हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद गर्ने गरेको फैसला सदर हुने तथा प्रतिवादी सुधिर झा, रमन झाको हकमा शुरु अदालतबाट ६ महिना कैद गर्ने गरी भएको फैसला सदर हुने र अन्य प्रतिवादीहरू सूर्यदेव झा, लक्ष्मण झा, भागिरथ झा र आनन्दकुमार झाका हकमा निजहरूलाई सफाइ दिने ठहऱ्याई गरेको फैसला सदर हुने ठहराई भएको फैसलाउपर प्रतिवादी मध्येका सत्यन्द्र झाको पुनरावेदन पत्र, प्रसन्नकुमार झाको हकमा साधक जाँचका लागि तथा अन्य प्रतिवादी सुनीलकुमार झा समेत जना ४ को संयुक्त पुनरावेदन पत्र र सजायमा चित्त नबुझी एवं सफाइ पाएका प्रतिवादीहरूको हकमा वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको देखिन्छ ।

२. अब प्रतिवादी सत्येन्द्र झाका हकमा महोत्तरी जिल्ला अदालतबाट जन्मकैद हुने ठहरी फैसला भै अ.वं. १८८ नं. को राय लगाई १० वर्षको कैद हुने ठहराई भएको फैसलालाई पुनरावेदन अदालत, जनकपुरबाट व्यक्त रायका हकमा उल्टी गरी अभियोग

दावीबमोजिम जन्मकैद ठहराई गरेको फैसला मिले नमिलेको के रहेछ निर्णय दिनुपर्ने भै हेर्दा, मृतक कृष्णकुमार पासमान र निज सत्येन्द्र झाको छोरी सरोजकुमारीका बीचमा भएको प्रेम सम्बन्धका विषयमा सत्येन्द्र झा समेतलाई थाहा जानकारी भै जातीय ऊँचनीचको कारणबाट मृतकलाई मार्ने योजना बनाएको अवस्था मिसिलबाट देखिन्छ । आफ्नी छोरीको प्रेम सम्बन्ध मृतक कृष्णकुमार पासमानका बीचमा रहेको तथ्य सार्वजनिक भएपछि छोरीले तल्लो जातको व्यक्तिसँग गरेको प्रेम सम्बन्धलाई जरिया बनाई प्रतिवादी सत्येन्द्र झाले मृतक कृष्णकुमारलाई कुटपीट गरेको भन्ने तथ्य निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट देखिन्छ । निजले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा निजकी छोरी सरोजकुमारी र मृतकका बीचमा प्रेम सम्बन्ध रहेको थाहा पाई निजहरूलाई सम्झाउँदा समेत प्रेम सम्बन्ध नतोडी जारी राखेका कारण निजलाई मार्ने निष्कर्षमा पुगी अन्य प्रतिवादीहरूलाई बोलाएको र मिति २०५८।६।१८ गते राति अन्दाजी ९:३० बजेको समयमा मृतक कृष्णकुमार पासवान आफ्नो घरतर्फ आइरहेको देखी निजलाई समाती घरभित्र ल्याई मुख थुनी कुटपीट गरेको र निजको मृत्यु भएपछि फाली सबै प्रतिवादीहरू फरार भएको भनी बयान गरेको देखिन्छ । प्रेम सम्बन्धको विषय बनाई मृतक कृष्णकुमार पासवानलाई प्रतिवादी सत्येन्द्र झा समेतले कुटपीट गरी मारेको भनी एकिन किटानी जाहेरी दिएको देखिन्छ । सोही व्यहोरालाई समर्थन हुने गरी मृतककी दिदी हीरादेवी पासवानले मौकामा गरेको बयानमा आफू र आमा समेत भै भाइ कृष्णकुमार पासवानलाई खोज्न जाँदा यी पुनरावेदक सत्येन्द्र झाको घरमा प्रतिवादी सत्येन्द्र झा, प्रसन्न झा, सुनीलकुमार झा समेतका व्यक्तिहरूले हात खुट्टा र टाउको उचाली मृतकको लास बोकी लास फाल्न लगेकोमा सो कार्य आफूहरूले देखेपछि निज मृतकको लासलाई फालि गएको भनी उल्लेख गरी बयान गरेको देखिन्छ । ०५८।६।१८ गतेका दिन २:३० बजे यी पुनरावेदक सत्येन्द्र झाको घर बैठक पछाडि हल्ला भएको आफूले सुनेको भनी रामपृत यादव समेतको बयान कागजबाट देखिन्छ । Post Mortem Report मा भिसेरा जाँचका लागि पठाइएको नमूना परीक्षण नेगेटिभ पाइएको एवं मृत्युको कारणमा Shock resulted from sustained blunt injuries over head and left abdomen भनी स्पष्ट उल्लेख भएकोमा मृतकलाई कुटपीट गरेका कारण निजको मृत्यु भएको भन्ने समेत व्यहोरा उल्लेख भै यी पुनरावेदक प्रतिवादी सत्येन्द्र झा समेतले मृतकलाई कुटपीट गरेको कुरा सिद्ध हुन आउँछ । मृतक कृष्णकुमार पासवान दलित र प्रतिवादी सत्येन्द्र झाको छोरी सरोजकुमारीका बीचमा भएको जातीय विभेदको अन्तर्सम्बन्धका कारण उँच जातकी केटी र दलित जातको केटा भएको कारणबाट नै प्रतिवादीहरूले इज्जत जाने डरले मृतकको कर्तव्य गरी मृतकको मृत्यु भएकोमा विश्वास लाग्छ भनी वस्तुस्थिति मुचुल्कामा राजनारायण पासवान, सिताराम साह समेतका मानिसहरूले एकै मिलानको व्यहोरा उल्लेख गरेको देखिन्छ । मृतक र छोरीबीच भएको प्रेम सम्बन्ध नै मुख्य कारण बनेको र मृतक समेतलाई सम्झाउँदा पनि प्रेम सम्बन्ध जारी गरेका कारण अन्य प्रतिवादीहरू समेतको सहयोगमा मृतकलाई मार्ने मनसाय लिई योजना बनाई मृतकलाई कुटपीट गरी मारेको हो भनी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरेकोमा निजले घटनाका दिन आफू घटनामा संलग्न नभएको भनी अदालतमा दिएको बयानलाई आधार मान्न सकिने विश्वसनियता देखिएन ।

३. मृतक र आफ्नी छोरीबीच भएको प्रेम सम्बन्ध झाँगिदै गै अन्य रुप लिन सक्ने अवस्थालाई आंकलन गरी यी पुनरावेदक प्रतिवादी सत्येन्द्र झाले प्रेम सम्बन्धका सम्बन्धमा छोरी समेतलाई सम्झाउँदा समेत नमानेका कारण निज मृतक कृष्णकुमार पासवानलाई मार्ने योजना बनाई मार्ने मनसायले अन्य प्रतिवादीहरू समेत भेला गराई मिली निजका घरतर्फ आइरहेको मृतकलाई आफ्नो घरभित्र लगि कुटपीट गरेको अवस्थालाई अस्वाभाविक अवस्था मान्न सकिएन ।

४. मृतकलाई कुटपीट गरी मार्ने कार्यमा प्रत्यक्ष संलग्न रहेका यी प्रतिवादी सत्येन्द्र झाको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) को कसूरजन्य कार्य हुँदा निजले ऐ. को १३(३) नं. बमोजिम जन्मकैदको सजाय वहन

गर्नुपर्ने हुन्छ । जहाँसम्म शुरु जिल्ला अदालतबाट यी पुनरावेदक सत्येन्द्र झालाई अ.वं. १८८ नं. बमोजिम १० वर्षको राय लगाइएको उपर पुनरावेदन अदालत, जनकपुरबाट सो राय बदर गरी जन्मकैद नै हुने ठहरी भएको फैसलातर्फ हेर्दा, मृतकलाई मार्ने पूर्व योजना बनाई मार्ने मनसायले अन्य व्यक्तिहरू समेत भेला जम्मा पारी बाटामा हिडिरहेको मृतकलाई आफ्नो घरभित्र लगी कुटपीट गरी सोही कुटपीटका कारणबाट मृतकको मृत्यु भएको अवस्थालाई आवेशमा आई हत्या गरेको वा अन्य कुनै भावावेसमा आई भवितव्यको प्रकृति भएको भन्न मिल्ने अवस्था समेत देखिन्न । मार्ने मनसाय लिई स्पष्ट योजना बनाई सबै परिपञ्च मिलाई मृतकलाई कुटपीट गरी निजको मृत्युपश्चात् आपराधिक दायित्वबाट उन्मुक्ति पाउने मनसाय समेत राखी मृतकको लास समेत फाल्न हिडेको अवस्थामा मृतककी आमा तथा दिदीले देखेका कारण सोही स्थानमा नै लास फाली हिडेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । स्पष्ट नियत र योजनाका साथ आपराधिक क्रियाकलाप गरी सोको परिणाम समेत विचार गरी गरिने कुनै पनि आपराधिक कार्य भावावेस र भवितव्य मान्न सकिने हुँदैन । त्यसरी स्पष्ट, योजना मुताबिक र मनसायपूर्ण तरिकाबाट गरिने आपराधिक कार्यलाई उन्मुक्ति दिँदै जाने र कसूरको गाम्भीर्यतालाई निष्प्रयोजित तुल्याई दण्डको प्रभावकारीतालाई नजर अन्दाज गर्दै जाने हो भने कानूनको मनसाय पूरा हुन सक्दैन । अ.वं. १८८ नं. को प्रयोग उचित, खास र मनासिब अवस्थामा मात्र हुने हो । त्यसका लागि निर्णय गर्ने अधिकारी वा निकायले अत्यन्त चनाखो समेत हुन वाञ्छनीय हुन आउँछ । प्रस्तुत मुद्दामा त्यस्तो खास अवस्था वा परिस्थितिबाट यी पुनरावेदक प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिने वस्तुनिष्ठ आधार र कारण समेत देखिन्न । अ.वं. १८८ नं. को प्रावधान अन्तर्गत छूट दिनुपूर्व मुद्दाको प्रकृति, अभियुक्तको स्थिति र व्यवहार, जुन कसूरको अभियोग लगाइएको हो सो कसूर गरेबापत हुने सजाय पूरै मात्रामा तोक्दा कसूर गर्दाको परिस्थिति र कसूरदारको संलग्नताको प्रकृति हेर्दा न्याय र विवेकको आधारमा केही छूट दिनुपर्ने हो भन्ने लागेमा आकर्षित गर्ने विशेष व्यवस्था हो । प्रस्तुत मुद्दामा मृतक र प्रतिवादीको छोरी वहिनी बीचको प्रेम सम्बन्धलाई जातीयता, छुवाछुत, माथिल्लो वा तल्लो तहको वर्गीयता र सामाजिक प्रतिष्ठाको समेत सन्दर्भमा हेरिएको पाइन्छ । आफ्नो छोरीले विद्यमान सामाजिक संरचनाको सन्दर्भमा आफूभन्दा कमजोर वा तल्लो जातीय वा आर्थिक स्तरको व्यक्तिसँग प्रेम सम्बन्ध राखेको कारणबाट छोरीको प्रेमीले अपमानित र दण्डित भई मारिनु पर्नेसम्मको स्थिति पैदा गरिएको छ । प्रेम एउटा पवित्र र उदात्त मानवीय सम्बन्धको उत्कृष्ठ अभिव्यक्ति हो, यो लिङ्ग, जातजाति, वर्ग यहाँसम्मकी राष्ट्रियताको सीमाभन्दा माथि रहन्छ । यसको सम्मान गर्नु र प्रेमपूर्ण सम्बन्ध व्यवहार गर्नु वा गर्न दिनु मानवताको धर्म हो । प्रेम निन्दनीय वा दण्डनीय र घृणा वा वदलाको भाव सह्य र ग्राह्य कहिल्यै हुन सक्दैन । स्वत: स्फूर्त रुपमा विकसित प्रेम सम्बन्धलाई प्रेम गर्नेहरूको परिवारले सहयोग र सुविधा दिनुपर्नेमा त्यसको ठीक उल्टो आफ्नै प्रिय परिवारजन पक्ष रहेको प्रेम सम्बन्धलाई असफल बनाउन अर्का प्रेमीको हत्यासम्म गर्ने र निजको परिवारजन र समग्र समाजलाई अहित र कलंकित बनाउने कुरा पराकाष्ठाको निन्दनीय व्यवहार हो । हुनलाई जातीय उचनीचको आधारमा प्रेमको अर्को पक्षलाई समाप्त गरेर भए पनि आफ्नो सामाजिक उच्चता र प्रतिष्ठा जोगाउन पर्ने मनोबिज्ञान पालेका व्यक्ति, समुदायहरू समाजमा नभएका होइनन् । तर त्यस्तो मनोविज्ञानलाई शून्य सहनशीलताको साथमा निपट्न जरुरी छ । अन्यथा परम्परागत शोषणजन्य सामाजिक प्रणालीमा एक वर्ग, अकारण श्रेष्ठ, सम्मानीत र उच्च रहने र अर्को वर्ग जस्तोसुकै इमानदार व्यवसायीक श्रम सीप र प्रतिभाको अतिरिक्त अपमानित हुनुपर्ने सामाजिक भेदभावपूर्ण सम्बन्ध र व्यवस्थालाई निरन्तर गर्ने परोक्ष सहयोग पुगिरहन सक्दछ ।

५. समाजका हरेक सदस्यलाई सम्मानपूर्वक मानवोचित जीवन जिउने हक रहन्छ र जीवनको सम्पूर्ण सुख र स्वतन्त्रताको खोजी गर्ने हक रहन्छ भन्ने कुरा समाजका हरेक सदस्यले हृदयंगम नगर्ने हो भने समाज यसको सदस्यको लागि सहायक नभै

वाधक बन्दछ । समाज यसका सदस्यको लागि सुरक्षा कवच हुनुपर्दछ र व्यक्तिगत तथा सामाजिक विकासको लागि मानवीय सम्बन्ध र सद्भाव प्रवर्द्धन गर्ने कारक हुनुपर्छ अन्यथा मानव सभ्यताको इतिहासमा नै कालो धब्बाको रुपमा रहेको जातीय छुवाछुत जस्तो कुरालाई कुनै बहानामा सहन गरी त्यसको आवरणमा हुने ज्यान मार्ने जस्तो अपराधमा पनि हलुको दृष्टिकोण लिई सहन गर्ने प्रवृत्ति कायम राख्न मद्दत गर्ने हो भने व्यक्तिको जीवनको हक, समानताको हक, छुवाछुत विरुद्धको हक, स्वतन्त्रताको हक, शोषण विरुद्धको हक लगायतका अनेकौं अन्तरसम्बन्धित हकहरू उल्लंघन गर्ने आधारहरू टिकिरहन जान्छन्, जुन कुनै हालतमा पनि सह्य हुन सक्दैन । अरुको जीवन र आत्मसंयमको हकलाई तृण बराबर ठान्ने र त्यसलाई मासेर भए पनि आफ्नो वा आफ्नो परिवारको कृत्रिम उच्चता प्रदर्शित गर्ने सोच, संस्कार र व्यवहार कायम रहेसम्म समाजमा समानता र न्यायको उद्बोधन हुन नसक्ने हुनाले भेदभाव र असमानता रुपी विषम र विकृत परिस्थितिमा एक जना निहत्था र निर्दोष व्यक्तिलाई धेरै मानिस मिली षड्यन्त्रपूर्वक गरेको हत्यामा पनि हलुको दृष्टिकोणले सजाय कम गर्नु विवेकहीन हुने हुनाले शुरु महोत्तरी जिल्ला अदालतको अ.वं. १८८ बमोजिमको रायसँग असहमति जनाई पुनरावेदन अदालतले कानूनबमोजिम तोकेको सजाय मिलेकै देखिन आउँछ । अतः शुरु महोत्तरी जिल्ला अदालतबाट यी प्रतिवादीका हकमा लगाइएको अ.वं. १८८ नं. को रायका आधारमा १० वर्ष कैद तोकिएको फैसला वस्तुगत नदेखिँदा सोही फैसलामा लिइएको अ.वं. १८८ नं. को हदसम्मको राय उल्टी गरी प्रतिवादी पुनरावेदक सत्येन्द्र झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहराई भएको पुनरावेदन अदालत, आत्मसंयम जनकपुरको मिति २०६३।२।३।४ को फैसला कानूनसम्मत् नै देखिन आयो ।

६. अब अर्का प्रतिवादी प्रसन्नकुमार झाका हकमा साधकको रोहबाट पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेको छ छैन त्यसतर्फ विचार गर्दा, यी प्रतिवादी प्रसन्नकुमार झा समेतको संलग्नतामा मृतक कृष्णकुमार पासवानलाई कुटपीट गरी मारेको भनी निजउपर स्पष्ट रुपमा किटानी जाहेरी परेको देखिन्छ । प्रतिवादी सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा यी प्रतिवादी प्रसन्नकुमार झासहित संलग्न सबै प्रतिवादीहरू मिली कुटपीट गरी मारेको भनी उल्लेख गरेको देखिन्छ । सोही व्यहोरालाई समर्थन गर्ने गरी मृतककी दिदी हिरादेवीले गरिदिएको बयान कागजमा समेत प्रसन्न झा समेतका व्यक्तिले कसैले हात, कसैले खुट्टा र कसैले टाउको उचाली मृतकको लास फाल्न लागेको आफूले देखेको भनी खुलाई बयान दिएको देखिन्छ । निजले प्रसन्नकुमार झा वारदातमा आफ्नो संलग्नतालाई अस्विकार गरी आफू वारदातको दिन जनकपुरमै बसेको भनी Alibi को जिकीर लिएपनि अन्यत्र रहे भएको खास प्रमाण पेश गर्न सकेको देखिँदैन । घटनामा प्रत्यक्ष संलग्न रही अर्का प्रतिवादी सत्येन्द्र झा समेतको संलग्नतामा मृतकलाई कुटपीट गरी कर्तव्य गरी मारेकोमा प्रत्यक्ष संलग्नता रहेको मिसिल प्रमाणबाट देखिएकोमा यी प्रतिवादीको वारदातमा संलग्नता नै थिएन भनी निजले भन्दैमा सोही कथनलाई विश्वसनीय मान्न मिल्दैन । पुनरावेदक प्रतिवादी सत्येन्द्र झाका हकमा र यी प्रतिवादी प्रसन्नकुमार झाका हकमा समेत शुरु महोत्तरी जिल्ला अदालतबाट अ.वं. १८८ नं. बमोजिम १० वर्ष कैदको राय लगाएको देखिन्छ तर मुद्दाको मिसिल संलग्न प्रमाण एवं प्रतिवादी सत्येन्द्र झाका हकमा माथि विवेचित आधार प्रमाणबाट समेत यी प्रतिवादी प्रसन्नकुमार झाका हकमा समेत अ.वं. १८८ नं. को राय सान्दर्भिक हुने नदेखिँदा पुनरावेदन अदालत, जनकपुरबाट सोही रायलाई बदर गरी यी प्रतिवादी प्रसन्नकुमार झालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहराई भएको फैसला कानून तथा न्यायको रोहमा मिलेकै देखियो । निज प्रसन्नकुमार झाले पुनरावेदन अदालत, जनकपुरको फैसलाउपर चित्त नबुझी यस अदालतमा पुनरावेदन दायर गरेको र यस अदालतबाट उक्त ०६३-CR-००९० को मुद्दामा निज पुनरावेदक प्रसन्नकुमार झाले निजले लिएको दावी जिकीर पुऱ्याउन असमर्थ भएकोले पुनरावेदन फिर्ता पाऊँ भनी कारागार कार्यालय पर्सा वीरगञ्ज

मार्फत् निवेदन दिएको देखिँदा पुनरावेदन अदालत, जनकपुरले सजाय गर्ने गरेको निर्णय कायमै राखी अ.वं. ९२ नं. बमोजिम फिर्ता लिन यस अदालत संयुक्त इजलासबाट मिति २०६५।१०।५।१ मा आदेश भएको देखिँदा समेत निजका हकमा पुनरावेदन नै पिरूर्ता लिएकोले पुनरावेदनको रोहबाट केही बोल्न परेन । पुनरावेदन अदालत, जनकपुरबाट भएको सजायको निर्णय कायमै भै साधक सदर हुने ठहर्छ ।

७. अब अन्य प्रतिवादीहरू सुनीलकुमार झा, श्रवणकुमार झा, रमणकुमार झा, सुधिर झाका हकमा भएको फैसला मिले नमिलेको के रहेछ निर्णय दिनुपर्ने भै हेर्दा, प्रतिवादीमध्येका श्रवणकुमार झा र सुनीलकुमार झालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) बमोजिम ५, ५ वर्ष र प्रतिवादी रमणकुमार झा र सुधिरकुमार झालाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ६ महिना कैद सजाय हुने गरी शुरु महोत्तरी जिल्ला अदालतबाट फैसला भएको र सोही फैसलालाई पुनरावेदन अदालत, जनकपुरबाट सदर गरेको देखिन्छ । श्रवणकुमार झा र सुनीलकुमार झाले आपू वारदातमा संलग्न नभएको भनी अदालतसमक्षको बयानमा उल्लेख गरेपनि आफू अन्यत्र रहेको जिकीर पेश गर्न सकेको देखिन्न । वारदातस्थलमा निजहरूको समेत उपस्थिति रहेको भनी हिरादेवी पासवान समेतको बयान कागजबाट देखिन्छ । सो उपस्थितिलाई अन्यथा होइन भनी यी प्रतिवादीहरूले भन्न सकेको देखिन्न । अदालतबाट बुझिएका खुसलाल पासवान, गंगा पासवानको एकै मिलानको कागजमा श्रवणकुमार झा, सुनीलकुमार झा समेतले लास बोकी फालिरहेको अवस्थामा आफूले देखेको भनी उल्लेख गरिदिएको देखिन्छ । प्रतिवादी सुनीलकुमारको गम्छा घटनास्थलमा भेटिएको र सो गम्छा प्रतिवादी निस्सुनीलकुमार झाले सनाखत गरेको अवस्था विद्यमान हुँदा समेत निजको वारदातस्थलमा संलग्नता भएको पुष्टि भएको देखिँदा निजले आफू अन्यत्र भएको कुराको जिकीर लिँदैमा पर्याप्त नहुने एवं लास बोकी हिडेको भन्ने सत्येन्द्र झाको समेतको पोल बयानबाट देखिँदा वारदातमा निजको संलग्नता रहेको देखियो । त्यस्तै अर्का प्रतिवादी श्रवणकुमार झा समेतको घटनास्थलमा उपस्थिति रहेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा मृतकको कर्तव्य गरी मार्नमा निजहरूले संयोग पारिदिएको अवस्था देखिएको आधार लिई निजहरूलाई ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार ५ वर्ष कैद गरेको र सोही फैसलालाई पुनरावेदन अदालत, जनकपुरबाट सदर भएको देखिन्छ ।

८. पुनरावेदक मध्येका श्रवणकुमार झा र सुनीलकुमार झाका हकमा कसूरमा संलग्न भएको कुरामा आफू सावित भै कृष्णकुमारले गरेको पोल समेतका आधारमा निजहरूलाई कसूर कायम गरेको देखिन्छ । कृष्णकुमार झाका हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गरेको देखिएको र समान स्तरका समान कसूरमा सजाय पाएका अर्का प्रतिवादी कृष्णकुमार झालाई शुरु महोत्तरी जिल्ला अदालतबाट २ वर्ष कैद हुने ठहरी फैसला भएको र निजले फैसलाले ठहरे बमोजिमको सजाय भुक्तान गरी पुनरावेदन नगरी बसेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । मृतकको मृत्यु हुँदा कर्तव्य गरी मारिदिन संयोग पारिदिने यी प्रतिवादीहरू कृष्णकुमार झा, श्रवण झा एवं सुनीलकुमार झाका हकमा ज्यानसम्बन्धी १७(२) बमोजिम २ वर्षका दरले कैद सजाय हुनुपर्नेमा प्रतिवादी कृष्णकुमार झालाई २ वर्ष कैद तथा यी पुनरावेदक प्रतिवादी सुनीलकुमार झा र श्रवणकुमार झालाई ५ वर्ष कैद हुने ठहराई भएको फैसला कानूनसम्मत् नदेखिँदा यी प्रतिवादी सुनीलकुमार झा र श्रवणकुमार झाका हकमा पुनरावेदन अदालत, जनकपुरको फैसला नमिली उल्टी भै निजहरूलाई ज्यानसम्बन्धी महलको १७(२) बमोजिम २ वर्ष कैद हुने ठहर्छ ।

९. अन्य प्रतिवादी सुधिर झा र रमणकुमार झाका हकमा विचार गर्दा निजहरूले अदालतको बयानमा आफू अन्यत्र भएको जिकीर गरेपनि मुख्य अभियुक्त सत्येन्द्र झाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट समेत यी प्रतिवादीहरूको वारदातस्थलमा संलग्नता रहेको पुष्टि हुन आएको देखिँदा निजहरूको हकमा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला कानूनसम्मत् हुँदा सदर हुने ठहर्छ ।

१०. अब अन्य प्रतिवादीहरू सूर्यदेव झा, आनन्दकुमार झा, लक्ष्मण झा र भागीरथ झालाई अभियोग दावीबाट सफाइ दिएउपर एवं अन्य प्रतिवादी सुनीलकुमार झा, कृष्णकुमार झा, श्रवणकुमार झा र रमनकुमार झाका हकमा कम सजाय भएउपर नेपाल सरकारको पुनरावेदन जिकीर देखिन्छ। प्रतिवादीहरू सुनीलकुमार झा, कृष्णकुमार झा, श्रवणकुमार झा र रमनकुमार झाका हकमा माथि उल्लिखित खण्डमा विवेचना भएबाट थप उल्लेख गरिरहन परेन। अन्य प्रतिवादीहरू सूर्यदेव झा, लक्ष्मण झा, आनन्दकुमार झा र भागीरथ झालाई सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको छ छैन त्यसतर्फ हेर्दा, यी प्रतिवादीहरू मृतक कृष्णकुमार पासवानको कर्तव्य गरी मार्न वारदातमा उपस्थित भएको, मार्नमा परिपञ्च गरी संयोग पारीदिएको वा वारदातस्थलमा रहेको भन्ने तथ्ययुक्त आधार प्रमाण वादी पक्षबाट पेश हुन सकेको देखिँदैन। यी प्रतिवादीहरू स्पष्ट रुपमा मृतक कृष्णकुमार पासवानलाई कुटपीट गरी मार्ने, मराउने वा मार्नमा संयोग पारी दिई परिपञ्च मिलाईदिने वा वारदात स्थलमा रहे भएको भन्ने स्पष्ट प्रमाणको अभावमा फौजदारी अपराधको कसूरमा सजाय गर्न मिल्ने नदेखिँदा निज प्रतिवादी सूर्यदेव झा, लक्ष्मण झा, आनन्दकुमार झा र भागीरथ झालाई अभियोग दावीबाट सफाइ दिने ठहराई भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जनकपुरको फैसलामा कुनै कानूनी त्रुटि देखिएन। निजहरूका हकमा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

११. अतः माथि विवेचित आधार प्रमाणबाट समेत पुनरावेदक प्रतिवादी सत्यन्द्र झाका हकमा अ.वं. १८८ नं. को राय लगाइ भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसला रायका हकमा उल्टी गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुन्छ। अर्का प्रतिवादी प्रसन्नकुमार झाको हकमा पुनरावेदन नै फिर्ता लिएको मिसिलबाट देखिएकोले केही बोल्न परेन, निजका हकमा पुनरावेदन अदालत, जनकपुरबाट भएको इन्साफ मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। प्रतिवादीहरू श्रवण झा र सुनीलकुमार झाका हकमा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला नमिली केही उल्टी भै निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम २ वर्ष कैद हुन्छ। प्रतिवादी रमणकुमार झा र सुधिरकुमार झाका हकमा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला सदर हुन्छ। सफाइ पाउने प्रतिवादीहरू सूर्यदेव झा, आनन्द झा, भगिरथ झा र लक्ष्मण झालाई अभियोग दावीबाट सफाइ दिने गरी भएको शुरु महोत्तरी जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला सदर हुन्छ। पुनरावेदक प्रतिवादी सत्यन्द्र झा तथा वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसीलबमोजिम गर्नु।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादी मध्येका श्रवणकुमार झा र सुनीलकुमार झा का हकमा पुनरावेदन अदालत, जनकपुरको फैसला उल्टी भै निजहरूलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही २ वर्षका दरले कैद हुने ठहरी फैसला भएकोले शुरु महोत्तरी जिल्ला अदालतले निजहरूका हकमा राखेको लगत कायम रहन नसक्ने हुँदा उक्त लगत कट्टा गरी निज श्रवणकुमार झा र सुनीलकुमार झाका हकमा जनही २ वर्ष कैदको लगत कायम राखी असूल गर्नु र निजहरूलाई लागेको कैद असूल भएपछि निजहरूले पुनरावेदन अदालत, जनकपुरमा पुनरावेदन गर्दा राखेको जेथा अन्य मुद्दा वा कारणबाट रोक्का राख्न नपर्ने भए प्रस्तुत मुद्दाको हकबाट मात्र फुकुवा गरी दिनु भनी शुरु महोत्तरी जिल्ला अदालतमा लेखी पठाइदिनू --------१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू --२

उक्त रायमा म सहमत छु।

न्या.प्रेम शर्मा

इति संवत् २०६८ साल असार २७ गते रोज २ शुभम्

इजलास अधिकृत : विष्णुप्रसाद गौतम

## निर्णय नं. ८६८६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
संवत् ०६३ सालको-CI-०१०२
फैसला मितिः २०६८।४।१५
मुद्दाः– ट्रेडमार्क ।

पुनरावेदक वादीः चितवन जिल्ला, जुटपानी गा.वि.स. वडा नं. २ घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ कालिकास्थान बस्ने मदनप्रसाद लम्साल

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ कमलादी स्थित रेप्सोना पब्लिकेशन्स प्रा.लि.

शुरु निर्णय गर्नेः कम्पनी बोर्ड, त्रिपुरेश्वर
पुनरावेदन फैसला गर्नेः–
मा.न्या.श्री कृष्णप्रसाद श्रेष्ठ
मा.न्या.श्री गोविन्दकुमार उपाध्याय

- **नेपालको कानूनले दर्ता भएको ट्रेडमार्कको मात्र सुरक्षा गर्दछ । तर, उद्योग विभागमा दर्ता नभएको ट्रेडमार्क जतिसुकै लामो अवधिसम्म प्रयोग गरेको भए तापनि केवल प्रयोगको आधारमा मात्र यसको सर्जक वा प्रयोगकर्ताले यस्तो अदर्ता ट्रेडमार्क प्रयोग गर्ने एकाधिकारको हक प्राप्त गर्न नसक्ने ।**

(प्रकरण नं.३)

- **कुनै ट्रेडमार्कको प्रयोग गरेको आधारमा मात्र यसको धनी वा प्रयोगकर्ता फर्म, कम्पनी वा व्यक्तिलाई सो ट्रेडमार्कउपर एकाधिकार प्राप्त नहुने हुँदा एउटै ट्रेडमार्क दुईवटा फर्म व्यक्ति वा कम्पनीले प्रयोग गरेमा वा प्रयोगको दावी गरेमा दुईमध्ये जसको नाममा ट्रेडमार्क दर्ता भएको छ सोही व्यक्तिले मात्र विवादित ट्रेडमार्कको वास्तविक धनीको रुपमा मान्यता पाउने, यसको प्रयोगमा एकाधिकार प्राप्त गर्ने र केवल प्रयोगको आधारमा मात्र सो ट्रेडमार्कउपर दावी गर्नेको कानूनी हक नहुने र यसरी कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क निजको मञ्जूरीवेगर अन्य व्यक्ति, फर्म वा कम्पनीले प्रयोग गर्न पाउने हक नहुने ।**

(प्रकरण नं.६)

पुनरावेदक वादी तर्फबाटः विद्वान अधिवक्ता श्री महेश थापा
प्रत्यर्थी प्रतिवादी तर्फबाटः
सम्बद्ध कानूनः

- पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा २(ग), १६(२), १८(१), (३), १९, २१(ग) २३
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७(४) तथा ४०

फैसला

**न्या.भरतराज उप्रेतीः** पुनरावेदन अदालत, पाटनबाट मिति २०६१।१०।४ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतमा पुनरावेदन पत्र दायर भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः–

म मदनप्रसाद लम्सालले पत्रपत्रिका प्रकाशन गर्नको लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट अनुमति पाएको र सोहीबमोजिम न्यू विजनेश एज नामक अंग्रेजी मासिक पत्रिका प्रकाशन गर्दै आएको छु । न्यू विजनेश एज पत्रिका प्रकाशन गर्ने सन्दर्भमा BUSINESS AGE भन्ने संयुक्त शब्द र लेवलको समष्टिगत रुपलाई ट्रेडमार्कको रुपमा आफ्नो मात्र एकाधिकार रहने गरी प्रयोग गर्न पाउने गरी मिति २०५७।११।२४ मा दर्ता गराएको छु । मेरो नाममा दर्ता रहेको न्यू विजनेश एज पत्रिकाको ट्रेडमार्कको रुपमा दर्ता भै कायम भएको तथा दर्तावालाको मात्र एकाधिकार रहने BUSINESS AGE भन्ने संयुक्त शब्द र लेवलको समष्टिगत रुपको नाम राखी उजूरीकर्ताको प्रकाशन जस्तै देखिने गरी सर्वसाधारण जनता ग्राहकहरूलाई झुक्याउने गरी रेप्सोना पब्लिकेशन प्रा.लि.का सञ्चालक हरिकुमार राई (पत्रिकामा हरि

राई सम्पादक) ले लेखिएकोले आफू सम्पादक तथा प्रकाशक भै पत्रिका प्रकाशन गरेकोले यो उजूरी गर्न आएको छु। अतः पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६(२) को उल्लंघन गरेकोले सोही ऐनको दफा १९ बमोजिम विपक्षी हरिकुमार राई तथा गैरकानूनी कार्यमा संलग्न सम्पादकीय र बजार व्यवस्थापनसँग संलग्न अन्य सबैलाई हदैसम्म सजाय गरी गैरकानूनी पत्रिका BUSINESS AGE जफत गरिपाऊँ भन्ने समेत व्यहोराको मदनप्रसाद लम्सालले उद्योग विभाग त्रिपुरेश्वरमा दिएको उजूरी पत्र।

म निवेदक र मदनप्रसाद लम्सालले संयुक्त रुपमा कम्पनी ऐन, २०५३ अन्तर्गत शेयरमा सीमित दायित्व हुने गरी मिति २०५५।१।२२ गते प्रा.लि.द.नं. ८४३५।०५४।०५५ मा यस रेप्सोना पब्लिकेशन प्रा.लि.नामक कम्पनी दर्ता गरेका र कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा म निवेदकले ९०० कित्ता शेयर र मदनप्रसादले १०० कित्ता शेयर लिन कबुल गरी सो बमोजिमको शेयर बाँडफाड र चुक्ता गरेका थियौं। कम्पनीको मिति २०५५।२।२४ मा बसेको सञ्चालक समितिको बैठकबाट कम्पनीको घोषित उद्देश्यअनुरूप BUSINESS AGE नामक अंग्रेजी मासिक पत्रिका प्रकाशन गर्ने र सो पत्रिकाको सम्बन्धित निकायमा दर्ता इत्यादि सम्पूर्ण कार्य गर्ने गरी सञ्चालक मदनप्रसाद लम्साललाई अख्तियारी दिने निर्णय सर्वसम्मतिबाट भएको थियो। साथै सोही बैठकबाट निज मदनप्रसाद लम्साललाई विजनेश एजको सम्पादक पदमा नियुक्ति गरिएको थियो। सोही निर्णयअनुसार मिति २०५६।४।५ मा उक्त पत्रिकाको सम्पादकमा मदनप्रसाद लम्साल रहने गरी स्थानीय अधिकारीको कार्यालयबाट स्थायी प्रमाण पत्र पाएका थियौं। तर अस्थायी प्रमाण पत्र पाई २०५५ असोज, कार्तिक देखि सो पत्रिकाको प्रकाशन शुरु भएको थियो। मिति २०५५।२।२४ को सञ्चालक समितिको निर्णयअनुसार कम्पनीले विजनेश एज नामक पत्रिकाको ट्रेडमार्क उद्योग विभागमा दर्ता गराउन समेत निर्देशन दिएको थियो। विजनेश एज पत्रिकाको सम्पादक र रेप्सोना पब्लिकेशन्स प्रा.लि.को सञ्चालक जस्तो जिम्मेवारी पदमा रहेको बेला कम्पनीको हित विपरीत कम्पनीको ट्रेडमार्क दर्ता गर्ने अख्तियारी र जिम्मेवार लिएको निजले आफ्नो नाममा दर्ता गरी अहिले आएर कम्पनी विरुद्ध उजूरी दिनु अनैतिक र गैरकानूनी भएकोले निजको माग दावी खारेज गरिपाऊँ साथै २०५५ सालदेखि विजनेश एज पत्रिकाको सम्पादकमा रहि कार्य गर्दै आउने व्यक्ति कर्मचारीले कम्पनीको उपार्जनलाई आफ्नो निजी उपार्जन मान्नु अनैतिक कुरा हो। २०५५ सालदेखि नियमित प्रकाशन हुँदै आएको नाममै मिति २०५७।११।२४ मा ट्रेडमार्कमा दर्ता गर्नेले आफ्नो उपार्जन रेप्सोनाको निमित्त प्रकाशित गर्दै आएको भन्नु सरासर अनुपयुक्त कुरा हो। यस रेप्सोना पब्लिकेशन प्रा.लि.ले विजनेश एज शब्द र लेवलसहितको समष्टि रुपलाई कम्पनीको नाउँमा दर्ता गर्न निजलाई जिम्मेवारी तोकेकोमा उल्टै कम्पनीलाई नोक्सानी पुऱ्याउने कार्य गरेबाट निजले कम्पनीलाई उल्टै हर्जाना बुझाउनु पर्छ भन्ने समेत व्यहोराको रेप्सोना पब्लिकेशन्स प्रा.लि.का अध्यक्ष हरिकुमार राईको प्रतिक्रिया।

त्यस उद्योग विभागद्वारा मिति २०५८।४।१७ मा प्रतिक्रिया पेश गर्ने विषयमा रेप्सोना पब्लिकेशन्स प्रा.लि.लाई पठाएकोमा पत्रबाट न्यू विजनेश एजका सम्पादक मदनप्रसाद लम्सालले यस प्रकाशनको नाममा त्यस विभागमा BUSTNESS AGE (संयुक्त शब्द र लेवलसहित) को ट्रेडमार्क दर्ता गराएको र यस कम्पनीलाई पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम कारवाही गरी पाउन उजूरी दिएकोबाट यस रेप्सोना पब्लिकेशन्सद्वारा प्रकाशित हुने विजनेश एज को ट्रेडमार्क निज मदनप्रसादले निजको नाममा दर्ता गराएको कुरा थाहा पाई म्यादभित्रै उजूरी गर्न आएको छु। म उजूरीकर्ता र मदनप्रसाद लम्सालले संयुक्त रुपमा सीमित दायित्व हुने गरी मिति २०५५।१।२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनी नं. ८४३५।०५४।०५५ मा रेप्सोना पब्लिकेशन्स प्रा.लि.दर्ता गरी कम्पनी सञ्चालन गरी आएका थियौं। यस पब्लिकेशन्सको मिति २०५५।२।२४ को सञ्चालक समितिको बैठकबाट कम्पनीको घोषित उद्देश्यअनुसार पहिलो प्रकाशनको रुपमा एउटा अंग्रेजी मासिक विजनेश एज नामक पत्रिका प्रकाशन गर्ने निर्णय भएको थियो सो पत्रिकाको दर्ता आदि प्रक्रिया गर्न मदनप्रसाद लम्साललाई अख्तियारी दिने निर्णय पनि

भएको हो र सो पत्रिकाको सम्पादकमा निजलाई नियुक्ति गरिएको थियो । सोहीबमोजिम रेप्सोना पब्लिकेशन्स प्रा.लि.को तर्फबाट निजद्वारा सो पत्रिकालाई स्थानीय अधिकारीसमक्ष दर्ता गर्ने कार्य भएको थियो । उक्त पत्रिका २०५५ असोज, कार्तिक (सेप्टेम्बर–अक्टुवर १९९८) देखि प्रकाशन भै अहिलेसम्म नियमित रुपमा प्रकाशित हुँदै आएको छ । निजनेश एज पत्रिकाको जनविश्वास एवं पत्रिकाद्वारा आर्जित ख्यातिमा चोट पुऱ्याउने नियतले बद्नियत पूर्ण ढंगबाट निज मदनप्रसाद लम्सालद्वारा आफै प्रकाशित सम्पादित भनी BUSINESS AGE नै नाम राखी VOl.1.NO.1 (वैशाख २०५८) MAY 2001 अङ्क बजारमा आएको देखी कम्पनीले स्थानीय अधिकारी र प्रेस रजिष्ट्रारसमक्ष उजूरी दिँदा न्यू विजनेश एज पत्रिकालाई अनुमति दिएको तर विजनेश एजसँग हुवहु मिल्ने गरी पत्रिका आएकोले यसरी कम्पनीलाई ढाँटी गुमराहमा राखी नयाँ पत्रिका दर्ता गराउनुबाट निज मदनप्रसाद लम्सालको सो कार्यमा बद्नियत भएको छ । आफ्नो व्यक्तिगत स्वार्थका लागि आफ्नो नाउँमा दर्ता गराएको स्वयं सञ्चालक र कम्पनीको प्रकाशन विजनेश एजको सम्पादकमा कार्यरत् रहेकै अवस्थामा मिति २०५७।११।२४ मा आफ्नो एकाधिकार रहने गरी दर्ता गराउनु भएको छ जवकि BUSINESS AGE को सम्पादकबाट मिति २०५८।१।१ बाट लागू हुने गरी राजीनामा दिएकोबाट निज मदनप्रसाद लम्सालद्वारा न्यू विजनेश एजको नाउँमा दर्ता गरिएको BUSINESS AGE (संयुक्त शब्दसहितको लेवल) ट्रेडमार्क बदरभागी छ । तसर्थ विभागद्वारा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ (१) को प्रतिवन्धात्मक वाक्यांशको अवस्थाको आधारमा ऐ.दफा १८(३) बमोजिम सो ट्रेडमार्कको दर्ता बदर गरिपाऊँ भन्ने समेत व्यहोराको हरिकुमार राईको उजूरी ।

निज उजूरीकर्ता वा रेप्सोना पब्लिकेशन्स प्रा.लि.को नाममा BUSINESS AGE भन्ने कुनै ट्रेडमार्क नै दर्ता नभएको र पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐनले दर्ता नभएको ट्रेडमार्कलाई मान्यता नदिने भएकाले निजको ट्रेडमार्कको ख्यातिमा धक्का पुगेको भन्ने कथन नै झूठा र कानून विरुद्धको छ । BUSINESS AGE ट्रेडमार्क मेरो आफ्नो ट्रेडमार्क भएकोले म रेप्सोना पब्लिकेशन्स प्रा.लि.मा सम्पादकको हैसियतमा कार्यरत् भएसम्म रेप्सोना पब्लिकेशन्सले प्रकाशन गर्ने पत्रिकाको लागी प्रयोग गरेको मात्र हो । मेरो नाममा भएको अन्य कसैले दर्ता नगरेको ट्रेडमार्क कानूनले दिएको सुविधा तथा अधिकार बमोजिम मैले आफूले प्रकाशन गर्ने पत्रिकाको लागी प्रयोग गर्न पाउने नै भएकोले यसबाट रेप्सोना पब्लिकेशन्स प्रा.लि.को प्रतिष्ठामा धक्का पुऱ्याएको भन्न मिल्दैन । न्यू विजनेश एजको नाममा दर्ता रहेको BUSINESS AGE ट्रेडमार्क बदर गर्नुपर्ने कानूनी अवस्था नभएकोले दर्ता बदर नभै यथास्थितिमा कायम राखिनु पर्ने भन्ने समेत व्यहोराको मदनप्रसाद लम्सालको प्रतिक्रिया ।

दुबै पक्षले जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिएर नै विजनेश एज तथा न्यू विजनेश एज नामबाट पत्रिका सञ्चालन गरी रहेको हुँदा निवेदक पक्षको जिकीरमा विपक्षीलाई निवेदकको नाममा ट्रेडमार्क दर्ता रहेको आधारमा मात्र विजनेश एज पत्रिका चलाउन रोक लगाउनु मनासिब नभएकोले र ट्रेडमार्क ऐनअनुसार पनि (ट्रेडमार्कको परिभाषा) न्यू विजनेश एज तथा विजनेश एज दुवैको प्रस्तुती सर्वसाधारण नझुक्किने गरी दुवै पक्षले प्रयोगमा ल्याएको डिजाइन भन्दा फरक हुने गरी आ–आफ्नो पत्रिका प्रकाशन गर्ने आदेश दिने भन्ने व्यहोराको मिति २०६०।१०।९ को टिप्पणी सदर गरेको उद्योग विभागको आदेश ।

उद्योग विभागबाट निर्णय हुँदा डिजाइन तथा ट्रेडमार्क तथा ट्रेडमार्क फरक हुने भन्ने कुरालाई ख्याल गरिएको छैन भने निवेदन दावीमा विपक्षीले बद्नियतपूर्ण तरिकाबाट दर्ता गराएको ट्रेडमार्क बदर गर्न माग दावी छ । विपक्षीको निवेदनमा पनि डिजाइन परिवर्तन गर्ने माग दावी छैन जसबाट उद्योग विभागको निर्णय माग दावीविपरीत भएकोले उक्त त्रुटिपूर्ण निर्णय बदर गरी मेरो माग दावीबमोजिम विपक्षीले दर्ता गरेको ट्रेडमार्क बदर गरी विपक्षीलाई सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको रेप्सोना पब्लिकेशन्स प्रा.लि.का अध्यक्ष हरिकुमार राईको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

उद्योग विभागले पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को विरुद्ध हुने गरी पुनरावेदकको नाम

दर्ता रही पुनरावेदकको एकलौटी हक भोगको ट्रेडमार्कलाई डिजाइन परिवर्तन गरी प्रयोग गर्नु भन्ने आदेश ऐनविपरीत छ । साथै सोही ऐनको दफा १६(२) बमोजिम गरी पत्रिका प्रकाशन गरेकोले उद्योग विभागको मिति २०६०।१०।९ को निर्णय र सोको आधारमा मिति २०६०।१०।२६ मा दिएको आदेश उल्टी गरी पुनरावेदकको एकलौटी हक भोग स्वामित्वको ट्रेडमार्क प्रयोग गरी विजनेश एज पत्रिका प्रकाशित गरेको ठहर फैसला गरी सजाय समेत गरिपाऊँ भन्ने समेत व्यहोराको न्यू विजनेश एज अंग्रेजी मासिक पत्रिकाको सम्पादक मदनप्रसाद लम्सालको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ अन्तर्गतको विषयमा समेत अधिकारक्षेत्र ग्रहण गरी दुवै पक्षले हाल प्रयोगमा ल्याएको डिजाइनभन्दा फरक हुने गरी आ–आफ्नो पत्रिका प्रकाशन गर्ने तथा विभागीय आदेशको अवज्ञा भएमा ऐनको दफा १९ बमोजिम कारवाही गरिने भनी उद्योग विभागले मिति २०६०।१०।९ मा सदर गरेको टिप्पणी आदेश सो हदसम्म कानूनसम्मत् देखिन नआएकोले सो आदेश सो हदसम्म बदर हुने ठहर्छ । पुनरावेदक मदनप्रसाद लम्सालको ट्रेडमार्क समेत बदर गरिपाऊँ भनी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले तथा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १९ बमोजिम सजाय गरी क्षतिपूर्ति समेत भराई पाऊँ भनी पुनरावेदक मदनप्रसाद लम्सालले गरेको पुनरावेदन जिकीर पुग्न सक्तैन भन्ने समेतको पुनरावेदन अदालत, पाटनबाट मिति २०६१।१०।४ मा भएको फैसला ।

प्रस्तुत विवादमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ मा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ कुन विशेष प्रभावी हो भन्ने विवादको विषय नै होइन । साविकमा प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.को नामबाट म पुनरावेदक मदनप्रसाद लम्सालले सम्पादन तथा प्रकाशन गरेको BUSINESS Age पत्रिका र म मदनप्रसाद लम्सालले प्रकाशन तथा सम्पादन गरेको New Business Age पत्रिकामध्ये कुन पहिले नै दर्ता भएको हो अर्थात जिल्ला प्रशासन कार्यालयबाट कुन पत्रिका सम्बन्धमा पहिले प्रमाणपत्र पाएको हो भन्ने विवादको विषय होइन । प्रत्यर्थीसँगको विवाद छापाखाना र प्रकाशन सम्बन्धी ऐनअन्तर्गत BUSINESS AGE पत्रिकाको दर्ता कायम रहेको बेला सोही ऐन अन्तर्गत अर्को पत्रिका New Business Age दर्ता गर्न मिल्छ मिल्दैन भन्ने होइन । मैले पत्रिका दर्ता गरी सञ्चालन गरेको विषयमा उद्योग विभागमा कुनै उजूर दावी छैन र पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐनबमोजिम उजूर लाग्न सक्दैन । छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ बमोजिम कुनै पत्रपत्रिका कुनै कम्पनीको नाममा दर्ता हुँदैमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम अर्को व्यक्तिको नाममा ट्रेडमार्कको रुपमा दर्ता नहुने भन्ने होइन । छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ ले ट्रेडमार्कको दर्ता तथा प्रयोग सम्बन्धमा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ लाई प्रयोजनहीन बनाउँछ भनी गरिएको व्याख्या त्रुटिपूर्ण छ । पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन २०२२ को दफा १६(१) मा कसैले आफ्नो बन्द व्यापार वा कारोवारको ट्रेडमार्क विभागमा दर्ता गराएर सो ट्रेडमार्कउपर हक प्राप्त गर्नसक्ने स्पष्ट व्यवस्था गरेको हुँदा Business Age ट्रेडमार्कमा मेरो मात्र हक लाग्छ । प्रत्यर्थीले सो ट्रेडमार्क दर्ता नै नगराएको हुँदा ऐनबमोजिमको हक प्राप्त गर्न सक्ने हुँदैन । मेरो नाममा दर्ता भएको Business Age ट्रेडमार्क प्रयोग गर्न मैले प्रत्यर्थीलाई कुनै लिखित मञ्जूरी नदिएको अवस्थामा निजले आफ्नो उपयोगमा ल्याउन सक्ने अवस्था छैन । पेटेन्ट डिजाइन र ट्रेडमार्क अन्तर्गत परेको विवादमा सोही ऐनमा भएको व्यवस्थाको आधारमा फैसला गर्नुपर्नेमा पुनरावेदन अदालत, पाटनबाट छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ का दफाहरूका आधारमा फैसला भएको छ । Business Age पत्रिकाको दर्ता र ट्रेडमार्क दर्ताको प्रक्रिया र कानूनी हैसियत फरक हो । प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.मा आफू पनि शेयरवाला भै मेरो आफ्नो सिर्जना Business Age लाई आफै सम्पादक भै प्रकाशनमा ल्याएको हुँदा रेप्सोना प्रा.लि. छाडिसकेपछि मेरो बौद्धिक सिर्जनालाई सँगसगै लिई जान पाउने कानूनी अधिकार मेरो हो । कम्पनी ऐन, २०५३ अनुसार ५१ प्रतिशत सञ्चालकको उपस्थिति नभै सञ्चालक समितिको बैठक नै गर्न नसकिने र सञ्चालक समितिको निर्णय विना कसै उपर कम्पनीको तर्फबाट मुद्दा गर्न नसकिने अवस्थामा

५० प्रतिशत अर्थात् १ जना मात्र सञ्चालक उपस्थित भई अर्को सञ्चालकको विरुद्धमा गरेको उजूरी अधिकारक्षेत्रविहीन छ । उनाउ व्यक्ति लक्ष्मी नारायण सिँह सुवाललाई प्रबन्ध सञ्चालक देखाई निजलाई समेत राखी गरेको सञ्चालक समितिको मिति २०५८।५।१० को बैठक र बैठकले दिएको अख्तियारी कानूनविपरीत छ । अतः Business Age ट्रेडमार्क आफ्नो नाममा दर्ता भएको मेरो एकलौटी हक लाग्ने बैद्धिक सम्पत्ति भएको र मैले प्रत्यर्थीहरूलाई सो सम्पत्ति प्रयोग गर्न कुनै लिखित मञ्जूरी नदिएको हुँदा मेरो पुनरावेदन जिकीर पुग्न नसक्ने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६१।१०।४ मा भएको फैसला त्रुटिपूर्ण छ बदर गरी प्रत्यर्थीहरूलाई हदैसम्मको सजाय गरी पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा २५ बमोजिम निजहरूबाट बिक्री भएको पत्रिका प्रति गोटा ५० का दरले हुने हर्जाना समेत भराई पाऊँ भन्ने समेतको वादीको यस अदालतसमक्ष परेको पुनरावेदन जिकीर ।

यसै लगाउको यिनै पुनरावेदक तथा प्रत्यर्थीबीचको पुनरावेदन नं. ०१०१ को मुद्दामा आज यसै इजलासबाट प्रत्यर्थी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी भएकोले यस मुद्दामा पनि मुलुकी ऐन अ.वं. २०२ नं. अनुसार प्रत्यर्थी झिकाई आएपछि नियमानुसार गरी पेश गर्नु भन्ने समेतको यस अदालतबाट मिति २०६७।२।१६।१ मा भएको आदेश ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री महेश थापाले प्रस्तुत विवादमा छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ आकर्षित हुन नसक्नेमा सोही ऐन आकर्षित गरी गरिएको पुनरावेदन अदालत, पाटनको फैसला बदरभागी हुँदा बदर गरिपाऊँ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीको बहस समेत सुनी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिले नमिलेको के रहेछ निर्णय दिनुपर्ने भै हेर्दा, मेरो नाउँमा दर्ता रहेको New Business Age नामक पत्रिकाको ट्रेडमार्कको रुपमा दर्ता भै कायम भएको तथा दर्तावालाको मात्र एकाधिकार रहने Business Age भन्ने संयुक्त शब्द र लेवलको समष्टिगत रुपको नाम राखी उजूरीकर्ताको प्रकाशन जस्तै देखिने गरी सर्वसाधारण जनता र ग्राहकलाई झुक्याउने गरी रेप्सोना पब्लिकेशन प्रा.लि.का सञ्चालक हरिकुमार राई लेखिएकोले आफू सम्पादक तथा प्रकाशन भै पत्रिका प्रकाशन गरेकोमा निज हरिकुमार राईले उक्त उल्लिखित कार्य गरी पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६(२) को उल्लंघन गरेकोले सोही ऐनको दफा १९ बमोजिम हरिकुमार राई समेतलाई सजाय गरिपाऊँ भन्ने मदनप्रसाद लम्सालको समेतका मुख्य उजूरी भएको देखिन्छ । त्यस्तै विपक्षी बनाइएका हरिकुमार राईले यी मदनप्रसाद लम्साललाई विपक्षी बनाई निजको नममा दर्ता भएको New Business Age नामक पत्रिकाको नाममा दर्ता गराएको New Business Age नामको ट्रेडमार्क पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८(३) अनुसार बदर गरिपाऊँ भनी दिएको अर्को उजूरी समेत परी कारवाही हुँदा उद्योग विभागबाट शब्दको हकमा दुवै पक्षले आ–आफूले प्रयोग गरेअनुसार हुने गरी आ–आफ्नो पत्रिका प्रकाशन गर्न पाउने तर प्रत्येकले आफ्नो पत्रिकाको डिजाइन परिर्वतन गर्नुपर्ने आदेश दिने भन्ने समेतको निर्णय गरेकोमा सो निर्णयउपर दुवै पक्षको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परेको देखिन्छ । उक्त दुवै पुनरावेदनउपर कारवाही हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६०।१०।९ को आदेश बदर हुने तथा पुनरावेदक मदनप्रसाद लम्सालको ट्रेडमार्क समेत बदर गरिपाऊँ भनी रेप्सोना पब्लिकेशन्स प्रा.लि.तथा पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १९ बमोजिम सजाय गरी क्षतिपूर्ति समेत भराई पाऊँ भनी पुनरावेदक मदनप्रसाद लम्सालको तर्फबाट प्रस्तुत गरेको पुनरावेदन जिकीर पुग्न सक्दैन भनी फैसला भएको सो फैसलामा रेप्सोना पब्लिकेशन्स चित्त बुझाई बसेको तर सोही फैसलाउपर चित्त नबुझाई मदनप्रसाद लम्सालको यस अदालतसमक्ष पुनरावेदन परी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको देखियो ।

प्रस्तुत पुनरावेदन सम्बन्धी विवादको तथ्य हेर्दा पुनरावेदक मदन लम्सालको नाममा रीतपूर्वक

दर्ता भएको New Business Age नामक पत्रिकामा प्रयोग हुने ट्रेडमार्क Business Age पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १६ र १८(१) अनुसार दर्ता भएकोमा उक्त ट्रेडमार्क बदर गरिपाऊँ भनी उजूरको कारवाही हुँदा उक्त ट्रेडमार्कको दर्ता बदर नगरेको तर दर्ता भएको ट्रेडमार्क कायम भएकै अवस्थामा यसरी दर्ता भएको ट्रेडमार्कको ढाँचा वा चिन्हमा परिवर्तन गर्नु भनी उद्योग विभागबाट मिति २०६०।१०।९ मा निर्णय भएको र उक्त निर्णय बदर गरिपाऊँ भनी विवादका दुवै पक्षको पुनरावेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट निर्णय गर्दा विवादका पक्षहरू मध्ये मदनप्रसाद लम्सालका नाममा दर्ता भएको ट्रेडमार्कको प्रयोगसम्बन्धी विवादमा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७(४) तथा ४० लाई आधार मानी विवादका दुवै पक्षले आफ्नो पत्रीकाको डिजाइन परिर्वतन गर्नु भनी उद्योग विभागको मिति २०६०।१०।९ को निर्णयबदर गरेको देखिन्छ । पुनरावेदक मदनप्रसाद लम्सालको नाममा दर्ता भएको Business Age ट्रेडमार्क विपक्षले प्रयोग गरेबापत पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १९ अनुसार विपक्षीलाई जरीवाना गरी हर्जना भराई दिनु भनी यी पुनरावेदकको पुनरावेदन परेको उक्त पुनरावेदन जिकीर पुग्न नसक्ने भनी पुनरावेदन अदालत, पाटनबाट भएको निर्णय र छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ७(४) तथा ४० लाई आधार मानी ट्रेडमार्कको ढाँचा र चिन्हमा परिवर्तन गर्नु भन्ने उद्योग विभागको निर्णय बदर गर्ने गरी भएको उक्त अदालतको निर्णय समेत उपर परेको प्रस्तुत पुनरावेदन माग दावीअनुसार विपक्षीबाट हर्जना भराउन पर्ने हो वा होइन र मागअनुसार जरीवाना हुन पर्ने हो वा होइन भन्ने विषयमा समेत निर्णय गर्नुपर्ने भएको छ । यस विषयमा निर्णय गर्नुपूर्व निम्न लिखित प्रश्नहरूको निराकरण गर्नुपर्ने देखियो ।

(क) कुनै व्यक्तिको नाममा पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १८ अनुसार कुनै ट्रेडमार्क दर्ता भएपछि त्यस्तो ट्रेडमार्क दर्ता हुनुभन्दा पहिले देखिनै कुनै अर्को व्यक्तिले प्रयोगमा ल्याएको भन्ने आधारमा मात्र निजले दर्तावाला ट्रेडमार्क धनीको मञ्जूरी बेगर यस्तो ट्रेडमार्क प्रयोग गर्न सक्छ वा सक्दैन ।

(ख) कुनै व्यक्तिको नाममा दर्ता भएको पत्र पत्रिकामा प्रयोग हुने ट्रेडमार्क अर्को व्यक्तिले प्रयोग गर्‍यो भन्ने विवाद निरोपण गर्दा छापाखाना तथा प्रकाशन ऐन, २०४८ को व्यवस्था लागू हुने हो वा होइन ?

(ग) प्रस्तुत विवादमा पुनरावेदकको मागअनुसार विपक्षीलाई पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ अनुसार जरीवाना गरी पुनरावेदकको मागअनुसार क्षतिपूर्ति भराउनु पर्ने हो वा होइन ?

२. पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा ट्रेडमार्कको कानूनी अर्थ र यसको प्रकृतिको बारेमा विवेचना गर्नुपर्ने हुन्छ । पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा २(ग) मा गरिएको परिभाषाअनुसार "कुनै फर्म, कम्पनी वा व्यक्तिले उत्पादन गरेको मालसामान वा प्रदान गर्ने सेवालाई अरुको उत्पादन वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द, चिन्ह र चित्र यी तिनै कुराको संयोगलाई ट्रेडमार्क" भनिन्छ । कुनै एक फर्म, कम्पनी वा व्यक्तिले उत्पादन गरेको वस्तु वा सेवा पहिचान गर्न उपभोक्ताहरूलाई सहयोग पुऱ्याउन र कुनै व्यक्ति वा फर्मबाट उत्पादित वस्तु वा सेवाले उपभोक्ताहरू बीच आर्जन गरेको ख्यातीको सुरक्षा गर्न वा यसरी आर्जन भएको ख्यातिको फाइदा अन्य व्यक्तिले लिनबाट रोक्न कुनै वस्तु वा सेवाको उपभोक्ताहरूको संरक्षण गर्नको लागि नै ट्रेडर्माकको प्रयोग गरिने हुँदा यस्तो ट्रेडमार्कलाई एक महत्वपूर्ण औद्योगिक सम्पत्तिको रुपमा लिइन्छ । यस्तो औद्योगिक सम्पत्तिलाई कुनै एक राष्ट्रभित्र मात्र होइन विश्वव्यापी रुपमा संरक्षण प्रदान गर्न पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । यो कुरा पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा २१(ग) तथा दफा २३ मा गरिएको व्यवस्थाबाट स्पष्ट हुन्छ । विश्वव्यापी रुपमा बौद्धिक सम्पत्तिको संरक्षण गर्नको लागि विश्वका प्रमुख राष्ट्रहरूले मान्यता दिएको औद्योगिक सम्पत्ति संरक्षणको लागि पेरीस महासन्धी १८८३ (Paris Convention on the Protection of Industrial Property 1883) लाई नेपाल सरकारले मिति

२०५७।४।९ मा अनुमोदन गरी उक्त मान्यतालाई नेपाल कानूनले पनि स्वीकार गरेको छ।

३. तर ट्रेडमार्क लगायतका औद्योगीक सम्पत्तिको संरक्षणसम्बन्धी नेपाल कानून र विकसित देशहरूको कानूनमा एक ठूलो भिन्नता रहेको छ। नेपालको कानूनले दर्ता भएको ट्रेडमार्कको मात्र सुरक्षा गर्दछ तर उद्योग विभागमा दर्ता नभएको ट्रेडमार्क जतिसुकै लामो अवधिसम्म प्रयोग गरेको भए तापनि केवल प्रयोगको आधारमा मात्र यसको सर्जक वा प्रयोगकर्ताले यस्तो अदर्ता ट्रेडमार्क प्रयोग गर्ने एकाधिकारको हक प्राप्त गर्न सक्दैन। यो कुरा पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १६ तथा १८ख मा गरिएको व्यवस्थाबाट स्पष्ट हुन्छ।

४. दफा १६ अनुसार कसैले आफ्नो बन्द व्यापार वा कारोवारको ट्रेडमार्क दफा १८ बमोजिम विभागमा दर्ता गराई सो ट्रेडमार्क उपर यस ऐनबमोजिमको हक प्राप्त गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ। त्यस्तै ऐ. को दफा १८ख मा विभागमा दर्ता नगराई कुनै ट्रेडमार्क पनि रजिष्टर्ड ट्रेडमार्कको रुपमा प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था भएको देखिन्छ।

५. पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १६(१) को व्यवस्थाअनुसार कुनै पनि व्यक्तिले आफ्नो व्यवसाय, व्यापार वा कारोवारमा प्रयोग हुने ट्रेडमार्कमा एकलौटी हक प्राप्त गर्न चाहेमा यस्तो ट्रेडमार्कलाई अनिवार्य रुपमा उक्त ऐनको दफा १८ अनुसार दर्ता गर्नुपर्ने र यसरी दर्ता नगरी कुनै ट्रेडमार्कलाई दर्ता भएको (रजिष्टर्ड) ट्रेडमार्कको रुपमा प्रयोग गर्न नपाइने प्रतिवन्ध समेत उक्त ऐनको दफा १८ख ले लगाएको देखिन्छ। दर्ता नगरी कुनैपनि ट्रेडमार्कमा एकाधिकार नरहने र कुनै व्यक्तिले दर्ता नगरेको ट्रेडमार्कलाई दर्ता गरेको भन्ने आसय झल्कने गरी प्रयोग गर्न नहुने र यस्तो प्रयोग गर्ने कार्यलाई दण्डनीय समेत गराइएको कुरा उक्त ऐनको दफा १९ मा गरिएको व्यवस्थाबाट स्पष्ट हुन्छ। यसरी दर्ता नगरी कुनै ट्रेडमार्कमा हक प्राप्त नहुने र दर्ता नभएको ट्रेडमार्कलाई दर्ता भएको ट्रेडमार्कको रुपमा प्रयोग गर्न नपाइने कानूनी व्यवस्था गर्नु पर्नाका विविध कारण हुन सक्छन तापनि यसको मुल उद्देश्य ट्रेडमार्क प्रयोग हुने सेवा वा वस्तुको गुणस्तरको वारेमा सेवाग्राही वा उपभोक्ताहरूलाई झुक्यानमा पार्ने वा पर्ने किसिमबाट यसको प्रयोग हुन बाट रोक्ने र सेवाग्राही तथा उपभोक्ताहरूको हितको रक्षा गर्नु नै यसको मुल उद्देश्य मानिन्छ।

६. उपरोक्त कानूनी व्यवस्था हेर्दा कुनै ट्रेडमार्कको प्रयोग गरेको आधारमा मात्र यसको धनी वा प्रयोगकर्ता फर्म, कम्पनी वा व्यक्तिलाई सो ट्रेडमार्क उपर एकाधिकार प्राप्त नहुने हुँदा एउटै ट्रेडमार्क दुईवटा फर्म व्यक्ति वा कम्पनीले प्रयोग गरेमा वा प्रयोगको दावी गरेमा यी दुई मध्ये जसको नाममा ट्रेडमार्क दर्ता भएको छ सोही व्यक्तिले मात्र विवादित ट्रेडमार्कको वास्तविक धनीको रुपमा मान्यता पाउने यसको प्रयोगमा एकाधिकार प्राप्त गर्ने र केवल प्रयोगको आधारमा मात्र सो ट्रेडमार्क उपर दावी गर्नेको कानूनी हक नहुने र यसरी कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क निजको मञ्जूरीवेगर अन्य व्यक्ति, फर्म वा कम्पनीले प्रयोग गर्न पाउने हक नहुने कुरा उक्त पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६, १८ख, १९ तथा दफा २५ मा गरिएको व्यवस्थाबाट स्पष्ट देखियो। विवादित ट्रेडमार्क Business Age पुनरावेदकको नाममा दर्ता भएको तथ्यमा विवाद नभएको अवस्थामा केवल प्रयोगको आधारमा मात्र सोउपर प्रत्यर्थी पब्लिकेशन्स प्रा.लि.को कुनै हक हुने अवस्था देखिएन।

७. अब कुनै व्यक्तिको नाममा दर्ता भएको पत्रिकामा प्रयोग हुने ट्रेडमार्क अन्य व्यक्तिले प्रयोग गरेको भन्ने विवादमा निर्णय गर्दा छापाखाना तथा प्रकाशन ऐन, २०४८ को व्यवस्था लागू हुने हो होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा उक्त ट्रेडमार्कसम्बन्धी हकको सिर्जना तथा प्रयोगका सम्बन्धमा विशेष व्यवस्था गर्ने कानूनको रुपमा आएको पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को उद्देश्य र प्रयोजन के हो भन्ने कुरा र छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ लाई हेर्नु पर्दछ। पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को उद्देश्य र प्रयोजनको बारेमा उपरोक्त प्रकरणहरूमा विवेचना गरिएको हुँदा

यहाँ सोको पुनरावृत्ति गर्न परेन। छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को समुच्चा बनावट र उद्देश्य हेर्दा यसले निम्न विषयलाई व्यवस्थित तथा सुरक्षित गर्नु नै उक्त ऐनको मूल उद्देश्य रहेको देखिन्छ।

(क) छापाखानको दर्ता तथा छापाखाना बन्द वा जफत विरुद्धको प्रत्याभूति गर्नु (परिच्छेद् २)

(ख) किताबको प्रकाशन गर्ने कार्यलाई व्यवस्थित गर्नु (परिच्छेद् ३)

(ग) पत्र पत्रिकाको दर्ता, यसको नियमन, पत्र पत्रिकाको स्वामित्व र यसका हस्तान्तरणको प्रक्रियालाई व्यवस्थित गर्नु (परिच्छेद् ४)

(घ) प्रेस रजिष्ट्रार, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पक्षसम्बन्धी व्यवस्था (परिच्छेद् ५)

८. उपरोक्त व्यवस्थाबाट छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ केबल छापाखानाको दर्ता पत्रपत्रिका तथा पुस्तकको प्रकाशन, दर्तालगायत पत्रिकाको स्वामित्वको हस्तान्तरण जस्ता विषयका सम्बन्धमा मात्र लागू हुने र कुनै एक फर्म, कम्पनी वा व्यक्तिले प्रकाशन गरेको पुस्तक वा पत्रिकालाई अर्को कुनै फर्म व्यक्ति वा कम्पनीले प्रकाशन गरेको पुस्तक वा पत्रिकाबाट छुट्याउन प्रयोग हुने चिन्ह, शब्द वा चित्रको रुपमा देखिने वा तीनैमा समायोजनबाट पहिचान हुने ट्रेडमार्कको दर्ता, प्रयोग तथा हक हस्तान्तरणको बारेमा उक्त छापाखाना तथा प्रकाशन ऐन, २०४८ ले कुनै व्यवस्था गरेको देखिँदैन। यसै कारणले नै उक्त ऐनको दफा ४० ले सो ऐनमा नलेखिएको विषयमा प्रचलित कानूनअनुसार हुने व्यवस्था गरेको देखिन्छ। ट्रेडमार्कको दर्ता प्रयोजन, हस्तान्तरणलगायत अन्य विविध विषयमा व्यवस्था गर्न विशेष ऐनको रुपमा पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा विशेष व्यवस्था गरिएको हुँदा उक्त ऐनलाई नै यस ट्रेडमार्क सम्बन्धी हकको सिर्जना, प्रयोग तथा हस्तान्तरणसम्बन्धी प्रचलित कानून मान्नु पर्ने कुरामा विवाद देखिएन यस्तो अवस्थामा छापाखाना तथा प्रकाशन ऐन, २०४८ अनुसार दर्ता भएका दुई पत्रिका प्रकाशकहरू बीच उक्त पत्रिकामा प्रयोग हुने ट्रेडमार्क प्रयोगका विषयमा विवाद परी सोको प्रयोग कसले गर्न पाउने भन्ने विषयमा उत्पन्न विवादमा पत्रिकाको दर्ता तथा स्वामित्व हस्तान्तरण जस्ता विषयका सम्बन्धमा मात्र लागू हुने कानून छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ दफा ७(२) तथा ७(४) को व्यवस्थालाई आधार मानी पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ अनुसार अधिकारप्राप्त निकाय उद्योग विभागको मिति २०६०।१०।१९ को निर्णयअनुसार प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले समेत प्रकाशन गर्ने Business Age पत्रिकाको डिजायन परिर्वतन गर्न पर्ने भनी उद्योग विभागको उक्त मिति २०६०।१०।१९ को निर्णय बदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६१।१०।४ को फैसला पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६, १८ख समेतको विपरीत भई त्रुटिपूर्ण देखिएकोले सो हदसम्म उल्टी हुने ठहर्छ।

९. कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क निजको स्वीकृति विना अरुले प्रयोग गरेको अवस्थामा निजलाई कस्तो उपचार प्राप्त हुने भन्ने सम्बन्धी तेस्रो तथा अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १९ तथा २५ मा गरिएको व्यवस्था र प्रस्तुत विवादको तथ्यको आधारमा उक्त प्रश्न निरोपण गर्नुपर्ने हुन्छ। उक्त ऐनको दफा १९ मा गरिएको व्यवस्थाअनुसार दफा १६(२) अर्थात् दर्तावाल ट्रेडमार्क धनीको स्वीकृति नलिई अन्य व्यक्तिले यस्तो ट्रेडमार्क प्रयोग गरेको अवस्थामा वा दफा १८(३) अनुसार बदर भएको ट्रेडमार्क चलाएमा वा दफा १८ख अनुसार दर्ता नभएको ट्रेडमार्कलाई दर्ता भएको ट्रेडमार्क भनी चलाएमा एकहजार रुपैयासम्म जरीवाना हुने भन्ने व्यवस्था भए रहेको देखिन्छ। प्रस्तुत विवादमा बदर भएको ट्रेडमार्क प्रयोग गरेको वा दर्ता नभएको ट्रेडमार्क प्रयोग गरेको भन्ने विवाद नभई दर्तावाला ट्रेडमार्क धनीको स्वीकृति नलिई Business Age नामक ट्रेडमार्कको प्रयोग गरेकोले जरीवाना गरी दफा २५ अनुसार क्षतिपूर्ति भराई पाऊँ भन्ने दावी यी पुनरावेदकको भए रहेको देखिन्छ। Business Age नामको पत्रिका शुरुमा यी पुनरावेदक सम्पादक भए पनि यसका प्रकाशक विपक्ष प्रत्यर्थी रेप्सोना

पब्लिकेशन्स प्रा.लि. नै रहेको भन्ने कुरामा विवाद देखिँदैन । यस्तो अवस्थामा उक्त पत्रिकाको ट्रेडमार्क यी पुनरावेदकले पहिले दर्ता गराएको आधारमा अर्थात् पहिलो दर्ताका आधारमा उक्त ट्रेडमार्कमा यी पुनरावेदकले दफा १६ तथा १८ को सुरक्षा र सुविधा पाउने एउटा कुरा हो । तर उक्त ट्रेडमार्कको प्रयोगको अधिकार कसमा रहने भन्ने विषयमा पक्षहरू बीच विवाद परी विवाद निरोपण गर्न अधिकारप्राप्त निकायमा विचाराधीन रहेको समयमा प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले Business Age पत्रिकाको VOL.1.NO.1 प्रकाशन गरेको भन्ने आधारमा निजलाई उक्त ऐनको दफा १९ अनुसार जरीवाना गर्नु र दफा २५ अनुसार हर्जना क्षतिपूर्ति भराउने कार्य उक्त दुवै दफामा गरिएको कानूनी व्यवस्थाको उद्देश्य र मर्मको विपरीत हुने हुँदा विपक्षीलाई जरीवाना गरी क्षतिपूर्ति भराई पाउँ भन्ने पुनरावेदकको दावी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको निर्णय मिलेकै देखिँदा सो हदसम्मको पुनरावेदन अदालतको निर्णयलाई अन्यथा गर्नु परेन ।

१०. उपरोक्त प्रकरणमा उल्लेख गरिएअनुसार पुनरावेदन अदालत, पाटनले ट्रेडमार्क सम्बन्धी विवादमा लागू नै नहुने छापाखाना तथा प्रकाशन ऐन, २०४८ को दफा ७(४) र ४० को व्यवस्थालाई आधार लिई प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले समेत Business Age को डिजायन परिर्वतन गर्नुपर्ने भनी उद्योग विभागको मिति २०६०।१०।९ को निर्णय बदर गरेको पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६ तथा १८ख समेतको विपरीत भई त्रुटिपूर्ण हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०६१।१०।४ को फैसला सो हदसम्म उल्टी हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.कल्याण श्रेष्ठ

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम्

इजलास अधिकृतः– विष्णुप्रसाद गौतम

## निर्णय नं. ८६८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रेम शर्मा
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
२०६७-RC–००५१
फैसला मितिः २०६८।३।३१।६
मुद्दाः- कर्तव्य ज्यान ।

वादीः मेदनीप्रसाद न्यौपानेको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रतिवादीः जिल्ला झापा, बुधवारे गाउँ विकास समिति वडा नं.२ जयपुर बस्ने अभिनाराण श्रेष्ठको छोरा राजकुमार श्रेष्ठ

शुरु आदेश गर्ने :
मा.न्या.श्री अवधविहारीप्रसाद सिन्हा
शुरु फैसला गर्ने :
मा.न्या.श्री नवराज उपाध्याय
पुनरावेदन फैसला गर्ने :-
मा.मु.न्या.श्री पुरुषोत्तम पराजुली
मा.न्या.श्री रेवन्तबहादुर कुँवर

- **वारदात एकान्तस्थल जंगलमा घटेकोले त्यस्तो ठाउँमा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना नहुँदा कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वाभाविकै हो । त्यतिकै कारणले मात्र वारदातमा यी प्रतिवादीहरूको संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न नमिल्ने ।**

(प्रकरण नं.६)

- **इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसूरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन । सजायबाट बच्नका लागि अदालतमा सामान्य रुपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याईका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेश गर्न सक्नु अर्को कुरा हो । दुबै अवस्थालाई**

**अदालतले गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ। दुईमध्ये दोस्रो अवस्था बढी विश्वसनीय हुन सक्दछ जसको खण्डन वादी पक्षबाट हुन नसकेमा निर्दोषिताको लागि प्रमाणको रुपमा ग्राह्य हुन सक्ने।**

- **अभियोजन पक्षबाट उल्लेख्य प्रमाणहरूको उपस्थितिमा अभियुक्तको पहिलो अवस्थाको सामान्य इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन। किनभने सजायबाट बच्नका लागि मात्र अदालतलाई ढाँट्न खोजेको हो वा वास्तवमै अमूक अभियुक्त बेकसूर रहेको छ ? अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरोपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने।**

(प्रकरण नं.७)

वादी तर्फबाट:
प्रतिवादी तर्फबाट:
अवलम्बित नजीर:
सम्बद्ध कानून:

- प्रमाण ऐन, २०३१ को दफा ८
- ज्यानसम्बन्धी महलको १, १३(३) नं.

फैसला

**न्या.प्रेम शर्मा:** न्याय प्रशासन ऐन, २०४८ को दफा १०(२) बमोजिम साधक जाँचका लागि पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :

मिति २०६३।४।१४ गते दिनको १४.०० बजेको समयमा जिल्ला झापा, धाइजन गाउँ विकास समिति वडा नं.४ स्थित कालिका सामुदायिक वनको मध्यभागमा कर्तव्य गरी मारेको देखिने महिलाको लास छ भनी स्थानीय जनताले फोन गरेका हुँदा प्र.ना.नि. भोलामान सिँह अधिकारी समेतको टोली घटनास्थलमा खटी गई हेर्दा गुलाबी रंगको कुर्ता सुरुवाल लगाएकी अं.२८/३० वर्षको हेर्दा क्षेत्रिनी/बाहुनी जस्ती देखिने महिलाको लास देखिएको, नाकबाट खुन आएको, दुवै आँखा वरिपरि नील, देब्रे गालादेखि च्यापु हुँदै अगाडि घाँटीसम्म तथा छातीमा टेकेको बालुवा सहितको पाइला देखिएको, दुवै कुहिना पिल्सेको, वरिपरि झाडी माडिएको देखिँदा निज महिलालाई कर्तव्य गरी मारेको प्रष्ट हुँदा निज महिलाको नाम, थर, वतन पत्ता लगाई सनाखत गराउन तथा अपराधी पत्ता लगाई कानूनबमोजिम कारवाही हुन प्रतिवेदन पेश गरेको छु भन्ने समेत व्यहोराको प्र.स.नि.केशवराज कटुवालको मिति २०६३।४।१४ को प्रतिवेदन।

जिल्ला झापा, धाइजन गाउँ विकास समिति वडा नं.४ स्थित कालिका सामुदायिक वनको मध्यभाग स्थित पूर्वमा बुधबारे जाने बाटोबाट मंगली जाने उत्तर दक्षिण बाटो, पश्चिम उत्तर र दक्षिण तीनतर्फ नै जंगल यति चारकिल्लाभित्र मसिना रुख विरुवाहरू भएको ठाउँ पूरा माडिएको देखिएको, सोही स्थानमा दक्षिण पूर्व टाउको, उत्तर पश्चिम खुट्टा, देब्रे हात पेट नजिक, दाहिने हात फैलाई दुवै गोडा फाडी खुम्चिएको उत्तानो अवस्थामा गुलाबी रंगको कुर्ता सुरुवाल लगाएकी अं.२८/३० वर्षको महिलाको लास गुलाबी रंगको सल माथि उत्तानो अवस्थामा रहेको देखिएको, दुवै आँखा बन्द, वरिपरि नील भएको, नाकको दुवै प्वालबाट रगत निस्की सुकेको, मुख अर्ध खुल्ला भई जिब्रो टोकेको, बीच निधारमा ३ इन्च गोलाईको चोट हेर्दा भित्र हड्डी देखिएको, घोप्टो पारी हेर्दा नाकको प्वालबाट रगत निस्केको, योनी मलद्वार सामान्य, देब्रे नाडीमा अप्रेशन गरी सिलाई गरेको पुरानो टाँकाहरू, दुवै कुहिनामा दरफरिएको घाउहरू, देब्रे गालामुनी च्यापु किलकिलेसम्म नीलडाम र प्रष्ट नदेखिने खुट्टाले टेकेको बालुवा देखिएको पेटमा नीलो डाम बसेको देखिएको, बेवारिसे महिला भन्ने समेत व्यहोराको घटनास्थल तथा लासप्रकृति मुचुल्का।

इलाका प्रहरी कार्यालय काकरभिट्टाबाट मलाई सबूद प्रमाण र फोटोहरू देखाउँदा प्रष्टसँग चिने। उक्त सामानहरू र फोटो मेरी आमा वर्ष ३७ की कल्पना भन्ने यामकुमारी सुवेदीका हुन। आमाको बायाँ हातको नाडीमा पुरानो टाका लगाएको हुँदा र फोटोहरू समेतबाट अझ प्रष्ट चिने मेरी आमा नै हुन् भन्ने समेत व्यहोराको मृतक कल्पना भन्ने यामकुमारी सुवेदीकी बाबु मेदनीप्रसाद न्यौपाने र भाइ विष्णुकुमार न्यौपानेको रोहवरमा छोरा चुडामणि सुवेदीले गरी दिएको सनाखत कागज।

मिति २०६३।४।१२ गते १४.०० बजे म आमालाई सोधेर झिलझिले गएको थिएँ। आमा कोठामा

एक्लै हुनुहुन्थ्यो। म मिति २०६३।४।१४ गते ८.०० बजे कोठामा आउँदा ढोकामा ताला लगाएको थियो। आमा हुनुहुन्थ्यो छिमेकी कोठावाला सुनीता रायलाई सोद्धा मिति २०६३।४।१३ गते दिउँसो २ बजेतिर नै दुर्गापुर जान्छु भनेर हिड्नु भएको थियो भनी बताउनु भयो। २०६३ साल वैशाख शुरुदेखि एक जना गोरो, अग्लो, अनुहारमा कस्तो कस्तो खत भएको मोटो बाँयापट्टि ओठमाथि सानो कोठी भएको घर बुधबारे जयपुर, थर नेवार (श्रेष्ठ) बताउने अं. ३०/३५ वर्षको पुरुष मान्छे बेलुका ४/५ बजेतिर म स्कूलबाट कोठामा आउँदा आमासँग बसी गफ गरी रहेको भेटिन्थ्यो। कहिले रमपम (चाउचाउ) खाइरहेको हुन्थ्यो। कहिले चिया खाई रहेको हुन्थ्यो। गते बार याद भएन मलाई असह्य भएर त्यो मान्छे गएपछि आमालाई किन यो मान्छेलाई बोलाएर एक्लै कोठामा बस्नुहुन्छ ? चिया खाजा खुवाउनु हुन्छ ? भनेर गाली गरो। आमाले यो त तेरो मावली हजुरबुवाको बहिनीको छोरा तेरो मामा पर्ने पो हो त भनेर सम्झाउनु भयो। मैले बुधबारे घर हो, श्रेष्ठ थर हो भने कसरी मेरो मामा हुन्छ भनेर आमालाई हप्काउँदा आमा बोल्नु भएन। आमा छोराको बीच वादीववाद सुनीता राय अन्टीलाई पनि थाहा छ। उनले पनि निजलाई चिन्नुहुन्छ। निजले मेरी आमालाई कहिले दमक, कहिले इण्डिया पानी ट्यांकी लगेको पनि मलाई थाहा छ। अरु कुनै छोरा मान्छेसँग आमा हिडडुल गफ गरेको मलाई थाहा छैन। निजले नै मेरो आमालाई घटनास्थल कालिका सामुदायिक वन धाइजनमा लगेर कर्तव्य गरी मारेको हो, मलाई पूरा विश्वास छ। रातो हिरो होण्डा मे.१प ५३४ नं. को मोटरसाइकल लिएर आउने गर्थे, देखो भने चिन्छु। सुनीता राय अन्टीले पनि चिन्नु हुन्छ। आमालाई कर्तव्य गरी मारी नगद गरगहना समेत लगेकोमा मलाई विश्वास लाग्छ भन्ने समेत व्यहोराको मृतकको छोरा चुडामणि सुवेदीले वडाबाबु सोमनाथ सुवेदीको रोहवरमा गरेको घटना विवरण कागज।

यसमा यस कोठामा पूर्वबाट पश्चिम फर्काई उभ्याएको ५ जना मानिसहरूमध्ये उत्तर (दाहिने) बाट दोस्रो स्थानमा उभिएको व्यक्ति नै मेरो डेरामा आई मेरो आमालाई लिई हिडिरहने, घर बुधवारे जयपुर, थर श्रेष्ठ बताउने व्यक्ति हो , मैले बयानमा उल्लेख गरेको मानिस यही हो। यसैले मेरी आमा कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको राजकुमार श्रेष्ठलाई देखाई मृतकका छोरा चुडामणि सुवेदीले गरिदिएको सनाखत कागज।

मेरो साइला ज्वाई झापा, जलथल गाउँ विकास समिति वडा नं. ८ बस्ने भागीरथ सुवेदी वैदेशिक रोजगारमा साउदी अरब भन्ने देशमा २०५७ साल असार २२ गते जानु भएको हुँदा घरमा साइली छोरी कल्पना भन्ने यामकुमारी सुवेदी र दुई जना नाति जेठो सन्तोष सुवेदी र कान्छो सन्दिप भन्ने चुडामणि सुवेदी समेत ३ जना बस्दै आएका थिए। नातिहरूको पढाईको लागि सजिलो होस् भनेर झापा अनारमनी ४ मा डेरा लिई बस्दै आएको थिएँ। जेठो नाति सन्तोष सुवेदी विदेश जाने भनेर काठमाडौं गएको हुँदा डेरामा छोरी र कान्छो नातिमात्र बस्दै आएका थिए। मिति २०६३।४।१२ गते कान्छो नाती चुडामणि सुवेदी मेरो भाइको घर झिलझिले गई ऐ. १४ गते कोठामा आउँदा आमालाई देखेनछ। ढोकामा ताल्चा लगाएको रहेछ। अर्को चाबीले ढोका खोलर बसेछ। मिति २०६३।४।१८ गतेसम्म आमा नआएपछि आमा खोज्न सानीआमाको घर दुर्गापुर गएछ। त्यसपछि भद्रपुरमा मामालाई फोन गरेछ र मेरो घरमा आयो। त्यसपछि सम्भव भएसम्म खोजियो भेटिएन। त्यस्तैमा काकरभिट्टा थानाले जंगलमा मारेर फालेको अवस्थामा बेवारिसे आइमाईको लास भेटियो अरे भन्ने सुनेर यस कार्यालयमा आउँदा फोटोहरू, लेडिज व्याग, चप्पल, छाता समेत प्रहरीले देखाउँदा मेरी साइली छोरी वर्ष ३७ की कल्पना भन्ने यामकुमारी सुवेदीलाई प्रष्ट चिनेँ। नातिले पनि आमा हो भनेर चिन्यो। नातिको भनाइअनुसार मे.१ प ५३४ नं. को रातो मोटरसाइकलमा झापा बुधवारे जयपुर घर, श्रेष्ठ थर भएको, मोटो देब्रे ओठ माथि सानो कोठी भएको अं. ३०/३५ वर्षको मानिस छोरीको कोठामा आइरहने, फोन गरागर गर्ने, छोरीलाई त्यही मोटरसाइकलमा लिएर कता कता हिड्ने गरेको बुझिन आएको र प्रहरीले सो मोटरसाइकलसहित मानिस पक्रेको छ भनी बोलाएको हुँदा मिति २०६३।४।२८ गते आउँदा हुलियाअनुसारको जिल्ला झापा बुधवारे-२, जयपुर बस्ने अं. वर्ष ३७ को

राजकुमार श्रेष्ठलाई नातिले सनाखत समेत गरी दिएको हुँदा नाति नाबालक भएकोले बाबुको हैसियतले जाहेरी दिन आएको छु । निज अपराधीले मेरी छोरी कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरी मारी गरगहना तथा नगद समेत लगेकोमा विश्वास लागेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको मृतकको बाबु मेदनीप्रसाद न्यौपानेले दिएको जाहेरी दरखास्त ।

म जिल्ला झापा अनारमनी-४ घनश्याम पराजुलीको घरमा डेरा गरी बस्दै आएकी छु । त्यस घरमा म, अमृत लिम्बू र कल्पना भन्ने यामकुमारी सुवेदी डेरा गरी बस्दै आएका थियौं । निज यामकुमारीलाई भेट्न डेरामा गहुँगोरो, अनुहारमा कस्तो कस्तो खत जस्तो देखिने, मोटो शरीर भएको, हँसिलो खालको मानिस आई रहन्थ्यो । मलाई गते बार थाहा हुन सकेन, २०६३ सालको असार महिनाको १० देखि १५ गते बीचमा त्यो मान्छे र आमा यामकुमारी डेरा कोठाभित्र गफ गरेर बसेको छोरा संदिप भन्ने चुडामणि सुवेदीले भेटेछ र आमा छोराबीच वाद विवाद चल्न थल्यो । त्यो मान्छे त्यहाँबाट हिड्यो । म के भएछ भनेर बुझ्न जाँदा त्यो मान्छे खाली आमालाई भेट्न आई रहने, सँगै हिड्ने बस्ने गरेको कारणले छोराले रिस गरेर आमालाई कराएको रहेछ । निज मानिसलाई म चिन्दछु । यामकुमारी सुवेदीले मिति २०६३।४।१३ गते बेलुकीपख डेरा कोठा बन्द गरेर दुर्गापुर जान्छु भनेर हिडेकी थिइन् । २०६३ साल जेठ महिनादेखि मेरो पैसा एक जना भन्नै नहुने मान्छेले खाई दियो, घर बनाउनु पर्ने, चोटाहा रहेछ, कति माग्दा पनि दिदैन भनेर भनिरहने गर्थिन । कति पैसा कसले खाएको हो, त्यो चाहिँ भन्दैन थिइन । निज यामकुमारीलाई कसले घटनास्थलमा पुऱ्याई कर्तव्य गरी मारेको हो त्यो चाहिँ मलाई थाहा भएन । देखाइएका फोटोहरू कल्पना भन्ने यामकुमारी सुवेदीको हो भन्ने समेत व्यहोराको छिमेकी डेरावाल सुनीता रायले गरिदिएको घटना विवरण कागज ।

मलाई ६ जना मोटे मोटे गोरे मानिसहरू देखाउँदा हेरे । हेर्दा बायाँ उत्तरबाट ३ नं. मा तेस्रो स्थानमा खडा सेतो भेष्ट कालो धर्के हापेन लगाएको, अनुहारमा छेका छेका जस्तो खत बायाँ ओठमाथि कोठी भएको, मोटे गोरे मान्छे नै यामकुमारी सुवेदीलाई डेरामा भेट्न आइरहने बस्ने, सँगै हिड्ने मानिस हो । अहिले बुझ्दा नाम राजकुमार श्रेष्ठ, घर बुधवार-२ जयपुर बताए भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठलाई सनाखत गरेको सुनीता रायको सनाखत कागज ।

मेरो घर कालिका सामुदायिक वनको पश्चिम उत्तर अर्थात घटनास्थलदेखि अं.१ कि.मी. पश्चिम उत्तरमा पर्छ । मिति २०६३।४।१४ गते बिहान अं. ११ बजे वनभित्र केटीलाई मारेको लास भेटियो अरे भन्ने गाउँमा हल्ला भयो र बेलुका अं. १७.०० बजे घटनास्थलमा पुग्दा प्रहरीले मुचुल्का गरी लास गाडीमा लोड गर्दै गर्दा पुगेर लास हेरो । अगाडि घाँटीमा नील बसेको, निधारमा गहिरो चोट लागी खुन बगेको थियो । लास हेर्दा त्यो महिलालाई कर्तव्य गरी मारेको हो, मैले सोही बेला नै यो महिला यस भन्दा अगाडि ३ पटक मे.१ प ५३४ नं. को मोटरसाइकलमा पछाडि बसेर जंगल पसेर कहिले डेढ घण्टा, कहिले अढाई घण्टामा फेरि जंगलबाट निस्केर गएको देखेको हुँ । मोटरसाइकल चलाउने गोरो मोटो मान्छे थियो सो कुरा प्रहरी र जनसमूहमा भनी दिएको थिएँ । मिति २०६३।४।७ गते पनि मे. १ प. ५३४ नं. को रातो मोटरसाइकलमा त्यहीं केटीलाई लिएर आएकाले त्यस केटालाई चिन्नु पऱ्यो भन्दा अनुहार राम्रो हेर्न नपाउँदै हेल्मेटको शिशा झारी हाल्यो । केटीलाई चाँहि हेरे, कहाँकी हो भनेर चिनिन । सीधै जंगलभित्र पसे, डेढ घण्टा पछि फर्कदा पनि केटाले शिशा झारेर आयो, केटीले सलले अनुहार ढाकेर गएका थिए । मिति २०६३।४।१४ गते हेर्दा त्यही केटीको पो मृत लास रहेछ र अहिले त्यो केटी झापा, जलथल-८ बस्ने भगिरथ सुवेदीकी श्रीमती वर्ष ३७ की यामकुमारी सुवेदी हो भनेर सनाखत भइसकेको यसै कार्यालयबाट थाहा पाएं । साउन ७ गतेभन्दा अगाडि असार महिनामा गते बार थाहा भएन यही नं.को मोटरसाइकलमा केटा पछाडि बसेर केटीलाई चलाउन सिकाई रहेको देखेको थिएँ, तर मिति २०६३।४।१४ गते चाहिँ देखेको थिइन । निज महिलालाई बराबर मे.१ प ५३४ नं. को मोटरसाइकलमा पछाडि बसेर जंगल आउने जाने गरेको देखेको र मिति २०६३।४।१४ गते केटीलाई मृत अवस्थामा लास भेटिंदा

त्यही मोटरसाइकल चालकले कर्तव्य गरी मारेकोमा शंका लाग्छ भन्ने समेत व्यहोराको शान्तिराम तिवारीले गरिदिएको घटना विवरण कागज ।

मेरो घर कालिका सामुदायिक वनको पश्चिम किनारादेखि अं.५०० मिटर घटनास्थलदेखि अं.डेढ कि.मी.पश्चिम उत्तरमा पर्छ । तर म कालिका सामुदायिक वनको उत्तर आर्दश नमूना सामुदायिक वनको बनरक्षकको काम गर्दछु । २०६३ साल असार अन्तिमतिर गते बार थाहा भएन एउटा रातो रंगको मोटरसाइकलमा केटा र केटी आएर जंगलभित्र बस्छन् । ३/४ घण्टा जंगलभित्र बसेर फर्किन्छन् भनेर जंगल छेउ गाउँका मानिसहरूले भनेको सुनो । बुहारी नाता पर्ने पवित्रा लकान्द्रीले त्यही मोटरसाइकलमा केटाकेटी जंगल छेउमा आएर केटाको काखमा केटी बसेकी छ भनेर गाउँमा भनिछन् । गाउँलेले भनेपछि पक्रनु पर्‍यो को रहेछ भनेर जाँदा जंगलभित्र पसिसकेका रहेछन् । त्यस्तै ११/१२ बजेको थियो भेटिएन । समितिको अफीसमा बसी रहेको थिएँ । बेलुका ४ बजे जंगलबाट निस्केर केटाकेटी आए । चिन्नु पर्‍यो भनेर आउँदा आउँदै क्रस भै हाल्यो, मोटरसाइकल रातो हिरो होण्डा मे. १ प ५३४ नं. मात्रै टिप्न पाऊँ । यस्तैमा मिति २०६३।४।७ गते बेलुका ४ बजेको समयमा म समितिको अफीसमा बसिरहेको बेला केटा पछाडि बसी केटीले चलाएर त्यही मोटरसाइकल अफीस तल रोके, ११ बजे जंगल पसेको सुनेको थिएँ । ओर्लेर केटाले चलायो, केटी पछाडि बसी, हेर्दा केटा केटी दुवैजना नचिनेका रहेछन् । केटा गहुँ गोरो अनुहारमा दाग भएको ३५/४० वर्षको मोटो थियो, केटी मोटी गहुँ गोरो गुलाबी कुर्ता सुरुवाल, गुलाबी हरियो किनारा भएको सल लगाएकी ३०/३५ वर्षकी थिई । मिति २०६३।४।१४ गते जंगलभित्र केटीको लास देखेको भन्ने हल्ला सुनेर हेर्न जाँदा मैले २ चोटी देखेको त्यही लुगा लगाएकी त्यही सलमा उत्तानो परी रहेको केटीको लास देखो । निधारमा गहिरो चोट घाटीमा नील, जीउमा दरफरिएको घाउ देख्दा कर्तव्य गरी मारेको विश्वास लाग्यो, त्यो मोटरसाइकल चालक देख्दा चिन्छु । त्यही पुरुषले जंगलमा लगी मारेकोमा विश्वास लाग्छ, किनभने त्यो घटनादेखि पछाडि आजसम्म त्यो मोटरसाइकल, मानिस र केटी कोही जंगलमा आएको देखेको छैन भन्ने समेत व्यहोराको बनरक्षक भरतकुमार राईले गरिदिएको घटना विवरण कागज ।

मेरो घर जंगल नजिकै घटनास्थलदेखि अ. १ कि.मी. पश्चिम उत्तरमा छ, निगुरो टिप्ने केटा केटीहरूले जंगलमा लास देखेर भागेको भन्ने हल्ला सुनी मिति २०६३।४।१४ गते १२ बजे घटनास्थलमा आई हेर्दा निधारमा गहिरो चोट गलामा निल बसेको, उत्तानो मृत अवस्थामा गुलाबी रातो रंगको कुर्ता सुरुवाल सलमा महिलाको लास देखो । प्रहरीले मुचुल्का गरेर लास उठाए । मैले त्यस बखत ल यो महिला यही ड्रेसमा एक जना गोरो मोटो अनुहारमा खस्रो भएको ३५/४० वर्ष लोग्नेमानिससँग मे.१ प ५३४ नं. को रातो मोटरसाइकलमा धेरै चोटी यो जंगलमा पसेको निस्केको हामीले देखेका थियौं, त्यो मोटरसाइकल पक्रेपछि सबै थाहा हुन्छ भनेका थियौं । आज यस कार्यालयमा आई बुझ्दा मृतक झापा गोलधाप-५ बस्ने मेदनीप्रसाद न्यौपानेको छोरी वर्ष ३७ की कल्पना भन्ने यामकुमारी सुवेदी हो भन्ने पत्ता लागेछ । मेरो अहिलेसम्मको अनुसन्धानले निज महिलालाई सँधै लिएर जंगल पस्ने, ३/४ घण्टा बसाई लैजाने मे १ प ५३४ नं. को मोटरसाइकल चलाउने लोग्नेमानिसले नै ल्याई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ, किनभने त्यो घटना घट्नु अगाडि प्रायः जसो त्यो मोटरसाइकलमा यही मृतक आइमाई लिएर त्यो मानिस आई रहन्थ्यो । घटना घटेपछि मिति २०६३।४।१४ पछि आजसम्म त्यो मोटरसाइकल र मानिस आउन बन्द भयो । त्यो मोटरसाइकल र मानिस देखेमा चिन्छु भन्ने समेत व्यहोराको लोकनाथ पोखरेलले गरी दिएको घटना विवरण कागज ।

मेरो घर घटनास्थलदेखि अं. १ कि.मी. उत्तर पश्चिममा पर्छ । मिति २०६३।४।१४ गते ११ बजे धाइजनका केटा केटीहरूले निगुरो खोज्न जाँदा मारेको केटीको लास देखेर गाउँमा हल्ला गरेछन् १२ बजे थाहा पाई घटनास्थलमा आई हेर्दा टाउकोमा गहिरो चोट, अगाडि घाटीमा नीलडाम, कुहिँनामा दरफरिएको, उत्तानो परेको लास देखो । ५ हजार भन्दा बढीले लास हेरे सनाखत भएन । निज मृतक महिलालाई म समेतका झापा बुधवारे ८, जंगल साइडका मानिसहरूले बनरक्षकहरूले १ जना मोटोमोटो अनुहारमा कोत्रे खत

भएको अ. ३५/४० वर्षको पुरुषले मे.१प ५३४ नं.को मोटरसाइकलमा लिएर जंगलभित्र गई रहने गरेको देखेको गाउँमा चर्चा हल्ला चलिरहेको थियो। यस्तैमा मिति २०६३ असार अन्तिम तिर बेलुकी ४ बजे म जोतेर घरमा बसी रहेको बेला मे १ प ५३४ नं. को मोटरसाइकलमा लासमा लगाएकै गुलावी कुर्ता सुरुवाल सल लगाएकी महिलालाई केटाले मोटरसाइकलमा जंगलबाट लिएर आयो, म बाटोमा आएर को रहेछन् त भनेर हेर्न बसो। अगाडिबाटै गए मैले राम्रो हेरो। चिनेका मान्छे, होइन रहेछन्। त्यसपछि केटाले हेलमेटको सिसा झाऱ्यो, केटीले सलले मुख ढाकी गएँ। त्यो लास भेटिएको ५/७ दिन अगाडि पनि बिहान ११ बजे त्यही मोटरसाइकलमा केटा केटी पसेको सुनियो, मैले पसेको देखिन। जोतेर आई घरमा बसिरहेको थिएँ। जंगलबाट केटीले मोटरसाइकल हाकेको केटा पछाडि बसेको समितिको अफीस अगाडि आएर रोकेर फेरी केटाले हाँकेको, केटी पछाडि बसी मिति २०६३।४।१४ गते घटनास्थलमा गई हेर्दा त्यही महिला मैले देखेकै ड्रेसमा मरिरहेको देख्दा त्यही मोटरसाइकलमा लिई आउनेले कर्तव्य गरी मारेकोमा विश्वास लाग्यो। त्यो मानिसलाई देख्दा चिन्छु, अहिले बुझ्दा मृतक झापा गोलधाप-५ बस्ने मेदनीप्रसाद न्यौपानेकी छोरी यामकुमारी सुवेदी हो भन्ने थाहा पाएं भन्ने समेत व्यहोराको गंगा गहतराजले गरिदिएको घटना विवरण।

घटनास्थलबाट मेरो घर १.५ कि.मी. पश्चिम उत्तरमा पर्छ म बनरक्षकको काम गर्छु। मिति २०६३।४।१४ गते धाइजनका मसिना केटाकेटीले जंगलमा लास देखेको हल्ला सुनेर घटनास्थलमा गई हेर्दा निधारमा गहिरो चोट, च्यापु किलकिलेमा नील बसेको समेत देख्दा कर्तव्य गरी मारेको हो। ५ हजारभन्दा बढीले लास हेरे, सनाखत हुन सकेन। प्रहरीले मुचुल्का दिउँसो २ बजेतिर गएको हो। अहिले यस कार्यालयमा आई बुझ्दा मर्ने महिला झापा जलथल-८ बस्ने भगिरथ सुवेदीको श्रीमती वर्ष ३७ की कल्पना भन्ने यामकुमारी सुवेदी भन्ने बुझियो। यी मृतक महिलालाई त्यही मोटरसाइकल मे. १ प ५३४ नं. का चालकले जंगलमा लगी कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको बनरक्षक टेकबहादुर रसाइलीले गरेको घटना विवरण कागज।

यसमा यी देखाइएका ५ जनामध्येका दाहिने उत्तरबाट दोस्रो स्थानमा बसेका मानिसले नै मृतक यामकुमारी सुवेदीलाई घटना अगाडि बराबर लिई घटनास्थल जंगलभित्र जाने बस्ने र आउने गरेको देखेका हौं, मानिस यिनै हुन्। नाम, थर, घर, ठेगाना अहिले सोढ्दा झापा बुधवारे-२ जयपुर बस्ने वर्ष ३७ को राजकुमार श्रेष्ठ बताएका छन्। पहिचान गरी सनाखत गरी दियौं र मे. १ प ५३४ नं. रातो हिरो होण्डा मोटरसाइकल यही हो भनी शान्तिराम तिवारी समेत ५ जनाले प्रतिवादी र निजले प्रयोग गरेको मोटरसाइकल सनाखत गरिदिएको कागज।

मृतकको मृत्यु Head Injury को कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन र भेजेनल स्वाव समेत परीक्षण गर्दा Spermatozoa not seen भन्ने मेडिकल ल्याब टेक्नोलोजिष्टको रिपोर्ट, दाहिने आँखा बाहिर निस्केको, नाक मुखबाट रगत आएको भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदन।

यसमा मिसिलमा सामेल भएको मृतक महिलाको फोटोहरू हेरे चिने। मेरै टोलमा डेरा गरी बस्ने कल्पना भन्ने यामकुमारी सुवेदी हुन्। मिति २०६३।४।१३ गते डेराबाट हिडेकी थिइन्। त्यहाँबाट यी महिला डेरामा फर्केर आएकी थिइनन्। मिति २०६३।४।२५ गतेमात्र कल्पना सुवेदीलाई त जंगलमा मारेर फालेको लास पुलिसले भेटेको थियो अरे भन्ने सुनेकी थिएँ। कल्पना सुवेदीलाई भेट्न डेरामा एक जना रातो रंगको मोटरसाइकल लिएर रातो रंगको हेलमेट लगाएर मोटो मोटो अनुहारमा खत जस्तो भएको ३५/४० वर्षको पुरुष आउने गरेको देखेकी थिएँ। कल्पना सुवेदी मेरो निकै रुपैयाँ फसेको छ, घर बनाउनु पर्ने भन्ने कुरा गरी रहन्थिन्। तर कहाँ कसरी कति फसेको छ भनेर चाहिँ भन्दिनथिन। एक जना पुरुष आउने जाने गरी रहने, सँगै हिड्ने बस्ने गरेको देखिएको हुँदा निजले पैसा लिएको हुनसक्छ निज पुरुषलाई चिन्न सक्छु भन्ने समेत व्यहोराको माया चौधरीले गरिदिएको घटना विवरण कागज।

यसमा यी देखाइएका ५ जनामध्ये बायाँ दक्षिणबाट दोस्रो स्थानमा बसेको अनुहारमा खत जस्तो भएको गहुँ गोरो हाँसी रहने मोटो मानिस नै कल्पना सुवेदीलाई भेट्न आइरहने गरेको मैले देखेकी हुँ।

अहिले नाम, थर बुझ्दा जिल्ला झापा बुधवारे-२ जयपुर बस्ने राजकुमार श्रेष्ठ रहेछन् । हेरी चिनी सनाखत गरिदिएँ भन्ने व्यहोराको माया चौधरीले गरिदिएको सनाखत कागज ।

मिसिलमा भएका मृतक महिलाको सबै फोटोहरू हेरो । यी फोटोहरू जिल्ला झापा अनारमनी गाउँ विकास समिति वडा नं.४ मा डेरा गरी बस्ने कल्पना सुवेदी नाम बताउने महिला हुन् । हाम्रो प्यूस इम्पोरियम र पि.सि.ओ. भएको हुँदा निज कल्पना सुवेदी हाम्रो पि.सि.ओ. मा आई रहने फोन गरिरहने गर्थिन, त्यही भएर यिनलाई चिनेको हुँ । निज कल्पनाले जहिले पनि बुधवारे जयपुरको फोन नं. ५५५१३१ नं. र ५५५१४० मा फोन गर्ने गर्थिन । ५/६ महिना अगाडिदेखि हो, अहिले आउन छोडेको निकै दिन भएको थियो । हाल मृत अवस्थामा फोटोहरू देखाउँदा थाहा भयो उनको हत्या भइसकेको रहेछ र आउन छाडेकी रहिछन् । निजलाई को कसले हत्या गरेको हो मलाई थाहा भएन । निजको को-को सँग सम्बन्ध थियो त्यो मलाई थाहा हुन सकेन । २०६३ साल साउन १२/१३ गतेतिर मेरै पि.सि.ओ. अगाडि फलफूल पसल गरी बस्ने टेकनाथ काफ्लेले कल्पनालाई एक जना छोरा मान्छेसँग एउटै रिक्सामा चढेर गएको देखेका थिए अरे निजसँग बुझी पाऊँ भन्ने समेत व्यहोराको जुना बुढाथोकीले गरेको घटना विवरण कागज ।

मृतक कल्पना भन्ने यामकुमारी सुवेदीको माइती घर र मेरो घर पहिला झापा गोलधाप-५ मा भएको हुँदा २०४५ सालदेखिकै चिनजान हो, नाता सम्बन्ध केही पर्दैन । कल्पना सुवेदीका बाबु मेदनीप्रसाद न्यौपाने र छोरा नाम थाहा नभएकोलाई मिति २०६३।४।२४ गते विर्तामोड चोकमा भेटाउँदा यामकुमारीलाई जंगलमा मारेर फालेको थियो अरे भन्ने थाहा पाएको हुँ । मृतक कल्पना भन्ने यामकुमारी जहिले पनि फोन गर्न मेरो दोकानमा आई रहने गर्थिन । निजका पति विदेशमा रोजगार गर्ने हुँदा श्रीमानलाई फोन गर्न आएकी होलिन् भनेर म वास्ता गर्दिनथे । तर हाल बुझ्दा निजले बुधवारे जयपुरको एक जना मानिसलाई फोन गर्ने गरेको कुरा सोही पि.सि.ओ.बाट बुझिन आयो । मिति २०६३।४।१३ गते त्यस्तै ३/४ बजेतिर रिक्सामा हुट लगाएर एक जना केटासँग भद्रपुर रोडबाट विर्तामोड चौक नजिकै रोकेर ओर्लिए । खै के कुरा गरे दुवै एकछिन उभिए, त्यसपछि सँगै पूर्वतिर लागे, कता गए ख्याल गरिन । त्यो मोटो, भुडी हल्का देखिने, नाक ठूलो गरेको गोरो गोरो ३५।४० वर्षको पुरुष मानिस थियो । १५।२० दिन अगाडि कल्पनाले विदेशबाट लोग्ने आउनेवाला छन् भनेर बताएकी थिइन । मैले सोचो लोग्ने आएछ । त्यो पुरुषलाई देख्दा म चिन्छु । त्यसै दिनदेखि फर्केर डेरामा पनि नआएकी भन्ने बुझिँदा त्यही लोग्नेमानिसले जंगलमा पुऱ्याएर कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको टेकनाथ काफ्लेले गरिदिएको घटना विवरण कागज ।

यसमा उभिएका ६ जना पुरुषहरूमध्येको उत्तरबाट तेस्रो स्थानमा उभिएको अनुहारमा खत, गोरो वर्णको, हँसिलो देखिने मोटो मानिसलाई नै मैले मिति २०६३।४।१३ गते ३, ४ बजेतिर विर्तामोड चौकमा कल्पना सुवेदीसँग रिक्साबाट ओर्लिएर पूर्वतिर लागेको देखेको हुँ । अहिले नाम, थर सोद्धा जिल्ला झापा बुधवारे-२ जयपुर बस्ने राजकुमार श्रेष्ठ हुन भनेर बताउनु भयो भनी टेकनाथ काफ्लेले गरिदिएको सनाखत कागज ।

म बस्ने गरेको पि.सि.ओ.मा भएको फोन नं. ५५५१३१ ने.क.पा.(एमाले) बुधवारे गाउँ कमिटीका नाममा दर्ता छ । २०६२ चैत्रदेखि राजु भन्ने सन्तोष पोखरेलले सञ्चालन गर्दै आएका छन् । सो पि.सि.ओ. बाट राजकुमार श्रेष्ठको घर नं. ७/८ सय मिटर उत्तरमा पर्छ । विर्तामोडको पि.सि.ओ. को फोन नं. ५४२०४२ बाट महिलाले राजकुमार श्रेष्ठलाई बोलाई दिनु भनेर अनुरोध गर्थिन । तर उनको नाम थर ख्याल गरिन । फोन आएपछि मसिना केटाकेटीलाई बोलाउन पठाउदिन्थो । राजकुमार श्रेष्ठ आउनुहुन्थ्यो । उनी ५४२०४२ मा उनलाई फोन गर्नु हुन्थ्यो । घरमा नभेटिदा हुनुहुन्न अरे भनेर म जवाफ दिथो । मिसिल सामेल मृतक महिलाका फोटोहरू हेर्दा मैले कहिले नदेखेकी रहेछु, चिन्दिन भन्ने समेत व्यहोराको लिला कुइकेल (कडरिया) ले गरी दिएको घटना विवरण कागज ।

मैले सञ्चालन गर्दै आएको फोन नं. ५५५१३१ को टेलिफोन सेवा ने.क.पा.(एमाले) बुधवारे गाउँ

कमिटीको नाममा दर्ता रहेको छ । प्रतिवादी राजकुमार श्रेष्ठको घर मेरो पि.सि.ओ. देखि ८०० मिटर उत्तरमा पर्छ । राजकुमार श्रेष्ठको घरमा फर्निचर उद्योग सञ्चालन गरेको हुँदा विभिन्न नम्बरहरूबाट फोन आइरहन्थ्यो र राजकुमार श्रेष्ठलाई बोलाई रहनु पर्थ्यो । राजकुमार श्रेष्ठलाई केटा मानिसहरू र केटी मानिसहरूले फोन गरिरहन्थे । तर फोन नं. ५४२०४२ बाट कल्पना सुवेदीले फोन गरेको मलाई यकीन थाहा भएन किन भने मैले नाम थर वतन सोधी खोजी गर्दिनथे । मेरो पि.सि.ओ. मा विशेष गरी म र मेरी दिदी नाता पर्ने लिला कुइकेल बस्ने गर्छौं । राजकुमार श्रेष्ठलाई धेरै जनाले धेरै नम्बरबाट फोन गरी बोलाई दिन अनुरोध गरिरहने हुँदा सबै कुरा मैले ख्याल गरिन । मिसिल सामेल फोटो हेरे, मैले चिने देखेका होइनन् भन्ने समेत व्यहोराको सन्तोष पोखरेलले गरिदिएको घटना विवरण कागज ।

कल्पना भन्ने यामकुमारी सुवेदीलाई मारिएको घटनास्थल तथा लास प्रकृति मुचुल्काको व्यहोरा र मृतकका फोटोहरू हेरो, पढे तर मैले उसलाई जीवनमा कहिले देखेको चिनेको नहुँदा मैले कर्तव्य गरी मारेको होइन । कल्पना भन्ने यामकुमारी सुवेदीको छोरा भनिएको चुडामणि सुवेदीलाई देखेको चिनेको थिएन । त्यही अस्ती गते बार थाहा भएन, मलाई चिनाउन भनेर काकरभिट्टा पुलिस थानामा ल्याएको रहेछ । त्यसैबेला मृतकको छोरा अरे भनेर थाहा भएको हो । उसलाई मैले इलाम जाउँ घुमाउछु भनेको पनि होइन । उसको डेरामा आउँदा आमासँग बस्ने, कुरा गर्ने गरेको होइन । रमपम चाउचाउ खाएको, सँगै लिएर हिड्ने काम गरेको पनि होइन, त्यतिकै झूठा आरोप लगाएको हो । मे. १ प ५३४ नं. रातो हिरोहोण्डा मोटरसाइकल मेरो हो, झापा शनिश्चरे-१ बस्ने विक्रम राजभण्डारीबाट ६ महिना अगाडि रु.२५,०००।- मा किनेको हो, उसैको नाममा भएकोले नामसारी गर्न बाँकी छ । अनारमनी -४ मा डेरा गरी बस्ने सुनीता रायलाई म चिन्दिन । मैले मे १ प ५३४ नं. मोटरसाइकलमा घटनास्थल भनिएको जंगलमा पटक-पटक लैजाने बस्ने, मोटरसाइकल सिकाउने गरेको कल्पना भन्ने यामकुमारी सुवेदीलाई होइन । झापा शनिश्चरे बस्ने मेनुका भारती भन्ने केटी चाहिँ हो । शान्तिराम सुवेदी समेत ५ जनाले मलाई र मे. १ प ५३४ नं. मोटरसाइकल राम्रै चिनेछन्, ठीकै हो तर केटी चाहिँ कल्पना सुवेदी भन्ने यामकुमारी सुवेदी चाहिँ होइन मेनुका भारती भन्ने केटी हुन् । म माया चौधरीलाई नै चिन्दिन, किन मलाई कल्पना भन्ने यामकुमारी सुवेदीलाई भेट्न आइरहने यही हो भनेर सनाखत गरिन् निजै जानून् । म कल्पना सुवेदीसँग रिक्सामा हिडेको छैन । टेकनाथ काफ्लेलाई पनि चिन्दिन । मलाई कसरी चिन्यो र सनाखत गरेको हो । कल्पना सुवेदीसँग फोनवार्ता नै भएको छैन । मलाई फोन ५४२०४२ बाट फोन पनि आउँदैनथ्यो । १ वर्ष अगाडि शनिश्चरे-९ बस्ने गीता पौडेल घरमा आउँदा जाँदा मेनुका भारतीसँग चिनजान भएको र २०६३ साल वैशाखमा मैले मेनुका भारतीलाई मोटरसाइकल चलाउन सिकाउँन धाइजनको जंगलमा मे १ प ५३४ नं. को मोटरसाइकलमा लगेको र मेरो र मेनुका भारतीबीच यौनसम्पर्क भयो । त्यस पछाडिदेखि हामी बराबर सोही जंगलमा जाने यौनसम्पर्क गर्ने गर्थ्यौं भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

म कुमार इञ्जिनियरिङ्ग वर्कसप (कुमार ग्यारेज) को सञ्चालक मालिक हुँ । म झापा बुधवारे-२ जयपुर बस्ने राजकुमार श्रेष्ठलाई चिन्छु । राजकुमार श्रेष्ठ बराबर मेरो ग्यारेजमा आइरहने गर्थे । आइरहने हुँदा मिति २०६३।४।१३ गते मेरो ग्यारेजमा आएका थिए कि थिएनन् थाहा भएन । आउँदा रातो रंगको मोटरसाइकलमा आउँथे, नम्बर थाहा भएन । आउँदा कहिले काहीँ प्रभु श्रेष्ठलाई लिएर आउथे, नत्र एक्लै आउथे । केटी मानिस लिएर आएको थाहा छैन । मिसिल सामेल मृतक महिलाको फोटोहरू हेरो । तर मैले चिनेको महिला होइनन् र यस महिलालाई मैले राजकुमार श्रेष्ठसँग हिंडेको देखेको थिएन भन्ने समेत व्यहोराको शरदकुमार श्रेष्ठले गरेको घटना विवरण कागज ।

मेरो र प्रतिवादी राजकुमार श्रेष्ठबीच चिनजान भएको ३ वर्ष जति भयो । प्रतिवादीको फर्निचर उद्योग भएकोले फर्निचर किन्न जाँदा चिनजान भएको हो । यस्तैमा २०६३ साल साउन १० गते राजकुमार श्रेष्ठले रु. १०,०००।- सापटी मागी लगेको हुँदा दिएकी थिएँ ।

सामान बनाई मागुँला वा रकम फिर्ताए लिउँला भनेकी थिएँ, त्यो रकम लिन बाँकी नै छ। आर्थिक कारोवार त्यति नै हो । मेरो र मेनुका भारतीको घर एकै ठाउँमा भएको हुँदा धेरै अगाडि देखिको चिनजान हो । प्रतिवादी राजकुमार श्रेष्ठले मेरो घरमा आउँदा जाँदा मेनुका भारती र राजकुमार श्रेष्ठको आफै बोलचाल भएको होला । मैले यी दुवै जनालाई चिनजान गराई दिएको होइन भन्ने समेत व्यहोराको श्रीमती गीता पौडेलले गरी दिएको घटना विवरण कागज ।

मैले राजकुमार श्रेष्ठलाई २०६२ साल मंसिर महिनादेखि चिनेको हुँ । राजकुमार श्रेष्ठ झापा शनिश्चरे-९ बस्ने गीता पौडेलको घरमा आएका रहेछन् । घरमा फर्निचर पसल छ भने, मलाई पनि टि.भी. सो केश चाहिएको छ भने, उसले बनाई दिउला भने र बोलचाल चिनजान भएको थियो । हामीबीच कुनै नाता सम्बन्ध पर्दैन । उसले मलाई बैनी भन्छ, म दाजु भन्छु । राजकुमार श्रेष्ठ मोटरसाइकलमा चढेर हिड्ने गरेको थाहा छ । तर मोटरसाइकलको नम्बर थाहा छैन । म निजसँग त्यसरी मे.१प ५३४ नं. को मोटरसाइकलमा चढेर कहिले हिडेकी छैन । त्यसरी धाइजन बुधवारे बीचको जंगलमा कहिले आएको छैन । मलाई प्रतिवादी राजकुमार श्रेष्ठले गरेको बयान पढेर सुनाउँदा सुने, चित्त नबुझेर फेरि आफै हेरेर पढेँ । मलाई निजले मे १प ५३४ नं. मोटरसाइकलमा जंगलमा ल्याएर पटक-पटक यौनसम्पर्क गरेको, मोटरसाइकल चलाउन सिकाएको, धुलावारी घुमाउन लगेको, सामान किन्न गएको भनेर उल्लेख गरेका रहेछन् । त्यो सबै कुरा झूठा हो, आफूले गरेको कसूरबाट बच्नका लागि त्यसरी मलाई मुछेको होला । मलाई त्यसरी मे.१प ३५४ नं. को मोटरसाइकलमा राखेर राजकुमार श्रेष्ठले त्यसरी हिडाएको जंगलमा लगेको, यौनसम्पर्क गरेको, मोटरसाइकल सिकाएको देख्ने को रहेछन् ती मानिसलाई यो प्रमाण पुऱ्याउनु पऱ्यो । त्यसरी जथाभावी लेखाउन पाइन्छ ? भन्ने व्यहोराको मेनुका भारतीले गरिदिएको घटना विवरण कागज ।

२०६३ साल असार महिनातिर एउटा रातो मोटरसाइकलमा केटाकेटी आउछन् जान्छन् भन्ने सुनेकी थिएँ । असार महिनाकै अन्तिमतिर होला म भैंसी सार्न गएकी थिएँ, गते बार थाहा भएन । मेरो घरको पूर्वपट्टि बाँसघारीमा मैले घटनास्थलमा देखेकी मृतक महिलालाई त्यही गुलाबी रंगको कुर्था सुरुवाल, सल, कालो चप्पलमा एक जना गोरो, मोटो अनुहारमा खत भएको अन्दाजी ३५/४० वर्षको पुरुष मानिसको काखमा बसेर हाँसी गफ गरी रहेको अवस्था देखेकी थिएँ । मलाई देख्नासाथ केटी काखबाट ओर्लेर अलिपर बसी, मलाई शरम लाग्यो, म घरतिर आएँ । छिमेकीलाई सुनाएँ, गाउँका मानिसहरूले ती केटाकेटीलाई समाउने योजना बनाएका थिए । त्यसपछि पनि मैले त्यही रंगको मोटरसाइकलमा तिनै केटाकेटी जोडीलाई जंगलमा पसेको र ३/४ घण्टाभित्र जंगलबाट फर्केको देखेको थिएँ । मिति २०६३।४।१४ गते त्यही केटीलाई जंगलमा मृत अवस्थामा देखियो । यी केटीलाई मैले चिनेको थिइन । हाल बुझ्दा केटी झापा जलथल गाउँ विकास समिति वडा नं.८ बस्ने कल्पना भन्ने यामकुमारी सुवेदी हो भन्ने सनाखत भयो अरे । निज मृतकलाई मार्ने भनिएको प्रतिवादी राजकुमार श्रेष्ठलाई पक्राउ गरी देखाउँदा सो मानिसले नै लिई हिडेकी देखेकी हुँ भन्ने समेत व्यहोराको पवित्रा लकान्द्रीले गरिदिएको घटना विवरण कागज ।

मिति २०६३।४।१४ गते ११ बजे जंगलभित्र मारेर राखेको एक महिलाको लास छ भन्ने सुनी घटनास्थलमा हेर्न आएको थिएँ । हेर्दा गुलाबी रंगको कुर्था सुरुवाल लगाएकी महिलालाई मृत अवस्था देखेको हुँ । हेर्दा निधारमा गहिरो चोट, अगाडि घाँटीमा नीलडाम भएको कुहिनामा दरफरिएको, छेउमा रगत लागेको ढुङ्गा समेत देख्दा कर्तव्य गरेर नै मारेको हो तर कर्तव्य गरेर मारेको चाहिँ आखाँले देखिन । यी मृतक महिलालाई यो अगाडि सोही ड्रेसमा धेरै पटक मे १ प ५३४ नं. को रातो मोटरसाइकलमा यसै डोरमा उपस्थित प्रतिवादीसँग पछाडि बसेर घटनास्थल जंगलभित्र पसेको र निस्केको देखेको हो भन्ने पुष्प खतिवडा र नारायण कोइरालाले लेखाई दिएको र मिति २०६३।४।१३ गते म धान रोप्दै गरेको बेलुका अं.४।३० बजेको समयमा एक जना गोरो गोरो मोटो अनुहारमा छिप्रा भएको अं. ३०।३२ वर्षको केटाले रातो रातो रंगको कुर्ता सुरुवाल लगाएकी महिलालाई साथमा लिएर कालिका सामुदायिक वनभित्र लगेको देखेकी थिएँ । भोलिपल्ट मिति २०६३।४।१४ गते जंगलमा लास छ अरे भन्ने सुनेर हेर्न जाँदा त्यही

केटीलाई मृत अवस्थामा देख्दा त्यही केटाले मारेकोमा शंका लाग्छ । त्यो केटा भनेको यस डोरमा उपस्थित यिनै प्रतिवादी राजकुमार श्रेष्ठ हुन भनी धनमाया गौतमले लेखाईदिएको वस्तुस्थिति मुचुल्का ।

जिल्ला झापा मेचीनगर नगरपालिका वडा नं. १० स्थित इलाका प्रहरी कार्यालय काकरभिट्टाको कम्पाउण्डमा राखिएको मे. १ प.५३४ नं. मोटरसाइकल बरामद गरी दिनुहोस् भनी प्रहरीले भनेकोमा मेदनीप्रसाद न्यौपानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजकुमार श्रेष्ठ भएको कर्तव्य ज्यान मुद्दाको सम्पूर्ण मिसिल कागजातहरू अध्ययन गर्‍यौं । यसमा घटनास्थल वारदात अगाडिका दिनहरूमा प्रतिवादी यही मे १ प ५३४ नं. मोटरसाइकल थान-१, हेलमेट थान-१, सवारी दर्ता प्रमाणपत्र किताब थान-१, प्रतिवादीको लाइसेन्स थान-१ र नागरिकता प्रमाणपत्र थान-१ समेत प्रहरीले हाम्रो रोहवरमा बरामद गरेको ठीक हो भन्ने बरामदी मुचुल्का ।

मिसिल संलग्न सम्पूर्ण कागजातहरूबाट प्रतिवादीले योजनाबद्ध तरिकाले मिति २०६३।४।१३ गते बेलुकी पख मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई घटनास्थल जंगलमा पुर्‍याई ढुङ्गाले निधारमा प्रहार गरी सो पश्चात् घाटीमा थिची कर्तव्य गरी मारेको पुष्टि भएकाले प्रतिवादी राजकुमार श्रेष्ठले कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरेर मारी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. महलको १३ नं. को देहाय (३) को कसूर गरेको देखिँदा निज प्रतिवादी राजकुमार श्रेष्ठलाई ऐ. महलको १३ नं. को देहाय ३ बमोजिमको सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई मैले देखेको चिनेको छैन । निजलाई मैले जंगलमा लैजाने, यौनसम्पर्क गर्ने र मोटरसाइकल सिकाउने समेतका कुनै पनि कार्य गरेको होइन । उक्त मिति २०६३।४।१३ गते विर्तामोड कुमार ग्यारेजमा मिलको (काठमील) सामान किनी ४।३० बजेतिर आफ्नै फर्निचर पसल बुधवारेतर्फ लागेको हुँ । उक्त दिन म घटनास्थलतर्फ गएको पनि होइन । को कसले मारे मलाई थाहा छैन । म उक्त मोटरसाइकलमा कालिका सामुदायिक वनमा जाने आउने गर्दैनथे । झापा, शनिश्चरे-९ बस्ने मेनुका भारतीसँग धुलावारी बजारमा सामान किन्न, घुम्न आउँदा त्यही जंगल बाटोबाट उक्त मोटरसाइकलमा आउने जाने गरेको हो र निज मेनुका भारतीलाई मोटरसाइल सिकाउँदा समेत उक्त स्थानमा ३।४ पटक आउने जाने गरेको हो । मिति २०६३।४।१३ मा उक्त स्थानमा आएको होइन । म मृतक बस्ने डेरा कोठामा आउने जाने गरेको होइन । प्रहरीमा बुझिएका मानिसहरूलाई चिनेको छैन, निजहरूले किन पोल गरे थाहा भएन । मैले अभियोग दावीअनुसारको कसूर अपराध नगरेको हुँदा सजाय हुनु नपर्ने, सफाइ पाउनुपर्ने हो भन्ने समेत व्यहोराको प्रतिवादी राजकुमार श्रेष्ठले अदालतसमक्ष गरेको बयान ।

बुझिएका सम्पूर्ण व्यक्ति तथा जाहेरवाला समेतले प्रतिवादीउपर शंका विश्वास व्यक्त गरेको अवस्था भै अ.बं. ११८ नं. को देहाय (२) को अवस्था विद्यमान नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीसँग रु. ५०,०००।- नगद वा सो बराबरको जेथा जमानी दिए लिई तारिखमा राखी नसके कानूनबमोजिम मुद्दामा पुर्पक्ष गर्न थुनामा राख्नु भन्ने झापा जिल्ला अदालतको मिति २०६३।५।२५ को थुनछेकको आदेश ।

मेरो ज्वाईले विदेशबाट पठाएको फैसला निज प्रतिवादी राजकुमार श्रेष्ठलाई छोरीले दिने गरेको र अहिले सो रुपैयाँ माग्न थाल्दा रिसले नै कर्तव्य गरी मेरो छोरीलाई मारेको हो भन्ने समेत व्यहोराको जाहेरवाला मेदनीप्रसाद न्यौपानेले गरेको बकपत्र ।

वारदात मितिमा म विष्णु प्रसाईको खेतमा धान रोप्दै गर्दा छिर्के छिर्के अनुहार भएको केटो र रातो रातो रंगको कुर्ता सुरुवाल लगाएको मानिस वनभित्र पसेको देखेको हो, भोलिपल्ट वनभित्र लास छ भनी गई हेर्दा त्यही हिजो देखिएको रातो रातो रंगको कुर्ता सुरुवाल लगाउने आइमाई मानिस नै रहेछ भन्ने समेत व्यहोराको वस्तुस्थिति मुच'ल्काकी मानिस धनमाया गौतमले गरेको बकपत्र ।

वारदात मितिको दिउँसो ४ बजेदेखि ६ बजेसम्म म प्रतिवादीसँगै थिएँ । उक्त दिन उनी विर्तामोड सामान किन्न गएका थिए । काठको पैसा माग्न भनी जाँदा म ४ बजे मीलमा पुग्दा मोटरसाइकल पछाडि मेसिनरी सामान राखिएको कार्टुन लिई आएको

अवस्थामा भेट भएको हो । निजको चालचलन असल छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी भोगेन्द्रकुमार तिम्सिनाको बकपत्र ।

प्रतिवादी राजकुमार श्रेष्ठ असल चरित्रका मानिस हुन्, घटना घटेको दिन उनीलाई मैले बिहान पनि देखेको, बेलुका ४ बजेतिर पनि भेटेको हो । त्यस दिन उनी गाउँ थिए, बेलुका ४ बजे मोटरसाइकल लिई फर्केको देखेको भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी दीलिप श्रेष्ठले गरेको बकपत्र ।

प्रतिवादीले मृतकलाई मारेको भन्ने कुरा झूठा हो । म उनीहरूसँग सानैदेखि सँगै पढेको उनी त्यस्तो चरित्रका होइनन्, वारदातका दिन पनि मैले ५।३० बजेतिर उनको मीलमा भेटेको हो भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी कुमार श्रेष्ठले गरेको बकपत्र ।

मिति २०६३।४।२४ गतेको चुडामणि सुवेदीले गरिदिनु भएको कागजको रोहवरमा म बसेको हुँ सहिछाप मेरै हो भनी विष्णुकुमार न्यौपानेले गरिदिएको बकपत्र ।

प्रतिवादी राजकुमार श्रेष्ठलाई रु.५०,०००।- धरौटी माग भै तारिखमा राख्ने गरी भएको आदेश त्रुटिपूर्ण हुँदा थुनामा राखी मुद्दाको पुर्पक्ष गरिपाऊँ भनी वादी नेपाल सरकारले पुनरावेदन अदालत, इलाममा दिएको अ.वं. १७ नं. बमोजिमको निवेदन ।

प्रतिवादीबाट रु. ५०,०००।- धरौट लिने गरी झापा जिल्ला अदालतबाट मिति २०६३।५।२५ मा भएको आदेश मिलेको नदेखिँदा सो बदर भै पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी राजकुमार श्रेष्ठलाई अ.वं. ११८(२) नं. अनुसार थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने पुनरावेदन अदालत, इलामको मिति २०६३।९।६ को आदेश ।

सन्तोष पोखरेल, लिला कुइकेल, टेकबहादुर रसाइली, पवित्रा लकान्द्री, गंगा गहतराज, भरतकुमार राई, शान्तिराम तिवारी, लोकनाथ पोखरेल, नारायण कोइराला, पुष्पा खतिवडा, शरदकुमार श्रेष्ठ, टेकमाया काफ्ले, जमुना बुढाथोकी, धनमाया गौतम र माया चौधरीका नाममा अ.वं. ११५ नं. बमोजिम जारी गरी भएको म्याद तामेल भै गुजारी बसेको ।

प्रहरीमा भएको कागजमा "म राजकुमार श्रेष्ठको मोटरसाइकलमाा कहिल्यै हिडेको छैन" भन्ने व्यहोरा चाँहि मेरो होइन । म २/३ पटक शनिश्चरे जयपुर हुँदै धुलाबारीसम्म गएको छु । पछिल्लो पटक मिति २०६३।४।१ गते जयपुर हुँदै धुलाबारीसम्म गएकी थिएँ भन्ने समेत व्यहोराको अ.वं.११५नं. बमोजिम बुझिएकी मेनुका भारती गिरीले अदालतमा गरेको बकपत्र ।

मिति २०६३।५।१८ मा इलाका प्रहरी कार्यालय काकरभिट्टामा भएको कागजको व्यहोरा सहिछाप मेरै हो । प्रतिवादी राजकुमार श्रेष्ठ कहाँ छन् थाहा छैन । मिति २०६३।४।१० मा दिएको रु.१०,०००।- फिर्ता दिएको छैन भन्ने समेत व्यहोराको अ.वं. ११५ नं. बमोजिम बुझिएकी गीता पौडेलले गरेको बकपत्र ।

प्रतिवादी हाल नाम थाहा भएका राजकुमार श्रेष्ठ मेरो मम्मीको मृत्यु हुनु अघि हाम्रो डेरामा आई बस्ने, साँझ ८.०० बजेसम्म गफ गर्ने गर्दथ्यो । म उसलाई चिन्दछु, अनुहारमा खत छ, गहुँ गोरो अन्दाजी ५१/२ फीट उचाईको छ । रातो रंगको मे.१ प ५३४ नं. को हिरोहोण्डा मोटरसाइकल लिएर आउथ्यो । मम्मीलाई सोद्धा तिम्रो मामा हो भन्नुहुन्थ्यो । यिनै राजकुमार श्रेष्ठले मेरो आमा यामकुमारीलाई कर्तव्य गरी मारेका हुन् र लेनदेनको कारण हुन सक्छ, उनीहरूबीच अवैध सम्बन्ध पनि हुनसक्छ, आँखाले देखिन, इन्कार गर्न पनि सक्तिन भन्ने समेत व्यहोराको मृतकका छोरा चुडामणि सुवेदीले अदालतमा आई गरेको बकपत्र ।

यसमा सबूद प्रमाणहरू एवं बुझिएका मानिसहरूको भनाईबाट यी प्रतिवादी राजकुमार श्रेष्ठ लोग्ने परदेश गएकी महिला मृतक कल्पना भन्ने यामकुमारी सुवेदीको घरमा जाने आउने, टेलिफोनबाट आपसमा सम्पर्क स्थापित गरिरहने, प्रतिवादीको आफ्नो मोटरसाइकल मे.१ प ५३४ मा बारम्बार घुमाउँदै घटनास्थल धाइजनको जंगलमा लगिरहने र वारदात हुनुभन्दा अघिल्लो दिन पनि मृतकलाई सोही घटनाको जंगलमा लगी तीन के.जी. को ढुङ्गाले टाउकोमा हिर्काई प्रतिवादीले नै कर्तव्य गरी मारी छोडी हिडेको कुरा तथ्यगत रुपले मालाकार कडीको रुपमा सिद्ध हुन आएकोले कर्तव्य गरी मारेको होइन भन्ने प्रतिवादीको इन्कारी बयान जिकीर मुनासिब नहुँदा अभियोग माग दावीबमोजिम प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. ले सर्वस्वसहित जन्मकैद हुने ठहर्छ भन्ने शुरु झापा जिल्ला अदालतको मिति २०६५।११।२२ को फैसला ।

बुझिएका गंगा गहतराज समेतका व्यक्तिहरूले मृतक र प्रतिवादी मे.१प ५३४ नं. को मोटरसाइकलमा आई लास भेटिएको जंगलमा पस्ने गरेको देखेको भनी मौकामा लेखाई दिएको देखिएकोमा हाल निजहरूले अदालतमा आई बकपत्र गरेको देखिँदैन तापनि अदालतमा आई बपकत्र गर्ने मृतकका छोरा, धनमाया गौतम समेतको बकपत्रबाट निजहरूको मौकाको कागज व्यहोरा थप पुष्टि भै रहेको देखिन्छ। मौकामा बुझिएकी घटना विवरण कागज गर्ने मेनुका भारती गिरीले मौकामा गरेको कागजमा प्रतिवादी राजकुमार श्रेष्ठले आफ्नो मोटरसाइकलमा जंगलमा ल्याएर आफूसँग पटकपटक यौनसम्पर्क गरेको भन्ने निज प्रतिवादीको मौकाको बयान व्यहोरालाई इन्कार गर्दै आफूले गरेको गल्ती कसूरबाट बच्न मलाई त्यसरी मुछेको होला भनी लेखाईदिएकोमा अदालतमा आई बकपत्र गर्दा म राजकुमारको मोटरसाइकलमा कहिल्यै हिडेको छैन भन्ने मौकाको कागजको व्यहोरासम्म आफ्नो नभई प्रतिवादीसँग २/३ पटक शनिश्चरे जयपुर हुँदै धुलाबारीसम्म गएको हुँ भन्दै पछिल्लो पटक २०६३ साल साउन १ गते त्यसरी गएको कुरा खुलाई बकी लेखाई दिएकी छन् तापनि एकातिर निज प्रतिवादीले अदालतमा बयान गर्दा उल्लेख गरेझैं निज मेनुका मोटरसाइकल सिक्ने क्रममा प्रतिवादीसँग त्यसरी हिडेको भन्ने देखिँदैन भने अर्कोतिर प्रहरीमा कागज गर्ने व्यक्तिहरूले मेनुका भारतीलाई मोटरसाइकल सिकाउने क्रममा देखेकोमा त्यसैको अनुमान गरी उनीहरूले मृतकलाई नै मैले ल्याउने लाने गरेको देखेको भनी लेखाई दिएको हुनुपर्छ भनी प्रतिवादीले स.ज. १२ मा लेखाईदिएको देखिएपनि प्रतिवादीसँग आउने जाने गरेको देख्ने भनिएका बुझिएका व्यक्तिहरूले आफूले त्यसरी देखेको व्यक्ति यिनै मृतक हुन् भनी हुलिया समेत खुलाई व्यहोरा लेखाईदिएको देखिँदा प्रतिवादीले आफू कसूरबाट बच्नसम्म मेनुका भारतीलाई देखाएको भन्ने देखिन्छ। यस स्थितिमा तथ्यगत प्रमाण समेतको आधारमा निज प्रतिवादीको इन्कारी बयान तथा निजका साक्षी दिलिप श्रेष्ठ समेतको बकपत्रको व्यहोरासँग सहमत हुन सकिएन।

यसर्थ, मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादी राजकुमार श्रेष्ठले अभियोग दावीबमोजिम मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई योजनाबद्ध ढंगले एकान्त जंगलमा पुऱ्याई ढुङ्गा समेत प्रहार गरी कर्तव्य गरी मारेकै देखिँदा निजलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई भएको शुरु झापा जिल्ला अदालतको मिति २०६५।११।२२ को फैसला मुनासिबै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६६।११।२३ को फैसला।

न्याय प्रशासन ऐन, २०४८ को दफा १०(२) बमोजिम साधक जाँचका लागि मिसिल यसै साथ पठाएको छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, इलामको च.नं. १३०३ मिति २०६७।८।२७ को पत्र।

पुनरावेदन अदालत, इलामबाट प्रतिवादी राजकुमार श्रेष्ठको नाममा जारी भएको म्याद मिति २०६७।३।१० मा तामेल भएकोमा पुनरावेदन परेको नदेखिएको भन्ने यस अदालतको मिति २०६७।१२।२३ को पत्र।

नियमबमोजिम साधक जाँचको लागि पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी पुनरावेदन अदालत, इलामबाट मिति २०६६।११।२३ मा फैसला भई प्रतिवादीका नाममा जारी भएको ७० दिने पुनरावेदनको म्याद मिति २०६७।३।१० मा तामेल भई निजले पुनरावेदन नगरेको र निजको हकमा साधकको रोहबाट हेर्दा पुनरावेदन अदालत, इलामको फैसला मिलेको छ छैन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा साइला ज्वाई भागीरथ सुवेदी रोजगारको सिलसिलामा साउदी अरबमा रहेका र छोरी कल्पना भन्ने यामकुमारी सुवेदी र नातिहरू झापा अनारमनी ४ मा डेरा लिई बस्दै आएको क्रममा मे.१ प ५३४ नं. को रातो मोटरसाइकल लिई छोरीको कोठामा आइरहने, छोरीलाई त्यही मोटरसाइकलमा लिएर कता कता हिड्ने, फोन गरागर गर्ने व्यक्ति राजकुमार श्रेष्ठ हो भनी नातिले सनाखत समेत गरेको र छोरी कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरी मारी गरगहना तथा नगद समेत लग्ने व्यक्ति निज राजकुमार श्रेष्ठ भएको हुँदा कानूनबमोजिम कारवाही गरिपाऊँ भनी मृतकका बाबु मेदनीप्रसाद

न्यौपानेको किटानी जाहेरी दरखास्त तथा प्रतिवादी राजकुमार श्रेष्ठले योजनाबद्ध तरिकाले मिति २०६३।४।१३ गते बेलुकी पख मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई घटनास्थल जंगलमा पुऱ्याई ढुङ्गाले निधारमा प्रहार गरी सोपश्चात् घाँटी थिची कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी भएको प्रस्तुत मुद्दामा निम्न विवादित विषयको निरोपण गर्नुपर्ने देखियो ।

(क) मृतकको मृत्यु कर्तव्यबाट भएको हो होइन ?

(ख) कर्तव्यबाट भएको भए यी प्रतिवादीको संलग्नतामा भएको हो होइन ?

(ग) दावीबमोजिम यी प्रतिवादीलाई सजाय हुनुपर्ने हो होइन ?

(घ) पुनरावेदन अदालत, इलामको फैसला मिलेको छ छैन ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा जिल्ला झापा धाइजन गाउँ विकास समिति वडा नं.४ स्थित कालिका सामुदायिक वनको मध्यभागमा गुलावी रंगको कुर्ता सुरुवाल लगाएकी अं.२८/३० वर्षको हेर्दा क्षेत्रिनी/बाहुनी जस्ती देखिने महिलाको लास देखिएको, नाकबाट खुन आएको, दुवै आँखा वरिपरि नील, देब्रे गाला देखि च्यापु हुँदै अगाडि घाँटीसम्म तथा छातीमा टेकेको बालुवा सहितको पाइला देखिएको, दुवै कुहिना पिल्सेको, वरिपरि झाडी माडिएको हुँदा कर्तव्य गरी मारेको देखिएको भन्ने प्र.स.नि. केशवराज कटुवालले मिति २०६३।४।१४ मा प्रतिवेदन दिएको देखिन्छ। लासजाँच मुचुल्कामा, "कालिका सामुदायिक वनको मध्यभाग स्थित पूर्वमा बुधबारे जाने बाटोबाट मंगली जाने उत्तर दक्षिण बाटो, पश्चिम उत्तर र दक्षिण तीनतर्फ नै जंगल यति चारकिल्लाभित्र मसिना रुख विरुवाहरू भएको ठाउँ पुरा माडिएको, सोही स्थानमा दक्षिण पूर्व टाउको, उत्तर पश्चिम खुट्टा, देब्रे हात पेट नजिक, दाहिने हात फैलाई दुवै गोडा फाडी खुम्चिएको उत्तानो अवस्थामा गुलाबी रंगको कुर्ता सुरुवाल लगाएकी अं.२८/३० वर्षको महिलाको लास गुलाबी रंगको सल माथि उत्तानो अवस्थामा रहेको, दुवै आँखा बन्द, वरिपरि नील भएको, नाकको दुवै प्वालबाट रगत निस्की सुकेको, मुख अर्ध खुल्ला भई जिब्रो टोकेको, बीच निधारमा ३ ईन्च गोलाईको चोट हेर्दा भित्र हड्डी देखिएको, घोप्टो पारी हेर्दा नाकको प्वालबाट रगत निस्केको, दुवै कुहिनामा दरफरिएको घाउहरू, देब्रे गालामुनी च्यापु किलकिलेसम्म नीलडाम र प्रष्ट नदेखिने खुट्टाले टेकेको बालुवा देखिएको पेटमा निलो डाम बसेको देखिएको भन्ने उल्लेख भएको र शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्यु Head Injury को कारणबाट भएको हो भन्ने उल्लेख हुँदा मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्यमा विवाद भएन ।

३. अब, दोस्रो प्रश्नतर्फ विचार गर्दा मृतक कल्पना भन्ने यामकुमारी सुवेदीको मृत्यु यी प्रतिवादी राजकुमार श्रेष्ठको कर्तव्यबाट भएको हो होइन भन्नेतर्फ हेर्दा अदालतसमक्ष प्रतिवादी आरोपित कसूरमा इन्कार रहे तापनि निजले गरेको बयानमा मोटरसाइकलमा कालिका सामुदायिक वनमा जाने आउने गरेको, झापा, शनिश्चरे-९ बस्ने मेनुका भारतीसँग धुलावारी बजारमा सामान किन्न, घुम्न तथा निज मेनुका भारतीलाई मोटरसाइल सिकाउन जाँदा उक्त जंगलमा जाने गरेको भए पनि मृतक यामकुमारीलाई आफूले कर्तव्य गरी नमारेको भनी आफ्नो व्यहोरा लेखाएका छन । मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा कल्पना भन्ने यामकुमारी सुवेदीलाई कर्तव्य गरी मारेको कुरामा इन्कार रहे पनि मे.१ प ५३४ नं. को रातो हिरोहोण्डा मोटरसाइकल आफ्नो भएको र घटनास्थल भनिएको जंगलमा उक्त मोटरसाइकलमा मेनुका भारतीलाई पटक-पटक लिई गई बस्ने तथा सोही जंगलमा निजसँग बराबर यौनसम्पर्क हुने गरेको भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादी आरोपित कसूरमा इन्कार रहे पनि वारदात भएको स्थान कालिका सामुदायिक वनमा मृतकसँग नभई अर्की महिला मेनुका भारतीसँग जाने आउने गरेको र निजसँग यौन सम्पर्क समेत सोही स्थानमा हुने गरेको भनी जुन महिलालाई आफ्नो निर्दोषिताको आधार बनाएका छन् निज महिला मेनुका भारतीले गरेको कागजबाट प्रतिवादीको इन्कारी बयान कुन हदसम्म सत्यतामा रहेको छ भन्ने मार्ग चित्रण गर्ने र निज मेनुका भारतीले गरेको कागज प्रस्तुत विवादको तथ्य विश्लेषणको आधारभूत प्रमाणको कडीको रुपमा रहेको हुँदा निजले गरेको कागज मनन्

गर्नुपर्ने देखिन आएको छ । निजले अनुसन्धानको क्रममा गरेको कागजमा राजकुमार श्रेष्ठले चलाउने गरेको मे.१ प ५३४ नं. को मोटरसाइकलमा चढी बुधवारे बीचको कालिका सामुदायिक वनको जंगलमा कहिले नआएको, निजसँग यौन सम्पर्क समेत गरेकी छैन, आफूले गरेको कसूरबाट बच्नका लागि मलाई मुछेको हो भनी उल्लेख गरी प्रतिवादीले जुन जुन कुरामा मेनुकाका बारेमा लेखाएका छन् प्रतिवादीका उक्त सबै कुरा कपोलपल्पित भएको भनी पूर्णतः इन्कार गरेकी छिन । मृतक यामकुमारी सुवेदीलाई नभई मेनुका भारतीलाई मे.१ प ५३४ नं. को मोटरसाइकलमा राखी समय समयमा घटनास्थल भएको ठाउँ कालिका सामुदायिक बन लाने गरेको भन्ने प्रतिवादीको बयान निज मेनुका भारतीको कागजबाट खण्डित हुन आएको छ । मूलभूत रुपमा प्रतिवादीले मे.१ प ५३४ नं.को मोटरसाइकलमा राखी कालिका सामुदायिक बनभित्र लाने गरेको महिला मृतक यामकुमारी हुन वा अर्की नै महिला हुन् भन्ने सम्बन्धमा मृतक यामकुमारीको विषयमा प्रतिवादी इन्कार रहेका र मेनुकाका विषयमा निजै मेनुका भारतीले प्रतिवादीको भनाई खण्डन गरिसकेको अवस्थामा सो घटनाको यथेष्ट जानकारी प्राप्त गर्ने कालिका सामुदायिक बनक्षेत्रका आसपासका स्थानीय बासिन्दा तथा वनका पाले समेतले व्यक्त गरेको कुरा नै प्रस्तुत विवाद निरोपण गर्न सहायक सिद्ध हुने प्राथमिक प्रमाणको रुपमा रहन गएको छ ।

४. कालिका सामुदायिक वनको उत्तर आदर्श नमूना सामुदायिक वनका बनरक्षक भरतकुमार राईले गरेको कागजमा मे.१ प ५३४ नं. को रातो हिरोहोण्डा मोटरसाइकलमा केटा र केटी दुई जना भई मिति २०६३।४।७ गते भन्दा अगाडि पनि जंगलमा आई बसी गएका र मिति २०६३।४।७ गते बेलुका ४ बजेको समयमा पनि सोही मोटरसाइकलमा निजै महिलासहित सो जंगलबाट निस्की गएका र मिति २०६३।४।१४ गते जंगलभित्र देखेको लास घटना हुनुभन्दा पहिला आउँदा लगाउने गरेको त्यही लुगा लगाएको अवस्थामा लास रहेको र यो घटना पछाडि त्यो मोटरसाइकल, मानिस र कोही केटी जंगलमा आएको नदेखेको हुँदा पहिला सँगै लिई आउने व्यक्तिले मारेको हुनुपर्छ भनी लेखाएको पाइन्छ । यसै गरी वस्तुस्थिति मुचुल्काका व्यक्ति धनमाया गौतमले गरेको कागजमा मिति २०६३।४।१३ गते अं.४।३० बजेको समयमा खेतमा धान रोप्दै गर्दा एक जना गोरो गोरो मोटो, अनुहारमा छिप्रा भएको, अं. ३०।३२ वर्षको केटाले रातो रंगको कुर्ता सुरुवाल लगाएकी महिलालाई साथमा लिएर कालिका सामुदायिक वनभित्र लगेको देखेकी थिए । भोलिपल्ट मिति २०६३।४।१४ गते जंगलमा लास छ भन्ने सुनेर हेर्न जाँदा त्यही केटीलाई मृत अवस्थामा देख्दा त्यही केटाले मारेकोमा शंका लाग्छ । त्यो केटा भनेको यस डोरमा उपस्थित यिनै प्रतिवादी राजकुमार श्रेष्ठ हुन भनी लेखाई दिनुको अतिरिक्त उक्त मूल तथ्य फरक नपारी अदालतमा बकपत्र गरिदिएको व्यहोराले मौकाको कागजलाई समर्थन गरेको देखिन्छ । प्रतिवादी राजकुमार श्रेष्ठले यिनै मृतकलाई मे.१ प ५३४ नं. को रातो हिरोहोण्डा मोटरसाइकलमा राखी पटक-पटक उक्त कालिका सामुदायिक बनभित्र लाने गरेको भन्ने तथ्य शान्तिराम तिवारी, लोकनाथ पोखरेल, गंगा गहतराज, पवित्रा लकान्द्री, पुष्प खतिवडा र नारायण कोइराला समेतले लेखाइदिएको पाइदा उक्त बनमा मृतक कल्पना भन्ने यामकुमारी सुवेदीलाई लिई जाने नगरेको भन्ने प्रतिवादीको इन्कारी बयानमा कुनै सत्यता देखिएन । मृतक र यी प्रतिवादी अपवित्र सम्बन्ध राख्न जंगल आउने गरेका होलान भनी अनुमान गरी गाउँले जम्मा भई दुबैलाई पक्रने भन्ने कुरा गाउँलेहरू बीच उठेको, सो कार्यान्वयन नगरी सो कुरा कुरामा नै सीमित रहेपनि मूल अभिप्राय प्रतिवादी र मृतक दुबै पक्ष सुध्रुन भन्ने गाउँलेको पवित्र इच्छा रहेको भन्ने देखिन्छ । जंगलमा लिई आउने महिलालाई प्रतिवादीले मारिहाल्ला भन्ने कुरा उक्त वन क्षेत्रसँग जोडिएको गाउँका मानिसले अनुमान गर्ने कुरा पनि भएन । त्यसरी दुबै जना पटक-पटक जंगलभित्र जाने, घण्टौं समय जंगलमा नै बिताउने हुँदा कतिबेला जंगलबाट निस्की आ आफ्नो घरतर्फ लाग्छन् भनी चियो चर्चो गरी बस्ने अवस्था पनि भएन । मिति २०६३।४।१३ गते साँझ ४.३० बजे मृतक र यी प्रतिवादी जंगलमा गएको प्रत्यक्ष देख्ने व्यक्ति धनमाया गौतम रहेकी छन । सोको भोलिपल्ट मिति २०६३।४।१४ गते यामकुमारी जंगलमा मृत अवस्थामा भेटिएकी र अघिल्लो दिन मिति २०६३।४।१३ गते जंगल जाने मृतक

यामकुमारी र प्रतिवादी यिनै राजकुमार हुन भनी सनाखत समेत गरेको अवस्था हुँदा प्रतिवादीले सधैं जंगल लिई जाने महिला यिनै मृतक यामकुमारी हुन भन्ने तथ्यमा विवाद गर्ने ठाउँ छैन ।

५. मृतक यामकुमारी सुवेदी र यी प्रतिवादीबीचको सामीप्यता, तिनीहरूको आचरण, व्यवहार र स्वभाव समेत नजिकबाट निहालिरहेका एवं त्यस विषयमा समेत प्रत्यक्षदर्शी भएका मृतकका नावालक छोरा चुडामणि सुवेदीले गरेको कागजबाट नै यस वारदातको योजनाकार तथा अभियुक्त को हो भन्ने तथ्यको प्रस्फुटन हुने हुँदा निजले गरेको कागजको सान्दर्भकितालाई यस वारदातसँग सँगै मूल्याङ्कन गरी हेर्दा निजले गरेको कागजमा मिति २०६३।४।१४ गते ८.०० बजे निज कोठामा आउँदा ढोकामा ताला लगाएको हुँदा छिमेकी कोठावाला सुनीता रायलाई आफ्नी आमाको बारेमा सोद्धा मिति २०६३।४।१३ गते दिउँसो २ बजेतिर कोठाबाट निस्केको तथा उक्त दिनभन्दा पहिला २०६३ साल वैशाख शुरुदेखि एक जना श्रेष्ठ थर बताउने अं. ३०/३५ वर्षको पुरुष मान्छे बेलुका ४/५ बजेतिर प्रायजसो आफू स्कूलबाट कोठामा आउँदा आमासँग बसी गफ गरी रहेको भेटिने गरेकोले असह्य भएर आमासँग किन यो मान्छेलाई बोलाएर एक्लै कोठामा बस्नुहुन्छ भनी गाली गर्दा सो विषयमा केही उत्तर नदिएको, निज व्यक्तिले रातो हिरोहोण्डा मे.१ प ५३४ नं. को मोटरसाइकलमा आमालाई कहिले दमक, कहिले इण्डिया, पानीट्यांकी लगेको जानकारी भएको र निज बाहेक अरु कुनै छोरा मान्छेसँग आमा हिडडुल गफ गरेको थाहा नभएकोले निजले नै आफ्नी आमालाई कालिका सामुदायिक वन धाइजनमा लगेर कर्तव्य गरी मारेको हो निजलाई देखो चिन्दछु निजहरू बीच अपवित्र सम्बन्ध रहेको पनि हुनसक्छ भनी कागज गर्नुको अतिरिक्त रातो हिरोहोण्डा मे. १ प ५३४ नं. को मोटरसाइकल लिई आफ्नो आमालाई भेट्न आइरहने तथा घुमाउन लिएर हिड्ने व्यक्ति यही प्रतिवादी राजकुमार श्रेष्ठ हो भनी चिन्ही सनाखत कागज समेत गरेको पाइन्छ । अनुसन्धान अधिकारीसमक्ष गरेको उक्त कागज तथा सो कुरा पुष्टि हुने गरी बकपत्र गरिदिएको तथ्यले समेत प्रस्तुत वारदात घटाउनमा यी प्रतिवादी बाहेक अरु व्यक्तिको पनि संलग्नता छ भनी शंका गर्ने ठाउँ समेत देखिन आउदैन । निज नावालकले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष लेखाएको तथ्यमा तात्विक भिन्नता नपारी अदालतमा बकपत्र गर्नुको अलवा आफूले देखेको कुरालाई सहज र सरल ढंगले प्रस्तुत गरेको देखिएको हुँदा निजको उक्त भनाई प्रमाण ऐन, २०३१ को दफा ८ अनुसार प्रमाणस्वरुप ग्रहण योग्य नै देखिन आउँछ । बाबुको अनुपस्थितिमा कुनै नाता नभएको उमेर पुगेको लोग्नेमानिससँग आमाले सामिप्यता प्रदर्शन गर्नु सन्तानको लागि पक्कै पनि पाच्य कुरा होइन । आमाको बानी व्यहोरामा सुधार ल्याउने उद्देश्यले नावालक छोराले आमालाई सम्झाएको भन्ने देखिन्छ तर यी प्रतिवादी प्रति कुनै घृणा, द्वेष, रिसइवि राखी सोही कारणले लेखाएको होला भनी अनुमान गर्ने आधार पनि केही देखिदैन । उल्लिखित तथ्यको पृष्ठभूमिमा प्रस्तुत वारदातमा परिस्थितिजन्य प्रमाणले कस्तो भूमिका निभाएका छन सोको विवेचना गरेर वास्तविक यथार्थताको घेराभित्र पुग्न मद्दत पुग्ने देखिन आयो । तसर्थ प्रस्तुत घटना वारदातमा परिस्थितिजन्य प्रमाणको स्थिति तथा प्रतिवादीको संलग्नतालाई कसरी सापेक्षता स्थापित गर्न सकिन्छ भनी विचार गर्दा लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समेत कल्पना भन्ने यामकुमारीको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरामा विवाद छैन । नावालक छोरा चुडामणि स्कूलबाट घरकोठामा आउँदा यी प्रतिवादी र मृतकमात्र कोठामा प्रायसः सँगै भइरहनु, यी प्रतिवादीले निज मृतकलाई कहिले दमक कहिले इण्डिया घुमाउन लगेको छोराले थाहा पाउनु, प्रतिवादी यी मृतकको कोठामा रातो हिरोहोण्डा मे.१प ५३४ नं. को मोटरसाइकल लिई आउने र त्यही मोटरसाइकलमा लिएर जाने तथा मिति २०६३।४।१३ गते कोठाबाट निस्केको कुरा छिमेकी डेरावाल सुनीता रायलाई जानकारी हुनु, सोही मितिमा नै करिब ४.३० बजेतिर रातो हिरोहोण्डा मे. १ प ५३४ नं. को मोटरसाइकल लिई कालिका सामुदायिक बनमा प्रवेश गरेका महिला र पुरुषमा मृतक यिनै महिला तथा पुरुष यिनै प्रतिवादी हुन भनी जंगलमा प्रवेश गरेको प्रत्यक्ष देख्ने व्यक्ति धनमाया गौतमले कागज गरी सनाखत समेत गरिदिनु, जंगलबाट बाहिर निस्की

आएको कसैले नदेख्नु तर यामकुमारीको लास कर्तव्य गरी मारिएको अवस्थामा जंगलमा भेटिनु, प्रतिवादी र मृतकबीचको सम्बन्धको मालाकार कडी भई परिस्थितिजन्य कारकतत्व स्थापित गर्दछ । उक्त दिन मृतक यी प्रतिवादीसँगसगै जंगलमा प्रवेश गरेपछि अरु व्यक्तिसँग गएको वा अरु व्यक्तिले कब्जामा लिएको वा कब्जामा रहेको भन्ने तथ्य कतैबाट खुल्न आएको छैन । आफ्नो डेरा कोठामा रहेकी यामकुमारीलाई बोलाई मिति २०६३।४।१३ गते ४.३० बजे तिर प्रतिवादीले साथमा लिई कालिका सामुदायिक बनमा गएका र बनबाट प्रतिवादीले मृतकलाई निजको घरसम्म पुऱ्याई नदिनु र भोलिपल्ट मृत अवस्थामा भेटिनु जस्ता कार्यले घटनासँग सम्बन्धित विभिन्न तथ्यहरू मालाकार रुपमा एक अर्को सँग जोडिएर आएको देखिन्छ । साथमा लगिएकी प्रतिवादीकै कब्जामा रहेकी यामकुमारीलाई यो यसको साथमा यो समयमा निजको घरडेरासम्म पुऱ्याएको हो भन्ने प्रतिवादीको भनाई छैन । साथै लैजाने व्यक्तिले यो यस ठाउँमा वा घरकोठामा छोडेको भन्ने तथ्य स्थापित गर्न नसक्नु र साथै लगेको महिला मेनुका भारती हो भन्ने प्रतिवादीको भनाई निज मेनुकाले खण्डन गरी कागज गरेकी तथा प्रतिवादीसँग मिति २०६३।४।१३ गते जंगल जाने महिला यिनै मृतक हुन् भनी सनाखत समेत गरेको तथ्य खण्डित नभएकोले सो तथ्य प्रस्तुत मुद्दामा आरोप प्रमाणित हुने प्रमाणको रुपमा स्थापित भएको छ ।

६. वारदात एकान्तस्थल जंगलमा घटेकोले त्यस्तो ठाउँमा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना नहुँदा कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु स्वभाविकै हो । त्यतिकै कारणले मात्र वारदातमा यी प्रतिवादीहरूको संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न मिल्दैन । किनकी घटना हुनु पूर्व २०६३।४।१७ गते ४.३० बजे आफ्नो खेतमा खेत रोपाई गरिरहेको अवस्थामा यी प्रतिवादीले यामकुमारी सुवेदीलाई जंगलभित्र लगेको प्रत्यक्ष देख्ने धनमाया गौतम रहेकी छन् । प्रस्तुत घटनाको अर्को महत्वपूर्ण गवाह मृतकका छोरा चुडामणि रहेका छन । नाता नभए पनि मृतकको डेराकोठामा प्रतिवादी आइरहने, कहिले कुनै ठाउँमा कहिले कुनै ठाउँमा घुमाउन लाने गरेबाट निज छोराले सम्झाउने गरेको, २०६३।४।१३ भन्दा पूर्वका दिनमा पनि यी दुबै मृतक र प्रतिवादी पक्ष सोही जंगलमा जाने, जंगलभित्र नै धेरैबेर हराउने र बेलुका पख फर्कने गरेको ती व्यक्तिहरू एक जना यिनै प्रतिवादी र एक जना यिनै मृतक रहेकी भनी वन रक्षक भरतकुमार राई, शान्तिराम तिवारी, लोकनाथ पोखरेल, गंगा गहतराज समेतले तथा घटना हुनु पूर्व केही दिन अगाडि यिनै प्रतिवादीको काखमा यिनै मृतक बसी गफ गरेको देखेकोले आफूलाई शरम लागी घर गएको र प्रतिवादीले जंगलमा ल्याउने यिनै मृत महिला हुन् भनी कागज गर्नुको साथै सोही व्यहोरा समर्थन हुने गरी जाहेरवाला, मृतकका छोरा तथा धनमाया गौतम समेतले गरेको बकपत्र समेतलाई Circumstantial Fact ले समर्थन गरेकोले कल्पना भन्ने यामकुमारी सुवेदीको मृत्यु प्रतिवादी राजकुमार श्रेष्ठको कर्तव्यबाट भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आएको छ ।

७. प्रतिवादी विरुद्ध हत्याका पर्याप्त परिस्थितिजन्य प्रमाणहरू मौजूद रहेको पाइन्छ । प्रतिवादीले कालिका सामुदायिक बन भित्रको जंगलमा बारम्बार लिई जाने महिला मेनुका भारती होइनन् भन्ने कुरा मेनुका भारतीको कागज तथा बारम्बार जंगलमा प्रतिवादीले मोटरसाइकलमा लिई आउने महिला यिनै मृतक हुन् भनी वारदात हुनु पूर्वका दिनहरूमा तथा जंगलभित्र लास भेटिएको अघिल्लो दिन पनि प्रतिवादी र मृतकसँगै जंगलमा गएको भनी जंगलमा गएको प्रत्यक्ष देख्ने धनमाया गौतम समेतका व्यक्तिहरूले गरेको कागज तथा बकपत्रको खण्डन हुने भरपर्दो कारण, विश्वसनीय आधार प्रतिवादीले अदालतसमक्ष गरेको आफ्नो इन्कारी बयानमा खुलाउन सकेको पाईदैन । इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसूरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन । सजायबाट बच्नका लागि अदालतमा सामान्यरुपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याईका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेश गर्न सक्नु अर्को कुरा हो । दुबै अवस्थालाई अदालतले गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ । दुई मध्ये दोस्रो अवस्था बढी विश्वसनीय हुन सक्दछ जसको खण्डन वादीपक्षबाट हुन नसकेमा निर्दोषिताको लागि प्रमाणको रुपमा ग्राह्य हुन सक्दछ ।

तर अभियोजन पक्षबाट उल्लेख्य प्रमाणहरूको उपस्थितिमा अभियुक्तको पहिलो अवस्थाको सामान्य इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न सक्दैन । किनभने सजायबाट बच्नका लागि मात्र अदालतलाई ढाँट्न खोजेको हो वा वास्तवमै अमूक अभियुक्त बेकसूर रहेको छ ? अदालतले उपलब्ध समग्र प्रमाणको विश्लेषण गरी सत्य र तथ्यको निरोपण गरी प्रमाणको आधारमा ठहर इन्साफ गर्नुपर्ने हुन्छ ।

८. मृत्यु अघिका दिनहरूमा पीडितले के कस्तो स्थितिको सामना गर्नु परेको थियो स्वयम्ले उसको जीवनमा भोगेको कुरा को कससँग व्यक्त गरेकी थिइन भन्ने सम्बद्ध परिस्थितिको खुलासाबाट अझ प्रष्ट हुने देखिन्छ । भन्नै नहुने मानिसले पैसा खाइदिएको र माग्दा पनि नदिएको नाम र रकम सोद्धा भन्न नचाहेको भन्ने सुनीता राय तथा घर बनाउनु पर्ने रकम एक जना मानिससँग फसेको छ भनी भनेको तर मृतकले सो व्यक्तिको नाम र रकम उल्लेख गर्न नचाहेको भनी माया चौधरीले कागज गरेको पाइन्छ । नावालक छोराले निज प्रतिवादी बाहेक अन्य लोग्नेमानिससँग हिडेको थाहा नभएको भनी उल्लेख गरेको पाइँदा मृतकले व्यक्तिको नाम खुलाउन नचाहेको कारण निज व्यक्तिको सामिप्यताले सिर्जना हुन पुगेको र अन्य व्यक्तिसँग नाम खुलाउँदा रकम डुब्ने कारण बन्न सक्ला भनी नाम उल्लेख गर्न नचाहेको हुन सक्छ । निज मृतक यि प्रतिवादी बाहेक अरु लोग्नेमानिससँग हिडडुल गरेको कसैले नदेख्नु र नाम भन्न नचाहेको कारण सामिप्यता बढाएको मानिसलाई रकम दिएको भनी अन्य व्यक्ति समेत परिवारले शंका गर्लान् भनी पारिवारिक खिचलोबाट बच्न मृतकको दृष्टिकोणबाट नाम भन्न नचाहेको सहज अनुमान गर्न सकिन्छ । बाहिर देखिने गरी मृतक र प्रतिवादीबीच कुनै ठूलो वा खास झगडाको कारण नभए पनि निजै मृतकले सुनीता राय र माया चौधरीलाई व्यक्त गरेको कुराबाट लेनदेनको विषयमा मृतकले प्रतिवादीसँग आफ्नो रकम माग्ने गरेको कारणबाट प्रतिवादीमा मनोगत कुण्ठा, इवी र बदलाको भावना पनि बलियो हुँदै जानु स्वभाविक कुरा हो । यिनै तत्वहरूबाट उत्प्रेरित भएका यी प्रतिवादीले मृतकलाई मार्ने नियतले नै योजना बनाई एकान्तस्थल जंगलमा लगी कर्तव्य गरी मारेको तथ्य स्थापित भएको छ । यस कुराको पुष्टि घटनाको प्रकृति र घटनाक्रमले गरिसकेको छ ।

९. अब तेस्रो प्रश्नतर्फ विचार गर्दा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज गर्ने धनमाया गौतम समेतले लेखाई दिएको व्यहोरा र निजहरूको बकपत्र, मृतकका बाबु मेदिनीप्रसादको किटानी जाहेरी र निजको बकपत्र, मृतकका नावालक छोरा चुडामणि सुवेदीले गरेको कागज तथा अदालतमा भएको बकपत्र समेतका वस्तुनिष्ट प्रमाणहरूबाट प्रतिवादीले अनेक प्रपञ्च रची मृतकलाई आफ्नो नियन्त्रणमा लिई कहिले कुन ठाउँमा कहिले कुन ठाउँमा घुमाउने लाने गर्ने क्रममा मृतकको छोरा तथा गाउले छिमेकी समेतले थाहा पाएको तथा मृतकको लोग्नेले विदेशबाट पठाएको रुपैयाँ तथा घर समेत बन्धक राखी लिएको रुपैयाँ समेत भन्न नहुने भन्ने एक जना मानिसले खाइदियो भनी छिमेकी सुनीता राय समेतलाई मृतकले आफ्नो व्यथा र पीडा पोख्ने गरेकी, छोराले आफ्नी आमा यिनै प्रतिवादी बाहेक अरु व्यक्तिसँग हिडेको नदेखेको भनी उल्लेख गरेको देखिदा प्रतिवादीले मृतकलाई मार्ने मनसाय लिई एकान्तस्थल जंगलमा लगी कुटपीट गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादी राजकुमार श्रेष्ठलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखियो ।

१०. अतः माथि उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी राजकुमार श्रेष्ठको कर्तव्यबाट कल्पना भन्ने यामकुमारी सुवेदीको मृत्यु भएको र यी प्रतिवादी शंकारहित तवरबाट कसूरदार भएको पुष्टि हुन आएको देखिदा निज प्रतिवादी राजकुमार श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको शुरू झापा जिल्ला अदालतको मिति २०६५।११।२२ को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६६।११।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । शुरु झापा जिल्ला अदालतको मिति २०६३।४।२५ को आदेशबाट रु. ५००००।- धरौट राखी तारिखमा रहेका निज प्रतिवादी उक्त आदेश पुनरावेदन अदालत, इलामबाट मिति २०६३।९।६ मा

बदर भए पश्चात फरार रही फैसला हुँदा बेरुजु रहेकोमा जिल्ला अदालतको फैसलाको तपसील खण्डमा लगत कस्ने व्यहोरा उल्लेख भए पनि निज प्रतिवादीलाई भएको सजायको लगत कसेको मिसिलबाट देखिन नआएकोले लगत कसेको भए कुन मिति र कति लगत नं. मा लगत कसेको छ सो व्यहोरा र नकसेको भए यथाशीघ्र लगत कसी सोको जानकारी यस अदालतलाई र फैसला कार्यान्वयन निर्देशनालय समेतलाई गराउनु भनी झापा जिल्ला अदालतमा लेखि पठाउनु । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनु ।

उक्त रायमा म सहमत छु

न्या.तर्कराज भट्ट

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम्-

इजलास अधिकृतद्वय :-अशोककुमार बस्नेत

दीपक ढकाल

## निर्णय नं. ८६८८

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री प्रेम शर्मा

माननीय न्यायाधीश श्री तर्कराज भट्ट

२०६२ सालको फौ.पु.नं. ३०५८, ३०८८, ३१२३, ३२५३, ३३०७, ३६०३, ००३५

फैसला मितिः २०६८।३।२८।३

मुद्दाः- भ्रष्टाचार ।

पुनरावेदक प्रतिवादीः कपिलवस्तु जिल्ला शिवपुर गाउँ विकास समिति वडा नं. ७ घर भै राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका तत्कालीन जे.टी. प्रदीप के.सी.

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः सप्तरी जिल्ला, राजविराज नगरपालिका वडा नं. ५ घर भै राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका तत्कालीन खजाञ्ची नरेशकुमार प्रधान

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

पुनरावेदक वादीः राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः धादिङ्ग, जिल्ला बेनीघाट १ बस्ने रामजीप्रसाद मरहट्टा समेत

पुनरावेदक प्रतिवादीः धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ बस्ने राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका तत्कालीन सहायक 'ख' झलकमान श्रेष्ठ

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका तत्कालीन प्रबन्धक सरोजप्रसाद ढुङ्गाना

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

पुनरावदेक प्रतिवादीः नवलपरासी जिल्ला, रजहर गाउँ विकास समिति वडा नं. १ बस्ने राष्ट्रिय वाणिज्य बैंङ्क गजुरीका तत्कालीन सहायक प्रबन्धक गणेशबहादुर रायमाझी

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १० कुपण्डोल बस्ने अनील क्षेत्री

विरुद्ध

प्रत्यर्थी वादीः राष्ट्रिय वाणिज्य बैङ्क गजुरीका प्रबन्धक सतिशराज भट्टराईको जाहेरीले नेपाल सरकार

शुरु फैसला गर्ने :-

मा.न्या.श्री गोविन्दप्रसाद पराजुली
मा.न्या.श्री रणबहादुर बम
मा.न्या.श्री भूपध्वज अधिकारी

- **आफूहरूलाई अधिकार नै नभएको, खातामा रकम नै नभएको, स्वीकृत कर्जा सीमा समेत नभएकोमा पनि पटकैपिच्छे रकम भुक्तानी दिने दिलाउने कार्य कानूनसम्मतको कार्य हो भन्न नमिल्ने ।**
- **पैसा नभएको खाताबाट ओभरड्रन कर्जाको नाममा पटक-पटक चेक भुक्तानी गरिएको देखिएको कार्यलाई असल नियतले गरेको कार्य हो भन्न नसकिने ।**
- **आफूलाई अधिकार नभएको स्थितिमा सीमाभन्दा वढी कर्जा लगानी गरी पछि कर्जा सीमा स्वीकृत भएर आउँछ भन्ने अनुमान गरेर तथा बैंकको महाप्रबन्धकको मौखिक भनाईको आधारमा लगानी गरेको हो भन्ने तर्कलाई कानूनसम्मत भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **कर्जा सीमा स्वीकृत नभएका व्यक्तिलाई मौखिक निर्देशन भनी ओभरड्रन हुने गरी भुक्तानी दिन र ड्राफ्ट बनाई दिन कानूनतः मिल्ने देखिँदैन । जिम्मेवार पदमा कार्यरत् त्यस्ता कर्मचारीले माथिको दबावमा काम गर्नु परेको थियो भनी त्यसलाई सफाइको आधार बनाउन नमिल्ने तथा मौखिक आदेश आफैंमा अनधिकृत र कानूनविपरीत छ भने त्यस्तो आदेशलाई सफाइको आधार बनाउँदै प्रमाणको रुपमा प्रस्तुत गर्न प्रयासरत् रहनु पनि दुराशयपूर्ण कार्य हुने ।**

(प्रकरण नं.९)

- **बैंकिङ्ग नीति तथा कार्यविधिअनुसार कर्जा सीमा स्वीकृत भइसकेपछि सुरक्षणबापत विधिवत् मूल्याङ्कन गराई राखिएको धितो विधिवत् सो धितो पास गराएपश्चात् मात्र ओभरड्रन कर्जा सुविधाअन्तर्गत रकम भुक्तानी दिन सकिने स्थितिमा सोको विपरीत कुनै पनि प्रक्रिया अबलम्बन नगरी सीधैं ओभरड्रन कर्जा भनी रकम भुक्तानी लिनु दिनु गरेको कार्यबाट बैंकलाई हानि र आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याउने नियतले गरिएको त्यस्तो कसूरजन्य कार्य गरिसकेपछि त्यस्तो रकम बुझाउँछु भनी जिकीर लिदैमा स्थापित भइसकेको कसूरबाट छुटकारा पाउन सक्ने अवस्था नहुने ।**

(प्रकरण नं.१३)

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान बरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल, शम्भु थापा र अधिवक्ताहरू कृष्णप्रसाद सापकोटा, सतिषकृष्ण खरेल, लक्ष्मण पौडेल, विद्या भट्टराई, लभकुमार मैनाली तथा पुष्पराज उप्रेती

प्रत्यर्थी वादी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता श्री महेश थापा

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा ८, २९(१)

फैसला

**न्या.प्रेम शर्माः** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतको पुनरावेदकीय क्षेत्राधिकार पर्ने भै दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०५६।११।३० मा उत्तर खतिवडाले भुक्तानी पाउने गरी शाखा कार्यालय, कलंकी उपर खिचिएको रू.२,२०,०००।- को सम्बन्धमा उक्त ड्राफ्ट गंगासागर आयल स्टोरको प्रो. हरिप्रसाद मरहट्टाको नाउँमा रहेको च.हि.नं. ४०१ बाट ड्राफ्ट जम्मा गरी निवेदनबमोजिम भनी ब्यालेन्स नभएको खातामा खर्च लेखी ओभरड्रन गरी अनियमित तवरले ड्राफ्ट खिचिएको र गंगासागर आयल स्टोरको निज हरिप्रसाद मरहट्टा सञ्चालकको नाउँमा मिति २०५४।५।१७ मा खोलिएको च.हि.नं.४०१ मा च.हि.नं. २८९ ले परिचय गरी दिएकोमा सोही दिन हरिप्रसाद मरहट्टाले परिचय

दस्तखत गरी तुलसीराम मरहट्ठाको नाउँमा परिवर्तन गरेको र मिति २०५६।१२।१५ मा श्री उत्तर खतिवडाले भुक्तानी पाउने गरी रू.६,००,०००।- को ड्राफ्ट भौचर र नगद खर्च समेत नभेटिएको तथा उक्त ड्राफ्टहरूमा दस्तखत गर्ने प्रवन्धक सरोजप्रसाद ढुङ्गाना र सहायक प्रवन्धक गणेशबहादुर रायमाझी भन्ने प्रतिवेदन साथै मुख्य शाखा कार्यालयउपर खिचेको ड्राफ्टहरूको कुल रकम रू.५८,७०,५१७।- र च.हि.नं. ५२४ का खातावाल महेन्द्रपाल सिँहले बिभिन्न मितिमा रकम जम्मा गरी भुक्तानी लिँदा रू.४३,८५,६८०।- ओभरड्रन गरी भुक्तानी लिएको भन्ने प्रतिवेदन साथै च.हि.नं. ४०१ गंगासागर आयल स्टोरको प्रो. अनील क्षेत्रीले उक्त खाताबाट रू.१०,३०,८६६।१३ र च.हि.नं. ५४६ बाट अङ्गद स्पोर्टस एण्ड सिकिङ कम्पनीको प्रो. निज अनील क्षेत्रीले उक्त खाताबाट विभिन्न मितिमा गरी रू.२१,२१,१००।- ओभरड्रन गरी उक्त बैंकबाट रकम झिकेकोले बैंकिङ्ग नियम र प्रक्रियाविपरीत काम गर्ने बैंकको जिम्मेवार पदमा रहेर बैंकलाई नोक्सानी पुऱ्याउने बैंकको रकम हिनामिना गर्ने र बैंकको सम्पत्तीमा हानि नोक्सानी पुऱ्याउने उल्लेख भएबमोजिम विभिन्न खातामा पटक-पटक ओभरड्रन गरी भुक्तानी दिने बैंकका तत्कालीन प्रवन्धक सरोजप्रसाद ढुङ्गाना, सहायक प्रवन्धक गणेशबहादुर रायमाझी र सहायक प्रवन्धकमा दस्तखत गर्ने अन्य कर्मचारीहरू समेत उपर विभागीय कारवाही र हानि नोक्सानी भएको रकम असूलउपर गर्न कारवाही गर्ने भन्ने सानुराज जोशी संयोजक भएको मिति २०५८।३।१ को प्रतिवेदन।

राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाको विभिन्न चल्ती/बचत हिसावबाट ठगी गर्ने विरुद्धमा लेखिएका महेन्द्रपाल सिँह समेतका कारोवार गर्ने व्यक्तिहरूले पटक-पटक अनियमित तवरबाट बैंक ठगी गर्ने मनसाय लिई बैंक कर्मचारीहरूको मिलोमतोबाट रू.८१,३७,६४६।१३ बैंकको उल्लिखित कर्मचारी तथा महेन्द्रपाल सिँह समेतका मानिसहरूले रकम हिनामिना गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएकोले पटक-पटक ओभरड्रन गरी गराई निकाली निकाल्न मद्दत पुऱ्याई प्रत्यक्ष रुपमा ठगी गरी बैंकलाई नोक्सानी पुऱ्याउने कर्मचारीहरू तथा निज महेन्द्रपाल सिँह समेत उपर कारवाही गरिपाऊँ भन्ने राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाका प्रवन्धक सतिशराज भट्टराईको मिति २०५८।३।१८ को जाहेरी दरखास्त र उक्त बैंकको मिति २०५८।४।१५ को पत्रानुसार रू.८,६९,५९०।- समेत थप ओभरड्रन हुन गई जाहेरीमा उल्लिखित अनियमितता भएको कुल रकम रूघ.९०,१५,०३६।१३ भएको भन्ने पत्र मिसिल सामेल रहेको।

मैले निम्न वर्गमा खेती सेवा उद्योग व्यवसाय आदिमा कर्जा लगानी गर्ने र कर्मचारीको अभावमा अतिरिक्त परिपत्रबमोजिम अन्य फाँटमा समेत काम गर्दछु। कानूनी रुपमा ग्राहकले खातामा जम्मा भएको रकमभन्दा अधिक रकम निकाल्न सक्दैन। खातामा भएको रकम वा कर्जा सीमा रकमभन्दा बढी रकम दिएमा त्यसलाई ओभरड्रन भनिन्छ र ओभरड्राफ्ट भनेको कर्जा सुविधा हो। च.हि.नं. ४०१, ५२४, ५४६ सवै खाताहरू महेन्द्रपाल सिँहको मातहतका फर्मको भएको र निज बैंकमा आउँदा प्रवन्धक, सहायक प्रवन्धकहरूसँग सम्पर्क गर्ने गरेको थिए। मैले प्रवन्धकहरू बसेको ठाउँमा गएर सो काम गर्न सक्दिन भन्दा निजहरूले कार्यकारी अध्यक्षज्यूसँग कुरा गरेका छौं। अब कर्जा फायल तयार गरी काठमाडौं पठाउँछौं। सो स्वीकृत भै आएपछि सम्बन्धित खातामा जम्मा गर्ने छौँ। हाललाई चेकको काम गरी दिनु भनी मौखिक रुपमा पटक-पटक भनेको हुँदा विश्वास गरी उक्त तीनवटै खाताहरूबाट रू.७५,३७,६४६।१३ ओभरड्रन भएको हो। पछि प्रवन्धक सहायक प्रवन्धक र महेन्द्रपाल सिँहलाई सो रकम तिर्नको लागि भन्दा कहिले कर्जा स्वीकृत भै आएपछि, कहिले गंगासागर आयल स्टोरको जग्गा बेचेपछि र कहिले डलर चेक पेश गरी तिर्छु भनेको हुँदा प्रवन्धक सरोजप्रसाद ढुङ्गाना र निज गणेशबहादुर रायमाझीको दवावमा परी सो गैरकानूनी काम बाध्य भै गरेको हुँ। खाता नं. ४०१ र ५२४ को गरी रू.९,०००।- र रू.७८००।- को चेक रकम भुक्तानी दिने आदेश मेरो हो भनी ठगी मुद्दामा अनुसन्धान अधिकृत जिल्ला न्यायाधिवक्ता समक्ष प्रतिवादी जे.टी. प्रदीप के.सी.ले गरेको बयान।

मेरो काम बैंक बचत, चल्ती र मुद्दती खाताहरूमा ग्राहकहरूबाट जम्मा हुन आएको रकम ठीक छ, छैन भनी चेक गर्ने, मौज्दात हेर्ने, फाँटवालाले पोष्टिङ्ग गरेको रकम ठीक छ, छैन भनी जाँच गर्ने र

खातावालको दस्तखत भिडाई रू.५०,०००।- सम्मको रकमको लगवुक भिडाई भुक्तानी दिन नगद विभागमा पठाउने र प्रवन्धक नभएको अवस्थामा सहायक प्रवन्धक भएको नाताले प्रवन्धकबाट हुने सम्पूर्ण काम गर्नु हो । तत्कालित प्रवन्धक सरोजप्रसाद ढुङ्गानाको राय सल्लाहबाट च.हि.नं. ४०१, ५२४, ५४६ समेतको खातामा जम्मा भएकोभन्दा अधिक रकम रू.७५,३७,६४६।१३ ओभरड्रन गरी भुक्तानी दिएको हो । महेन्द्रपाल सिँहले अन्य बैंकबाट ऋण लिन लागेको रहेछन् त्यसको लागि रू.६,००,०००।- को ड्राफ्ट बनाई दिएको हुँ । लेजर पोष्टिङ्ग छूट भइसकेपछि पोष्टिङ्ग गरेको हुँ उक्त रकम खर्च च.हि.नं. ४०१ बाट खर्च लेख्नु पर्ने हो कसरी छूट भयो थाहा छैन । प्रतिवादी महेन्द्रपाल सिँह, प्रवन्धक सरोजप्रसाद ढुंङ्गाना र म समेतको पूर्व सल्लाह भएकोले हामीहरूको मिलोमतोमा गैरकानूनी रुपमा म समेतले ड्राफ्ट बनाएको हो । कार्यकारी अध्यक्ष तिलक रावल हाल नेपाल राष्ट्र बैंकको गभर्नरले महेन्द्रपाल सिँहको कर्जा फायल स्वीकृत हुँदैछ, पैसा दिनु भन्नु भएको र प्रवन्धकले पनि दिनु भन्नु भएकोले प्रवन्धक नभएको समयमा पनि मैले भुक्तानी दिएको र निज कार्यकारी अध्यक्ष डा.तिलक रावलको छोरा विनय रावल बैंकमा आएर मलाई खटाई पठाएको हो । म पनि गंगासागर आयलमा बसेर काम गर्छु भनेकाले तिलक रावलको निर्देशनमा मैले रकम भुक्तानी गरेको हो । सोधिएको ड्राफ्ट तथा चेकमा भएको सहिछाप मेरै हो भनी प्रतिवादी सहायक प्रवन्धक गणेशबहादुर रायमाझीले अनुसन्धान अधिकृत जिल्ला न्यायाधिवक्ता समक्ष गरेको बयान ।

म सोही बैंकमा रहेको अवस्था प्रतिवादी महेन्द्रपाल सिँह, अनील क्षेत्री समेत आई प्रवन्धक सरोजप्रसाद ढुङ्गाना तथा सहायक प्रवन्धक गणेशबहादुर रायमाझीसँग बसी आवश्यक कुराहरू गरी रहन्थे । यसै क्रममा महेन्द्रपाल सिँह, अनील क्षेत्री समेतको चेक फाटमा आएपछि फाटवाला झलकमान श्रेष्ठ तथा कर्मचारीको अभावमा जे.टी. प्रदीप के.सी. र नरेशकुमार प्रधानले पोष्टिङ्ग गर्दै आएका थिए । पोष्टिङ्ग गर्ने मुख्य जिम्मेवार झलकमान श्रेष्ठले खाताहरूमा पैसा व्यालेन्स छैन दिन मिल्दैन भन्ने गर्दथे र पुनः खाता बोकी लेजर बुक प्रवन्धक तथा सहायक प्रवन्धक भएको ठाउँमा गएपछि निजहरूसँग के कुरा हुन्थ्यो मलाई थाहा भएन । निज फाटमा आईसकेपछि लेजर बुक भुँइमा फाली म जागिर खान्न भनी रिसाउने गर्दथे । झलकमान श्रेष्ठले ओभरड्रन गर्न हुँदैन भन्दा सहायक तथा प्रवन्धकले जबरजस्ती दिन लगाएको कारणले रिसाएको जस्तो लाग्छ भन्ने बुझिएको मानिस रा.वा.बैंक, गजुरी शाखाका पियन हरिबहादुर गुरुङ्गले मिति २०५८।४।१८ मा गरिदिएको बयान कागज ।

राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाका प्रवन्धक सतिशराज भट्टराईको जाहेरीले चलेको वादी नेपाल सरकार प्रतिवादी प्रवन्धक सरोजप्रसाद ढुङ्गाना समेत भएको ठगी मुद्दामा जिल्ला प्रहरी कार्यालय, धादिङ्गबाट अनुसन्धान तहकीकात गरी राय साथ प्राप्त भएको मिसिल अध्ययन गर्दा मुलकी ऐन ठगीको महलले परिभाषित कसूरमा पर्ने नदेखिएकोले ठगीमा नचलाई भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत अनुसन्धान तहकीकात गर्न जिल्ला प्रशासन कार्यालय पठाउने भनी सम्माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०५८।४।१९ मा निकासा भएको भन्ने जिल्ला सरकारी वकील कार्यालय, धादिङ्गको च.नं. १८ मिति २०५८।४।२१ को पत्र मिसिल सामेल रहेको ।

जाहेरीमा उल्लिखित महेन्द्रपाल सिँह बैंकमा आउने जाने र मेनेजर र एकाउण्टेन्टसँग सम्पर्क राख्ने गर्दथे । यसै विचमा निजले आफ्नो खाताको रुपैयाँभन्दा बढीको चेक काटी सो चेक र ड्राफ्ट भौचर साथ साथै दिन्थे । खातामा पैसा छैन भनी मेनेजर र सहायक प्रवन्धकसँग भन्दा कर्जाको फायल स्वीकृतको लागि केन्द्रमा पठाएको छ । कार्यकारी प्रवन्धकले फोन गरी ओभरड्रन सुविधा दिनु भन्नु भएको छ भनी मलाई दवाव दिइरहन हुन्थ्यो । पटक-पटक गरी निजलाई ओभरड्रन ड्राफ्टबाट बैंकलाई हानि नोक्सानी भएको ठीक सांचो हो । मलाई अप्रत्यक्ष दवाव दिनेमा कार्यकारी अध्यक्ष तिलक रावल र निजको छोरा विनय रावल हुन् । महेन्द्रपाल सिँहको च.हि.नं. ५२४ को खाताहरूबाट पटकैपिच्छे आउने चेकको रकम भुक्तानी गरी ड्राफ्ट बनाई दिनु भन्ने आदेश हुन्थ्यो । अनील क्षेत्री र उत्तर खतिवडा पनि महेन्द्रपाल सिँह कै मानिस हुन् । सवैले सवै फाटमा काम गर्नु पर्दा चेक ओभरड्रन भएको सवैलाई थाहा थियो भनी प्रतिवादी जे.टी.

प्रदीप के.सी.ले अनुसन्धान अधिकृत प्रमुख जिल्ला अधिकारीसमक्ष गरेको बयान ।

मैले सो बैंकमा काम गर्दा डे बुकको काम, प्रशासनको काम, कर्जाको काम र अन्य आई पर्ने सम्पूर्ण काम गर्दथे । ओभरड्रन सुविधा कुनै पनि व्यक्ति या फर्मलाई प्रक्रिया नपुऱ्याई दिन मिल्दैन तर प्रवन्धकले आफ्नो व्यक्तिगत विश्वासमा उसले पत्याएको व्यक्तिलाई ओभरड्रन सुविधा दिन सक्छ । प्रवन्धक सरोजप्रसाद ढुङ्गानाले कार्यकारी अध्यक्ष डा. तिलक रावलले फोनबाट गंगासागर आयल स्टोर्स र अंगद वाटर स्पोटर्स एण्ड सिंकिङ्ग रिसोर्टका सञ्चालक महेन्द्रपाल सिँहलाई ओभरड्रन सुविधा म नभएको बेलामा पनि दिनु भन्नु भएकोले च.हि.नं. ५२४, ४०१, ५४६ का खाताहरूबाट आएका चेकहरू तथा सो चेकबाट बनेको ड्राफ्टहरूमा मेरो र प्रवन्धकको सहिछाप भई रकम भुक्तानी पास हुन्थ्यो । एउटा ड्राफ्ट वा चेकमा पोष्टिङ गर्ने, चेक गर्ने र पास गर्ने गरी जम्मा तीनजनाको सहिछाप हुनुपर्ने हो तर कर्मचारीको अभावमा ड्राफ्ट र चेकमा दुई जनाको संयुक्त दस्तखतबाट पनि भौचर पास हुन्थ्यो । च.हि.नं. ४०१ को निवेदनको आधारमा सो खाताबाट खर्च भई रू.२,२०,०००।- को ड्राफ्ट उत्तर खतिवडाले पाउने गरी रू.६,००,०००।- को ड्राफ्ट प्रवन्धकको आदेशानुसार मैले तयार गरेको हुँ । सो रकम च.हि.नं. ४०१ मा खर्च गर्नुपर्ने हो । खर्च भयो भएन थाहा छैन । मेरा समेत संयुक्त दस्तखतबाट रू.९५,५५,५८२।- भुक्तानी भएको मध्ये कति रकम ओभरड्रन भएको हो यकीन भन्न सक्तिन । जाहेरीमा उल्लेख भएअनसार ओभरड्रन भएको ठीक साँचो हो भनी प्र.सहायक प्रवन्धक गणेशबहादुर रायमाझीले अनुसन्धान अधिकृत समक्ष गरेको बयान ।

मिति २०५८।५।१५ मा गजुरी शाखामा तत्काल कार्यरत् प्रवन्धकलगायतका कर्मचारीहरूको पदीय हैसियत, कार्य विवरण र विवादित खाताहरू सम्बन्धमा छानबीन गरी लाहाछाप लगाई राखेका सक्कल कागजातहरू समेत संलग्न राखी पठाउने भनी जिल्ला प्रशासन कार्यालय, धादिङ्गमा दिइएको निर्देशन पत्र मिसिल सामेल रहेको ।

प्रतिवादीहरू सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, महेन्द्रपाल सिँह, अनील क्षेत्री, रामजीप्रसाद मरहट्टा, एकराज त्रिपाठी, उत्तर खतिवडा, रोजप्रसाद त्रिपाठी तथा हरिप्रसाद मरहट्टाले एक आपसमा मिलोमतो गरी लेजर केरमेट गरी सच्याई बैंकको हितविपरीत अनियमित तवरबाट बिगो रू.८१,४५,४४६।१३ बराबरको खातामा जम्मा नभएको रकम ओभरड्रन गरी आफूहरूलाई गैरकानूनी लाभ र राष्ट्रिय वाणिज्य बैंकलाई गैरकानूनी हानि पुऱ्याई भ्रष्टाचारको कसूर गरेको स्पष्ट पुष्टि हुन आएको हुँदा प्रतिवादीहरू सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, झलकमान श्रेष्ठ, प्रदीप के.सी. र नरेशकुमार प्रधानलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ को कसूरमा सोही दफा बमोजिम सजाय गरी बैंकलाई हानि नोक्सानी भएको बिगो ऐ. ऐनको दफा २९(१) बमोजिम बैंकलाई भराई ऐ. दफा २९(२) बमोजिम जरीवाना समेत गरिपाऊँ साथै प्रतिवादीहरू महेन्द्रपाल सिँह, अनील क्षेत्री, उत्तर खतिवडा, रामजी मरहट्टा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी तथा हरिप्रसाद मरहट्टाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसूरमा सोही दफा बमोजिम सजाय गरी ऐ. ऐनको दफा २९(१) बमोजिम निज प्रतिवादीहरूले हानि नोक्सानी पुऱ्याएको बिगो बैंकलाई भराई दफा २९(२) अनुसार बिगोबमोजिम जरीवाना समेत गरिपाऊँ भन्ने अभियोग दावी ।

मलाई आन्तरिक परिपत्र गरी कर्मचारीको अभाव हुँदा मलाई काम गर्न खटाइएको थियो । परिपत्रको आधारमा च.हि.नं. ४०१ र ५४२ को खातामा रकम बाँकी भएको अवस्थामा क्रमशः च. हि. नं. ४०१ बाट रू.९,०००।- र च. हि. नं. ५४२ बाट रू.२०,०००।- खर्च लेखिएको हो । खातामा रकम बाँकी भएकोले भुक्तानी गएको हो । कसैको प्रलोभनमा पनि परेको होइन । मैले बैंकले तोकी दिएबमोजिम कार्य गरेको हुँ । जानीजानी ओभरड्रन गरेको छैन । म प्राविधिक कर्मचारी भएकोले अन्जानबाट काउण्टरको नियम कानून थाहा नभएर भूल हुन गएको भए मलाई थाहा भएन । अभियोग मागदावीअनुसार रू.८१,४५,४४६।१३ ओभरड्रन गर्ने कार्यमा संलग्न

छैन गरेको छैन । कुनै पनि अभिलेख केरमेट गर्ने सच्याउने कार्य गरेको छैन । म फिल्डको काम गर्ने कर्मचारी हो । प्रतिवादीमध्ये बैंकका स्टाफलाई चिन्दछु । महेन्द्रपाल, अनील क्षेत्री र रामजीप्रसाद मरहट्ठासँग बैंकमा आउने जाने क्रममा चिनजान भएको हो । अन्य प्रतिवादीलाई चिन्दिन । मैले कुनै कसूर अपराध गरेको छैन भन्ने समेत व्यहोराको प्रतिावदी प्रदीप के.सी.ले अदालतमा गरेको बयान ।

शाखा प्रवन्धक सरोज ढुङ्गाना समेतलाई सम्बोधन गरी ओभरड्राफ्ट सुविधाका लागि निवेदन दिएको भनी प्रवन्धकले निज व्यापारी महेन्द्रपाल सिँह विश्वासिलो छ । निजले सञ्चालन गरेको गंगासागर आयल स्टोर र अंगद वाटर स्पोर्टस एण्ड सिकिङ्ग रिसोर्ट प्रा.लि. समेत सञ्चालन गरेको परियोजना भएको करिव ७ रोपनी पृथ्वी राजमार्ग जोडिएको बेनीघाटको जग्गा दिन इच्छुक भएकोले च.हि.नं. ४०१ महेन्द्रपाल सिँह र ५४६ अंगद वाटर रिसोर्ट प्रा.लि.का नाउँमा रहेको खाताबाट ओभरड्रन सुविधा दिनु भनी मौखिक आदेश दिएको हुँदा सोही आधारमा कारोवार भएको अंगद वाटर रिसोर्टका नाउँमा रहेको जग्गा बैंकलाई पास गरी दिएको हो । मैले शाखा प्रवन्धकले दिएको आदेशसम्म पालना गरेको हुँ । प्रवन्धकको आदेशले ओभरड्राफ्ट भएको हो । महेन्द्रपालले ओभरड्रन भएको ८८ लाख तिर्छु भनी बैंकमा निवेदन पनि दिएका छन् । बैंकलाई हानि नोक्सानी हुने कार्य गरेको छैन, घर जग्गा बैंकलाई धितो दिएको छ । प्रदीप के.सी. र नरेशकुमार प्रधान बैंकका स्टाफ हुन् । झलकमान जागिर छोडेको पूर्व स्टाफ हो । महेन्द्रपाल र अनील क्षेत्री बैंकका ग्राहक हुन् । हरिप्रसाद मरहट्ठा पहिला गंगासागर आयल स्टोरका सञ्चालक हुन् । अन्य प्रतिवादीलाई चिन्दिन अभियोग मागदावीबमोजिम सजाय हुने होइन भन्ने समेत व्यहोराको प्रतिवादी गणेशबहादुर रायमाझीले अदालतमा गरेको बयान ।

प्रतिवादीहरूको पदीय दायित्व समेतलाई मध्यनजर राखी पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी गणेशबहादुर रायमाझीबाट रू.२,००,०००।- (दुई लाख), प्रतिवादी प्रदीप के.सी. बाट रू.५०,०००।- (पचास हजार) नगद धरौट वा सोबापत जेथा जमानी दिए लिई दिन नसके कानूनबमोजिम थुनुवा पुर्जि दिई मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०५८।५।२८ मा विशेष अदालतबाट भएको आदेश ।

कार्यकारी अध्यक्षज्यूको फोन आएको छ, पार्टी विश्वासिलो छ ओभरड्रन दिंदा हुन्छ भनी शाखा प्रवन्धकले भनेको र करिव ६/७ रोपनी जग्गा र त्यसमा बनेको घर सुरक्षणबापत रहेको हुँदा सो घर जग्गाको मूल्याङ्कन १ करोड ५० लाख भएकोले ओभरड्रन दिएको हो । तल्लो स्तरको कर्मचारी भएकोले प्रवन्धकले भनेको आधारमा सो कार्य गरेको हुँ । कति रकम ओभरड्रन भयो मलाई थाहा भएन । महेन्द्रपाल र अनील क्षेत्री बैंकमा आइरहने, कारोवार गर्ने पार्टी भएकोले चिन्दछु । अन्य कर्मचारी बैंक स्टाफका नाताले चिन्दछु । बैंकको अभिलेख सच्याउने र केरमेट गर्ने कार्य भएको छैन । सुरक्षणबापत धितो छ । तपाईले चिन्ता लिनु पर्दैन । मैले भनेबमोजिम काम गर्नुहोस् भनी शाखा प्रमुखले भनेका हुन् भन्ने समेत व्यहोरा प्रतिवादी झलकमान श्रेष्ठले अदालतमा गरेको बयान ।

प्रतिवादी झलकमान श्रेष्ठबाट पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७(४) बमोजिम रू.५०,०००।- (पचास हजार) नगद धरौट वा जेथा जमानत दिए लिई र नदिए कानूनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०५८।६।३ मा विशेष अदालतबाट भएको आदेश ।

म नगद विभागको खजान्ची भएकोले मेरो विभाग छुट्टै भएको जनरल सम्बन्धी र सो सम्बन्धी खातापाताहरू र व्यालेन्ससम्बन्धी जानकारी मलाई थाहा नहुने र सम्बन्ध पनि नहुनाले अभिलेखमा थपघट केरमेट गर्ने कार्य मेरो अधिकार भित्र नहुनाले त्यस्तो कार्य गरेको छैन । ओभरड्रन हुने नहुने हेर्ने कार्य जनरलको भएको र खातामा रकम नहुँदा नहुँदै जनरल विभागबाट भौचरहरू तयार गरी म कहाँ ल्याएपछि प्रक्रिया पूरा भएर आएपछि मैले ड्राफ्टमा सही गरेको हो । रू.१,७३,३३५।- रुपैयाँको ड्राफ्ट प्रवन्धक विदामा बसेको बेलामा निमित्त एकाउण्टेण्टको हैसियतले सही गरेको हो । सो बाहेक मैले सही गरेको छैन । एकाउण्टेण्ट नभएका वखत ड्राफ्टमा सही गर्ने कार्य बैंकको

आन्तरिक परिपत्रमा हुन्छ । लेजरहरू सबै हेर्ने कार्य जनरल डिपार्टमेण्टको हो । मेरो कार्य नगद विभागको हो । मैले कुनै कसूर गरेको छैन । सजाय हुनुपर्ने हैन भन्ने समेत व्यहोराको प्रतिवादी नरेशकुमार प्रधानले अदालतमा गरेको बयान ।

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी नरेशकुमार प्रधानबाट रू.५०,०००।- (पचास हजार रुपैयाँ मात्र) नगद वा सोबापत जेथा जमानत दिए लिई नदिए कानूनबमोजिमको सिधा खान पाउने गरी मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०५८।६।४ मा अदालतबाट भएको आदेश ।

प्रतिवादी मध्येका महेन्द्रपाल सिँहको हाम्रो तत्कालीन कार्यकारी अध्यक्ष तिलक रावलसँग राम्रो परिचय भएको कारणले निजले कार्यकारी अध्यक्षकहाँ पुगी कर्जा माग गरेको र कर्जा स्वीकृतिका लागि समय लाग्ने, समयमा धादिङ्ग, गजुरी, मलेखु, पनौती भन्ने ठाउँमा अंगद वाटर सिकिङ्ग रिसोर्ट सञ्चालन गर्ने सिलसिलामा त्यही गंगासागर आयल स्टोर र जग्गा समेत खरीद गरी सञ्चालन गर्न तत्काल रकमको अभाव पर्ने भएकोले कर्जा स्वीकृत भई नआउञ्जेलका लागि बैंकबाट ओभरड्रन सुविधा उपलव्ध गरी दिन तत्कालीन कार्यकारी अध्यक्ष डा. तिलक रावलसमक्ष पेश गर्दा सो कर्जाका लागि आवश्यक कारवाई गरिदिने तोक आदेश र फोनबाट मौखिक निर्देशन भएको हुँदा मैले लिएको रकममध्ये च.हि.नं. ४०१ को खाताबाट भुक्तानी हुन गएको रकम रू.१४,००,०००।- दिएकोमा महेन्द्रपालले सोको तीन दिन पछि रू.९,३०,०००।- (नौ लाख तीस हजार) जम्मा गरेको र निजको कर्जा स्वीकृत रू.१०,००,०००।- (दश लाख) ओभरड्रन र रू.६,००,०००।- (छ लाख) हाइपोथिकेशन गरी रू.१६,००,०००।- (सोह्र लाख) कर्जा खातामा खर्च लेखी निजको चल्ती खातामा जम्मा हुनुपर्नेमा सो रकम जम्मा नभई कर्जा खाताबाट भुक्तानी लगेको हुँदा उक्त खाताबाट ओभरड्रन भएको देखिन आउँछ । मेरो अनुपस्थितिमा सहायक प्रवन्धकबाट अन्य रकम भुक्तानी भएको छ जसको जिम्मेवारी मेरो हुँदैन । महेन्द्रपाल सिँहको ६/७ रोपनी जग्गा, तिनतले घर, दुई वटा पेट्रोल पम्प र सो पम्पको मेशिन समेतको मूल्याङ्कन एक करोड पचपन्न लाख पर्छ जुन निजलाई भुक्तानी दिएको भन्दा निकै बढी छ । सुरक्षणबापत बैंकले धितो प्रशस्त राखेको छ । कुनै कर्मचारीलाई ओभरड्रन गर्नु भनी आदेश दिएको छैन मेरो आदेशबेगर कर्मचारीले ओभरड्रन गरेका हुन् । म तथा अन्य कुनै कर्मचारीले भ्रष्टाचार गरी लाभ लिने तथा अनियमित कार्य गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी सरोजप्रसाद ढुङ्गानाले अदालतमा गरेको बयान ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७ (४) को अवस्था विद्यमान देखिंदा पछि प्रमाण बुझ्दै जांदा ठहरे बमोजिम हुने गरी प्रतिवादी सरोजप्रसाद ढुङ्गानाबाट रू.२५,००,०००।- (पचीस लाख) नगद धरौट वा जेथा जमानत दिए लिई मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०५८।६।२९ मा विशेष अदालतबाट भएको आदेश ।

म प्रतिवादीहरू मध्येका महेन्द्रपाल सिँहको गार्मेण्ट फैक्ट्रीमा काम गरेको करिव ८ वर्ष भयो । महेन्द्रपालको त्यसबेला राम्रो व्यापार थियो । धादिङ्ग राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाको च.हि.नं. ४०१ खाता गंगासागर आयल स्टोरको हो । उक्त आयल स्टोर मेरो नाममा नामसारी हुनुअघि नै रू.१९,८३,९४३।१३ आयल स्टोरका नाममा ऋण थियो । जुन पहिला हरिप्रसाद मरहट्टाको नाममा थियो । सो समेत महेन्द्रपाल सिँहले नामसारी गर भनी मेरो नाममा नामसारी गरेको हो । सो आयल स्टोरको कारोवार गर्दै जाँदा बैंकमा केही रकम जम्मा गरेको पनि छ । च.हि.नं. ५४६ अंगद वाटर स्पोर्टसका नाउँमा छ । सो खाताबाट झिकिएको रू.२१,२६,१००।- सम्बन्धित वाटर स्पोर्ट र आयल स्टोरका जग्गाधनीहरूलाई बांकी बक्यौता रकम भुक्तानी गरी दिएको हो । मैले कुनै किसिमबाट आफूलाई लाभ बैंकलाई नोक्सानी हुने गरी भ्रष्टाचार गरेको छैन । महेन्द्रपाल र तत्कालीन कार्यकारी अध्यक्ष डा.तिलक रावलसँग के कस्तो सम्बन्ध छ मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी अनील क्षेत्रीले अदालतमा गरेको बयान ।

मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादी अनील क्षेत्री कसूरदार हो भनी बिश्वास गर्न मनासिब आधार कारण देखिन आएकोले पछि फैसला हुँदा ठहरेबमोजिम हुने गरी निजहरूबाट भ्रष्टाचार

निवारण ऐन, २०१७ को दफा २७(४) बमोजिम रू.१५,००,०००।- (पन्ध्र लाख) नगद वा सोबापत जमानी दिए लिई तारिखमा राख्ने र नदिए कानूनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको मिति २०५८।८।१४ मा भएको आदेश ।

मैले र मेरा दाजु रोजप्रसाद त्रिपाठीले हाम्रो नाउँको धादिङ्ग, बेनीघाट वडा नं. ९ को १-१०-० जति जग्गा प्रतिवादीमध्येका महेन्द्रपाल सिँहलाई १ हातको रू.७५००।- का दरले रू.३,२५,०००।- मा बिक्री गरेको, सो जग्गा २०५६ सालको जेठको पहिलो हप्तातिर बिक्री गरेको होला मिति याद भएन, बिक्रीको कुरा पहिलादेखि नै थियो । जग्गा बिक्रीको लागि बैना भएपछि जग्गा बिक्री गरेबापत महेन्द्रपाल सिँहले दाजु रोजप्रसाद र मलाई पहिला रू.३,००,०००।- र दोस्रो पटक रू.२५,०००।- गरी जम्मा रू.३,२५,०००।- को चेक दिएको थिए । सो चेकको रकम मेरो खातामा जम्मा गरेको हो । मेरो कुनै गल्ती छैन भन्ने समेत व्यहोराको प्रतिवादी एकराज त्रिपाठीले अदालतमा गरेको बयान ।

मेरा नाउँको धादिङ्ग, बेनीघाटको कि.नं. १५७ को २-२-२-१ जग्गा २०५६।२।१२ मा प्रतिहात रू.७५००।- का दरले अंगद वाटर स्पोर्टसका नाउँमा बिक्री गरेको हो । महेन्द्रपाल सिँहले भने बमोजिम जग्गा पास गरी दिएको जग्गा पास गर्दा रू.४,६२,५००।- मा पास गरी दिएको हो । पहिला पटक रू.३,००,०००।- र दोस्रो पटक रू.१,६२,५००।- मा गरी जम्मा रू.४,६२,५००।- पाएको हुँ । स्पेश टाइम पत्रिकाले हामीले जग्गा पास गरेको विषयमा निकालेको थियो र म बैंकमा जाँदा तपाईहरूलाई केही हुँदैन भनेपछि म घर गएकोमा अदालतबाट म्याद गएपछि हाजिर हुन आएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी रोजप्रसाद त्रिपाठीले अदालतमा गरेको बयान ।

चेक प्राप्त गरेको तथ्यलाई स्वीकार गरेको समेतबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७(४) को अवस्था विद्यमान नरहेको भनी मान्न नसकिने हुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीहरू रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीबाट जनही रू.२५,०००।- (पच्चीस हजार) नगद धरौट वा जेथा जमानत दिए लिई तारिखमा राखी र नदिए कानूनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेत व्यहोराको २०५८।९।१० मा विशेष अदालतबाट भएको आदेश ।

रू.१३,५२,८८४।- च.हि.नं. ५४६ बाट मेरो खाता नं. ५४२ मा ट्रान्सफर भएर आएको मूल कारण म रामजीप्रसाद मरहट्टा, कृष्णप्रसाद बराल र हरिप्रसाद मरहट्टा तीनजनाको साझेदारी फर्म गंगासागर आयल स्टोर अनील क्षेत्री समेतले अंगद वाटर स्पोर्टस किन्नु भएबापत उक्त रकम मेरो खातामा ट्रान्सफर भएको हो । गंगासागर आयल स्टोर हामीले रू.३४,००,०००।- मा अनील क्षेत्रीलाई बिक्री गरेका थियौं । जुन रकम नगदै भुक्तानी लिई बांकी रकम रू.१३,५२,८८४।- अन्तिम किस्ता बापतमा चेकमार्फत् भुक्तानी लिएको हो । जानाजान आफूलाई नाफा र बैंकलाई हानि नोक्सानी हुने कार्य गरेको छैन । २०५६ साल वैशाख २३ गते च.हि.नं. ५४२ को खाता खोल्दा रू.१२ लाख अन्दाजी राखी खोलेको थिएँ । म कृष्णप्रसाद बराल र हरिप्रसाद मरहट्टाको संयुक्त साझेदारी रहेको गंगासागर आयल स्टोर बिक्री गर्दा प्राप्त हुने रकम राख्न उक्त खाता खोलिएको हो । अहिले पनि खातामा रू.१८ सयजति रकम होला । गंगासागर आयल स्टोरका भौचर २ वर्ष पहिला जम्मा भएकोले मसँग छैन हरायो । पास बुकमा इन्ट्री भएको मसँग छ । २०५६ साल जेठ १२ गते काटिएको चेक राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाको थियो । बैंकमा भौचर हराएकोले चेक नं. मलाई थाहा भएन । २०५६।२।१२ वा १३ गते भौचर भरी बैंक दाखिला गरेको हुँ । भौचर बैंकमा होला । यसमा मैले गल्ती गरेको नहुँदा सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी रामजीप्रसाद मरहट्टाले अदालतमा गरेको बयान ।

यसमा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २७ (४) बमोजिम प्रतिवादी रामजीप्रसाद मरहट्टाले रू.५,००,०००।- (पाँच लाख) नगद धरौट वा सोबापतको जेथा जमानी दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नु । धरौट वा जेथा जमानत दिन नसके कानूनबमोजिम सिधा दिई थुनामा राखी कानूनबमोजिम गर्नु भन्ने समेतको मिति २०५८।९।२४ को अदालतको आदेशानुसार प्रतिवादी रामजीप्रसाद मरहट्टाले मिति २०५८।१०।१ मा जेथा जमानत राखी तारिखमा रहेको ।

२०५४ साल तिर कृष्णप्रसाद बराल, म हरिप्रसाद मरहट्टा र रामजीप्रसाद मरहट्टा समेत ३ जनाको साझेदारमा गंगासागर आयल स्टोर खोलेकोमा १, १½ वर्ष पछि उक्त पेट्रोल पम्प रू.३४ लाखमा अनील क्षेत्रीलाई बिक्री गरियो । बिक्री भएकोमा मोल भएको १०/१५ दिन पछी प्रतिवादी मध्येका अनील क्षेत्रीले उक्त पेट्रोल पम्पको रकम नगद छैन । बैंकको चेकबाट भुक्तानी लिनुस् भनेकाले मैले बैंकमा गई मेनेजर सरोज ढुङ्गानासित कुरा गर्दा तपाईको खातामा पैसा जम्मा भएको छ भने । मेरो खातामा जम्मा भएको रकममा रू.१४,००,०००।- को चेक काटी तीनैजना साझेदारले बांडी लिएका हौं । रू.२,२०,०००।- कसले झिके मलाई थाहा भएन । पेट्रोल पम्प खोलेपछि आयल निगमसँग कारोवार गर्नको लागि २०५४ सालमा नै रू.१,०००।- राखी खाता खोलेको थिएँ । कृष्णप्रसाद बरालको नाउँमा रहेको जग्गाको कित्ता नं. थाहा भएन करिव ३ रोपनी जग्गा र सोमा बनेको पेट्रोल पम्प डोरमार्फत् रजिष्ट्रेशन पास गरी दिएको हो । बिक्री गरेपछी पेट्रोल पम्पको खाता नं. ४०१ समेत अनील क्षेत्रीकै नाउँमा ट्रान्सफर गरी दिएको छु । के कुन भौचर, चेकबाट उक्त रू.१४ लाख रकम मेरो खातामा जम्मा हुन आएको हो मलाई थाहा छैन । अनील क्षेत्रीलाई नै थाहा होला मैले केही गरेको छैन । सजायं हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी हरिप्रसाद मरहट्टाले अदालतमा गरेको बयान ।

यसमा पछि ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी हरिप्रसाद मरहट्टाबाट रू.५,५०,०००।- (पाँच लाख पचास हजार) नगद धरौट वा सोबापत जेथा जमानी दिए लिई तारिखमा राखी र दिन नसके कानूनबमोजिमको सिधा खान पाउने गरी थुनुवा पूर्जी दिई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भन्ने समेतको विशेष अदालतको मिति २०५८।१०।२२ का आदेशानुसार प्रतिवादी हरिप्रसाद मरहट्टाले मिति २०५८।१०।२५ मा जेथा जमानत राखी तारिखमा रहेको ।

यसमा प्रतिवादीमध्येका महेन्द्रपाल सिँहले अदालतबाट जारी भएको शुरु समाव्हान म्यादै गुजारी बसेको र प्रतिवादी उत्तर खतिवडाले अदालतबाट प्रकाशित सूचनाको म्यादमा उपस्थित नभई म्यादै गुजारी बसेको ।

यसमा यस अदालतको मिति २०६०।४।१४ को आदेशानुसार वादीका साक्षी हजुरी रायमाझी, माधवराम अधिकारी, सतिशराज भट्टराई, हरिबहादुर गुरुङ्ग, लेखनाथ काफ्ले र प्रतिवादीहरूका साक्षी देवप्रसाद त्रिपाठी, श्याम लामा, मनोहर दास श्रेष्ठ, श्यामकृष्ण श्रेष्ठ, कमल श्रेष्ठ, हरिकृष्ण अधिकारी, झंकनाथ त्रिपाठी, बद्रीप्रसाद उप्रेती र खडानन्द त्रिपाठी समेतको बकपत्र भई मिसिल सामेल रहेको ।

यसमा गंगासागर आयल स्टोरको नाउँको ओ.डि. कर्जा नं. ३४।२२ सम्बन्धी सम्पूर्ण सक्कल कागजात संलग्न रहेको फायल र तत् सम्बन्धी कर्जा खाता पानाको प्रमाणित फोटोकपी पठाउन राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गजुरीलाई लेखी पठाई आएपछि पेश गर्नु भन्ने समेतको विशेष अदालतको आदेशानुसार राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गजुरीबाट कर्जा खाता पाना २ को फोटोकपी आई मिसिल संलग्न रहेको ।

मिसिल संलग्न सबूद प्रमाणबाट प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., झलकमान श्रेष्ठ, नरेशकुमार प्रधान, महेन्द्रपाल सिँह, अनील क्षेत्री र उत्तर खतिवडाले सम्म उजूरी प्रतिवेदन बमोजिमको कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., झलकमान श्रेष्ठ र नरेशकुमार प्रधानले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको तथा प्रतिवादी महेन्द्रपाल सिँह, अनील क्षेत्री र उत्तर खतिवडाले उक्त ऐनको दफा ८ अन्तर्गतको कसूर गरेको ठहर्छ । अरु प्रतिवादीहरू हरिप्रसाद मरहट्टा, रामजीप्रसाद मरहट्टा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीले दावीबमोजिमको कसूर गरेको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि हुन सकेको नपाइनाले निजहरूले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ । सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम कसैको खातामा खर्च नजनाई र रकम समेत दाखिल नगराई राष्ट्रिय वाणिज्य बैंक, कलंकीबाट उत्तर खतिवडाले भुक्तानी पाउने गरी ड्राफ्ट खिचेतर्फको बिगो रू.६,००,०००।- को दामासाहीले हुने बिगो रू.२,००,०००।- जनही प्रतिवादी

सरोजप्रसाद ढुङ्गाना र गणेशबहादुर रायमाझीबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीलाई भराई निजहरूलाई उक्त ऐनको दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांशअनुसार निजहरूबाट भराई पाउने ठहरेको बिगोबमोजिम जनही रू.२,००,०००।- जरीवाना हुन्छ, साथै कसूरको मात्रा अनुसार उक्त ऐनको दफा ७(२) बमोजिम प्रतिवादी सरोजप्रसाद ढुङ्गानालाई १ वर्ष ६ महिना र प्रतिवादी गणेशबहादुर रायमाझीलाई १ वर्ष कैद समेत हुन्छ । प्रतिवादी प्रदीप के.सी., झलकमान श्रेष्ठ र नरेशकुमार प्रधानलाई उक्त ऐनको दफा ७(२) बमोजिम कसूरको मात्राअनुसार क्रमशः ९ महिना, ९ महिना र ६ महिना कैद हुन्छ । उक्त ऐनको दफा २९ (१) बमोजिम खाता नं. ५२४ तर्फको बिगो रू.४३,९३,४८०।- प्रतिवादी महेन्द्रपाल सिँहबाट र खाता नं. ४०१ तथा ५४६ तर्फको बिगो रू.३१,५१,९६६।१३ प्रतिवादी अनील क्षेत्रीबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीलाई भराई उक्त ऐनको दफा ८ तथा दफा २९ (२) को प्रतिवन्धात्मक वाक्यांशअनुसार निजहरूबाट भरिपाउने ठहरेको बिगोबमोजिम प्रतिवादी महेन्द्रपाल सिँहलाई रू.४३,९३,४८०।- र प्रतिवादी अनील क्षेत्रीलाई रू.३१,५१,९६६।१३ जरीवाना हुन्छ । प्रतिवादी उत्तर खतिवडाको हकमा निजको मृत्यु भैसकेको भन्ने हुँदा बिगो रू.६,००,०००।- को दामासाहीले हुने रू.२,००,०००।- उक्त ऐनको दफा २९(१) बमोजिम निजका अपुताली खाने समेतबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीले भराई लिन पाउने र सजाय तर्फ दण्ड सजायको ३ नं. अनुसार केही गर्नु परेन भन्ने समेत व्यहोराको विशेष अदालत काठमाडौंबाट मिति २०६१।११।१४ मा भएको फैसला ।

म प्रबन्धकले भनेअनुसार लाए अह्राएको काम गर्ने व्यक्ति हुँ । मैले ओभरड्रन गरेको छैन, म प्राविधिक (जे.टी) कर्मचारी भएकोले मैले ड्राफ्ट बनाउने र ओभरड्रन गर्ने कार्य गर्ने नै होइन । मैले प्रशासन शाखाको कर्मचारी नभएको समयमा प्रबन्धकले सो शाखाको काम लगाएमा गर्नुपर्ने हुन्थ्यो । बैकिङ्ग प्रणालीअनुसार माथिल्लो अधिकारीले लाएअह्राएको काम गर्नुपर्ने हुँदा मेरो कुनै मनसाय थिएन । दुषित मनसाय बिनाको कार्य अपराधिक कसूर हुँदैन । गोश्वारा रुपमा लगाएको अभियोग मलाई लाग्ने होइन तसर्थ विशेष अदालतले मलाई सजाय गर्ने गरेको फैसला बदर गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रदीप के.सी.को यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

म बैङ्कको नगद विभागको प्रमुख हुँ । मेरो काम भुक्तानी दिनु भनी लेखी आएका चेकको रकम भुक्तानी गर्नु र नगद बुझी लिनु हो । कसैको खातामा पैसा छ छैन भनी हेर्ने जाँच्ने कार्य मेरो होइन । ओभरड्राफ्ट भए नभएको हेर्ने मेरो कार्य होइन । जनरल शाखाबाट ड्राफ्ट बनाउने भौचर तयार गरी ड्राफ्ट बनेर आएपछि बनेको ड्राफ्टमा निमित्त भएको समयमा ड्राफ्टमा निमित्त एकाउण्टेण्टको हैसियतले सही गरेको हो । प्रबन्धक नभएको समयमा रू. १,७३,३३५।- को ड्राफ्टमा बाहेक अन्यमा मैले सही गरेको छैन । मेरो कार्य विशुद्ध नगद विभागको हुँदा मैले कसूर गरेको छैन । म असम्बद्ध व्यक्ति भएको हुँदा मलाई सजाय हुनुपर्ने होइन । गोश्वारा रुपमा मलाई लगाएको अभियोग दावीअनुसार सजाय गर्ने गरेको विशेष अदालतको फैसला उल्टी गरी अभियोगबाट सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी नरेशकुमार प्रधानको पुनरावेदन पत्र ।

प्रतिवादीहरू हरिप्रसाद मरहट्टा र रामजीप्रसाद मरहट्टा समेतको संयुक्त नाममा रहेको गंगासागर आयल स्टोर निजहरूकै नाममा रहेको बेला प्रतिवादी महेन्द्रपालले पत्राचार गरी निवेदन लेखेको, यसै गरी उक्त आयल स्टोरको नाममा रहेका खाता आफ्नो जिम्मामा हुँदा नै रू.१४ लाख ओभरड्राफ्ट गरी अनील क्षेत्रीका नाममा चेक काटेको र ४०१ नं. खाताबाट रकम झिकिएको छ । त्यस्तै अनील क्षेत्रीको च.हि.नं. ५४६ बाट रामजीप्रसादको खातामा ट्रान्सफर गरिएको छ । तसर्थ यिनीहरूको संलग्नता प्रष्ट छ । त्यसै गरी प्रतिवादीहरू एकराज त्रिपाठी र रोजप्रसाद त्रिपाठीको खातामा अनील क्षेत्री र महेन्द्रपाल सिँहको खाताबाट ओभरड्राफ्ट गरी झिकेको रकम जम्मा गरिएको छ । प्रतिवादी गणेशबहादुर रायमाझीले यिनीहरूलाई पोलेको अवस्था छ । यस्तो अवस्थामा सह-अभियुक्तहरू मध्ये केहीलाई सजाय नगरेको र केहीलाई सफाइ दिएको मिलेको छैन । तसर्थ, यी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता देखिएकाले र प्रमाणबाट पुष्टि भई रहेको स्थितिमा सफाइ दिने गरेको विशेष अदालतको फैसला

केही उल्टी गरी यी प्रतिवादीलाई समेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

म बैङ्कको तल्लो तहको कर्मचारी हुँ । मैले अभियोग लगाएअनुसारको भ्रष्टाचारजन्य कार्य गरेको छैन । म लाए अह्राएको कार्य गर्ने सहायक स्तरको कर्मचारी भएकोले प्रबन्धकले लाएको कार्य गरेको हुँ । जबरजस्ती रुपमा मलाई प्रयोग गरिएको हो भनी बयान गरेको र सो कुरालाई बैङ्ककै अरु कर्मचारीले पनि पुष्टि गरेका छन् । तसर्थ, प्रबन्धकले लाएअह्राएको काम गर्ने भएकोले निजले आदेश, निर्देशन र दवावमा खातामा पैसा नहुँदा नहुँदै बाध्यताबस गरेका कार्यको भागिदार म हुने होइन । मलाई सजाय गर्ने गरेको विशेष अदालतको फैसला मिलेको नहुँदा सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी झलकमान श्रेष्ठको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

म गजुरी शाखाको प्रबन्धक पदमा रहेको थिएँ । महेन्द्रपाल सिँह बैङ्कको पुरानो र भरपर्दो ग्राहक हुन् । निजसँग बैङ्कको राम्रो सम्बन्ध र कारोवार रहेको थियो । यसै तथ्यमा बैङ्कका अध्यक्षले ओभरड्राफ्ट कर्जा दिनू भनी भन्नु भएको थियो । सो निर्देशनलाई हामीले पालना गरेका थियौं । लगानी भएको कर्जा सुंरक्षणबापत प्रशस्त अचल सम्पत्ति धितो लिएर ओभरड्राफ्ट कर्जा दिएको हो । सीमाभन्दा बढी ऋण दिने मनसाय थिएन । बैङ्कै प्रमुखले भनेपछि टार्न नसकिएको हो । सुरक्षणमा रहेको धितोले बैङ्कको लेना सावा व्याज समेत पर्याप्त मात्रामा खाम्दछ । तसर्थ, सीमाभन्दा बढी भए पनि पर्याप्त धितो लिएको हुँदा बदनियत गरेको होइन । बैङ्कले लगानी गरेको ऋण कानूनबमोजिम असूल गर्नुपर्नेमा मलाई मुद्दा लगाइयो । ऋण असूलीतर्फ कारवाही गरेमा सबै असूली हुने अवस्थाको छ । तसर्थ पनि कर्जा लगानी गरेको कार्यलाई भ्रष्टाचार भन्न मिल्दैन । दायित्वको लेखाजोखा नै नगरी भएको फैसलाले मलाई अन्यत्र गरेको हुँदा उल्टी गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी सरोजप्रसाद ढुङ्गानाको यस अदालतमा परेको पुनरावेदन पत्र ।

म राष्ट्रिय वाणिज्य बैङ्क गजुरी शाखामा सहायक प्रबन्धक पदमा कार्यरत् रहेकोमा म समेतलाई ऋण लगानी गरेको विषयमा भ्रष्टाचार मुद्दा लगाइएको र विशेष अदालतले हराई कैद समेत गरेको छ । महेन्द्रपाल सिँह राष्ट्रिय वाणिज्य बैङ्कका पुराना र भरपर्दा ग्राहक हुन । बैङ्कले निजलाई पत्याएकोले अध्यक्षबाट नै ओभरड्राफ्ट कर्जा दिएको थियो । निजलाई बैङ्कका अध्यक्षले थप ऋण दिनू भनेका थिए । सीमा छैन भन्दा कारवाही हुँदैछ, सीमा थप हुन्छ, कर्जा दिनु भनी निर्देशन गरेकाले सीमाभन्दा बढी कर्जा (ओभरड्राफ्ट) दिएको हो । सोबापत पर्याप्त धितो सुरक्षण राखिएको छ । सो धितो सावा व्याज असूल गर्न पर्याप्त हुन्छ । यसरी पर्याप्त धितो लिएर कर्जा लगानी गरेको र त्यसरी लगानी गरेका रकमबाट ड्राफ्टहरू बने बनाएको हो । वास्तविकता नबुझी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ । लगानी गरेको रकम असूल गर्न लिलामी समेतका कारवाही अगाडि बढाउनु पर्नेमा सोको विपरीत भ्रष्टाचारमा कारवाही गरेको मिलेको नहुँदा विशेष अदालतको फैसला उल्टी गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी गणेशबहादुर रायमाझीको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र ।

बैङ्क र ग्राहकको सम्बन्ध बैङ्कमा खाता खोलेपछि शुरु भै आपसी सहमतिमा सञ्चालित हुन्छ । बैङ्कले लगानी गर्ने र ग्राहकले व्याज तिर्ने र नाफा कमाउने दुवैको उद्देश्य हो । बैकिङ्ग कारोवारामा ओभरड्रन कसूर नै होइन । ग्राहकको विश्वासमा ओभरड्रन गरी पटक-पटक Overdraft Loan Facility को रुपमा बैङ्कले रकम प्रदान गर्न सक्दछ । मैले रिसोर्ट र पेट्रोल पम्प सञ्चालनका लागि रू.५० लाख मागेकोमा रू.१६ लाख स्वीकृत भएको थियो । जमानतबापत बैङ्कले मूल्याङ्कन गरेको एक करोड पचास लाख मूल्य पर्ने जग्गा धितो दिएको छु । मैले गंगासागर आयर स्टोर खरीद गर्ने र रिसोर्ट सञ्चालन गर्न लागेकोमा बैङ्कसँग आपसी सहमति भएको थियो । यो कारोवार दुई पक्षबीचको आससी सहमति हो र विशुद्ध बैकिङ्ग कारोवार हो । Overdaraft चल्ती खातामा हुने हो र समान्य कारोवार हो । विश्वास प्राप्त ग्राहकलाई बैङ्कले Overdran को सुविधा दिन्छ । यो कसूरको विषय नै होइन । भारतमा बैङ्क अफ महाराष्ट्र विरुद्ध युनाइटेड कन्ट्रक्शन कम्पनीको मुद्दामा (AIR 1985 Bom 433) यसलाई कसूर मानिएको छैन । यस विवादमा पनि बैङ्कले सुविधा दिएर नै Overdrawn भएको हो । यसबाट

बैङ्कको हानि नोक्सानी केही भएको छैन । कुनै बद्नियत नभएको र बैङ्कलाई के हानि गरिएको हो भन्ने तथ्यको अभाव भएकोले पनि भ्रष्टाचार ऐनअनुसारको कसूर हाम्रो कारोवारमा भएको छैन । बद्नियत नहुँदा भ्रष्टाचार हुँदैन भन्ने नजीर स्थापित छन् । चल्ती खाता नं. ४०१ मेरो नाउँमा आउनु अगाडि गंगासागर आयल स्टोरका सञ्चालकको नाममा थियो र सोबाट हरिप्रसाद मरहट्टाले रू.१९,८३,९४३।१३ को रकम ओभरड्रन गरेको हो । आयल स्टोर मैले किन्नु अगावै यति रकम ओभरड्रन थियो सोलाई फैसलामा केही बोलिएको छैन । चल्ती हि.नं. ५४६ मैले सञ्चालन गरेको हो । मैले करोडौको धितो दिएर कर्जा प्रस्ताव गरेको र कारोवार गर्दै गर्न केन्द्रले निर्देशन दिएपश्चात् ओभरड्रन भएको हो । यसरी विशुद्ध बैकिङ्ग कारोवारमा सम्पूर्ण कर्जाको सावाव्याज समेत खाम्ने गरी प्रशस्त थितो दिईएको छ । तसर्थ, मलाई समेत कसूरदार ठहराई विशेष अदालतले गरेको फैसला त्रुटिपूर्ण छ बदर गरी इन्साफ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी अनील क्षेत्रीको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी महेन्द्रपाल सिँहको चल्ती हि.नं. ५२४ र अनील क्षेत्रीको चल्ती हि.नं. ४०१ र ५४६ को खाताबाट रकम नभएको र रू.१० लाख मात्रको Overdrawn सुविधा पाएकोमा सोभन्दा बढी रकम झिकिएर सोही रकम मध्येका रकमहरू प्रतिवादीहरू रामजीप्रसाद मरहट्टा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्टाको खातामा जम्मा भएको देखिन्छ । कसूरदार ठहरिएका गणेशबहादुर रायमाझी समेतले अनुसन्धानको क्रममा यी विपक्षी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने कुरा उल्लेख गरी बयान गरेको समेत अवस्था हुँदा सफाइ दिने ठहराएको विशेष अदालतको फैसला फरक पर्न सक्ने देखिएकाले विपक्षी प्रतिवादीहरू रामजीप्रसदा मरहट्टा एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्टालाई झिकाउनुका साथै कसूरदार ठहरिएका प्रतिवादीहरूले बैङ्कबाट Overdrawn को सुविधा लिए बापत धितो राखेको अवस्था समेत देखिँदा प्रतिवादीहरूको पुनरावेदन सम्बन्धमा पनि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०६६।१।६ मा लगाउका फौ. पु. नं. ३०५८, ३०८८, ३२५३, ३३०७ र ३६०७ का मुद्दामा पुनरावेदनको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु भन्ने मिति २०६४।१०।२० को तथा लगाउको अनील क्षेत्रीको पुनरावेदनको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु भन्ने मिति २०६७।७।१६ को यस अदालतको आदेश ।

नियमानुसार दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजात समेत अध्ययन गरी हेर्दा प्रतिवादी रामजीप्रसाद मरहट्टा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्टालाई अभियोग दावीबाट सफाइ दिने ठहर गरेको विशेष अदालत, काठमाडौंको फैसलाउपर निजहरूको हकमा दावीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको र प्रतिवादीहरू प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी र अनील क्षेत्रीले विशेष अदालतको फैसला नमिलेको हुँदा उक्त फैसला उल्टी गरी अभियोग दावीबाट सफाइ पाउनु पर्दछ भनी छुट्टा-छुट्टै पुनरावेदन गरेको देखियो ।

पुनरावेदक प्रतिवादी सरोजप्रसाद ढुंगानाको तर्फबाट बरिष्ठ अधिवक्ता श्री सिन्धुनाथ प्याकुरेल र अधिवक्ता कृष्णप्रसाद सापकोटाले ऋण प्रवाहमा भ्रष्टाचार भएको छ छैन हेरिनु पर्दछ । बैंक Business Organization भएकाले ऋणीको हैशियतअनुसार ऋण लगानी गर्दछ । ऋणी विश्वासिलो भएकाले सुरक्षण राखेर ऋण दिएको अवस्था छ । बैंकका महाप्रबन्धकको निर्देशनमा महेन्द्रपाल सिंह र अनील क्षेत्रीलाई ऋण लगानी गरिएको छ । ऋण असूल गर्नेतर्फ बैंकले केही नगरी भ्रष्टाचारमा उजूर गरिएको प्रक्रिया नै त्रुटिपूर्ण छ । ठगीमा जाहेरी परिसकेपछि दावी परिवर्तन गरी भ्रष्टाचारमा मुद्दा चलाएको मिलेको छैन । नयाँ तथा कृतिम ग्राहकलाई लगानी गरेको नभएर पुरानो र विश्वासिलो ऋणीलाई लगानी गरिएको र धितोबाट असूल हुने अवस्थाको भएकाले भ्रष्टाचार भन्न मिल्दैन । यस्तो भएमा तोकिएको समयभित्र ऋण चुक्ता नभएका हरेक कारोवारमा भ्रष्टाचार मुद्दा लाग्न सक्छ । सामान्य त्रुटि भएको छ तर भ्रष्टाचारजन्य कसूर होइन । ओभरड्राफ्ट कर्जाको सीमा १६ लाख भएको र सो

भन्दा बढी लगानी भएकोमा विवाद नभए पनि लगानी गर्नेको कुनै बद्नियत छैन । विशुद्ध ऋण लगानी गरिएको हो । प्रचुर सम्पत्ति धितो राखेर कर्जा लगानी गर्नुलाई भ्रष्टाचार भन्न मिल्दैन । सुरक्षणबापत राखिएको धितोबाट कर्जा असूल गर्नेतर्फ कारवाही गर्नुपर्नेमा सो नगरी भ्रष्टाचारमा कारवाही गर्नु न्यायसंगत हुदैन, पूर्वाग्रह हुन्छ । कर्जा लिने ऋणी निरन्तर बैकको सम्पर्कमा रहेको र कर्जा तिर्ने बुझाउने भनी निवेदन गरिरहेको अवस्था छ । कर्जा असूल हुने स्थितिमा भ्रष्टाचार हुदैन भनी *नेकाप* २०६३, नि.नं. ७७१९ मा पृष्ठ ७१९ मा सिद्धान्त प्रतिपादन भएको छ । प्रस्तुत मुद्दामा प्रशस्त धितो लिएर ऋण लगानी भएको र धितोबाट ऋण असूल हुने अवस्था रहेकाले भ्रष्टाचार गरेको पुष्टि हुन सक्दैन सफाइ पाउनु पर्छ भन्ने समेत बहस जिकीर प्रस्तुत गर्नुभयो ।

पुनरावेदक प्रतिवादीहरू प्रदीप के.सी., अनील क्षेत्री, नरेशकुमार प्रधान तथा प्रत्यर्थी हरिप्रसाद मरहट्टाको तर्फबाट बरिष्ठ अधिवक्ता श्री शम्भु थापा, अधिवक्ताहरू श्री सतिशकृष्ण खरेल, श्री लक्ष्मण पौडेल, श्री विद्या भट्टराईले खजाञ्ची नरेशकुमार प्रधानको काम नगद शाखामा मात्र हुने हुनाले ड्राफ्ट बनाउने तथा भुक्तानी दिनु भनेर आदेश दिने कार्य निजको होइन । निजको कार्य नगद बुझी लिने तथा भुक्तानी आदेशानुसारको भुक्तानी दिने हो । भुक्तानी दिनु भनी आदेश भै आएका चेकको भुक्तानी मात्र निजले दिएको हो । Overdrawn गर्ने कार्यमा खजाञ्चीको कुनै भूमिका हुदैन । निजको के कुन कार्य भ्रष्टाचार हो सो किटान नगरी गोश्वारा रुपमा अभियोग लगाइएको छ । कहिलेकाँही प्रबन्धक वा सहायक प्रबन्धक नभएको अवस्थामा मात्र ड्राफ्टमा सही गर्नुपर्ने हुन्छ । प्रबन्धक नभएको अवस्थामा एउटामा सही गरेको हो । त्यस्तोमा पनि जनरल शाखाबाट ड्राफ्ट बनेर आएपछि मात्र सही गर्नुपर्ने हुन्छ । ड्राफ्ट बनाउने पैसा Overdrawn बाट आएको देखिन्छ, नगद आएको नभै चेक आएको र चेकअनुसार ड्राफ्ट बनेर आएकोमा सही गरेको कारणबाट मात्र सजाय हुने होइन । प्रदीप के.सी. समेत प्राविधिक कर्मचारी अर्थात् जे.टी. हुन । उनी समेत बैकको खाता हेर्ने वा Balence हेर्ने कर्मचारी नभएर विसुद्ध प्राविधिक कर्मचारी भएकाले उनले समेत प्रशासनतर्फका कर्मचारी नभएको अवस्थामा मात्र काम गर्नुपर्ने हुन्छ । तसर्थ उनीहरूको काममा बद्नियत देखिदैन । खातामा पैसा छ छैन नगद शाखाका तथा प्राविधिक कर्मचारीले हेर्ने होइन । सो काम प्रशासन अर्थात जनरल शाखाका कर्मचारीको काम हो । अनील क्षेत्रीले प्रशस्त जग्गा धितो दिएर ऋण लिएको र पैसा तिर्न बुझाउन तयार रहेको मिसिल संलग्न बैकको पत्रबाट नै स्पष्ट भएकाले धितो राखेर निजले लिएको ऋणका सम्बन्धमा पर्याप्त धितो हुँदाहुँदै भ्रष्टाचारमा कारवाही गर्न मिल्दैन । निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८, २९ को अवस्था पुष्टि हुने अवस्था छैन । निजको व्यवसाय हाल पनि सञ्चालनमा रहेको छ । बैंकले विश्वास गरेर ऋण दिएकोमा अनील क्षेत्री दोषी हुन सक्दैनन् । ऋण तिर्न २०५९ सालदेखि जाँदा पनि बैंकले लिएको छैन । यसै गरी हरिप्रसादले आफूले चलाएको पेट्रोल पम्प बिक्री गरेकाले सोही फर्मको खातामा सञ्चालक मात्र परिवर्तन भएको अवस्था हो । आफूले बिक्री गरिसकेको फर्मको खाताबाट भएको Overdrawn मा हरिप्रसाद जिम्मेवार हुने होइनन् । भ्रष्टाचार हुन बद्नियत हुनका साथै भ्रष्टाचारजन्य कार्य भएको प्रमाणित हुनुपर्छ । सामान्य रुपमा बैंकले लगानी गरेको र ऋणी उक्त ऋण तिर्न बुझाउन तयार नै रहेको अवस्थामा भ्रष्टाचारजन्य कसूरमा सजाय गर्न मिल्दैन । जग्गा बिक्री गर्नेहरूलाई अभियोग लगाउनुको कुनै तर्क प्रस्तुत हुन सकेको छैन, सबैलाई गोश्वारा रुपमा अभियोग लगाइएको छ । भ्रष्टाचार जस्तो गम्भीर अपराध लगाउन कुन ठोस कार्यबाट भ्रष्टाचार भएको हो सो कुरा किटानीसाथ उल्लेख गर्नु पर्छ । अभियोजन पक्षले त्यसरी भ्रष्टाचारजन्य कार्य किटान नगरी अभियोग लगाएको हुँदा पनि सफाइ पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

पुनरावेदक प्रतिवादीरू झलकमान श्रेष्ठ र गणेशबहादुर रायमाझीको तर्फबाट अधिवक्ताद्वय श्री लभकुमार मैनाली तथा पुष्पराज उप्रेतीले कर्जा सीमा नाघ्नु मात्र विवादित विषय बन्न गएको छ । भ्रष्टाचार हुन बद्नियत देखिनु पर्दछ यसमा बद्नियत कसरी भयो अभियोजन पक्षले देखाउन सकेको छैन । भ्रष्टाचार हुन आफूलाई फाइदा र संस्थालाई बेफाइदा भएको

हुनपर्दछ, तर यसमा ऋण असूल हुने अवस्था भएकाले सोबाट संस्थालाई नै फाइदा हुन्छ। धितोभन्दा बढी ऋण लगानी भएको वा धितोले खाम्न नसक्ने गरी ऋण दिएको भएमात्र बद्नियत हुन्थ्यो। यसमा पर्याप्त धितो लिएको अवस्था भएकाले बद्नियत हुन सक्दैन। तसर्थ भ्रष्टाचार निवारण ऐनअनुसारको कसूर नभई वाणिज्य बैंक ऐनको दफा ४१ अनुसार कारवाही हुन पर्ने हो, भ्रष्टाचार निवारण ऐन अनुसार होइन। ऋण असूल गर्न वाणिज्य बैंक ऐन नै पर्याप्त हुन्छ। सो अनुसार असूली प्रक्रिया नअपनाउनु पूर्वाग्रह हो। सहायक स्तरका कर्मचारी झलकमान श्रेष्ठलाई बैंकले नै अवकाश दिइसके पछि अभियोग लगाएकोले पनि पूर्वाग्रही देखिन्छ। लाए अह्राएको काम गर्ने यस्ता सहायक स्तरका कर्मचारीको Overdrawn मा केही भूमिका हुँदैन। सेवा निबृत्त भएपछि लगाएको आरोप भएकाले झलकमानले समेत सफाइ पाउनु पर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादीहरू रामजीप्रसाद मरहट्ठा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्ठालाई विशेष अदालतले सफाइ दिएउपर पुनरावेदन गर्ने नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री महेश थापाले पेट्रोल पम्प बिक्री गरे पश्चात् र खातामा पैसा नभएको थाहा हुँदाहुँदै पनि खाता आफैले सञ्चालन गरेको देखिएकोले मरहट्ठा बन्धुहरूको संलग्नता पुष्टि हुन्छ। यस्तै त्रिपाठीद्वयले जग्गा बिक्री गरेको र सोही जग्गा बैंकलाई धितोमा दिएको देखिएको छ। निजहरूको बयान अनुसार जग्गा उधारोमा दिएको देखिन्छ। जग्गा पास गरिदिएको धेरै समयपछि निजहरूले Overdrawn बाट झिकेको पैसा लिएको देखिएको छ। नचिनेका व्यक्तिलाई उधारोमा जग्गा पास गरिदिएको भन्ने कुरा विश्वास गर्न नसकिने हुँदा उनीहरूको मिलेमतो देखिन्छ। तसर्थ विशेष अदालतको फैसला प्रतिवादीहरू रामजीप्रसाद मरहट्ठा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्ठालाई सजाय नगरेको हदसम्म उल्टी गरी अभियोग दावीबमोजिम सजाय हुनुपर्दछ। त्यसै गरी प्रतिवादीहरू प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी र अनील क्षेत्रीले एक आपसमा मिलेमतो गरी जानी जानी कर्जा स्वीकृत सीमाभन्दा बढी रकम गैरकानूनी रुपमा च.हि.नं. ४०१, ५२४ र ५४६ नं. का खाताहरूबाट दिई लिई आफूलाई फाइदा र बैंकलाई हानि पुऱ्याएको हुँदा अभियोग दावीबमोजिम शुरुले गरेको सजाय मिलेको छ। निजहरूले बयान गर्दा सीमाभन्दा बढी रकम दिएको तथा लिएको कुरा स्वीकार गरेका छन् सो कुरा अनुसन्धानबाट थप पुष्टि भएको छ। ऋणीले Overdraft कर्जाको लागि निवेदन दिएको देखिएको छ तर निजको चल्ती खाताबाट Overdrawn गर्ने कार्य भएको छ। खातामा पैसा नहुँदा नहुँदै भुक्तानी दिई बैंकलाई हानि पुऱ्याउनु भ्रष्टाचार हो। तत्कालीन समयको अति कम मूल्यको जग्गा धितो लिइएको छ। हाल जग्गाको मूल्य बृद्धि भएकाले ऋण तिर्छु भनिएको मात्र हो। कानूनले कसूरजन्य कार्य मानेको कार्य गरेकोमा बैंकलाई पुगेको क्षतिपूर्ति तिर्छु भनी कसूरजन्य अपराधबाट उन्मुक्ति पाउन नसक्ने हुँदा विशेष अदालतले प्रतिवादीहरू प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी र अनील क्षेत्रीलाई जरीवाना तथा कैद सजाय गर्ने गरेको फैसला मिलेको हुँदा निजहरूको हकमा उक्त फैसला सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

दुबैतर्फका कानून व्यवसायीहरूले गर्नुभएको उपरोक्तानुसारको बहस जिकीर सुनी निर्णयतर्फ विचार गर्दा प्रतिवादी रामजीप्रसाद मरहट्ठा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी र हरिप्रसाद मरहट्ठालाई अभियोग दावीबाट सफाइ र प्रतिवादीहरू प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी र अनील क्षेत्रीले अभियोग दावीबमोजिम कसूर गरेको ठहर गरेको विशेष अदालतको फैसला मिलेको छ छैन, वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन सोही सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ, महेन्द्रपाल सिंह, अनील क्षेत्री, रामजीप्रसाद मरहट्ठा, एकराज त्रिपाठी, उत्तर खतिवडा, रोजप्रसाद त्रिपाठी तथा हरिप्रसाद मरहट्ठाले एक आपसमा मिलेमतो गरी लेजर समेत केरमेट गरी सच्याई बैंकको हितविपरीत

अनियमित तवरबाट बिगो रू.८१,४५,४४६।१३ बराबरको खातामा जम्मा नभएको रकम ओभरड्रन गरी आफूहरूलाई गैरकानूनी लाभ र राष्ट्रिय वाणिज्य बैंकलाई गैरकानूनी हानि पुऱ्याई भ्रष्टाचारको कसूर गरेको हुँदा प्रतिवादीहरू सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, झलकमान श्रेष्ठ, प्रदीप के.सी. र नरेशकुमार प्रधानलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ को कसूरमा सोही दफाबमोजिम सजाय गरी बैंकलाई हानि नोक्सानी भएको बिगो ऐ. ऐनको दफा २९(१) बमोजिम बैंकलाई भराई ऐ. दफा २९(२) बमोजिम जरीवाना गरिपाऊँ भन्ने तथा प्रतिवादीहरू महेन्द्रपाल सिंह, अनील क्षेत्री, उत्तर खतिवडा, रामजी मरहट्ठा, एकराज त्रिपाठी, रोजप्रसाद त्रिपाठी तथा हरिप्रसाद मरहट्ठाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसूरमा सोही दफाबमोजिम सजाय गरी ऐ. ऐनको दफा २९(१) बमोजिम निज प्रतिवादीहरूले हानि नोक्सानी पुऱ्याएको बिगो बैंकलाई भराई दफा २९(२) बमोजिम बिगोबमोजिम जरीवाना हुनपर्ने भन्ने उजूरी प्रतिवेदन रहेकोमा प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., झलकमान श्रेष्ठ र नरेशकुमार प्रधानले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर तथा प्रतिवादी महेन्द्रपाल सिंह, अनील क्षेत्री र उत्तर खतिवडाले उक्त ऐनको दफा ८ अन्तर्गतको कसूर गरेको ठहर गरी अरु प्रतिवादीहरू हरिप्रसाद मरहट्ठा, रामजीप्रसाद मरहट्ठा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीलाई अभियोग दावीबाट सफाइ दिने विशेष अदालतबाट फैसला भएको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा खातामा रकम नभएको अवस्थामा प्रतिवादी महेन्द्रपाल सिंहको खाता नं. ५२४ बाट रू.४३,९३,४८०।-, प्रतिवादी अनील क्षेत्रीको खाता नं. ४०१ बाट रू.१०,३०,८६६।१३ र खाता नं. ५४६ बाट रू.२१,२१,१००।- ओभरड्रन भएको र पैसा नै जम्मा नगरी वा कुनै खातामा खर्च नजनाई उत्तर खतिवडाले राष्ट्रिय वाणिज्य बैंक, कलंकीबाट पाउने गरी रू.६,००,०००।- को ड्राफ्ट खिचिएको र निजले सो रकम उसै दिन कलंकी शाखाबाट भुक्तानी लिएको भन्नेमा विवाद रहेको देखिएन। निज प्रतिवादीहरूको नाममा ओभरड्राफ्ट कर्जा शीर्षकमा रू.१०,००,०००।- र हाइपोथिकेशन शीर्षक अन्तर्गत रू.६,००,०००।- स्वीकृत सीमा रहेको भन्ने प्रतिवादीहरूको भनाइ रहेको स्थितिमा सो सीमाभन्दा बढी भुक्तानी गरी लिनुदिनु गरेको कार्य भ्रष्टाचारजन्य कार्य हो होइन भन्ने विषयमा निष्कर्षमा पुग्नुपर्ने देखियो।

३. प्रतिवादीहरू मध्ये सरोजप्रसाद ढुंगाना राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाको प्रवन्धक, प्र. गणेशबहादुर रायमाझी सहायक प्रबन्धक, प्र. नरेशकुमार प्रधान खजाञ्ची, प्र. प्रदीप के.सी. जे.टी., प्र. झलकमान श्रेष्ठ सहायक 'ख' दर्जाका बैंकका कर्मचारी रहेको देखियो। त्यसै गरी प्र. हरिप्रसाद मरहट्ठा, अनील क्षेत्री, महेन्द्रपाल सिंह र रामजीप्रसाद मरहट्ठा उक्त बैंकका ग्राहक भएको तथा प्र. रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठी स्थानीय जग्गा बिक्री गर्ने व्यक्ति भएको देखिन आयो। प्रस्तुत मुद्दामा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरी शाखाका ऋणी गंगासागर आयल स्टोर्सलाई ओभरड्राफ्टतर्फ रू.१०,००,०००।- र हाइपोथिकेशन कर्जातर्फ रू.६,००,०००।- कर्जा सीमा स्वीकृत रहेको भन्नेमा विवाद रहेको पाइदैन। यसबाट कर्जा सीमा स्वीकृत गर्ने अधिकार बैंकको केन्द्रीय कार्यालयमा भएको भन्ने देखिन आयो। यस्तो सुविधा बैंकको गजुरी शाखाबाट पनि प्रदान गर्न नसकिने रहेछ भन्ने प्रतिवादी प्रबन्धक सरोजप्रसाद ढुङ्गानालगायतका बैंकतर्फका कर्मचारी प्रतिवादीले खुलाई प्रतिवाद गर्न नसकेबाट पुष्टि हुन आयो। यस्तो स्थितिमा प्रतिवादी महेन्द्रपाल सिंहको खाता नं. ५२४ बाट रू.४३,९३,४८०।-, प्रतिवादी अनील क्षेत्रीको खाता नं. ४०१ बाट रू.१०,३०,८६६।१३ र खाता नं. ५४६ बाट रू.२१,२१,१००।- ओभरड्रन भएको देखिएको र ओभरड्रन भएको कुरा प्रतिवादीरूबाट स्वीकारै गरेको अवस्था छ। उत्तर खतिवडाले राष्ट्रिय वाणिज्य बैंक, कलंकीबाट पाउने गरी बैंकमा रकम दाखिला नै नगरी तथा कुनै पनि खातामा खर्च नै नजनाई रू.६,००,०००।- को ड्राफ्ट खिचिएको र निजले सो रकम उसै दिन कलंकी शाखाबाट भुक्तानी लिएको भन्ने तथ्य पनि स्थापित भई रहेको पाइन्छ।

४. उल्लिखित तथ्यमा आधारित भै उजूरी प्रतिवेदनका सम्बन्धमा हेर्दा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, गजुरीको प्रवन्धकको हैसियतले यति रकम

सम्म ओभरड्रन गर्न दिने अधिकार रहेको छ, यो यस प्रकारको कानूनी प्रक्रिया पुऱ्याई विधिवत् धितो पास गराई विवादका तीनवटै खाताबाट ओभरड्रन गर्ने सुविधा प्रदान गरेको हुँ भनी प्रतिवादी सरोजप्रसाद ढुङ्गानाले भन्न र लेखाउन सकेको देखिदैन। गंगासागर आयल स्टोर्सलाई ओभरड्राफ्टतर्फ रू.१०,००,०००।- र हाइपोथिकेशन कर्जा तर्फ रू.६,००,०००।- कर्जा सीमा स्वीकृत रहेको अवस्थामा सीमाभन्दा बढी ओ.डि. सुविधा प्रदान गर्न सक्ने अधिकार शाखा कार्यालय गजुरीमा वा प्रबन्धक सरोजप्रसाद ढुङ्गानामा रहेको भन्ने देखिन आएन। प्रतिवादीलाई प्राप्त कर्जा सीमा ओभरड्राफ्ट र हाइपोथिकेशन भन्ने देखिएको छ। तर बैंकबाट हाइपोथिकेशन वा ओभरड्राफ्ट कर्जा लगानी गरी सो बाहेक पैसा नभएको व्यक्तिगत चल्ती खातामा मौज्दात रहेको भन्दा बढी रकम भुक्तानी दिएको अर्थात ओभरड्रन गरेको देखियो। यसरी बैंकले स्वैच्छिक रुपमा कुनै व्यक्तिलाई विश्वासिलो छ भन्ने आधारमा खातामा पैसा नै (नभएको अवस्थामा ओभरड्रन गरी भुक्तानी दिन सकिने बैंकिङ्ग नीति तथा निर्देशन समेत नभएको भन्ने स्वयं बैंकले नै यस विवादमा अनुसन्धान गरेबाट स्पष्ट हुन्छ। कर्जा सीमाभन्दा बढी र खातामा हुदै नभएको रकम भुक्तानी दिएको देखिँदा सो कार्य सरोजप्रसाद ढुङ्गाना समेतका बैंकका कर्मचारी प्रतिवादीहरूले बैंकिङ्ग कानून र नीति निर्देशनको अधिनमा रही ओभरड्रन सुविधा प्रदान गरेका हुन्, सो सुविधाअन्तर्गत प्रदान गरिएको रकम सुरक्षित छ भन्न सकिने अवस्था रहेन। यसरी आफूहरूलाई अधिकार नै नभएकोमा पनि प्र. महेन्द्रपाल सिंह समेतका प्रतिवादीको खातामा रकम नै नभएको, स्वीकृत कर्जा सीमा समेत नभएकोमा पनि पटकै पिच्छे रकम भुक्तानी दिने दिलाउने प्रतिवादीहरूको उक्त कार्य कानून सम्मतको कार्य हो भन्न मिल्ने देखिदैन। पैसा नभएको खाताबाट ओभरड्रन कर्जाको नाममा पटक-पटक चेक भुक्तानी गरिएको देखिएको हुँदा त्यस्तो कार्यलाई असल नियतले गरेको कार्य हो भन्न सकिने स्थिति हुदैन। ओभरड्रन सुविधाको नाममा भुक्तानी गरिएको रकम प्र. महेन्द्रपाल सिंह र अनील क्षेत्रीले २०५८ सालसम्म पनि बुझाएको नदेखिएको र त्यसरी भुक्तानी गरिएको रकम अनधिकृत रुपमा प्रदान गरिएको अवस्था हुँदा प्रतिवादीहरूको उक्त कार्यलाई असल नियतबाट गरे गराएको हो भनी मान्न मिलेन। त्यसैले, प्रतिवादीहरूको यस प्रकारको कार्यबाट राष्ट्रिय वाणिज्य बैंकलाई पुग्न गएको हानि नोक्सानीलाई गैरकानूनी मान्नुपर्ने हुन आयो। बैंकले सुरक्षणबापत प्रशस्त धितो लिएको छ, सो धितोबाट कर्जा असूल हुन्छ भन्ने प्रतिवादीहरूको भनाई रहे तापनि त्यसरी धितो लिएर जोसुकैलाई लगानी गर्न सक्ने अधिकार प्रतिवादी बैंक कर्मचारीहरूमा भएको नदेखिँदा त्यस्तो अधिकार नभएको कार्य गर्नुलाई गैरकानूनी होइन भन्न मिल्दैन। आफूमा हुँदै नभएको अधिकार प्रयोग गर्नुलाई भ्रष्टाचार निवारण ऐनले भ्रष्टाचारको परिभाषा भित्र समेटेको छ। धितो राखेर लगानी गर्न मिल्ने भए कर्जा सीमा स्वीकृत गराउनु पर्ने व्यवस्था नै हुने थिएन। विश्वासिलो व्यक्तिलाई जतिसुकै रकम दिन मिल्ने भए शाखामा त्यस्तो अधिकार प्रत्यायोजन हुन्थ्यो तर त्यस्तो अधिकार प्रत्यायोजन भएको भन्ने देखिन आएको छैन। आफूलाई अधिकार नभएको स्थितिमा सीमाभन्दा कर्जा लगानी गरी पछि कर्जा सीमा स्वीकृत भएर आउँछ भन्ने अनुमान गरेर तथा बैंकको महाप्रबन्धकको मौखिक भनाईको आधारमा लगानी गरेको हो भनी तर्क गर्नु प्रतिवादीहरूको वाकछल मात्र हो। प्रतिवादीमध्येका महेन्द्रपाल सिंहको नाममा र अंगद वाटर स्पोर्टसको नाममा कर्जा सीमा स्वीकृत भएको भन्ने नै देखिन आएको छैन। कर्जा कारोवारका लागि कर्जा सीमा स्वीकृत नै नभएका व्यक्तिलाई के कुन आधारमा लगानी गरिएको हो भन्ने ठोस तर्क र आधार प्रतिवादीहरूबाट प्रस्तुत हुन सकेको छैन। यसरी प्रतिवादीहरूको अनियमित र गैरकानूनी कार्यबाट राष्ट्रिय वाणिज्य बैंकलाई पुग्न गएको हानि नोक्सानीलाई गैरकानूनी हानि होइन, प्र. महेन्द्रपाल सिंह र अनील क्षेत्रीलाई पुऱ्याइएको आर्थिक लाभलाई गैरकानूनी लाभ होइन, यस प्रकारको कार्यमा संलग्न प्रतिवादीहरूको मनसाय दूषित थिएन भन्न सकिने अवस्था देखिन आएन। यसर्थ प्रतिवादीहरूको उपर्युक्त कार्यलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा ८ अन्तर्गतको कसूरभित्र पर्न सक्ने होइन भनी मान्न मिल्ने देखिन आएन।

५. यसको अलावा प्र. उत्तर खतिवडाले भुक्तानी पाउने गरी शाखा कार्यालय, कलंकीउपर खिचिएको ड्राफ्ट नं. ५-६११९६७ को ड्राफ्ट कुन

खातामा खर्च लेखी खिचेको हो सोको भौचर नै नभेटिनु, बैंकको दैनिक हिसाब विवरण (डे बुक) मा पछि थपेर सच्याउनु, लेजरमा पछि थप गर्नु, सो ड्राफ्टबापत नगद दाखिल गरे गराएको समेत नदेखिनु जस्ता कुरालाई दृष्टिगत गर्दा सो ड्राफ्ट बनाउने प्र. सरोजप्रसाद ढुङ्गाना र गणेशबहादुर रायमाझी तथा सो प्राप्त गरी उसै दिन भुक्तानी लिने उत्तर खतिवडाको आपसमा मिलेमतो थिएन र निजहरूले गरे गराएको कार्यबाट बैंकलाई गैरकानूनी हानि तथा उत्तर खतिवडा समेतका प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुऱ्याइएको अवस्था देखिएकाले त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा ८ अन्तर्गतको कसूरभित्र पर्दैन भन्न कुनै दृष्टिबाट पनि मिल्ने देखिएन ।

६. यसरी उपरोक्त विवेचनाबाट खातामा हुँदै नभएको रकम भुक्तानी दिएको, प्रतिवादीमध्येका महेन्द्रपाल सिंह र अंगद वाटर स्पोर्टसको नाममा कर्जा सीमा स्वीकृत भएको नदेखिएकोमा पनि निजहरूको खातामा ओभरड्रन गरिएकोमा रकम जम्मा नै नगरी ड्राफ्ट बनाई बैंकलाई हानि नोक्सानी पुऱ्याएको स्थिति छ । तर प्रतिवादीहरूले धितो लिएर कर्जा लगानी गरेको हो भनी जिकीर लिए तापनि हुँदै नभएको अधिकार प्रयोग गरी ओभरड्रन गरेको कार्यलाई बैकिङ्ग कसूर मात्र हो, भ्रष्टाचार निवारण ऐनले परिभाषित गरेअनुसारको अनियमित कार्य होइन भनी मान्न सकिएन । यसर्थ प्रतिवादीहरू उपर लगाएको अभियोगमा उल्लिखित कार्य भ्रष्टाचारजन्य कसूर होइन, बैंकिङ्ग कसूर हो वाणिज्य बैंक ऐनअनुसार कारवाही हुन पर्ने हो भन्ने प्रतिवादीहरू तर्फका कानून व्यवसायीहरूको जिकीरसँग सहमत हुन सकिएन । प्रतिवादीहरूबाट भएको कार्य भ्रष्टाचारको कसूर देखिन आयो ।

७. अब, प्रतिवादीहरू सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, प्रदीप के.सी., झलकमान श्रेष्ठ, नरेशकुमार प्रधान, महेन्द्रपाल सिंह, अनील क्षेत्री, हरिप्रसाद मरहट्टा, रामजीप्रसाद मरहट्टा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीको हकमा विचार गर्दा निजहरूले दावीबमोमिको कसूर गरेको हो होइन कसूर अपराध गरेको भए निजहरूलाई के कस्तो सजाय हुने हो भन्नेतर्फ विवेचना गर्नुपर्ने देखियो ।

८. प्रतिवादीमध्येका महेन्द्रपाल सिंह अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत समक्ष अनुपस्थित रहनुका अतिरिक्त अदालतबाट जारी भएको म्याद समेत गुजारी प्रतिबाद नै नगरी अभियोग दावीलाई स्वीकार गरी बसेका छन् । कुनै पनि किसिमको स्वीकृत कर्जा सीमा नभएकोमा पनि निजको नाउँमा रहेको च.हि.नं. ५२४ बाट जम्मा रू.४३,९३,४८०।- ओभरड्रन भएको प्रमाणमा रहेको लेजर खातालगायतका प्रमाण कागजातबाट देखिएको र निजको यस अदालतमा पुनरावेदन समेत नपरेको स्थितिमा निजका हकमा शुरु विशेष अदालतबाट ठहर भएको सजायतर्फ विचार गरिरहन परेन ।

९. सर्वप्रथम बैंकका कर्मचारी रहेका प्रतिवादीहरू सरोजप्रसाद ढुंगाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदिप के.सी. र झलकमान श्रेष्ठको सम्बन्धमा विचार गर्दा यी प्रतिवादी आरोपित कसूरमा इन्कार रहे तापनि आफ्नो खातामा ब्यालेन्स बाँकी नभएका खातावालाहरू क्रमश अनील क्षेत्रीको खाता नं. ४०१ र खाता नं. ५४६ तथा महेन्द्रपाल सिंहको खाता नं. ५२४ मा निजहरूले पेश गरेका विभिन्न चेकहरूको भुक्तानी दिने तथा निजहरूको उक्त खाताहरूमा खर्च जनाइ ड्राफ्ट बनाई दिने कार्य गरी ओभरड्रन गरेको देखिन्छ । ओभरड्रन भएको कुरालाई निजहरूले होइन भनी भन्न सकेका छैनन् । खातामा रकम नै नभएका व्यक्तिले खिचेको चेक भजाई भुक्तानी दिने र ड्राफ्ट बनाई दिने जस्तो कार्य यी प्रतिवादीहरूबाट पटक-पटक भएको देखिन्छ । कार्यकारी अध्यक्षको मौखिक निर्देशनबमोजिम पर्याप्त धितो लिएर ओभरड्रन कर्जा दिएको भनी प्रबन्धक सरोजप्रसाद ढुंगाना तथा सहायक प्रबन्धक गणेशबहादुर रायमाझी जिकीर रहे पनि कर्जा सीमा स्वीकृत नभएका व्यक्तिलाई मौखिक निर्देशन भनी ओभरड्रन हुने गरी भुक्तानी दिन र ड्राफ्ट बनाइ दिन कानूनतः मिल्ने देखिदैन । जिम्मेवार पदमा कार्यरत् त्यस्ता कर्मचारीले माथिको दबावमा काम गर्नु परेको थियो भनी त्यसलाई सफाइको आधार बनाउन मिल्दैन । मौखिक आदेश आफैमा अनधिकृत र कानूनविपरीत छ भने त्यस्तो आदेशलाई सफाइको आधार बनाउँदै प्रमाणको रुपमा प्रस्तुत गर्न प्रयासरत् रहनु पनि दुराशयपूर्ण कार्य हो ।

प्रबन्धक, सहायक प्रवन्धक एवं खजाञ्ची जस्तो बैकं शाखाको जिम्मेवार पदमा रहेका कर्मचारीबाट मौखिक आदेशमा भन्दै गैह्र ऋणीको खाताबाट ओभरड्रन हुने गरी रकम भुक्तानी दिएको कार्य बैकिङ्ग कानून, नीति, व्यवसायविपरीत देखिन्छ। बैंकको रकम असुरक्षित हुने गरी तथा बैंकलाई हानि नोक्सानी पुग्ने तवरबाट चेक तथा ड्राफ्टहरू बनाई पटक-पटक खर्च भुक्तानी गर्ने कार्यको स्वरुपबाटै प्रतिवादीहरूको नियत सफा नरहेको स्पष्ट हुन्छ। साथै निजहरूले एकअर्कालाई पोल गर्दै बयान गरेबाट पनि निजहरूको कसूर थप पुष्टि भएको छ। प्रबन्धक प्रतिवादी सरोजकुमार ढुंगाना तथा सहायक प्रवन्धक गणेशबहादुर रायमाझीले आफ्नो बयानमा त्यसरी प्रतिवादीहरू अनील क्षेत्री र महेन्द्रपाल सिंहको खातामा ओभरड्रन गरेको तथ्य स्वीकार गरेका छन्। तर त्यसरी कर्जा दिन पाउने नदेखिएकोले सो कार्य कसूरजन्य भएकोमा माथि विवेचना गरिसकिएको अवस्था हुँदा निजहरूको कसूरका सम्बन्धमा थप विवेचना गरिरहन परेन।

१०. बैंकका कर्मचारी रहेका प्रतिवादीहरू नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ तथा प्रदीप के.सी. समेत कसूरमा इन्कार रहे पनि निजहरूले ड्राफ्टमा सही गरेको, खातामा रकम नहुँदा नहुँदै पनि रकम रहेको भनी चेक पोष्टिङ्ग गरी पास गरेको र भुक्तानी गरेको कुरा निजहरूले बयानमा स्वीकार गरेको पाइन्छ। निजहरूले प्रबन्धकको दवावमा परी भुक्तानी गर्न परेको भन्ने तर्कसम्म प्रस्तुत गरेका छन्। ओभरड्रनबाट बनाइएको रू.१,७३,३३५।- को ड्राफ्टमा प्रवन्धक विदामा बसेको बेलामा निमित्त एकाउण्टेण्टको हैसियतले सही गरेको हो भनी नरेशकुमार प्रधानले आफ्नो बयानमा स्वीकार गरेका छन्। प्रतिवादी जे.टी. प्रदीप के.सी. ले अनुसन्धान अधिकृत समक्ष बयान गर्दा खातामा रकम भएको अवस्थामा मात्र खाता नं. ४०१ र ५२४ को गरी रू.९,०००।- र रू.७८००।- को चेक रकम भुक्तानी गरेको हो। पटक-पटक ओभरड्रन गरी तथा ड्राफ्ट बनाई दिई बैंकलाई हानि नोक्सानी भएको ठीक साँचो हो। महेन्द्रपाल सिंहको च.हि.नं. ५२४ को खाताहरूबाट पटकै पिच्छे आउने चेकको रकम भुक्तानी गरी ड्राफ्ट बनाई दिनु भन्ने आदेश हुन्थ्यो। अनील क्षेत्री र उत्तर खतिवडा महेन्द्रपाल सिंह कै मानिस हुन्। सबैले सबै फाँटमा काम गर्नु पर्दा चेक ओभरड्रन भएको सबैलाई थाहा थियो, मलाई प्रबन्धकले तथा अप्रत्यक्ष रुपमा कार्यकारी अध्यक्ष तिलक रावल र निजको छोरा विनय रावलले दवाव दिएका हुन् भनी बयान गरेको पाइन्छ। निजको उक्त बयानबाट निज समेत जानी जानी ओभरड्रन गर्ने कार्यमा संलग्न रहेको देखिन्छ। त्यस्तै प्रतिवादी झलकमान श्रेष्ठले अदालतमा बयान गर्दा प्रवन्धकले भनेको र करिव ६/७ रोपनी जग्गा र त्यसमा बनेको घर सुरक्षणबापत रहेको हुँदा सो घर जग्गाको मूल्याङ्कन १ करोड ५० लाख भएकोले ओभरड्रन दिएको हो, कति रकम ओभरड्रन भयो थाहा भएन, तल्लोस्तरको कर्मचारी भएकोले प्रवन्धकले भनेको आधारमा सो कार्य गरेको हुँ भनी कसूरमा सावित रही बयान गरेको देखिन्छ।

११. साथै महेन्द्रपाल सिंह, अनील क्षेत्री बैंकमा आएर प्रबन्धकको कोठामा लामो समयसम्म बस्ने गरेका र निजहरूको चेक फांटमा आएपछि फांटवाला झलकमान श्रेष्ठ तथा कर्मचारीको अभावमा जे.टी. प्रदीप के.सी. र नरेशकुमार प्रधानले पोष्टिङ्ग गर्दै आएका थिए, खातामा पैसा नभए पनि भुक्तानी दिनु परेको भनी उनीहरू रिसाउथे भनी बुझिएका सोही बैंकका पियन हरिबहादुर गुरुङ्गले मिति २०५८।४।१८ मा गरिदिएको बयानबाट समेत प्रतिवादीहरू सरोजकुमार ढुंगाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ तथा प्रदीप के.सी. कुनै न कुनै रुपमा ओभरड्रन गर्ने कार्यमा संलग्न रहेको थप पुष्टि भएको छ। यसर्थ बैंकको नीति नियम र निर्देशनको अधिनमा रही बैंकको आर्थिक हितप्रतिकूल नहुने गरी आफ्नो कर्तव्यको निर्वाह गर्नुपर्ने पदीय दायित्व भएका यी प्रतिवादीहरूले सो नगरी ओभरड्रन हुने गरी चेकबाट र ड्राफ्टबाट रकम भुक्तानी दिई बैंकलाई हानि नोक्सानी पुऱ्याएको र प्रतिवादीहरू अनील क्षेत्री र महेन्द्रपाल सिंहलाई गैरकानूनी लाभ पुऱ्याएको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि हुन आयो। प्र.सरोजकुमार ढुंगाना तथा प्र. गणेशबहादुर रायमाझीले ओभरड्रन गर्न दवाव दिएकोले खातामा रकम नभए पनि चेक पास गरिदिएको हो भनी झलकमान श्रेष्ठ तथा प्रदीप के.सी.ले पोल गरेको, निजहरूले भुक्तानी दिनु भनी चेकमा हस्ताक्षर गरेको एवं ऋणको रुपमा ओभरड्रन

गरिएको हो भनी स्वीकार गरेको, प्रतिवादीहरू झलकमान श्रेष्ठ तथा प्रदीप के.सी.ले खातामा पैसा नभएको अवस्थामा पनि रकम छ भनी चेक पोष्टिङ्ग गरिदिएको, प्रवन्धकको दवावमा त्यसो गर्नुपरेको भनी ओभरड्रन गर्ने कार्यमा संलग्न भएको स्वीकार गरेको तथा प्र. नरेशकुमार प्रधानले समेत प्रबन्धक नभएको बेलामा एकाउण्टेण्टको हैसियतले ओभरड्रनबाट बनाइएको रू.१,७३,३३५।- को ड्राफ्टमा सही गरेको हो भनी स्वीकार गरेको अवस्था हुँदा निजहरू उपरको कसूर पुष्टि हुन्छ । बैंकका कार्यकारी अध्यक्षको दवावमा पर्याप्त धितो लिई ओभरड्रन दिएको हो भन्ने प्र. सरोजकुमार ढुंगाना र प्र.गणेशबहादुर रायमाझीको भनाई तथा प्रवन्धकको दवावमा गर्नु परेको भन्ने प्रतिवादीहरू नरेशकुमार प्रधान, झलकमान श्रेष्ठ तथा प्रदीप के.सी.को पुनरावेदन जिकीर समेत युक्तिसंगत एवं कानूनसम्मत् मान्न मिल्ने देखिएन ।

१२. अब, प्रतिवादी अनील श्रेष्ठको सम्बन्धमा विचार गर्दा निज अनुसन्धान अधिकृत समक्ष अनुपस्थित रही र अदालतमा आई बयान गर्दा निजले आफ्नो नाउँमा रहेको च.हि.नं.४०१ बाट रु.१०,३०,८६३।१३ र च.हि.नं.५४६ बाट रु.२१,२१,१००।- गरी जम्मा रु.३१,५१,९६६।१३ ओभरड्रन भएको कुरालाई धितो राखेर ऋण लिएको हो भनी आरोपित कसूरमा इन्कार रहेका छन् । तर निजले खरीद गरेको गंगा सागर आयल स्टोर्स समेतका नाउँमा ओभरड्राफ्ट शीर्षकमा रू.१० लाख र हाइपोथिकेशन शीर्षकमा रू.६ लाख गरी जम्मा १६ लाख मात्र स्वीकृत कर्जा सीमा रहेको देखिन्छ । निजले च.हि.नं.४०१ को रु.१०,३०,८६३।१३ ऋणात्मक व्यालेन्स भएको खाता नै हरिप्रसादबाट आफ्ना नाउँमा सारेको र सो ओभरड्रन भएको रकम समेत आफूले सकारेको व्यहोराको बयान गरेका छन् । अर्थात् यो खातामा जुन बेलाबाट ओभरड्रन सुरु भयो, त्यस अघि नै गंगासागर आयल स्टोर्सको जिम्मा निज समेतले लिइसकेको देखिन्छ । ऋणात्मक व्यालेन्स भएको खाताको दायित्व पनि आफैले बोकेका छन् र सो खातामा रु.८,८७,०७७।- आफैले दाखिल भएकोमा सो आफैले गरेको भनी स्वीकार नै गरेका छन् । गंगासागर आयल स्टोर्स प्र. अनील क्षेत्रीको नाममा आउनु अगाडि प्र. हरिप्रसाद मरहट्टा, रामजीप्रसाद मरहट्टा र कृष्णप्रसाद बरालका नाउँमा दर्ता रहेको र त्यस वखत चल्ती खाता नं. ४०१ हरिप्रसाद मरहट्टाको नाउँबाट सञ्चालनमा रहेकोमा उक्त आयल स्टोर्स प्र. हरिप्रसाद मरहट्टा समेतले बेच्ने र प्र. अनील क्षेत्री समेतले खरीद गर्ने कुरा तय भै प्र.अनील क्षेत्रीले केही रकम बुझाइसकेपछि बाँकी रकम २ महिनाभित्र बुझाउने व्यहोराको २०५६।२।१ मा कागज गरेको र २०५६।२।१५ सम्ममा सबै रकम चुक्ता गरिसक्ने भन्ने समेत उक्त कागजबाट देखिन्छ । प्र. अनील क्षेत्रीसँग सम्बन्धित रहेका र अनुसन्धान तथा अदालतमा समेत अनुपस्थित रहेका प्र. महेन्द्रपाल सिंहले गंगासागर आयल स्टोर्सको लेटर प्याडमा “यो आयल स्टोर मैले हाल आफ्नो अधिनमा लिई सञ्चालन गर्दै आएकोले रू.५०,००,०००।- को ओ.डि. सुविधा पाऊँ” भनी राष्ट्रिय वाणिज्य बैंकका कार्यकारी अध्यक्षलाई सम्बोधन गरी मिति २०५६।१।३१ मा पत्रचार गरेको सम्म देखिन्छ । यसरी थप कर्जा सीमाका लागि अनुरोध मात्र गरेको र त्यस्तो कर्जा सीमा स्वीकृत हुने नहुने अनिश्चितता रहेकै अवस्थामा तथा गंगासागर आयल स्टोर आफ्नो नाममा नामसारी भै आउन बाँकी नै रहेको अवस्थामा यी प्रतिवादीले बैंकका कर्मचारीसँग मिलेमतो गरी चल्ती खाताहरूबाट नभएको रकम लिएको कार्यलाई कानून तथा बैकिंङ्ग नीति नियमअनुसारको भन्न मिल्दैन ।

१३. यी प्रतिवादी अनील क्षेत्रीले सुरक्षणबापत धितो पास गरिदिएर कर्जा लिएको हो, बैंकको रकम असुरक्षित छैन भनी बयानमा तथा कर्जा तिर्न बुझाउन तयार छु भनी यस अदालतमा पुनरावेदन गर्दा समेत जिकीर लिएको पाइन्छ । सो जिकीरतर्फ विचार गर्दा निजले बैंकलाई मिति २०५६।२।२३ मा मात्र धितो पास गरी दिएको तर स्वीकृत कर्जा सीमाभन्दा बढी हुने गरी ओभरड्रन लिने कार्य सो भन्दा अगाडिदेखि नै शुरु भएको देखिन्छ । बैंकिङ्ग नीति तथा कार्यविधि अनुसार कर्जा सीमा स्वीकृत भइसकेपछि सुरक्षणबापत विधिवत् मूल्याङ्कन गराई राखिएको धितो विधिवत सो धितो पास गराए पश्चात् मात्र ओभरड्रन कर्जा सुविधाअन्तर्गत रकम भुक्तानी दिन सकिने स्थितिमा सोको विपरीत कुनै पनि प्रक्रिया अबलम्बन नगरी सीधैं ओभरड्रन कर्जा भनी रकम भुक्तानी लिनु दिनु गरेको कार्यबाट

बैंकलाई हानि र आफूहरूलाई गैरकानूनी लाभ पुर्‍याउने नियतले गरिएको त्यस्तो कसूरजन्य कार्य निजहरूले गरिसकेपछि त्यस्तो रकम बुझाउँछु भनी जिकीर लिदैमा स्थापित भइसकेको कसूरबाट छुटकारा पाउन सक्ने अवस्था नहुँदा पुनरावेदक प्रतिवादी अनील क्षेत्रीको पुनरावेदन जिकीर पुग्न सक्ने देखिएन ।

१४. अब, प्रतिवादीहरू हरिप्रसाद मरहट्ठा, रामजीप्रसाद मरहट्ठा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीलाई अभियोग दावीबाट सफाइ दिने ठहर गरेको विशेष अदालतको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन सम्बन्धमा विचार गर्दा प्रतिवादी हरिप्रसाद मरहट्ठा र रामजीप्रसाद मरहट्ठा गंगासागर आयल स्टोरको सञ्चालक रहेको र उक्त आयल स्टोर निजहरूले प्रतिवादी अनील क्षेत्रीलाई बिक्री गरेको भन्ने देखिन्छ । आफ्नो बयानमा हरिप्रसाद मरहट्ठाले गंगासागर आयल स्टोर्स प्र.अनील क्षेत्रीलाई बिक्री गरेको, सो बिक्रीको रकम भुक्तानी चेकबाट दिन्छु भनी अनील क्षेत्रीले भनेको, बैंकबाट पनि खातामा रकम जम्मा छ भनिएबाट रू.१४,००,०००।- को चेक काटी झिकेर आफ्ना पार्टनरहरूलाई बाँडेको व्यहोरा लेखाएका छन् । उक्त आयल स्टोर किनेको भन्ने कुरा प्रतिवादी अनील क्षेत्रीले स्वीकारै गरेका छन । मिति २०५६।१।२३ मा खाता नं. ४०१ बाट रू.१४,००,०००।- निकाल्नु अघि सम्म २०५४ सालदेखि नै प्र.हरिप्रसाद मरहट्ठाले ओ.डि. सुविधा लिएका वा खातामा भएको व्यालेन्सभन्दा वढी रकम निकालेको अवस्था देखिदैन । प्र. महेन्द्रपाल सिंहले २०५६।१।३१ मा राष्ट्रिय वाणिज्य बैंकको कार्यकारी अध्यक्षलाई सम्बोधन गरी लेखेको पत्र र प्र. अनील क्षेत्रीले प्र.रामजीप्रसाद मरहट्ठा समेतलाई गरी दिएको भनिएको मिति २०५६।२।१ को मिसिल संलग्न लिखतबाट व्यवहारमा सो मितिभन्दा अघिदेखि नै गंगासागर आयल स्टोर्स प्र. हरिप्रसाद मरहट्ठा र निजका पार्टनरहरूले बेचेको र प्र.अनील क्षेत्री समेतले आफ्नो अधिनमा लिई सञ्चालन गर्न थालेका, २०५६।२।१ भन्दाअघि नै केही रकम प्र. हरिप्रसाद समेतलाई बुझाई सकेको र केही रकम बुझाउन बाँकी रहेको भन्ने स्थिति देखिन्छ । यसरी आफू समेतले बिक्री गरेको आयल स्टोर्सको बिक्रीको रकम बाँकी रहेकै अवस्थामा प्र.अनील क्षेत्रीबाट पाउने रकम माग गरेका र निजले चेकबाट दिन्छु भनेको र बैंकका मानिसले खातामा रकम जम्मा भएको छ भनेकाले विश्वास मानी रू.१४,००,०००।- को चेक काटेको भन्ने निजको जिकीर रहेको देखिन्छ । प्र.अनील क्षेत्रीसँग निजको लेना बाँकी छ भन्ने कुरा २०५६।२।१ को लिखतबाट पनि देखिएको स्थितिमा रू.१४,००,०००।- को चेक प्र.अनील क्षेत्रीका नाउँमा हरिप्रसादले काटी रकम झिकीएको देखिन्छ । सो चेक र प्र.अनील क्षेत्रीले पुरावेदन अदालत, पाटनमा पेश गरेको द.नं. १९९७ मिति २०५८।८।१४ को (पंजिका नं.५१/१)को निवेदन एउटै हस्ताक्षरबाट लेखिएको पनि देखिदा सो चेक प्र.अनील क्षेत्री आफैले तयार पारी त्यस वखतसम्मका खाता सञ्चालक प्र. हरिप्रसाद मरहट्ठाको सही गराई रकम भुक्तानी लिएको देखिनुबाट सो व्यालेन्स नभएको खाताको चेक आफ्ना नाउँमा काटी, कटाई ओभरड्रन गर्न गराउनमा प्र.अनील क्षेत्री स्वयं सक्रिय रहेका रहेछन् भन्ने स्पष्ट हुन आएको छ । तत्पश्चात्, जुन दिन निजले यसै खाताको चेक काटी ओ.डि. सुविधा र हाइपो कर्जाको रू.१६,००,०००।- (२०५६।३।३१ मा) रकम झिको त्यसै दिन उक्त खातामा रू.८,८७,०७७।- जम्मा गर्नुका अतिरिक्त २०५६।२।२४ मा उक्त ऋणात्मक व्यालेन्स भएको अर्थात् ओभरड्रन भएकोमध्ये व्यालेन्स रू.१०,३०,८६६।१३ बैंकलाई तिर्न वुझाउन बाँकी रहेकै अवस्थाको खाताको दायित्व समेत आफैले व्यहोर्ने गरी खाता आफ्ना नाउँमा सार्नुबाट र सो खाताको दायित्व समेत आफैले व्यहोर्ने गरी खाता आफ्नोमा सारेको तथ्य आफ्नो बयानमा स्वीकार गरेको देखिनुबाट तथा आफ्नो खाताबाट ओभरड्रन भएको रकम ऋणबापत लिएको हो तिर्न बुझाउन तयार छु भनी पुनरावेदनमा जिकीर लिएबाट समेत प्रतिवादी हरिप्रसाद मरहट्ठाले चेक काटेको रू.१४,००,०००।- ओभरड्रन गर्नमा प्रतिवादी अनील क्षेत्री नै परोक्ष रुपमा संलग्न रहेको पुष्टि हुन्छ ।

१५. यसरी आफ्नो पेट्रोल पम्प बिक्री गरेबापतको आफ्नो लेना बाँकी रहेको व्यक्तिलाई व्यालेन्स नभएको खाताको चेक काटी भुक्तानी दिनु पर्ने औचित्य, आवश्यकता र परिस्थिति देखा नपर्नुका

अतिरिक्त सो चेक आफ्ना नाउँमा काट्न र भुक्तानी लिन प्र. अनील क्षेत्री स्वयं संलग्न भएको देखिए समेतबाट खातामा आफ्नो लेनाको रकम जम्मा भएको विश्वासमा पारी पार्न लगाई सो चेक काटी कटाई रकम झिकेर प्र.अनील क्षेत्रीले सो चेकको रकम प्र. हरिप्रसादलाई दिएका र हरिप्रसादले उक्त रकम आफ्नो लेनाबापत नै प्र.अनील क्षेत्रीले तिरेको ठानी आफ्ना पार्टनरहरूका बीच बाँडफाँड गरेको भन्ने प्र. हरिप्रसादको बयान कथन समर्थित हुन आएको स्थिति देखियो । यसलाई ओभरड्रन गरेको ऋणात्मक खाताको दायित्व समेत बोकेर उक्त खाता प्र. अनीलले आफ्नोमा नामसारी गरेबाट पनि थप पुष्टि गर्दछ । त्यसैले, माथि उल्लिखित आधार कारण र प्रमाणबाट समेत प्रतिवादी हरिप्रसादले चेक काटी रू.१४,००,०००।- ओभरड्रन गर्ने गराउने कार्यमा प्र. हरिप्रसाद अनभिज्ञ र निर्दोष रहेको देखिँदा निजले आरोपित कसूर गरेका हुन् भनी ठहर गर्नु न्यायोचित हुदैन । रू.२,२०,०००।- समेत हरिप्रसादले च.हि.नं. ४०१ को ब्यालेन्स नभएको खाताबाट निवेदनबमोजिम भनी झिकी लिए भन्ने अभियोग दावी रहेतर्फ हेर्दा च.हि.नं. ४०१ को खाता सञ्चालकमा प्र. हरिप्रसाद मरहट्टा मिति २०५६।२।२३ सम्म मात्र रही ऐ. २४ गतेपश्चात् प्र. अनील क्षेत्रीकोमा सो खाता सरिसकेको देखिन्छ । प्र. हरिप्रसाद सो खाताको सञ्चालक रहँदाको अवस्था सम्म रू.२,२०,०००।- उक्त खाताबाट ओभरड्रन हुने गरी झिकेको प्रमाणमा रहेको उक्त खाताको लेजर पानाबाट देखिदैन । सोही बराबरको रकमको प्र. उत्तर खतिवडाको नाउँमा खिचिएको ड्राफ्टबापत खर्च जनाइएको र राष्ट्रिय वाणिज्य बैंक, कलंकीबाट मिति २०५६।११।३० मा भुक्तानी लिएको देखिंदा र त्यस समयमा सो खाता नै हरिप्रसादका नाउँमा नरही प्र. अनील क्षेत्रीका नाउँमा सारिसकिएको देखिंदा प्र. हरिप्रसाद मरहट्टाले रू.२,२०,०००।- समेत ओभरड्रन गरी झिके भन्ने अभियोग दावी पुष्टि हुन आएन ।

१६. प्रतिवादी रामजीप्रसाद मरहट्टा, एकराज त्रिपाठी र रोजप्रसाद त्रिपाठीलाई समेत भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफाबमोजिम सजाय गरी बैंकलाई नोक्सानी भएको बिगो निजहरूबाट समेत भराई बिगोबमोजिम जरीवाना हुनुपर्छ भन्ने अभियोग मागदावी तथा पुनरावेदन जिकीर रहेको देखिन्छ । प्रतिवादी रामजीप्रसाद मरहट्टा गंगासागर आयल स्टोरको हरिप्रसाद मरहट्टासँगको साझेदार रहेका र प्रतिवादी एकराज त्रिपाठी र रोजप्रसाद त्रिपाठी स्थानीय जग्गाधनी भै निजहरूले बिक्री गरेको जग्गा प्रतिवादी अनील क्षेत्री र महेन्द्रपाल सिंहले बैंकमा धितो दिएको देखिन्छ । रामजीप्रसाद मरहट्टाले अदालतमा बयान गर्दा म समेत तीनजनाको नाममा साझेदारी रहेको गंगासागर आयल स्टोर्स अनील क्षेत्रीलाई रू.३४,००,०००।- मा बिक्री गरेका थियौं । उक्त रकममध्ये अन्य रकम नगदै भुक्तानी लिई बाँकी रू.१३,५२,८८४।- को अन्तिम किस्ता रकम चेकमार्फत् भुक्तानी लिएको हो । च.हि.नं. ५४२ को खाता २०५६ सालतिरै खोलेको हो । पम्प बिक्री गरी प्राप्त रकम उक्त खातामा जम्मा भएको हो । मैले कुनै कसूर अपराध गरेको छैन भनी कसूरमा इन्कार रही बयान गरेका छन् । निज गंगासागर आयल स्टोरको साझेदार रहनु बाहेक कुनै पनि कार्यमा कुनै किसिमको संलग्नता देखिन आएको छैन । साथै अभियोजनकर्ताले समेत यो यस कार्यमा निजको संलग्नता रहेको छ भनी किटान गर्न सकेको पाइदैन । यसर्थ प्रतिवादी रामजीप्रसाद मरहट्टाले गंगासागर आयल स्टोर बिक्री गरी पाएको रकम मात्र लिएको, अन्य कार्यमा संलग्न रहेको ठोस प्रमाण प्रस्तुत हुन नसकेकोले निजलाई सो गंगासागर आयल स्टोरको पूर्व साझेदार रहेकै आधारमा मात्र अभियोग माग दावीबमोजिम सजाय गर्नु तर्कसंगत हुन आउने देखिएन ।

१७. प्रतिवादी एकराज त्रिपाठीले अदालतमा आई बयान गर्दा मैले र मेरो दाजु रोजप्रसादले आफ्नो नाउँको धादिङ बेनीघाटको जग्गा महेन्द्रपाल सिंलाई रू.३,२५,०००।- मा बिक्री गरेकोमा पहिलो पटक रू.३,००,०००।- र दोस्रो पटक रू.२५,०००।- चेक दिएका थिए र उक्त चेकको रकम मेरो खातामा जम्मा गरेको हो । महेन्द्रपालले अनील क्षेत्रीलाई जग्गाको रकम बापतको चेक देउ भनेकाले अनील क्षेत्रीले चेक दिएको हो । प्रतिवादी अनील क्षेत्री र महेन्द्रपाललाई जग्गा बिक्री गर्दा चिनेको हो, अन्य

प्रतिवादीलाई चिन्दिन भनी आरोपित कसूर अपराध गरेकोमा इन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादी रोजप्रसाद त्रिपाठीले अदालतमा बयान गर्दा आफ्नो नाउँको धादिङ बेनीघाटको कि.नं. १५७ को जग्गा अंगद वाटर स्पोर्टसका नाउँमा बिक्री गरी प्र. महेन्द्रपालले भनेबमोजिम रु.४,६२,५००।- मा पास गरी दिएको र उक्त जग्गा पास गरिदिएबापत पहिलो पटक रू.३,००,०००।- र दोस्रो पटक रु.१,६२,५००।- चेकबाट भुक्तानी पाएकोले उक्त रकम खर्च हुन्छ भनी बैंकमा जम्मा गरेको हुँ । उक्त रकमको चेक अनील क्षेत्रीले दिएका हुन् । आफ्नो जग्गा बिक्री गर्दा चेकबाट प्राप्त भएको रकम बैंकमा राखेको र पछि झिकेको हुँ । मैले कसूर अपराध गरको छैन भन्ने समेत ब्यहोरा लेखाएको पाइन्छ । यसरी प्रतिवादीमध्येका महेन्द्रपाल सिंह र अनील क्षेत्रीबाट आफ्नो जग्गा बिक्री गरेबापत प्र. एकराज र रोजप्रसादले पाउँने जग्गाको रकमको भुक्तानी चेकबाट दिएको र बैंकले पनि त्यस्तो चेकको रकम निजको खातामा जम्मा गरिदिएकोमा त्यस कार्यमा यी प्रतिवादीको संलग्नता रहेको कसूर स्थापित हुन सक्तैन । त्यसरी आफ्नो खातामा जम्मा भएको रकम खाताबाट निकाल्ने कार्यसम्म मात्र यी प्रतिवादीबाट भएको देखिनाले निजहरूले आरोपित कसूर गरेका हुन् भन्न मिलेन ।

१८. यसर्थ आफूले पेट्रोल पम्प बिक्रीबाट प्राप्त रकम तथा जग्गा बिक्री गरेको कुरा निजहरूले बयान साथ पेश गरेको बिक्रीसम्बन्धी कागजको प्रतिलिपी तथा निजहरूका साक्षी समेतले प्रतिवादीको उक्त भनाइलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ । यसरी खरीदकर्ताले दिएको चेक बैंकमा खाता खोली जम्मा गरेको र सोही रकम आफ्नो खाताबाट झिकेको भन्ने मात्र आधारमा प्रतिवादीहरू हरिप्रसाद मरहट्ठा, रामजीप्रसाद मरहट्ठा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठी कसूरदार हुन् भन्न न्यायसंगत हुँदैन । साथै, वादी पक्षले निजहरू उपर लगाएको आरोपअनुसार बिबादका खाताहरूबाट ओभरड्रन हुने गरी रकम झिक्न वा सोमा खर्च लेख्न लगाई ड्राफ्ट बनाउन लगाउने र सो प्राप्त गर्ने समेतका कार्यमा यी प्रतिवादीहरूको प्रत्यक्ष संलग्नता रहेको थियो भन्ने कुराको ठोस एवं वस्तुनिष्ठ आधार, प्रमाण वादी पक्षले पेश गर्न सकेको नपाइएकाले निजहरू विरुद्धको अभियोग एवं पुनरावेदन जिकीर पुष्टि हुन आएन ।

१९. राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी स्वामित्वको बैंक रहेको र प्रतिवादीहरू अनील क्षेत्री र महेन्द्रपाल सिंहले गंगा आयल स्टोर खरीद गर्ने भन्ने योजना बनाई खरीद गर्नु अगाबै देखि बैंकसँग मिलेमतो गरी कर्जा लिने नाममा योजनाबद्ध रुपमा गैरकानूनी तवरबाट रकम निकालेको तथा प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठले जानी-जानी नियतबस त्यस्तो सरकारी बैंकको रकम कर्जा दिने नाममा स्वीकृत कर्जा सीमा नभएका उल्लिखित प्रतिवादीहरूलाई असुरक्षित तवरबाट ओभरड्रन हुने गरी पटक-पटक भुक्तानी दिने तथा बैंकमा रकम नै दाखिला नगरी वा कुनै खातामा खर्च नै नजनाई उत्तर खतिवडाले भुक्तानी पाउने गरी ड्राफ्ट बनाइदिने जस्ता गैरकानूनी कार्य गरेको एवं त्यस्तो कार्य बैंकको नीति नियम, निर्देशन, बैंकिङ्ग प्रक्रियाविपरीत भई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ ले परिभाषित गरेअनुसारको भ्रष्टाचारजन्य कार्य मान्नुपर्ने हुन आयो ।

२०. तसर्थ, माथि विवेचित आधार कारण एवं मिसिल संलग्न सबूद प्रमाणबाट प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदीप के.सी., झलकमान श्रेष्ठ, महेन्द्रपाल सिंह, अनील क्षेत्री र उत्तर खतिवडाले उजूरी प्रतिवेदनबमोजिमको कार्य गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठले अभियोग दावीअनुसारको तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसूर गरेको, प्रतिवादी महेन्द्रपाल सिंह, अनील क्षेत्री र उत्तर खतिवडाले उक्त ऐनको दफा ८ अन्तर्गतको कसूर गरेको पुष्टि हुन आयो । प्रतिवादीहरू हरिप्रसाद मरहट्ठा, रामजीप्रसाद मरहट्ठा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीले दावीबमोजिमको कसूर गरेको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि हुन सक्तैन ।

सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम कसैको खातामा खर्च नजनाई र रकम समेत दाखिल नगराई राष्ट्रिय वाणिज्य बैंक, कलंकीका नाउँको ड्राफ्ट खिचेतर्फको बिगो रू.६,००,०००।- को दामासाहीले हुने बिगो रू.२,००,०००।- जनही प्रतिवादी सरोजप्रसाद ढुङ्गाना र गणेशबहादुर रायमाझीबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीलाई भराई निजहरूलाई उक्त ऐनको दफा २९(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार निजहरूबाट भराई पाउने ठहरेको बिगोबमोजिम जनही रू.२,००,०००।- जरीवाना हुन्छ, । उक्त ऐनको दफा २९(१) बमोजिम खाता नं. ५२४ तर्फको बिगो रू.४३,९३,४८०।- प्रतिवादी महेन्द्रपाल सिंहबाट र खाता नं. ४०१ तथा ५४६ तर्फको बिगो रू.३१,५१,९६६।१३ प्रतिवादी अनील क्षेत्रीबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीलाई भराई उक्त ऐनको दफा ८ तथा दफा २९(२) को प्रतिबन्धात्मक वाक्यांशअनुसार निजहरूबाट भरिपाउने ठहरेको बिगोबमोजिम प्रतिवादी महेन्द्रपाल सिंहलाई रू.४३,९३,४८०।- र प्रतिवादी अनील क्षेत्रीलाई रू.३१,५१,९६६।१३ जरीवाना हुने ठहर गरेको विशेष अदालतको मिति २०६१।११।१४ को फैसला मिलेकै देखिदा सदर हुन्छ ।

२१. कैदको हकमा विचार गर्दा कसूरको मात्राअनुसार उक्त ऐनको दफा ७(२) बमोजिम प्रतिवादी सरोजप्रसाद ढुङ्गानालाई १० महिना र प्रतिवादी गणेशबहादुर रायमाझीलाई ९ महिना तथा प्रतिवादीहरू नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठलाई जनही ६/६ महिना कैद हुने ठहर्छ । सो हदसम्म विशेष अदालत काठमाडौँको उक्त मिति २०६१।११।१४ को फैसला केही उल्टी हुन्छ । अभियोग दावीबाट पूर्णरुपमा सफाइ पाऊँ भन्ने प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठ तथा अनील क्षेत्रीको पुनरावेदन जिकीर तथा प्रतिवादीहरू हरिप्रसाद मरहट्टा, रामजीप्रसाद मरहट्टा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीले अभियोग दावीअनुसार सजाय पाउनु पर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्तैन । अरुमा तपसीलबमोजिम गर्नू ।

तपसील

माथि ठहर खण्डमा लेखिएबमोजिम विशेष अदालतको फैसला केही उल्टी भई प्रतिवादीहरू सरोजप्रसाद ढुङ्गानालाई १० महिना र प्रतिवादी गणेशबहादुर रायमाझीलाई ९ महिना तथा प्रतिवादीहरू नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठलाई जनही ६/६ महिना कैद हुने ठहरेकाले शुरु विशेष अदालत काठमाडौँको मिति २०६१।११।१४ को फैसलाको तपसील खण्डमा उल्लिखित व्यहोरामध्ये जरीवाना र बिगोका हकमा कायमै राखी निम्न प्रतिवादीहरूलाई लागेको कैदको हकमामात्र उक्त फैसलाअनुसारको लगत कट्टा गरी निम्नानुसारको लगत कायम गरी असूल गर्नु भनी सम्बन्धित अदालतमा लेखी पठाई दिनू ...१

- प्रतिवादी सरोजकुमार ढुंगानाके कैद बर्ष -।१०।- (दश महिना)
- प्रतिवादी गणेशबहादुर रायमाझीके कैद बर्ष -।९।- (नौ महिना)
- प्रतिवादी नरेशकुमार प्रधानके कैद बर्ष -।६।- (छ महिना)
- प्रतिवादी प्रदीप के.सी. के कैद बर्ष -।६।- (छ महिना)
- प्रतिवादी झलकमान श्रेष्ठ के कैद बर्ष -।६।- (छ महिना)

प्रतिवादी सरोजप्रसाद ढुंगानाले यस अदालतमा पुनरावेदन गर्दा शुरुमा राखेको जेथा जमानत कायम राखी पुनरावेदन गरेकोमा जेथा परिवर्तनका लागि निजले दिएको निवेदनमा कारवाही भई यस अदालतको मिति २०६५।११।२ का आदेशबाट निजलाई शुरुबाट लागेको जरीवाना रू.२,००,०००।- यस अदालतमा र.नं. १५५६७ बाट मिति २०६५।११।२ मा राजश्व सदर स्याहा भै असूल भैसकेको र बिगो तथा पुनरावेदन दस्तूरबापत नगद रू.५,८८,५००।- र.नं. ९७५ बाट मिति २०६५।११।२ मा धरौटी रहेको देखिएकाले निजलाई यस अदलतबाट कायम भएको कैद -।१०।- (दश महिना) असूल भुक्तान भएपछि तथा बिगो असूल भएपछि नियमानुसार फिर्ता दिनू भनी लेखा शाखामा लेखि पठाई दिनू .........२

प्रतिवादी गणेशबहादुर रायमाझीलाई शुरुले रू.२,००,०००।- जरीवाना र सोही बराबरको बिगो असूलउपर गर्नु भनी गरेको फैसला सो हद सम्म सदर भएकाले निजले यस अदालतमा पुनरावेदन गर्दा शुरुले गरेको जरीवाना, कैद र बिगो बापतमा शुरुमा राखेको नगद रू.२,००,०००।- कायम राखी नपुग हुने जरीवाना,

कैद, बिगो र १५ प्रतिशतले हुने रू.३०,०००।-समेत बापतमा निज नामको जिल्ला नवलपरासी सिसवार गा.वि.स. वडा नं. ३ (क) को कि.नं. २०५ र २३७ को क्रमश ज.वि. ०-६-० र ०-३-१३ जग्गा धितो जमानत दिएको देखिँदा निजलाई यस अदालतबाट कायम भएको कैद -।९।- (नौ महिना) मध्ये अनुसन्धानको क्रममा मिति २०५८।३।२७ देखि २०५८।५।२८ थुनामा बसेको अवधि कटाई बाँकी कैद भुक्तान भएपछि तथा जरीवाना र बिगो असूल भएपछि नियमानुसार फूकुवा गरिदिनू भनी सम्बन्धित अदालतमा लेखी पठाई दिनू .........................३

प्रतिवादी हरिप्रसाद मरहट्ठाले शुरु विशेष अदालतका आदेशले जमानत राखेको जेथा यस अदालतको मिति २०६५।६।९ का आदेशले परिवर्तन भै राधिका मरहट्ठाको नाम दर्ताको जि. धादिङ्ग बेनीघाट गा.वि.स. साविक वडा नं. ६ (ङ), कि.नं. ४२३ को क्षेत्रफल ०-२-१-० को जग्गा र सोमा रहेको घर जेथा जमानत राखिएकोमा निजले अभियोग दावीबाट सफाइ पाउने भनी भएको फैसला सदर भएकाले निजले जेथा जमानत दिएको उक्त घर जग्गा फुकुवा गरिदिनु भनी मालपोत कार्यालय धादिङ्गमा लेखी पठाई दिनू ......४

प्रतिवादी अनील क्षेत्रीले यस अदालतमा पुनरावेदन गर्दा शुरुले गरेको जरीवाना रू.३१,५१,९६६।१३ बापतमा शुरुमा राखेको रू.१५,००,०००।- को जेथाबाट नपुग हुने रू.१६,५१,९६६।१३ बापतमा यस अदालतमा मिति २०६६।४।१९ मा राखेको कान्छा तामाङ्ग नामको जि.धादिङ्ग भुमेस्थान गा.वि.स. वडा नं. (ङ) कि.नं. ९९ को क्षेत्रफल ८-४-२-२½ को जग्गा निजलाई लागेको बिगो तथा जरीवाना असूल भएपछि नियमानुसार फुकुवा गरिदिनु भनी सम्बन्धित अदालतमा लेखी पठाई दिनू .........५

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू .........६

उक्त रायमा म सहमत छु।

न्या.तर्कराज भट्ट

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम्

इजलास अधिकृत :-अशोककुमार बस्नेत

## निर्णय नं. ८६८९

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रेम शर्मा
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
संवत् २०६२ सालको दे.पु.नं.- ८३४१
फैसला मितिः २०६८।१।१२।२

मुद्दाः निर्णय लिखत दर्ता बदर जग्गा नामसारी।

पुनरावेदक वादीः जिल्ला रुपन्देही, आमा गा.वि.स.बडा नं. ८ बस्ने दुलई मुराउ

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला रुपन्देही, बिष्णुपुरा गा.वि.स.बडा नं. ८ बस्ने रामसुरत यादवसमेत

शुरु फैसला गर्नेः-
मा.जि.न्या.श्री सुरेन्द्र वीर सिंह बस्न्यात

पुनरावेदन फैसला गर्नेः-
मा.न्या.श्री केशवप्रसाद मैनाली
मा.न्या.श्री रामप्रसाद खनाल

- **दण्ड सजायको ४६ नं. को व्यवस्थाअनुरूप नै बण्डा छुट्टाउनको लागि निवेदन दिनुपर्नेमा त्यसरी निवेदन नपरेमा सो म्याद व्यतीत भएपछि फैसलाले पाएको अंश भागको जग्गा मञ्जूरी नलिईकन गरेको हक हस्तान्तरण कानूनअनुरूप नदेखिएकाले सोही विषयमा मुद्दा लिएर आउने हक छैन भन्न न्यायोचित् नहुने।**

(प्रकरण नं.६)

- **फैसलाबाट प्राप्त अंश हकलाई जहिले पनि निवेदन दिएर आफ्नो नाममा नामसारी गर्नको लागि दण्ड सजायको ४६ नं. ले स्पष्ट रुपमा रोक नलगाएको अवस्थामा नामसारी गरी आफ्नो नाममा दर्ता नगराएको अवस्थालाई मात्र आधार मानी अर्को पक्षले सो सम्पत्ति वेचविखन गर्न पाउँछ भन्ने अर्थ गर्दै जाने हो भने सामान्य प्रक्रियाको त्रुटि देखाएर अंश हक जस्तो नैसर्गिक हकबाट वञ्चित हुनुपर्ने स्थिति देखा पर्छ। बण्डा छुट्टयाई लिन नसकेको भन्ने**

**आधारमा मात्र फैसलाबाट पाएको अंशको जग्गा आफ्नो हककायम गराई लिन पाउँदैन भन्न नसकिने ।**

(प्रकरण नं.८)

- **अदालतबाट अंश मुद्दामा अन्तिम फैसला भइसकेपश्चात् सोही बण्डा गर्नुपर्ने सम्पत्तिलाई मञ्जूरी नलिई वेचविखन गरेको कार्य कानूनसम्मत् मान्न नमिल्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक वादी तर्फबाटः विद्वान वरिष्ठ अधिवक्ता शम्भु थापा र विद्वान अधिवक्ता इश्वरीप्रसाद भट्टराई

प्रत्यर्थी प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ता हरिकृष्ण कार्की

अवलम्बित नजीरः *नेकाप* २०५७, अङ्क १२, नि.नं.६९६०, पृष्ठ ८११

सम्बद्ध कानूनः

- दण्डसजायको ४६ नं.

फैसला

**न्या.तर्कराज भट्टः** पुनरावेदन अदालत, बुटवलको मिति २०६२।३।७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन परी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

मूल पुरुष स्व. गौरी मुराउको २ श्रीमती जेठी झुलरा मुराउ र कान्छी कौशिल्या मुराउ हुन् । झुलरा मुराउको तर्फबाट २ छोरा जन्मेकामा जेठा धनई र कान्छा धनमान मुराउ हुन । धनईको कोही सन्तान नहुँदै मृत्यु भै सकेको छ । धनमान मुराउको ३ छोरामा जेठा सन्तराम मुराउ, माहिला मुसे मुराउ र कान्छा अवधराज मुराउ हुन् । कैशिल्या मुराउको तर्फबाट ३ छोरामध्ये जेठा भगौती मुराउ, माहिला विन्देश्वरी मुराउ र कान्छा म झिनकान मुराउ हुँ । भगौती मुराउको छोरा म दुलई मुराउ हुँ । विन्देश्वरी मुराउको छोरा जनकलाल मुराउ हुन् । मूल पुरुष गौरी मुराउ निजको श्रीमती एवं झुलरा, कौशिल्या मुराउ, धनमान मुराउ निजको श्रीमती र भगौती मुराउ र निजको श्रीमती एवम् विन्देश्वरी मुराउ र निजको श्रीमती समेतको मृत्यु भै सकेको छ । हामी अंशियार बीच अंशबण्डा भएको छैन । विन्देश्वरीको छोरा जनकलाल मुराउले मिति २०५७।५।१४ मा अंश नामसारी मुद्दा हामी वादी प्रतिवादीउपर दायर गरेकोले सो मुद्दाको म्याद हाम्रा नाउँमा तामेल भई विपक्षीहरसँग मुद्दामा प्रतिवाद गर्न जाऔं र मिलापत्र गरी आ-आफ्ना अंश भाग छुट्टयाई अलग बसौं भनी मिति २०५७।८।२५ गते विहान भन्दा विपक्षीहरू रिसाई हामीले अंशबण्डा गर्दैनौ जानेको गर भनेको र प्रतिवादीमध्येका सन्तराम मुराउले केही जग्गा विक्री गरी दिएको भनेबाट मिति २०५७।९।३ मा नक्कल लिई हेर्दा विपक्षी सन्तराम मुराउले मिति २०५७।५।५ गते आमा गा.वि.स.कार्यालयबाट धनमान मुराउ र निजको श्रीमती गंगादेवी मुराउनी समेतको मृत्यु भैसकेकोले मृतक धनमान मुराउ बाहेक अरु नभएको भनी साविक वभनी वडा नं. ६ ग को कि.नं. ५९४, ६२०, ६२८, ६६६, ४०२, ५८०, ५८५, ५८९, ६५१, ६६१, ७ क कि.नं. ४०१, ७ ख को कि.नं ३६७, ३९२ समेतको ज.वि ४-११-९ जग्गा सन्तराम मुराउको नामको नागरिकता हाल प्राप्त नभएकाले मृतकको नामको जग्गा सन्तराम मुराउको नाममा एकलौटी अदलको ३ नं. बमोजिम वेचविखन गर्नका लागि आदेशको निमित्त मालपोत कार्यालयको नाउँमा सिफारिश लिई सो सिफारिशको आधारमा मिति २०५७।५।२३ मा वेचविखन गर्न पाउने गरी मालपोत कार्यालयबाट निर्णय गराई सन्तराम मुराउले राम सुरत यादवलाई र.नं. १६९९ बाट मिति २०५७।५।२३ मा राजीनामा पास गरेकोले सो कुराको ज्ञात हुन आयो । मृतक धनमान मुराउको हामी वादी अंशियार छँदाछँदैको अवस्थामा हामीलाई अंशियार नदेखाई मिति २०५७।५।२३ मा भएको मा.पो.का. रुपन्देहीको निर्णय र हाम्रो अंश हक निहीत रहेको जग्गा हाम्रो मञ्जूरीवेगर सोही दिन विपक्षीहरूले गराई लिएको राजीनामा लिखतमध्येको ४ भागको २ भाग जग्गाको निर्णय लिखत र सो को आधारमा भएको दर्ता समेत बदर गरी नामसारी समेत गरिपाऊँ भन्ने समेत व्यहोराको दुलई मुराउ र झिनकान मुराउको फिराद पत्र ।

विपक्षी वादी झिनकान भारतमा वि.स.१९९६ सालमा घरसारमा छुट्टी भिन्न भै बसेको र वंशावलीमध्येका मूल अंशियार भगौतीले अंश मुद्दा

गरी निजको मृत्यु भएकोले यी विपक्षी दुलईले मु.स.गरी अंश लिई खाइपाइ आएको हुँदा यो मुद्दामा साहू राममुरत यादव असामी म सन्तराम भएको मिति २०५७५।२३ को र.नं. १६९९ को पारीत राजीनामा र सोको आधारमा सुरत यादवका नाउँमा भएको दर्ता समेत सदर गरिपाऊँ भन्ने समेत सन्तराम मुराउको प्रतिउत्तर पत्र ।

सम्पूर्ण फिराद दावी गैर कानूनी हो । वादीहरू मेरा दाता सन्तराम मुराउका अंशियार हुन होइनन् जानकारी थिएन । सन्तराम मुराउले जग्गा विक्री गर्न खोजेको र मलाई पनि जग्गा खरीद गर्ने इच्छा भएकोले निज सन्तरामसँग भेट गरी कुराकानी गर्दा निजले आफूबाहेक कोही अंशियार छैनन् भनेकाले विश्वासमा परी राजीनामा पारीत भएको हो । लिखत पारीत भएको मिति २०५७५।२३ गते देखि नै जोतभोग गरी आएकोले मिति २०५७९।३ मा थाहा पाएँ भन्ने कथन गलत हो । दुलई मुराउको वावु भगौती मुराउले सन्तराम, विन्देश्वरी र यिनै वादी भिनकान उपर ०३६।३७ सालतिर दायर गरेको अंश नामसारी मुद्दा भगौती मरेपछि यी वादी दुलईले सकारी मिति २०४५।३।१६ को फैसलाबमोजिम अंश पाउने ठहर भएपछि दण्ड सजायको ४६ नं.को म्यादभित्र अंशबण्डा छुट्टाउनेतर्फ फैसला कार्यान्वयन नगराई भारततर्फ कै सम्पत्ति अंशवापत भोगी बसेको पाइन्छ । वादीहरू सन्तरामको सगोलको अंशियार नभएको हुँदा निजहरूलाई अंशियार ठहराउन तथा निर्णय दर्ता बदर गरी निजहरूका नाममा नामसारी गर्न मिल्ने होइन भन्ने समेत प्रतिवादी रामसुरत यादवको प्रतिउत्तर पत्र ।

वादीको साक्षी सोमईप्रसाद मुराउ प्रतिवादीका साक्षी इन्द्रजित प्रसाद गुप्ताले बकेको बकपत्र मिसिल सामेल रहेको ।

यी वादीहरू समेत यी प्रतिवादी सन्तराम मुराउको नाता अंशियार रहेको र निजहरूको अंशबण्डा भए गरेको अवस्था नदेखिंदा ४ भागको २ भागमात्र निर्णय दर्ता बदर भै सोअनुरूप भएको राजीनामा चार भागको २ भागमा दुई भाग लिखत दर्ता बदर भै वादीहरूको नाममा नामसारी हुने ठहर्छ भन्ने समेत व्यहोराको रुपन्देही जिल्ला अदालतको मिति २०६०।३।८ को फैसला ।

मालपोत कार्यालयको मिति २०५७५।२३ को निर्णय बदर एउटा विषय र राजीनामा लिखत दर्ता बदर अर्कै विषयमा एउटै फिराद लिई इन्साफ गरेको शुरु फैसला त्रुटिपूर्ण हुँदा बदर गरी वादी दावीबाट फुर्सद पाऊँ भन्ने समेत व्यहोराको प्र.राम सुरत यादवको पुनरावेदन पत्र ।

यसमा मालपोत कार्यालयमा अदलको ३ नं. बमोजिम जग्गा वेचविखन गरिपाऊँ भनी दिएको निवेदनमा वेचविखन गर्ने आदेश दिएको मालपोत कार्यालय रुपन्देहीको आदेश अ.वं. ८६ नं. बमोजिम बदर हुने ठहराएको शुरुको फैसला फरक पर्न सक्ने देखिंदा छलफलको लागि प्रत्यर्थीलाई झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६१।९।१६ को आदेश ।

यी वादी दुलई मुराउले अंश पाउने ठहर भै दण्ड सजायको ४६ नं. को हदम्याद गुजारी बसेकाले पुनः अंशमा दर्ता गर्न र आफ्नो समेत हक लाग्ने जग्गा राजीनामा भएकोले लिखत दर्ता बदर गराई पाऊँ भनी दावी गर्न पाउने देखिदैन । यस स्थितिमा पनि शुरुले निजको हक जति लिखत दर्ता बदर गरेको फैसला सो हदसम्म मिलेको देखिएन । मालपोत कार्यालयको निर्णय आदेशमा पक्ष विपक्ष भै हारजीत गरेको स्थिति नहुँदा अ.वं ८६ नं. अर्न्तगतको वर्णित व्यवस्था नहुँदा सो निर्णय आदेश बदर गरेको मिलेन, लिखत बदर तर्फको दावीका हकमा पनि यी दुलई मुराउले वावु भगौतीको अंशमा सकार गरी अंश पाउने ठहरेको फैसलाअनुसार दण्ड सजायको महलबमोजिम बण्डा छुट्टयाएको नदेखिँदा त्यस्तो व्यक्तिले पुनः अंश हक देखाई दावी गर्न नपाउने हुँदा निजका हकमा निर्णय लिखत दर्ता बदर गरेको फैसला मिलेको नदेखिँदा सो हदसम्म शुरु जिल्ला अदालतको मिति २०६०।३।८ को फैसला केही उल्टी भै वादी दुलई मुराउको दावी पुग्न नसक्ने ठहर्छ भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६२।३।३ गतेको फैसला ।

म वादी दुलई मुराउ प्रतिवादी सन्तराम मुराउको अंशियार नाता भएको कुरामा विवाद छैन । मेरो वावु भगौती मुराउले यी प्रतिवादी सन्तराम मुराउ समेत उपर अंश नामसारी मुद्दा दायर गरी मिति २०४५।३।१६ मा तत्कालीन लुम्विनी अञ्चल

अदालतबाट ४ भागको १ भाग अंश पाउने ठहर भै फैसला भएको छ। सो फैसलामा उल्लेख भएको जग्गा नै प्रतिवादी सन्तराम मुराउले यी प्रतिवादी रामसुरत यादवलाई गरेको विक्री मिति २०४५।३।१६ गतेको फैसलाको प्रतिकूल भएको छ। सो फैसला अन्तिम भइसकेको छ। कारणवस दण्ड सजायको ४६ नं. बमोजिम बण्डा छुट्टयाउन नसकेको कारणले अंश भाग समाप्त हुने होइन। अंश पाउने ठहर भई भएको फैसलाबमोजिम दण्ड सजायको ४६ नं को हदम्यादमा बण्डा छुट्टयाउन नसकेको खण्डमा फैसलाको अस्तित्व समाप्त भै अंश हक गुम्न जाने भने कही कतै उल्लेख छैन। उक्त जग्गा नै लिनुदिनु गरेको अवस्था छ। गैरकानुनी रुपमा राजीनामा लिखत खडा गरी लिखत पास भएको मितिले १ वर्ष भित्र मुलुकी ऐन लेनदेन व्यवहारको १० नं. को म्यादभित्र परेको फिराद कानूनसम्मत् छ। फैसलाबमोजिम बण्डा छुट्टयाउने कार्य नभए पनि सो सम्पत्ति मेरो समेतको हक भोग रहेको कुरा यसै लगाउको दे.पु.नं. १०४५ को निर्णय दर्ता लिखत बदर मुद्दाबाट देखिन्छ। प्रतिवादी सन्तराम मुराउले विक्री गरेको जग्गामा अन्य अंशियारहरूले समेत भाग बण्डा गरी जोत भोग गरी आएको तथ्य लगाउको मुद्दाबाट स्थापित भैरहेको अवस्थामा मेरो हक भोग नरहेको भन्न मिल्ने कारण छैन। लेनदेन व्यवहारको १०, ४० नं. समेतको आधारमा परेको दावीलाई अन्यथा भनी अपव्याख्या गर्न मिल्ने होइन। भगौती मुराउको परलोकपछि म दुलई मुराउले मुद्दा सकार गरी अंश हक ठहर भएको फैसलाबाट अंशियार कायम रही रहेको अवस्थामा अन्य कोही अंशियार नभएको भनी अंशियार लोप पारी मालपोत कार्यालय रुपन्देहीबाट अदलको ३ नं. बमोजिम निर्णय गराई राजीनामा लिखत पास भएको कार्यले अंश हक मार्ने काय स्पष्ट छ। त्यस्तो जग्गा विक्री गर्दा अन्य अंशियारको अनिवार्य रुपमा मञ्जूरी सहमती लिनुपर्ने अनिवार्य व्यवस्थाको पालना भएको छैन। अत: माथि उल्लिखित पुनरावेदन जिकीर एवं सक्कल मिसिल सबूद प्रमाण समेतको मूल्याङ्कन गरी पुनरावेदन अदालत, वुटवलको मिति २०६२।३।७ को फैसला बदर गरी शुरु फैसला सदर कायम गरिपाऊँ भन्ने दुलई मुराउको पुनरावेदन पत्र।

यसमा यी वादीले अंश पाउने ठहरी तत्कालीन लुम्बिनी अञ्चल अदालतबाट मिति २०४५।३।१६ मा अन्तिम फैसला भए पनि सोअनुसार अंश छुट्टयाई लिएको नदेखिएको कारण यिनको अंश समाप्त भएको भन्न नमिल्ने हुनाले उक्त फैसलाबाट अंश पाएको भन्ने आधारमा दावी नपुग्ने ठहराई पुनरावेदन अदालत, वुटवलले गरेको फैसला त्रुटिपूर्ण भई फरक पर्न सक्ने देखिएकोले छलफलको लागि प्रत्यर्थी झिकाई आए पछि पेश गर्नु भन्ने मिति २०६५।१०।१९ गतेको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र विद्वान अधिवक्ता श्री ईश्वरी भट्टराईले वादी प्रतिवादी बीच नातामा कुनै विवाद छैन। यिनीहरू बीच अंशबण्डा भएको कुनै प्रमाण छैन। अंश मुद्दापरी सो मुद्दाबाट बण्डा छुट्टयाउन मात्र बाँकी भएको हो। दण्ड सजायको ४६ नं. को म्यादभित्र बण्डा कार्यान्वयन नभएको भन्ने आधारमा फैसलाबाट प्राप्त अंश हक माथि दावी समाप्त भयो भन्न मिल्दैन। वादी प्रतिवादी दुवैले बण्डा छुट्टयाउन निवेदन नदिएकोले बण्डा नछुट्टिएको हो। फैसलाबमोजिम बण्डा लाग्ने भएपछि सोही बण्डा लाग्ने जग्गाको नामसारी र हक हस्तान्तरणले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। अंश मुद्दामा हदम्याद जादैन भन्ने अदालती मान्यता छ। भोग रही रहेकोमा जहिलेसुकै नालेस लाग्छ। अंश हक लाग्ने व्यक्ति हुँदाहुँदै कोही नभएको भन्ने व्यहोरा पारी भएको राजीनामा गैरकानूनी छ भन्ने व्यहोराको वहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिकृष्ण कार्कीले मालपोतको निर्णयमा पक्ष बिपक्ष नभएकाले अ.बं.८६ नं.आकर्षित हुदैन। अंश पाउने फैसला भएपछि सो फैसलाबमोजिम दण्ड सजायको ४६ नं.बमोजिम बण्डा नछुट्टाएर बसेको अवस्थामा पुन अंशमा दावी लिन पाउने होइन। पुनरावेदक एकासगोलमा रहे बसेको पुष्टि भएको छैन। ३ वर्ष नघाएर आएको निवेदनले कानूनी मान्यता प्राप्त गर्न सक्तैन। अंश नैसर्गिक हक भए पनि अंशबण्डा छुट्टयाउने प्रक्रिया अनिवार्य रुपमा अवलम्बन गर्नुपर्दछ। उक्त प्रक्रिया वादीले अवलम्बन गरेको छैन। बावु

बाजेको सम्पत्ति मालपोतको अनुमतिले हक हस्तान्तरण गरेको अवस्था छ । अंश पाउने ठहर भएपछि सो सम्पत्ति नछुट्टयाईकन बस्नु प्रतिवादीको गल्ती होइन । अंश पाउने भइसकेको अवस्थामा सो फैसला कार्यान्वयन नगरी बसेर हाल आएर सो सम्पत्तिको हक हस्तान्तरण गर्न पाउने होइन भन्न मिल्ने होइन पुनरावेदन अदालतको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फका विद्वान अधिवक्ताले गर्नुभएको बहस सुनी पुनरावेदनपत्र सहितको मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको छ, छैन पुनरावेदन जिकीर पुग्ने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा मूल पुरुष स्व. गौरी मुराउको जेठी श्रीमती भुलरा मुराउको तर्फबाट जन्मेका धनमान मुराउको छोरा प्रतिवादी सन्तराम र कान्छी कौशिल्या मुराउको तर्फबाट जन्मेका भगौती मुराउको छोरा वादी दुलई मुराउ र कान्छा म भिनकान मुराउ हुँ । हामी अंशियारबीच अंशबण्डा भएको छैन । प्रतिवादीमध्येका सन्तराम मुराउले मिति २०५७।५।५ गते मृतक मेरा बाबु धनमान मुराउको अंश हक खाने मबाहेक अरु कोही अंशियार नभएको भनी अदलको ३ नं. बमोजिम वेचविखन गर्नका लागि मालपोत कार्यालयबाट निर्णय गराई रामसुरत यादवलाई राजीनामा पास गरेकोले मृतक धनमान मुराउको नाँउमा रहेको सम्पत्तिबाट समेत हामी वादीहरूलाई अंश लाग्ने अवस्थामा हाम्रो मञ्जूरीवेगर पारीत भएको राजीनामा लिखतको दर्ता समेत बदर गरिपाऊँ भन्ने व्यहोराको फिराद पत्र भएकोमा वादी भिनकान भारतमा वि.स.१९९६ सालमा घरसारमा छुट्टी भिन्न भै बसेको र भगौतीले अंश मुद्दा गरी निजको मृत्यु भएकोले यी विपक्षी दुलईले मु.स.गरी अंश लिई खाइपाइ आएको हुँदा मिति २०५७।५।२३ मा पारीत राजीनामाको आधारमा रामसुरत यादवका नाउँमा भएको दर्ता समेत सदर गरिपाऊँ भन्ने सन्तराम यादव र मिति २०४५।३।१६ को फैसलाबमोजिम अंश पाउने ठहर भएपछि दण्ड सजायको ४६ नं.को म्यादभित्र अंशबण्डा कार्यान्वयन नगराई बसेको र वादीहरू सन्तरामको सगोलको अंशियारसमेत नभएको हुँदा अंशियार ठहराउन तथा निर्णय दर्ता बदर गरी निजहरूका नाममा नामसारी गर्न मिल्ने होइन भन्ने समेत प्रतिवादी रामसुरत यादवको प्रतिउत्तर पत्र रहेकोमा वादी प्रतिवादीहरूको बीच अंशबण्डा भए गरेको अवस्था नदेखिँदा ४ भागको २ भाग लिखत दर्ता बदर भै वादीहरूको नाममा नामसारी हुने ठहर्छ भन्ने रुपन्देही जिल्ला अदालतको फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलाउपर वादीहरू मध्येका दुलई मुराउको पुनरावेदन परी निर्णयार्थ पेश हुन आएको पाइयो ।

३. वादी प्रतिवादीहरूबीच नाता सम्बन्धमा कुनै विवाद भएको छैन । रित पूर्वकको बण्डा भई आफ्नो-आफ्नो गरी व्यवहार प्रमाणबाट अलग भई बसेको पनि देखिदैन । प्रस्तुत मुद्दाका वादी यी दुलई मुराउको पिता भगौती मुराउ वादी भई र सन्तराम, विन्देश्वरी, र भिनकमान प्रतिवादी भएको अंश नामसारी मुद्दामा लुम्बिनी अञ्चल अदालतको मिति २०४५।३।१६ को फैसलाबमोजिम कुल सम्पत्तिको चार भागको एक भाग सम्पत्ति यी वादी दुलई मुराउले पाउने गरी भएको फैसला अन्तिम भई बसेको देखियो । सो फैसलाउपर यी प्रतिवादीहरूको पुनरावेदन परेको नपाइनाले सो फैसलालाई स्वीकार गरी बसेको देखिन आयो । वादी भगौती मुराउको मु.स.गर्ने यी दुलई मुराउले अंश पाउने गरी फैसलाबाट प्राप्त जग्गानै यी सन्तराम मुराउले राम सुरत यादवलाई र.नं. १६९९ मिति २०५७।५।२३ गते राजीनामा पास गरी हक हस्तान्तरण गरेको देखिन आयो । सो हक हस्तान्तरण गर्दा यी वादीको मञ्जूर लिएको पनि देखिएन ।

४. यसै मुद्दाको प्रतिउत्तर दर्ता गर्दा सो प्रतिउत्तरको व्यहोरामा यस मुद्दाका प्रतिवादी सन्तराम मुराउले विपक्षी वादी भिनकान भारतमै वि.सं.१९९६ सालमै घरसारमा छुट्टि भिन्न भै बसेको भन्ने व्यहोरा उल्लेख गरे पनि पैतृक के कुन सम्पत्ति थियो र सोमध्ये कुन सम्पत्ति कति यी वादीले लिएर अलग बसी अंशबण्डा भएको हो भनी खुलाउन सकेको पाइएन । त्यस्तै यसै मुद्दाका वादी दुलई मुराउको बाबु भगौतीले यिनै प्रतिवादी सन्तरामउपर अंश नामसारी मुद्दा गरी लुम्बिनी अञ्चल अदालतको मिति २०४५।३।१६ को फैसलाबाट अंश प्राप्त गरिसकेको भन्ने प्रतिउत्तर जिकीर लिए पनि

कुन सम्पत्ति सो फैसलाबमोजिम लिएर आफ्नो नाममा दर्ता गरेको हो सो कुरा समेत खुलाउन सकेको देखिएन। अर्कोतर्फ यसै मुद्दाका अर्को प्रतिवादी रामसुरत यादवले लगाएको प्रतिउत्तरमा उक्त अञ्चल अदालतको फैसलाबमोजिम अंश पाउने ठहरे पनि अंशबण्डा छुट्टयाउने तर्फ नगई भारत कै सम्पत्ति अंशबापत लिएको पाइन्छ भन्ने व्यहोराको प्रतिउत्तर लगाए पनि यस मुद्दाका वादीले कुन जग्गा अंशबापत लिएको हो सो कुरा खुलाउन सकेको पाइएन।

५. अब दण्ड सजायको महलको ४६ नं. बमोजिमको म्यादभित्र बण्डा कार्यान्वयन गर्न नगएमा पुन अंश पाउँ भन्ने दावी लिएर अदालत प्रवेश गर्ने हक वादीलाई छैन भन्ने जिकीर लिएतर्फ विचार गर्दा प्रतिवादीहरूको प्रतिउत्तर जिकीर बमोजिम दण्ड सजायको ४६ नं.बमोजिमको म्यादभित्र बण्डा छुट्टयाई पाऊँ भनी निवेदन नपरेको सम्म देखिन आयो। दण्ड सजायको ४६ नं. बमोजिम बण्डा छुट्टयाई लिनको लागि वादी पक्ष नै अदालत जानुपर्छ भन्ने वाध्यात्मक कानूनी व्यवस्था भएको पाइदैन। उक्त कानूनी व्यवस्थाबमोजिम कुनै पनि पक्षले पनि अंशबण्डा छुट्टयाई पाऊँ भनी निवेदन दिन सक्ने देखिन्छ।

६. त्यस्तै पुनरावेदक प्रतिवादी विश्वम्भरनाथ मिश्रको मु.स. गर्ने चन्द्रशेखर मिश्र विरुद्ध आचार्यनाथ मिश्र भएको अंश नामसारी (*नेकाप* २०५७, अङ्क १२, पृष्ठ ८११, नि.नं.६९६०) मुद्दामा "पूर्व फैसलाबमोजिम अंश भागमा परेको जग्गा वादी प्रतिवादीले आ-आफूले भोगी चलन गरी आएको भन्ने कुरा देखिन आएबाट फैसलाबमोजिम घरसारमा लिनु दिनु गरी आ-आफूले भोगचलन गरेको तथ्य पुष्टि भइसकेको अवस्थामा दण्ड सजायको ४६ नं.को व्यवस्थाअनुरूप नै बण्डा छुट्याई पाऊँ भनी आउनु पर्ने त्यसरी नआएमा सो म्याद व्यतीत भएपछि फैसलाले पाएको जग्गा नामसारी गरिपाऊँ भनी आउन नपाउने भन्न न्यायोचित नहुने हुँदा दण्ड सजायको ४६ नं.ले फिराद नलाग्ने भन्ने प्रतिवादीतर्फको भनाइ तर्कसंगत एवं मनासिब देखिदैन" भन्ने कानूनी सिद्धान्त यस अदालतबाट प्रतिपादित भएको पाइन्छ। दण्ड सजायको ४६ नं. को व्यवस्थाअनुरूप नै बण्डा छुट्टाउनको लागि निवेदन दिनुपर्नेमा त्यसरी निवेदन नपरेमा सो म्याद व्यतीत भए पछि फैसलाले पाएको अंश भागको जग्गा प्रतिवादीले वादीको मञ्जूरी नलिईकन गरेको हक हस्तान्तरण कानूनअनुरूप नदेखिएकाले सोही विषयमा प्रस्तुत मुद्दा लिएर आउने हक वादीलाई छैन भन्न न्यायोचित नहुने देखिदा वादीको फिराद दण्ड सजायको ४६ नं.विपरित छ भन्ने प्रतिवादीको भनाई तर्कसंगत देखिदैन।

७. अदालतको फैसलाबमोजिम बण्डा छुट्टाई पाऊँ भनी अ.वं.४६ नं.बमोजिम वादीले मात्र दरखास्त दिनुपर्ने नभै बण्डा दिनुपर्ने व्यक्तिले पनि दरखास्त लिई आउन पाउने व्यवस्था अ.वं.४६ नं.ले गरेको देखिनाले अंशबण्डा छुट्टयाई लिने र दिने वादी प्रतिवादीहरू दुवै पक्षको कर्तव्य देखिँनाले वादीले अ.वं. ४६ नं.को म्यादभित्र अंशबण्डा छुट्टयाई लिएको नहुनाले अदालतको फैसलाले निजले प्राप्त गरेको अंशमा निजको हक नरहेको भन्ने प्रतिवादीको जिकीर कानूनसम्मत् देखिन आएन। अ.वं. ४६ नं.को म्यादभित्र बण्डा छुट्टयाई पाऊँ भनी दरखास्त नपरेको अवस्थामा अदालतबाट बण्डा छुट्टयाई पाऊँ भन्ने दावी मात्र लाग्न नसक्ने हो। फैसलाले अंशबापत प्राप्त भएको सम्पत्तिबाट सम्बन्धित पक्षको हक समाप्त हुने व्यवस्था कानूनमा भए गरेको देखिन आएन। वादीले अंश हकवापत प्राप्त गरेको सम्पत्ति बण्डा छुट्टयाई नलिएको कारण देखाई प्रतिवादीले त्यस्तो वादीको सम्पत्ति आफुखुशी नामसारी गरी बेचविखन गर्न सक्ने हक अधिकार प्रतिवादीलाई कुनै कानूनले दिएको नदेखिदा वादी दावीको सम्पत्ति वादीको अंश हकको सम्पत्ति देखिन आयो।

८. दण्ड सजायको ४६ नं. ले तोकेको समय सीमाभित्र अंशबण्डा छुट्टयाउन नगएको भन्ने आधारमा फैसलाबाट प्राप्त अंश हकलाई अर्को अंशियारले मञ्जूरी नलिईकन हकहस्तान्तरण गर्न पाउने कानूनी व्यवस्था भएको पाइएन। फैसलाबाट प्राप्त अंश हकलाई जहिले पनि निवेदन दिएर आफ्नो नाममा नामसारी गर्नको लागि दण्ड सजायको ४६ नं. ले स्पष्ट रुपमा रोक नलगाएको अवस्थामा नामसारी गरी आफ्नो नाममा दर्ता नगराएको अवस्थालाई मात्र आधार मानी अर्को पक्षले सो सम्पत्ति वेचविखन गर्न पाउछ भन्ने अर्थ गर्दै जाने हो भने सामान्य प्रक्रियाको त्रुटि देखाएर अंश हक

जस्तो नैसर्गिक हकबाट वञ्चित हुनुपर्ने स्थिति देखा पर्छ। बण्डा छुट्याई लिन नसकेको भन्ने आधारमा मात्र वादीले फैसलाबाट पाएको अंशको जग्गा आफ्नो हककायम गराई लिन पाउदैन भन्न नसकिने हुँदा दावी बमोजिमको जग्गामा वादीले आफ्नो भागको अंश लिन पाउने नै देखियो।

९. यसरी अदालतबाट अंश मुद्दामा अन्तिम फैसला भइसके पश्चात् सोही बण्डा गर्नुपर्ने सम्पत्तिलाई प्रतिवादीले यी वादीको मञ्जूरी नलिई वेचविखन गरेको कार्य कानूनसम्मत् मान्न मिलेन। तसर्थ दावीको जिल्ला रुपन्देही भनी गा.वि.स.वडा नं. ६ग को कि.नं. ५९४, ६२०, ६२८, ६६६, ५८०, ५८५, ५८९, ६५१, ६६१, ७क कि.नं.४०१, ७ख को कि.नं ३६७, ३९२ समेतको ज.वि ४-११-९ जग्गा प्रतिवादीले मिति २०५७।५।२३ मा र. नं. १६९९ बाट रजिष्ट्रेसन गरी विक्री वितरण गरेको कार्य वादी दावी बमोजिम ४ भागको २ भाग बदर हुने ठहराई भएको शुरु इन्साफ सदर गर्नुपर्नेमा वादी दावी नपुग्ने ठहराएको पुनरावेदन अदालत, वुटवलको मिति २०६२।३।७ गतेको इन्साफ उल्टी भई शुरु रुपन्देही जिल्ला अदालतको मिति २०६०।३।८ को फैसला सदर हुने ठहर्छ। अरुमा तपसीलबमोजिम गर्नू।

तपसील

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, बुटवलको फैसला उल्टी भई वादी दावीबमोजिम चार भागको दुई भाग लिखत बदर हुने ठहऱ्याएको शुरु फैसला सदर हुने ठहरेकाले शुरु फैसलाको तपसील खण्ड १ मा रहेको लगतबमोजिमका जग्गाहरूबाट ४ भागको २ भाग लिखत बदर हुने ठहरेकाले उक्त बमोजिम गर्नु गराउनु भनी शुरु जिल्ला अदालतमा लेखी पठाउनू ........१

पुनरावेदन अदालतको फैसला उल्टी भई शुरु फैसला सदर हुने ठहरेकाले पुनरावेदन अदालतको मिति २०६२।३।७ को फैसलाबमोजिम कायम रहेको लगत नं. क र ख बमोजिम गरिरहनु परेन भनी शुरु रुपन्देही जिल्ला अदालतमा लेखी पठाई दिनू ..........२

पुनरावेदन अदालतको फैसला उल्टी भई शुरु फैसला सदर हुने ठहरेकाले निजले शुरु फैसलाबमोजिम भरी पाउने ठहरेको कोर्टफि र दस्तूर प्रतिवादीले पुनरावेदन गर्दा पुनरावेदन अदालतमा मिति २०६०।१०।४ मा राखेको धरौट रु.१७०।- कानूनका म्यादभित्र दरखास्त दिए निजलाई भराई दिनु र निजले यस अदालतमा राखेको थप कोर्टफी रु.४५।- प्रतिवादीहरूको यसै सरहदको जेथा देखाई भराई माग्न आए नियमानुसार भराई दिनु भनी शुरु अदालतमा लगत दिनू ........३

मिसिल नियमानुसार बुझाई दिनू ..........४

उक्त रायमा सहमत छु।

न्या.प्रेम शर्मा

इति संवत् २०६८ साल वैशाख १२ गते रोज २ शुभम्

इजलास अधिकृतः- दुर्गाप्रसाद भट्टराई

## निर्णय नं. ८६९०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रेम शर्मा
माननीय न्यायाधीश श्री कमलनारायण दास
संवत् २०६६ सालको दे.पु.नं. ०७७८
फैसला मितिः २०६८।२।२५।४
मुद्दाः- अंश।

पुनरावेदक वादीः जिल्ला बाग्लुङ्ग, भीमगिठे गाउँ विकास समिति, वडा नं.४ गैरागाउँ बस्ने तुलसीदेवी कुँवर समेत

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः ऐ. ऐ. बस्ने हिरालाल कुँवर समेत

शुरु फैसला गर्ने :
मा.न्या.भोलानाथ चौलागाई

पुनरावेदन फैसला गर्ने :
मा.मु.न्या.श्री जागेश्वर सुवेदी
मा.न्या.श्री पोषनाथ शर्मा

- **अंशियारको बराबर अंश हक लाग्ने कुरामा कुनै द्विविधा छैन। महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैतृक सम्पत्ति र अविवाहित अवस्थामा जन्मको नाताबाट बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश**

**प्राप्त गर्ने कानूनबमोजिमका अंशका हकदार हुन् । यिनीहरूले कसैको कृपा वा दया-मायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले महिला तथा बालबालिकालाई नाम मात्रको अंश दिने कलुषित भावना तथा उद्देश्यले अभिप्रेरित भई गरिएका त्यस्ता लिखतलाई आधार मानी नाम मात्रको अंश दिने किसिमले निचोडमा पुग्नु भनेको न्यायको मार्ग अवरोध गर्नु समान हुने ।**

(प्रकरण नं.४)

- **पैतृक सम्पत्ति हाँगाको नाताले पहिला बाबु र त्यसपछि सन्ततिमा सरी आउने भए तापनि त्यस्तो पैतृक सम्पत्ति बाबुको एकलौटी मान्नु पर्ने ऐनको मनसायविपरीत हुने ।**

(प्रकरण नं.५)

- **अंशको हक अंशियार भएका नाताले स्वतः प्राप्त गर्ने हक हुँदा यसरी स्वतः प्राप्त गर्ने अंश जस्तो नैसर्गिक कानूनी हकलाई निष्क्रिय वा संकुचित पार्ने गरी भएको कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।**
- **अंशियारहरूले पारस्परिक सहमतिबाट आफूहरूले आफ्नो अंश हक प्रयोग गर्न सक्दछन । तर, त्यसरी अंशियारबीच कुनै लिखत वा व्यवहार गर्दा त्यस्तो कुनै अंशियारले आफूले अंश दिनुपर्ने अन्य अंशियारको असहमति हुँदाहुँदै उसको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी कुनै लिखत गर्न पाईदैन । अंश हक जस्तो नैसर्गिक अधिकारलाई कुण्ठित हुने गरी खडा भएको त्यस्ता लिखत स्वतः बदरभागी हुने ।**

(प्रकरण नं.६)

पुनरावेदक वादीतर्फबाटः विद्वान अधिवक्ताद्वय गोपालप्रसाद शर्मा, र केशव पराजुली

प्रत्यर्थी प्रतिवादीतर्फबाटः विद्वान अधिवक्ता कृष्णनाथ शर्मा

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

- मुलुकी ऐन, अंशबण्डाको १९(१) नं.

फैसला

**न्या.प्रेम शर्माः** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय निम्नानुसार छ : -

विपक्षीमध्येका हिरालाल म तुलसीका जेठाजु र हामी चन्द्र र गीताका जेठाबाबा नाताका हुनुहुन्छ । विपक्षी बलबहादुर म तुलसीका पति र हामी चन्द्र र गीताका पिता नाताका हुनुहुन्छ । रुद्रलालका २ श्रीमती मध्ये पार्वती तर्फबाट विपक्षी हरिलाल र बलबहादुर र २ छोरीहरूको जन्म भएको र अर्की दुर्पतीबाट चुँडाबहादुरको जन्म भएको थियो । सबै अंशियारको विवाह भइसकेको एवं दुर्पती र चुँडाबहादुरले समेत पहिले नै अंश लिई अलग बसी आएकाले एकासगोलका मूल अंशियारमा विपक्षी हिरालाल र बलबहादुर हुनुहुन्छ । विपक्षी बलबहादुर र म तुलसीदेवीको तर्फबाट छोरा फिरादी चन्द्रकान्त र छोरी गीता गरी २ छोराछोरीको जन्म भएको र हालसम्म हामीहरूको विवाह समेत भएको छैन । तसर्थ पति पिता बलबहादुरको अंश खाने अंशियारमा हामी फिरादी जना ३ र विपक्षी बलबहादुर १ गरी जना ४ छौं । घरको पैतृक सम्पत्ति एवं सोबाट बढे बढाएको सम्पूर्ण सम्पत्ति जिम्मा हुने विपक्षी हिरालालले मूल अंशियार आफू एवं अर्का विपक्षी बलबहादुरबीचमा बण्डा नहुँदै मिति २०५१।१२।३० मा अर्का प्रतिवादी लक्ष्यबहादुरलाई अंश भरपाई गरिदिएका छन् । त्यस्तै मिति २०६०।१२।१४ मा पुनः हिरालाल दिने र बलबहादुर लिने भई अंशबण्डाको लिखत गरेकाले उक्त लिखतहरू हामीलाई अंशमा मार्ने, हामीलाई नोक्सान पुऱ्याई आफूहरूलाई मात्र फाइदा पुऱ्याउने उद्देश्यले तयार गरिएको हुँदा जालसाजतर्फ छुट्टै फिराद गरेका छौं । सोमा सोही मुद्दाबाट न्याय पाउने नै छौँ । विपक्षी अन्यायवालाहरूले मिति २०६१।१०।१० का दिन अंश दिदैनौं सकेको गर भनी एक मुख भई हाँक जवाफ दिनुभएकाले यो फिराद गरेका छौं । हाम्रो अंश गर्नुपर्ने सम्पूर्ण चल अचल सम्पत्ति विपक्षीहरू जिम्मामा भएकाले निजहरूबाट फाँटवारी लिई सो सम्पत्तिलाई २ खण्ड गरी सोमध्ये १ खण्ड पति पिता प्रतिवादी बलबहादुर कुँवरको भागमा पर्न आउने सम्पत्तिबाट

अविवाहित छोरा चन्द्रकान्त समेतको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट ४ भागको ३ भाग अंश पाऊँ भन्ने समेतको फिराद पत्र ।

विपक्षीहरूले निजकै पति पिता बलबहादुरबाट अंश पाउने हुन् । विपक्षी बलबहादुर र म हिरालालबीच मिति २०१७।२।२९ मा घरायसी बण्डापत्र भइसकेको हो । निजको अंश भागमा परेको जग्गा नापी हुनु अगावै मलाई एकमुष्ठ रु. १,००,०००।- मा दिई गएका हुन् । ती जग्गा नापीका बखत मैले मेरा नाउँमा दर्ता गराएका हुँ । विपक्षी बलबहादुर र वादीहरू भारतको बम्बईमा बसी आएका छन् । त्यसरी अलग भइसकेका प्रतिवादी बलबहादुरले मिति २०६०।१२।२२ मा अंशमुद्दा दर्ता गरेकाले बाध्य भई मिति २०६०।१२।२४ का दिन बण्डापत्र पारीत गरी वादीका पति पितालाई दिएको हो । प्रतिवादी बलहादुरका उपर मैले करकाप मुद्दा दिएको रिसईवीले उनै बलबहादुरले विपक्षीहरूलाई उठाई यो मुद्दा पार्न लगाएका हुन् । तसर्थ झूठा नालेसबाट फुर्सद दिलाई पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी लक्ष्यबहादुर कुँवरको हकमा अ.वं. ८३ नं. अनुमति लिई आफ्नो हकमा समेत प्रतिवादी हिरालाल कुँवरको प्रतिउत्तर पत्र ।

प्रतिवादी बलबहादुर कुँवरका नाउँको म्याद मिति २०६१।१२।१० मा टाँस तामेल भएकोमा सो म्यादभित्र निज प्रतिवादीले प्रतिउत्तर नगरी शुरु म्यादै गुजारी बसेको ।

वादीका साक्षी रामुलाल घिमिरे र प्रतिवादीका साक्षी मनबहादुर क्षेत्री, जयभद्र सापकोटा, नारायणप्रसाद शर्माको बकपत्र भै मिसिल संलग्न रहेको ।

मेरो जिम्मा बण्डा गर्नुपर्ने केही छैन भनी वादीले मिति २०६३।४।१७ मा र प्रतिवादी लक्ष्यबहादुरको हकमा संरक्षक भई आफ्ना हकमा समेत हिरालाल कुँवरले मिति २०६३।५।१ मा पेश गरेको तायदाती फाँटवारी मिसिल संलग्न रहेको ।

प्रतिवादी बलबहादुर कुँवरको नाउँको फाँटवारी वादीले मिति २०६३।९।३ मा पेश गरी मिसिल संलग्न रहेको ।

वादी प्रतिवादीबाट पेश भएको तायदातीमा उल्लेख भएको सम्पत्तिलाई २ खण्ड गरी सोमध्ये १ खण्ड वादीका पति पिता प्रतिवादी बलबहादुर कुँवरको भागमा पर्न आउने सम्पत्तिबाट अविवाहित छोरा वादी चन्द्रकान्त र छोरी गीताको अंशबण्डाको १७ नं. बमोजिम विवाह खर्च परसारी बाँकी सम्पत्तिबाट ४ भागको ३ भाग वादीहरूले बण्डा छुट्याई लिन पाउने ठहर्छ । प्रतिवादीले तायदातीमा देखाएको ऋणको हकमा पछि साहूको नालेस परेका बखत ठहरे बमोजिम हुने नै हुँदा यस मुद्दाबाट केही बोली रहनु नपर्ने ठहर्छ भन्ने शुरु बाग्लुङ्ग जिल्ला अदालतको मिति २०६४।५।३१ को फैसला ।

हाम्रो पैतृक सम्पत्ति कति थियो भन्ने कुरा ७ नं. फारम र २०१७ सालको बण्डापत्र हेरिंदा प्रष्ट हुन्छ । मैले दुःखले आर्जेको स्वआर्जनको सम्पत्ति बण्डा नलाग्नेमा बण्डा लगाइएको अवस्था हुँदा सो सम्पत्ति म हिरालालको स्वआर्जन कायम गरिपाऊँ । वादीका पति पिताले आफ्नो अंश भई लगी गइसकेको स्थितिमा वादीहरूलाई थप अंश दिनुपर्ने होइन । तसर्थ जालसाज मुद्दामा प्रस्तुत गरिएका आधार समेतबाट शुरुको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिउत्तर जिकीर बमोजिम गरिपाऊँ भन्ने प्रतिवादी हिरालाल कुँवर समेतको पुनरावेदन जिकीर ।

प्रत्यर्थी वादी तुलसीदेवीका पति बलबहादुर कुँवर र निजका दाजु हिरालाल कुँवरका बीच मिति २०६०।१२।२४ मा अंशबण्डाको लिखत पारीत भएको देखियो । प्रतिवादीमध्येका बलबहादुरले आफ्नी पत्नी तथा छोराछोरीको हक मेट्ने नोक्सान पार्ने उद्देश्यले अंशबण्डा लिखत गरेको मान्न सकिने सम्मको चित्त बुझ्दो आधार खुल्न आएको पाइएन । मूल अंशियारहरूका बीचमा भएको व्यवहारको विषयमा त्यसपछिका हाँगाका (पछिल्ला पिंढी वा तहका) अंशियारहरूले अन्यथा प्रमाणित नभएसम्म प्रश्न उठाउन पाउने स्थिति नदेखिएको समेतका कारणबाट जिल्ला अदालतले गरेको मिति २०६४।५।३१ को फैसला फरक पर्न सक्ने भई विचारणीय देखिँदा छलफलका लागि प्रत्यर्थी झिकाई आए वा अवधि व्यतीत भएपछि नियमानुसार पेश गर्नु । साथै यसमा प्रतिउत्तर पत्र व्यहोराबाट देखिएको वादी बलबहादुर, प्रतिवादी हिरालाल कुँवर समेत भएको मिति २०६०।१२।२४ मा दर्ता भएको भनिएको अंश मुद्दाको मिसिल र रु.

एकलाख बिगो अङ्क उल्लेख भएको तमसुक लिखत करकापबाट भएको भनी चलेको अंश मुद्दाको मिसिल समेत बाग्लुङ्ग जिल्ला अदालतबाट झिकाई साथै राखी पेश गर्नु भन्ने पुनरावेदन अदालत, बाग्लुङ्गको मिति २०६४।११।१५ को आदेश ।

वादीहरूका लोग्ने पति प्रतिवादी बलबहादुरका श्रीमती तुलसीदेवी, छोरा चन्द्रकान्त र छोरी गीता समेत गरी ४ अंशियार देखिँदा बलबहादुर कुँवरको अंश भाग सम्पत्तिबाटसम्म विवाह हुन बाँकी रहेका निजका छोरा चन्द्रकान्त र छोरी गीताको विवाह खर्च पर सारी ४ भागको ३ भाग अंश वादीहरूलाई दिलाई भराई पाउनेगरी ठहर गर्नुपर्नेमा मिति २०६०।१२।२४ को पारीत बण्डापत्रले छुट्टिभिन्न भइसकेका हिरालाल कुँवरको सम्पत्तिबाट समेत अंश पाउने ठहर गरी भएको शुरु बाग्लुङ्ग जिल्ला अदालतको मिति २०६४।५।३१ को फैसला सो हदसम्म नमिलेकोले केही उल्टी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, बाग्लुङ्गको मिति २०६६।३।३ को फैसला ।

२०१७ सालमा हिरालालले ३ भागको १ भाग भनी बलबहादुरको अंश बुझिलिएका, हिरालाल र बलबहादुर बीच बण्डा नहुँदै २०५१ सालमा लक्ष्यबहादुरले रु. ४३,३००।- बराबरको अंश लिएका, मिति २०६०।१२।२४ मा रु. ५,९१,५००।- बराबरको हिरालालको भागमा र रु. ६१,०००।- बराबरको बलबहादुरको भागमा पर्ने गरी बण्डा लिखत खडा भएको र सो लिखत जीउनी अंश वा छोडपत्रको लिखत समेत नभएको र सो लिखतमा बलबहादुरले थोरै अंश लिने र हिरालालले धेरै अंश लिनुपर्ने वस्तुगत आधार कारणहरू खुलाएको छैन । तसर्थ, उक्त लिखतबाट हाम्रो अंशको हकाधिकारमा आघात पुगेको प्रष्ट हुँदाहुँदै दावी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी दावी पुग्ने ठहराएको जिल्ला अदालतको फैसला सदर गरिपाऊँ भन्ने व्यहोराको वादीहरूको संयुक्त पुनरावेदन जिकीर ।

वादीले आफ्नो पति र जेठाजु समेतबाट अंश दिलाई पाउँ भनी दावी गरेकोमा प्रतिवादीमध्येका जेठाजु हिरालालले अघि मिति २०१७।२।२९ मा घरसारमा बण्डा गरी भाइको अंश भागको सट्टा रु. एक लाख दिई निजको अंश भागको जग्गा नापीमा आफ्नो नाममा दर्ता गराई लिएको तथा मिति २०६०।१२।२४ मा वादीका पति र आफूबीच बण्डा पारीत गरी छुट्टिएको समेत भनी प्रतिवाद गरेको पाइन्छ । सोही पारीत भएको मिति २०६०।१२।२४ को बण्डापत्रको आधारमा यी वादीले आफ्नो पति र पिताबाट मात्र अंश पाउने भनी पुनरावेदन अदालतबाट फैसला भएको पाइन्छ । वादीका पति बलबहादुरले मिति २०६०।१२।२२ मा अन्य प्रतिवादीहरू उपर अंश मुद्दा दिएकोमा सो मुद्दाको रोहबाट अंश पाउने नपाउने भन्ने निर्णय नभई तामेलीमा रहेको देखिन्छ । वादीका पतिले दिएको सो मुद्दामा मिलापत्र वा अन्य व्यहोराबाट सो मुद्दा अन्त्य नभएपछि सोही फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको अंशियारहरूको नामको सम्पत्तिबाट वादीलाई अंश दिलाउनु पर्ने अवस्था एकातिर रहेको छ भने मुद्दा पर्दापर्दै गरेको व्यवहार सदर नहुने र मुद्दा परेपछि हक हस्तान्तरण गरेको मान्य नहुने भन्ने समेत यस अदालतबार्ट र विभिन्न मुद्दामा नजीर प्रतिपादन भइरहेको अवस्था अर्कोतिर रहेको छ । तसर्थ, फिराद परेको अघिल्लो दिनसम्मको सम्पत्तिबाट वादीलाई अंश नदिलाई मुद्दा पर्दापर्दै प्रतिवादीहरू बीच भएको बण्डापत्रलाई मान्यता दिई वादीहरूले आफ्नो पतिबाट मात्र अंश पाउने ठहराएको पुनरावेदन अदालत, बाग्लुङ्गको फैसला मिलेको नदेखिई फरक पर्न सक्ने हुँदा विपक्षी झिकाई उपस्थित भए वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।१।१५ को आदेश ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेश भएको प्रस्तुत मुद्दाको पुनरावेदन सहित मिसिल अध्ययन गरियो । पुनरावेदक वादीतर्फबाट उपस्थित विद्वान अधिवक्तहरू श्री केशबराज पराजुली एवं गोपाल प्रसाद शर्माले प्रतिवादीहरू हिरालाल र बलबहादुरले वादीहरूलाई अंशबाट बञ्चित गर्नका लागि मिति २०६०।१२।२४ मा बण्डापत्र गरेका र सो बण्डापत्रमा यी वादीहरूका

पति पिता बलबहादुरले के कति कारणले थोरै अंश पाउने हो सो समेत केही उल्लेख नगरेकाले प्रतिवादीहरूको त्यस्तो कार्यबाट वादीहरूको अंश हक मेटिन नसक्ने हुँदा वादीहरूले निजहरूका पति पिता प्रतिवादी बलबहादुरको भागबाट मात्र अंश पाउने ठहराएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको छ । तसर्थ प्रतिवादीहरूको सम्पूर्ण सम्पत्तिबाट अंश पाउने ठहराएको शुरु जिल्ला अदालतको फैसला सदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादीतर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्णनाथ शर्माले वादीहरूका पति पिता बलबहादुर कुँवरले प्रतिवादी हिरालालबाट मिति २०६८।१२।२४ मा अंश बुझिलिई सकेकाले वादीहरूले हिरालालको भागबाट अंश पाउने होइनन् । तसर्थ, दोस्रो पुस्ताका यी वादीहरूले निजहरूको पति पिताबाट मात्र अंश पाउने हुँदा प्रतिवादी हिरालाल समेतको भागबाट अंश पाउने ठहराएको शुरु जिल्ला अदालतको फैसला त्रुटिपूर्ण रहेकोले सोहदसम्म उल्टी गरी वादीहरूले निजहरूका पति पिताबाट मात्र अंश पाउने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेकै हुँदा सदर हुनुपर्छ भन्ने समेत बहस गर्नुभयो ।

विद्वान अधिवक्ताहरूले उपरोक्तबमोजिम गर्नु भएको बहस समेत सुनी हेर्दा पुनरावेदन अदालत, बाग्लुङ्गको फैसला मिले नमिलेको के रहेछ र पुनरावेदन जिकीर पुग्न सक्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने भएको छ ।

यसमा पति पिता बलबहादुरको अंश खाने अंशियारमा हामी फिरादी जना ३ र विपक्षी बलबहादुर १ गरी जना ४ जना भएको र घरको पैतृक सम्पत्ति एवं सोबाट बढे बढाएको सम्पूर्ण सम्पत्ति विपक्षीमध्ये मूल अंशियार हिरालालको जिम्मामा रहकै अवस्था बण्डा नहुँदै मिति २०५१।१२।३० मा अर्का प्रतिवादी लक्ष्यबहादुरलाई अंश भरपाई गरिदिएका छन् । त्यस्तै मिति २०६०।१२।२४ मा पुनः हिरालाल दिने र बलबहादुर लिने भई अंशबण्डाको लिखत गरेकाले उक्त लिखतहरू हाम्रो अंश मार्ने नियतले खडा गरेको हुँदा सोमा जालसाजतर्फ छुट्टै फिराद गरेको हुँदा हाम्रो अंश गर्नुपर्ने सम्पूर्ण चल अचल सम्पत्ति विपक्षीहरू जिम्मामा भएकाले निजहरूबाट फाँटवारी लिई सो सम्पत्तिलाई २ खण्ड गरी सोमध्ये १ खण्ड पति पिता प्रतिवादी बलबहादुर कुँवरको भागमा पर्न आउने सम्पत्तिबाट अविवाहित छोराछोरी दुईको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट ४ भागको ३ भाग अंश पाऊँ भन्ने वादी दावी भएकोमा दावीबमोजिम वादीहरूले अंश पाउने ठहर गरेको शुरुको फैसला केही उल्टी गरी प्रतिवादीमध्ये बलबहादुरको अंश भागमा रहेको भनिएको कि.नं.८०६ बाट मात्र वादीहरूले अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, बाग्लुङको फैसलाउपर वादीहरूको पुनरावेदन परी निर्णयार्थ पेश हुन आएको पाइयो ।

२. निर्णयतर्फ विचार गर्दा यसमा मूल पूर्खा रुद्रलालका दुई श्रीमतीमध्ये दुर्पतीबाट चुडाबहादुर र पार्वतीतर्फबाट हिरालाल र बलबहादुर दुई छोरा भएकोमा विमातृ तर्फका छोरा चुडाबहादुर पहिले नै आफ्नो अंश भाग लिई अलग भएका र पार्वतीतर्फबाट जन्म भएका छोराहरूमा जेठो प्रतिवादी हिरालाल र कान्छो वादीहरूका पति पिता बलबहादुर भई वादीहरू हिरालालको भाइ बुहारी तथा भतिजा भतिजी तथा बलबहादरको पत्नी तथा छोरा छोरी नाताको भई नाता सम्बन्धमा यी वादी प्रतिवादीबीच कुनै विवाद रहेको देखिँदैन । प्रतिवादीमध्ये वादीहरूका पति पिता बलबहादुरले मिति २०६१।१२।१० मा म्याद बुझिलिई प्रतिउत्तर नफिराएको र अर्का प्रतिवादी हिरालाल कुँवरले वादीका पति पिताले आफूबाट मिति २०६०।१२।२४ मा बण्डापत्र पारीत गरी अंश भाग लिई सकेको हुँदा निज बलबहादुरबाट मात्र वादीहरूले अंश पाउने हुन्, आफूबाट पाउने होइनन् भनी प्रतिवाद लगाएको पाइन्छ । वादीहरूले पहिले नै अंश लिई पाइसकेको भन्ने जिकीर नभएको हुँदा वादीहरूले अंश पाउने कुरामा विवाद भएन । तर बलबहादुरको अंश भागबाट मात्र अंश पाउने भन्ने प्रतिवादी हिरालालको जिकीर रहेको देखिन्छ । अब यी वादीहरूले निजहरूका पति पिता बलबहादुरको अंश भागबाट मात्र अंश पाउने हुन् वा प्रतिवादी

हिरालालको अंशभागबाट समेत अंश पाउने हुन भन्ने प्रश्न निरोपण गर्नुपर्ने देखिन आयो ।

३. वादी प्रतिवादीबीच नातामा बिवाद नदेखिई मुख मिलेको भए तापनि मूल रुपमा कोबाट के कति भाग अंश पाउने भन्ने सम्ममा बिवाद रहेको देखिन्छ । वादीहरूका पति पिता प्रतिवादी बलबहादुरले २०१७ सालमै अंशबापत रु एक लाख बुझिलिएको भनी प्रतिवादीमध्येका हिरालालले जिकीर लिएपनि अंश बुझेको भनिएको आधिकारिक लिखत पेश गर्न सकेको नहुँदा वादीका पिताले २०१७ सालमा अंश बुझेका हुन् वा होइनन् भन्नेतर्फ विवेचना गरिरहनु पर्ने कुनै औचित्यता देखिएन । यिनै वादीहरूका पति पिता प्रतिवादी बलबहादुरले यसै मुद्दाका अन्य प्रतिवादी हिरालालउपर मिति २०६०।१२।२२ मा अंश मुद्दा दर्ता गराएपछि मिति २०६०।१२।२४ मा निज बलबहादुर र हिरालालका बीच बण्डापत्र पारीत गरेका कारण सो अंश मुद्दा तामेलीमा रहेको भन्ने देखिन्छ । तर मिति २०६०।१२।२४ मा हिराराल र बलबहादुरबीच गरिएको भनिएको कथित बण्डापत्रको लिखतमा मूल्य रु. ६१,०००।- जाने कि.नं. ८०६ को ज रो. ३-१-३-३ मात्र बलबहादुरको भागमा र मूल्य रु.५,९१,५००।- जाने ज.रो. ८०-१३-२-३ जग्गा प्रतिवादीमध्ये हिरालालको भागमा पारी समान दुई अंशियारका बीचमा समान बण्डा नगरी एक अंशियार र अर्को अंशियारबीच ज.रो. ७७-११-३-० जग्गा असामान्य रुपमा असमान पारी बण्डापत्र गरिएको देखिन्छ ।

४. अंशियारको बराबर अंश हक लाग्ने कुरामा कुनै द्विविधा छैन । महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैतृक सम्पत्ति र अविवाहित अवस्थामा जन्मको नाताबाट बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश प्राप्त गर्ने कानूनबमोजिमका अंशका हकदार हुन् । यिनीहरूले कसैको कृपा वा दया-मायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले महिला तथा बालबालिकालाई नाम मात्रको अंश दिने कलुषित भावना तथा उद्देश्यले अभिप्रेरित भई गरिएका त्यस्ता लिखतलाई आधार मानी नाम मात्रको अंश दिने किसिमले निचोडमा पुग्नु भनेको न्यायको मार्ग अवरोध गर्नु समान हो ।

५. पिता पुर्खाहरूको सम्पत्तिमा निजको शेष पछि क्रमशः हकवालाहरूमा हक सरी जाने कानूनी व्यवस्था रहेको छ । तर बाबुको नामको सम्पत्ति प्रतिवादीमध्ये हिरालालले सबै आफ्नो नाममा दर्ता गराएको र प्रतिवादीमध्ये वादीका पति, पिता बलबहादुरले यी प्रतिवादी हिरालालसँग अंश मुद्दा दायर गरेपछि आपसमा बण्डापत्र गरी कि.नं. ८०६ को ज रो. ३-१-३-३ बलबहादुरको भागमा र ज.रो. ८०-१३-२-३ जग्गा प्रतिवादीमध्ये हिरालालको भागमा पारी एक अंशियार र अर्को अंशियारबीच ज.रो. ७७-११-३-० असमान फरक पारिएको छ । अंशबण्डाको १९ नं. को देहाय १ ले पिता पुर्खाका पालाको चल अचल सम्पत्तिमध्ये चलमा सबै र अचलमा आधीसम्म घर व्यवहार चलाउन स्वास्नी, छोरा, छोरी वा विधवा बुहारीको मञ्जूरी लिन नपर्ने र सो भन्दा बढी घर व्यबहार चलाउनु पर्दा पनि उपरोक्त अंशियारहरूको मञ्जूरी लिनुपर्ने भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । तर प्रतिवादी बलबहादुरले घर व्यवहार चलाउने प्रयोजनको लागि उक्त सम्पत्ति अरु कसैलाई बिक्री व्यवहार गरेको वा अंश कम लिएको भन्ने नभै यसको विपरीत आफ्ना सन्ततिलाई अंश दिनु नपरोस् भन्ने उद्देश्यले आफनो भागमा अति नै न्यून जग्गा राखी सबै सम्पत्ति दाजु हिरालालको भागमा पर्ने गरी भेदभावपूर्ण व्यवहार गरिएको देखिन्छ । पैतृक सम्पत्ति हाँगाको नाताले पहिला बाबु र त्यसपछि सन्ततिमा सरी आउने भए तापनि त्यस्तो पैतृक सम्पत्ति बाबुको एकलौटी मान्नु पर्ने ऐनको मनसाय कदापी होइन ।

६. प्रतिवादी हिरालाल कुँवर र बलबहादुर कुँवर बीच मिति २०६०।१२।२४ मा र नं. १९५५ बाट बण्डापत्रको लिखत पारीत भएको देखिन्छ । उक्त बण्डापत्रमा वादीका पतिको भागमा नाममात्रको अंश भाग राखिएको भन्ने तथ्य माथि विवेचना भइसकेको छ । अंशको हक अंशियार भएका नाताले स्वतः प्राप्त गर्ने हक हुँदा यसरी स्वतः प्राप्त गर्ने अंश जस्तो नैसर्गिक कानूनी हकलाई निष्क्रिय वा संकुचित पार्ने गरी भएको कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । अंशियारहरूले पारस्परिक सहमतिबाट आफूहरूले आफ्नो अंश हक प्रयोग गर्न सक्दछन तर त्यसरी अंशियारबीच कुनै लिखत वा व्यवहार गर्दा

त्यस्तो कुनै अंशियारले आफूले अंश दिनु पर्ने अन्य अंशियारको असहमति हुँदाहुँदै उसको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी कुनै लिखत गर्न पाईंदैन। अंश हक जस्तो नैसर्गिक अधिकारलाई कुण्ठित हुने गरी खडा भएको त्यस्ता लिखत स्वतः बदरभागी हुने हुँदा वादीहरूको अंश हक कुण्ठित हुने गरी प्रतिवादीहरू बीच भएको मिति २०६०।१२।२४ र नं. १९५५ को पारीत बण्डापत्रको लिखत सदर कायम रहन सक्ने देखिएन। साथै यिनै वादी र यिनै प्रतिवादीहरू भएको यसै लगाउको २०६६ सालको फौं.पु.नं. ०५३९ को जालसाजी मुद्दामा प्रतिवादीहरू बलबहादुर र हिरालाल बीच भएको २०६०।१२।२४ र नं. १९५५ को पारीत बण्डापत्रको लिखत वादीहरूको हकमा सम्म बदर भई उक्त प्रतिवादीहरूको उक्त कार्य जालासजी हुने ठहरी आज यसै इजलासबाट फैसला भइसकेकोले यी वादीहरूले प्रतिवादी हिरालाल कुँवरबाट समेत अंश पाउने देखियो।

७. मूल अंशियाराहरूका बीचमा अंशबण्डा नहुँदै प्रतिवादी हिरालालले आफ्नो छोरा लक्ष्यबहादुरलाई मिति २०५१।१२।३० मा अंश भर्पाइको लिखत गरिदिएको देखिए तातापनि सो सम्पत्ति सगोलकै रहेको देखिएको र सगोलको जुनसुकै अंशियाराको नाउँमा रहेको सम्पत्ति बण्डा लाग्ने नै हुँदा प्रतिवादी लक्ष्यबहादुरको नाउँमा रहेको सम्पत्ति समेत बण्डा लाग्ने देखियो। तसर्थ सबै प्रतिवादीहरूबाट वादीहरूले अंश पाउने ठहर गर्नुपर्नेमा प्रतिवादीमध्ये बलबहादुर कुँवरबाट मात्र वादीहरूले अंश पाउने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिएन।

८. अतः माथि विवेचित आधार प्रमाणबाट वादी प्रतिवादीहरूबाट पेश भएको तायदातीमा उल्लिखित सम्पूर्ण सम्पत्तिलाई २ भाग गरी सोमध्ये १ खण्ड वादीहरूका पति पिता बलबहादुर कुँवरको भागमा पर्न आउने सम्पत्तिबाट अविवाहित दुई जना छोराछोरीको कानूनबमोजिम विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट ४ भागको ३ भाग अंश वादीहरूले बण्डा छुट्टाई लिन पाउने ठहर्छ। प्रतिवादी हिरालाल समेतबाट वादीहरूले अंश पाउने ठहर गर्नुपर्नेमा बलबहादुर कुँवरबाट मात्र अंश पाउने ठहर गरेको पुनरावेदन अदालत, बाग्लुङ्गको फैसला मिलेको नदेखिँदा उल्टी हुन्छ। दावीबमोजिम वादीहरूले अंश पाउने ठहर गरेको शुरु बाग्लुङ जिल्ला अदालतको मिति २०६४।५।३१ को फैसला सदर हुने ठहर्छ। अरुमा तपसीलबमोजिम गर्नू।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, बाग्लुङ्गको मिति २०६६।३।३ को फैसला उल्टी भै बाग्लुङ्ग जिल्ला अदालतको मिति २०६४।५।३१ को फैसला सदर हुने ठहरेकोले पुनरावेदन अदालत, बाग्लुङ्गले कायम गरेको लगत राख्नु नपर्ने हुँदा बाग्लुङ्ग जिल्ला अदालतको मिति २०६४।५।३१ को फैसलाको तपसील खण्डमा उल्लेख भएबमोजिम वादीहरूले बण्डा छुट्याई पाऊँ भनी दरखास्त गरे नियमानुसार बण्डा छुट्याई दिनु भनी शुरु बाग्लुङ्ग जिल्ला अदालतमा लेखी पठाउनू -------------१

नपुग कोर्टफी रु. ७,३११।- र यस अदालतमा पुनरावेदन गर्दा १५% ले हुने कोर्टफी रु.१११२।- बापत कोर्टफी ऐन, २०१७ को दफा २३(ख) बमोजिम सुविधा प्राप्त गरी वादीहरूले पुनरावेदन गरेका हुँदा बण्डा छुट्याउंदाका बखत वादीहरूबाट उक्त रकम लिई सदर स्याहा गर्नु भनी शुरुमा लेखी पठाउनू ---२

वादीले फिरादसाथ राख्नुपर्ने कोर्टफी तथा यस अदालतमा पुनरावेदन गर्दा राखेको थप १५ प्रतिशत कोर्टफी समेत जम्मा रु.८४२३।- प्रतिवादीबाट भराई पाउने हुँदा प्रतिवादीको जेथा देखाई दरखास्त दिए केही दस्तूर नलिई भराई दिनु भनी शुरु अदालतमा लेखी पठाउनू ----३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ----४

उक्त रायमा सहमत छु।

न्या.कमलनारायण दास

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम्
इजलास अधिकृत : फणिन्द्र पराजुली

## निर्णय नं. ८६९१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अवधेशकुमार यादव
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
संवत् २०६६ -CR- ८६८
फैसला मितिः २०६८।२।४।४
मुद्दा- जवर्जस्ती करणी ।

पुनरावेदक प्रतिवादीः जिल्ला मकवानपुर मन्थली गा.वि.स. वडा नं. २ अम्बाबेसी घर भई हाल कारागार कार्यालय शाखा पर्सा वीरगञ्जमा थुनामा रहेका जीवन रिजाल

विरुद्ध

प्रत्यर्थी वादीः क प्रसादको जाहेरीले नेपाल सरकार

शुरु फैसला गर्नेः-
मा.जि.न्या.श्री बालचन्द्र शर्मा
पुनरावेदन फैसला गर्नेः-
मा.न्या.श्री राजेन्द्रप्रसाद राजभण्डारी
मा.न्या.श्री गिरिराज पौडेल

- **मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न समेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्नाले चिनालाई उमेरसम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिँदा त्यसलाई प्रमाणका रुपमा ग्रहण गर्न नसकिने ।**
(प्रकरण नं.७)
- **चिकित्सकले लेखिदिने उमेरसम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायका रुपमा प्रमाणको वर्गमा राखिन्छ । अनुमानका आधारमा निकालिने निष्कर्षको बैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ । प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निष्कर्षमा बैज्ञानिक परीक्षणका आधार देखिँदैनन् । अन्य प्रमाणले देखाइरहेको वस्तुस्थितिप्रतिकूल राय निश्चयात्मक प्रमाण हुन नसक्ने ।**
(प्रकरण नं.८)
- **विद्यालयमा भर्ना हुँदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरणअनुरूप राखिएको अभिलेखअनुसार नै विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनुपर्ने ।**
- **भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो । कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिइएको जन्ममितिमा अविश्वास गर्न नसकिने ।**
(प्रकरण नं.१०)

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ताद्वय गोपालकृष्ण घिमिरे र नवराज उपाध्याय
प्रत्यर्थी वादी तर्फबाटः
अवलम्बित नजीरः
सम्बद्ध कानूनः

- जवर्जस्ती करणीको १, ३(१), १० नं.
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५
- बालबालिकासम्बन्धी ऐन, २०४८

फैसला

**न्या.प्रकाश वस्तीः** यसमा यस अदालतबाट मिति २०६४।९।१०।३ (*नेकाप* २०६४ अङ्क ९ नि.नं. ७८८० पृष्ठ १२०८) मा जारी भएको विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने निर्देशिका, २०६४ को दफा ३(१) बमोजिम पीडित र जाहेरवालाको नाम परिवर्तन गरी निजको वास्तविक नाम शिलवन्दी गरी मिसिल सामेल गरिएको छ । सो शिलवन्दी खाम फैसलाको अभिन्न अंग मानी अ.वं. २१ नं. बमोजिम तायदाती फारामको १ नं. कहिल्यै नसडाउने महलमा उल्लेख गरी अभिलेख राख्नू ।

पुनरावेदन अदालत, हेटौडाको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

मिति २०६४।२।७ गते विहान अं. ८ बजेको समयमा जि. मकवानपुर मन्थली गा.वि.स.वडा नं.२

बस्ने शम्भु रिजालको छोरा बर्ष १७ को जीवन रिजालले मेरी ६ बर्षकी छोरी माया (परिवर्तित नाम) लाई ललाई फुलाई बलात्कार गरेकोले निजलाई आवश्यक कारवाहीको लागि पेश गरेको छु भन्ने समेतको क प्रसादको इलाका प्रहरी कार्यालय, ठिंगनमा दिएको निवेदन ।

पीडित मायाको योनी दुखेको, सुनिएको, रातोपन भई आएको, निजको योनी (Libia Minora) च्यातिएको देखिएको भन्ने समेत व्यहोराको ठिंगन हेल्थपोष्टको विरामी जाँच पूर्जा ।

जि. मकवानपुर, मन्थली गा.वि.स.वडा नं.२ बस्ने शम्भु रिजालको बर्ष १७ को छोरो जीवन रिजालले मिति २०६४।२।७ गते बिहान अं.८:०० बजेको समयमा ऐ. बस्ने क प्रसादको बर्ष ६ की छोरी माया पढ्न गएको अवस्थामा फकाई फुलाई गरी जवर्‌जस्ती करणी गरी योनी समेत फाटेको हुँदा निज जीवन रिजाललाई कारवाही गरिपाऊँ भन्ने क प्रसादको निवेदन परेको हुँदा आवश्यक कारवाहीको लागि प्रतिवादी जीवन रिजाल र पीडित मायालाई पठाइएको छ भन्ने व्यहोराको ईलाका प्रहरी कार्यालय ठिंगनको पत्र ।

मिति २०६४।२।७ गते बिहान अं. ५:३० बजेको समयमा मेरी ६ बर्षकी छोरी माया पढ्न गएको अवस्थामा सोही दिनको ८:०० बजेको समयमा अभियुक्त जीवन रिजालले आफ्नै घरको चोटामा लगी छोरीलाई जवर्‌जस्ती करणी गरेकाले कानूनबमोजिम कारवाही गरिपाऊँ भने समेत व्यहोराको क प्रसादको जाहेरी दरखास्त ।

जि.मकवानपुर मन्थली गा.वि.स. वडा नं.२ स्थित प्रतिवादी जीवन रिजालले आफ्नै घरको माथिल्लो चोटामा लगी मिति २०६४।२।७ गते बिहान अं. ८:०० बजेको समयमा पीडित मायालाई जवर्‌जस्ती करणी गरेको भन्ने देखाइएको घरको चारकिल्लासहितको विवरण ।

बिहानपख म र मेरो दाई अनील घिमिरेसँगै स्कूलमा पढ्न गएको बेलामा स्कूलकै कम्पाउण्डमा खेलिरहेको अवस्थामा जीवन रिजालले हामीलाई चकलेट खुवाउँछु भनी चोटामा लगी दाई अनीललाई बाहिर निकाली मलाई कोठामा राखी खाटमा सुताई मेरो पिसाब गर्ने ठाउँमा मामा जीवनले आफ्नो पिसाब गर्ने कुरा जोडी भित्र धकेली दुखाई दिनुभयो र मैले रुँदा मामाले छाडी दिनुभयो सो कुरा घरमा आई आमालाई भनी दिएको हुँ भन्ने समेत व्यहोराको पीडित मायाले गरी दिएको घटना विवरण कागज ।

पीडित मायाको योनीको बाहिरपट्टि रातो डाम देखिएको भन्ने समेत व्यहोराको हेटौडा अस्पतालको रिपोर्ट ।

मिति २०६४।२।७ गते विहान अं. ८ बजेको समयमा भान्जी माया र भान्जा अनील घिमिरे स्कूलको कम्पाउडमा खेलिरहेको अवस्थामा निजहरूलाई चकलेट दिने बहाना बनाई चोटामा बोलाई भान्जीलाई काखमा लिई गालामा किस खान थालें र ओठ समेत चुस्ता यौन उत्तेजना आयो । करणी गर्न मन लाग्यो । अनीललाई कपडा सिलाउने मेसिन भएको ठाउँमा बसाई सोही कोठाको पूर्वपट्टितर्फ कुनामा विस्तरासहितको खाटमा भान्जी मायालाई सुताई माथिबाट चढी मेरो लिङ्ग भान्जीको योनीमा घुसाई भित्र छिराउँदा भान्जीले रुन लाग्दा निजको मुख थुनी केहीमात्र छिराउँदा योनी च्यातिँदा रगत आएकाले छाडी दिई भान्जा भान्जीहरूलाई घरतर्फ पठाई म डरले भागी ललितपुर गई बसें । ऐ. १५ गते घरमा आउँदा ऐ. १७ गते जाहेरवालाले पक्राउ गरी निवेदनसहित ईलाका प्रहरी कार्यालय ठिंगनमा बुझाई दिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी जीवन रिजालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६४।२।७ गते बिहानपख मेरो छोरी माया र देवरका छोरा अनील घिमिरे स्कूलमा पढ्न गएको बेलामा निजहरू स्कूलको कम्पाउण्डमा खेली रहेको बेला प्रतिवादी जीवन रिजालले चकलेट दिने बहाना बनाई आफ्नो घरको चोटामा लगी अनील घिमिरेलाई बाहिर निकाली छोरी मायालाई चोटामा खाटमा सुताई जवर्‌जस्ती करणी गरी योनी समेत च्याती रगताम्य समेत बनाइएको कुरा निज छोरीबाट थाहा पाएको र निज प्रतिवादी जीवनलाई खोजतलास गर्दा काठमाडौंतर्फ भागी गएको भनी बुझिएको, गाउँलेहरूको सल्लाहअनुसार ईलाका प्रहरी कार्यालय ठिंगनमा निवेदन दिई मेरो पतिले ठिंगन हेल्थपोष्टबाट शारीरिक जाँच समेत गराई निज प्रतिवादीलाई पक्राउ समेत गरी जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा

आवश्यक कारवाहीको लागि जाहेरी समेत दिनु भएको हो भन्ने समेत व्यहोराको पीडित मायाकी आमा ख कुमारीले गरी दिएको घटना विवरण कागज ।

मलाई मिति थाहा छैन म र बहिनी माया बिहानपख स्कूलमा पढ्न गएको बेला कम्पाउण्डमा खेलिरहेको अवस्थामा मामा जीवन रिजाल आई तिमीहरू चोटामा हिंड चकलेट दिन्छु भनी लग्नुभयो । गएपछि मामा जीवनले बहिनी मायालाई काखमा लिई किस खान थाल्नु भयो, मलाई बाहिर निकाली दिई बहिनीमाथि चढी रहनु भएको थियो, बहिनी र मामा बाहिर निस्कनुभयो, बहिनी र म आफ्नो घरमा आई भोलिपल्ट ठूली आमालाई मामा जीवनले बहिनी मायामाथि चढेको कुरा भनी दिएको हुँ भन्ने समेत व्यहोराको अनील घिमिरेको घटना विवरण कागज ।

मिति २०६४।२।७ गते बिहान अं. ८:०० बजेको समयमा जाहेरवाला क प्रसादको ६ बर्षकी छोरी माया स्कूलमा पढ्न गएको बेलामा प्रतिवादी जीवन रिजालले आफ्नो चोटामा लगी जवर्जस्ती करणी गरी गुप्ताङ्ग समेत च्याती दिएको कुरा सुनी थाहा पाएको हुँ भन्ने समेत करीव करीव एकै मिलान व्यहोराको सन्तबहादुर थोकर, भरत सापकोटा, टेकबहादुर दाहाल, सुनील नेगी, ईन्द्रप्रसाद दाहाल, सुनामसिँह भोलन र राष्ट्रपति तिमिल्सिनाले गरी दिएको घटना विवरण कागज ।

शम्भुबहादुर रिजालको छोरा जीवन रिजालको जन्म विद्यालय अभिलेखअनुसार २०४८।१।२० गते भएको भन्ने व्यहोराको श्री भुटनदेवी उच्च माध्यमिक विद्यालयको पत्र च.नं. १०४ मिति २०६४।२।२० को जन्ममिति प्रमाणित गरिएको पत्र ।

शम्भुबहादुर रिजालको छोरा जीवन रिजालको जन्म विद्यालय अभिलेखअनुसार २०४८।१।२० गते भएको भन्ने व्यहोराको श्री विद्याश्वरी माध्यमिक विद्यालयको मिति २०६४।३।३ को पत्र ।

प्रतिवादी जीवन रिजालले बर्ष ६ की नावालिका मायालाई चकलेट दिन्छु भनी फकाई घरको कोठामा लगी योनीमा लिङ्ग जोडी केही प्रवेश समेत गराई जवर्जस्ती करणी गरी मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. बमोजिमको कसूर अपराध गरेकोले प्रतिवादीउपर ऐ. महलको, ३(१) नं. बमोजिम सजाय गरी ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने समेत व्यहोराको अभियोगपत्र ।

मेरो उमेर १५ बर्ष मात्र हो । मिति २०६४।२।७ गते मायासँग देखभेट भएको छैन । मिति २०६४।२।८ गते काठमाडौं गई १२ गते बेलुका घरमा आई १३ गतेदेखि १७ गतेसम्म स्कूल जाने आउने गरिरहेको थिएँ । सो कुरा स्कूलबाट रेकर्ड झिकाई हेरे पनि हुन्छ । एक्कासी मलाई ७ गते मैले मायालाई करणी गरेको भनी पक्राउ गरेका हुन् । मैले करणी गरेको होइन, बाबु बाबु वीचको झगडाको विषयलाई लिएर फसाउनको लागि मउपर झूट्टा उजूर गरेका

हुन् । मैले निज मायालाई करणी गरेको नहुँदा दावीबमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी जीवन रिजालले शुरु अदालतमा गरेको बयान ।

शुरु अदालतमा पिता क प्रसादको रोहवरमा पीडितले गरेको बकपत्र, जाहेरवाला लगायत घटनास्थल प्रकृति मुचुल्काका मानिसहरू चन्द्रलाल थिङ्ग, भीमबहादुर घिमिरे, मौकामा प्रहरीमा कागज गर्ने राष्ट्रपति तिमिल्सिना, अनील घिमिरे, पीडितको शरिर जाँच गर्ने चिकित्सक डा.गुणराज लोहनी, स्वास्थ्य परीक्षण गर्ने हेल्थ असिष्टेन्ट नगेन्द्रप्रसाद पटेल, प्रहरीमा कागज गर्ने सन्तबहादुर थोकर, पीडितकी आमा ख कुमारी, टेकबहादुर दाहाल, सुनील नेगी, भरत सापकोटा, ईन्द्रप्रसाद दाहाल, ईन्द्रबहादुर वि.क., चेतबहादुर रिजालले गरेको पृथक पृथक बकपत्र मिसिल संलग्न रहेको ।

यसमा मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीले आरोपित कसूर गरको देखिँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको ३ (१) नं. ले कैद बर्ष १० हुने ठहर्छ । जवर्जस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तितर्फ पीडितलाई जवर्जस्ती करणी गरेको ठहर भएकाले प्रतिवादीको अंशभाग रोक्का राखी सोबाट आधी अंश क्षतिपूर्ति बापत यो फैसला अन्तिम भएको मितिले ३ महिनाभित्र पीडितलाई दिलाई दिने ठहर्छ भन्ने मकवानपुर जिल्ला अदालतको मिति २०६६।२।४ को फैसला ।

शुरु फैसलामा मेरो चित्त बुझेन, कथित जाहेरी दरखास्त, पीडितको मिति २०६४।२।१९ गतेको

अधिकारप्राप्त अधिकारीसमक्ष भएको कागज, पीडितको आमाको कागज र अभियोग खण्डमा समेत पीडित र अनील घिमिरे साथमा थिए भन्ने उल्लेख भएकोमा अनीलको भनाईलाई प्रमाणमा लिइएको छैन । जाहेरवालाको जाहेरी र मिसिल संलग्न मेराविरुद्धको कागज अन्यथा प्रमाणित भएको छ । अनुसन्धानमा प्रहरीले यातना दिई बयानमा सहीछाप गराएका हुन् भनी अदालतमा बयान गरेको छु । यसरी जवर्जस्ती गराएको बयानलाई प्रमाणमा लिन मिल्दैन । पीडितको शारीरिक परीक्षण गर्ने डा. गुणराज लोहनीले बकपत्र गर्दा पीडितको योनीको भित्री र बाहिरी भाग सामान्य रहेको भनी भनेबाट पनि म निर्दोष भएको प्रमाणित हुँदाहुँदै अभियोग दावीबमोजिम सजाय गर्ने गरेको शुरु फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीले पुनरावेदन अदालत, हेटौडामा दायर गरेको पुनरावेदन पत्र ।

यसमा जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको मिति २०६४।२।१९ गतेको पत्रानुसार पुनरावेदक प्रतिवादीको उमेर १४ देखि १५ बर्षको देखिएको भनी उल्लेख भएको अवस्थामा निजलाई दावीबमोजिम सजाय गरेको शुरु ईन्साफ प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलको लागि पुनरावेदन सरकारी वकीलको कार्यालयलाई पेसीको जानकारी दिई पेश गर्नु भन्ने पुनरावेदन अदालतको आदेश ।

प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको ३(१) नं. ले कैद बर्ष १० हुने ठहराई जवर्जस्ती करणीको १० नं. बमोजिम प्रतिवादीको अंशभाग रोक्का राखी सोबाट क्षतिपूर्ति बापत आधी अंश पीडितलाई दिलाई दिने गरी शुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०६६।२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।१८ को फैसला ।

म प्रतिवादी पुनरावेदकले शुरु मकवानपुर जिल्ला अदालतसमक्ष बयान गर्ने क्रममा उमेर सम्बन्धी सोधिएको प्रश्नको जवाफमा स्पष्ट रुपमा आफ्नो भएको उमेर १५ बर्ष उल्लेख गरी जन्ममिति २०४९।१।१२ गते भनी लेखाएको छु । मेरो उमेरको विषयमा यकीन गर्न सक्ने आमा बुबाले म सानै छँदा जन्म कुण्डलीको रुपमा बनाइएको चिन्हमा समेत मेरो जन्म २०४९।१।१२ गते नै रहेको छ । मेरो उमेरको विषयमा यकीन गरी मात्र मुद्दा चलाउनु पर्नेमा मैले अध्ययन गरेको बिद्यालयहरूबाट मेरो जन्ममिति २०४८।१।२० गते भएको भनी लेखिआएको भन्ने मात्र आधारमा उमेर जस्तो सम्वेदनशील कुराको निराकरण गर्न मिल्ने होइन । अधिकारप्राप्त अधिकारीसमक्ष मलाई पढी नसुनाई मेरो ईच्छाविपरीत जवर्जस्ती गरी सहीछाप गराइएको बयान प्रमाण ऐन, २०३१ को ९ (२) (ख) विपरीत रहेको हुँदाहुँदै सो बयानलाई मात्र मेरा विरुद्ध प्रमाणको रुपमा ग्रहण गरी, विशेषज्ञले दिएको राय र मैले प्रमाणको रुपमा पेश गरेको जन्म कुण्डली समेतको ठाडै उपेक्षा गरी मलाई १६ बर्ष उमेर पुगेको भनी १० बर्ष कैद सजाय र पीडितलाई आधा अंश समेत भराई दिने ठहराएको शुरु मकवानपुर जिल्ला अदालतले गरेको त्रुटिपूर्ण फैसलालाई नै सदर कायम गरेकोले पुनरावेदन अदालत, हेटौडाबाट भएको मिति २०६६।११।१८ को फैसला मुलुकी ऐन अ.वं. १८४(क) र अ.बं. १८५ नं. विपरीत हुँदा सो फैसला बदर गरी पुनरावेदन जिकीरअनुरूप सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय गोपालकृष्ण घिमिरे र नवराज उपाध्यायले हाम्रो पक्ष प्रतिवादी १६ बर्ष पूरा नभएको नाबालक हो भन्ने कुरा अदालतसमक्षको बयानमा उल्लेख गरी पेश गरेको जन्मपत्रिका (चिना टिप्पणी) बाट देखिई रहेको र पक्षको उमेर जाँच प्रतिवेदनबाट पनि १६ बर्ष नपुगेकोमा सो कुरालाई आधारमा नलिई शुरु फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको छ । मेरो पक्षले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही गरेको बयान साक्षीहरूको बकपत्रबाट समेत समर्थित भएको र पीडितको योनीमा देखा परेको केही खत चिन्हहरू करणीकै कारणबाट भएको भन्ने कुरा प्रमाणित हुन नसकी अभियोजक पक्षले आरोपित कसूर ठोस र शंकारहित तवरले पुष्टि गराउन नसकेको

स्थिति हुँदा नाबालक अवस्थामा प्रतिवादीलाई आरोपित कसूर ठहर गरी सजाय गरेको पुनरावेदन अदालतको फैसला उल्टी भै प्रतिवादीले सफाइ पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

विद्वान अधिवक्ताहरूको उपर्युक्त बहस समेत सुनी पुनरावेदनसहितको मिसिल अध्ययन गरी हेर्दा प्रतिवादी जीवन रिजालले ६ बर्षीया पीडितलाई मिति २०६४।२।७ गते जवर्जस्ती करणी गरेको भनी मिति २०६४।२।१९ मा जाहेरवाला क प्रसादको जाहेरी परी उठान भएको प्रस्तुत मुद्दामा निज प्रतिवादीउपर जवर्जस्ती करणीको १ नं. बमोजिम सजाय गरी ऐ. १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने वादी नेपाल सरकारको तर्फबाट शुरु मकवानपुर जिल्ला अदालतमा अभियोगपत्र दायर भएको देखिन्छ । शुरु अदालतले प्रतिवादीले आरोपित कसूर गरेको देखिँदा अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको ३ (१) नं. ले कैद बर्ष । १० हुने ठहऱ्याई ऐ. १० नं. बमोजिम पीडितलाई क्षतिपूर्ति समेत भराई दिने गरी गरेको फैसलालाई प्रतिवादीको तर्फबाट पुनरावेदन परेकोमा सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।१८ को फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतसमक्ष पुनरावेदन परी निर्णयार्थ यस अदालतसमक्ष पेश हुन आएको देखिदा प्रस्तुत मुद्दामा मूलतः निम्न प्रश्नहरूमा विचार गरी पुनरावेदन अदालत, हेटौंडाको उक्त फैसला मिलेको छ छैन ? पुनरावेदन जिकीर पुग्न सक्छ सक्दैन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो :

क) यी पुनरावेदक प्रतिवादीले पीडितलाई जवर्जस्ती करणीको आरोपित कसूर गरेका हुन होइनन् ?
ख) जवर्जस्ती करणीको कसूर गरेको भए सो अवस्थामा यी प्रतिवादीको उमेर १६ बर्ष पुगिसकेको थियो थिएन ?

२. प्रथम प्रश्नतर्फ विचार गर्दा यी पुनरावेदन प्रतिवादीउपर मिति २०६४।२।७ गते विहान अं. ८:०० बजेको समयमा आफ्नै घरको चोटामा लगी ६ बर्षीया पीडितलाई जवर्जस्ती करणी गरेकाले कानूनबमोजिम कारवाही गरिपाऊँ भनी परेको जाहेरीबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ । पीडितले अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा, "मेरो पिसाब गर्ने ठाउँमा मामाले आफ्नो पिसाब गर्ने कुरा जोडी भित्र धकेली दुखाई दिनुभयो" भनी लेखाई दिएको पाइन्छ भने अदालतमा बकपत्र गर्दा समेत मौकाको कागज समर्थन हुने गरी बकपत्र गरेको पाइयो । पीडितको मिति २०६४।२।१८ मा भएको स्वास्थ्य परीक्षण रिपोर्टमा, "Libia minora rapture" भएको भन्ने समेत उल्लेख भएको देखिन्छ भने यी पुनरावेदक प्रतिवादी स्वयं अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितलाई जवर्जस्ती करणी गरेकोमा सावित रहेको पाइन्छ ।

३. सर्वप्रथम, करणीलाई पुष्टि गर्ने चिन्हहरू नदेखिएको भन्ने निजका विद्वान कानून व्यवसायीहरूको कथनतर्फ विचार गर्दा २०६४।२।७ को वारदातका सन्दर्भमा २०६४।२।१८ मा भएको परीक्षणमा वीर्य फेला परेन पीडितको योनीमा रगत फेला परेन भन्ने जस्ता जिकीरलाई तर्कसंगत मान्न मिल्दैन । वारदात ग्रामिण भेगको जनचेतनाको न्यूनस्तर रहेको क्षेत्रमा भएको वस्तुस्थिति पनि न्यायको रोहमा विचारणीय छ । प्रमाणको मूल्याङ्कन यान्त्रिक तवरले हुने नभई स्वाभाविकता र मानवीय संवेदनाका आधारमा हुने कुरा हो । छोरीको योनीको रगत, वीर्य तथा कपडा आदि जोगाएर परीक्षण गराइएन भन्दैमा अन्य स्वतन्त्र तथ्य प्रमाणले करणी भएको स्थापित भइरहेको अवस्थामा यो कसूर कोबाट भयो भन्ने पक्षमा नै प्रमाणहरूको मूल्याङ्कन गर्नु न्यायोचित हुन्छ । ६ बर्षीया नावालिका विरुद्ध यो अपराध भएबाट यो जवर्जस्ती करणी हो भन्ने कुरामा पनी कुनै दुविधा छैन । अपराध कोबाट भए भन्ने सन्दर्भमा जाहेरी दरखास्तमा उल्लिखित तथ्यहरूको विवेचना सवै भन्दा पहिले हुन आवश्यक छ ।

४. यी पुनरावेदक प्रतिवादीले आफूउपरको जाहेरी व्यहोरा झुठ्ठा हो भन्ने जिकीर लिएको भए तापनि सोको पुष्ट्याई हुने भरपर्दो र तर्कसँगत तथ्य र प्रमाण मिसिलमा पाँइदैन भने अर्कोतर्फ प्रतिवादीउपरको किटानी जाहेरीलाई पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्का, पीडितको नाबालिग दाईको कागजलगायतका मिसिल संलग्न

कागजात एवं पीडित र पीडितकी आमाले अदालतसमक्ष उपस्थित भै गरेका बकपत्रले पुष्टि गरिरहेको पाइन्छ । आफ्नो परिवारसँग रिसईवी रहेको कारण झूट्टा जाहेरी दिएका हुन् भन्ने समेत यी प्रतिवादीको पुनरावेदन जिकीर रहे पनि निजको परिवारसँग जाहेरवालाको के, कुन र कस्तो रिसइवी झगडा रहेको हो भन्ने कुरा प्रतिवादीले स्पष्टसँग उल्लेख गरी सबूद प्रमाणसमेतबाट पुष्ट्याई गराउन सकेको पाइएन । पीडित ६ बर्षकी छोरीको बाल्यावस्था, नारी अस्मिता र भविष्य नै कलंकित हुने गरी पीडितका बाबुले प्रतिवादीउपर मिथ्या आरोप दोषारोपण गरे होलान भन्न र मान्न पत्यारलायक कारण र अवस्था नहुँदासम्म कुनै पनि किसिमले तर्कसंगत देखिन आउदैन ।

५. यी प्रतिवादीको मौकाको बयानलाई पीडितको कागज, पीडितको आमाको ठाडो कागज, वस्तुस्थिति मुचुल्का, पीडितको शरीर परीक्षण प्रतिवेदन समेतले समर्थित भै वादी पक्षका साक्षीहरूको अदालतमा भएको बकपत्रबाट थप पुष्टि भैरहेको अवस्थामा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साविती बयानलाई निजको जिकीरअनुरूप डर, त्रास र करकापमा पारी बलपूर्वक गराइएको साविती हो भन्न मिल्ने समेत देखिँदैन । निजको सो बयान समेत प्रमाणयोग्य नै देखिई उल्लिखित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादीले पीडितलाई जवर्जस्ती करणी गरेको सिद्ध हुन आयो ।

६. अब दोस्रो विचारणीय प्रश्नका रुपमा रहेको प्रतिवादीको उमेरका सम्बन्धमा विवेचना हुनु आवश्यक छ । कारण प्रतिवादी बालवालिकासम्बन्धी ऐनले सुविधा पाउने वर्गमा पर्ने रहेछन् भने यो कानूनले नै प्रदान गरेको सुविधा निजले पाउनु नै पर्ने हुन्छ ।

७. यी प्रतिवादीले आफ्नो उमेर निर्धारण गर्ने क्रममा शुरु र पुनरावेदन अदालतले लिएको आधार समेत कानूनसम्मत् नरहेको भन्ने जिकीर लिई निजद्वारा पेश भएको जन्मपत्रिका (चिना टिप्पणी) तथा चिकित्सकले खुलाई दिएको उमेरलाई आधार मानी सोको आधारमा वारदात भएको भनिएको अवस्थामा आफ्नो उमेर १५ बर्ष कायम गरिनुपर्छ भन्ने समेत निजको जिकीर रहेको छ । सर्वप्रथम यी प्रतिवादीलाई बर्ष १७ को भनी जाहेरीमा उल्लेख भए पनि प्रतिवादी स्वयंले अनुसन्धानका क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १६ बर्ष भएको भनी उल्लेख गरेको पाइन्छ । अनुसन्धानको क्रममा प्रतिवादीले अध्ययन गरेको स्कूलहरू भुटनदेवी उच्चमाध्यमिक र विद्याश्वरी मा.वि.बाट प्राप्त पत्रबाट निजको व्यक्तिगत विवरणपत्रहरूमा उल्लेख भएअनुसार प्रतिवादीको जन्ममिति २०४८।१।२० गते भन्ने देखिएको छ । अनुसन्धानकै क्रममा प्रतिवादीको उमेर चिकित्सकलाई जाँच्न पठाउँदा निजको उमेर १४/१५ बर्ष भनी लेखिआएको पाइन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा पेश गरेको चिनामा निजको जन्ममिति २०४९।१।१२ उल्लेख भएको पाइन्छ । यसरी प्रतिवादीको उमेर सम्बन्धमा भिन्न भिन्न तथ्य प्रस्तुत गर्ने कागजात मिसिल संलग्न रहेकोले कुन प्रमाणलाई के आधारमा विश्वास गर्ने अर्को विचारणीय प्रश्न हो । प्रतिवादीको जिकीर अनूरुप निजबाट पेश भएको चिना र सोअनुसार हुन आउने उमेर सम्बन्धमा यी प्रतिवादीले मौकामा जिकीर लिई सो चिना पेश गर्न सकेको पाइँदैन । पेश गरिएको चिनाको समग्र अध्ययन गर्दा सो चिना बनाउने व्यक्तिको नाम नामेसीका साथै सो चिना खडा गरिएको मिति समेत कहीँ कतैबाट खुल्न आउँदैन । सो चिनाको स्वरुपबाटै जो कोही तत्सम्बन्धी ज्ञान भएको व्यक्तिबाट आग्रहका भरमा जहिलेसुकै बनाउन सकिने प्रकृतिको देखिएको छ । मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न समेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन मिल्दैन तसर्थ सो चिनालाई प्रतिवादीको उमेरसम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिँदा त्यसलाई प्रमाणका रुपमा ग्रहण गर्न सकिने देखिँदैन ।

८. चिकित्सकले लेखिदिने उमेर सम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायका रुपमा प्रमाणको वर्गमा राखिन्छ । अनुमानका आधारमा निकालिने निष्कर्षको बैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ । प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निष्कर्षमा बैज्ञानिक परीक्षणका आधार देखिँदैनन् । अन्य प्रमाणले देखाइरहेको वस्तुस्थितिप्रतिकूल राय निश्चयात्मक प्रमाण हुन सक्दैन ।

९. बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ ले बालकको उमेरसम्बन्धी विवाद

भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नुपर्नेछ भनी उमेर निर्धारणसम्बन्धी कानूनी व्यवस्था गरेको पाइन्छ । सो कानूनको अध्ययन गर्दा उमेरका सम्बन्धमा 'क' 'ख' 'ग' 'घ' गरी चार विकल्प उल्लेख गरी प्राथमिकता क्रमलाई व्यवस्थित गरेको पाइन्छ । जसअनुसार:

(क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
(ख) खण्ड 'क' बमोजिम प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकारीबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
(ग) खण्ड 'ख' बमोजिमको प्रमाणपत्र नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालय भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति,
(घ) खण्ड 'ग' बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर

१०. यसरी उल्लिखित व्यवस्थाको प्राथमिकता क्रमअनुसार प्रस्तुत मुद्दामा खण्ड 'क' र खण्ड 'ख' अनुरूपको प्रमाणपत्रको विद्यमानताको अभावमा खण्ड 'ग' अनुरूपको प्रतिवादी स्वयं अध्ययनरत् विद्यालयमा प्रतिवादी भर्ना हुँदाका बखत निजका बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरणअनुरूप राखिएको अभिलेख अनुसार नै २/२ वटा विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनुपर्ने हुन्छ । भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो । कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिइएको जन्ममितिमा अविश्वास गर्न सकिन्न । दुई दुईवटा विद्यालयबाट प्रतिवादीको जन्ममिति २०४८।१।२० भनी लेखिआएको भई बारदात मिति २०६४।२।७ सम्मको अवधि गणना गर्दा निजको उमेर १६।०।१७ अर्थात १६ बर्ष १७ दिन हुन पुग्दा निजले १६ बर्ष पूरा गरिसकेको मान्नुपर्ने हुन्छ । यसरी शुरु र पुनरावेदन अदालतबाट प्रतिवादीको उमेर निर्धारण गर्दा लिएको आधारलाई अन्यथा भन्न र प्रतिवादीको उमेर १६ बर्ष पूरा नभएको भन्ने पुनरावेदकका कानून व्यवसायीको बहस जिकीरसँग सहमत हुन सकिएन ।

११. अतः उपरोक्त उल्लिखित आधार, कारण र प्रमाणबाट यी पुनरावेदक प्रतिवादीले पीडित नाबालिग माया (नाम परिवर्तित) लाई जवर्जस्ती करणी गरेको पुष्टि हुन आएको र सोको घटना वारदात हुँदाका अवस्था प्रतिवादीको उमेर १६ बर्ष पूरा भइसकेको देखिएकोले निजको हकमा बालबालिकासम्बन्धि ऐन, २०४८ आकृष्ट हुन नसक्ने समेत अवस्था हुँदा यी प्रतिवादीलाई अभियोग माग दावीबमोजिम जवर्जस्ती करणीको ३(१) नं. ले कैद बर्ष १० हुने ठहराई जवर्जस्ती करणीको १० नं. बमोजिम प्रतिवादीको अंशभाग रोक्का राखी सोबाट क्षतिपूर्तिबापत आधी अंश पीडितलाई दिलाई दिने गरी शुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०६६।२।४ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा म सहमत छु ।

न्या.अवधेशकुमार यादव

इति संवत् २०६८ साल जेठ महिना ४ गते रोज ४ शुभम्
इजलास अधिकृत:- हरिराज कार्की